# जिल्ला अदालतका फैसलाहरुको सँगालो
## २०७३

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं

# जिल्ला अदालतका फैसलाहरूको सँगालो
# २०७३

प्रकाशक

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैंजु, काठमाडौं

**सम्पादन तथा संयोजनः** श्री संजीव राई, अनुसन्धान अधिकृत

**प्रकाशकः** राष्ट्रिय न्यायिक प्रतिष्ठान
मनमैंजु, नेपाल

**लेआउट :** प्रतिक्षा श्रेष्ठ

**प्रकाशितः** ५०० प्रति

**सर्वाधिकारः** राष्ट्रिय न्यायिक प्रतिष्ठान
आषाढ, २०७४

**मुद्रकः** फरम्याट प्रिन्टिङ्ग प्रेस, हाँडीगाउँ, काठमाडौं

प्रधान न्यायाधीश

सर्वोच्च अदालत
काठमाडौं, नेपाल

सर्वोच्च अदालत काठमाडौं

## शुभकामना

राष्ट्रिय न्यायिक प्रतिष्ठान न्याय क्षेत्रका सरोकारवालाहरुको व्यावसायिक दक्षता र क्षमता अभिवृद्धि गर्ने संगठन हो। न्याय र कानूनको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने, अध्ययन प्रतिवेदन, फैसला, श्रोत सामग्री प्रकाशित गर्ने साथै न्याय र कानूनको क्षेत्रमा सूचना प्रवाह सम्बन्धी श्रोत केन्द्रको भूमिका निर्वाह गर्ने यसको मूल उद्देश्य रहेको छ। राष्ट्रिय न्यायिक प्रतिष्ठान वि.सं. २०६० साल चैत्र ४ मा स्थापना भई कार्यरत रही आएको न्याय क्षेत्रको प्रमुख तालिम निकाय हो। आफ्नो स्थापना कालदेखि नै विभिन्न तहका अदालतहरुमा कार्यरत न्यायाधीशहरु, न्याय सेवाका अधिकृत तथा कर्मचारीहरु र कानून व्यवसायीहरुलाई लक्षित गरी कानून र न्यायका विभिन्न विषयमा तालिम, गोष्ठी, कार्यशाला र प्रशिक्षण जस्ता कार्यक्रमहरु सञ्चालन गर्नुका साथै अध्ययन अनुसन्धान गरी प्रतिवेदन समेत प्रकाशित गर्दै आइरहेको छ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानले विगतका वर्षहरुमा पुनरावेदन अदालतका फैसलाहरुको संगालो प्रकाशित गर्दै आइरहेकोमा यस वर्षबाट **"जिल्ला अदालतका फैसलाहरुको संगालो"** को नयाँ अङ्क प्रकाशित गर्न लागेको जानकारी पाउँदा मलाई खुशी लागेको छ। फैसला अदालती काम कारवाहीको मुटु हो भन्ने कुरामा दुईमत हुन सक्दैन। फैसला मार्फत नै अदालतको दक्षता, क्षमता र प्रभावकारीता प्रतिविम्बित हुने गर्दछ। नेपालको वर्तमान संविधानले जिल्ला अदालतको भूमिका र क्षेत्राधिकारमा विस्तार गरेको परिप्रेक्ष्यमा जिल्ला अदालतहरुले संविधानले प्रदान गरेको जिम्मेवारीलाई आफ्ना फैसलाहरुमा गुणात्मक सुधार मार्फत पुष्टि गर्नुपर्ने हुन्छ। वर्तमान सन्दर्भमा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट प्रकाशित हुने जिल्ला अदालतका फैसलाहरुको संगालोबाट फैसला लेखनको मार्गमा गुणस्तर कायम गर्न सक्नेछ भन्ने मैले विश्वास लिएको छु। सर्वोच्च अदालतका फैसलाहरु नियमित प्रकाशित हुने व्यवस्था भए पनि अन्य अदालतका फैसलाहरु नियमित प्रकाशित नभइरहेको हुँदा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट जिल्ला अदालतका फैसलाहरु प्रकाशन गर्ने कार्यले न्यायाधीशहरुमा फैसला लेखन कार्यमा थप उर्जा प्रदान गर्नुका साथै फैसलाको गुणस्तर समेत वृद्धि गर्नेछ भन्ने विश्वास लिएको छु। साथै राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट समय समयमा आयोजना हुने न्यायाधीशहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरुको उपादेयता र प्रभावकारिता मापन गर्ने माध्यम पनि हुनेछ भन्ने मलाई लागेको छ। यस्ता प्रकाशनहरुले न्यायाधीशहरुलाई आफ्नो कार्यप्रति बढी उत्साहित, उत्प्रेरित बनाउन र फैसला लेखनको स्तरमा सुधार गर्न समेत सहयोग पुऱ्याउने नै छ। यस्ता फैसलाहरुको प्रकाशनबाट कानून र न्यायको क्षेत्रमा कार्यरत न्यायाधीशहरु, अधिकृत तथा कर्मचारीहरु, कानून व्यवसायीहरु, कानूनका प्राध्यापक एवं विद्यार्थीहरु, अनुसन्धानकर्ताहरु सबैलाई एउटा प्राज्ञिक कोसेली हुनेछ भन्ने मेरो विश्वास छ।

अन्तमा यस संगालो प्रकाशनमा संलग्न सम्पादक मण्डल र राष्ट्रिय न्यायिक प्रतिष्ठान परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यस प्रकारका रचनात्मक क्रियाकलापहरु आउँदा दिनहरुमा पनि निरन्तर रुपमा हुने आशा राख्दै शुभकामना पनि दिन चाहन्छु। धन्यवाद।

गोपाल पराजुली
प्रधान न्यायाधीश

टेलिफोन नं. : ९७७-१-४२६२५४६, फ्याक्स नं. : ९७७-१-४२१६८६४, पोष्ट बक्स् नं. २०४३८
वेवसाईट : www.supremecourt.gov.np

## कार्यकारी निर्देशकको तर्फबाट

राष्ट्रिय न्यायिक प्रतिष्ठानले २०६८ सालदेखि वार्षिक रुपमा जिल्ला अदालतका फैसलाहरुको सँगालो प्रकाशित गर्दै आएको छ । प्रकाशनलाई निरन्तरता दिदै यो पटक हामी **"जिल्ला अदालतका फैसलाहरुको सँगालो २०७३"** लिएर उपस्थित भएका छौं । विगत वर्षहरुमा जस्तै यो वर्ष पनि देशका विभिन्न जिल्ला अदालतबाट प्रतिष्ठानमा प्राप्त भएका फैसलाहरु मध्ये विज्ञ समूहबाट छनौट भएका केही फैसलाहरु यस प्रकाशनमा समावेश गरिएको छ ।

प्रतिष्ठानद्वारा सञ्चालन गरिने प्रशिक्षण कार्यक्रमको मुख्य उद्देश्य सम्बन्धित प्रशिक्षार्थीको कार्य क्षमता र कार्य दक्षतामा सकारात्मक परिवर्तन ल्याउनु हो । प्रशिक्षणको यो उद्देश्य प्राप्त हुन सके नसकेको तथ्य पत्ता लगाउन प्रशिक्षण प्रभाव मूल्याङ्कन गरिनु पर्ने हुन्छ । प्रशिक्षण प्रभाव मूल्याङ्कन संपूर्ण प्रशिक्षण चक्रको एउटा महत्वपूर्ण अङ्ग मानिदैआएको छ ।यस सन्दर्भमा माननीय न्यायाधीशहरुलाई लक्षित गरी सञ्चालन गरिने प्रशिक्षण कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्ने विषयमा भने न्यायिक प्रशिक्षण प्रदायक निकायहरुकै बीचमा पनि पद्धति र प्रकृयाको दृष्टिले समान धारणा कायम हुन सकेको पाइदैन । तथापि यस प्रकारको फैसला प्रकाशनलाई प्रतिष्ठानले माननीय न्यायाधीशहरुको सन्दर्भमा प्रशिक्षण प्रभाव मूल्याङ्कनको माध्यमको रुपमा समेत लिने गरेको छ ।

यसैगरी शुरु तहको अदालतबाट भएका फैसलाहरुको यस्तो प्रकाशनले अमुक विषयमा शुरु तहको न्यायिक दृष्टिकोण बुझ्न चाहने कानूनका विद्यार्थी, अनुसन्धानकर्ता, अध्येता र अध्यापकलाई विषेश मदत पुऱ्याउँदै आएको छ भन्ने पृष्ठपोषण सम्बन्धित व्यक्तिहरुबाट हामीले पाउँदै आएका छौं । यसले प्रकाशनलाई निरन्तरता दिन हामीलाई अभिप्रेरित गरेको छ ।

अन्त्यमा, प्रकाशनको निरन्तरताको लागि शुभकामना व्यक्त गरी हामीलाई हौसला प्रदान गर्नु भएकोमा **सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुलीज्यूमा** प्रतिष्ठानको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछु । विज्ञ समूहमा रही फैसला अध्ययन एवं छनौट गरिदिनुहुने उच्च अदालतका माननीय न्यायाधीशज्यूहरु प्रति आभार प्रकट गर्दछु ।यसका साथै आ-आफ्ना महत्वपूर्ण फैसलाहरु उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण माननीय न्यायाधीशज्यूहरु प्रति धन्यवाद ज्ञापन गर्दछु । यो प्रकाशन कार्यमा सम्लग्न रहनुहुने प्रतिष्ठानका सम्पूर्ण प्राज्ञिक निर्देशक, अधिकृत तथा कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

२०७४ साल असार ३० गते

(केशरी राज पण्डित)
कार्यकारी निर्देशक

# प्राक्कथन

राष्ट्रिय न्यायिक प्रतिष्ठानले विगत वर्षहरू जस्तै यस वर्ष पनि जिल्ला अदालतका फैसलाहरूको सँगालो, २०७३ प्रकाशित गर्ने क्रममा जिल्ला अदालतहरूबाट प्राप्त भएका ८९ वटा फैसलाहरूलाई विभिन्न समूहमा विभाजन गरी विज्ञ व्यक्तित्वबाट अध्ययन भई प्रकाशनयोग्य भनी छनोट तथा सिफारिस गरिएका २१ वटा फैसलाहरू **"जिल्ला अदालतका फैसलाहरूको संगालो २०७३"** को रूपमा प्रकाशन गरेको छ।

प्रस्तुत सँगालोको प्रकाशन कार्यमा निर्देशन, हौसला र प्रोत्साहन दिनु हुने कार्यकारी निर्देशक माननीय श्री केशरी राज पण्डितज्यूप्रति आभार व्यक्त गर्दछु। यी फैसलाहरूको संकलनको प्रारम्भिक चरणदेखि नै आवश्यक निर्देशन, सुझाव र हौसला प्रदान तथा सँगालो प्रकाशनको व्यवस्थापकीय पक्षमा योगदान दिनुभएका प्रतिष्ठानका रजिष्ट्रार श्री मानबहादुर कार्कीज्यूप्रति आभारी रहेको छु।

यस प्रकाशनको लेआउट/डिजाईन गरी सँगालोलाई प्रकाशनयोग्य बनाउनु भएकोमा प्रतिष्ठानका सहायक श्री प्रतिक्षा श्रेष्ठ र श्री प्रदिप बोहोरालाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**सम्पादन तथा संयोजन**
संजीव राई
अनुसन्धान अधिकृत

# विषयसूची


| क्र.सं. | मुद्दा | पक्ष विपक्ष | फैसला गर्ने माननीय जिल्ला न्यायाधीश | पृष्ठ नं. |
| --- | --- | --- | --- | --- |
| १. | कर्तव्य ज्यान | नेपाल सरकार विरुद्ध प्रकाश नेपाली | श्री अर्जुन अधिकारी | १-२४ |
| २. | अंश चलन | मानकचन्द्र वोथरा विरुद्ध गोखुलचन्द्र वोथरासमेत | श्री अर्जुनप्रसाद कोइराला | २५-४० |
| ३. | गाली बेइज्जत | सरस्वती सापकोटा विरुद्ध डा. प्रेमु शाहसमेत | श्री उमेश कोइराला | ४१-४६ |
| ४. | करारबमोजिम गराई पाउँ | गायत्री बस्नेत विरुद्ध दयाराम केसी (खत्री)समेत | श्री ऋषिकेश वाग्ले | ४७-६० |
| ५. | ठगी | नेपाल सरकार विरुद्ध शशिकला घलानसमेत | श्री कृष्णराम कोइराला | ६१-७८ |
| ६. | मोही कायम गरी पाउँ | भीमबहादुर भण्डारी विरुद्ध भूकुटी निम्न माध्यामिक विद्यालय | श्री केशब प्रसाद बास्तोला | ७९-९४ |
| ७. | लागु औषध (अफिम) | नेपाल सरकार विरुद्ध विनय कुमार चलाउनेसमेत | श्री कोमल प्रसाद आचार्य | ९५-११० |
| ८. | जबरजस्ती करणी | परिवर्तित नाम भक्तपुर २७(A) को जाहेरीले नेपाल सरकार विरूद्ध निरोज नगरकोटी | श्री गिरिराज गौतम | १११-१२२ |
| ९. | चोरी | नेपाल सरकार विरुद्ध पुषलाल चौधरीसमेत | श्री चित्रबहादुर गुरुङ | १२३-१४० |
| १०. | बकसपत्र लिखत बदर, दर्ता बदर, दर्ता कायम | टिकादेवी राई विरुद्ध नगेन्द्र राई | श्री चित्रबहादुर गुरुङ | १४१-१५२ |
| ११. | जबरजस्ती करणी सम्बन्धी बाल बिज्याई | नेपाल सरकार विरुद्ध स्यार्पु (परिवर्तित नाम) | श्री डण्डपाणी शर्मा | १५३-१७० |
| १२. | कर्तव्य ज्यान | नेपाल सरकार विरुद्ध प्रेम प्रजा | श्री दयाराम ढकाल | १७१-१८२ |

| | | | | |
|---|---|---|---|---|
| १३. | अवैध साल काठ (चिरान) ओसारपसार | नेपाल सरकार विरुद्ध दर्जबहादुर गोले | श्री नारायणप्रसाद पौडेल | १८३-१९६ |
| १४. | जबरजस्ती करणी | नेपाल सरकार विरुद्ध मुस्ताङ १२ (परिवर्तित नाम) | श्री पीताम्वर शर्मा | १९७-२०६ |
| १५. | जबरजस्ती करणी | नेपाल सरकार विरुद्ध बालेश्वर राजबंशी | श्री मातृकाप्रसाद आचार्य | २०७-२१६ |
| १६. | दूषित निर्णय दर्ता बदर हक कायमसमेत | पुष्प शाक्य समेत विरुद्ध पदमनाथ तिमिल्सिनासमेत | श्री राजुकुमार खतिवडा | २१७-२२६ |
| १७. | रकम दिलाइपाउँ | विन्दुराज लम्साल विरुद्ध नेक्स्ट च्यानल प्रा.लि. काठमाडौंसमेत | श्री राजुकुमार खतिवडा | २२७-२३६ |
| १८. | अदालतको अवहेलना | अधिवक्ता योगेन्द्रप्रसाद धानुक विरुद्ध नेज्मा आलमसमेत | श्री रितेन्द्र थापा | २३७-२५२ |
| १९. | अबण्डा जग्गा बन्डा गरी अंश दर्ता गरी चलन चलाईपाउँ | शैलकुमारी थरूनी विरुद्ध शिवचन्द्र चौधरीसमेत | श्री रितेन्द्र थापा | २५३-२६० |
| २०. | हालै देखिएको बकसपत्र लिखित दर्ता बदर दर्ता | कमलेश्वर यादव विरुद्ध इसर देवीसमेत | श्री वासुदेव न्यौपाने | २६१-२६६ |
| २१. | कर्तव्य ज्यान | नेपाल सरकार विरुद्ध कल्पना वि.क.समेत | श्री शिवबहादुर रानाभाट | २६७-२८८ |

श्री लमजुङ जिल्ला अदालत
इजलास
माननीय जिल्ला न्यायाधीश अर्जुन अधिकारी
फैसला
संवत् २०७१ सालको मुद्दा नं.०७१-CR-००२०
र.नं.५५-०७१-००१४१
नि नं. १८५

मुद्दाः- <u>कर्तव्य ज्यान।</u>

<u>वादीको नाम थर वतन</u>

जिल्ला लमजुङ जिता गा.वि.स वडा नं.१ बस्ने वर्ष ३७ को रश्मीबहादुर के.सी. को जाहेरीले नेपाल सरकार ......................................१

साक्षी

जाहेरवाला तथा मौकामा कागज गर्ने मानिसहरू।

कागज

अभियोग पत्रसाथ पेस भएका कागजातहरू।

<u>प्रतिवादीको नाम थर वतन</u>

जिल्ला गोरखा थुमी गा.वि.स. वडा नं.२ डाँडागाउँ बस्ने अं. वर्ष २८।३० को राजन भन्ने राजेन्द्र परियार दमै भनिएका प्रकाश नेपाली.........................................१

साक्षी

सम्झना वि.क..........................१

प्रदिप नेपाली............................१

कागज

X

अदालतबाट बुझेको

<u>साक्षी</u>

जाहेरवाला रश्मीबहादुर के.सी............१
शिव के.सी.................................१
विष्णुबहादुर दुरा...........................१
विश्वनाथ उपाध्याय.......................१
मङ्गलबहादुर के.सी........................१
मुक्तिनाथ घिमिरे...........................१
खड्गाबहादुर के.सी........................१
लक्ष्मी के.सी.................................१
सुनिता धिताल..............................१
ज्योति के.सी.................................१

<u>कागज</u>

**X**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.ब.२९ नं. समेतको आधारमा यसै अदालतको क्षेत्राधिकारभित्र परी दायर भई पेस हुन् आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ।

१. म जाहेरवालाको दाजु वैदेशिक रोजगारमा गएका र भाउजू राधा के.सी.ले घरमा परपुरुषलाई ल्याई राख्ने गरेको भनी आमा रेनुका के.सी.ले सम्झाउने क्रममा भाउजू र आमाको बीचमा वादविवाद भई बोलचालसमेत नभएको, भाउजूले आमालाई कुनैपनि समयमा सिध्याई दिन्छु भन्नेसमेतको अभिव्यक्ति दिँदै आएकी थिइन्। निज भाउजू पटक-पटक आफूखुसी घर छाडी हिँड्ने गर्दथिन्। यस्तैमा मिति २०६९।८।२४ गते आमा एक्लै घरमा भएको मौका पारी भाउजू राधा के.सी. समेतको मिलेमतोमा आमा रेनुका के.सी.लाई कर्तव्य गरी मारी सुनका गर-गहनासमेत लुटी लगेको हुँदा कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको रश्मीबहादुर के.सी.को जाहेरी दरखास्त।

२. जिल्ला लमजुङ जिता गा.वि.स. वडा नं. १ राउपाली स्थित मृतकको आफ्नै घरमा रहेको मृतक रेनुका के.सी.को कपाल छितारी रगतले पोतिएको, अनुहारमा रगत लागी सुकेको, दायाँ आँखा बन्द भई निलो भएको, आँखी भौं सुन्निएको, बायाँ खुट्टा अर्ध खुम्चिएको, दुवै सँप्रामा रगत लागी सुकेको टाटाहरू रहेको, छातीमा दायाँतर्फ निल डामहरू रहेको, टाउकोपछाडि दायाँ कानमाथि टाउकोमा धारिलो हतियारले काटेको चोट रहेको, भुइँमा १४ इन्च लम्बाइको फलामको हँसिया रहेको, बिस्ताराको सिरानीको भागमा रहेको ब्लाङ्केट, खैरो पछ्यौरा, प्याजी रङको रुमाल तथा माटोले पोतेको भुइँमा रगत लागेको अवस्था रहेको भन्नेसमेत बेहोराको घटनास्थल लास जाँच प्रकृति मुचुल्का।

३. मृतक रेनुका के.सी.को CAUSE OF DEATH मा मृतकको मृत्यु HEAD INJURY (The case was raped, beaten, strangled & Hit with heavy sharp cutting Instrument) भन्नेसमेत बेहोराको शव परीक्षण प्रतिवेदन।

४. करिब ५।६ महिनाअगाडि तनहुँ जिल्लाको दमौलीको बैंकबाट पैसा झिक्न गएको अवस्थामा गोरखा घर भई पोखरामा डेरा गरी बस्ने राजन भन्ने केटासँग चिनजान भई फोन सम्पर्क हुँदै जाँदा निजसँग मैले आन्तरिक कुराहरू पनि गर्न थालें। मलाई सासू रेनुका के.सी.ले हेलाहोचो गर्ने, गाउँका मानिसहरूले पनि सासूको कुरा सुनी मलाई नराम्रो दृष्टिले हेर्न थालेपछि सासूप्रति मेरो रिस बढ्दै आएपछि मैले निज राजन भन्ने व्यक्तिलाई यही सालको कार्तिक महिनामा घरमा बोलाई घरमाथिको पाखोमा बाख्रा चराउन दुवै जना गई कालिका मन्दिरको प्राङ्गणमा बसी आपसमा कुराहरू हुँदा सासूले मलाई अति नै गर्नुभयो, सासूले हामीहरूको मिलनसमेत हुन् नदिने भएपछि सासू रेनुका के.सी.लाई मार्ने भनी आपसमा सल्लाह भयो। त्यसपछि म, राजन र मेरो छोरी लक्ष्मी के.सी. केही दिन पोखरासमेत घुम्यौं। छोरीले निजै राजनसँग विवाह गर्दछु भनी बताएकीले म घरमा फर्की आई बसेको थिएँ। मेरो र राजनको फोन सम्पर्क भई सासू आमालाई मार्नेसम्मको कुरा भएकामा उसले केही रकम मागेपछि मैले आमा विष्णु खत्रीसँग छोरी लक्ष्मीले राजनसँग विवाह गरेकीले कोठासमेत लिनको लागि राजनले केही पैसा मागेको छ

भनी आमालाई दश हजार रुपैंयाँ दिनु भनेकोमा पछि आमाले राजनलाई पटक पटक गरी बाह्र हजार रुपैंया दिनुभएको हो। सासू आमासँग विवाद बढ्दै गएपछि मंसिर ९ गते म घर छोडी माइती घरमा बस्दै आएपछि विभिन्न नम्बरबाट राजनसँग फोन सम्पर्क भई निज राजनलाई केही रकम तथा आश्वासनसमेत दिई सासू रेनुका के.सी.को हत्या गर्न लगाएको हुँ भन्नेसमेत बेहोराको प्रतिवादी राधा के.सी.ले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान।

५. रेनुका के.सी.को घरमा टेलिभिजन नभएको हुँदा प्रायः मेरो घरमा टेलिभिजन हेर्न आउने गर्दथिन्। मिति २०६९।८।२४ गते पनि साँझ मेरो घरमा आई टेलिभिजन हेरी करिब ८ बजेतिर घरमा फर्की जानुभएकी रेनुका के.सी.को शव २५ गते बिहान नातिनी ज्योती के.सी.ले ओछ्यानमा देखी खबर गरेपछि थाहा पाई घटनाक्रम बुझ्दा उक्त दिन बेलुका ट्युसन पढ्न गएको ज्योति के.सी.लाई अपरिचित नम्बरबाट धाक धम्की दिएपछि घरमा आउँदिन भनी हजुरआमालाई फोन गरी साथीकोमा बसी २५ गते बिहान घरमा आएकी रहेछिन। मृतकको बुहारी राधा के.सी. पटक पटक घर छोडी अन्यत्र गई ८।१० दिनपछि घरमा आउने गर्दथिन्, यसै विषयमा मृतक र राधा के.सी.को बीचमा झगडा भइरहन्थ्यो, निजले कुनै व्यक्तिलाई परिचालन गरी सासू रेनुका के.सी.को हत्या गर्न लगाएकी हुनुपर्दछ भन्नेसमेत बेहोराको विश्वनाथ उपाध्याय घिमिरेको घटना विवरण कागज।

६. मेरो घरभन्दा करिब ५०० मिटरमा घर भएकी राधा के.सी.को पति वैदेशिक रोजगारमा गएका र घरमा मृतक र राधा के.सी. बीच झै झगडा भई घर विभाजन गरी अलगै बस्दै आएका र राधा के.सी.ले घरमा परपुरुषलाई ल्याई राख्ने गरेको भन्ने सुन्दै आएको थिएँ। यस्तैमा मिति २०६९।८।२४ गते रेनुका के.सी.लाई विभिन्न तरिकाले कर्तव्य गरी मारेको भन्ने सुनी घटनाक्रम बुझ्दा राधा के.सी.ले वादविवाद हुँदा जे पनि गर्न सक्छु भनी बताउँदै आएकी र उक्त घटना हुनभन्दा १५।१७ दिन अगाडिबाट घर छोडी गएकी, जाहेरवालासमेत आफ्नो डेरा कोठामा गएको र मृतकको नातिनी ज्योती पनि ट्युसन पढ्न गई उक्त दिन घरमा नआएको मौका पारी आफूले घरमा लिई आउने परपुरुषसमेतलाई लगाई निजै राधा के.सी.ले सासू रेनुका के.सी.को कर्तव्य गरी मार्न लगाएकी हुनुपर्दछ भन्नेसमेत बेहोराको गोपिनाथ घिमिरेको घटना विवरण कागज।

७. मेरो आमा राधा के.सी. र हजुरआमा रेनुका के.सी. आपसमा झै-झगडा गरिरहने भएकाले एउटै घरमा छुट्टी भिन्न भई बस्दै आएका थियौं र आमा राधा के.सी. धेरै केटाहरूसँग बोलचाल गरी सम्बन्ध राख्नुहुन्थ्यो। यस्तैमा कार्तिक महिनामा आमा घर छोडी विभिन्न स्थानमा जाने आउने गर्नुभएकामा कार्तिक महिनाको दोस्रो हप्तातिर आमाले एक अपरिचित युवालाई घरमा ल्याई राखीसँगै बस्नु भएकामा हजुरआमा रेनुका के.सी.ले उक्त कुरा मन नपराई आमालाई गालीसमेत गर्नुभएको र आमाले मसमेतलाई निजै राजन भन्ने केटासँग पोखरा लगी भोलिपल्ट निजैसँग मलाई बस्न लगाई आमा घरमा फर्की आउनुभएपछि हामी गोरखासमेत घुमी घरमा आउँदा

मृतक रेनुका के.सी.ले म र राजनलाई गाली गर्नुभएपछि म आमा राधा के.सी. र राजन मावली घर फर्कदा बाटोमा राजनले मेरोअगाडि त्यो बूढीले यसरी गाली गरिन् मलाई बेस्सरी रिस उठेको छ यसलाई कुनै दिनमा आँखा तथा टाउकोसमेत फुटाई मारिदिन्छु भनेकोमा मामाको घरमा गएपछि पनि उक्त कुरा दोहोऱ्याइरहेको थियो। आमा राधा के.सी.ले मामाको घरमा हजुरआमा विष्णु खत्रीसँग रु.१०,०००।- मागी राजनलाई दिनुभएको थियो। हजुरआमा रेनुका के.सी.लाई आमा राधा के.सी. तथा निजै राजन भन्नेको मिलेमतोमा कर्तव्य गरी मारेका हुन् भन्नेसमेत बेहोराको लक्ष्मी के.सी.को घटना विवरण कागज।

८. म काम विशेषले भारतमा गई कार्तिक २५ गते घरमा आउँदा घरमा छोरी राधा के.सी., नातिनी लक्ष्मी र राजन भन्ने केटासमेत घरमा रहेछन्। छोरी राधासँग बुझ्दा नातिनी लक्ष्मीको निजै केटासँग विवाह भएको भनी बताएकी थिइन्। रेनुका के.सी.ले म र लक्ष्मीलाई गाली गरेकी हुँदा मलाई बेस्सरी रिस उठेको छ, त्यो बूढीलाई मारिदिन्छु भनी निज राजनले भनेको सुनेको हुँदा यस्तो के बोलेको ? यस्तो भन्ने हुँदैन आफ्नो भएपछि मायाले समेत गाली गर्दछन् भनी सम्झाएँ। छोरी राधाले राजनले कोठाको सामान किन्न पैसा मागेको हुँदा तपाइसँग भए दिनु भनी भनेकीले मैले रु.१०,०००।- र पुनः घरमा आउँदा भाडा हुन्छ भनी दुई हजारसमेत दिएको हुँ भन्नेसमेत बेहोराको विष्णुदेवी खत्रीको घटना विवरण कागज।

९. मेरो आमा राधा के.सी. र हजुरआमा रेनुका के.सी. आपसमा नमिलेपछि एउटै घरमा कोठा विभाजन गरी बस्ने गरेको, म हजुरआमा रेनुका के.सी.सँग बस्दै आएको छु। घटना हुनुभन्दा करिब १५ दिन अगाडि आमा राधा के.सी. घर छाडी अन्यत्र गई बस्दै आएको, उक्त घटना हुँदाको दिनमा बेलुका सदा झै म ट्युसन पढ्न हजुरआमा रेनुका के.सी.लाई फोन गरी घरमा आउँदिन भनी साथीकोमा बास बसी २५ गते बिहान घरमा आई हेर्दा हजुरआमा सुत्ने ठाउँ नजिकै अनुहारसमेतमा रगत लागी सुकेको देखी रुँदा कराउँदा स्थानीय मानिस जम्मा भएका हुन्। आमा राधा के.सी.को बढी केटाहरूसँग फोनमा कुरा हुने हुँदा हजुरआमाले गालीसमेत गर्नुभएको र आमाले निज राजन भन्ने केटालाई घरमा ल्याई राखी सँगै बस्नेसमेत गरी आमा राधा के.सी.ले नै निज राजनसमेतको मिलेमतोमा रेनुका के.सी.को हत्या गर्न लगाई सुनका गर गहनासमेत लगेको हुन् भन्नेसमेत बेहोराको ज्योति के.सी.को घटना विवरण कागज।

१०. मिति २०६९।८।२४ गते सासू आमा रेनुका के.सी.लाई राति बीभत्स तरिकाले कर्तव्य गरी मारिदिएका रहेछन्। सासू रेनुका के.सी. र राधा के.सी. बीच सम्बन्ध राम्रो नभएका कारण एउटै घरभित्र कोठा विभाजन गरी बस्दै आएका थिएँ। यस्तैमा आफ्नो नजिकको सम्बन्ध भएका घरमा समेत आई रहने राजन दमै भन्ने व्यक्तिलाई परिचालन गरी सासू रेनुका के.सी. लाई राधा के.सी.ले मार्न लगाएकी हुन् भन्नेसमेत बेहोराको बिषबहादुर ढुङ्गानाको घटना विवरण कागज।

११. म सँगै पढ्ने शिव के.सी. सँग आपसमा कुराहरू हुँदा निज शिव के.सी.ले बेलुका ट्युसन पढ्ने ठाउमा सँगै पढ्ने युवतीको हो भनी फोन नंम्बर ९८४६४३७४९२ दिएका हुँदा निज शिव के.सी.ले यो नम्बर ज्योति के.सी. को जस्तो लाग्दछ, फोन गरेको मलाई गाली गरी भनी

बताएपछि उक्त नम्बरमा मंसिर २४ गते बेलुका करिब ९ बजेतिर फोन गरी गाली गलौजसमेत गरेकामा सोही राति निज ज्योति के.सी. को हजुरआमा रेनुका के.सी. लाई कसैले हत्या गरिदिएको भनी २५ गते विद्यालयमा आपसमा साथीहरूसँग कुरा गर्दा सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको विष्णुबहादुर दुराको घटना विवरण कागज।

१२. म विनोद धितालसँग गणित विषयको ट्युसन पढ्ने क्रममा सँगै युवतीहरू पनि पढ्ने भएकाले मेरो मोबाइलमा ज्योति के.सी.को मोबाइल नं. मात्र सेभ रहेछ। २२ गते ट्युसन पढ्न जाँदा ढिला भएकाले सरलाई जानकारी गराउँछु भनी उक्त नम्बरमा फोन गर्दा युवतीले बेस्सरी गाली गरेकीले उक्त नं. साथी विष्णुबहादुर दुरालाई दिई को केटी रहिछ ? बुझ त भनेकोमा २४ गते बेलुका निज विष्णुबहादुर दुराले फोन गरी गाली गलौज गरेको भनी बताएकोमा सोही राति निज ज्योतिको हजुरआमाको हत्या भएको रहेछ भन्नेसमेत बेहोराको शिव के.सी.को घटना विवरण कागज।

१३. मेरो दाजु नाता पर्ने शिक्षक विनोद धितालको घरमा म, ज्योति के.सी., शिव के.सी. लगायतका साथीहरू बेलुका ट्युसन पढ्ने गर्दछौं। यसै क्रममा मिति २०६९।८।२४ गते पनि विनोद धितालको घरमा ट्युसन पढ्न गएकोमा निज ज्योति के.सी.ले आफ्नो हजुरआमा रेनुका के.सी.लाई फोन गरी घरमा नआई साथीकोमा बसी भोलिपल्ट आउँछु भनी बताएकीमा पहिलो पिरियड पढेपछि ९८४६५५९७०२ नं.बाट म तथा ज्योति के.सी.लाई फोन गरी धम्कीसमेत दिएको थियो, उक्त नं. हाम्रै साथीमार्फत दिइएको रहेछ सोही राति ज्योति के.सी. घरमा नगएकी र राति नै ज्योति के.सी.को हजुरआमा रेनुका के.सी.लाई कसैले कर्तव्य गरी मारेको अवस्थामा शव फेला परेको हो भन्नेसमेत बेहोराको सुनिता धितालको घटना विवरण कागज।

१४. म रोजगारीको लागि खाडी मुलुकमा गएको र आमा रेनुका के.सी. र श्रीमती राधा के.सी. बीचमा वादविवाद भइरहने हुनाले श्रीमती अलग्गै कोठामा बस्दै आएकीमा श्रीमतीले परपुरुषलाई ल्याई कोठामा राखेको हुँदा आमाले श्रीमती राधा के.सी.लाई गाली गलौज गर्नुभएपछि श्रीमती घर छोडी गएको भन्ने सुनी थाहा पाएकोमा मंसिर २४ गते आमा रेनुका के.सी.को बीभत्स तरिकाले हत्या गरी सुनको सिक्री, आधा तोलाको सुनको बेरुवा रिङ्गसमेत लगेको भनी भाइमार्फत जानकारी पाएको हुँ। श्रीमती राधा के.सी.ले मलाई पनि पटक पटक फोनमा धाक धम्कीसमेत दिएकी हुँदा मेरो आमा रेनुका के.सी.को हत्या श्रीमती राधा के.सी. तथा निजले लगाएको मानिसबाट भएको हो भन्नेसमेत बेहोराको किरण के.सी.को घटना विवरण कागज।

१५. रेनुका के.सी.को कर्तव्यबाट मृत्यु भएको भन्ने सुनी थाहा पाई घटनाक्रम बुझ्दा उक्त राति मृतकको घरमा मृतकबाहेक केही पनि मानिस नभएको, बुहारी राधा के.सी.ले घरमा परपुरुषलाई ल्याई राख्ने गरेकी हुँदा उक्त कुराको विरोध रेनुका के.सी.ले गर्दा सासूबुहारीबीच विवाद भई मनमुटाब रहेकोमा पछि सोही केटालाई आफ्नो जेठी छोरीको विवाह गरिदिई उक्त केटा हाल नाम सुनेको राजन भन्ने व्यक्तिसँग अनैतिक सम्बन्ध राखी निजैलाई परिचालन गराई सासू रेनुका

के.सी.को कर्तव्य गरी मराई धनमालसमेत लगेको हो भन्नेसमेत बेहोराको मंगल के.सी., खड्कबहादुर के.सी., रामनाथ घिमिरे, बामदेव घिमिरे तथा मुक्तिनाथ घिमिरेले गरिदिएको वस्तुस्थिति मुचुल्का।

१६. प्रतिवादी राधा के.सी.ले राजन भन्ने राजेन्द्र परियार (दमै) को मिलेमतोमा राजन भन्ने राजेन्द्र परियार (दमै) लाई परिचालन गरी रेनुका के.सी.लाई जबरजस्ती करणी गरी मृतकको साथमा भएको बिगो रु.७५,३१२।५० बराबरको सुनको सिक्री र रिङ धनमालसमेत चोरी गरेको हुँदा प्रतिवादी राधा के.सी.ले ज्यान मार्नमा बचन दिएको हुँदा निजको उक्त कार्य मु.ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ. १३(४) नं. को कसुरमा सोही महलको १३(४) नं.बमोजिम र प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) को उक्त कार्य मु.ऐ. ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ. १३(१) नं. को कसुरमा सोही १३(१) नं.अनुसार मु.ऐ. जबरजस्ती करणीको महलको १ नं. विपरीत ऐ.३(५) नं. को कसुरमा सोही महलको ३(५) नं.बमोजिमसमेत र प्रतिवादी दुवैजनालाई मु.ऐ. चोरीको महलको १ र ४ नं. को कसुरमा ऐ. महलको १४(२) नं.बमोजिम सजाय हुन् एवम् सोही महलको १० र २१ नं.बमोजिम बिगोसमेत भराइ पाउन मागदाबी रहेको अभियोगपत्र।

१७. म साना छोरीहरू लिएर अलग बसेकी छु। सासू र देवर पनि सोही घरमा छुट्टै कोठामा बस्दथे। यस्तैमा सह-प्रतिवादी राजन परियारले के कताबाट मेरो फोन नम्बर पाएछ र मलाई फोन गरी म तपाईंको भाइ हुँ भनेकोमा हाम्रो भेट खत्रीठाँटीमा भयो। निज राजन र म जिता गयौं र मेरो घरमा हामी २ दिन बस्यौं। मसँग राजन गएको देखी सासू मृतक रेनुका के.सी.ले किन नचिनेको मानिस लिएर हिँडेको भनेकीमा राजन सासूसँग झगडा गर्‍यो। त्यसपछि राजनले तिम्रो सासूले किन गाली गरेको होला तिमीलाई पनि मलाई पनि गाली गरेकी छन् भन्यो र भोलिपल्ट पोखरातर्फ गयो। पछि राति राजन जिता बेसीमा आई मलाई फोन गरी बोलाएकोमा म गई पुनः छोरी लक्ष्मीलाई पनि बोलाएँ। त्यसपछि छोरी लक्ष्मी, म, राजन र राजनसँग आएको साथीसमेत भई पोखरा गयौं। पोखरामा बसी म घरमा आएँ। छोरी राजनसँग विवाह गरी त्यहीं बसिन्। त्यसको ४।५ दिनपछि छोरी लक्ष्मी र राजन मेरो घरमा आएपछि एक दिन मेरो घरमा बसेकोले भोलिपल्ट मेरो माइत मसमेत छोरी र राजन गयौं। माइतमा दुई दिन बसी म घरमा आएँ। पछि २।३ दिन पछि फेरि मेरो माइतीमा मलाई बोलाएपछि म माइतमा गएँ। राजन पोखरा गयो। आमा सासूले मलाई गाली गरी घरबाट निस्की जा भन्ने जस्ता शब्दले गाली गरेपछि मिति ०६९।८।९ गते माइत गए। माइतमै बसिरहेको अवस्था मिति ०६९।८।२४ गते राति मृत्यु भएपछि मेरी कान्छी छोरी ज्योतीले घरमा आउनु भनेकीले म घरमा आएकी हुँ। राजन र सासू आमा घरमा झगडा गर्दा यो बूढीलाई नमारी छाड्दिन भनेको थियो। मैले किन मार्ने ? यी बूढी यस्तै हुन् भनेकी हुँ तर मैले राजनलाई फकाएर सासूलाई मार भनी भनेको होइन। मेरो आमाले राजनलाई पैसा दिनुभएको हो। मैले सासूलाई मार्न लगाएको भनेको होइन। सासूको मृत्यु हुनुभन्दा पहिलादेखी नै म ०६९।८।९ गतेबाट माइत

गएको हो। सासूको मृत्यु ०६९।८।२४ गते राति भएको हुँदा यिनै राजनले मारेको हो जस्तो लाग्छ भन्नेसमेत बेहोराको प्रतिवादी राधा के.सी.ले यस अदालतमा गरेको बयान।

१८. मिति २०७०।८।२४ गते राति घटना भएको रहेछ। मैले उक्त घटनाको जानकारी २०७०।८।२५ गते बिहान मृतकको नातिनी ज्योति के.सी.ले चिच्याएर रुँदै कराउँदै गर्दा गाउँलेहरू के भयो ? भनी जम्मा भए। म पनि त्यँहा जाँदा उक्त घटना भएको रहेछ कसरी यस्तो घटना भयो ? मलाई केही थाहा भएन। छलफल गर्दा घरमा सासूबुहारीको झैझगडा हुने गर्दथ्यो भन्ने कुरा गाउँलेहरूले गर्दथे। सो घर घटनास्थलभन्दा अलि पर पर्छ। कसरी घटना घट्यो ? मलाई केही थाहा भएन। मृतकको शरीरभरि रगत लागेको थियो भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काका मानिस खड्कबहादुर के.सी.ले यस अदालतमा गरेको बकपत्र।

१९. मृतक रेनुका के.सी.लाई मार्नै पर्ने खालको शत्रु गाउँघरमा कोही थिएन। राधा के.सी. धेरै समय बाहिर थोरै समय मात्र घरमा बस्ने गर्थिन्। विद्यालयमा पढ्ने खालका दुई छोरीको भरमा घर छोडेर हिँड्दा सो घरमा बाँधिएका भैसी र बाख्राको संरक्षण हुन् सकेन। निज राधाको खेत पनि रोपिएन। छोरीहरूको पढाइ बिग्रियो। आमा धेरैजसो बाहिर जानु, वस्तुको संरक्षण नहुनु, खेती नलगाउनु र घरमा आउँदा परपुरुषलाई साथमा ल्याउनुका कारण सासूबुहारीबीचमा बेला मौकामा चर्को रूपमा झगडा भइरहन्थ्यो। सोही कारणले गर्दा यो घटना घट्न गएको हो भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काका मानिस मुक्तिनाथ घिमिरेले यस अदालतमा गरेको बकपत्र।

२०. मलाई मेरो श्रीमतीले फोन गरेर आमा हुनुहुन्न भनेको सुनी दौडेर घरमा जाँदा आमालाई सकुशल देखी उक्त घटनास्थल ससुराली घरतिर दौडेर जाँदा मृतकलाई मृत अवस्थामा देखेको हुँ। कसले उक्त घटना घट्यो ? भन्नेसम्बन्धमा प्रतिवादी राधा के.सी.ले आरोपित व्यक्ति राजन परियारलाई कहिलेकाहीं घरमा लिएर राख्ने गर्दथिन्। यसै विषयमा सासूबुहारीको झैझगडा पनि हुने गर्दथ्यो भन्नेसमेत बेहोराको घटना विवरणका मानिस विषबहादुर ढुङ्गानाले यस अदालतमा गरेको बकपत्र।

२१. मिति २०६९।८।२४ गते शुक्रबार राति ११.०० बजेसम्म म आफ्नै घरमा टेलिभिजन हेरी त्यसपछि सुतेको थिएँ। सो समयसम्म वारदात सम्बन्धमा मलाई केही थाहा भएन। भोलिपल्ट बिहान करिब ७.०० बजेतिर मृतक रेनुका के.सी.की नातिनी ज्योति के.सी.बाट हजुरआमालाई खोजतलास गर्दा घरमा मृतक भेटी रुने चिल्लाउने गर्दा गाउँबासीले थाहा पाएको हो। निजको हत्या कसले किन गर्‍यो सो कुरा मलाई थाहा भएन। मृतकको शरीरभरि रगत लागेको थियो भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काका मानिस मङ्गलबहादुर के.सी.ले यस अदालतमा गरेको बकपत्र।

२२. प्रतिवादी राधा के.सी.को श्रीमान् वैदशिक रोजगारमा छन्। यी प्रतिवादी राधा के.सी.ले एकजना अपरिचित पुरुषलाई घरमा ल्याई भाइ भनी राखेकाले सोही विषयमा प्रतिवादी राधा के.सी.को

मृतक रेनुका के.सी.सँग वादविवाद भइरहन्थ्यो। प्रतिवादी राधा के.सी. प्रायः बाहिर बस्ने र हप्तादिनमा घरमा आउने गर्दथिन्। मिति २०६९।८।२५ गते बिहान मृतकको नातिनी ज्योति के.सी. घरमा रोई कराई गरेको सुनी के भएको रहेछ भनी हेर्न जाँदा रेनुका के.सी.लाई कर्तव्य गरी मारी छोडिएको रहेछ। निजलाई कसले मार्‍यो त्यो मलाई थाहा भएन भन्नेसमेत बेहोराको घटना विवरणका मानिस विश्वनाथ उपाध्यायले यस अदालतमा आई गरेको बकपत्र।

२३. मेरो दाजु वैदशिक रोजगारीमा हुनुहुन्छ। प्रतिवादी भाउजू राधा के.सी.ले एकजना अपरिचित पुरुषलाई मेरो भाइ हो भनी घरमा ल्याई राख्ने गरेको विषयमा मेरी आमा मृतक रेनुका के.सी. र प्रतिवादीबीच विवाद भइरहन्थ्यो। प्रतिवादीले मेरो भाइलाई मेरो घरमा किन ल्याउन नपाउने तिमीहरू सासू र श्रीमान् दुवैलाई सिध्याइदिन्छु भनी धम्की दिने गरेको भन्ने मृतक आमाले मलाई सुनाउने गर्नुहुन्थ्यो। यस्तैमा मिति २०६९।८।२५ गते बिहान ७.०० बजेतिर दाइको छोरी ज्योति के.सी.ले फोन गरी घरमा आमा रेनुका के.सी. मृत अवस्थामा हुनुहुन्छ भनी मलाई बताएकोले घरमा आउँदा गाउँका मानिसहरू र प्रहरीहरू जम्मा भएका थिएँ। भित्र हेर्दा मृतक सुत्ने तलामा भुइँभरि रगत बगेको र मृतकको टाउकोमा गहिरो गरी धारिलो हतियार प्रयोग गरी काटेको घाउ थियो। यी प्रतिवादी राधा के.सी.ले बेलाबेलामा झगडा गरी मृतकलाई सिध्याइदिन्छु भनी धम्की दिने गरेकाले घटना प्रतिवादी राधा के.सी.को संलग्नतामा नै घटेको हो र राजेन्द्र भन्ने व्यक्तिलाई पटक पटक घरमा ल्याई राखेको हुँदा वारदातमा संलग्नता रहेको छ। निज राजेन्द्र परियारले छोरी ज्योति के.सी.सँग तेरो आमा मृतकलाई सिध्याइदिन्छु भनी धम्की दिएको भनी निज छोरी ज्योति के.सी.ले मलाई भनेकी थिइन्। त्यसकारण प्रतिवादी राधा के.सी. र राजेन्द्र परियारलाई कानूनबमोजिम कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको जाहेरवाला रश्मीबहादुर के.सी.ले यस अदालतमा गरेको बकपत्र।

२४. मिति २०६९।११।२४ गते साथी शिव के.सी.ले यी प्रतिवादीकी छोरी ज्योति के.सी.लाई सँगै पढ्ने भएकाले फोन गरेछन् निज ज्योति के.सी.ले शिव के.सी.लाई गाली गरेपछि शिव के.सी.ले मलाई नम्बर दिएँ र मैले पनि फोन गर्दा पख् भनी धम्काएको थिएँ। सोही दिनमा निज ज्योति के.सी.को हजुरआमा रेनुका के.सी.को मृत्यु भएछ। सोको भोलिपल्ट साथी शिव के.सी.ले भनेकाले थाहा पाएको हुँ। निज रेनुका के.सी.को के कसरी मृत्यु भयो मलाई थाहा भएन भन्नेसमेत बेहोराको घटना विवरणका विष्णुबहादुर दुराले यस अदालतमा गरेको बकपत्र।

२५. जिता गा.वि.स. वडा नं.१ मा शिक्षक विनोद धितालको घरमा ट्युसन पढ्न जान्थे। यी प्रतिवादी राधा के.सी.को छोरी ज्योती के.सी. पनि सँगै ट्युसन पढ्थिन्। मिति २०६९।११।२३ गते म पढ्न जान ढिला भएकाले निज ज्योतिलाई फोन गरी सरलाई भन्दे भन्न फोन गरेको थिएँ। निज ज्योतिले फोन उठाई मलाई गाली गरिन्। त्यसपछि मैले फोन राखिदिएँ। त्यसपछि भोलिपल्ट २४ गतेका दिन ट्युसन पढ्न जाँदा शिक्षकले आज गाउँमा मानिस बितेछन् आज म पढाउदिन भन्नुभएकाले मृतक रेनुका के.सी.को मृत्यु भएको थाहा पाएको हुँ। निजको मृत्यु के कसरी भयो मलाई थाहा भएन भन्नेसमेत बेहोराको घटना विवरणका मानिस शिव के.सी.ले यस अदालतमा गरेको बकपत्र।

२६. प्रस्तुत मुद्दाका प्रतिवादीहरूमध्ये राजन भन्ने राजेन्द्र परियार (दमै) फरार रहेकाले निजको हकमा प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.वं.१९० नं.बमोजिम मुलतबीमा राखिदिएको छ भन्ने र प्रतिवादी राधा के.सी.लाई के कस्तो सजाय हुने हो भन्नेतर्फ विचार गर्दा निज प्रतिवादी राधा के.सी.ले राजन भन्ने राजेन्द्र परियार (दमै) लाई परिचालन गरी आफ्नै सासू रेनुका के.सी.को हत्या गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी राधा के.सी.लाई मु.ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत ऐजन १३(४) नं.को कसुरमा सोही महलको १३(४) नं.बमोजिम जन्म कैद हुने ठहर्छ भन्ने यस अदालतको मिति २०७१।३।१२ को फैसला।

२७. रश्मीबहादुर के.सी.को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी राधा के.सी. समेत भएको कर्तव्य ज्यान मुद्दामा वारदातपश्चात् फरार रहेका निज प्रतिवादी राजन भन्ने राजेन्द्र परियार दमैको विशेष सुराकीको आधारमा खोजतलासको आधारमा जिल्ला लमजुङ बेशिसहर न.पा. वडा नं.९ स्थित सडकबाट माथि रहेको अवस्थामा फेला पारी पक्राउ गरी निजसँग सोधपुछ गर्दा निजले आफ्नो घर जिल्ला नुवाकोट भद्रुटार गा.वि.स. वडा नं.७ भएको र आफ्नो नाम प्रकाश नेपाली भएको बताए तापनि निजउपर शंका लागी यसै प्रतिवेदन साथ दाखिला गरेका छौं भन्ने प्र.नि. राजेन्द्र अधिकारीसमेतको प्रहरी प्रतिवेदन पर्न आएकोले निजलाई जाहेरवाला तथा हाल कारागार शाखा लमजुङमा कैदमा रहेकी राधा के.सी समेतलाई यस कार्यालयमा झिकाई देखाउँदा निज राजन भन्ने राजेन्द्र परियार (दमै) भनेर हामीले चिनिने व्यक्ति निजै प्रकाश नेपाली हुन्। तत्काल हामीलाई निजले आफ्नो नाम राजन भन्ने राजेन्द्र परियार (दमै) भनेका थिएँ। हामीले हेरी देखी चिनी सनाखत कागजसमेत गरिदिएँ भन्नेसमेत बेहोराको निज जाहरेवाला रश्मीबहादुर के.सी र राधा के.सी. ले सनाखत कागजसमेत गरिदिएकाले निजउपर पाना २ कागजातहरूसहित मिति २०६९।९।२० गतेको अभियोग पत्रसाथ दाखिला भएको कर्तव्य ज्यान मुद्दा अन्तर्गत आवश्यक कारबाही हुन् यसै पत्रसाथ निज प्रतिवादी प्रकाश नेपालीलाई उपस्थित गराइएको बेहोरा सादर अनुरोध गरिएको छ भन्नेसमेत बेहोराको मिति ०७१।११।१० च.नं.२१६७ को जिल्ला प्रहरी कार्यालय लमजुङको पत्र।

२८. फरार प्रतिवादी राजन भन्ने राजेन्द्र परियार दमैको हकमा प्रस्तुत मुद्दा मिति २०७१।३।१२ मा मु.ऐन, अ.वं.१९० नं.बमोजिम मुलतबी रहेकोमा निज प्रतिवादी मिति २०७१।१२।१० मा प्रहरीबाट पक्राउमा परी निजसँग सोधपुछ गर्दा निजले आफ्नो घर जिल्ला नुवाकोट भद्रुटार गा.वि.स वडा नं.७ भएको र आफ्नो नाम प्रकाश नेपाली भएको बताए तापनि निजउपर शंका लागी यसै प्रतिवेदन साथ दाखिला गरेका छौं भन्ने प्र.नि. राजेन्द्र अधिकारीसमेतको प्रतिवेदन पर्न आएकोले निजको हकमा प्रस्तुत मुद्दा जगाइदिएको भन्ने यस अदालतको आदेश।

२९. राजन भन्ने राजेन्द्र परियार दमै मेरी आमा राधा के.सी. सँग घरमा आई दुई दिन बसेका थिएँ। निजले आफ्नो नाम राजन भन्ने राजेन्द्र परियार दमै हो र घर गोरखा जिल्लातिर पर्छ भनी भन्ने गर्दथे। निज व्यक्तिले घरमा आउँदा आमा राधा के.सी.सँग मलाई विवाह गर्छु भनी सल्लाह

गरेका थिएँ। आमाले पोखरा घुम्न जाने भनी मलाई लिई जानुभएकामा बाटोमा यिनै व्यक्तिले आमाको मोबाइलमा फोन गरी यिनै व्यक्तिसँग सोतीपसलमा भेट भई आमा, म र यिनै व्यक्ति पोखरामा गई होटलको कोठामा २ दिन सँगै बसी आमा पोखराबाटै फर्कनुभयो भने यी व्यक्ति र म गोरखा कालिका मन्दिरमा गई यी व्यक्तिसँगै मैले विवाह गरेकी हुँ र त्यहाँबाट मामाघर सोतीपसलमा गई ४।५ दिन बस्ने क्रममा हामीबीच शारीरिक सम्बन्ध पनि कायम भयो। यी व्यक्तिको दाहिने गालामा कोतारिएको दाग छ। छातीको बीच भागमा ठाडो काटिएको दाग छ। पहिले मोटो भएको अवस्थामा हल्का गोरो हुनुहुन्थ्यो भने अहिले कालो हुनुभएको रहेछ। मसँग विवाह गर्ने व्यक्ति यिनै हुन् हेरी, देखी, चिनी मुलुकी ऐन, अ.वं.१७३ नं.बमोजिमको लक्ष्मी के.सी.को सनाखत कागज।

३०. मिति २०६९।८।२४ गते प्रतिवादी राधा के.सी. सँग मिली मेरो आमा रेनुका के.सी.लाई जबरजस्ती करणी गरी कर्तव्य गरी मार्दा वारदातमा संलग्न व्यक्ति यिनै राजन भन्ने राजेन्द्र परियार दमै हुन्। निजसँग मेरो परिचय भएको छैन। निज भाउजू राधा के.सी.सँग घरमा आउँदा मैले निजलाई एकपटक देखेको हुँ। निज राजन भन्ने राजेन्द्र परियार दमैको निधारमा काटेको खत रहेको छ। निज मेरो भाउजू राधा के.सी. सँग घरमा आउने व्यक्ति यिनै हुन् हेरी, देखी, चिनी मुलुकी ऐन, अ.वं.१७३ नं.बमोजिमको जाहेरवाला रश्मीबहादुर के.सी.ले गरेको सनाखत कागज।

३१. निज राजन भन्ने राजेन्द्र परियार दमैले मेरो घर गोरखा जिल्लातिर पर्छ भनी भन्ने गर्दथे। निजको निधार, चिउँडो, उचाइ र हिँडाईबाट निज राजन भन्ने राजेन्द्र परियार दमै भन्ने व्यक्ति यिनै हुन् भनी म भन्न सक्छु। निजले मेरी दिदी लक्ष्मी के.सी.लाई विवाह गर्छु भनेकाले यिनै व्यक्ति मेरी दिदी लक्ष्मी के.सी. र आमा राधा के.सी. पोखरातिर जानुभएको थियो। पोखरा गई विवाह गरेर आएपछि हजुरआमाले ल अब राम्रोसँग श्रीमतीको पालनपोषण गर्नु भनी भनेकोमा निज व्यक्ति रिसाएर घरबाट निस्किएका थिएँ। त्यसको अठार दिनपछि हजुरआमा रेनुका के.सी. घरमै मृत अवस्थामा भेटिनुभएको हो। हजुरआमा रेनुका के.सी. मृत भेटिएको दिनमा आमा राधा के.सी. मामाघरमा हुनुहुन्थ्यो। मेरो आमासँग घरमा आउने र मेरी दिदीसँग विवाह गर्ने व्यक्ति यिनै हुन् हेरी, देखी, चिनी मुलुकी ऐन, अ.वं.१७३ नं.बमोजिमको ज्योति के.सी.ले गरेको सनाखत कागज।

३२. प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) को हकमा मु.ऐन, अ.वं. १९० नं.बमोजिम मुलतबी रहेकोमा जिल्ला प्रहरी कार्यालय लमजुङको मिति २०७१।१२।१२ च.नं. २१८२ को पत्रसाथ उपस्थित गराइएका प्रतिवादी राजन भन्ने राजेन्द्र परियार दमै भनिएका प्रकाश नेपालीले म राजन भन्ने राजेन्द्र परियार दमै भन्ने व्यक्ति होइन। मेरो नाम प्रकाश नेपाली हो। घर नुवाकोटतिर हो भने मेरो ४।५ वर्ष पहिला नै लमजुङ तार्कु गा.वि.स. घुमाउने घर भई काठमाडौं माछापोखरी बस्ने कान्छीसँग प्रेमबिवाह गरेको छु। भाइ प्रदिप काठमाडौं लक्ष्मीनगर स्थित होटलमा काम गर्ने बेला तार्कु गा.वि.स. घुमाउने घर भएकी मोनिका वि.क. पनि नजिकै होटलमा काम गर्ने भई उनीहरूबीच प्रेम सम्बन्ध रही विवाह भएपछि निजै बुहारीमार्फत निजको

सोल्टिनी पर्ने केटीसँग मेरो चिनजान भएपछि मेरो प्रेम सम्बन्ध रही हामीले विवाह गरेका हौं। निज आफ्नो सोल्टिनीलाई भेट्न काठमाडौं गएकी रहिछिन्। हामीबाट एक छोरी हाल साढे दुई वर्षकी अनिच्छाको जन्म भएको छ। म विगत २।३ वर्ष पहिलाबाट काठमाडौंको विभिन्न ठाउँमा घरहरूमा रङ लगाउने ठेक्का लिने काम गर्दै आइरहेको छु। ससुराली लमजुङ जिल्लामा छ। विवाह भएपछि प्रत्येक वर्ष दशैमा ससुराली आउने गर्छु। जिता भन्ने ठाउँमा म हालसम्म गएको छैन। जाहेरवाला, मृतक र सहप्रतिवादी राधा के.सी.लाई चिनेको छैन। मैले रेनुका के.सी.लाई कर्तव्य गरी मारेको होइन भन्नेसमेत बेहोराको राजन परियार भन्ने राजेन्द्र परियार(दमै) भनिएका प्रतिवादी प्रकाश नेपालीले यस अदालतमा गरेको बयान।

३३. प्रतिवादी राजन भन्ने राजेन्द्र परियार दमै भनिएका प्रकाश नेपाली आरोपित कसुरमा पूर्ण निर्दोष हुन् भन्न सकिने अवस्था आधार हाल विद्यमान नदेखिँदा र यी प्रतिवादीलाई हेरी चिनी सनाखत कागज गर्ने सह-प्रतिवादी राधा के.सी. र जाहेरवाला रश्मीबहादुर के.सी.को सनाखत कागज, मिसिल संलग्न फोटोसमेतका प्रमाणलाई थुनछेक प्रयोजनार्थ प्रमाण लिन मिल्ने कानून आधार प्रमाण ऐन, २०३१ को दफा १८(ख) ले लिन मिल्ने नै देखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल मुद्दा पुर्पक्षका लागि यी प्रतिवादी प्रकाश नेपालीलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११८ नं.बमोजिम थुनुवा पुर्जीसमेत दिई थुनामा राख्न जिल्ला कारागार कार्यालय, लमजुङमा लेखी पठाइदिनू भन्नेसमेत मिति २०७१।१२।१३ गतेको आदेश।

३४. मृतक, जाहेरवाला र प्रतिवादी राधा के.सी. म कुनैलाई पनि चिन्दिन र मृतक रेनुका के.सी.लाई कसले कहिले माऱ्यो मलाई थाहा भएन। राजन भन्ने राजेन्द्र परियार दमै भन्ने व्यक्ति को हो मलाई थाहा भएन। प्रकाश नेपाली र राजन भन्ने राजेन्द्र परियार दमै एउटै व्यक्ति होइनन्। प्रकाश नेपालीको घर नुवाकोट जिल्लामा पर्दछ। हाल उहाँ काठमाडौंमा निजको श्रीमती अनिषा र छोरी अनिच्छाको साथमा बस्दै आउनुभएको थियो। मिति २०६९।८।२४ गते प्रकाश नेपाली नुवाकोटमै हुनुहुन्थ्यो। नुवाकोटमा भएका व्यक्तिले लमजुङको रेनुका के.सी.लाई हत्या गर्ने करा सम्भव नै छैन। प्रतिवादी प्रकाश नेपाली मेरो बहिनीज्वाइँ हुनुहुन्छ। उहाँको विवाह गरेको ६ वर्ष भयो। ससुराली घर लमजुङमा आउँदा पनि सधैं बहिनीको साथमा आउने जाने गर्नुहुन्छ। मृतक रेनुका के.सी.को हत्यामा प्रकाश नेपालीको कुनै संलग्नता नै छैन भन्नेसमेत बेहोराको प्रतिवादी राजन भन्ने राजेन्द्र परियार दमै भनिएका प्रकाश नेपालीका साक्षी सम्झना वि.क.ले यस अदालतमा गरेको बकपत्र।

३५. प्रतिवादी राजन भन्ने राजेन्द्र परियार भनिएका प्रकाश नेपाली वारदात हुनुपूर्व हाम्रो घरमा आई रहन्थ्यो। घरमा आउँदा भाउजू राधा के.सी.ले मेरो मामाको छोरा भनी भन्नुहुन्थ्यो। यसै बीचमा हामी घरमा नभएको मौका छोपी उक्त वारदात भयो। आमाले राधा के.सी.लाई बारम्बार त्यो केटासँग नहिँड, त्यो केटासँग किन हिँडेछस् भनी बारम्बार भन्दै गर्नुभएको र निज केटा

प्रकाश नेपालीले इगो लिई म यो बूढीलाई मारिदिन्छु भनी धम्की दिएको कुरा छोरीहरूले मलाई बताएका थिएँ। केही समयपछि धम्की दिएको ४।५ दिनपछि नै वारदात भएको हो। यसरी वारदात घटाउनमा निजै प्रकाश नेपालीको संलग्नता रहेको कुरामा म पूर्ण विश्वस्त छु। वारदातपछि फरार रही पछि प्रहरीद्वारा पक्राउ परिएका निज प्रकाश नेपाली र राजन भन्ने राजेन्द्र परियार दमै एकै व्यक्ति हुन्। प्रहरीद्वारा अन्य व्यक्तिसमेतको पंक्तिमा निज व्यक्तिलाई उभ्याउँदा यकिन साथ चिनि अ.वं.१७३ नं.बमोजिम २०७१।१२।१० मा सनाखत कागज गरिदिएको हुँ। निज व्यक्तिलाई मैले मेरो घरमा आएको पटक-पटक देखेको हो। यस्तो क्रियाकलाप आमालाई मन नपरेपछि आमाले यसो नगर भनेकाले भाउजू माइत गएर बसेकी थिइन्। भाउजू माइत गएर बसेको केही समयपछि नै उक्त वारदात घटेको हो भन्नेसमेत बेहोराको जाहेरवाला रश्मीबहादुर के.सी.ले यस अदालतमा गरेको ततिम्बा बकपत्र।

३६. प्रकाश नेपाली मेरो साइँलो दाइ हो राजन भन्ने मान्छे चिन्दिन। जाहेरवाला रश्मीबहादुर के.सी.लाई चिन्दिन। हामीसँगै गोल्फुटारमा बसेर काम गरेको ६।७ वर्ष भैसक्यो। प्रस्तुत कर्तव्य ज्यान वारदातको सम्बन्धमा मलाई केही थाहा छैन। हामी गोल्फुटारमा हाउस पेन्टिङको काम गर्दछौं। राजन भन्ने राजेन्द्र परियार दमै र प्रकाश नेपाली भन्ने व्यक्ति एउटै होइनन्। सँगै ६।७ वर्षदेखी एकै ठाउँमा बसेको व्यक्तिले यहाँ आएर घटना घटाएको होइन भन्नेसमेत बेहोराको प्रतिवादी राजन भन्ने प्रकाश नेपालीका साक्षी प्रदिप नेपालीले यस अदालतमा गरेको बकपत्र।

३७. प्रतिवादी राजन भन्ने राजेन्द्र परियार दमै भनिएका प्रकाश नेपालीले म तपाईंको सानीआमाको छोरा राजन अधिकारी भन्ने भाइ हुँ भन्ने गर्दथ्यो। मेरो घरमा राजन भनी आउने व्यक्ति यिनै प्रतिवादी राजन भन्ने राजेन्द्र परियार दमै भनिएका प्रकाश नेपाली हुन्। निजले मेरी जेठी छोरी लक्ष्मी के.सी.सँग विवाह गर्छु भनेकाले मैले पनि सहमति दिएपछि म निज राजन अधिकारी र लक्ष्मी के.सी पोखरामा गई बसेका हौं। निजहरू विवाह गर्नका लागि मनकामना कालिका मन्दिरमा जान्छौ भनेपछि म माइती गएकीमा आमाले निज राजन भन्ने प्रकाश नेपालीलाई रु.१०,०००।- दिएपछि पोखरा गएका हुन्। निज गएको ३ दिनपछि मैले फोन गरी छोरी लिन किन नआएको भनी सोध्दा कोठा नै पाएको छैन भनेको थियो। सोको नौ दिनपछि छोरी ज्योति के.सी.ले मलाई फोन गरी हजुरआमाको हत्या भएको रहेछ भनेकी हुन्। त्यसपछि म घरमा आउँदा प्रहरीहरू आइसकेका थिएँ। मेरो घरमा आउने जाने गर्ने र छोरीको विवाह भएको राजन अधिकारी भनी मेरो भाइ भन्ने व्यक्ति यिनै प्रकाश नेपाली हुन्। सासू रेनुका के.सी.ले निज अपरिचित पुरुषलाई किन घरमा ल्याएको भनी रिसाउनुभएको थियो। निज राजन भन्नेले पनि तिम्रो सासूले कराएकी छन् भनेका थिएँ अरू केही भनेका थिएनन् भन्नेसमेत बेहोराको प्रतिवादी राधा के.सी.ले यस अदालतमा गरेको ततिम्बा बयान।

३८. मिति २०६९।८।२४ गते बेलुका ६.०० बजेबाट १०.०० बजेसम्म ट्युसन पढ्ने गर्दथ्यौं र ट्युसन पढेर सकिएपछि ज्योति के.सी. प्राय मेरो घरमा नै बस्ने गर्दथिन्। सो दिन बेलुका मेरो आमाको मोबाइलबाट साथी ज्योति के.सी.को हजुरआमा रेनुका के.सी.लाई फोन गरी रेनुका

के.सी.ले घरमा नआउने कुरा बताएकी थिइन्। त्यसपछि ज्योति के.सी.को मोबाइल फोनमा अपरिचित नम्बरबाट फोन आई ज्योति के.सी.लाई मारिदिन्छु भनी धाक धम्की दिदैं एक जना पुरुष व्यक्ति बोलेको मैलेसमेत सुनेकी हुँ। उक्त व्यक्ति को हो मलाई थाहा भएन। भोलिपल्ट बिहान ज्योति के.सी. आफ्नो घर गएकोमा हजुरआमा रेनुका के.सी.को हत्या भई निज मृत अवस्थामा आफ्नै घरभित्र फेला परेको कुरा सुनी थाहा पाएकी हुँ। निजलाई कसले कसरी मार्‍यो मलाई थाहा भएन भन्नेसमेत बेहोराको घटना विवरण कागज गर्ने सुनिता धितालले यस अदालतमा आई गरेको बकपत्र।

३९. मिति २०६९।८।२४ गते बेलुका ९ बजेतिर सुनिता धितालको आमाको मोबाइलबाट हजुरआमा रेनुका के.सी.लाई फोन गरी घरमा नआउने र बिहान मात्रै आउँछु भनेकी थिएँ। भोलिपल्ट बिहान ७ बजेतिर घरमा आई हेर्दा मूल ढोका बन्द रहेको र भान्छा कोठाको ढोका आधा खुल्लै रहेको देखी हजुरआमालाई बोलाउँदा नबोलेकाले हजुरआमालाई बोलाउँदै उहाँ सुत्ने कोठामा गई हेर्दा हजुरआमालाई कोठामा रहेको धानको बोरामा ढाड अडेस लगाई टाउको ठाडो बनाई बसालिएको टाउको तथा अनुहारमा धारिलो हतियार प्रयोग गरी काटी रगत बगेको शरीरको कम्मरभन्दा तलको कपडा कम्मरसम्म सरी नग्न अवस्थामा रहेको तथा सम्पूर्ण शरीर निलो अवस्थामा रहेको मृत अवस्थामा देखी छरछिमेकीलाई खबर गरी प्रहरी बोलाएको हुँ। घटना कसले घटायो मैले देखिन। हजुरआमा र निज राधा के.सी.का बीच बेलाबेलामा विवाद भैरहन्थ्यो। सोही कारण आमा र हजुरआमा छुट्टाछुट्टै कोठामा पकाई खानुहुन्थ्यो। यस्तैमा २०६९ कार्तिकमा एकजना अपरिचित पुरुषलाई घरमा ल्याउनुभएको थियो। आमाले निज व्यक्ति आफ्नो सानीमाको छोरा हो भनेकी थिइन्। आमा दिदी लक्ष्मी के.सी र निज राजन अधिकारी भन्ने व्यक्ति पोखरा घुम्न भनी गई २।३ दिनपछि घरमा आई सोही दिन मामाघर जाने भनी तीनै जना गएकामा भोलिपल्ट आमा मात्र घरमा फर्की मसँग राजनले तेरो हजुरआमालाई मारिदिन्छु भनेको भनेर भन्नुभएको थियो। आमा राधा के.सी.ले नै निज राजन भन्ने व्यक्तिलाई हजुरआमाको हत्या गर्न लगाएको हुँदा निज राजन भन्ने हाल प्रकाश नेपाली भनी नाम थाहा भएका व्यक्तिले नै हजुरआमाको हत्या गरेको हुनुपर्छ। मलाई राजन अधिकारी भनेर आफूलाई भन्ने व्यक्ति यिनै प्रकाश नेपाली हुन् भन्नेसमेत बेहोराको ज्योती के.सी.ले यस अदालतमा आई गरेको बकपत्र।

४०. प्रस्तुत २०६९।९।२० मुद्दा नं.०६९-CR-००२५ मा अभियोग दर्ता भई प्रतिवादीमध्ये राधा के.सी.को हकमा मिति २०७१।३।१२ गते मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.को कसुरमा सोही १३(४) नं.बमोजिम जन्म कैद हुने गरी सुरु फैसला भई सो फैसला सदर हुने गरी मिति २०७१।११।२८ मा सम्मानित पुनरावेदन अदालत, पोखराबाट समेत सदर भइरहेको यसै क्रममा फरार प्रतिवादीलाई पक्राउ गर्ने क्रममा नै मिति २०७१।१२।१० गते जिल्ला नुवाकोट भद्रुटार गा.वि.स. वडा नं. ७ बस्ने वर्ष २५ को प्रकाश नेपालीलाई फोटो हुलियाको

आधारमा पक्राउ गरी सहप्रतिवादी अथवा यसै मुद्दामा कैद सजाय पाइसकेकी प्रतिवादी राधा के.सी.लाई जिल्ला कारागार लमजुङमा सनाखत गराई निजले उक्त घटना गराउने नाम राजन भन्ने राजेन्द्र परियार दमै भन्ने मान्छे यिनै हुन् भनी प्रकाश नेपालीलाई सनाखत गरिदिएको। सोही आधारमा मिति २०७१।१२।१० गते आवश्यक कारबाहीको लागि निजलाई श्री लमजुङ जिल्ला अदालतमा जिल्ला प्रहरी कार्यालय लमजुङबाट पेस गरेकामा सो अदालतमा निजले कसुरमा पूर्ण इन्कारी बयान गरेको भए तापनि पुर्पक्षको लागि थुनछेक हुँदा निज प्रकाश नेपालीलाई तत्काल प्राप्त प्रमाणको आधारमा थुनामा राखी पुर्पक्ष गर्ने गरी २०७१।१२।१३ गते आदेश भई निज न्यायिक हिरासतमा कारागार कार्यालय लमजुङमा रहेको अवस्थामा मूल अभियोगमा प्रतिवादी रही फरार रहेका प्रतिवादी राजन परियारलाई पक्राउ गरी अदालतमा पूरक अभियोगसाथ पेस गरिएको।

४१. मैले विगत ३ वर्षअगाडि मोबाइल फोनमार्फत राधा के.सी.सँग चिनजान भई लगातार एक आपसमा मायाप्रेमका कुराहरूसमेत भयो। निजले मिति यकिन भएन २०६९ सालको बर्खाको समयमा फोनबाट नै लमजुङ जिल्लाको खत्रीठाँटी भन्ने स्थानमा भेट्ने सल्लाह गरी म निजलाई भेट्नको लागि खत्रीठाँटीमा आई भेटघाट भएको हो। हामी स्थानीय होटलमा १ दिन बसी बिहान उठी म पोखरा फर्कन लाग्दा निज राधा के.सी.ले मसँगै आफ्नो घर जाने भनी मलाई आग्रह गरेबमोजिम निजको घर जिता गा.वि.स. वडा नं. १ स्थितमा जाँदा निज राधा के.सी.को सासू आमाले मलाई देखाउँदै यो केटा को हो ? भनी सोध्दा भाइ हो भनेकी थिइन्। सो दिनको दिउँसो निजकै घरमाथि रहेको मन्दिर नजिक बाख्रा चराउन भनी गई कुराकानी गर्दा निजले मेरो श्रीमान् विदेशमा रहेको, श्रीमान्ले कुनै वास्ता नगर्ने, सासू आमा रेनुका के.सी.ले सँधै गाली गलौज गर्ने, छोरीहरूसँग पनि टाढा बनाएको छ। म आफ्नो घरमा पनि बस्न नसक्ने अवस्थामा छु भनी दुःख पोख्दा यस्तै हो बूढाबूढी भनेको यस्तै हुन्छ निहुँ खोज्छन् भनी सम्झाएको थिएँ। बेलुका घरमा फर्की निजको घरमा आई एउटै कोठामा सँगै बसेको हो। उक्त कोठामा राधा के.सी. को आमाछोरी सँगै भुइँमा बिस्तारा लगाएर सुतेको र म पनि सोही कोठामा एउटा पलङमा सुतेको हुँ। यसरी ३।४ दिन निज राधा के.सी.को घरमा बसेको हुँ, निजको घरमा बस्दा निजको जेठी छोरी लक्ष्मी के.सी. सँग मेरो माया प्रेम सम्बन्ध प्रगाढ बन्दै गएको थियो। यसै क्रममा म मेरो डेरा पोखरातर्फ लागें भने निज लक्ष्मी के.सी. आफ्नो स्कुलमा गएकी हुन्। त्यसपछि म पोखरा गएपछि पनि लक्ष्मी के.सी. ले आफ्नो आमा राधा के.सी.को मोबाइलबाट दिनमा एक पटक फोन गर्ने गर्थिन्। फोनमा कुरा गर्दा गर्दै हामी पोखरामा भेट्ने योजना बनाएका हौं। त्यसपछि राधा के.सी. र निजको छोरी लक्ष्मी के.सी. पोखरामा मलाई भेट्न आएका थिएँ। हामी एक दिन पोखरामा किनमेल गरी लेकसाइडको एक होटलमा बसेका हौं। अर्को दिन गोर्खा घुम्न जाने योजना बनाएकोमा निज लक्ष्मी के.सी. ले आमालाई घर पठाउनु अनि हामी दुई जना मात्र गोर्खा जाने भनेपछि मैले राधा के.सी. लाई घर जानु भनेपछि निज आफ्नो घर लमजुङतर्फ गइन्। त्यसपछि म र लक्ष्मी के.सी. गोरखा हर्मटारी चोकमा रहेको होटलमा ३ दिन बसी गोर्खा दरबारलगायतका स्थानहरूमा घुमी बस्दा निज राधा के.सी.ले

निजको छोरी लक्ष्मी के.सी.लाई फोन गरी म मामा घरमा छु। तिमीहरू पनि मामा घरमा आउ भनेकोमा हामी निजको मामाघरमा गई एक हप्ता बसेका हौं। मामा घरमा निजको वृद्ध हजुरआमा मात्र हुनुहुन्थ्यो। यस्तैमा काम विशेषले गोर्खा जानु पर्ने भएको र म आफूसँग पैसा नभएकाले मैले निज लक्ष्मी के.सी.सँग पैसा मागेको थिएँ, निजले आफ्नो हजुरआमासँग मागेर मलाई दश हजार रुपैंया दिएकी हुन्। त्यसपछि म गोर्खातर्फ लागेको हुँ। त्यसपछि निज राधा के.सी. तथा निजको छोरी लक्ष्मी के.सी.सँग फोन सम्पर्क भएन। मलाई निज राधा के.सी.को छोरी लक्ष्मी के.सी.लाई भेट्न मन लागेको हुँदा मिति यकिन भएन २०६९ सालको जाडो सिजन धान काटेर उठाइसकेको समयमा म निज लक्ष्मी के.सी.लाई भेट्न जान्छु भनी पोखराबाट गाडी चढी कुन्छा बजारमा झर्दा साँझ अं. १७.३० बजेको थियो होला। सो बजारको एक होटलमा मदिरा १ क्वाटर खाई म निज लक्ष्मी के.सी.को घरतर्फ गएको हुँ। राति अं. २०.३० बजेको समयमा निज लक्ष्मी के.सी.को घरमा पुग्दा घरभित्र बत्ती बालिराखेको घरको ढोका पनि खुल्ला अवस्थामा बाहिर आँगनबाट देखी मैले बोल्न नपाउँदै निज राधा के.सी.को सासू आमालाई देखेपछि मैले आमा भनी बोलाउँदा निज रेनुका के.सी.ले को हो ? भनी भन्नुभयो। म घरको पिढींमा गई म हो आमा भनें र तपाईंको नातिनी लक्ष्मी खोई ? भनी मैले सोध्दा निज रेनुका के.सी.ले तँ किन आएको ? गई हाल्। मेरो आँगनमा नटेक्समेत भन्नुभयो। मैले म चिनेको मान्छे रातिको पाहुना भनेको त देउतासरह हुन्छ। म बरु पिढींमा सुत्छु भन्दा निज रेनुका के.सी.ले मैले यहाँ नबस् भनेपछि तँलाई लागेन ? तँ दमै पानी नचल्ने जात! भनी अश्लिल शब्द प्रयोग गरी गाली गलौज गर्दै एउटा हातले दाउरा टिपी मलाई हिर्काउन लागेको जस्तो गरी अब तँ यहाँबाट जाँदैनस् भने म कराएर गाउँका मानिसहरू बोलाउँछु भनी निज उभिएर चिच्यायर कराउन लागेपछि मलाई मदिराको नशा पनि लागेको सुरमा रिस उठी मैले निजको घरको चुलो नजिकै रहेको हतियार खुर्पाले निजको दाइनेतर्फ टाउकोमा कँसेर एकचोटि प्रहार गर्दा निज सोही स्थानमा ढलेको देखेको हुँ, त्यसपछि म डराई सो स्थानदेखी तत्काल भागी कच्ची मोटर बाटो हुँदै करिब अं. २ किलो मिटर जति दौडँदै गएँ। सो दिन रातको अं. १ बजे दुई पिप्लेमा आएर कसैको गोठमा बसेर रात बिताई भोलिपल्ट बिहानै उठी बसमा चढी दमौली गएको थिएँ। त्यसपछि पोखरातिर नै व्यवसाय गरी बसेको हुँ। निज रेनुका के.सी.लाई निजको बुहारी राधा के.सी. ले मार्नु भनी अराएको पनि होइन। मैले निजलाई मार्ने योजना बनाएर गएको पनि होइन। निज रेनुका के.सी.ले मलाई जातलाई समेत छोएर अश्लिल शब्दहरू प्रयोग गाली गलौज गरी मलाई निजको घरमा रातमा बास बस्न नदिएकाले मलाई रिस उठी मादक पदार्थको नशामा नजिकै रहेको खुर्पा उठाई निजको टाउकोमा प्रहार गरी उक्त स्थानबाट भागेको हुँ। उक्त घटनामा अन्य कोही कसैको संलग्नता छैन भन्नेसमेत बेहोराको प्रतिवादी राजन परियारले अधिकार प्राप्त अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

४२. मिति २०६९।०८।२४ गते जाहेरवालाको आमा रेनुका के.सी.को कर्तव्य ज्यान मुद्दाको वारदातमा संलग्न व्यक्तिलाई सनाखत गर्न भनिएकोमा एकै पङ्क्तिमा देखाएका ५ जना व्यक्तिहरूमध्ये जिल्ला गोरखा बुङ्कोट गा.वि.स. वडा नं. ३ घर भएका राजन परियारलाई देखी चिनी सनाखत गरिदिएँ। पहिले मिति २०७१।१२।१० गते प्रकाश नेपालीलाई मैले आफू जेल मुक्त हुन्छु कि भनेर सनाखत गरिदिएँ पनि आज सनाखत गर्दा निजको छातीमा भएको खत, बायाँ हातको बूढी औंलामा भएको खतसमेत देखी निजलाई यकिन साथ चिनी अ.वं.७३ नं.बमोजिम सनाखत कागज गरिदिएँ भन्नेसमेत बेहोराको प्रतिवादी राधा के.सी.को सनाखत कागज।

४३. राधा के.सी.सँग मेरो फोन सम्पर्कमार्फत चिनाजानी भएको हो। ६।७ दिनसम्म फोनमा कुराकानी भएपछि निज राधा के.सी.ले मलाई फोनमार्फत लमजुङको खत्रीठाँटी भन्ने ठाउँमा भेट्न बोलाएकोले खत्रीठाटी आई होटलमा एक रात बसेका हौं। भोलिपल्ट म पोखरा फर्कन लाग्दा निज राधा के.सी.ले मलाई आफ्नो घरमा लगेकी हुन्। करिब एक हप्तापछि राधा के.सी.को छोरी लक्ष्मी के.सी.ले पोखरा घुम्न मन लागेको छ भनेकाले म सोतिपसलसम्म गाडी लिई राधा के.सी. र लक्ष्मी के.सी.लाई लिई पोखरा गएको हुँ र लेकसाइडको होटलमा एक रात बसेका हौं। त्यहाँ बस्दा लक्ष्मी के.सी.ले मलाई तपाईंको गोरखाको गाउँ घुम्न मन लागेको छ घुमाउन लैजानुहोस् भनी भनेकीले मैले आमासँग सल्लाह गर भनेकोमा निजले आमालाई नलैजाने, तपाईं र म मात्र जाने भनिन् र राधा के.सी.ले पनि तिमीहरू दुई जना जाउ न त भनी राधा के.सी. घर फर्किन् भने म र लक्ष्मी के.सी.ले पोखरा भाटभटेनीमा सपिङ गरी गोरखासमेत घुमी फर्कन लाग्दा राधा के.सी.ले म मामाघरमा छु, तिमीहरू पनि यतै आउ भनेकीले हामी दुवै जना सोतीपसलमा रहेको लक्ष्मी के.सी.को मामाघरमा गएका हौं। त्यहाँ एक हप्ता बसी म गोरखा फर्केको हुँ। एक डेढ महिनापछि मलाई निज लक्ष्मी के.सी.सँग सँगै घुमेको, बसेको कुरा याद आई निजलाई भेट्न मन लागेकोले निज घरमै होलिन् भनी पोखराबाट गाडीमा आई भोटेवडारमा झरी कुन्छा जाने बस चढी कुन्छा झरी त्यहाँ एक क्वार्टर रुसलान भोड्का खाई निज लक्ष्मी के.सी.को घरमा पुग्दा रातको आठ बजेको थियो। मैले घरमा पुगी घरको ढोकाबाट आमा भनी बोलाउँदा रेनुका के.सी.ले मलाई तँ डुम, दमै पानी नचल्ने जात, मेरो घरमा एक छिन पनि नबस् भनी चुलो नजिकै रहेको दाउराले टिपी हान्न खोजेकाले र जातभातको कुरा गर्दा मलाई रिस उठेकाले मैले चुलो नजिकै रहेको हँसियाले निज रेनुका के.सी.को टाउकोमा प्रहार गरी म डरले भागी सोतीपसल गएको हुँ भन्नेसमेत बेहोराको अभियुक्त राजन परियारले यस अदालतमा गरेको बयान।

४४. प्रतिवादी राजन परियार आरोपित कसुरमा कसुरदार देखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने हुँदा निज प्रतिवादी राजन परियारलाई मुलुकी ऐन, अ.वं.११८ को देहाय दफा २बमोजिम मुद्दा पुर्पक्षका मुलुकी ऐन, अ.वं.१२१ नं.बमोजिमको थुनुवा पुर्जी दिई कारागार कार्यालय लमजुङमा लेखी पठाइदिनु भन्ने मिति २०७२।७।१७ को यस अदालतको आदेश।

४५. प्रतिवादी राजन भन्ने राजेन्द्र परियार दमै भनिएका प्रकाश नेपाली आरोपित कसुरमा कसुरदार होइनन् भनी विश्वास गर्न मिल्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको ११८(७) नं.बमोजिम निज प्रतिवादी राजन भन्ने राजेन्द्र परियार दमै भनिएका प्रकाश नेपालीलाई मुद्दा पुर्पक्षका लागि अब उप्रान्त अ.वं.४७ नं.बमोजिम साधारण तारेखमा राख्नू। सो हुँदा निज प्रतिवादी राजन भन्ने राजेन्द्र परियार दमै भनिएका प्रकाश नेपालीलाई आजै थुनाबाट छाडिदिनु भनी जिल्ला कारागार कार्यालय लमजुङमा लेखी पठाइदिनू भन्ने मिति २०७२।७।२० गतेको आदेश।

४६. मैले म आफू थुनामुक्त हुन्छु कि भनेर पक्राउमा परी आएका प्रकाश नेपालीलाई मेरो घरमा आउने राजन भन्ने व्यक्ति यिनै हुन् भनी सनाखत गरिदिएको हुँ र सोही बेहोराको अदालतमा समेत ततिम्बा बयान गरेकी हुँ। सो सनाखत र बयान झुट्टा हो। मबाट गल्ती भयो। मेरो घरमा आउने राजन भन्ने व्यक्ति प्रकाश नेपाली होइनन्। निज प्रकाश नेपाली निर्दोष छन्। मेरो घरमा आउने व्यक्ति राजन भन्ने व्यक्ति राजन परियार नै हुन्। निज पक्राउ परी आएपछि मैले जिल्ला प्रहरी कार्यालय लमजुङमा देखेको हुँ। निज राजन परियारको छातीमा काटेको पुरानो खत रहेको, कानमा समेत काटेको खत रहेको, बायाँ हातको बूढी औंलामा काटेको खत रहेको, वर्ण कालोसमेतको हुलियाको आधारमा म निज राजन परियारलाई चिन्दछु। निज राजन परियारसँग मेरो २०६९ साल कार्तिक महिनादेखी फोनमार्फत परिचय भई कुराकानी हुँदै आएकामा सोही महिनामा निजसँग भेट भई आफ्नो घरमा ल्याएको हुँ। इजलासबाट प्रकाश नेपाली र राजन परियार जस्तै वर्ण, पहिरन, उचाइ उमेरसमेत मिल्दो भएका ६ जना व्यक्तिहरूलाई देखाउँदा देखें, बायाँबाट दोस्रो क्रमको व्यक्ति मसँग फोनमा कुराकानी गर्ने र मेरो घरमा आउने व्यक्ति राजन परियार हुन्। निज राजन परियारको बायाँ हातको बूढी औंलाको नङ चिरी पुरानो खत रहेको हुलियासमेत हेरी निजलाई देखी, हेरी चिनी सनाखत गरें भन्नेसमेत बेहोराको प्रतिवादी राधा के.सी.ले यस अदालतमा आई गरेको ततिम्बा बयान।

४७. प्रकाश नेपालीलाई मैले फोटो हेरेको आधारमा प्रहरी कार्यालयमा सनाखत गरेको हुँ। फोटो हेर्दा एउटै जस्तो लागेर मैले प्रकाश नेपालीलाई नै राजन परियार भनी सनाखत गरेको हुँ। मैले पहिले एकचोटि यी राजन परियारलाई हाम्रो घरमा आउँदा देखेको हुँ। त्यसपछि देखेको थिइन। आज म यस अदालतमा बकपत्रका लागि उपस्थित हुँदा प्रकाश नेपाली र राजन परियारलाई समेत रोहवरमा रहन उपस्थित गराइँदा यी व्यक्तिहरूलाई देखें। वारदातमा संलग्न व्यक्ति निज राजन नै हुन्। फोटो हेर्दा प्रकाश नेपाली र राजन परियार भन्ने व्यक्ति एउटै जस्तो लागेर उसबखत यी व्यक्तिहरू एकै भनी सनाखत गरेको हुँ। उस बखत भूल हुन् गयो। आज निज व्यक्तिहरू प्रकाश नेपाली र राजन परियारलाई एकै पटक सँगै देखेपछि घटनामा संलग्न व्यक्ति राजन परियार नै हुन् भन्ने कुरामा मलाई अब दुविधा छैन। यी व्यक्तिहरू अलग अलग व्यक्तिहरू हुन्। फोटो हेरेको आधारमा राजन परियार जस्तो देखी प्रकाश नेपालीलाई एकै व्यक्ति भन्न पुगेछु। वास्तविक अपराधी आज देखेको निज व्यक्ति राजन परियार नै हुन्। निजैले

नै मेरो आमा रेनुका के.सी.लाई जबरजस्ती करणी गरी मारी आमाले लगाउनुभएको रिङ र सिक्रीसमेत चोरी गरी फरार भएका हुन्। निज प्रतिवादीलाई कानूनबमोजिम हदैसम्म सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको जाहेरवाला रश्मीबहादुर के.सी.ले यस अदालतमा आई गरेको तितिम्बा बकपत्र।

४८. प्रस्तुत संवत् २०६९।९।२० मुद्दा नं.०६९-CR-००२५ सम्मानित अदालतमा दर्ता भएको अभियोगमा सम्मानित अदालतमा समेत राजन परियार आफूले गरेको कसुरमा साबित भएको, मौकामा प्रतिवादी राधा के.सी.ले बयान गर्दा चिनेको भनिएकी राजन भन्ने राजेन्द्र परियार (दमै) को यी प्रतिवादी राजन परियारको हुलिया हुबहु मिल्नुका साथै सुरु अभियोगसाथ पेस भएको फोटोसमेत यी प्रतिवादी राजन परियारसँग मेल खाएको, मृतक रेनुका के.सी.को टाउकोसमेतमा एउटा मात्र धारिलो हतियारको चोट रहेको तथ्य तत्काल भएको लास प्रकृति मुचुल्काबाट देखिएको, मौकामा राधा के.सी.ले खुलाएको राजन भन्नेको हुलिया र यी प्रतिवादीको शरीरमा देखिएको हुलिया हुबुह मिली प्रतिवादी राजन परियारले राधा के.सी.को सासू रेनुका के.सी.को हत्या गरेकामा अदालतमा मिति २०७२।७।१८ मा समेत साबित भई बयान गरेको देखिँदा उक्त मिति २०६९।९।२० मा दर्ता भएको अभियोगमा २ जना प्रतिवादीहरू भएकामा राधा के.सी. बाहेक हाल पुरक अभियोगका विरुद्ध खण्डका प्रतिवादी राजन परियारलाई मात्र प्रतिवादी कायम गरी मुद्दाको कारबाही कायम गरिपाउन सादर अनुरोध भन्नेसमेतको जिल्ला सरकारी वकिल कार्यालय, लमजुङको मिति २०७२।७।२९को पत्र।

## अदालतको ठहर

४९. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन् आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरूसमेत अध्ययन गरी प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) भनिएका प्रकाश नेपालीले अभियोग मागदाबीबमोजिमको कसुर गरेको हो, होइन? यी प्रतिवादीले अभियोग मागदाबीबाट सफाइ पाउने हो, होइन? भन्नेसम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

५०. निर्णयतर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा मिति २०६९।९।२० मा वादी नेपाल सरकारले राधा के.सी. र राजन भन्ने राजेन्द्र परियार (दमै) लाई प्रतिवादी कायम गरी प्रतिवादी राधा के.सी. र प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) को मिलोमतोबाट राधा के.सी.ले राजेन्द्र परियार (दमै) लाई परिचालन गरी जबरजस्ती करणी र हत्या गरी मृतकको साथमा भएको बिगो रु.७५३१२।५० बराबरको सुनको सिक्री र रिङ धनमालसमेत चोरी गरी लगेको पुष्टि हुन् आएको हुँदा प्रतिवादी राधा के.सी.ले ज्यान मार्नमा बचन दिएको हुँदा निजको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी मलको १ नं. विपरीत ऐ १३(४) नं. को कसुरमा सोही महलको १३(४) नं.बमोजिम र प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) को उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत ऐ १३(१) नं.को कसुरमा सोही १३(१) नं.अनुसार र यी प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) ले निज वृद्ध महिला रेनुका के.सी.लाई जबरजस्ती

करणीसमेत गरेको खुल्न आएको हुँदा निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत ऐ ३(५) नं. को कसुरमा सोही महलको ३(५) नं.बमोजिमसमेत सजाय हुन् साथै यी प्रतिवादीहरूले मिलेमतो गरी मृतक रेनुका के.सी.को बिगो रु.७५३१२।५० (पचहत्तर हजार तीन सय बाह्र रुपैंया पचास पैसा) बराबरको सुनको सिक्री र रिङसमेतको धनमाल चोरी गरेको हुँदा निज प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन, चोरीको महलको १ र ४ नं.को कसुरमा ऐ महलको १४(२) नं.बमोजिम सजाय हुन् एवम् सोही महलको १० र २१ नं.बमोजिम बिगो रु.७५३१२।५० (पचहत्तर हजार तीन सय बाह्र रुपैंया पचास पैसा) जाहेरवालालाई भराइ पाउनसमेत मागदाबी लिइएको मूल अभियोग पत्र रहेको पाइन्छ। तत्पश्चात् सो मूल अभियोग पत्रको मुद्दामा कारबाहीको क्रममा यस अदालतबाट प्रतिवादी राधा के.सी.ले राजन भन्ने राजेन्द्र परियार (दमै) लाई परिचालन गरी आफ्नै सासू रेनुका के.सी.को हत्या गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी राधा के.सी.लाई मु.ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत ऐ.१३(४) नं. को कसुरमा सोही महलको १३(४) नं.बमोजिम जन्मकैद हुने भनी यस अदालतबाट मिति २०७१।३।१२ फैसला भएको पाइन्छ। साथै प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) फरार रहेको निजको हकमा प्रस्तुत मुद्दा मु.ऐन, अ.वं.१९० नं.बमोजिम मुलतबीमा राखी दिने गरी फैसला भइरहेको पाइन्छ।

५१. यसरी प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) को हकमा मुद्दा मुलतबीमा रही रहेको अवस्थामा मिति २०७१।११।१० मा फरार प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) को विशेष सुराकीको आधारमा खोज तलास गर्ने क्रममा प्रतिवादी प्रकाश नेपाली भेटिएको र हाल कारागार शाखा लमजुङमा कैदमा रहेकी राधा के.सी. समेतलाई झिकाई देखाउँदा निज राजन भन्ने राजेन्द्र परियार दमै भनेर हामीले चिनिने व्यक्ति निजै प्रकाश नेपाली हुन् भनी सनाखत गरिदिएको भन्नेसमेत आधारमा प्रतिवादी प्रकाश नेपालीलाई आवश्यक कारबाही हुन् भनी जिल्ला प्रहरी कार्यालय लमजुङबाट अदालतमा पेस गरिएको पाइन्छ। तत्पश्चात् यस अदालतबाट मिति २०७१।१२।११ मा प्रस्तुत मुद्दा मुलतबीबाट जागी प्रतिवादी प्रकाश नेपालीको हकमा कारबाही अगाडि बढेको पाइन्छ। प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) भनी पक्राउमा परी आएका निज प्रकाश नेपालीले अदालतमा बयान गर्दा म राजन भन्ने राजेन्द्र परियार दमै भन्ने व्यक्ति होइन। मेरो नाम प्रकाश नेपाली हो। घर नुवाकोटतिर हो भने मेरो ४।५ वर्ष पहिला नै लमजुङ तार्कु गा.वि.स. घुमाउने घर भई काठमाडौं माछापोखरी बस्ने कान्छीसँग प्रेम बिवाह गरेको छु। भाइ प्रदिप काठमाडौं लक्ष्मीनगर स्थित होटलमा काम गर्ने बेला तार्कु गा.वि.स. घुमाउने घर भएकी मोनिका वि.क. पनि नजिकै होटलमा काम गर्ने भई उनीहरूबीच प्रेम सम्बन्ध रही विवाह भएपछि निजै बुहारीमार्फत निजको सोल्टिनी पर्ने केटीसँग मेरो चिनजान भएपछि मेरो प्रेम सम्बन्ध रही हामीले विवाह गरेका हौं। निज आफ्नो सोल्टिनीलाई भेट्न काठमाडौं गएकी रहिछिन्। हामीबाट एक छोरी हाल साढे दुई वर्षकी अनिच्छाको जन्म भएको

छ। म विगत २।३ वर्ष पहिलाबाट काठमाडौंको विभिन्न ठाउँमा घरहरूमा रङ लगाउने ठेक्का लिने काम गर्दै आइरहेको छु। ससुराली लमजुङ जिल्लामा छ। विवाह भएपछि प्रत्येक वर्ष दशैमा ससुराली आउने गर्छु। जिता भन्ने ठाउँमा म हालसम्म गएको छैन। जाहेरवाला, मृतक र सहप्रतिवादी राधा के.सी.लाई चिनेको छैन। मैले रेनुका के.सी.लाई कर्तव्य गरी मारेको होइन भनी बयान गरेको पाइन्छ। बुझिएकी लक्ष्मी के.सी.ले र ज्योति के.सी. अनुसन्धान अधिकारीसमक्ष सनाखत कागज गर्दा हाम्रो आमा प्रतिवादी राधा के.सी. सँग घरमा आई दुई दिन बसी घरको कामसमेत गर्ने र लक्ष्मी के.सी.लाई गोरखा कालिका मन्दिरमा लगी विवाह गर्ने व्यक्तिको दाहिने गालामा कोतारिएको दाग छ। छातीको बीच भागमा ठाडो काटिएको दाग छ। पहिले मोटो भएको अवस्थामा हल्का गोरो हुनुहुन्थ्यो भने अहिले कालो हुनुभएको रहेछ। सो व्यक्ति यिनै प्रकाश नेपाली हुन् भनी सनाखत कागज गरिदिएको पाइन्छ। यसै गरी जाहेरवाला रश्मीबहादुर के.सी.ले अदालतमा सनाखत कागज गर्दा मेरो भाउजू राधा के.सी.सँग घरमा आउने गाउँ घरमा डुली हिंड्ने व्यक्ति यिनै हुन् भनी राजन भन्ने राजेन्द्र परियार (दमै) भनिएका प्रकाश नेपालीलाई सनाखत गरिदिएको पाइन्छ। यसै गरी प्रतिवादी राधा के.सी. ले मिति २०७२।१।२७ मा अदालतमा ततिम्बा बयान गर्दा पनि यिनै राजन भन्ने राजेन्द्र परियार (दमै) भनिएका प्रकाश नेपालीसँग मेरो भेटघाट सम्पर्कसमेत भएको हो भनी बकपत्र गरेको पाइन्छ। प्रतिवादी राजन भन्ने राजेन्द्र परियार भनी पेस गरिएका प्रकाश नेपालीको नागरिकता प्रमाणपत्रबाट पनि निजको नाम प्रकाश नेपाली वतन भद्रुटार-७ नुवाकोट रहेको पाइन्छ। मूल अभियोगमा प्रतिवादी बनाइएका प्रतिवादी राजन भन्ने राजेन्द्र परियारको वतन गोरखा जिल्ला थुमी गा.वि.स. वडा नं.२ बस्ने बस्ने भन्ने उल्लेख भइरहेको पाइन्छ। यसरी वादी नेपाल सरकारले प्रतिवादी भनी गोरखा थुमी गा.वि.स. वडा नं.२ बस्ने राजन भन्ने राजेन्द्र परियार (दमै) लाई अभियुक्तको रूपमा उल्लेख गरेको अवस्थामा सो नाम, थर, वतन केही पनि मेल नखाने प्रकाश नेपालीलाई निजै राजन भन्ने राजेन्द्र परियार हुन् भनी पक्राउ गरी पेस गरेको अवस्थामा मूल अभियोगपत्रमा जिकिर लिइएका राजन भन्ने राजेन्द्र परियार (दमै) भन्ने व्यक्ति यिनै प्रकाश नेपाली हुन् भनी प्रथम दृष्टिमै अनुमानयोग्य हुन् सक्दैन। यसरी सरकारवादी फौजदारी मुद्दामा प्रतिवादी बनाइएको व्यक्तिसँग नाम, थर, वतन केही नमिल्दा नमिल्दै पनि बलजफ्ती सनाखत कागजको भरमा जनाउ व्यक्तिलाई यिनै व्यक्ति प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) हुन् भनी मुद्दामा कारबाही गर्दा सरकारवादी फौजदारी न्याय प्रणालीमा गम्भीर प्रश्न चिह्न खडा हुन् पुगेको अवस्था एकातिर छ भने अब, इन्साफको रोहबाट पनि पेस गरिएका प्रकाश नेपाली नै राजन भन्ने राजेन्द्र परियार (दमै) हो। होइन भनी निष्कर्ष निकाल्नु परेको अवस्था देखिन्छ।

५२. तत्सम्बन्धमा हेर्दा, प्रस्तुत मुद्दामा प्रतिवादी राधा के.सी. ले मौकामा मूल मुद्दामा मिति २०६९।९।१ मा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा नै प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) को निधारमा तेर्स्रो लामो काटेको पुरानो खत, बायाँ हातको बूढी औंलाको नङ बीचमा काटी (चिरिएर) एक आपसमा खप्टिएको, छातीको बायाँ कुमबाट पेटसम्म काटेको घाउ खत रहेको भनी हुलिया बताइरहेको पाइन्छ। यसै गरी यी प्रतिवादी राजन भन्ने राजेन्द्र

परियार(दमै) भनिएका प्रकाश नेपालीलाई सनाखत गर्ने क्रममा प्रतिवादी राधा के.सी.का छोरीहरू ज्योती के.सी. र लक्ष्मी के.सी.ले अदालतमा सनाखत बयान गर्ने क्रममा समेत राजन भन्ने राजेन्द्र परियार दमैको दाहिने गालामा कोतारिएको दाग, छातीको बीच भागमा ठाडो काटिएको दाग रहेकोसमेत भन्ने हुलिया खुलाइरहेको पाइन्छ। यी प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) भनिएका प्रकाश नेपालीको हुलिया सम्बन्धमा स्वास्थ्य परीक्षण गर्न पठाउँदा यी प्रतिवादीको बायाँ हातको औंलाको नङ बीचमा काटी (चिरियर) एक आपसमा काटिएको, छातीको बायाँ कुमबाट पेटसम्म काटेको घाउ खत जस्ता नरहेको भनी मिति २०७२।७।१८ को लमजुङ सामुदायिक अस्पतालको स्वास्थ्य परीक्षणबाट देखिन्छ। साथै प्रतिवादी प्रकाश नेपालीले अदालतमा बयान गर्दा पनि आफूमा सह-प्रतिवादी राधा के.सी.ले मौकामा अनुसन्धान अधिकारीसमक्ष समेतमा बयान गर्दा खुलाइदिएको हुलियासँग मेल नखाने हुलिया बताइरहेको पाइन्छ। यी प्रतिवादी प्रकाश नेपालीले अदालतमा बयान गर्दा आफू आरोपित कसुरमा इन्कारी रही र आफू राजन भन्ने राजेन्द्र परियार दमै होइन भनी जिकिर लिइरहेको पाइन्छ।

५३. यसरी प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) भनिएका प्रकाश नेपालीलाई राजन भन्ने राजेन्द्र परियार दमै भन्ने व्यक्ति हो भनी अदालतमा पेस गरी कारबाहीको क्रममा वादी नेपाल सरकारबाट पुनः मिति २०७२।७।१७ मा प्रतिवादी राजन परियारलाई संवत् २०६९।९।२० मुद्दा.नं.०६९-Cr-००२५ मा दर्ता भएको अभियोग पत्रबमोजिम अर्थात् जिल्ला गोरखा थुमी गा.वि.स. वडा नं.२ डाँडागाउँ बस्ने तत्काल फरार रहेका अं. वर्ष २८। ३० को राजन भन्ने राजेन्द्र परियार (दमै) भनी पेस भएकामा माथि विरुद्ध खण्डको नामथर ठेगाना भएको प्रतिवादी कायम गरी निजलाई सो वारदातमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं.बमोजिम सजायका साथै मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. विपरीत कसुरमा ३(५) नं.बमोजिम सजाय हुन् र बिगो रु.७५,३१२।५० बराबरको सुनको सिक्री र रिङसमेत मृतकको साथबाट जबरजस्ती चोरी गरेकामा मुलुकी ऐन, चोरी महलको १ र ४ नं. को कसुरमा १४(२) नं.बमोजिम सजाय हुन् र १० र २१ नं.बमोजिम चोरीको बिगो जाहेरवालालाई भराइपाउन दाबी लिई मुलुकी ऐन, अदालती बन्दोबस्तको ८८ नं.बमोजिम प्रतिवादी राजन परियारउपर पूरक अभियोग मागदाबी पेस हुन् आएको पाइन्छ।

५४. पूरक अभियोग साथ पेस गरिएका प्रतिवादी राजन परियारले अदालतसमेतमा बयान गर्दा मृतक रेनुका के.सी.लाई खुर्पाले टाउकोमा प्रहार गरी कर्तव्य गरी मारेको हो, रेनुका के.सी.लाई जबरजस्ती करणी गरेको होइन। साथै निजको सुनको सिक्री, बेरुवा रिङसमेतका धनमालहरू जबरजस्ती चोरी गरेको होइन भनी कर्तव्य ज्यानतर्फ साबित भई र जबरजस्ती चोरी एवम् जबरजस्ती करणीतर्फ इन्कार रही बयान गरेको पाइन्छ। यी प्रतिवादीले मौकामा अनुसन्धान अधिकारी र अदालतमा बयान गर्दासमेत निजको निधारमा तेर्सो काटेको पुरानो खत भएको, बायाँ हातको बूढी औंलाको नङ बीचमा काटी चिरिएको पुरानो दाग एक आपसमा खप्टिएको, बायाँ

छातीतर्फ छड्के पुरानो काटेको खत भएको भनी मूल मुद्दामा सहप्रतिवादी राधा के.सी.ले बयान गर्दा खुलाइदिएको हुलिया बेहोरासँग मेल खाने हुलिया खुलाएको पाइन्छ। सह-प्रतिवादी राधा के.सी.ले प्रस्तुत पूरक अभियोगमा अनुसन्धानको क्रममा सनाखत कागज गर्दा र अदालतमा ततिम्बा बयान गर्दासमेत मैले म आफू थुनामुक्त हुन्छु कि भनेर पक्राउमा परी आएका प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) भनिएका प्रकाश नेपालीलाई मेरो घरमा आउने राजन भन्ने व्यक्ति यिनै हुन् भनी सनाखत गरिदिएको हुँ र सोही बेहोराको अदालतमा समेत ततिम्बा बयान गरेकी हुँ। सो सनाखत र बयान झुट्टा हो। मबाट गल्ती भयो। मेरो घरमा आउने राजन भन्ने व्यक्ति प्रकाश नेपाली होइनन्। निज प्रकाश नेपाली निर्दोष छन्। मेरो घरमा आउने व्यक्ति राजन भन्ने व्यक्ति राजन परियार नै हुन्। निज पक्राउ परी आएपछि मैले जिल्ला प्रहरी कार्यालय लमजुङमा देखेको हुँ। निज राजन परियारको छातीमा काटेको पुरानो खत रहेको, कानमा समेत काटेको खत रहेको, बायाँ हातको बूढी औँलामा काटेको खत रहेको, वर्ण कालोसमेतको हुलियाको आधारमा म निज राजन परियारलाई चिन्दछु। निज राजन परियारसँग मेरो २०६९ साल कार्तिक महिनादेखी फोनमार्फत परिचय भई कुराकानी हुँदै आएकामा सोही महिनामा निजसँग भेट भई आफ्नो घरमा ल्याएको हुँ। इजलासबाट प्रकाश नेपाली र राजन परियार जस्तै वर्ण, पहिरन, उचाइ उमेरसमेत मिल्दो भएका ६ जना व्यक्तिहरूलाई देखाउँदा देखें, बायाँबाट दोस्रो क्रमको व्यक्ति मसँग फोनमा कुराकानी गर्ने र मेरो घरमा आउने व्यक्ति राजन परियार हुन्। निज राजन परियारको बायाँ हातको बूढी औँलाको नङ चिरी पुरानो खत रहेको हुलियासमेत हेरी निजलाई देखी, हेरी, चिनी सनाखत गरें भन्ने बेहोरा लेखाएको पाइन्छ। यसैगरी जाहेरवाला रश्मीबहादुर के.सी.ले मिति २०७२।७।२९ मा ततिम्बा बकपत्र गर्दा राजन भन्ने राजेन्द्र परियार (दमै) भनिएका प्रकाश नेपालीलाई मैले फोटो हेरेको आधारमा प्रहरी कार्यालयमा सनाखत गरेको हुँ। फोटो हेर्दा एउटै जस्तो लागेर मैले प्रकाश नेपालीलाई नै राजन परियार भनी सनाखत गरेको हुँ। मैले पहिले एकचोटि यी राजन परियारलाई हाम्रो घरमा आउँदा देखेको हुँ। त्यसपछि देखेको थिइन। आज म यस अदालतमा बकपत्रका लागि उपस्थित हुँदा प्रकाश नेपाली र राजन परियारलाई समेत उपस्थित गराइँदा यी व्यक्तिहरूलाई देखें। वारदातमा संलग्न व्यक्ति निज राजन नै हुन्। फोटो हेर्दा प्रकाश नेपाली र राजन परियार भन्ने व्यक्ति एउटै जस्तो लागेर उसबखत यी व्यक्तिहरू एकै भनी सनाखत गरेको हुँ। उस बखत भूल हुन् गयो। आज निज व्यक्तिहरू प्रकाश नेपाली र राजन परियारलाई एकै पटक सँगै देखेपछि घटनामा संलग्न व्यक्ति राजन परियार नै हुन् भन्ने कुरामा मलाई अब द्विविधा छैन। यी व्यक्तिहरू अलग-अलग व्यक्तिहरू हुन्। फोटो हेरेको आधारमा राजन परियार जस्तो देखी राजन भन्ने राजेन्द्र परियार (दमै) भनिएका प्रकाश नेपालीलाई एकै व्यक्ति भन्न पुगेछु। वास्तविक अपराधी आज देखेको, निज व्यक्ति राजन परियार नै हुन्। निजैले नै मेरो आमा रेनुका के.सी.लाई जबरजस्ती करणी गरी मारी आमाले लगाउनुभएको रिङ र सिक्रीसमेत चोरी गरी फरार भएका हुन्। निज प्रतिवादीलाई कानूनबमोजिम हदैसम्म सजाय हुनुपर्छ भनी बेहोरा लेखाएको पाइन्छ।

५५. जिल्ला सरकारी वकिल कार्यालय लमजुङको मिति २०७२।७।१९ को पत्रबाट प्रस्तुत मुद्दामा सम्मानित अदालतमा समेत निज राजन परियार आफूले गरेको कसुरमा साबित भएको, मौकामा प्रतिवादी राधा के.सी.ले बयान गर्दा चिनेको भनिएका राजन भन्ने राजेन्द्र परियार (दमै) भनिएका प्रकाश नेपालीको र यी प्रतिवादी राजन परियारको हुलिया हुबहु मिल्नुका साथै सुरु अभियोग पत्रसाथ पेस भएको, फोटोसमेत यी प्रतिवादी राजन परियारसँग मेल खाएको, मृतक रेनुका के.सी.को टाउकोसमेतमा एउटा मात्र धारिलो हतियारको चोट रहेको तथ्य तत्काल भएको लास प्रकृति मुचुल्काबाट देखिएको, प्रतिवादी राधा के.सी.को जेठी छोरी लक्ष्मी के.सी.सँग प्रेम विवाह गरेको भन्ने निजको भनाइलाई लक्ष्मी के.सी.ले सनाखतबाट पुष्टि गर्न बाँकी रहेको देखिन्छ। तैपनि मौकामा राधा के.सी.ले खुलाएको राजन भन्ने नाम एवम् हुलिया यी राजन भन्ने राजेन्द्र परियार (दमै) भनिएका प्रकाश नेपालीको शरीरमा देखिएको हुलिया हुबहु मिली प्रतिवादी राजन परियारले आफूले मात्र राधा के.सी.को सासू रेनुका के.सी.को हत्या गरेकामा अदालतमा मिति २०७२।७।१८ मा समेत साबित भई बयान गरेको देखिँदा उक्त मिति २०६९।९।२० मा दर्ता भएको अभियोगमा २ जना प्रतिवादीहरू भएकामा राधा के.सी बाहेक हाल पूरक अभियोगका विरुद्ध खण्डका प्रतिवादी राजन परियारलाई मात्र प्रतिवादी कायम गरी मुद्दाको कारबाही कायम गरिपाउन सादर अनुरोध छ भनी लेखी आएको पाइन्छ। आज यसै इजलासबाट यसै लगाउको वादी नेपाल सरकार प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) भनिएका प्रकाश नेपाली भएको यसै कर्तव्य ज्यान मुद्दामा प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) भनिएका प्रकाश नेपालीले आरोपित कसुरबाट सफाइ पाउने ठहरी फैसला भइरहेकोसमेत छ।

५६. उपर्युक्त अवस्थामा प्रस्तुत मुद्दाको मिति २०६९।९।२० को मूल अभियोगमा प्रतिवादी बनाइएका राजन भन्ने राजेन्द्र परियार (दमै) भन्ने व्यक्ति प्रकाश नेपाली हुन् भनी प्रकाश नेपालीलाई पेस गरिए पनि निज राजन भन्ने राजेन्द्र परियार (दमै) नभएको एवम् प्रकाश नेपालीले आरोपित कसुर गरेको भन्ने कहीं कतैबाट पुष्टि नभएकोसमेतबाट प्रतिवादी राजन भन्ने राजेन्द्र परियार(दमै) भनिएका प्रकाश नेपालीले वादी नेपाल सरकारको अभियोग मागदाबीबमोजिम प्रतिवादी राधा के.सी.ले राजन भन्ने राजेन्द्र परियार (दमै) को मिलेमतोमा राजन भन्ने राजेन्द्र परियार (दमै) लाई परिचालन गरी रेनुका के.सी.लाई जबरजस्ती करणी गरी मृतकको साथमा भएको बिगो रु.७५,३१२।५० बराबरको सुनको सिक्री र रिङ धनमालसमेत चोरी गरेको हुँदा प्रतिवादी राधा के.सी.ले ज्यान मार्नमा बचन दिएको हुँदा निजको उक्त कार्य मु.ऐ., ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ. १३(४) नं. को कसुरमा सोही महलको १३(४) नं.बमोजिम र प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) को उक्त कार्य मु.ऐ. ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ. १३(१) नं. को कसुरमा सोही १३(१) नं.अनुसार मु.ऐ. जबरजस्ती करणीको महलको १ नं. विपरीत ऐ.३(५) नं. को कसुरमा सोही महलको ३(५) नं.बमोजिमसमेत र प्रतिवादीलाई मु.ऐन चोरीको महलको १ र ४ नं. को कसुरमा ऐ. महलको १४(२) नं.बमोजिम

सजाय हुन् एवं सोही महलको १० र २१ नं.बमोजिम बिगोसमेत भराइ पाउन मागदाबी लिइएको अभियोग दाबी पुग्न नसक्ने ठहर्छ। सो ठहर्नाले प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) भनिएका प्रकाश नेपालीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिलबमोजिम गर्ने गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको १८६ नं.बमोजिम यो फैसला गरिदिएको छ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) भनिएका प्रकाश नेपालीले आरोपित कसुरबाट सफाइ पाउने ठहरेकाले केही गर्नुपरेन.......................................१

प्रतिवादी राजन भन्ने राजेन्द्र परियार (दमै) भनिएका प्रकाश नेपालीको हकमा निजले सफाइ पाउने ठहरेकाले यो फैसलामा चित्त नबुझे ७०(सत्तरी) दिनभित्र पुनरावेदन अदालत, पोखरामा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय लमजुङलाई फैसलाको प्रतिलिपिसहित ७० दिने पुनरावेदनको म्याद दिनू........................................................................................................२

सरोकारवालाले फैसलाको नक्कल माग्न आए लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनू...........३

प्रस्तुत फैसलाको जनाउ फैसलाको प्रतिलिपिसहित जिल्ला प्रहरी कार्यालय लमजुङलाई दिनू...........४

प्रस्तुत फैसलाको विद्युतीय प्रति सर्वोच्च अदालतको सर्भरमा अपलोड गरिदिनू.............................५

प्रस्तुत मुद्दाको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू.......................................६

**जिल्ला न्यायाधीश**

फैसला तयार गर्ने

फाँटवालाः ना.सु. शंकरनाथ खनाल (मुद्दा शाखा)

क.अ. बिना रावल

**इति संवत् २०७२ साल फागुन महिना १६ गते रोज १ शुभम्.........................**

श्री सुनसरी जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री अर्जुनप्रसाद कोइराला

फैसला

संवत् २०६९ सालको २६-०६९-CP-०३५१

निर्णय नं.- २४१

मुद्दाः- अंशचलन।

<u>वादीको नाम थर वतनः-</u>

स्व.मोहनलालको छोरा जिल्ला सुनसरी ववियागा.वि.स वडा नं.१ बस्ने मानकचन्द्र वोथरा.....१

<u>प्रतिवादीको नाम थर वतनः-</u>

स्व.मोहनलालको छोरा जिल्ला सुनसरी रामनगर भुटाहा गा.वि.स. वडा नं.६ बस्ने गोखुलचन्द्र वोथरा..............................................१

स्व.मोहनलालको छोरा ऐ. बस्ने सूर्यकिरण वोथरा..............................................१

ऐ.को छोरा ऐ.ऐ. बस्ने बाबुलाल वोथरा......१

स्व.रावतमलको छोरा ऐ.ऐ.बस्ने लुनकरण वोथरा..............................................१

स्व.मोहनलालको छोरा ऐ. ऐ.बस्ने चेतनलाल वोथरा..............................................१

स्व.मोहनलालको छोरा ऐ. वविया गा.वि.स. वडा नं.१ बस्ने सुभाषचन्द्र वोथरा....................१

**ऐ. को प्रमाणः-** (वादी)

**साक्षीः-**

**कागजः-**

**ऐ. को प्रमाणः-** (प्रतिवादी)

**साक्षीः-**

**कागजः-**

**अदालतबाट बुझेको**


**साक्षीः-**

**कागजः-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. ले यसै अदालतको क्षेत्राधिकार अन्तर्गतको भई दायर हुन् आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ।

## फिराद पत्रको बेहोरा

रावतमलको ५ छोराहरू नेमचन्द स्व. मोहनलाल वोथरा, सुमरेमल वोथरा, मेघराज (मारवाडी) वोथरा प्रतिवादी लुनकरण वोथरा हुन्। भाइ छोराहरूमा माइलो हाम्रा बाबु मोहनलाल र कान्छा काका प्रतिवादी लुनकरण वोथरा मात्र नेपाल सरहदमा बस्दै आउनुभयो। सगोल परिवारबाट व्यवहार गर्दै आउनुभएको छ। अरू नेमचन्द्र, सुमेरमल, र मेघराज भारतमा नै बसोबास गरी आएका नेपालमा वहाँहरूको केही पनि रहेको छैन। पिता मोहनलाल र आमा केसरदेवी वोथराको समेत आफ्नै कालगतिले परलोक भई सक्नुभएको छ। निजहरूको अंशको हक खाने ७ सन्तानमा प्रतिवादी बाबुलाल वोथरा, चेतनलाल वोथरा, सुभाषचन्द्र वोथरा, गोखुलचन्द्र वोथरा, सूर्यकिरण वोथरा म मानकचन्द वोथरा र मदनकुमार वोथरा हौं भने मदनकुमार वोथरा भारतमा नै बसोबास व्यापार गरी आएका छन्। नेपालमा केही छैन। कुनै पनि अंश तथा निजको सगोल एवम् पैतृक सम्पत्ति नेपालमा नरहेको र बाँकी हामी मोहनलालका छोराहरू र काका लुनरकण वोथरासमेत सगोलमै छौं। अंश बन्डा भएको छैन। हाम्रो पुस्तावली निम्नअनुसार रहेको छ।




सगोलको पैतृक घर बसोबास रहेको घर जग्गा विपक्षी काका दाजुहरूका जिम्मा दर्ता रहेको छ। सगोलको सम्पत्ति जाहा भएपनि हिसाब शान्ती भाग मिलाएर खाई भोगी आएका छौं। अंशबन्डा गरौं भाग लगाउँ भनी विपक्षीलाई भन्दा नमानेकोले फिराद परेको दिनलाई मानो छुट्टिएको मिति कायम गरी सोभन्दा अघिल्लो दिनसम्मको तायदाती फाँटवारी विपक्षीहरूबाट दाखेल गराई सम्पूर्ण सम्पत्तिलाई २ भाग लगाई हाम्रा पिता मोहनलालको भागलाई ६ भाग लगाई त्यसको १ भाग मलाई अंश छुट्याई दाखेल खारेज गराई चलन चलाइपाउँ भन्ने फिराद पत्र।

**प्रतिउत्तरपत्रको बेहोरा**

वादीले देखाएको नाता पुस्ता सही सत्य हो। हाम्रा कान्छा भाइ मदनलाई भारतीय देखाएको झुट्ठा हो। निज नेपालमा बसोबास कारोबार गरी आएका हुन्। स्व.रावतमलको जेठा छोरा नेमचन्द बाहेकका छोराहरू सुमेरमल र मेघराज भारतीय नागरिक होइनन्। हजुरबुबा स्व.रावतमलका छोराहरू नेमचन्द, सुमेरमल, मेघराज, लुनकरण हामी प्रतिवादीहरूका वडा हजुरबुबा काका हजुरबुबा नाताका भएपनि सगोलको अंशियार होइनन्। निजहरूसँग हामी प्रतिवादीसमेतले अंश लिनु पर्ने होइन। २०१८ साल वैशाख ५ गतेका दिन हजुरबुबा रावतमलका छोराहरू छुटिई भिन्न भई जेठा नेमचन्द विदेश भारतको राजस्थानमा बसोबास गरी सोही ठाउँमा कारोबार गरी आएका र हाम्रा पिता स्व. मोहनलाल काकाहरू सुमेरमल, मेघराज र लुनकरणले पनि आफ्ना छूट्टा छुट्टै बसोबास आर्जन भोग बिक्री व्यवहार गरी आएकोले सो अवस्थामा बन्डा गर्नुपर्ने सम्पत्ति नै नभएकाले वडा बाबु नेमचन्द पिता मोहनलाल काकाहरू सुमेरमल, मेघराज, लुनकरणबीच बन्डापत्र खडा हुन् नसकेकोले यी वादीले लोभलालचका कारणबाट नेपालअन्तर्गत बसोबास गरेका काकाहरूउपर झुट्टा फिराद दायर गरेका हुन्। वादीले भने जस्तो कान्छा भाइ मोहनलाल भरातीय नागरिक होइनन्। हामी ७ जना भाइहरू एकै ठाउँमा बसी खेतीपाती गरी आएका छौं। हामी प्रतिवादीले अंशबन्डा गरौं भन्दै बारम्बार अनुरोध गर्दै आएकामा उल्टै वादीले हामी प्रतिवादीउपर अंश दिएन भनी झुट्टा आरोप गरी फिराद दायर गरेका हुन्। हजुरबुबा स्व. रावतमलका छोराहरू नेमचन्द, मोहनलाल, सुमेरमल, मेघराज, लुनकरण सगोलका अंशियार नभएको र निजहरूसँग हाम्रा पिता, स्व. मोहनलालले एका सगोलमा आर्जन नगरेकाले यी वादीले २ भागको १ भाग अंश पाउने होइन। मोहनलालको हामी प्रतिवादीहरूसमेत ७ भाइ छोराहरू भएकाले ७ भागको १ भाग अंश पाउने हो भन्ने प्रतिवादी गोखुलचन्द वोथरा, सूर्यकिरण वोथरा, बाबुलाल वोथरासमेतको संयुक्त प्रतिउत्तर पत्र।

यी वादीको म प्रतिवादी सगोलको अंशियार नभएको र वादीसँग सगोलको कुनै चल अचल सम्पत्ति आर्जनसमेत नगरेकाले वादीलाई म प्रतिवादीले अंश दिनु पर्ने होइन। पिता स्व. रावतमलका ५ छोराहरूमा जेठा नेमचन्द, माइला स्व. मोहन साइला सुमेरमल, काइला मेघराज, कान्छा म प्रतिवादी लुनकरण भएकामा मिति २०१८ साल वैशाख ५ गते पिता रावतमल र आमा पन्नादेवीसँग बन्डा गर्नुपर्ने सम्पत्ति नहुँदा बन्डा पत्र खडा गर्नुपर्ने अवस्था नरहेकोले सोही समयदेखी जेठा दाजु नेमचन्द राजस्थानमा बसी छुट्टै व्यवहार गरी आएका र मैले पनि छुट्टै बसोबास गरी आर्जन गरी आएको छु। मिति २०१८।१।५ मा नै रावतमलका छोराहरू एकासगोलमा बसी खेतीपाती गरी आर्जन बिक्री व्यवहार सगोलबाट नगरेकाले वादीको फिराद झुट्टा देखिएको छ। सुमेरमल, मेघराज तथा स्व. मोहनलालका कान्छा छोरा वादीका कान्छा भाइ भारतीय नागरिक होइनन्। मैले पनि छुट्टै आर्जन गरी आएको हो। वादीले छुट्टै व्यापार गरेको, वादीका दाजु बाबुलाल वोथराको कि.नं.५४ को ०-१६-९½ जग्गा मेरो छोरा सुरेन्द्रकुमार वोथराको नाममा र.नं.८८५० मिति २०४३।२।२७ मा खरिद गरेको, बाबुलालको छोरा रंजितकुमारले सुरेन्द्रकुमार वोथराको नाममा रहेको जग्गा खरिद

गरेको, सुरेन्द्रकुमारको नामको सम्पत्ति २०६८ सालमा वादीका दाजु गोखुलचन्द्र राजीनामा गराइलिएको, बाबुलाल वोथराको ट्र्याक्टर लिलाम हुँदा २०४६।१०।२६ मा कृष्णकुमार वोथराले सकार गरी लिएको, वादीका दाजु चेतनलाल वोथराले आफ्नो छोराहरूलाई २०६७।२।१८ मा अंश भरपाई गरी अंश बन्डा गरिदिएको हामीहरूको घर अलग अलग रहेको, कारोबार फरक फरक भएको व्यापार व्यवसाय एउटै नभई आ-आफ्नो रहेको हुँदा आफूहरूबाट यी वादीले अंश पाउनुपर्ने होइन। प्रतिवादीलाई अंश दिन पर्ने होइन भन्ने प्रतिवादी लुनकरण वोथराको प्रतिउत्तर पत्र।

मदनकुमार वोथरा विदेशी नागरिक होइनन्। हाम्रा बाबुहरू नेमचन्द, स्व. मोहनलाल, सुमेरमल, मेघराज र लुनकरण भएकामा सबै नेपालमा बसोबास गर्नुभयो। भएको जेथा सबै भाइ लुनकरणका जिम्मामा छोडी हामी नाबालक हुँदा नै बाबु मोहनलालले काका लुनकरणका जिम्मामा छाडी भारत जानुभयो। यता नेपालको सम्पूर्ण कारोबार सबै काका जिम्मा रहेको थियो। साबिक पैतृक घरमा समेत काकाकै बसोबासमा रहेको काका छोराहरू आफ्नो उमेर पुगिसकेपछि सोही भुटाहाको घरमा बसोबास गर्दै आएका र मोहनलालको परलोकपश्चात् हामीलाई काका लुनकरणले नै संरक्षण रेखदेख गर्दै आउनुभएको हो। हामी व्यापार कारोबार गर्ने परिवार भएको हुँदा मैले आफ्नो मानिस एवम् नाताका मानिससँग ऋण सापटी लिई कारोबार गर्दै आएकामा त्यसैबाट बढे बढाएको सम्पत्ति मसँग रहेको छ। तर सगोल एवम् पैतृक आर्जनको कुनै पनि सम्पत्ति मसँग मेरा जिम्मा दर्ता नभएको हुँदा विपक्षीको दाबी गलत हो। दाबीबाट अलग फुर्सद गरिपाउँ भन्ने प्रतिवादी सुभाषचन्द्र वोथराको प्रतिउत्तर पत्र।

हाम्रा बाबुहरू नेमचन्द, स्व. मोहनलाल, सुमेरमल, मेघराज र लुनकरण भएकामा सबै नेपालमा बसोबास गर्नुभयो। भएको जेथा सबै भाइ लुनकरणका जिम्मामा छोडी हामी नाबालक हुँदा नै बाबु मोहनलाललेसमेत काका लुनकरणका जिम्मामा छाडी भारत जानुभयो। यता नेपालको सम्पूर्ण कारोबार सबै काकाको जिम्मा रहेको थियो। हामी दाजु भाइहरूको बीचमा कुनै पनि बन्डा गर्नुपर्ने सम्पत्ति केही नभएको। जे जति हो सबै लुनकरणका जिम्मा रहेको छ। साबिक पैतृक घरमा समेत काकाकै बसोबासमा रहेको काका छोराहरू आफ्नो उमेर पुगिसकेपछि सोही भुटाहाको घरमा बसोबास गर्दै आएका र मोहनलालको परलोकपश्चात् हामीलाई काका लुनकरणले नै संरक्षण रेखदेख गर्दै आउनुभएको हो। हामी व्यापार कारोबार गर्ने परिवार भएको हुँदा मैले आफ्नो मानिस एवम् नाताका मानिससँग ऋण सापटी लिई कारोबार गर्दै आएकामा त्यसैबाट बढे बढाएको सम्पत्ति मसँग रहेको छ। तर सगोल एवम् पैतृक आर्जनको कुनै पनि सम्पत्ति मसँग मेरा जिम्मा दर्ता नभएको हुँदा विपक्षीको दाबी गलत हो। दाबीबाट अलग फुर्सद गरिपाउँ भन्ने प्रतिवादी चेतनलाल वोथराको प्रतिउत्तर पत्र।

यस अदालतबाट मिति २०७१।९।२० मा तायदाती फाँटवारी दाखेल गराउने गरी आदेश भएको।

उक्त आदेशानुसार तायदाती फाँटवारी दाखिल भएको।

<u>अदालतको ठहर</u>

नियमबमोजिम साप्ताहिक एवम् दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन् आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद दाहाल र प्रतिवादी लुनकरण वोथराको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता द्वय श्री उद्धवप्रसाद काफ्ले र श्री अर्जुन मेहताले गर्नुभएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी हेर्दा यसमा प्रतिवादी लुनकरण वोथरा वादीको सगोलको अंशियार नाताको हो होइन ? र वादीले को कसबाट अंश पाउने हो ? भन्नेसम्बन्धमा न्यायिक निरूपण गर्नुपर्ने देखियो।

निर्णयतर्फ विचार गर्दा, रावतमलको ५ भाइ छोराहरूमध्ये माइलो हाम्रा बाबु मोहनलाल र कान्छा काका प्रतिवादी लुनकरण वोथरा मात्र नेपाल सरहदमा बस्दै आउनुभयो। सगोल परिवारबाट व्यवहार गर्दै आउनुभएको छ। अरू नेमचन्द्र, सुमेरमल, र मेघराज भारतमा नै बसोबास गरिआएका र नेपालमा वहाँहरूको केही पनि रहेको छैन। पिता मोहनलाल र आमा केसरदेवी वोथराको समेत आफ्नै कालगतीले परलोक भई सक्नुभएको छ। निजहरूको अंश हक खाने ७ सन्तानमा प्रतिवादी बाबुलाल वोथरा, चेतनलाल वोथरा, सुभाषचन्द्र वोथरा, गोखुलचन्द्र वोथरा, सूर्यकिरण वोथरा, मानकचन्द वोथरा र मदनकुमार वोथरा हौं भने मदनकुमार वोथरा भारतमा नै बसोबास व्यापार गरी आएका छन्। नेपालमा केही छैन। कुनै पनि अंश तथा निजको सगोल एवम् पैतृक सम्पत्ति नेपालमा नरहेको र बाँकी हामी मोहनलालका छोराहरू र काका लुनरकण वोथरासमेत सगोलमै छौं। अंश बन्डा भएको छैन। सगोलको पैतृक घर बसोबास रहेको घर जग्गा विपक्षी काका दाजुहरूका जिम्मा दर्ता रहेको छ। अंशबन्डा गरौं भन्दा नमानेकोले विपक्षीहरूबाट तायदाती फाँटवारी दाखेल गराई सम्पूर्ण सम्पत्तिलाई २ भाग लगाई हाम्रा पिता मोहनलालको भागलाई ६ भाग लगाई त्यसको १ भाग मलाई अंश छुट्याई चलन चलाईपाउँ भन्ने फिराद दाबी। हजुरबुबा स्व. रावतमलका छोराहरू नेमचन्द, मोहनलाल, सुमेरमल, मेघराज, लुनकरण हामी प्रतिवादीहरूका बडा हजुरबुबा काका हजुरबुबा नाताका भएपनि सगोलको अंशियार होइनन्। निजहरूसँग हामी प्रतिवादीसमेतले अंश लिनु पर्ने होइन। २०१८ साल वैशाख ५ गतेका दिन हजुरबुबा रावतमलका छोराहरू छुटिई भिन्न भई जेठा नेमचन्द विदेश भारतको राजस्थानमा बसोबास गरी सोही ठाउँमा कारोबार गरी आएका र हाम्रा पिता स्व. मोहनलाल काकाहरू सुमेरमल, मेघराज र लुनकरणले पनि आफ्ना छूट्टा छुट्टै बसोबास आर्जन भोग बिक्री व्यवहार गरी आएकोले सो अवस्थामा बन्डा गर्नुपर्ने सम्पत्ति नै नभएकाले बडा बाबु नेमचन्द, पिता मोहनलाल, काकाहरू सुमेरमल, मेघराज, लुनकरणबीच बन्डापत्र खडा हुन् नसकेकोले यी वादीले लोभलालचका कारणबाट नेपाल बसोबास गरेका काकाहरूउपर झुट्टा फिराद दायर गरेका हुन्। वादीले भने जस्तो कान्छा भाइ मदनकुमार भरातीय नागरिक होइनन्। हामी ७ जना भाइहरू एकै ठाउँमा बसी खेतीपाती गरिआएका छौं। हजुरबुबा स्व. रावतमलका छोराहरू नेमचन्द, मोहनलाल, सुमेरमल, मेघराज, लुनकरण सगोलका अंशियार नभएको र निजहरूसँग हाम्रा पिता, स्व. मोहनलालले एकासगोलमा आर्जन नगरेकाले यी वादीले २ भागको १ भाग अंश पाउने होइन।


मोहनलालको हामी प्रतिवादीहरूसमेत ७ भाइ छोराहरू भएकाले ७ भागको १ भाग अंश पाउने हो भन्ने प्रतिवादी गोखुलचन्द वोथरा, सूर्यकिरण वोथरा, बाबुलाल वोथराको प्रतिउत्तर।

पिता स्व. रावतमलका ५ छोराहरूमा जेठा नेमचन्द, माइला स्व. मोहन साइला सुमेरमल, काइला मेघराज, कान्छा म प्रतिवादी लुनकरण भएकामा मिति २०१८ साल वैशाख ५ गते पिता रावतमल र आमा पन्नादेवीसँग बन्डा गर्नुपर्ने सम्पत्ति नहुँदा बन्डा पत्र खडा गर्नुपर्ने अवस्था नरहेकोले सोही समयदेखी जेठा दाजु नेमचन्द राजस्थानमा बसी छुट्टै व्यवहार गरी आएका र मैले पनि छुट्टै बसोबास गरी आर्जन गरी आएको छु। हामीहरूबीच अचलन सम्पत्तिको खरिद बिक्री भएको छ। मिति २०१८।१।५ मा नै रावतमलका छोराहरू एकासगोलमा बसी खेतीपाती गरी आर्जन बिक्री व्यवहार सगोलबाट नगरेकाले वादीको फिराद झुट्टा देखिएको छ। प्रतिवादीलाई अंश दिनु पर्ने होइन भन्ने प्रतिवादी लुनकरण वोथराको प्रतिउत्तर।

मदनकुमार वोथरा विदेशी नागरिक होइनन्। हाम्रा बाबुहरू नेमचन्द, स्व. मोहनलाल, सुमेरमल, मेघराज र लुनकरण भएकामा सबै नेपालमा बसोबास गर्नुभयो। भएको जेथा सबै लुनकरणका जिम्मामा छोडी हामी नाबालक हुँदा नै बाबु मोहनलालले समेत काका लुनकरणका जिम्मामा छाडी भारत जानुभयो। यता नेपालको सम्पूर्ण कारोबार सबै काका जिम्मा रहेको थियो। साबिक पैतृक घरमा समेत काकाकै बसोबासमा रहेको काका छोराहरू आफ्नो उमेर पुगिसकेपछि सोही भुटाहाको घरमा बसोबास गर्दै आएका र मोहनलालको परलोकपश्चात् हामीलाई काका लुनकरणले नै संरक्षण रेखदेख गर्दै आउनुभएको हो। हामी व्यापार कारोबार गर्ने परिवार भएको हुँदा मैले आफ्नो मानिस एवम् नाताका मानिससँग ऋण सापटी लिई कारोबार गर्दै आएकामा त्यसैबाट बढे बढाएको सम्पत्ति मसँग रहेको छ। तर सगोल एवम् पैतृक आर्जनको कुनै पनि सम्पत्ति मसँग मेरा जिम्मा दर्ता नभएको हुँदा विपक्षीको दाबी गलत हो। दाबीबाट अलग फुर्सद गरिपाउँ भन्ने प्रतिवादी सुभाषचन्द्र वोथराको प्रतिउत्तर।

भएको जेथा सबै भाइ लुनकरणका जिम्मामा छोडी हामी नाबालक हुँदा नै बाबु मोहनलालले समेत काका लुनकरणका जिम्मामा छाडी भारत जानुभयो। यता नेपालको सम्पूर्ण कारोबार सबै काका जिम्मा रहेको थियो। हामी दाजु भाइहरूको बीचमा कुनै पनि बन्डा गर्नुपर्ने सम्पत्ति केही नभएको र जे जति हो सबै लुनकरणका जिम्मा रहेको छ। साबिक पैतृक घरमा समेत काकाकै बसोबासमा रहेको काका छोराहरू आफ्नो उमेर पुगिसकेपछि सोही भुटाहाको घरमा बसोबास गर्दै आएका र मोहनलालको परलोकपश्चात् हामीलाई काका लुनकरणले नै संरक्षण रेखदेख गर्दै आउनुभएको हो। हामी व्यापार कारोबार गर्ने परिवार भएको हुँदा मैले आफ्नो मानिस एवम् नाताका मानिससँग ऋण सापटी लिई कारोबार गर्दै आएकामा त्यसैबाट बढे बढाएको सम्पत्ति मसँग रहेको छ। तर सगोल एवम् पैतृक आर्जनको कुनै पनि सम्पत्ति मसँग मेरा जिम्मा दर्ता नभएको हुँदा विपक्षीको दाबी गलत हो। दाबीबाट अलग फुर्सद गरिपाउँ भन्ने प्रतिवादी चेतनलाल वोथराले प्रतिउत्तर जिकिर लिएको देखियो।

यसमा रावतमल वोथराको नाताको हाँगोतर्फ हेर्दाः-




पहिलो प्रश्नतर्फ विचार गर्दा प्रतिवादी गोखुलचन्द, सूर्यकिरण र बाबुलालले हजुरबुबा रामतमलबाट आफ्नो बुबा मोहनलाल २०१८ सालमा नै भिन्न भएको भनी प्रतिउत्तर जिकिर लिएको हुँदा यी समान तह अर्थात् मोहनलाल वोथराको छोराहरूले नै यी वादीलाई अंश हकबाट वञ्चित गराउने र आफूहरूलाई फाइदा पुग्ने गरी बाबुहरू पहिले नै भिन्न भई सकेको भनी लेखाउनु पर्ने कुनै पनि कारण देखिँदैन। तसर्थ रावतमलका छोराहरू कोही भारतीय भई भारतमा नै बसोबास गरेको र २ जना छोराहरू नेपालमा रहेको देखिएको र रावतमलबाट कुनै पनि पैतृक सम्पत्ति छोराहरूमा आएको नदेखिएको, २०१८ सालमा नै बन्डा गर्नुपर्ने पैतृक सम्पत्ति नै नभएकाले अंश बन्डा लिखत खडा गर्ने प्रयोजन नै नहुने भने प्रतिवादी लुनकरण वोथराको प्रतिउत्तर रहेको हुँदा त्यस्तो अवस्थामा कुनै अंशियार अन्यत्र गै आफ्नो काम व्यवहार गरी भोग बिक्री व्यवहार गरी बस्न सक्ने नै हुँदा अन्यथा प्रमाणित नभएसम्म त्यस्ता अंशियारलाई सगोलमा नै बसेको भनी अर्थ गर्न मिल्दैन। यहाँ प्रतिवादी लुनकरण वोथराको उमेर ८० वर्ष नाघिसकेको देखिएको, वादीको समान तहमा अंशियार र प्रतिवादी लुनकरणको छोराहरूबीचमा लामो समयदेखी अचल सम्पत्तिको बिक्री वितरण एवम् हकहस्तारण भई सकेको मिसिल प्रमाणबाट देखिइरहेकोबाट त्यसलाई वादीले अन्यथा भन्न सकेको छैन। रावतमलको ५ जना छोराहरूमा तिन जना भारतमा व्यापार व्यवसाय गरी बसोबास गरेको र भोग बिक्री व्यवहार भारतमा रहेको स्वयम् वादीले स्वीकार नै गरेको र कुन मितिदेखी भारतमा गएका हुन् वादी स्वयम्ले स्पष्ट गर्न नसकेको हुँदा लामो समयदेखी भारतमा बसोबास गरिरहेको व्यक्तिहरू एकासगोलमा नै रहने अवस्था त्यसै पनि देखिँदैन र विश्वास पनि गर्न सकिँदैन।

साथै प्रतिवादी लुनकरण वोथराको छोरा सुरेन्द्रकुमार वोथराले यसै अदालतमा रामतमल वोथराको छोरा सुमेरमल वोथरा र मेघराज मारवाडी उपर करार दायित्व पूरा गरिपाउँ भनी २०५७ सालको दे.नं.७९३, ७९४ को मुद्दा दर्ता गरेको र उक्त मुद्दा २०५७।९।२० मा फैसला भएको देखिन्छ। प्रतिवादी लुनकरण वोथराका छोरा र सुमेरमल र मेघराज मारवाडी एकासगोलमा नै भएको भए उक्त करारको दायित्व पालना गराउनु पर्ने अवस्था देखिँदैन। जसबाट यी रामतमलको छोराहरू नेमचन्द्र, सुमेरमल र मेघराज भारतमा नै बसोबास गरेको र रामतमलको पैतृक सम्पत्ति यी वादीले देखाउन नसकेको हुँदा रामतमलको छोराहरूबीचमा पहिले नै भोग बिक्री व्यवहार प्रमाणबाट भिन्न भई बसेको तथ्यलाई थप पुष्टि गरिदिएको देखिन्छ।

कृषि विकास बैंक शाखा कार्यालय इनरुवाबाट वादीका एकासगोलका दाजु बाबुलाल वोथराले लिएको ऋणबापतको जेथा लिलाम हुँदा प्रतिवादी लुनकरण वोथराको छोरा कृष्णकुमार वोथराले २०४६।१०।२६ गते सकार गरी बाबुलालको नामको विभिन्न क्षेत्रफलको जग्गा कृषि विकास बैंकको पत्रबाट हकहस्तान्तरण भएको मिसिलबाट देखिइरहेको र त्यसलाई वादीका कानून व्यवसायीले अन्यथा नभन्नु भएको हुँदा वादीको समान तहको अंशियारले लिएको ऋणउपर बैंकबाट लिलामी हुँदा एकासगोलमा यी प्रतिवादी लुनकरण वोथरा भएको भए लिलाम सकार गर्नुपर्ने अवस्था नै हुँदैनथ्यो। जसबाट पनि यी प्रतिवादी लुनकरण वोथरा एवम् वादी एकासगोलमा नै रहेको भन्ने पुष्टि हुन् सक्दैन।

त्यस्तै अचल सम्पत्तिको हकहस्तान्तरणतर्फ हेर्दा प्रतिवादी लुनकरण वोथराको हाँगातर्फबाट यी वादी पक्षको समान तहको हाँगातर्फ नै खरिद बिक्री भएको देखिएको छ। वादीका एकासगोलका दाजु बाबुलाल वोथराबाट कि.नं.५४ को ०-१६-९½ जग्गा र.नं. ८८५० मिति २०४३।२।२७ मा प्रतिवादी लुनकरण वोथराको छोरा सुरेन्द्र वोथराको नाममा हकहस्तान्तरण भएको, चेतनलाल वोथराको श्रीमती इन्द्रकुमारी वोथराबाट कि.नं.६२६ को ०-१७-१५ जग्गा सुरेन्द्रकुमार वोथरा (लुनकरण वोथराको छोरा) लाई राजीनामाको बेहोराबाट हकहस्तान्तरण भएको, सुरेन्द्रकुमार वोथराबाट रणजीतकुमार वोथराको नाममा ३-७-२½ जग्गा राजीनामाको बेहोराले हकहस्तान्तरण भएको, वादीको एकासगोलका समान अंशियारीहरूका बीचमा र प्रतिवादी लुनकरण वोथराको छोराको बीचमा अंश मुद्दा पर्नुभन्दा धेरैअगाडि देखिनै अचल सम्पत्ति यी मुद्दाको पक्षहरूबीचमा एकापसमा हकहस्तान्तरण भएको मिसिलबाट देखिएको छ।

त्यस्तै सुरेन्द्रकुमार वोथराबाट गोखुलचन्द्र वोथराले कि.नं. १३०,७८,८,१७० को जग्गा २०५८ साल आश्विनमा राजीनामाको बेहोराले हकहस्तान्तरण भएको, त्यस्तै सुरेन्द्रकुमार वोथरा (प्रतिवादी लुनकरण वोथराको छोरा)बाट प्रतिवादी बाबुलाल वोथराको छोरा रणजितकुमार वोथरालाई २०५८ आश्विनमा राजीनामाको बेहोराले कि.नं.४८३, ८७९, ९१४,७६४, ७६६, १५४, १५५ र १३३ को जग्गाको हकहस्तान्तरण भएको, गोखुलचन्द्र वोथराबाट लुनकरण वोथरालाई २०६९।७।२ मा कि.नं.६७८ को ०-१-१० जग्गाको हकहस्तान्तरण, सुरेन्द्रकुमार वोथराबाट चेतनलाल वोथरालाई २०६८।२।२५ मा कि.नं. २१५ को ०-५-० जग्गा राजीनामाबाट हकहस्तान्तरण भएको मिसिलबाट देखिएको हुँदा यी वादी र प्रतिवादी लुनकरण वोथरा एकासगोलमा

नै रहेको भए धेरै लामो समय अघिदेखी मोहनलाल वोथराको हागातर्फ अचल सम्पत्तिको हकहस्तान्तरण हुनुपर्ने अवस्था नै देखिँदैन।

सम्मानित सर्वोच्च अदालतबाट यससम्बन्धमा भएको थप केही सिद्धान्तहरूसमेत हेर्नु पर्ने हुन्छ जसमाः-

मुद्दाका पक्षहरूको बीच समय-समयमा भएका विभिन्न घटनाक्रमबाट नै अलग-अलग व्यवहार भएको तथ्य स्थापित हुने हुँदा त्यसरी अलग-अलग व्यवहार तथा कारोबार भएको देखिनु नै अंशबन्डा भएको कुरामा अदालत विश्वस्त हुने आधार हुने (ने.का.प. २०७०, भागः ५५ अङ्क २निर्णय नं.८९६४) भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ।

त्यस्तै व्यवहारमा अंशबन्डा भएको भन्नलाई अंशियारहरूले अलग अलग दर्ता, भोग, बिक्री व्यवहार गरेको देखिनु पर्ने हुन्छ। यी कुराहरूको प्रमाणको रूपमा दुई अंशियारबीच खरिद बिक्रीको लिखत हुन् सक्दछ, अलग-अलग नापी दर्ता, नामसारी वा तेस्रो व्यक्तिसित खरिदबिक्रीको लिखत हुन् सक्दछ। अंशियारबीच लेनदेन, जग्गा खिचोला, लुटपिट वा यस्तै प्रकृतिको अन्य मुद्दा मामिला कुनै अड्डा अदालतमा परी छिनोफानो भएको हुन् सक्दछ वा अन्य कुनै अड्डा अदालतको लिखत वा स्रेस्तामा आफू आफू अलग भएको भनी स्वघोषणा गर्दै सहिछाप गरे भएको हुन् सक्दछ। यी सबै वा यीमध्ये कुनै तत्त्व वा अवस्थाको विद्यमानतामा वा यस्तै अन्य कुनै घटना वा व्यवहारले दुई अंशियार एक अर्कासँग अलगअलग भई बसेको, व्यवहार गरेको भन्ने कुरा देख्न सकिने हुन्छ। यसको निराकरण, निरूपण र निक्यौंल प्रत्येक मुद्दा वा विवादको तथ्य र औचित्यको आधारबाट न्यायिक मनको प्रयोग गरी गर्नुपर्ने हुन्छ भनी ने.का.प. २०६८ अंक ९ नि.नं. ८६७९ मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ।

यसरी यी वादी प्रतिवादीहरूबीच छुटि भिन्न भएको पारित लिखतको अभाव भए तापनि व्यवहार प्रमाणबाट वादी प्रतिवादीहरूका बाबु बाजे अगाडिदेखी नै छुट्टी भिन्न भई अलग अलग बसी भोग बिक्री व्यवहार गरी बसेका देखिएको र मुलुकी ऐन अंशबन्डाको ३० नं. ले व्यवहार प्रमाणबाट छुटि भिन्न भएको देखिएको अवस्थामा बन्डा लिखत नै हुनुपर्ने अनिवार्यता नगरेको (ने.का.प.२०६२ अंक १० निर्णय नं.७६१५) भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ।

ने.का.प.२०४५, निर्णय नं.३६०२, अंक २, पृष्ठ ९८२ मा ''व्यवहार प्रमाणबाट भिन्न भएको देखिन्छ भने मानो छुट्टिएको लिखत आवश्यक नपर्ने'' भन्ने र ने.का.प.२०४५, निर्णय नं.३६२५, अंक १० पृष्ठ १०९६ मा ''स्वतन्त्ररूपले आ-आफ्नो व्यवहार चलाएकामा बन्डा गरेको छैन भन्न नमिल्ने'' भन्ने र ने.का.प.२०६६ निर्णय नं.७२२७ मा ''बन्डा भएको कुरा अंशियारले स्वीकार गर्ने माध्यम लिखत, आपसी व्यवहार, आपसी कारोबार, अलग अलग वासस्थान र समयको अस्वाभाविक अन्तराल हुन्, यी तत्त्वमध्ये एक वा एक भन्दा बढी अवस्थाको विध्यमानताले अंशबन्डाको ३० नं. को आवश्यकता पूरा गर्दछ, यस कसीमा जति बढी तत्त्वलाई प्रमाणले अंगिकार गर्दछ त्यति बढी व्यवहार प्रमाणबाट अंशबन्डा भई सकेको कुरामा अदालत विश्वस्त हुने'' भनी

सम्मानित सर्वोच्च अदालतबाट ने.का.प.२०७२ जेष्ठ नि.नं.९३४५ पृष्ठ २६२ मा सिद्धान्त प्रतिपादन भई रहेको देखिन्छ।

तसर्थ सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको सिद्धान्त र मिसिल संलग्न रहेको प्रमाणहरूबाट यी प्रतिवादी लुनकरण वोथरा अलग-अलग व्यापार व्यवसाय गरेको, व्यवहार प्रमाणबाट देखिइरहेको छ। जसमा माथि विवेचित अंशियारबीचमा अचल सम्पत्तिको हकहस्तान्तरण गरेको, अंशियारबीचमा पहिले नै करारको पालना गराउन मुद्दा परेको, बैंकबाट लिलाम सकार हुँदा अर्को अंशियारले सकार गरेको, बाबुहरूबीचमा बन्डा भएको भनी केही अंशियारले स्वीकार पनि गरेको, आपसी व्यवहार, आपसी कारोबार, अलग-अलग वासस्थान, समयको अस्वाभाविक अन्तराल र स्वतन्त्ररूपले आ-आफ्नो व्यापार व्यवसाय चलाएको पुष्टि हुँदा प्रतिवादी लुनकरण वोथरा वादीको अंशियार नाताको नदेखिएको हुँदा यी प्रतिवादीको तर्फबाट वादीले अंश पाउने देखिएन।

अब प्रतिवादी लुनकरण वोथरादेखी बाहेक मोहनलालको ७ जना छोराहरूमा बाबुलाल, चेतन लाल, सुभाषचन्द्र, गोखुलचन्द्र, सूर्यकिरण, मानकचन्द र मदनकुमार रहेकोमा कुनै पनि विवाद देखिँदैन। मोहनलालको ७ जना छोराहरू रहेकोमा सात भागको एक भाग अंश वादीले पाउने हो भनी प्रतिवादीहरू गोखुलचन्द्र वोथरा, सूर्यकिरण वोथरा र बाबुलाल वोथराको प्रतिउत्तर पनि रहेको हुँदा सात अंशियार रहेकोमा विवाद देखिएन। यी अंशियारहरूबीचमा अंशबन्डा भएको अवस्था नदेखिएको हुँदा मोहनलाल वोथराको ७ छोराहरूको तर्फबाट मात्र वादीले अंश पाउने अवस्था रहेको हुँदा वादीले सोही प्रतिवादीहरूबाट अंश पाउने देखियो।

तसर्थ ऋणको हकमा साहुको उजुरी परेका बखत ठहरेबमोजिम हुने नै हुँदा मोहनलाल वोथराको सन्तानहरूबाट मात्र प्रस्तुत हुन् आएको तायदाती फाँटवारीमा उल्लिखित र दर्ता स्रेस्ताले भिडेसम्मको सम्पत्तिलाई बाबुलाल, चेतनलाल, सुभाषचन्द, गोखुलचन्द्र, सूर्यकिरण, मानकचन्द्र र मदनकुमार गरी मूल सात अंशियार हुँदा सात भाग लगाई सोमध्येको एक भाग सम्पत्ति वादीले अंशबापत पाउने र निजको नाममा कायम हुने ठहर्छ।

तायदाती फाँटवारीमा वादीले बकसपत्रको बेहोराबाट मिति २०५१।२।१२ मा प्राप्त गरेको सम्पत्ति निजको निजी देखिँदा बन्डा नहुने ठहर्छ। सो ठहर्नाले अरू तपसिलमा लेखिएबमोजिम गर्ने गरी अ. वं. १८६ नं.बमोजिम यो फैसला गरिदिएँ।

## तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी लुनकरण वोथराबाहेकका अन्य प्रतिवादीहरूबाट वादीले अंश पाउने ठहरेकोले मिसिल संलग्न स्व. मोहनलाल वोथराका सन्तानहरूबाट पेस भएको तायदाती फाँटवारीमा उल्लिखित रु.१,२५,५१,८००।- मध्ये मूल ७ भागको १ भागमा पर्ने रु.१७,९३,११४।- बराबरको सम्पत्ति अंश छुट्याई पाउँ भनी मुद्दाको अन्तिम किनारा भएपछि दण्ड सजायको ४६ नं. को म्यादभित्र वादीले दरखास्त दिन आएमा अढाई दस्तुर वादीबाट लिई देहायको सम्पत्तिबाट नरम करम मिलाई वादीलाई अंश छुट्याई दिई वादीका अंश भागमा परेको जग्गा वादीका नाउँमा दा.खा.दर्ता गराई वादीलाई चलनसमेत चलाइदिनू। ..................................................१

<u>अंशबन्डा गर्नुपर्ने सम्पत्तिको विवरणः-</u>

| | | | | | |
|---|---|---|---|---|---|
| सुभाषचन्द वोथरा | सुनसरी | ववियाा | ४(क) | १९३ | ०-१-१० |
| ,, | ,, | वविया | १(ख) | ८२ | ०-१-२ |
| ,, | ,, | वविया | १(ख) | ८१ | ०-१-२ |
| ,, | ,, | वविया | ४(क) | १७१ | ०-१-१० |
| ,, | ,, | वविया | ४(क) | १७२ | ०-१-१० |
| ,, | ,, | वविया | ४(क) | १९९ | ०-१-१०½ |
| ,, | ,, | वविया | ४(क) | २०१ | ०-१-९½ |
| ,, | ,, | वविया | ४(क) | २३८ | ०-१-५ |
| ,, | ,, | वविया | ४(क) | २४५ | ०-१-१० |
| बाबुलाल वोथरा | सुनसरी | चोरघटिया | ३(क) | २८२ | ०-१४-१० |
| ,, | ,, | ,, | ६(क) | १८४ | ०-४-१९ |
| ,, | ,, | रामनगर भुटाहा | ५ | ४४ | ०-०-१० |
| ,, | ,, | ,, | ५ | ४५ | ०-१६-१७ |
| ,, | ,, | नरसिंह | ६(क) | १७९ | ०-१६-६ |
| ,, | ,, | बबिया | १(क) | ३७ | ०-५-१० |
| सूर्यकिरण वोथरा | ,, | इनरुवा न.पा | ७(ख) | १९४६ | ०-०-४¾ |
| ,, | ,, | हरनिगरा | ६(क) | २९४ | ०-६-५½ |
| ,, | ,, | ,, | ६(क) | ४६ | ०-१-१३ |
| ,, | ,, | वविया | ४(क) | ७ | ०-३-१० |
| ,, | ,, | ,, | ४(क) | ५ | ०-२-१० |
| ,, | ,, | चोरघटिया | ९(क) | ७४६ | ०-०-१० |
| ,, | ,, | ,, | ३(ख) | २८१ | ०-१४-१० |
| ,, | ,, | बसन्तपुर | ७(ग) | २२३ | ०-४-० |
| ,, | ,, | हरिनगरा | ६(ख) | २४४ | ०-१०-० |
| ,, | ,, | हरिनगरा | ६(ख) | ७० | ०-५-१४ |
| गोखुलचन्द वोथरा | ,, | चोरघटिया | ९(क) | ५५९ | ०-५-० |
| ,, | ,, | ,, | ९(क) | ५११ | ०-१०-४ |
| ,, | ,, | ,, | ९(ख) | १८६ | ०-१०-० |
| ,, | ,, | ,, | ९(क) | ४२२ | ०-१-१० |
| ,, | ,, | ,, | ९(ख) | ११ | ०-६-१५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ,, | ,, | ,, | ९(ख) | २३७ | ०-१-० |
| ,, | ,, | रामनगरभुटाहा | ७(क) | ४८७ | ०-०-१५□ |
| ,, | ,, | ,, | ७(क) | ३७४ | ०-०-८ |
| ,, | ,, | ,, | ७(क) | ४६६ | ०-०-१७ |
| ,, | ,, | ,, | ७(क) | ३७३ | ०-०-६ |
| ,, | ,, | ,, | ७(क) | ४६९ | ०-०-१७ |
| ,, | ,, | रामनगरभुटाहा | ७(क) | ८४६ | ०-४-८ |
| ,, | ,, | ,, | ७(क) | ४५० | ०-१-१० |
| ,, | ,, | ,, | ७(क) | ३०६ | ०-१-१ |
| ,, | ,, | ,, | ७(ख) | २६३ | ०-४-६ |
| ,, | ,, | ,, | ७(क) | ४२९ | ०-२-० |
| ,, | ,, | ,, | ३ | ७११ | ०-८-० |
| ,, | ,, | पूर्वकुसाहा | ९(क) | ४७० | ०-२-० |
| ,, | सुनसरी | पूर्वकुसाहा | ९(क) | ५१४ | ०-१३-१५ |
| चेतनलाल वोथरा | सुनसरी | रामनगरभुटाहा | ७(ख) | ८९८ | ०-०-९¾ |
| ,, | ,, | ,, | ,, | ९०० | ०-०-१०¼ |
| ,, | ,, | ,, | ,, | ७९५ | ०-५-७ |
| ,, | ,, | ,, | ,, | ८१० | ०-२-५¾ |
| ,, | ,, | ,, | ,, | ८१३ | ०-१-११¾ |
| ,, | ,, | ,, | ,, | ५०९ | ०-१-० |
| ,, | ,, | ,, | ,, | ५१७ | ०-०-१० |
| ,, | ,, | ,, | ५ | ८४२ | ०-१-९ |
| ,, | ,, | ,, | ४(क) | ३७१ | ०-१-० |
| ,, | ,, | ,, | ४(क) | ३७३ | ०-०-११½.... |
| ,, | ,, | ,, | ४(क) | ४०० | ०-२-१० |
| ,, | ,, | ,, | ४(क) | १९१ | ०-२-११ |
| ,, | ,, | ,, | ७(ख) | ९९४ | ०-३-० |
| ,, | ,, | वविया | १(क) | २५५ | ०-१-१० |
| ,, | ,, | वविया | १(क) | २९७ | ०-१-१० |
| ,, | ,, | रामनगर भुटाहा | ७(क) | ७६५ | ०-१-९½.. |
| ,, | ,, | ,, | ६ | ४३५ | ०-४-२ |
| ,, | ,, | ,, | २ | १०२५ | ०-१-१० |
| ,, | ,, | नरिसंह टप्पु | ३(ख) | १८८ | ०-२-० |

| | | | | | |
|---|---|---|---|---|---|
| ,, | ,, | ,, | ५(क) | २२९ | ०-४-१९ |
| ,, | ,, | ,, | ५(ख) | ४३३ | ०-७-१० |
| ,, | ,, | ,, | ५(ख) | ४३२ | ०-७-१० |
| ,, | ,, | हरिनगरा | ६(क) | ७१८ | ०-०-१४ |
| ,, | ,, | घुस्की | ९(ख) | १३०९ | ०-३-० |
| जसोदादेवी वोथरा(चेतनलालकोपत्नी) | ,, | रामनगरभुटाहा | ,, | ८७ | ०-१३-१४ |
| ,, | ,, | ,, | ,, | ७७२ | ०-२-१० |
| ,, | ,, | नरसिंह | ८(क) | ४६३ | ०-७-९ |
| ,, | ,, | रामनगरभुटाहा | ६ | ५१ | ०-२-७½ |
| समतादेवी(चेतनलालको बुहारी) | ,, | अमाहीवेलहा | ६(ख) | २८४ | ०-१२-१९½ |
| ,, | ,, | भोक्राहा | ५(घ) | ७३८ | ०-०-५½ |
| ,, | ,, | ,, | ,, | ७४० | ०-०-१० |
| ,, | ,, | ,, | ,, | ७४२ | ०-०-६ |
| ,, | ,, | ,, | ,, | ७५६ | ०-२-१५ |
| ,, | ,, | जल्पापुर | ७(क) | ६०० | ०-१-० |
| समतादेवी(चेतनलालको बुहारी) | सुनसरी | नरसिंह | ७(ग) | ५६८ | ०-१४-५ |
| ,, | ,, | ,, | ,, | ७०५ | ०-७-१६ |
| ,, | ,, | ,, | ६(क) | ७९४ | ०-४-२ |
| ,, | ,, | रामनगरभुटाहा | ८(ख) | ३६० | ०-५-७¼ |
| ,, | ,, | ,, | ७(क) | १७ | ०-३-१० |
| ,, | ,, | हरिनगरा | ६(क) | ९० | ०-११-६ |
| ,, | ,, | ,, | ६(क) | ९३ | ०-२-१०½ |
| ,, | ,, | ,, | ६(क) | ८४५ | ०-६-० |
| ,, | ,, | ,, | ६(क) | ९९ | ०-१-१६ |
| ,, | ,, | घुस्की | ९(क) | ३३३ | ०-८-१७½ |
| ,, | ,, | ,, | १(ग) | ७६० | ०-३-७ |
| ,, | ,, | ,, | ७(ख) | ४०९ | ०-१-७ |
| ,, | ,, | ,, | ,, | ६२५ | ०-०-८½ |

| | | | | | |
|---|---|---|---|---|---|
| ,, | ,, | बसन्तपुर | ७(क) | ६०७ | ०-३-१०½ |
| ,, | ,, | ,, | ,, | ६०९ | ०-१-१० |
| ,, | ,, | हरिनगरा | ५ | ८ | ०-३-८ |
| ,, | ,, | ,, | ,, | २९१ | ०-०-१२ |
| ,, | ,, | भोक्राहा | ४(क) | ७०३ | ०-२-१३ |
| चन्दनकुमार वोथरा(चेतनलालको छोरा) | ,, | रामनगरभुटाहा | ३ | ४३२ | ०-१-११ |
| ,, | ,, | हरिनगरा | ५ | ८०५ | ०-०-१० |
| ,, | ,, | हरिनगरा | ५ | ७७६ | ०-०-१० |
| ,, | ,, | हरिनगरा | ५ | ६३५ | ०-०-१० |
| ,, | ,, | बसन्तपुर | ८(क) | ३१३ | ०-१-१३ |
| ,, | ,, | बसन्तपुर | ८(क) | ३१६ | ०-१-१४ |
| ,, | ,, | बसन्तपुर | ८(क) | ३१४ | ०-१-१३ |
| ,, | ,, | डुम्राहा | २(ख) | ४७४ | ०-३-१० |
| ,, | ,, | बसन्तपुर | ७(ख) | ३१६ | ०-६-१३½ |
| ,, | ,, | बसन्तपुर | ७(ख) | १२४ | ०-०-१३ |
| ,, | ,, | जल्पापुर | ८(ख) | ६८ | ०-०-१५ |
| ,, | ,, | सत्तेरझोरा | ५(क) | ४०१ | ०-१-१० |
| ,, | ,, | नरसिंह | ५(ख) | १९ | ०-६-१ |
| ,, | ,, | नरसिंह | ९(क) | २५९ | ०-४-१० |

फिराद साथ राखेको कोर्ट फी रु.२००।- नपुग कोर्ट फी रु.१४०३०।- समेत जम्मा रु.१४२३०।- प्रतिवादीबाट भराइपाउँ भनी मुद्दाको अन्तिम किनारा भएपछि प्रतिवादी लुनकरण वोथरा बाहेक अन्य प्रतिवादीहरूको यसै सरहदको जेथा देखाई कोर्ट फी ऐन, २०१७ को दफा १५(११) को म्यादभित्र वादीले दरखास्त दिएमा केही दस्तुर नलिई वादीलाई भराइदिनू..............२

यस अदालतको इन्साफमा चित्त नबुझे ३५ दिन म्यादभित्र श्री पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्न प्रतिवादी बाबुलाल वोथरा, चेतनलाल वोथरा, सुभाषचन्द्र वोथरा, गोखुलचन्द्र वोथरा र सूर्यकिरण वोथरालाई र वादीलाई अ.वं. १९३ नं.बमोजिम पुनरावेदनको म्याद दिनू.....................३

सरोकारवालाले नक्कल माग गर्न आए कानूनबमोजिम लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू.........४

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू...............................५

जिल्ला न्यायाधीश

यो पाना १६ को फैसला माननीय जि.न्या. ज्यू (अर्जुनप्रसाद कोइराला)
बाट बोली टिपाएबमोजिम लेख्ने जिल्ला न्यायाधीश
ना. सु. पुरुषोतम नेपाल फाट नं. २
कम्प्युटर दीपक महतो

**इति संवत् २०७३ साल जेष्ठ १७ गते रोज २ शुभम......................**

**श्री काठमाडौं जिल्ला अदालत**

**इजलास**

**जिल्ला न्यायाधीश श्री उमेश कोइराला**

**फैसला**

**मुद्दा नं.०७२-PC-११४३**

**नि.नं.:३१७**

**मुद्दा : गाली बेइज्जती।**

**दायरी मितिः२०७२।०६।१८**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| बाबुराम शर्मा सापकोटाको बुहारी स्व. लक्ष्मीनाथ सापकोटाको पत्नी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२ स्थित हरिमुक्तेश्वर महादेव मन्दिरको पुजारी सरस्वती सापकोटा.......१ | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२ टंगाल, डण्डिबाबा मार्ग बस्ने डा. मोइन शाह.......................................१<br>ऐ.ऐ. बस्ने डा. मोइन शाहको श्रीमती डा.प्रेमु शाह..............................................२ |

अदालतबाट बुझेको

साक्षीः-

कागजः-

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ एवम् मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं. ले यसै अदालतको अधिकार क्षेत्रभित्रको भई दायर हुन् आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ-

**तथ्य खण्ड**

**फिराद मागदाबी**

म फिरादी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २ टंगालमा रहेको हरिमुक्तेश्वर महादेवको दैनिक पूजा तथा मन्दिरको सरसफाइ र सुरक्षासमेत गर्दै आएकी छु। काठमाडौं महानगरपालिकामा म फिरादी वादी र विपक्षीहरू प्रतिवादी भएको धार्मिक तथा सांस्कृतिक महत्त्वको हरिमुक्तेश्वर महादेवको मन्दिर परिसर तथा सोमा आवत जावत गर्ने बाटोको संरक्षण गरिपाउँ भन्ने मुद्दामा म निवेदकले मिति २०७२।४।२४ मा मिसिल संलग्न कागजातहरूको नक्कल सारी हेर्दा विपक्षीहरूले मिति २०७२।१।३० मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा शान्ति सुरक्षा गरिपाउँ भनी निवेदन दिनुभएको थाहा पाएँ। उक्त निवेदनको प्रकरण नं.२ को पहिलो लाईनदेखी छैठौं लाईनसम्म विपक्षीहरूले म फिरादी र मेरा छोराछोरीहरूलाई सम्बोधन गरी "मन्दिरको लालपुर्जावालाले अशिक्षित, असभ्य र मानसिक सन्तुलन नभएकी महिला श्रीमती सरस्वती

सापकोटालाई मन्दिरको सेवाको लागि सो खाली जग्गामा कोठाहरू बनाएर राखेको रहेछ" र "सो महिलालाई पाटन मानसिक अस्पतालमा लगी इलाज उद्धार आजसम्म कसैले गरेको छैन" भन्ने बेहोरा उल्लेख गरी जानाजान मेरो इज्जतमा धक्का पुर्‍याई लिखित रूपमै गाली र बेइज्जती गर्ने कार्य गर्नुभएको छ। विपक्षी प्रतिवादीहरूले गाली बेइज्जती ऐन, २०१६ को दफा ३ को उपदफा (२क), (३) र दफा ८बमोजिम कसुर अपराध गरेकाले निज विपक्षीहरूलाई ऐ. ऐनको दफा ५बमोजिम हदैसम्मको सजाय गरी ऐ. ऐनको दफा १२बमोजिम क्षतिपूर्तिसमेत निज विपक्षीहरूबाटै दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको फिराद मागदाबी।

**प्रतिउत्तर पत्र**

हामीहरू प्रतिष्ठित चिकित्सकहरू हौं। विपक्षी वादीले हामीलाई दिनहुँ निकृष्ट शब्दावली प्रयोग गरी गालीगलौज गर्दा पनि निजलाई उपचारको आवश्यकता परेको बिमार व्यक्ति भन्ने बुझेरै निज विरुद्ध कुनै मुद्दा दायर नगरेका हौं। निजको चरम परपीडक स्वभाव स्वयंमा सन्तुलित व्यवहार नभएकाले निजको दक्ष मनोचिकित्सकबाट परीक्षण भई उपचार हुन् सकेमा हामी सबैको भलो हुने थियो। अशिक्षित, असभ्य र मानसिक सन्तुलन नभएकी भन्ने शब्दावलीले स्वयंमा कसैको बेइज्जती भएको मान्न मिल्दैन। निजको चरित्र हत्या गर्ने र निजमाथि अनुचित लाञ्छना लगाउने हाम्रो नियत होइन। विपक्षीकै हित अनुकूलको आफ्नो विचार प्रकट गरेको कार्य गाली बेइज्जतीपूर्ण कार्य हुन् सक्तैन। फिराद खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरू डा. मोइन शाह र डा. प्रेमु शाहको संयुक्त प्रतिउत्तर पत्र।

**बकपत्र**

- मेरो आमाको मानसिक अवस्था ठीक छ। विपक्षीहरूले जहिले पनि हामीलाई विभिन्न गाली गलौज गरिरहनुहुन्थ्यो। प्रतिवादीहरूले गाली बेइज्जती गरेका हुन् भन्नेसमेत बेहोराको वादीका साक्षी शिवराम सापकोटाले गरेको बकपत्र।
- प्रतिवादीले वादी दाबीबमोजिम गाली बेइज्जती गरेको होइन। प्रतिवादीहरू गाली बेइज्जती गर्ने खालका मानिस होइनन् भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी कमला बरालको बकपत्र।

## ठहर खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन् आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट रहनुभएका विद्वान् अधिवक्ताद्वय श्री शालिकराम आचार्य तथा श्री रत्नकुमारी श्रेष्ठले र प्रतिवादीतर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री हेमकुमार श्रेष्ठले गर्नुभएको बहससमेत सुनियो।

विद्वान् कानून व्यवसायीको बहस सुनी फिराद तथा प्रतिउत्तर पत्रलगायतका सम्बद्ध कागजात अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा प्रतिवादीहरूले वादीको अपमान हुने गरी लिखित रूपमा बेइज्जती गरेका हुन् होइनन् ? यदि गरेका हुन् भने प्रतिवादीहरूलाई के कति सजाय हुनुपर्ने हो ? भन्नेसम्बन्धमा विवेचना गरी न्याय निरूपण गरिनु पर्ने भएको छ।

निर्णयतर्फ विचार गर्दा वादीले मुख्यतः आफ्नो विरुद्धमा अशिक्षित, असभ्य र मानसिक सन्तुलन नभएकी महिला भन्दै सो महिलालाई मानसिक अस्पतालमा लगी इलाज उद्दार कसैले नगरेको भन्नेसमेतको बेहोरा उल्लेख गरी प्रतिवादीहरूले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएबाट आफ्नो लिखित बेइज्जती भएकाले प्रतिवादीहरूलाई गाली र बेइज्जती ऐन, २०१६ को दफा ५बमोजिम हदैसम्म सजाय गरी ऐ. ऐनको दफा १२बमोजिम क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भनी दाबी लिएको देखिन्छ। मन्दिरको रेखदेखका लागि राखिएका वादी पक्षले आफूहरूलाई निरन्तर रूपमा अपशब्द प्रयोग गरी आफूहरूलाई मानसिक यातना दिने, भत्केको पर्खालसमेत बनाउन अवरोध गर्ने गरेकाले बाध्य भई शान्ति सुरक्षाका लागि निवेदन पेस गरेको भन्दै निजको स्वास्थ्य अवस्थालाई विचार गरी निजलाई अस्पतालमा लगी उपचार उद्दार गर्नुपर्ने भनी स्वाभाविक र सहज चिन्ता, चासो र सद्भावलाई अन्यथा भन्न नमिल्ने, निजको चरित्र हत्या गर्ने र निजमाथि लाञ्छना लगाउने आफूहरूको नियत नरहेको र असल नियतले विचार प्रकट गरिएको कार्यबाट बेइज्जत नहुने भनी प्रतिवाद गरेको अवस्था छ।

प्रतिवादीहरूले वादीबाट असुरक्षा भएको भनी जिल्ला प्रशासन कार्यालयमा मिति २०७२।१।३० मा दिइएको निवेदनमा वादीप्रति लक्षित गरी एक जना अशिक्षित, असभ्य र मानसिक सन्तुलन नभएकी महिला भन्दै निजलाई पाटन मानसिक अस्पताल लगी इलाजद्वारा उद्धार कसैले गरेको छैन भन्नेसमेतको बेहोरा उल्लेख गरिएको देखिन्छ। फिराद साथ पेस गरिएको उक्त निवेदनका सम्बन्धमा प्रतिवादीहरूले पनि अन्यथा जिकिर लिएको अवस्था नहुँदा त्यससम्बन्धमा थप बुझ्नु पर्ने र विवेचना गर्नुपर्ने अवस्था देखिँदैन। प्रतिवादीहरूले वादीको चरित्र हत्या गर्ने र निजमाथि लाञ्छना लगाउने आफूहरूको नियत नरहेको भनी प्रतिवाद गरे पनि त्यसरी आफूलाई अशिक्षित, असभ्य र मानसिक सन्तुलन नभएकी भनी अस्पतालमा लगी इलाज गर्नुपर्ने भनी साधिकार निकायमा दिइएको निवेदनमा उल्लेख गरिएको बेहोराले आफ्नो बेइज्जती भएको भनी दाबी लिएको अवस्था हुँदा प्रतिवादीले उल्लेख गरेको बेहोराले वादीको बेइज्जत भएको मानिने अवस्था रहे नरहेको भन्ने नै प्रस्तुत मुद्दाको मुख्य विचारणीय विषय बनेको छ।

प्रतिवादीहरूले उक्त निवेदनको बचाउ गर्दै निजको चरित्र हत्या गर्ने र निजमाथि लाञ्छना लगाउने आफूहरूको नियत नरहेको र असल नियतले विचार प्रकट गरिएको कार्यबाट बेइज्जत नहुने भनी जिकिर लिए पनि प्रतिउत्तर पत्रमा छिमेकमा रहेको मन्दिरमा बस्ने वादीले गर्दै आएको अकल्पनीय र अस्वाभाविक व्यवहारको कारणबाट निजको स्थितिवारे चिकित्सकको हैसियतले आफूहरूलाई चिन्ता लाग्नु स्वाभाविकै भएको, निज वादीको मस्तिष्कमा Illusion, Hallucination। Delusion छ, छैन, Schizophrenia को चिह्न छ, छैन, Personality कस्तो छ, Obsessive छ, छैन आदि पक्षको दक्ष मनोचिकित्सकबाट परीक्षण हुन् सकेमा निजलगायत आफूहरूको समेत भलो हुने कुरामा सन्देह नभएकाले निवेदन गरिएको भनी उल्लेख गरिएको छ। त्यसरी प्रतिवादीउपर वादी वा अन्य कसैबाट असुरक्षाको महसुस भएमा शान्ति सुरक्षा कायम गर्ने साधिकार निकाय जिल्ला प्रशासन

कार्यालयमा निवेदन दिन सकिने नै हुन्छ। तर त्यस्तो निवेदनमा कसैको व्यक्तिगत मान, प्रतिष्ठा, व्यक्तित्व, मानसिक अवस्थासमेतका बारेमा निराधार टिप्पणी गर्न मिल्दैन। प्रतिवादीहरूले आफूलाई शल्य चिकित्सकका रूपमा प्रस्तुत गर्दै चिकित्सकको हैसियतबाट वादीको भलो गर्ने नियतले निजको स्वास्थ्य परीक्षण हुनुपर्ने आग्रह गरेको बताए पनि निजहरूले जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दिएको निवेदन र प्रस्तुत मुद्दाका सन्दर्भमा फिराएको प्रतिउत्तरपत्र मिहीन रूपमा अध्ययन गर्दा त्यस्तो सदाशय झल्कँदैन।

आफूहरूलाई प्रतिष्ठित चिकित्सक भनी प्रतिष्ठित र उच्च हैसियतमा प्रस्तुत गर्दै वादीका प्रति अशिक्षित, असभ्य जस्ता शब्दावलीको प्रयोग गरी निजलाई होच्याउने नियत राखिएको भन्ने देखिएको छ। त्यसका अतिरिक्त वादीको मानसिक स्वास्थ्यका सम्बन्धमा टिप्पणी गरी निजलाई मानसिक अस्पतालमा लगी उपचार गर्नु पर्नेसम्मको बेहोरा उल्लेख गर्ने अधिकार यी प्रतिवादीहरूलाई रहेको मान्न सकिँदैन। सामान्य स्वास्थ्य अवस्थाकी वादीका हकमा निजको मस्तिष्कमा Illusion, Hallucination र Delusion छ, छैन, Schizophrenia को चिह्न छ, छैन, Personality कस्तो छ, Obsessive छ, छैन भन्ने परीक्षण हुनुपर्ने भनी लिइएको जिकिरलाई वादीप्रति चिन्ता र चासो व्यक्त भएको भन्ने रूपमा ग्रहण गर्न सकिँदैन। वादीले चिकित्सकको हैसियतले त्यस्तो चिन्ता लाग्नु स्वाभाविकै भएको भने पनि प्रतिवादीहरूको अभिव्यक्तिमा चिन्ता र चासोभन्दा पनि वादीलाई मानसिक रोगीका रूपमा चित्रण गर्ने र बलात् सो तथ्य स्थापित गर्ने नियत राखिएको देखिन्छ।

निज प्रतिवादीको उक्त क्रियालाई विद्यमान कानूनी व्यवस्थाको सापेक्षतामा हेर्दा गाली र बेइज्जती ऐन, २०१६ को दफा ३ मा ***कसैले अरू कुनै व्यक्तिको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्ला भन्ने जानी जानी वा विश्वास गर्ने कारण भई लेखेर वा वचनले वा सङ्केतले वा बुझिने गरी आकार चिह्नद्वारा सो व्यक्तिलाई कुनै दोष लगाएमा वा त्यस्तो कुरा प्रकाशित गरेमा निजले सो व्यक्तिको बेइज्जती गरेको मानिने*** भनी परिभाषित गरिएको छ। सोही दफाको स्पष्टीकरण खण्ड (२क) मा ***जानाजान कसैको चरित्र हत्या गर्न वा अनुचित लाञ्छना लगाउने नियतले दोष लगाएमा वा प्रचार प्रसार गरेमा बेइज्जती गरेको ठहर्न सक्नेछ*** भन्ने र खण्ड (३) मा ***कसैले अरू कुनै व्यक्तिलाई सोझै वा घुमाउरो तवरले अरूको दृष्टिमा निजको नैतिक वा बौद्धिक चरित्र वा जात वा पेसासम्बन्धी चरित्र वा ख्यातिलाई होच्याउने गरी, वा निजको शरीर घृणित अवस्थामा वा सामान्यतः अपमानित सम्झिइने अवस्थामा छ भन्ने विश्वास पर्ने गरी दोष नलगाएसम्म निजको इज्जतमा धक्का पुऱ्याएको मानिने छैन*** भन्ने व्यवस्था रहेकोपाइन्छ। उल्लिखित कानूनी व्यवस्था र प्रस्तुत मुद्दामा यी वादीलाई लक्षित गरी आएको प्रतिवादीको अभिव्यक्तिलाई दाँजेर हेर्दा प्रतिवादीको सो अभिव्यक्ति आपत्तिजनक र कानून प्रतिकूल देखिन आउँछ। प्रतिवादीहरू जस्ता सुशिक्षित र चिकित्सा क्षेत्रका अगुवा व्यक्तित्वले मन्दिरमा पूजा आरती चलाएर आफ्नो जीविकोपार्जन गर्दै आएकी एकल महिलाप्रति त्यस हदसम्मको अभिव्यक्ति दिनु आफैंमा शोभनीय देखिँदैन। न त कसैको व्यक्तिगत जीवनमा चियाएर त्यसरी आक्षेप लगाउन कानूनले नै अनुमति दिन्छ। तसर्थ निज प्रतिवादीले यी वादीलाई लिखित रूपमै असभ्य र मानसिक सन्तुलन नभएकी भन्ने बेहोरा उल्लेख गरेको र प्रतिउत्तर पत्रमा समेत चरम परपीडक

स्वभाव स्वयंमा सन्तुलित व्यवहार नभएको भनेबाट प्रतिवादीको सो क्रियाले यी वादीको बेइज्जती भएको पुष्टि हुन् आयो।

माथि गरिएको विश्लेषणबाट प्रतिवादीले वादीको बेइज्जती गरेको देखिएको हुँदा अब निज प्रतिवादीहरूलाई हुनुपर्ने सजायका सम्बन्धमा विचार गरौं। गाली र बेइज्जती ऐनको दफा ५ मा कसैको बेइज्जती गरेमा जरिवाना र कैदसमेत हुने व्यवस्था गरिएको छ। प्रतिवादीहरूले वादीको इज्जत, प्रतिष्ठा, व्यक्तित्व र मानसिक स्वास्थ्यका बारेमा प्रश्न उठाएर निजलाई अपमानित हुने गरी लिखित रूपमा आरोप लगाएको हुँदा प्रतिवादीहरूको कसुर गम्भीर देखिएको छ। एकल महिलालाई अपमानित गर्ने, बेइज्जत हुने र समाजका अन्य व्यक्तिहरूमा समेत निज प्रति नकारात्मक भाव पैदा गर्ने गरी अभिव्यक्ती दिने कार्यलाई दण्डित गरिनुपर्दछ। अन्यथा समाजमा त्यसको प्रभाव परिरहन्छ र त्यसको पुनरावृत्ति भैरहन्छ। यी प्रतिवादीहरूले लिखित रूपमा अभिव्यक्त गरेका कुराले वादीको मानमर्दन र बेइज्जती हुने भएकाले निज प्रतिवादीहरूलाई आर्थिक दण्ड जरिवाना गर्दा न्यायको उद्देश्य पूरा हुने देखियो। तसर्थ प्रतिवादीहरू डा. मोइन शाह र डा. प्रेमु शाहलाई गाली र बेइज्जती ऐनको दफा ५बमोजिम जनही रु.२,०००।- (दुई हजार रुपैंया) जरिवाना हुने ठहर्छ।

प्रस्तुत मुद्दामा वादीले आफूप्रति भएको बेइज्जतीका लागि प्रतिवादीबाट क्षतिपूर्तिसमेतको दाबी लिएकी छन्। ऐनको दफा १२ मा कसैले कसैलाई गाली वा बेइज्जती गरिएको ठहरिएमा गाली वा बेइज्जती गरिएको व्यक्तिलाई निजको सामाजिक प्रतिष्ठा र इज्जतसमेतलाई विचार गरी मनासिब माफिकको रकम क्षतिपूर्तिको रूपमा भराइदिनेसमेतको व्यवस्था गरिएको पाइन्छ। प्रतिवादीले असभ्य र मानसिक सन्तुलन नभएकी भन्ने जस्ता शब्दहरूको प्रयोग गरी वादीको इज्जत, प्रतिष्ठा र भावनामा चोट पुग्ने गरी आरोपित गरेको देखिँदा सो क्रिया गम्भीर प्रकृतिको देखिन्छ। उल्लिखित परिप्रेक्ष्यमा त्यसबाट वादीलाई पर्न गएको मानसिक चोटको वास्तविक क्षतिपूर्ति सम्भव नै देखिँदैन। तर सांकेतिक रूपमै भएपनि आर्थिक क्षतिपूर्तिको माध्यमबाट पीडित पक्षलाई आश्वस्त तुल्याउनु कानूनको उद्देश्य रहेको देखिन्छ।

तसर्थ वादी सरस्वती सापकोटालाई प्रतिवादीहरूबाट लिखित रूपमा गरिएको बेइज्जती बापत क्षतिपूर्ति भराउनु मनासिब देखिएको हुँदा प्रस्तुत मुद्दाको समग्र तथ्यसमेतका आधारमा गाली र बेइज्जती ऐनको दफा १२अनुसार यी वादीले प्रतिवादीहरूबाट रु.५०,०००।- क्षतिपूर्ति स्वरूप भरी पाउने ठर्हछ।

सो ठहर्नाले अरूमा तपसिलबमोजिम गर्नू।

<u>तपसिल</u>

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरूलाई गाली र बेइज्जती ऐन, २०१६ को दफा ५बमोजिम जनही रु.२०००।- (दुई हजार रुपैंया) जरिवाना हुने ठहरेकाले उक्त जरिवानाको लगत कसी असुल उपर गर्नू..........................................................................................१

माथि इन्साफ खण्डमा लेखिएबमोजिम गाली र बेइज्जती ऐन, २०१६ को दफा १२बमोजिम प्रतिवादीहरूबाट वादीले रु.५०,०००।- क्षतिपूर्तिबापत भरी पाउने ठहरेकाले मुलुकी ऐन, दण्डसजायको ४२ नं. का म्यादभित्र प्रतिवादीको यसै सरहदको जायजेथा देखाई वादीले दरखास्त दिएँ कानूनको रीत पुऱ्याई देहायबमोजिम वादीलाई भराइदिनू.....................................................२

देहाय

- प्रतिवादी डा.मोइन शाहबाट रु. २५,०००।-
- प्रतिवादी डा.प्रेमु शाहबाट रु. २५,०००।-

प्रतिवादीहरूलाई यो इन्साफमा चित्त नबुझे ३५ दिनभित्र पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्न जानु भनी मुलुकी ऐन, अदालती बन्दोबस्तको १९३ नं.बमोजिम पुनरावेदनको म्याद दिनू............३

सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल मागे कानूनको रीत पुऱ्याई सारी सराइदिनू....................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला अपलोड गरी मिसिल नियमबमोजिम अभिलेख शाखामा बुझाइदिनू..................................................................................................५

**जिल्ला न्यायाधीश**

कम्प्युटर टाइप गर्नेः डि. सौरभ न्यौपाने
फाँटवालाः ना.सु.दुर्गाबहादुर कार्की (फाँट नं. २८)

**इति संवत् २०७२ साल माघ ७ गते रोज ५ शुभम्.......................................।**

**श्री काठमाडौं जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री ऋषिकेश वाग्ले**

**फैसला**

**मु.नं.:-०७२-cp-०५७१**

**मुद्दाः-करारबमोजिम गराइपाउँ।**

(यसै मुद्दासँग लगाउमा रही आजै फैसला भएका मुद्दाहरुः- ०७२-cp-०५७२ र ०७२-pc-०६२६)

**नि.नं.-२८९**

(फाँट-१६)

**वादीको नाम, थर, वतनः-**

सुरेन्द्रबहादुर बस्नेतकी बुहारी रामबहादुर खत्रीकी छोरी केशवबहादुर बस्नेतकी श्रीमती काठमाडौं जिल्ला सेतीदेवी गा. वि. स. वडा नं. ३ बस्ने गायत्री बस्नेत.............................१

साक्षीः-।

कागजः-

**प्रतिवादीको नाम, थर, वतनः-**

नारायण खत्रीको नाति नानीबाबु खत्रीको छोरा काठमाडौं जिल्ला सेतीदेवी गा. वि. स. वडा नं. २ भञ्ज्याङ्गको हाल दक्षिणकाली नगरपालिका वडा नं. ४ बस्ने बस्ने दयाराम के.सी.(खत्री) ..................................१

नानीवाबु खत्रीको बुहारी सुदर्शन के.सी की श्रीमती ऐ. ऐ. बस्ने भगवती खतिवडा(के.सी.)...............................१

साक्षीः-।

कागजः-

अदालतबाट बुझेकोः

वादीको साक्षीः-

प्रतिवादीको साक्षीः-

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.वं. २९ नं. समेतले यो मुद्दा यसै अदालतको क्षेत्राधिकारभित्रको देखियो। प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य टिपोट र ठहर निम्नानुसार उल्लेख गरिएको छ।

**तथ्य टिपोट खण्ड**

१. विपक्षीहरूका बाबु तथा ससुरा नानीबाबु खत्रीले म फिरादीसँग कृषि विकास बैंक र साझाको पुरानो ऋण तिर्न भनी मिति २०४५।१०।१५ गतेका दिन नगद रु. १८,०००। —(अक्षरेपी अठार हजार) लिनुभएको थियो। निज नानीवाबु खत्रीले अरू कसैलाई राजीनामा केही गरी नदिएको, एकलौटी हकभोगको पूर्व गणेशबहादुर खत्रीको बारी, पश्चिम गणेशबहादुर खत्रीकै

बारी, दक्षिण यसै कित्तामध्येको बाँकी रामबहादुर खत्रीको बारी, उत्तर मूल बाटो यति ४ किल्लाभित्रको सोखेल गाउँ पञ्चायत वडा नं. २(क) कि.नं. २ क्षेत्रफल रोपनी २-९-० मध्येबाट रोपनी उत्तरतर्फको १-३-२-० जग्गा सो रुपैयाँमा म फिरादीलाई बिक्री गरी घरसारको कागज गरिदिनुभएको थियो। लिखतमा हाल सो जग्गा आफ्नो नाउँमा ज.ध.द. प्रमाण पुर्जा लिन बाँकी भएकामा जग्गाधनी दर्ता प्रमाण पुर्जा प्रमाणित गरी ऐनका म्यादभित्र कागज रजिस्ट्रेसन पारित गरिदिने सर्तसमेत उल्लेख गरिदिनुभएको थियो। तत्पश्चात् सो जग्गा निरन्तर रूपमा मैले भोगचलन गरी आएकी छु। तर सो जग्गाको धनी पुर्जा लिन नपाउँदै निज जग्गा दाता नानीबाबु खत्री र सो लिखतका रोहवर साक्षी निज नानीवाबु खत्रीकै जेठा छोरा सुदर्शन खत्रीको समेत परलोक भयो। यसरी उक्त विवादित सोखेल गा. वि.स. वडा नं. २(क) को कि.नं. २ क्षे.फ. २-९-०-० मध्येबाट कित्ता काट गरी कायम भएको कि.नं. १७६ क्षे.फ. १-०-२-३ जग्गा सुदर्शन खत्री जीवित छँदै निज र निजका भाइ दयारामसमेत भई मिति २०५४।१०।२ गतेका दिन जग्गा दर्ता समस्या समाधान समिति फर्पिङ्ग काठमाडौंमा हकदाबी छाडिदिएको कारणबाट निजहरूकै काका नाताका रामबहादुर खत्रीको नाममा दर्ता हुन् गएको रहेछ। सो साबिक कि.नं. २ क्षे.फ. २-९-०-० मध्येबाट बाँकी रहेको कि.नं. १७७ क्षे.फ. १-७-०-० जग्गा विपक्षी दयाराम र म फिरादीले आफ्ना नाउँमा दर्ता गर्न सो समितिमा छुट्टाछुट्टै निवेदन गरेका थियौं। सो समितिले उक्त जग्गामा तेरो मेरोसम्बन्धी प्रश्न उठेको भन्दै मिसिल सहित मा.पो.का. कलंकीमा हाजिर हुन् मसमेतलाई पठाएकोले मा.पो.का. कलंकीले मुद्दाको पुर्पक्षकै क्रममा मिति २०६४।४।१ देखी जग्गा दर्ताको काम बन्द भएको भनी मिसिल तामेलीमा राखिदियो। पछि कारबाही हुँदा मेरो २०४५ सालको लिखतबाट हक स्थापित भई रहेको र सोही वर्षदेखी हालसम्म निरन्तर भोग भइरहेको तथ्यलाई समेत बेवास्ता गरी मा.पो.का. कलंकीबाट मिति २०७१।५।२९ गते विपक्षीहरूकै नाउँमा ज.ध.द.प्र. पुर्जा दिने निर्णय भयो। विपक्षीहरूले आ-आफ्नो नाउँमा जग्गा दर्ता पुर्जा बनाइसकेपछि पनि निज विपक्षीहरूका पिता। ससुराले २०४५ सालमा गरिदिएको लिखत करारबमोजिम मेरो नाउँमा जग्गा रजिस्ट्रेसन पारितगरी नदिएको हुँदा निजहरूलाई झिकाई जो बुझ्नुपर्छ बुझी सो जग्गा मेरो नाउँमा पारित गरी दा.खा. दर्ता गरिपाउँ भन्ने बेहोराको फिराद दाबी।

२. विपक्षी वादी र मेरा पिता नानीबाबु खत्रीबीच तत्कालीन करार ऐन, २०२३ बमोजिम करारनामा कागज भएकै छैन। मिति २०४५।१०।१५ गतेको लिखतमा दुवै पक्षको सहिछाप नै छैन। जुन लिखतमा सोखेल गाउँ पञ्चायत वडा नं. २(क) कि.नं. २ क्षे.फ. मध्ये १-३-२-० उत्तरतर्फ भनिए तापनि सो जग्गा तत्कालीन अवस्थामा दर्ता भएकै छैन। घरायसी कागजको आधारमा करारबमोजिम दा.खा. दर्ता गरिपाउँ भनी फिराद दिएकोमा उक्त फिराद झुठा, गैरकानूनी तथा मु.ऐ., रजिस्ट्रेसनको महलको १, ५, ६ र ८ को विपरीत छ। यसर्थ आफ्नो नाममा एकलौटी दर्ता गरिपाउँ भनी निवेदन दिने विपक्षीको नाममा दर्ता नगरी हाम्रो नाममा दर्ता हुने गरी मिति २०७१।५।२९ गते निर्णय भइसकेपछि हाल आएर सो निर्णय स्वीकार गर्दै पुनः करारबमोजिम जग्गा पारित गरी दा.खा. गरिपाउँ भनी दिएको फिराद प्रमाण ऐन, २०३१ को

दफा ३४, अ.वं. ८२ नं. ले हकदैया विहीन हुँदा फिराद खारेज गरिपाउँ भन्ने बेहोराको दयाराम के.सी. खत्रीको प्रतिउत्तर।

३. विपक्षीले आफ्नो फिरादमा २०४५ सालमा मेरो ससुराले कागज गरिदिनुभएको भनी उल्लेख गर्नुभएको छ। सो कागज के कस्तो बेहोराको हो भन्ने कुरा सक्कल कागज देख्न सुन्न पाएका बखत अ.बं. ७८ नं.बमोजिम बयान गर्नेछु। विपक्षी वादीले दाबी लिएको जस्तो कुनै पनि व्यवहार विपक्षीसँग मेरा ससुराको भएको सम्बन्धमा मलाई कुनै जानकारी छैन। विपक्षीको दाबी केवल म प्रतिवादीसमेतलाई दुःख दिने नियतले ओतप्रोत भई सम्मानित अदालतसमक्ष आएको र अस्पष्ट दाबी लिई म प्रतिवादी एकल विधवा असहाय महिलालाई दुःख दिने नियत लिई झुठा दाबी लिने वादीको दाबी खारेज गरी निज वादीलाई सजायसमेत गरिपाउँ भन्ने बेहोराको भगवती खतिवडा के.सी.को प्रतिउत्तर।

४. यसमा दाबीको सक्कल सर्त कागज वादीबाट दाखिला गराई प्रतिवादीलाई देखाई सुनाई अ.बं. ७८ नं. को प्रक्रिया पूरा गरी नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७२।७।३० गतेको आदेश।

५. यस अदालतको आदेशानुसारको वादीबाट पेस भएको सक्कलै सर्त कागज बन्दी खाम मिसिल सामेल रहेको।

६. यिनै वादी प्रतिवादी भएको दे.नं. २०८३ को दु. लि. बदरसमेत मुद्दा मुल्तवीबाट जगाई बाँकी काम कारबाही गर्ने गरी प्रस्तुत मुद्दा मिति २०७२।१।२८ गते मुल्तवी रहेकोमा मिति २०७२।५।९ गते मुल्तवी जगाई मुद्दा दायरीमा दर्ता भएको।

७. वादीले पेस गरेको कागजको बारेमा मलाई थाहा भएन, आजै अदालतमा पढी सुनाउँदा मात्र थाहा पाएकी हुँ ससुरा नानीबाबुले पनि मसँग कागज गरे नगरेको कुरा गर्नु भएन भनी प्रतिवादी भगवती खतिवडाले गरेको अ.बं. ७८ नं.बमोजिम गरेको बयान मिसिल सामेल रहेको।

८. वादीले पेस गरेको कागजको बेहोरा, सहिछाप के कसो हो मलाई थाहा छैन भनी प्रतिवादी दयाराम के.सी का वारेस सुवर्ण रंजितले गरेको बयान मिसिल सामेल रहेको।

## ठहर खण्ड

९. नियमबमोजिम साप्ताहिक एवम् दैनिक पेसी सूचीमा चढी पेस हुन् आएको प्रस्तुत मुद्दामा वादीको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता डा. जीवनाथ धितालले मिति २०४५।१०।१५ मा नानीबाबु खत्रीले वादीबाट रकम लिई सो रकम बापत कि.नं. २ को क्षे.फ. २-९-०-० मध्ये १-३-२-० जग्गा रजिस्ट्रेसन पारित गरिदिने सर्त राखी कागज गरेका थिएँ। सो कागजमा उक्त जग्गाको जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेपछि वादीलाई रजिस्ट्रेसन पारित गरिदिनेछु भन्ने सर्त उल्लेख छ। सो जग्गामध्ये हाल कायम हुन् आएको कि.नं. १७७ को जग्गा प्रतिवादीहरूका नाउँमा दर्ता भई जग्गाधनी प्रमाण पुर्जा प्राप्त भएको छ। प्रतिवादीहरू सो कागज गरिदिने

नानीबाबु खत्रीका हकखाने व्यक्तिहरू भएकाले निजहरूबाट नै सो कागजअनुसार यी वादीका नाउँमा जग्गा गरिदिने गरी करारको यथावत् परिपालनाको उपचार पाउनुपर्दछ भनी बहस गर्नुभयो।

१०. प्रतिवादी दयाराम के.सी.का तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू राजु बस्नेत र राजकुमार श्रेष्ठ तथा प्रतिवादी भगवती खतिवडा के.सी.का तर्फबाट उपस्थित विद्वान् अधिवक्ता विमला खड्काले वादीले फिरादमा उल्लेख गरेको मिति २०४५।१०।१५ गतेको कागजको बारेमा मेरो पक्षलाई जानकारी नभएकाले त्यसअनुसारको दायित्व आफ्नो पक्षमा आउँदैन। यसका अलावा सो कागजमा ऋणी र धनी शब्द प्रयोग भएकाले करार हुन् सक्दैन। करार ऐनअनुसारको प्रस्ताव र स्वीकृतिसमेत नभएको तथा यी वादीको सहीछापसमेत नभएकाले सो कागजलाई करार भन्न मिल्दैन। सो कागजलाई करार भनिएका अवस्थामा पनि *वीर शंकर कसाई*को मुद्दामा प्रतिपादित सिद्धान्त र प्रचलित करारअनुसारअचल सम्पत्ति हस्तान्तरणसम्बन्धमा करार ऐन लागू हुँदैन। रजिस्ट्रेसन पास नगरेको लिखतबाट जग्गाको हक हस्तान्तरण हुन् सक्दैन। हाम्रा पुर्खाले गरिदिएको उक्त कागजबाट आफ्नो जग्गा धनी प्रमाण पुर्जा नै नभएको जग्गा बिक्रीसम्बन्धी करार बदर हुने करार भएकाले वादी दाबी खारेज हुनुपर्दछ। उक्त जग्गा आफ्ना नाउँमा दर्ता गरिपाउँन वादीले मालपोत कार्यालमा दिएको दिएको निवेदन खारेज भई हाम्रा पक्षका नाउँमा मालपोत कार्यालयबाट जग्गा दर्ता भएको छ। सो उपर वादीले पुनरावेदन गरेकामा पुनरावेदन अदालतबाट निजको पुनरावेदन जिकिर नपुग्ने ठहरी फैसला भएको छ। यस अवस्थामा पुनः यस मुद्दाबाट निज वादीले जग्गा पाउन सक्ने होइन भनी बहस गर्नुभयो।

११. विद्वान् कानून व्यवसायीहरूको बहस सुनी मिसिल संलग्न कागज प्रमाणसमेत अध्ययन गरी हेर्दा यस मुद्दाको निरूपणका निमित्त देहायका प्रश्नहरूको निर्णयमा पुग्नुपर्ने हुन् आयो।

(क)मिति २०४५।१०।१५ गते नानीबाबु खत्रीले यी वादीलाई गरिदिएको भनी वादीले दाबी लिएको कागज यी प्रतिवादीका पुर्खा नानीबाबु खत्रीले वादीलाई गरिदिएको हो वा होइन ?

(ख)मिति २०४५।१०।१५ मा नानीबाबु खत्रीले वादीलाई गरिदिएको उक्त कागज करार हो वा होइन ?

(ग) प्रचलिन नेपाल कानून तथा न्यायिक अभ्यासका आधारमा अचल सम्पत्तिको हक हस्तान्तरण हुने गरी करार हुन् सक्दछ कि सक्दैन ?

(घ) नेपाल कानूनअनुसार अचल सम्पत्तिको हक हस्तान्तरण हुन् सक्ने अवस्थामा भविष्यमा जग्गाको स्वामित्व हस्तान्तरण गर्ने गरी भएको करार मुलुकी ऐन रजिस्ट्रेसनको महलको १ नं. को प्रावधानअनुसार रजिस्ट्रेसन पारित गर्न अनिवार्य हुन्छ कि हुँदैन ?

(ङ) प्रचलिन नेपाल कानूनअनुसार अचल सम्पत्ति हक हस्तान्तरणका सम्बन्धमा करार हुन् सक्ने अवस्था भएमा आफ्ना नाउँमा ज.ध. प्रमाण पुर्जा प्राप्त भई नसकेको जग्गापछि हस्तान्तरण गर्ने गरी करार हुन् सक्छ वा सक्दैन ?

(च) मिति २०४५।१०।१५ गते नानीबाबु खत्रीले वादीलाई गरिदिएको कागजअनुसारको दायित्व बहन गर्न यी प्रतिवादीहरूलाई कर लाग्छ वा लाग्दैन ?

(छ) मिति २०४५।१०।१५ गतेको कागजअनुसार यी प्रतिवादीका नाउँमा दर्ता भएको कि.नं. १७७ को जग्गामध्ये कागजमा उल्लिखित जग्गा वादीका नाउँमा रजिस्ट्रेसन पारित हुने गरी करारको यथावत् परिपालनाको उपचार वादीलाई प्राप्त हुन्छ वा हुँदैन ?

(ज) उक्त कि.नं.१७७ को जग्गा आफ्ना नाउँमा गरिपाउनवादीले दिएको निवेदन मालपोत कार्यालयबाट खारेज हुने ठहरेको निर्णय पुनरावेदन अदालतबाट समेत सदर भएका कारणले वादीले करार ऐन अन्तर्गत प्राप्त गर्ने उपचारमा प्रतिकूल असर पर्छ वा पर्दैन ?

(झ) वादीको मागबमोजिमको उपचार प्राप्त हुन्छ वा हुँदैन ?

१२. निरूपण गर्नुपर्ने पहिलो प्रश्नका सम्बन्धमा विचार गर्दा मिति २०४५।१०।१५ गते नानीबाबु खत्रीले वादीलाई गरिदिएको कागजको प्रतिलिपिसहित फिराद परेको देखिन्छ। सो कागजलाई प्रतिवादीहरूले प्रतिउत्तरपत्रमा अन्यथा हो भन्न सकेको देखिँदैन। प्रतिवादीमध्येकी भगवती खतिवडा (के.सी.) ले सो कागज अ.बं. ७८ नं.बमोजिम हेर्न पाउँ भनी प्रतिउत्तरपत्रमा मागसम्म गरेको देखिन्छ। उक्त कागज दुवै प्रतिवादीहरूलाई देखाई अ.बं. ७८ नं.अनुसार कागज गराउँदा सो कागज नानीबाबु खत्रीले गरिदिएको होइन भन्ने उल्लेख गरेको देखिँदैन। नानीबाबु खत्रीले सो बेहोरा आफूहरूलाई केही भन्नुभएको थिएन भन्नेसम्म निजहरूले उल्लेख गरेको देखिन्छ। यसरी सो कागज नानीबाबु खत्रीले गरिदिएको होइन भनी प्रतिवादीहरूले इन्कार नगरेको तथा वादीले सक्कलै कागज पेस गरेकोसमेत कारणबाटमिति २०४५।१०।१५ गते नानीबाबु खत्रीले सहिछाप गरी यी वादीलाई गरिदिएको कागजलाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन।

१३. निरूपण गर्नुपर्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा मिति २०४५।१०।१५ गते नानीबाबु खत्रीले वादीलाई गरिदिएको कागज करारको परिभाषाभित्र नपर्ने कागज हो भन्ने प्रतिउत्तर बेहोरा तथा प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहसको मुख्य जिकिर देखिन्छ। त्यसका निमित्त करारको कागजमा प्रस्ताव र स्वीकृति देखिनका निमित्त दुवै पक्षको हस्ताक्षर हुनुपर्दछ। वादीले पेस गरेको कागजमा निजको सहिछाप नपरेकाले उक्त कागजलाई करार मान्न मिल्दैन भन्ने कानून व्यवसायीको तर्कसमेतलाई सम्बोधन गरी दोस्रो प्रश्नको निरूपण गर्नुपर्ने हुन् आयो। त्यसतर्फ विचार गर्दा हरेक करारमा करारका सबै पक्षको सहिछाप हुन् अनिवार्य छ कि छैन भन्ने हेर्नु पर्ने हुन्छ। करार ऐन,२०२३ तथा त्यसलाई प्रतिस्थापन गरी हाल प्रचलनमा रहेको करार ऐन, २०५६ समेतमा करारका पक्षहरूले करारमा सहिछाप गर्न अनिवार्य गरेको पाइँदैन। करार कानूनको समान्य सिद्धान्तअनुसार पनि कानूनले अनिवार्य नगरेका अवस्थामा करार लिखित रूपमा नै हुनुपर्दछ भन्ने हुँदैन। करार ऐन, २०५६ ले केही करारहरू (जस्तै जमानत सम्बन्धी करार दफा १५(३), पाँच हजार भन्दा बढी मूल्यको समान नासो राखेको करार दफा २५) लिखत रूपमा हुनुपर्दछ भनी स्पष्ट रूपमा किटान गरेको पाइन्छ। यसरी कुनै करार लिखित रूपमा नै हुनुपर्दछ भनी किटान गर्ने कानूनी प्रावधानहरूको

सहज अर्थ करार लिखित रूपमा नै हुनुपर्दछ भनी किटान नभएका विषयमा अलिखित रूपमा पनि करार हुन् सक्दछ भन्ने हो। यसरी प्रचलित करार कानूनअनुसार सबै किसिमका करार लिखित रूपमा नै हुन् पर्ने अनिवार्यता छैन। वादीले करारको अस्तित्व प्रमाणबाट पुष्टि गरेका अवस्थामा मौखिक करारलाई पनि अदालतले उपचार प्रदान गर्नुपर्ने हुन्छ।

१४. लिखित रूपमा करार भएका अवस्थामा पनि कानूनले दुवै पक्षको सहिछाप अनिवार्य नगराएसम्म हरेक करारमा दुवै पक्षको सहिछाप हुनै पर्दछ भनेर भन्न मिल्दैन। लिखित रूपमा करार भएका अवस्थामा करारका पक्षहरूले गरेको सहिछापको महत्त्व उक्त करारमा उल्लेख गरिएका सर्तमा सहिछाप गर्ने पक्षहरूको सहमति थियो भन्ने प्रमाणसम्म हो। करारको एक पक्षले सही गरेको कागजमा दोस्रो पक्षको पनि सहमति थियो भन्ने तथ्य प्रमाणबाट पुष्टि भएका अवस्थामा दोस्रो पक्षको सही अनिवार्य मानिदैन। व्यवहार प्रचलनलाई विचार गर्दासमेत व्यापार व्यवसायको विविधीकरणको वर्तमान समयमा जारी हुने हवाई तथा रेल यात्राका टिकट, सामान विक्रेताले जारी गरेका विल, बैङ्कले जारी गर्ने बैङ्क ग्यारेन्टीलगायतका विभिन्न किसिमका कारोबारका सम्बन्धमा हुनेकरारमा दुवै पक्षको सहिछाप भएको हुँदैन। यस्ता करारलाई मान्यता दिएर उपचार प्रदान गर्ने हाम्रो न्यायिक अभ्याससमेत स्थापित भएका अवस्थामा करारको लिखतमा एक पक्षको सहिछाप नभएका आधारमा मात्र सो लिखतले करारको मान्यता प्राप्त गर्न सक्दैन भनी अर्थ गर्न मिल्दैन।

१५. विशेष गरी करारको कुनै पक्षले आफ्नो दायित्व पूरा गरिसकेको तर अर्को पक्षले भविष्यमा आफ्नो दायित्व पूरा गर्नुपर्ने गरी करार भएका अवस्थामा भविष्यमा दायित्वमा पूरा गर्नुपर्ने पक्षको सहमतिको पुष्टिका लागि निजको सहिछापको महत्त्व अत्याधिक हुन्छ। दायित्व पूरा गरिसकेको पक्षको सहिछाप सो करारमा उसको सहमति थियो वा थिएन भनी निरूपण गर्ने प्रयोजनको निमित्त गौण हुन्छ। दायित्व पूरा गरिसकेको पक्षको सहमतिको प्रमाण निजले सो करारअनुसारको दायित्व पूरा गर्ने कार्य नै हो। सो पुष्टि भइसकेका अवस्थामा सहिछाप अनिवार्य हुँदैन। प्रस्तुत मुद्दामा पेस भएको मिति २०४५।१०।१५ को नानीबाबु खत्रीको सहिछाप भएको कागजमा यी वादीले तिर्नुपर्ने रकम तिरी सकेको उल्लेख छ। सो कागजअनुसार वादी गायत्री बस्नेततर्फबाट कुनै काम गर्न वा नगर्न पर्ने कुनै सर्त बाँकी रहेको देखिँदैन। यसको विपरीत नानीबाबु खत्रीले रकम बुझिलिएर सो कागजमा उल्लिखित जग्गा वादीलाई दिएकोर भविष्यमा थप काम गर्ने प्रतिज्ञासमेत गरेको पाइन्छ। सो प्रतिज्ञा भनेको कि.नं. २ को क्षे.फ. २-९-०-० जग्गामध्ये क्षे.फ. १-३-२-० जग्गा ज. ध. प्रमाण पुर्जा प्राप्त भएपछि वादीलाई रजिस्ट्रेसन पारित गरिदिने हो। यसरी यी वादीले रु. १८,०००।- रकम दिएको तथा सोबापत नानीबाबु खत्रीले जग्गा रजिस्ट्रेसन पारित गरिदिने गरी मन्जुर भएको कार्यबाट निजहरूबीच करारीय दायित्व सिर्जना भएको देखिन्छ। केवल यी वादीको सहिछाप सो कागजमा नपरेको भन्ने आधारबाट मात्रै करारीय दायित्व नै सिर्जना हुन् सक्दैन भनी अर्थ गर्न मिल्दैन।

१६. मिति २०४५।१०।१५ को कागजमा गायत्री बस्नेत धनी र नानीबाबु खत्री ऋणी उल्लेख भएका कारण उक्त कागज विशुद्ध लेनदेनको कागज हो। त्यस्तो कागजमा करार ऐनका व्यवस्था लागू हुँदैन भन्ने प्रतिवादीका विद्वान् कानून व्यवसायीले उठाउनुभएको प्रश्नका सम्बन्धमा हेर्दा रकम लेनदेनका सम्बन्धमा तयार हुने कपाली तमसुकमा रकम दिने व्यक्ति साहु र रकम लिने व्यक्ति ऋणी उल्लेख भई कागज गरिने हाम्रो परम्परा हो। तर ऋणी र धनी शब्द प्रयोग भएका सबै कागज केवल रकम लेनदेनका कागज हुन् भन्ने अनुमान गर्न मिल्दैन। उक्त लिखतको विषयवस्तुले के कुरालाई समेटेको छ भन्ने आधारबाट नै लिखतको प्रकृति निर्धारण गर्नुपर्दछ। नानीबाबु खत्रीले यी वादीलाई गरिदिएको कागजमा वादीबाट लिएको रकम नानीबाबु खत्रीले वादीलाई फिर्ता गर्ने कुनै सर्त उल्लेख गरेको पाइदैंन। यसरी एउटाबाट लिएको रकम पछि फिर्ता दिने सर्त उल्लेख नभएको कागजलाई लेनदेनको कागज भनी अर्थ गर्न मिल्ने अवस्था देखिदैंन। सो कागजको बेहोराबाट नानीबाबु खत्रीले कि.नं. २ को क्षे.फ. १-३-२-० वादीलाई बिक्री गरेको र पुर्जा प्राप्त भएपछि रजिस्ट्रेसन गरी राजीनामा गरिदिने बेहोरा उल्लेख भएबाट भविष्यमा उक्त जग्गाको स्वामित्व विधिवत् रूपमा वादीलाई हस्तान्तरण गर्ने वाचा गरेको देखिन्छ। तसर्थ सोकागज लेनदेनको कागज नभई भविष्यमा जग्गाको हस्तान्तरण गर्ने गरी भएको करार (agreement to sell) नै हो।

१७. अब निरूपण हुनुपर्ने तेस्रो प्रश्न प्रचलित नेपाल कानूनअनुसार अचल सम्पत्तिको हक हस्तान्तरण गर्ने गरी करार हुन् सक्छ वा सक्दैन भन्ने निरूपणका निमित्त हाम्रो कानूनी व्यवस्था तथा न्यायिक अभ्यासको विवेचना हुन् आवश्यक देखियो। तत्सम्बन्धमा हेर्दा करारसम्बन्धी ऐन, २०२३ ले विशेष करारसम्बन्धी छुट्टाछुट्टै व्यवस्था नगरेपनि करारसम्बन्धी व्यवहारलाई नियमित गर्ने सामान्य व्यवस्था गरेको थियो। करार ऐन, २०५६ ले खारेज नगरेसम्म बहाल रहेको उक्त ऐनमा भएको व्यवस्था र सोही आधारमा सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तहरूको अवलोकनबाट हाल प्रचलित कानून भन्दा पहिले यससम्बन्धमा कस्तो व्यवस्था थियो बुझ्न सहज हुन्छ। करार ऐन, २०२३ ले यस्तो विषयमा करार गर्न पाइने वा नपाइने भन्ने स्पष्ट व्यवस्था गरेको थिएन। ऐनको दफा ८ मा उल्लेख भएका विषयमा भएका करार बदर हुने भनी घोषणा गरेकाले सोबाहेकका अन्य विषयमा करार गर्न सकिने र त्यस्ता करारलाई अदालतबाट लागू गरिने हुन्थ्यो। तत्काल प्रचलित उक्त करार ऐन अन्तर्गत पर्न आएको *तिर्थ कुमारी राणा विरुद्ध राम शंकर श्रेष्ठ* (ने. का. प. २०४९ अंक १ पृष्ठ १) को मुद्दामा सर्वोच्च अदालतले जग्गा बेच्ने विषयमा भएको करारअनुसार दायित्व पालना गर्न करार गर्ने पक्ष बाध्य भएको फैसला गरेको थियो। सो फैसलामा प्रतिपादित सिद्धान्तअनुसार जग्गा बेच्न राजी भई करार गर्ने पक्षले पछि जग्गा बेच्दिन भनेमा अर्को पक्षले अदालतबाट यथावत् परिपालनाको उपचार पाउने भयो। करार ऐन, २०२३ मा अचल सम्पत्तिसम्बन्धी विषयमा करार गर्न रोक नलगाएको र सर्वोच्च अदालतबाट जग्गा किनबेचको करार लागू हुने गरी

फैसला भएको अवस्थामा तत्काल प्रचलित कानूनबमोजिम अचल सम्पत्तिसम्बन्धी विषयमा करार हुन् सक्ने स्पष्ट थियो।

१८. हाल प्रचलनमा रहेको करार ऐन, २०५६अनुसार अचल सम्पत्तिसम्बन्धमा भएको करार अदालतबाट लागू गराइने व्यवस्था रहेको छ वा छैन भन्नेतर्फ हेर्दा उक्त ऐनको दफा ४ ले करारको विषयवस्तुको रूपमा वा करारको प्रतिफलको रूपमा अचल सम्पत्ति हुन् नसक्ने व्यवस्था गरेको छैन। तर सो दफाको सुरुको ''यस ऐनको अधिनमा रही'' भन्ने वाक्यांशले करारको विषयवस्तु र प्रतिफल करार ऐनमा भएका अन्य व्यवस्थाअनुसार नियमित तथा नियन्त्रित हुन् सक्ने देखिन्छ। दफा १३(ङ) र (ट) मा प्रचलित कानूनविपरीत भएको तथा गैरकानूनी प्रतिफल वा उद्देश्य भएको करार बदर हुने उल्लेख गरेको छ। यस्तो विषयमा भएको करार अदालतबाट लागू गराउन मिल्दैन। तर अचल सम्पत्तिसम्बन्धी करार हुन् नसक्ने व्यवस्था उक्त दफालगायत करार ऐनका अन्य प्रावधानहरूमा उल्लेख नभएका कारण प्रचलित करारअनुसार अचल सम्पत्तिसम्बन्धी विषयमा करार हुनै नसक्ने भन्ने अवस्था देखिएन।

१९. प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताले उल्लेख गर्नुभएको करार ऐन, २०५६ को दफा ४० को स्पष्टीकरण खण्डमा ''वस्तु'' मा अचल सम्पत्ति उल्लेख नभएका कारण अचल सम्पत्ति करार ऐन, २०५६ ले नियमित गर्ने विषयवस्तु होइन। यसकारण प्रस्तुत विवाद सुरुदेखी नै बदर भागी छ। साथै सर्वोच्च अदालतको *विर शंकर कसाई विरुद्ध अनिता लामा* (ने. का. प. २०६३ अंक ३ पृ. ३९५) को मुद्दामा प्रतिपादित सिद्धान्तअनुसार पनि अचल सम्पत्तिको विषयमा करार हुन् नसक्ने कुरा स्थापित भइसकेको छ भन्नेतर्फ विचार गर्दा करार ऐनको दफा ४० को व्यवस्थाको विश्लेषण र सर्वोच्च अदालतबाट स्थापित न्यायिक अभ्यासको विवेचना हुन् आवश्यक देखियो।

२०. करार ऐन, २०५६ को दफा ४० को स्पष्टीकरणको अर्थ गर्दा विधायिकी कानूनमा प्रयोग हुने परिभाषा र स्पष्टीकरणको फरक फरक प्रयोजन मनन गर्न आवश्यक हुन्छ। पहिलोको प्रयोजन परिभाषित शब्दको प्रयोगमा व्यापकता ल्याउने हो। अर्थात् ऐनमा धेरै ठाउँमा प्रयोग गरिएका शब्दहरूलाई प्रयोगको सरलताको निमित्त सुरुमा नै परिभाषित गरिन्छ। दोस्रोको प्रयोजन स्पष्ट गरिएका शब्दको अर्थ सीमित गर्नु हो। कानून व्याख्याको सामान्य सिद्धान्तअनुसार कुनै शब्दको परिभाषा ऐनको परिभाषा खण्डमा गरिएको छ भने सो शब्दको प्रयोग उक्त ऐनमा जहाँ जहाँ भए पनि अर्थ सोही परिभाषाअनुसार गर्नुपर्दछ। तर ऐनको बीचमा कुनै दफासँग जोडिएर प्रयोग हुने स्पष्टीकरणबाट गरिने परिभाषित कार्य सीमित रूपमा हुन्छ र सो शब्दको अर्थ सोही दफामा उल्लेख भएबमोजिमको सीमामा मात्र गर्न सकिन्छ। सो स्पष्टीकरणमा परिभाषित शब्द सम्पूर्ण ऐनमा लागू हुन्छ भन्न मिल्दैन। करार ऐनको दफा ४०(१) मा रहेको स्पष्टीकरणले ''वस्तु'' शब्दको प्रयोग परिच्छेद ७ को प्रयोजनको लागि हुने भनी स्पष्ट किटानी गरेको छ। परिच्छेद ७ वस्तु बिक्रीसम्बन्धी करारको व्यवस्था गर्ने परिच्छेद हो। तसर्थ वस्तु बिक्रीबाहेकका अन्य विषयमा पनि उक्त स्पष्टीकरणको परिभाषा लागू हुन्छ भनी अर्थ गर्न मिल्दैन। परिच्छेद ७ बाहेक अन्यत्र वस्तुभन्दा बाहेकका विषयमा पनि करार हुन् सक्ने करार

ऐनको संरचना भएको तथा अचल सम्पत्तिका सम्बन्धमा करार हुन् नसक्ने कुरा उक्त ऐनमा कहींकतै उल्लेख भएको नहुँदा करार ऐन, २०५६ को समग्र संरचनाले अचल सम्पत्तिका सम्बन्धमा हुने करारसमेतलाई समेटेको स्पष्ट छ।

२१. *वीर शंकर कसाई*को मुद्दामा जग्गा खरिदबिक्रीसम्बन्धी सम्झौतालाई करार भनी मान्यता नगरेको विषयका सन्दर्भमा सर्वोच्च अदालतबाट अन्य मुद्दाहरूमा के कस्तो सिद्धान्त प्रतिपादन भएको रहेछ भन्नेतर्फ विचार गर्दा सो मुद्दाभन्दा पहिलेको र त्यस मुद्दाभन्दा पछिको सर्वोच्च अदालतको अभ्यासको अवलोकन गर्दासमेत अचल सम्पत्तिको हस्तान्तरण हुने गरी गरेको करारलाई उपचार प्रदान गरेको देखिन्छ। *वीर शंकर कसाई* भन्दा पहिलेको *धनमायामहर्जन वि. तुलसी महर्जन* (ने.का.प.२०६२ अङ्क ८ पृ.१००८) को मुद्दामा जग्गा पारित गरी लिन पाउने करार भएकामा वादीले करारअनुसार जग्गा पारित गरिलिन पाउने ठहरी फैसला भएको पाइन्छ। *वीर शंकर कसाई* पछि निर्णय भएको *चन्द्रबहादुर माबो विरुद्ध लखबहादुर मावो* (ने. का. प. २०६५ अंक १ पृ. ४६) को मुद्दामा कागजको सर्तअनुसार जग्गा पास गराइपाउँ भन्ने विषयमा प्रवेश गरी जग्गापास गराइपाउन *तिर्थ राज कुमारी राणा*को मुद्दामा धरौटी राखी फिराद गर्नुपर्ने सिद्धान्त स्थापित भएकोसमेत आधारबाट त्यस मुद्दामा वादीले थैली धरौट राखी फिराद नगरेबाट वादी दाबी नपुग्ने ठहरे पनि अचल सम्पत्तिसम्बन्धी विषयमा करार हुन् सक्ने र आवश्यक सर्त पूरा भएका अवस्थामा लिखतअनुसार जग्गा पास गराई पाउन सक्ने भन्नेतर्फ संकेत गरेको पाइन्छ। *समीट होटल प्रा.लि. वि. शारदा प्रसाईसमेत* (ने.का.प. २०७० अंक २ पृं. २८८) को मुद्दामा करार ऐन, २०५६अनुसार अचल सम्पत्ति सम्बन्धी विषयमा करार हुन् सक्ने वा नसक्ने विषयमा नै प्रवेश गरी भविष्यमा जग्गा लिने दिने गरी करार हुन् सक्ने स्पष्ट न्यायिक दृष्टिकोण स्थापित भएको पाइन्छ। *प्रदिपराज पाण्डे वि.कर्मलक्ष्मी कंशाकर* (ने. का. प. २०७२ असार पृ. ५१०) को मुद्दामा पनि सर्वोच्च अदालतबाट करारमा उल्लेख भएअनुसारको जग्गा वादीले पाउने ठहर भएको पाइन्छ। यसरी सर्वोच्च अदालतको अभ्यासबाट नै *वीर शंकर कसाई*को मुद्दामा स्थापित अभ्यासलाई अन्यथा हुने गरी न्यायिक दृष्टिकोणहरू विकसित भई भविष्यमा जग्गा लिने दिने गरी भएको करारअनुसार वादीलाई अदालतले उपचार दिई आएको अवस्थामाउक्त फैसलाका आधारमा मात्र अचल सम्पत्तिसम्बन्धमा करार नै हुन् सक्दैन भनी मान्न मिलेन।

२२. यसरी करार ऐन, २०५६ पूर्वको अवस्थामा अचल सम्पत्तिसम्बन्धी विषयमा भएका करारमा सर्वोच्च अदालतले करार कानूनअन्तर्गत नै उपचार दिएको, करार ऐन, २०५६ को दफा ४०(१) को स्पष्टीकरणको परिभाषा उक्त ऐनको परिच्छेद ७ मा सीमित हुने, उक्त ऐनको समग्र संरचनाले अचल सम्पत्तिका सम्बन्धमा करार गर्न रोक नलगाएको तथा *वीर शंकर कसाई*को मुद्दाभन्दा पछि निर्णय भएका फैसलाहरूसमेतबाट सर्वोच्च अदालतले अचल सम्पत्ति हस्तान्तरणसम्बन्धमा भएका करारअनुसार वादीलाई उपचार दिएकोसमेतका आधारबाट

नेपालको प्रचलित कानून र अपनाई आएको अदालती अभ्यासबाट अचल सम्पत्तिसम्बन्धी विषयमा करार हुन् सक्ने मान्यता स्थापित भएको पाइयो।

२३. अब भविष्यमा जग्गाको स्वामित्व हस्तान्तरण हुने गरी भएको करारले कानूनी मान्यता प्राप्त गर्न मुलुकी ऐन रजिस्ट्रेसनको महलको १ नं.अनुसार रजिस्ट्रेसन पारित गर्न वा करार ऐन, २०५६ को दफा ८८अनुसारको अन्य कुनै थप प्रक्रिया पूरा गर्न अनिवार्य छ कि छैन भन्ने चौथो प्रश्नको निरूपण हुनुपर्ने देखियो। त्यसतर्फ विचार गर्दा करार ऐन, २०५६ को दफा ८८ मा "प्रचलित कानूनले कुनै खास प्रकारको करार गर्न कुनै खास कार्यविधि पूरा गर्नुपर्ने व्यवस्था गरेको वा कुनै सरकारी कार्यालयमा रजिस्ट्रेसन गर्नुपर्ने व्यवस्था गरेको रहेछ भने त्यस्तो रीत पूरा नगरी भएको करार मान्य हुने छैन। " भन्ने व्यवस्थाले दुईवटा कुरालाई इंगित गरेको पाइन्छ। पहिलोमा कुनै विशेष किसिमको करार गर्न अन्य कानूनले कुनै खास कार्यविधि तोकेको अवस्थामा त्यस्तो करार गर्दा सो कार्यविधि पूरा गर्नुपर्दछ। र दोस्रोमा प्रचलित कानूनअनुसार रजिस्ट्रेसन हुनुपर्ने करारले कानूनी मान्यता पाउन रजिस्ट्रेसन हुनुपर्दछ। अन्यथा त्यस्ता करार अदालतबाट कार्यान्वयन गराउन मिल्दैन। भविष्यमा अचल सम्पत्तिको हक हस्तान्तरण हुने गरी भएको करार गर्न कुनै विशेष कानूनले कुनै कार्यविधि निर्धारण गरेको पाइँदैन त्यसकारण भविष्यमा अचल सम्पत्तिको हक हस्तान्तरण हुने गरी भएको करारले कुनै थप कार्यविधि पूरा गर्नुपर्ने अवस्था देखिँदैन। त्यस्तो लिखत रजिस्ट्रेसन हुनुपर्ने हो वा होइन भन्नेसम्बन्धमा हेर्दा रजिस्ट्रेसनको महलको १ नं. मा अचल सम्पत्तिको बिक्री वा अरू कुनै बेहोराले आफ्नो हक छोडिदिएको लिखत रजिस्ट्रेसन हुनुपर्ने कुरा उल्लेख छ। सो नं.अनुसार भविष्यमा जग्गा रजिस्ट्रेसन पारित गरिदिने सर्त राखी भएको करार पनि रजिस्ट्रेसन हुनु अनिवार्य हुने हो वा होइन भन्ने प्रश्न माथि उल्लिखित *तिर्थ राजकुमारी राणा*को मुद्दामा पनि उठी त्यस्तो लिखत रजिस्ट्रेसन पारित हुनुपर्ने अनिवार्य नभएको भनी न्यायिक नियम स्थापित भएको पाइन्छ। उक्त मुद्दाको फैसलामा तत्काल जग्गाको बिक्री गर्ने गरी भएको करार र भविष्यमा जग्गा बिक्री गरिने भएको करारको फरकको विवेचना गरी दोस्रो किसिमको करार रजिस्ट्रेसन हुन् अनिवार्य नभएको सम्बन्धमा "निश्चित समयपछि लिखतमा लेखिएको घर जग्गा बिक्री गरी लिने दिने करारीय सम्झौतासम्म भएको हुँदा उक्त लिखत बिक्रीको लिखत (sale deed) नभई बिक्री गरिदिने भन्ने कुराको मन्जुरी (agreement to sale) को लिखत भएको प्रष्ट छ। यस्तो लिखतलाई रजिस्ट्रेसन गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहे भएको नपाइने" भनिएको पाइन्छ। यसै गरी करार ऐन, २०५६ को दफा ८८ समेतको व्याख्या गरी सर्वोच्च अदालतले माथि उल्लिखित *समीट होटल*को निर्णयमा पनि जग्गा बिक्री गरिदिने गरी भएको करार रजिस्ट्रेसन पारित गर्न अनिवार्य नभएको र त्यस्तो करारले अन्य थप कानूनी कार्यविधिसमेत पूरा गर्नुपर्ने कानूनी व्यवस्था नभएको भन्ने न्यायिक दृष्टिकोण स्थापित भएको छ। तसर्थ भविष्यमा जग्गा रजिस्ट्रेसन पारित गरिदिने गरी भएको करार रजिस्ट्रेसनको महलको १ नं.अनुसार रजिस्ट्रेसन पारित नभएको भएपनि कानूनी मान्यता पाउने देखियो।

२४. माथि प्रकरण नं. २४ मा विवेचना भएअनुसार अचल सम्पत्तिको हक हस्तान्तरण गर्ने गरी भएको करार रजिस्ट्रेसन हुन् अनिवार्य नभएको अवस्थामा आफ्ना नाउँमा जग्गा धनी प्रमाण पुर्जा प्राप्त भई नसकेको जग्गा ज. ध. प्राप्त भएपछि भविष्यमा हस्तान्तरण हुने गरी करार हुन् सक्छ वा सक्दैन भन्ने पाचौं प्रश्नको निरूपण हुनुपर्ने देखियो। त्यसतर्फ हेर्दा वादीका तर्फबाट उपस्थित कानून व्यवसायीले उठाउनुभएको भविष्यमा हुने कुनै कुराको सर्त राखी गरिएको करार पूरा गर्न नसकिने करार भएको हुँदा करार ऐन, २०५६ को दफा १३(ज)अनुसार बदर हुने करार हो। त्यस्तो करारको आधारमा कुनै दायित्व सिर्जना हुन् सक्दैन भन्ने तर्कसमेतलाई सम्बोधन गर्न आवश्यक देखियो। करार ऐन, २०५६ को दफा १३(ज) मा ‘‘करार गर्दाकै अवस्थामा पूरा गर्न असम्भव भएको करार" लाई बदर हुने करारको वर्गमा राखेको पाइन्छ। त्यसकारण उक्त दफाको आधारमा करार बदर हुने हो वा होइन भन्ने प्रश्नको निरूपणका लागि विवादित करार पूरा गर्न सकिने किसिमको करार हो वा पूरा गर्न नसकिने करार हो भनी छुट्याउन आवश्यक देखिन्छ। सामान्यतया पूरा गर्न नसकिने कारणबाट बदर हुने करारमा दुई किसिमका करार पर्ने हुन्छन्। पहिलो वर्गमा भौतिक रूपमा कुनै काम गर्न नसकिने काम गर्ने गरी भएको करार परिपालना हुन् नसक्ने हुनाले बदर हुने हुन्छ। दोस्रोमा कानूनले स्पष्ट रूपमा वर्जित गरेको काम कुराका सम्बन्धमा भएका करार गैरकानूनी हुने हुँदा त्यस्तो काम भौतिक रूपमा सम्भव भए पनि कानूनी रूपमा असम्भव मानिन्छ। दोस्रो वर्गमा पर्ने कार्यका सम्बन्धमा करार ऐन, २०५६ को दफा १६(ङ) मा स्पष्ट उल्लेख भएको पाइन्छ। दफा १३(ज) को अवस्था भनेको भौतिक रूपमा परिपालना गर्न असम्भव भएकाले बदर हुने करार हो। यसकारण मिति २०४५।१०।५ मा नानीबाबु खत्री तथा वादीबीच भएको करार असम्भव करार हो वा होइन हेर्नुपर्ने हुन् आयो। उक्त कागजको बेहोरा हेर्दा उक्त रुपैयाँमा "...तपाईं साहु श्रीमती गायत्री बस्नेतलाई राजीनामा गरिदियाँ सो जग्गालाई तपाईं साहुले आफ्नो जानी भोग चलन गर्नु ...यो जग्गा मेरा नाउँमा ज.ध.प्र. बाँकी भएकामा जग्गा धनी दर्ता प्रमाण पुर्जा प्रमाणित गरी ऐनका म्यादभित्र कागज रजिस्ट्रेसन पास गरिदिने छु।..." भन्ने बेहोराको उल्लेख भएको देखिन्छ। उक्त बेहोराको अर्थ गर्दा उक्त जग्गामा नानीबाबु खत्रीको हक भएको तर जग्गा धनी प्रमाण पुर्जा प्राप्त गर्न मात्र बाँकी रहेको देखिन्छ। सो कुरालाई विचार गरेर नै नानीबाबु खत्रीले पुर्जा प्राप्त गरेपछि रजिस्ट्रेसन पारित गरिदिने प्रतिज्ञा गरेको पाइन्छ। निज नानीबाबु खत्रीका नाउँमा जग्गा धनी प्रमाण पुर्जा पाउने कार्य असम्भव कार्य थियो भनी मान्न मिल्दैन। आफ्नो हक भएको जग्गामा कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी प्रमाण पुर्जा प्राप्त गर्ने कार्य स्वाभाविक कार्य हो। यही अनुमानका आधारमा वादीले नानीबाबु खत्रीलाई उक्त जग्गाबापतको मूल्य भुक्तानी गरेको देखिन्छ। तसर्थ भविष्यमा आफ्ना नाउँमा ज. ध. प्रमाणपुर्जा प्राप्त गरेपछि जग्गा हस्तान्तरण गरिदिने गरी गरेको करार वैध करार हो। त्यस्तो करारअनुसारको दायित्व करार गर्ने पक्षले पालना गर्नुपर्ने हुन्छ।

२५. मिति २०४५।१०।१५ गते नानीबाबु खत्रीले वादीलाई गरिदिएको कागजअनुसारको दायित्व बहन गर्न यी प्रतिवादीहरूलाई कर लाग्छ वा लाग्दैन भन्ने छैठौं प्रश्नको निरूपणको लागि करार ऐन, २०५६ को दफा ५६ को व्यवस्था नै पर्याप्त हुने देखिन्छ। सो दफामा करार गर्ने कुनै व्यक्तिको मृत्यु भएमा वा निजको होस ठेगानमा नरहेमा सो करारबमोजिमको प्राप्त हुने हक त्यस्तो करार गर्ने व्यक्तिको सम्पत्ति प्राप्त गर्ने हकवालामा सर्नेछ र निजले प्राप्त गरेको सम्पत्तिले खामेको हदसम्मको दायित्व पनि निजले नै व्यहोर्नु पर्नेछ भन्ने कुरा उल्लेख छ। यसको अर्थ करार गर्ने व्यक्तिको मृत्यु भएपछि पनि निजको सम्पत्तिबाट करारअनुसारको दायित्व पूरा गर्नुपर्दछ। करार गरी मर्ने मानिसको हकवालाले मर्नेको सम्पत्ति खाएका अवस्थामा सो दायित्वसमेत हकवालामा सर्दछ। यस मुद्दाका प्रतिवादीहरू दयाराम के. सी. (खत्री) र भगवती खतिवडा (के. सी.) यस मुद्दाका वादीसँग करार गरी मृत्यु हुने नानीबाबु खत्रीको क्रमशः छोरा र बुहारी भएकामा विवाद छैन। त्यसैगरी मिति २०४५।१०।१५ गते नानीबाबु खत्रीले वादीलाई गरिदिएको कागजमा उल्लेख भएको जग्गाबाट कायम भएको कि. नं. १७७ को जग्गा नानीबाबु खत्रीको हकवालाको हैसियतमा प्रतिवादीहरूले दर्ता गराएको तथ्यसमेत निर्विवाद छ। तसर्थ नानीबाबु खत्रीले गरिदिएको मिति २०४५।१०।१५ को दायित्व हकवालाको हैसियतमा प्रतिवादीहरूले व्यहोर्नु पर्ने देखियो।

२६. मिति २०४५।१०।१५ गतेको कागजअनुसार यी प्रतिवादीका नाउँमा दर्ता भएको कि.नं. १७७ को जग्गामध्ये कागजमा उल्लिखित जग्गा वादीका नाउँमा हस्तान्तरण हुने गरी करारको यथावत् परिपालनाको उपचार वादीलाई प्राप्त हुन्छ वा हुँदैन भन्नेसातौं प्रश्नका सम्बन्धमा विचार गर्दा कस्तो अवस्थामा करारको यथावत् परिपलानाको उपचार प्राप्त हुन्छ भन्ने विवेचना हुन् आवश्यक देखियो। त्यसतर्फ हेर्दा करारको यथावत् परिपालनालाई करारको उल्लंघनबाट हुने क्षतिपूर्तिको उपचारको विकल्पको रूपमा लिइन्छ। क्षतिपूर्ति नगदमा हिसाब हुँदा करार उल्लंघनबाट मर्का पर्ने पक्षलाई प्राप्त हुने उपचार अपर्याप्त हुने अवस्थामा बेलायतमा प्रचलित कमन लमा प्राप्त हुने क्षतिपूर्तिको विकल्पका रूपमा समन्यायिक उपचारको रूपमा यथावत् परिपालनाको विकास भएको पाइन्छ। सामान्यतया करारमा उल्लिखित वस्तु नगदबाट बजारमा किन्न नपाइने अवस्थामा यथावत् परिपालनाको उपचार प्राप्त हुन्छ। करार ऐन, २०२३ मा यथावत् परिपालनाको उपचारको स्पष्ट व्यवस्था गरिएको नभए तापनि माथि उल्लिखित *तिर्थ राज कुमारी राणा*को मुद्दामा सर्वोच्च अदालतले यथावत् परिपालनाको उपचार प्रदान गरेको थियो। करार ऐन, २०५६ को दफा ८६ ले यथावत् परिपालनाको उपचारको व्यवस्था गरेकाले यसलाई विधायिकी कानूनले नै प्रदान गरेको उपचारको रूपमा लिनु पर्ने हुन्छ। सो दफाको वाक्यांश "...वास्तविक हानि नोक्सानीबापत नगद क्षतिपूर्ति मनासिब र पर्याप्त नहुने भएमा..क्षतिपूर्तिको सट्टा करारको यथावत् परिपालनाको दाबी गर्न सक्नेछ।" ले यथावत् परिपालना माग गर्न पाउने अवस्था भनेको नगद क्षतिपूर्तिको अपर्याप्तता नै हो भनी स्पष्ट गरेको छ। नगद लिएर जाँदा करारबमोजिम प्राप्त गरिने वस्तु बजारमा सहज रूपमा प्राप्त गर्न सकिने अवस्था छ भने क्षतिपूर्ति नै पर्याप्त उपचार मानिन्छ। यस्तो अवस्थामा

यथावत् परिपालनाको माग गर्न पाईंदैन। करारअनुसारको चिज बजारमा नगदमा प्राप्त गर्न नसकिने अवस्था छ भने यथावत् परिपालनाको माग गर्न सकिने हो। जग्गाका सम्बन्धमा हरेक जग्गा कित्ताको हु-बहु विकल्प अर्को हुन् सक्ने अवस्था नहुँदा यसलाई बजारमा सहज रूपमा प्राप्त वस्तु मान्न नसकिने हुन्छ र कुनै विशेष कित्ता जग्गा किन्न गरेको करारमा जग्गा किन्ने पक्षले यथावत् परिपालनाको माग गर्न पाउने हुन्छ। प्रस्तुत मुद्दको विषय प्रतिवादीका तर्फबाट जग्गा रजिस्ट्रेसन गरिदिने गरी भएको तथा वादीले सोबापतको रकम तत्कालै भुक्तान गरिसकेको देखिँदा करारअनुसारको जग्गा रजिस्ट्रेसन गरिपाउने गरी करारको यथावत् परिपालनाको उपचार वादीले पाउने देखियो।

२७. अब माथि विभिन्न प्रकरणहरूमा उल्लिखित मिति २०४५।१०।१५ मा नानीबाबु खत्रीले गरिदिएको कागजका आधारमा उक्त कागजमा उल्लिखित जग्गा आफ्ना नाउँमा दर्ता गरिपाउँ भनी यस मुद्दाकी वादीले मालपोत कार्यालयमा दिएको निवेदन खारेज हुने र उक्त जग्गा प्रतिवादीहरूका नाउँमा दर्ता हुने मिति २०७१।०५।२९ मा मालपोत कार्यालय कलंकीबाट भएको निर्णय र सो निर्णयलाई सदर हुने ठहरी मिति २०७२।०२।२९ मा पुनरावेदन अदालत, पाटनबाट फैसला भएका अवस्थामा उक्त करारका आधारमा सो जग्गामा आफ्नो हक कायम गरिमाग्न पाउने वादीको हकमा प्रतिकूल असर पर्ने हो वा होइन भन्ने आठौ प्रश्नको निरूपण हुन् आवश्यक देखियो। तत्सम्बन्धमा पुनरावेदन अदालतबाट भएको मिति २०७२।०२।२९ को फैसलासमेत अध्ययन गरी हेर्दा उक्त जग्गा २०४५ सालमा नानीबाबु खत्रीबाट आफूले खरिद गरी भोग चलन गरिरहेको तर उक्त लिखत फेला नपरेकाले वेनिस्साका आधारमा आफ्ना नाउँमा दर्ता गरिपाउँ भनी यस मुद्दाकी वादीले मालपोत कार्यालयमा निवेदन दिएको देखिन्छ। प्रतिवादीहरूका पितापुर्खाको हक भएको जग्गा वेनिस्साका आधारमा दाबी गर्न सक्ने वादीको आधार नभएको कारणबाट निजको निवेदन खारेज हुने र प्रतिवादीहरूका नाउँमा दर्ता हुने मालपोत कार्यालयबाट भएको निर्णय र सो निर्णय पुनरावेदन अदालत, पाटनबाट सदर भएको छ। उक्त निर्णय र पुनरावेदन अदालत, पाटनको फैसलाले स्थापित गरेको कुरा कि. नं. १७७ को जग्गा धनी नानीबाबु खत्री तथा निजका हकदारहरू यस मुद्दाका प्रतिवादीहरू दयाराम के. सी. (खत्री) र भगवती खतिवडा (के. सी.) हुन् भन्ने हो। सो मुद्दा करारको परिपालनाको विषयमा परेको देखिँदैन। यसका अलावा यस मुद्दामा वादीले उक्त जग्गा प्रतिवादीहरूका नाउँमा दर्ता हुने गरी भएको निर्णयलाई चुनौती दिएको नभई प्रतिवादीहरूका नाउँमा उक्त जग्गा दर्ता भएको कार्यलाई स्वीकार गरी प्रतिवादीहरू नानीबाबु खत्रीका हकवाला भएकाले नानीबाबु खत्रीले आफूसँग गरेको करार निजका हकवालाले पालना गर्नुपर्ने हुँदा निजहरूका नाउँमा दर्ता नामसारी भई आएको कि. नं. १७७ को जग्गामध्ये करारमा उल्लिखित क्षेत्रफलको जग्गा आफ्ना नाउँमा ल्याउन करारको यथावत् परिपालनाको उपचार माग गरेको पाइन्छ। यस इजलासबाट आज निरूपण हुने विषय पनि जग्गा दर्ताको

कार्यको वैधानिकताको विषयमा नभई दर्ता भएको जग्गा प्रतिवादीहरूले करारअनुसार वादीलाई दिनु पर्ने हो वा होइन भन्ने करारीय दायित्वको निर्धारणसम्म मात्र हो। सुरुमा आफ्नै नाउँमा जग्गा दर्ता गरिपाउन दिएको निवेदन खारेज भएका आधारले मात्र जग्गा दर्ता भएका प्रतिवादीहरूका विरुद्ध करारअनुसारको उपचार खोज्न पाउने वादीको हक समाप्त भएको अथवा संकुचित भएको अर्थ गर्न मिलेन। तसर्थ अन्य प्रकरणहरूमा विवेचना भई निरूपण भएको मिति २०४५।१०।१५ को करारबमोजिम वादीले पाउने उपचार यस फैसलाबाट पाउने नै देखियो।

२८. निरूपण हुनुपर्ने अन्तिम प्रश्न वादीको मागबमोजिमको उपचार निजलाई प्राप्त हुन्छ वा हुँदैन भन्नेसम्बन्धमा हेर्दा माथिका विभिन्न प्रकरणहरूका निरूपण भएअनुसार वादीलाई नानीबाबु खत्रीले मिति २०४५।१०।१५ मा गरिदिएको कागज भविष्यमा जग्गाको हक हस्तान्तरण गर्ने गरी भएको वैध करार भएको, उक्त करारअनुसार यथावत् परिपालनाको उपचार वादीले पाउने तथा सो करारअनुसारको दायित्व पूरा गर्न प्रतिवादीहरूलाई कर लाग्ने कुरा स्थापित भएकाले उक्त करारमा उल्लिखित कि. नं. २ को जग्गाबाट प्रतिवादीहरूका नाउँमा दर्ता भएको कि. नं. १७७ को जग्गामध्येबाट करारमा उल्लिखित उत्तरतर्फको क्षे. फ. १-३-२-०रोपनी जग्गा वादीका नाउँमा रजिस्ट्रेसन पारित हुने ठहर्छ।

## तपसिल खण्ड

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम प्रतिवादीहरूका नाउँमा दर्ता भएको का. जि. सोखेल गा. वि.स. वडा नं. २(क) कि. नं. १७७ को १-७-०-० जग्गाको वादीका नाउँमा रजिस्ट्रेसन पारित गरिपाउने ठहर भएको तथा यसै मुद्दामा लगाउमा रही आजै फैसला भएको यिनै वादी तथा प्रतिवादीहरू भएको दु.द.फा. नि.ब. मुद्दा (मु.नं.०७२-CP-०५७२) मा उक्त कि. नं. १७७ को जग्गा प्रतिवादीहरू दुईजनाले दर्ता फारी गर्ने गरी गरेको र.नं. ११८१(ग) को कागज र सोको आधारमा मालपोत कार्यालयबाट भएको निर्णयसमेत बदर हुने ठहरी फैसला भएकाले मुद्दा अन्तिम भएपछि ऐनका म्यादभित्र कि. नं. १७७ को उत्तरतर्फबाट कित्ताकाट गरी १-३-२-० रोपनी जग्गा पारित गरिपाउँ भनी निवेदन दिएँ कि. नं. १७७ को उत्तरतर्फबाट कि. का. गरी १-३-२-० जग्गा वादीका नाउँमा पारित गरिदिनु भनी सम्बन्धित मालपोत कार्यालयलाई जानकारी दिनू...............................१

यो फैसलाउपर चित्त नबुझे ३५ (पैतिस) दिनभित्र श्री पुनरावेदन अदालत, पाटन ललितपुरमा पुनरावेदन गर्नु भनी प्रतिवादीहरूको नाउँमा पुनरावेदनको म्याद जारी गर्नू................................................२

फैसलाको नक्कल माग्ने सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनू.......................................३

यो मिसिलको दायरी लगत काटी फैसला सफ्टवेयरमा अपलोड गरी नियमानुसार अभिलेख शाखामा बुझाइदिनू.................................................................................................................४

**जिल्ला न्यायाधीश**

मानननीय न्यायाधीशज्यूले बोली टिपाएबमोजिम पाना १३ को फैसला टिपोट गर्ने
डि.-सन्तोष श्रेष्ठ (फाँट-१६)
**इति संवत् २०७३ साल वैशाख १२ गते रोज १ शुभम्.........................**

श्री मकवानपुर जिल्ला अदालत
इजलास
माननीय न्यायाधीश श्री कृष्णराम कोइराला
फैसला
संवत् २०७२ सालको ०७२-CR-०३९३
निर्णय नं : ४०८

मुद्दा :- ठगी

दायरी मितिः- २०७३-०२-०७

**वादीको नाम थर र वतन**

जिल्ला मकवानपुर हेटौंडा उ.म.न.पा. वडा नं.९ बस्ने रामबहादुर खड्काको छोरी वर्ष २९ को कमला खड्काको जाहेरीले नेपाल सरकार..............................................१

**ऐ.को प्रमाण**

साक्षीः-

कागजः-

**प्रतिवादीको नाम थर र वतन**

जिल्ला बारा अमलेखगन्ज गा.वि.स. वडा नं. ८ बस्ने हेमन्तकुमार घलानको छोरी वर्ष २८ को **शशिकला घलान** ..........................१

जिल्ला बारा अमलेखगन्ज गा.वि.स. वडा नं. ८ बस्ने हेमन्तकुमार घलानको छोरा वर्ष २६ को **सुजितकुमार घलान** ....................... १

जिल्ला झापा झिलमिले सतासिधाम गा.वि.स. वडा नं. ९ बस्ने बौधमान राउतको छोरा वर्ष ४१ को **बलबहादुर राउत** ....................१

**ऐ.को प्रमाण**

साक्षीः-

कागजः-

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं.बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्ने भई दायर हुन् आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यसप्रकार छः**

**तथ्य खण्ड**

१. २०७२।११।०५ गते सोनिया शर्मा नाम बताउने व्यक्तिले इन्डियन नं.९१८०१०६१५७६१ बाट फोन गरी म इन्डियन एम्बेसीमा काम गर्छु तपाईंलाई १ महिनाभित्रमा अमेरिकाको भिसा लगाइदिन्छु अन्तरवार्ता दिनु पर्दैन। त्यसको लागि भिसा प्रोसेस गर्नका लागि नेपाली नगद रु. ४,४८,०००।- लाग्छ उक्त रकम सुजितकुमार घलानको नेपाल एस.बि.आई बैंक हेटौंडा शाखाको खाता नम्बर २००१५२४३३००२२६ मा जम्मा गरिदिनु भनेपश्चात् २०७२।११।२३ गते उक्त रकम जम्मा गरेपछि सोनिया शर्माले भिसा प्रोशेसिङ्गको लागि

राहादानी पठाई भनेकीले मैले २०७२।१२।४ गते साझा एक्सप्रेस प्रा.लि. मार्फत निज सोनिया शर्माको नाममा अमित प्लाजा जगत फार्म ग्रेडर नोयडा स्टेट उतर प्रदेश पिन कोड नं.२०१३०८ को ठेगानामा राहदानी कुरियर गरेर पठाइसकेपछि मेरो राहदानीमा भिसा लागेको छ भनेर भिसाको फोटोसमेत म्यासेज गरिदिएको र त्यसपछि निज सोनिया शर्माले डलर एकाउन्ट खोल्नका लागि २०,०००।- डलर आवश्यक पर्छ भनेपछि पुनः २०७२।१२।१५ गते सोही खातामा रु.१,००,०००।- जम्मा गरिदिँए। सोपछि पटक–पटक फोन गरी बाँकी रकम छिटो जम्मा गरिदिनु होइन भने तपाईंको राहदानी फिर्ता आउँछ भनी धम्की दिएको हुँदा निज सोनिया शर्मा भन्ने व्यक्तिले सुजितकुमार घलानको नाम उल्लेख गरी रकम ठगी गर्ने उद्देश्यले विदेश पठाइदिन्छु भनेर प्रलोभन देखाइरहेको र निज सोनिया शर्मा भन्ने व्यक्तिको पहिचान गरी र खातावाला सुजितकुमार घलानलाई समेत झिकाई छानबिन गरी कारबाही गरी पाउँ भन्ने कमला खड्काको निवेदन।

२. सोनिया शर्मा नाम गरेकी व्यक्तिले अमेरिका पठाइदिने भनी सुजितकुमार घलानको नाममा रहेको एस.बि.आई. बैंक हेटौंडा शाखामा रहेको खातामा रु. ४,४८,०००।- र पछि रु. १,००,०००।- जम्मा गरिदिएकोमा निजले ठगी गरेको शंका लागि २०७२।१२।३० गते यस कार्यालयमा निवेदन दिई सो बारेमा बुझ्दै जाँदा सुजितकुमार घलान, शशिकला घलान र बलबहादुर भन्नेसमेतका गिरोहहरूले जाल परिपञ्च गरी गफलतमा पारी धोका दिई ५,४८,०००।- ठगी गरेका हुँदा निजहरूलाई कानूनी कारबाही गरिपाउँ भन्ने जाहेरवाला कमला खड्काको जाहेरी दरखास्त।

३. आज भन्दा करिब ३ महिनाअगाडि मेरो कम्पनीको प्रोडक्ट म्यानेजर अनन्त नागिलाले मेरो साथीको आफन्त इन्डियामा बिमारी भएकाले उपचारको लागि पैसा पठाउनु पर्ने छ। तपाईंको पैसा पठाउने कुनै माध्यम छ भने भनी दिनु पर्‍यो भनेकाले मैले कुरियरको काम गर्ने बलबहादुर राउतले सहयोग गर्छन् भनी निज बलबहादुर राउतको मोबाइल ९८५१०९७५७३ नम्बर अनन्त नागिलालाई दिई बलबहादुर राउत हाम्रो कम्पनीको सामान भारतबाट ल्याइदिने कुरियरमा काम गर्ने व्यक्ति हुन् र आफ्नै कम्पनीको कर्मचारीको आफन्त बिरामी भएको कारणले मैले सहयोग स्वरूप निज अनन्त नागिलालाई बलबहादुर राउतको मोबाइल नम्बर दिएको हो। निज बलबहादुर राउतले कोमार्फत कसको के कति पैसा इन्डियामा कसले पाउने गरी पठाए मलाई केही जानकारी भएन। म्याक स्मिथ, सोनिया शर्मा, सुजितकुमार घलान र शशिकला घलानलगायतका व्यक्तिहरूलाई मैले देखे चिनेको छैन भन्ने जे.सि.बि. बिक्री गर्ने कम्पनीको प्रबन्ध निर्देशक तेजप्रसाद सुवेदीले गरेको कागज।

४. शशिकला घलान मेरो साथीको दिदी भएकाले ६ वर्षअगाडि सामान्य चिनजान भएको थियो। करिब ३ महिनाअगाडि तिर शशिकला घलानले मेरो मोबाइलमा फोन गरी मेरो आफन्त बिरामी भई इन्डियाको अस्पतालमा छन्। अर्जेन्ट पैसा पठाउनु पर्‍यो मलाई सहयोग गर्नुपर्‍यो भन्दा मैले मेरै कम्पनीको जि.एम. तेजप्रसाद सुवेदीलाई मेरो साथीको आफन्त बिरामी भई इन्डिया अस्पतालमा छन्। पैसा पठाउनु पर्‍यो भन्दा निजले एक जनाको मोबाइल नम्बर मलाई

दिनुभयो। यो बलबहादुर राउत नाम गरेको कुरियरको मान्छेको नम्बर हो भन्नु भयो र उक्त मोबाइल नम्बर मैले शशिकला घलानलाई फोन गरी टिपाई दिएँ र उक्त नम्बरमा फोन गरी आफैँले कुरा गर्नु भनें, सोपश्चात् निजले पैसा पठाए पठाएन के कति पैसा पठाए सो कुरा मलाई थाहा भएन। २०७३।०१।०६ गतेतिर शशिकला घलानले मेरो भाइलाई प्रहरीले पक्रेको छ भनी रुँदै फोन गरिन् मैले प्रहरीले किन पक्रेको भनी सोध्दा त्यही पहिला इन्डियामा पैसा पटाएको केशमा होला भनिन्। मैले त्यसो हो भने बिरामी भर्ना भएको इन्डियाको अस्पतालबाट डकुमेन्ट मगाउनु भन्दा निजले फोन राखिन् त्यसपछि के–के भयो मलाई थाहा भएन। प्रहरीले मसमेतलाई उपस्थित हुन् आउनु भनी जानकारी गराएकोले म जिल्ला प्रहरी कार्यालयमा गएपछि मात्र शशिकला घलान, सुजितकुमार घलानसमेतले जाहेरवाला कमला खड्काको पैसा इन्डियामा बस्ने सोनिया शर्मा भन्ने व्यक्तिलाई पठाएको भन्ने जानकारी भयो। बलबहादुर राउतलाई त्यहीं देखेको हुँ। उक्त घटनाको सम्बन्धमा मलाई थाहा भएसम्मको विवरण यही नै हो भन्ने जे.सि.बि. बिक्री गर्ने कम्पनीको प्रोडक्ट म्यानेजर अनन्त नागिलाले गरेको कागज।

५. २०७२।११।०५ गते इन्डियन नम्बरबाट फोन गरी म इन्डियन एम्बेसीमा काम गर्छु। तपाईंलाई १ महिनाभित्रमा अमेरिकाको भिसा लगाई दिन्छु। अन्तरवार्ता दिनु पर्दैन। त्यसको लागि भिसा प्रोसेस गर्नका लागि नेपाली नगद रु.४,४८,०००।- लाग्छ भनी सुजितकुमार घलानको खातामा पठाइदिनु भनेकोमा जाहेरवाला कमला खड्काले २०७२।११।२३ गते रु.४,४८,०००।- पठाइदिएपछि सक्कल राहदानी कुरियर गरेर पठाइसकेपछि निज सोनिया शर्मालि भिसामा स्टिकर लगाउनको लागि २०,०००।- डलर आवश्यक पर्छ नत्र हुँदैन भनेपछि तत्काल जाहेरवालासँग त्यति रकम नभएकाले २०७२।१२।१५ गते सोही खातावालाको नाम र खाता नम्बरमा रु.१,००,०००।– जम्मा गरिदिएपछि पनि पटक–पटक फोन गरी छिटो भन्दा छिटो रकम जम्मा गरिदिनु होइन भने राहदानी फिर्ता आउँछ भनी धम्की दिएकाले शंका लागी जाहेरवाला र प्रहरीसमेतले बुझ्ने क्रममा प्रतिवादी सुजितकुमार घलान, शशिकला घलान र बलबहादुर राउत भन्नेसमेतका गिरोहले अमेरिका पठाइदिन्छु भनी जाहेरवालाको रु.५,४८,०००।– ठगी गरेको हुँदा निज प्रतिवादीहरूलाई प्रहरीले पक्राउ गरी अनुसन्धान भइरहेको भन्ने कुरा जाहेरवाला कमला खड्काले भनेको हुँदा सुनी थाहा पाएको हो भन्ने कल्पना थापा मगर, कृष्णहरी न्यौपाने, श्याम श्रेष्ठसमेतले गरेको घटना विवरण कागज।

६. आजभन्दा करिब ६ महिनाअगाडि मेरो श्रीमतीसँग Mack Smith भन्ने व्यक्तिको फेसबुकमा Friend add भई कुराकानी भएको रहेछ। मैले पनि Friend Request पठाउँदा निजले Accept गरेपछि हाम्रो फेसबुकमा कुराकानी हुने क्रममा निजले फोन नम्बर दिएपछि फोनमा समेत कुरा भएको र निजले मेरोबारेमा सोध्दा मैले सबै कुरा बताएपछि मलाई आर्थिक सहयोग गर्ने कुरा गरेको र पछि अमेरिका पठाइदिने कुरा गरी रु.१७,०००।- डलर लाग्ने कुरा बताई सोनिया शर्माको नम्बर दिएपछि मैले सोनिया शर्मासँग फोनमा कुराकानी भएपछि निजले फिंगर

प्रिण्टसमेत मागेकाले मेल गरी पठाइदिएपछि पासपोर्ट डकुमेन्ट मागेकाले शशिकला तामाङ्गमार्फत पठाइदिएको र मैले एस.बि.आई. बैंक हेटौंडा शाखामा सुजितकुमार घलानको नामको खातामा रु.१६,९५,०००।- पठाएको हुँ। निजहरूले मलाई अमेरिका पठाइदिने भनी ठगी गरेको कुरा हाल थाहा भएको हो भन्ने गोपाल भुजेलको कागज।

**प्रतिवादीहरूको मौकाको बयान**

७. ५।६ महिनाअगाडि मेरो फेसबुक Mack Smith भन्ने व्यक्तिको Friend Request आएको र मैले Accept गरेपछि सामान्य कुरा हुन् थालेपछि निजले मलाई चिनेको बाग्लुङ्गको कार्यक्रममा देखेको, आफू भूकम्प पीडितलाई सहयोग गर्न नेपालमा आएको र रेडक्रसमा सिनियर डाक्टर भएको बताई मलाई आजकाल के काम गर्दै छौ अमेरिका आउने ईच्छा छ भनी सोध्दा मैले अमेरिका आउन पाए को आउन चाहँदैन तर म अमेरिका जानको लागि पैसा लगानी गर्न सक्दिन भन्दा तिमीलाई ममाथि विश्वास नभए १ जना भूकम्प पीडित गोपाल भुजेललाई अमेरिका लग्दै छु। निजले दिएको पैसा भारतीय राजदूतावासमा काम गर्ने सोनिया शर्मालाई पठाइदिनु भने र पछि भारतबाट सोनिया शर्मा नाम गरेको केटीले फोन गरिन्। निजले तिम्रो एकाउन्ट नम्बर देउ सो एकाउन्टमा पैसा आउँछ पैसा आएपछि इन्डियामा मैले पाउने गरी पठाइदिनु भनेपछि सो कुरा मैले सुजित घलानलाई भनी निजका नाममा एस.बि.आई. बैंक हेटौंडामा खाता खोली सोही खाता नं. मा पैसा जम्मा भएपछि मैले सोनियालाई धेरै पैसा इन्डियामा पठाउन सकिंदैन भनेपछि आफन्त बिमारी छ भनी पठाउ भनेकीले मैले काठमाडौंमा चिनेका साथी अनन्त नागिलालाई फोन गरी इन्डियामा आफन्त बिमारी छन्, पैसा पठाउन सकिन्छ भन्दा निजले बलबहादुर राउतको मोबाइल नम्बर दिई निज बलबहादुर राउतलाई फोन गर्दा निजले मेरो नाममा पठाइदिनु म पठाइदिन्छु भनेपछि मेरो भाइ सुजित घलानलाई बलबहादुर राउतको मोबाइल नम्बर दिई कुरा गरी निजले आई.एम.ई गरी बलबहादुर राउतलाई पटक पटक पैसा पठाइदिएका हुन् क कसले के कति रकम जम्मा गरे र निजले के कति पठाए भन्ने सुजितकुमार घलानलाई जानकारी होला भन्ने प्रतिवादी शशिकला घलानले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

८. म काठमाडौं नयाँ बानेश्वरमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राइम इक्सप्रेस कुरियर पार्टनरसिपमा सञ्चालन गर्दै आएको छु। जे.सि.बि. कम्पनीको भारतबाट आउने सामान मैले ल्याइदिने भएकाले उक्त कम्पनीका सि.ओ.तेज सुवेदीसँग मेरो राम्रो सम्बन्ध थियो। निजले करिब २ महिनाअगाडि मेरो स्टाफ अनन्त नागिलाको बहिनीको आमा भारतको दिल्लीस्थित एपोलो अस्पतालमा क्यान्सरको बिरामी भई उपचारको क्रममा रहेकोले निजलाई पैसाको समस्या परेको हुँदा पैसा पठाई दिनु पर्ने भयो भनेकाले मैले मलाई सम्पर्क गर्न पठाइदिनु भनें। भोलि पल्टै शशिकला घलानले तेजप्रसाद सुवेदीले भनेको भारतमा उपचारको लागि पैसा पठाउने भनेको व्यक्ति म नै हुँ भनी कुरा भएकाले मैले काठमाडौंमा पठाइदिनु म पठाइदिन्छु भनेकाले मलाई सुजितकुमार घलानको नामबाट पटक पटक आई.एम.ई. मार्फत आउने गरेको र सो पैसा मैले

मेरो कारोबारको कस्टमर आर.टि.सि. कम्पनीको साहु काठमाडौंमा पस्मिना कारखाना सञ्चालक सुनिल ब्याससँग कुरा गरी निजले भारतको जम्बु एण्ड कस्मिर बैंक दिल्लीबाट पाउने गरी ३ पटक गरेर ने.रु. ८,९१,२००।- को चेक लिई उक्त चेक मैले भारतको दिल्लीमा रहेको कुरियरको शाखामा काम गर्ने स्टाफ कमल जित सिंहलाई पठाई सो पैसा निकाली सोनिया शर्मालाई दिनु भनी निजले सोबमोजिम उक्त रकम निकाली सोनिया शर्मालाई दिएका हुन्। मैले कमला खड्कालाई अमेरिका पठाइदिने भनी शशिकला घलान र सुजितकुमार घलानसँग मिली ठगी गरेको होइन र सुजितकुमार घलानले मलाई पठाएपछि निजहरूले भनेको व्यक्तिलाई मैले भारतमा पैसा पठाइदिएको हुँ। सो पैसा पठाइदिएबापत मैले कुनै लाभ लिएको छैन भन्ने प्रतिवादी बलबहादुर राउतले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

९. मेरो दिदी शशिकला घलानले Mack Smith भन्ने व्यक्तिले भूकम्प पीडित गोपाल भुजेल भन्ने व्यक्तिलाई अमेरिका लैजाँदै छ। निजले पठाएको पैसा हामीमार्फत भारतमा सोनिया शर्मालाई पठाइदिएमा निजले हामीलाई अमेरिका लैजान्छु भनेको छ भन्ने कुरा गरेपछि गत असोज महिनामा हेटौंडामा एस. बि. आई. बैंक मा खाता खोली उक्त खाता नम्बर दिदीले लिएपछि केही दिनमा सोनिया शर्मा नाम गरेको महिलाले मलाई फोन गरी तपाईंको खातामा पैसा जम्मा हुन्छ जम्मा भएको पैसा मैले दिएको ठेगानामा पठाइदिनु भनिन्। सो पछि गोपाल भुजेलले फोन गरी तपाईंको खातामा पैसा जम्मा गरिदिएको छु भनी जानकारी गराए र सोनिया शर्माले उक्त पैसा पठाइदिनु भनेकाले उक्त पैसा पठाउन दिदी शशिकला घलानले बलबहादुर राउतको मोबाइल नम्बर दिई निजसँग मोबाइलमा कुरा गरी सोनिया शर्माले पाउने गरी पठाइदिनु भनी मेरो खातामा जम्मा भएको रकम आई.एम.ई. मार्फत पटक–पटक बलबहादुर राउतलाई पठाएको हुँ उक्त पठाएको रकममध्ये रु.५,४८,०००।- निज जाहेरवाला कमला खड्काको रहेछ, दिदी शशिकला घलानलाई Mack Smith भन्ने व्यक्तिले अमेरिका लान्छ भनी विश्वासमा परी मेरो खाता प्रयोग गरी दिदीले भनेअनुसार गरेको हुँ भन्ने प्रतिवादी सुजितकुमार घलानले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

**अभियोग मागदाबी**

१०. प्रतिवादीहरू शशिकला घलान र सुजितकुमार घलानले सोनीया शर्मा र Mack Smith सँगको मिलोमतोमा अमेरिकाको भिसा लगाई अमेरिका पुऱ्याइदिने भनी रकम माग गरी ठगी गर्ने मनसायसाथ पूर्वयोजना बनाई प्रतिवादी सुजितकुमार घलानको नाममा नेपाल एस.वि.आई बैंकमा खाता खोली कमला खड्का र गोपाल भुजेललाई रकम जम्मा गर्न लगाई निजहरूले जम्मा गरेको रकम प्रतिवादी बलबहादुर राउतमार्फत भारतमा सोनीया शर्मा भन्ने व्यक्तिलाई पठाई ठगी गरेको हुँदा निज प्रतिवादीहरू शशिकला घलान, सुजितकुमार घलान र बलबहादुर राउतलाई मुलुकी ऐन ठगीको महलको १ र २ नं. को कसुर अपराधमा निज प्रतिवादीहरू शशिकला

घलान, सुजितकुमार घलान र बलबहादुर राउतलाई सोही महलको ऐ. ४ नं.बमोजिम सजाय हुन् र जाहेरवाला कमला खड्काको रु.५,४८,०००।- र पीडित गोपाल भुजेलको रु.१६,९५,०००।- ठगी भएको रकम सोही महलको ४ नं.बमोजिम निज प्रतिवादीहरूबाट जाहेरवाला कमला खड्का र पीडित गोपाल भुजेललाई दिलाई भराइ पाउँ भन्ने अभियोग मागदाबी।

**प्रतिवादीहरूको अदालतमा भएको बयान**

११. जाहेरवालाले सुजितकुमार घलानको खातामा कहिले कति रकम जम्मा गर्नुभयो मलाई थाहा भएन। जाहेरवाला मेरो साथी हुन्। मेरो अमेरिकन नागरिक Mack Smith भन्ने मानिससँग मेरो फेसबुकमार्फत चिनजान भएको हो। गफको सिलसिलामा निजले मलाई तपाईंले गरेको काम मलाई चित्त बुझ्यो। तपाईं अमेरिका आउन चाहनुहुन्छ ? भनी सोध्नुभयो मेरो अमेरिका आउने हैसियत छैन भनेपश्चात् निजले म सहयोग गर्छु भनी भन्नुभयो। निजले मलाई गोपाल भुजेल भूकम्प पीडित हुन्। निज पनि अमेरिका आउँदै छन् ऊ आएपछि तिमीलाई विश्वास लाग्छ भने मेरो फोन नं. गोपाल भुजेललाई दिनुभएछ। गोपाल भुजेल भन्ने व्यक्तिले मलाई फोन गरी म पनि अमेरिका जाँदैछु म पैसा पठाउँछु। तिम्रो खाता नं.बाट भारत पठाइदिनु भन्नुभयो। भारतबाट पनि सोनिया शर्मा भन्ने व्यक्तिले पैसा पठाइदेउ भनी फोन गर्नुभयो। सो कुरा मैले भाइ सुजितकुमार घलानसँग गर्दा तपाईंले चिन्नु भएको रहेछ। पैसा पठाइदिने हो भने मेरो खाता नं. दिनुभए हुन्छ भनेपछि मैले भाइको एस.वि.आई बैंकको खाता नम्बर म्याक स्मिथलाई भनी दिएँ। निजले खाता नं. गोपाल भुजेललाई भनी दिनुभएछ। गोपाल भुजेलले मेरो भाइ सुजितकुमार घलानको खातामा रकम पठाईदिन्थे। भाइले उक्त रकम बलबहादुर राउतमार्फत भारत घर हुने सोनिया शर्मा नाउँ गरेको व्यक्तिलाई निजले दिएको ठेगानामा रकम पठाइदिने गर्दथे। बलबहादुर राउतले केमार्फत रकम पठाउँथे मलाई थाहा भएन। मैले जाहेरवालाको रकम ठगी गरी लिई खाए मासेको होइन। जाहेरवालालाई मैले कुनै प्रलोभनमा पारी निजको रकम ठगी गर्ने उद्देश्यले विदेश पठाइदिन्छु भनी लिई खाएको होइन। मैले जाहेरवालासमेतलाई अमेरिकाको भिसा लगाई अमेरिका पुऱ्याइदिने भनी रकम माग गरी ठगी गरी रकम लिए खाएको नहुँदा मलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने होइन। मैले बिगो तिर्नु बुझाउनु पर्ने होइन भन्ने प्रतिवादी शशिकला घलानले यस अदालतमा गरेको बयान।

१२. म कमला खड्कालाई चिन्दिन। कमला खड्काले मेरो एस.बि.आई बैंकमा रहेको खातामा किन रकम जम्मा गर्नुभयो मलाई थाहा भएन। दिदी शशिकला घलानसँग अमेरिकी नागरिक भनी बताउने Mack Smith नाम गरेका व्यक्तिसँग फेसबुकमा चिनजान भई निजले दिदीलाई विदेश अमेरिका लगिदिने भनेको रहेछ। दिदीले मलाई भनेको समयमा अफिसभन्दा बाहिर जान सक्दिन। भाइ तिमीले एस.बि.आई. बैंकमा खाता खोली तिम्रो खाता नं. मलाई देउ भन्नुभएको हुँदा मैले बैंकमा खाता खोली खाता नं. दिदीलाई दिएको हुँ। उक्त खातामा जाहेरवाला कमला खड्का र गोपाल भुजेलले रकम जम्मा गर्नुभएको रहेछ। उक्त जम्मा भएको रकम मैले

आइ.एम.ई. गरी बलबहादुर राउतलाई पठाएको हुँ। बलबहादुर राउतले निजको मोबाइल नं. मेरो दिदी शशिकला घलानलाई दिनुभएको रहेछ। दिदीले मलाई बलबहादुर राउतको मोबाइल नं. दिनुभएको हुँदा निजलाई फोन गरी आई.एम.इ. मार्फत जाहेरवाला कमला खड्काको रु.५,४८,०००।- र गोपाल भुजेलको रकम यकिन मलाई थाहा भएन, रु.१६,००,०००।- भन्दा बढी रकम पठाएको हुँ। एक पटक बलबहादुर राउतलाई काठमाडौमा गई भेटेर रु.१०,००,०००।- नगदै दिएको हुँ। बलबहादुर राउतले उक्त रकम भारतको दिल्लीमा कमल जित सिं मार्फत सोनिया शर्मा भन्ने व्यक्तिलाई पठाउने गरेको भनी भनेका थिएँ। के कसरी पठाए मलाई थाहा भएन। मैले आफ्नो खातामा जाहेरवाला र गोपाल भुजेलले पठाएको रकम निकाली आइ.एम.ई. गरी बलबहादुर राउतलाई दिएकोसम्म हो। मैले जाहेरवालासमेतलाई अमेरिका पठाइदिन्छु भनी ठगी गर्ने मनसायले मेरो खातामा रकम जम्मा गर्न लगाएको र उक्त रकम लिई झिकी खाएको नहुँदा मउपरको जाहेरी बेहोरा झुठा हो। मैले जाहेरवालासमेतलाई अमेरिकाको भिसा लगाई अमेरिका पुर्‍याइदिने भनी रकम माग गरी ठगी गरी रकम लिए खाएको नहुँदा मलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने होइन। मैले बिगो तिर्नु बुझाउनु पर्ने होइन भन्ने प्रतिवादी सुजितकुमार घलानले यस अदालतमा गरेको बयान।

१३. मैले जाहेरवाला तथा प्रतिवादीहरू शशिकला घलान, सुजितकुमार घलानलाई चिनेको छैन। मैले २०५२ सालदेखी अर्काको कुरियरमा काम गरी हाल आएर आफैँले ६ महिनाअगाडिदेखी कुरियर सञ्चालन गरी आएको छु। मैले भारतबाट जे.सि.बि. कम्पनीको पार्टपुर्जाहरू कुरियर कार्गोमार्फत ल्याउने लैजाने काम गरी आएको र अरू कम्पनीहरूको पनि गर्ने गरेको अवस्थामा करिब २ महिनाअगाडि जे.सि.बि. को नेपाल शाखाका जि.एम. तेजबहादुर सुवेदीले मलाई फोन गरी मेरो स्टाफ अनन्त नागिलाको आफन्त भारतको एपोलो अस्पतालमा क्यान्सरको बिरामी भई भर्ना गरिराखेको छ। रकम तपाईंले पठाइदिई सहयोग गरिदिनुपर्‍यो भनेको हुँदा मैले सम्बन्धित व्यक्तिलाई फोन गर्न भनिदिनुहोस् भनी भोलिपल्ट एकजना लेडिजले मलाई तेजप्रसाद सुवेदीले फोन गर्नुभयो भनी सोध्नुभएकामा मैले गर्नुभएको थियो भनी भनेँ। निजले मेरो दिदी बिरामी भई भारतमा रकम पठाउनुपर्‍यो सहयोग गरिदिनुपर्‍यो भनेकोले मैले हुन्छ रकम ल्याइदिनुहोस् भनेकोमा निजले मान्छे छैन, आइ.एम.ई गरी पठाइदिन्छु भनिन। मैले हुन्छ भनी तीन पटक गरी जम्मा भा.रु. ५,५७,०००।- पठाइदिएका हुन्। सो रकम मेरो कुरियरको भारतीय शाखाको मेनेजरलाई भन्न लगाई निजबाटै सोनिया शर्मा नाम गरेको व्यक्तिलाई दिई पठाएको हो। सोनिया शर्मा नाम गरेको व्यक्ति लिन आउँछिन् भनी मलाई अहिले बुझ्दा शशिकला घलान भन्ने व्यक्तिले भनेकी रहेछिन्। मैले जाहेरवालालाई अमेरिका पठाइदिन्छु भनी निजको रकम लिई ठगी गरेको होइन्। मउपरको जाहेरी बेहोरा झुठा हो। मैले जाहेरवालासमेतलाई अमेरिकाको भिसा लगाई अमेरिका पुर्‍याइदिने भनी रकम माग गरी ठगी गरी रकम लिए

खाएको नहुँदा मलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने होइन। मैले बिगो तिर्नु बुझाउनु पर्ने होइन भन्ने प्रतिवादी बलबहादुर राउतले यस अदालतमा गरेको बयान।

**सम्बद्ध कानून**

१४. मुलुकी ऐन, ठगीको महलको १ २ ४ र ५ नं. समेत।

**बुझिएका साक्षी प्रमाणहरु**

१५. म्याक स्मिथ भन्ने व्यक्तिले सामाजिक संजाल फेसबुकमा Request पठाउनुभएको हो र उहाँको Friend list मा शशिकला घलान र एलिसा श्रेष्ठलाई देखेपछि मैले निज म्याक स्मिथको Friend request स्वीकार गरेको हो। साधारण कुराकानी हुन्थ्यो। यही क्रममा मलाई उहाँले अमेरिका आउन इच्छुक भए म एजेन्ट पठाइदिन्छु। मलाई आफ्नो Contact देउ भनेकोले आफ्नो नम्बर दिएको हुँ। त्यसको २ दिनपछि मलाई इन्डियन नम्बरबाट फोन आयो। फोन गर्ने व्यक्ति सोनिया शर्मा हुन्। उनले म इन्डियन एम्बेसीमा काम गर्दछु। मैले तपाईंलाई इन्टरभ्यु विना नै १ महिनाभित्र अमेरिका पुऱ्याउन सक्छु भिसा प्रोसेसिङ्ग को लागि भा.रु. २,८०,०००।- रकम चाहिन्छ भनेपछि र हेटौंडामा एजेन्ट छ भनी सुजितकुमार घलान भन्ने एजेन्टको खाता नं. दिई सोमा पैसा हालिदिए। सोनियाले पछि फेरि फोन गरी तपाईंको भिसा लाग्यो अब डलर एकाउन्ट खोल्नुपर्छ २०,००० डलर जम्मा गर्नु भने पनि मसँग एक लाख मात्र छ भनेकोमा निजले अहिले त्यति नै हालिदिनु बाँकी विस्तारै हालिदिनु भनेकोले पुनः सुजित घलानको खातामा एक लाख रुपैयाँ जम्मा गरिदिएँ। यसरी निजले पटक पटक फोन गरी पैसा माग गर्दा मसँग पैसा छैन भनी भन्दा म्याक स्मिथ र सोनिया शर्माले पासपोर्ट फिर्ता गरिदिने धम्की दिए। मैले पनि मेरो पैसा फिर्ता देउ भने। मैले फेसबुकमा तपाईंहरूले को कसलाई अमेरिका लैजानुभयो भनी सोध्दा म्याक स्मिथले शशिकला घलान र गोपाल भुजेलको भिसा लागेर अमेरिका आइसकेको कुरा भने। शशिकला घलान मेरो साथी भएको हुँदा हाम्रो म्याक स्मिथको बारेमा कुरा हुँदा मैले त्यो व्यक्ति झुठा हो। पैसा नहाल भनेको थिएँ। निजले पनि मलाई त्यस्तै लाग्छ भनी भनेकी हुन्। मैले आफूले पैसा हालेको कुरा शशिकला घलानलाई भनिन। त्यसपछि मैले निजलाई केही नभनी जाहेरी दिएको हुँ। मैले शशिकला घलानलाई मुद्दा हालेको होइन। मैले सुजितकुमार घलानलाई मात्र मुद्दा हालेको हुँ भन्ने जाहेरवाला कमला खड्काले यस अदालतमा गरेको बकपत्र।

१६. करिब ४ महिनाअगाडि मेरो अफिसमा कार्यरत अनन्त नागिला मेरो क्याबिनमा आई मेरो साथीको रिलेटिभ इन्डियामा उपचार गर्न लगेको छ। बिरामी एकदम सिरियस भएकाले उपचार गर्नको लागि तुरुन्त पैसा पठाउनुपऱ्यो कुनै उपाय छ भनी बताइदिन तथा सहयोग गरिदिन भनी अनुरोध गरेको हुँदा मैले बलबहादुर राउतसँग कुरा गर्नको लागि भनें। मैले बलबहादुर राउतलाई फोनबाट उक्त कुरा बताइसक्ने भए हेरेर गरिदिनुहोला भनें। त्यसपछि अनन्त

नागिलालाई बलबहादुर राउतको मोबाइल नम्बर दिएँ। त्यसपछि के भयो मलाई थाहा भएन भन्ने घटना विवरण कागज गर्ने तेजप्रसाद सुवेदीले यस अदालतमा गरेको बकपत्र।

१७. मेरो साथी शशिकला घलानले इन्डियामा कोही आफन्त बिरामी परेकाले अर्जेन्ट पैसा पठाउन कोही मान्छे चिनेको छ कि भनी सोधेको र मैले चिनेको छैन भने। त्यसपछि अर्कोचोटि फोन गरेपछि मेरो अफिसको प्रमुख तेजप्रसाद सुवेदीलाई उक्त विवरण बताएँ र मेरो अफिसको प्रमुखले मेराअगाडि एकजनालाई फोन गरेर फोन नम्बर लिएर कुरा गर्न लगाउ भन्नुभयो। मैले त्यो नम्बर शशिकला घलानलाई दिएँ। त्यसपछि के कसो भयो केही थाहा भएन भन्ने घटना विवरण कागज गर्ने अनन्त नागिलाले यस अदालतमा गरेको बकपत्र।

१८. सुरुमा मेरो म्याक स्मिथसँग फेसबुकमा कुराकानी भयो। त्यसपछि करिब २।३ महिनापछाडि निजले मेरो पारिवारिक पृष्ठभूमिको बारेमा सोधपुछ गर्दा मैले सबै कुरा भनें। निजले मलाई केही सहयोग गर्छु भनी मेरो बैङ्क खाता नं. मागेकोमा मैले निजलाई मेरो खाता नं. दिइन। २।३ दिनपछि अमेरिका आउन चाहनुहुन्छ भने आउनुहोस् म सहयोग गर्छु भनेकोले मैले सबै कुरा बताएपछि निजले म सबै कुरा मिलाईदिन्छु भनी भारतमा बस्ने सोनियाको नं. दिएका थिएँ। मैले सोनियालाई फोन गरी सोधपुछ गर्दा मलाई तपाईंको बारेमा सरले बताइसक्नुभएको छ। तपाईं अमेरिका जान चाहनुहुन्छ भने प्रक्रिया अगाडि बढाउनुहोला। Mack Smith त्यस्तो नराम्रो मान्छे होइन। मैले प्रकियाको बारेमा सोधपुछ गर्दा पासपोर्ट र हस्ताक्षर र औँठाछाप पठाइदिनु प्रक्रिया अगाडि बढ्छ भनेपछि मेरो औँठाछाप र हस्ताक्षर निज सोनियाको इमेल आइडीमा पठाउन भनेको र पासपोर्ट शशिकला घलानको नम्बर दिई सो नम्बरमा सम्पर्क गरी पासपोर्ट दिनु निज शशिकला घलानले मलाई पठाइदिन्छ भनेपछि मैले निज शशिकला घलानलाई सम्पर्क गर्दा शशिकलाले भाइ सुजित घलानको नम्बर दिएको हो। केही दिनपछि म्याक स्मिथले पैसा यति लाग्छ भनी सोनियालाई पठाइदिनु भनेपछि निज सोनियाले सुजितकुमार घलानको बैङ्क खाता नम्बर दिएको हो। मैले निजको खातामा ३ किस्तामा रु. १६,९५,०००।- जम्मा गरिदिएको हो। सो पैसा शशिकला घलानले र सोनियाले पाएको खबर मलाई जानकारी गराएका थिएँ। उक्त रकम पठाएको केही समयपछि तपाईंको सबै प्रक्रिया पूरा भयो। अब सोनियाले रिसिभ गर्छ र सबै प्रक्रिया पूरा गरेर अमेरिका पठाइदिन्छ भनेका हुन्। त्यसपछि म्याक स्मिथ, सोनिया सम्पर्क विहीन भए र म ठगिएको थाहा पाएर घटना विवरण कागज लेखाएको हो भन्ने घटना विवरण कागज गर्ने गोपाल भुजेलले यस अदालतमा गरेको बकपत्र।

१९. अमेरिका लैजान भनी पैसा दिएको भन्ने सुनेको मात्र हुँ। मैले प्रतिवादीहरूलाई चिनेको छैन। कमला खड्का मेरो छिमेकी हुन्। उनले यसबारे भनेपछि मात्र मैले थाहा पएको हो भन्ने घटना विवरण कागज गर्ने कल्पना थापा मगरले यस अदालतमा गरेको बकपत्र।

२०. जाहेरवाला कमला खड्कालाई प्रतिवादी शशिकला घलानले आफैंले फोन गरी वा कुनै अन्य माध्यमबाट अमेरिका लैजान्छु भन्ने विषयमा कुनै कुराकानी नै नभएको अवस्थामा त्यसलाई ठगी

भन्नै मिल्दैन। कमला खड्कालाई प्रतिवादी शशिकलाले ठगी गरेको होइन। कमला खड्का आफैं म्याक स्मिथ भन्ने मान्छेसँग सम्पर्कमा रही उसैले भनेबमोजिम गरेको हुँदा शशीकला घलानको यस ठगीमा कुनै सम्बन्ध छैन। निज प्रतिवादी शशिकला घलान सजायको भागीदार हुनुहुँदैन र निजले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने प्रतिवादी शशिकला घलानका साक्षी सुनिलकुमार घलानले यस अदालतमा गरेको बकपत्र।

२१. बलबहादुर राउत र मेरो प्राय गरेर दैनिक भेटघाट हुने गर्छ। हामी सुख दुःख सबैकुरा एकापसमा बाँड्ने गर्छौं। त्यही सिलसिलामा अहिले भएको घटनामा पनि कुरा भएको थियो। यो घटनामा मेरो जेसिबी कम्पनीमा काम गर्ने साथीले दुखद् घटना सुनाउनुभयो। निजको कोही साथीको आफन्त मान्छे इन्डियामा सिकिस्त बिरामी अवस्थामा रहेछन्। मैले पैसा पठाइदिएर सहयोग गर्नुपर्ने भयो भनी सरसल्लाह गर्नुभएको थियो। सोहीअनुरूप निजको अफिसको इन्डियाको शाखामा भएको पैसा बिरामी पक्षलाई दिई उक्त इन्डियामा दिएको पैसा यहाँको सुजित घलानले बलबहादुरलाई फिर्ता दिएका हुन्। सहयोगीको काम मात्र गरेका हुन्। तसर्थ मैले थाहा पाएअनुसार निजलाई लगाइएको आरोप झुठा हो। कसैलाई मानवीय ढङ्गले सहयोग गर्नु कसैको जीवन बचाइदिनु अपराध होइन भन्ने जस्तो लाग्छ। निजले सहयोग भूमिका मात्र निर्वाह गरेको हुनाले सजाय हुनुपर्ने होइन, सफाइ पाउनुपर्छ भन्ने प्रतिवादी बलबहादुर राउतका साक्षी महेन्द्र मैनालीले यस अदालतमा गरेको बकपत्र।

२२. प्रतिवादी सुजित घलानले जाहेरवाला कमला खड्कालाई चिन्दैनन् र निजले कमला खड्कालाई अमेरिका लैजान्छु भनेका पनि होइनन्। निजको फोनमा कुरा भएको पनि होइन। कमला खड्काले म्याक स्मिथ र सोनिया शर्मालाई सम्पर्क गरी आफैंले नै सुजितलाई नसोधी र नचिनीकन खातामा पैसा जम्मा गरेको हो। सुजितकुमार घलानले जाहेरवाला कमला खड्कालाई ठगी गरेको होइन भन्ने प्रतिवादी सुजितकुमार घलानको साक्षी शर्मिला घलानले यस अदालतमा गरेको बकपत्र।

२३. प्रतिवादी बलबहादुर राउतलाई सानैदेखी चिन्छु। निजले सञ्चालन गरेको प्राइम इन्टरनेसनल एक्सप्रेस कुरियर एण्ड कार्गोका एकजना सेवाग्राहीका सि.इ.ओ. तेजप्रसाद सुवेदीले पटक पटक बलबहादुर राउतलाई आग्रह अनुरोध गरी जे.सि.बी. को स्टाफ अनन्त नागिलाको आफन्त बिरामी भई दिल्लीको एपोलो हस्पिटलमा उपचारार्थ रहेको अवस्थामा प्रतिवादी बलबहादुर राउतको कुरियरबाट रकम पठाउन अनुरोध गर्दा प्राइम इन्टरनेसनल कार्यालयमार्फत दिल्ली शाखामा लिनुपर्ने रकम हिसाब मिलान गर्ने गरी दिल्ली शाखाका मेनेजर कमल जित सिंहमार्फत बिरामीलाई रकम उपलब्ध गराएको हो। निजलाई सजाय हुनुपर्ने होइन भन्ने प्रतिवादी बलबहादुर राउतको साक्षी ओमनाथ बस्नेतले यस अदालतमा गरेको बकपत्र।

## अदालतको ठहर

२४. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन् आएको प्रस्तुत मुद्दामा मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला

न्यायाधिवक्ता श्री यामबहादुर बानियाले प्रतिवादीहरू शशिकला घलान, सुजितकुमार घलान र बलबहादुर राउतको मिलेमतोमा अमेरिकाको भिसा लगाई अमेरिका पुऱ्याइदिने भनी रकम माग गरी ठगी गर्ने मनसायको साथ पूर्वयोजना बनाई प्रतिवादी सुजितकुमार घलानको नाममा नेपाल एस.बि.आई बैंकमा खाता खोली कमला खड्का र गोपाल भुजेललाई रकम जम्मा गर्न लगाई निजहरूले जम्मा गरेको रकम प्रतिवादी बलबहादुर राउतमार्फत भारतमा सोनिया शर्मा भन्ने व्यक्तिलाई पठाई ठगी गरेको तथ्य यी प्रतिवादीहरूउपर किटानी जाहेरी रहेको तथा सो जाहेरीलाई समर्थन हुने गरी यस अदालतमा गरेको बकपत्र, मौकामा बुझिएका मानिसहरूको भनाइ तथा निजहरूले यस अदालतमा गरेको बकपत्रसमेतबाट यी प्रतिवादीहरू कसुरदार देखिएको अवस्था हुँदा यी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी बहस गर्नुभयो।

२५. प्रतिवादीहरू शशिकला घलान र सुजितकुमार घलानका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री इश्वरराज ढकाल र श्री शुभलक्ष्मी श्रेष्ठले मेरो पक्ष यी प्रतिवादीहरूले जाहेरवालालाई झुक्याई रकम लिएको होइन। ठगी गर्ने मनसाय छैन। यी प्रतिवादीहरूले ठगी गरेको भन्ने मिसिल संलग्न वस्तुनिष्ठ आधार प्रमाण नभएकाले निजहरूले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भनी बहस गर्नुभयो।

२६. प्रतिवादी बलबहादुर राउतको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री अमृतकुमार लामाले मेरो पक्ष यी प्रतिवादीले अन्य प्रतिवादीहरू तथा जाहेरवालासमेतलाई चिनेको छैन। भारतमा बिरामी छ भनी रकम पठाउन सहयोग गर्नु अपराध नभएको, मानवताको आधारमा रकम पठाएको, ठगी खाने मनसायसमेत नभएको मेरो पक्षले के कसरी ठगी गरेको भन्ने कुरा अभियोगमा खुलाउन नसकेको, अभियोग गोश्वारा रूपमा आएको अवस्था हुँदा निजले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भनी बहस गर्नुभयो।

२७. उपर्युक्त बहस, छलफल एवम् अभियोग दाबी र मिसिल संलग्न प्रमाणहरूको अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा निम्न प्रश्नमा निर्णय दिनुपर्ने देखियोः–

- **प्रतिवादीहरूले अभियोग दाबीअनुसारको कसुर गरेका हुन्, होइनन् ?**
- **यदि कसुर गरेको भए, प्रतिवादीहरूलाई के कस्तो सजाय हुनुपर्ने हो ?**

२८. प्रस्तुत मुद्दाको अभियोग दाबी हेर्दा, प्रतिवादीहरू शशिकला घलान, सुजितकुमार घलान र बलबहादुर राउतको मिलेमतोमा अमेरिकाको भिसा लगाई अमेरिका पुऱ्याइदिने भनी रकम माग गरी ठगी गर्ने मनसायको साथ पूर्वयोजना बनाई प्रतिवादी सुजितकुमार घलानको नाममा नेपाल एस.बि.आई बैंकमा खाता खोली कमला खड्का र गोपाल भुजेललाई रकम जम्मा गर्न लगाई निजहरूले जम्मा गरेको रकम प्रतिवादी बलबहादुर राउतमार्फत भारतमा सोनिया शर्मा भन्ने व्यक्तिलाई पठाई ठगी गरेको हुँदा निज प्रतिवादीहरू शशिकला घलान, सुजितकुमार घलान र बलबहादुर राउतलाई मुलुकी ऐन ठगीको महलको १ र २ नं. को कसुरमा सोही महलको ४

नं.बमोजिम सजाय गरी जाहेरवाला कमला खड्काको रु.५, ४८,०००।- र गोपाल भुजेलको रु.१६, ९५,०००।- सोही महलको ४ नं.बमोजिम दिलाई भराइपाउँ भन्ने अभियोग मागदाबी रहेको देखिन्छ।

२९. २०७२।११।०५गते दिनको करिब २:४४ बजेको समयमा इन्डियन नं.९१८०१०६१५७६१ को मोबाइलबाट म जाहेरवालाको मोबाइलमा फोन गरी म इन्डियन एम्बेसीबाट सोनीया शर्मा बोलेको हुँ। १ महिनाभित्रमा अन्तरवार्ता नभई अमेरिकाको भिसा लगाइदिन्छु। त्यसको लागि नगद रु. ४, ४८,०००।- लाग्छ एस.वि.आई. बैंकको खाता नं. २००१५२४३३००२२६ मा हाम्रो एजेन्ट सुजितकुमार घलानको नाममा रकम जम्मा गरिदिनु भनेको र मोबाइलमा एस.एम.एस. समेत गरिदिई पठाएकोले मैले २०७२।११।२३ गतेका दिन हेटौंडा एस.वि.आई बैंक द्वारा रु. ४, ४८,०००।- जम्मा गरी पठाएपछि तपाईंको भिसा लगाउनलाई पासपोर्ट कुरियर गरेर पठाइदिनु भनेकोले मैले कुरियरद्वारा सोनिया शर्मासमेतको ठेगानामा कुरियर गरेर पठाएपछि निजले भिसा लाग्यो भनी फोटो र स्टिकर लगाउन २०,००० डलर ने.रु. २१,८०,०००।- लाग्छ भनेकोले मसँग त्यति रकम नभएकाले २०७२।१२।१५ गते रु.१,००,०००।- निज एजेन्ट सुजितकुमार घलानको खातामा जम्मा गरेपछि सोनिया शर्माले बारम्बार फोन गरी ताकेता गरी पैसा पूरा जम्मा नगरे राहदानी फिर्ता पठाइदिन्छु भनी धम्कीसमेत दिएकाले शंका लागी म जाहेरवालाले यसै कार्यालयमा २०७२।१२।३० गते निवेदन दिई म जाहेरवाला र प्रहरीसमेतले बुझ्ने क्रममा हाल नाम थाहा हुन् आएका अभियुक्तहरू सुजितकुमार घलान, शशिकला घलान र बलबहादुर राउत भन्नेसमेतका गिरोहले अमेरिका पठाइदिन्छु भनी म जाहेरवालालाई जाल परिपञ्च गरी गफलतमा पारी धोका दिई रु. ५,४८,०००।- ठगी गरेको हुँदा कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको यी प्रतिवादीहरूउपर किटानी जाहेरी रहेको देखिन्छ।

३०. प्रतिवादी शशिकला घलानले मौका र अदालतमा बयान गर्दा अमेरिकन नागरिक भनी बताउने म्याक स्मिथ भन्ने व्यक्तिले अमेरिका आउन सहयोग गर्छु भनी भनेको र बैंकको खाता नं. उपलब्ध गराइदेउ भनेको हुँदा भाइ सुजित घलानको एस.बि.आई.मा भएको खाता पठाएकामा सोनिया शर्माले फोन गरी उक्त खातामा आएको रकम बलबहादुर राउतमार्फत पठाइदिनु भनेपछि भाइ सुजितले बलबहादुर राउतको खातामा रकम पठाइदिएको हो भनी लेखाएको देखिन्छ।

३१. प्रतिवादी सुजितकुमार घलानले मौकामा र अदालतमा बयान गर्दा दिदी शशिकला घलानलाई अमेरिकन नागरिक भनी बताउने म्याक स्मिथ भन्ने व्यक्तिले अमेरिका आउन सहयोग गर्छु भनी भनेको र बैंकको खाता नं. उपलब्ध गराइदेउ भनेको हुँदा दिदीले मलाई मेरो एस.बि.आई. मा भएको खाताको नम्बर पठाइदिन्छु भनेकोमा सोनिया शर्माले फोन गरी उक्त खातामा आएको रकम बलबहादुर राउतमार्फत पठाइदिनु भनेपछि मैले बलबहादुर राउतलाई आई.एम.ई. गरी रकम पठाइदिएको हो भनी लेखाएको देखिन्छ।

३२. प्रतिवादी बलबहादुर राउतले मौका र अदालतमा बयान गर्दा आफूले भारतबाट कुरियरको काम गर्ने गरेको जे.सि.बि. कम्पनीको पाटपुर्जाहरू कुरियर गरी ल्याउने गरेको र उक्त कम्पनीका जि.एम. तेजबहादुर सुवेदीले मेरो स्टाफ अनन्त नागिलाको मानिस भारतमा क्यान्सर भई उपचार गराइरहेको छ। पैसा तपाईंले पठाइदिनुपर्‍यो भनेपछि मलाई पैसा पठाइदिनुस् भन्दा शशिकला घलानले पैसा लिएर आउने मानिस छैन। आ.एम. ई. गरी पठाइदिन्छु भनेपछि पटक-पटक गरी जम्मा ५,५७,००० भारु आफूले काम गर्ने शाखामा दिन लगाइदिएको हुँ भनी कसुरमा इन्कार रही बयान बेहोरा लेखाएको देखिन्छ।

३३. मौकामा बुझिएका तेजप्रसाद सुवेदी, अनन्त नागिलाले कागज गर्दा भारतमा उपचारको लागि मानिस लगेको छ। पैसा पठाइदिनु भनेको हुँदा मैले बलबहादुर राउतलाई भनी पठाएको हुँ भनी लेखाएको देखिन्छ।

३४. घटना विवरण कागज गर्ने गोपाल भुजेल, श्याम श्रेष्ठ, कृष्णहरि न्यौपाने, कल्पना थापा मगरसमेतले कागज गर्दा तपाईंसमेतले जाहेरवालालाई अमेरिका पठाइदिन्छु भनी रु. ५,४८,०००।- ठगी गरेको हो भनी यी प्रतिवादीहरूलाई पोल गरी लेखाएको देखिन्छ।

३५. उल्लिखित तथ्य रहेको प्रस्तुत मुद्दामा जाहेरवाला कमला खड्काको रु. ५,४८,०००।- र अर्का मानिस गोपाल भुजेलको रु. १६,९५,०००।- ठगी गरेको देखिएको हुँदा ठगीको १ र २ को कसुरमा ऐ.ऐ. ४ नं.बमोजिम सजाय गरी ठगी गरेको बिगोसमेत भराइपाउँ भन्ने दाबी रहेको प्रस्तुत मुद्दामा प्रतिवादीमध्येका शशिकला घलानको अमेरिकी नागरिक म्याक स्मिथसँग अमेरिका जाने विषयमा लामो कुराकानी गरेको, यिनै म्याक स्मिथसँगै जाहेरवाला कमला खड्का र मौकामा कागज गर्ने गोपाल भुजेलको पनि अमेरिका जाने विषयमा कुराकानी हुने गरेको तथ्य मिसिलबाट देखिएको छ। शशिकलाको म्याक स्मिथ सँगै कुरा भएपछि आफ्नो भाइ सुजितकुमार घलानलाई एस.वि.आई बैङ्कमा खाता खोल्न लगाई जम्मा भएको पैसा बलबहादुर राउतसमेतलाई उपयोग गरी शशिकलाले भारतमा रहेकी सोनिया शर्मालाई पठाएको तथ्यसमेत प्रतिवादी शशिकलासमेतले स्वीकार गरेको देखिन्छ। उल्लखित तथ्यबाट के निष्कर्षमा पुग्न सकिन्छ भने शशिकला घलान, कमला खड्का र गोपाल भुजेलको म्याक स्मिथ र सोनिया शर्मासँग निरन्तर सम्पर्क रहने गरेको जसमा कमला खड्का र गोपाल रिजाल अमेरिका जान नपाउने भएपछि कमला खड्काले शशिकला घलानसमेत उपर जाहेरी दिएको देखिन्छ। जाहेरवाला कमला खड्का तथा गोपाल भुजेलसँगै शशिकला घलान र सुजितकुमार घलानले अमेरिका पठाइदिन भनी रकम माग गरेको अवस्था होइन। गोपाल रिजाल र कमला खड्काको म्याक स्मिथ सँगै कुरा हुने, उसले अमेरिका आउन रकम चाहिन्छ भन्ने कसरी पठाउने भन्ने कुरा हुँदा शशिकला घलानलाई म्याक स्मिथले सम्पर्क गर्न लगाउने र शशिकलाले समेत आफ्नो भाइको खातामा रकम जम्मा गर्न लगाई रकम बाहिर पठाउने गरेको तथ्य स्थापित भएको छ।

३६. मुलुकी ऐन ठगीको १ नं. मा *कसैले आफ्नो हक नपुग्ने अर्काको चल अचल धनमाल हक पुग्नेलाई वा जसको जिम्मामा रहेको छ उसलाई ललाई फकाई वा जाल परिपञ्च गरी वा आफ्नो हक नभएको सम्पत्तिमा आफ्नो हक पुग्ने किर्ते कागज बनाई, दिई वा पेस गरी वा आफूसँगै नभएको कुरा आफूसँगै छ भनी झुक्याई वा झुठो कुरालाई सद्दे हो भनी झुक्याई वा अरू कुनै बेहोरासँग धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने अर्काको हकको चल अचल धनमाल लिए दिएँ दिलाएमा वा अर्काको माल मेरो हो भनी वा मेरो भएको छ भनी लिखत गरी वा नगरी सोही माल लिए दिएँ बिक्री व्यवहार गरेमा वा सट्टापट्टा गरेमा ठगी गरेको ठहर्छ* भनी कानूनी व्यवस्था गरेको पाइन्छ।

३७. अमेरिका जाने मोहमा भाइ सुजितकुमार घलानलाई हेटौंडास्थित एस.वि.आई. बैङ्कमा खाता खोल्न लगाई, बलबहादुर राउतमार्फत म्याक स्मिथले भनेको मानिस सोनिया शर्मालाई विदेशमा भारतमा रकम पठाउने कार्यमा शशिकला घलानको र सुजितकुमारको संलग्नता देखिए तापनि यी दुवै व्यक्तिले जाहेरवाला कमला खड्का तथा गोपाल भुजेलसँगै अमेरिका पठाइदिन्छु भनी रकम माग गरेको अवस्था देखिँदैन। म्याक स्मिथले अमेरिका पु¥याइदिने भनी फालेको जालमा शशिकला घलान, कमला खड्का तथा गोपाल भुजेल परेको भन्ने कुरा यी तिनै जना मानिसको म्याकस्मिथ र सोनिया शर्मासँग कुरा गर्ने गरेको, यी ३ जनाले एकआपसमा म्याकस्मिथसँग भएको कुरा एकापसमा नबताउने गरेको, तिनै जना म्याक स्मिथको योजना मुताबिक चल्ने गरेको On line मा भएको कुराकानीबाट स्पष्ट हुन्छ। कमला खड्का र गोपाल भुजेलबाट सुजितकुमार घलानको खातामा जम्मा भएको रकम यी प्रतिवादी शशिकला घलान र सुजितकुमार घलानले ठगीको १ नं. को तवरबाट मासे खाएको भनी जाहेरवालाले पनि नभनेको र मिसिल संलग्न कागजातबाट समेत नदेखिएको अवस्थामा यी प्रतिवादी शशिकला घलान र सुजितकुमार घलानले ठगी गरेको कसुर स्थापित हुन् सक्ने अवस्था देखिएन।

३८. तथापि प्रस्तुत मुद्दामा अवैध तरिकाले विदेश जाने लहडमा जाहेरवाला कमला खड्का, मौकामा कागज गर्ने गोपाल भुजेल तथा प्रतिवादी शशिकला घलान लागेका छन्। फेसबुक फ्रेन्डको रूपमा रहेका म्याक स्मिथको सम्पर्कपछि तिनैजना म्याक स्मिथको इसारामा हिँडेका छन्। रकम लिई ठगी गर्ने म्याक स्मिथ र सोनिया शर्मालाई रकम पु¥याउन शशिकला घलान र सुजितकुमार घलानको उल्लेख्य भूमिका रहेको छ। शशिकलाकै भनाइअनुरूप एस.बि.आई. बैङ्कमा खाता खोलिएको, सो खातामा रकम जम्मा गरिएको, खातामा जम्मा भएको रकम पुनः सोनिया शर्मा कहाँ पुगेकोसमेतका अवस्थाबाट रकम लिए खाएको अवस्था नभए पनि शशिकला घलान र सुजितकुमार घलानले ठगी धन्धा चलाउने म्याक स्मिथ र सोनिया शर्मालाई कुनै न कुनै रूपमा सहयोग गरेकै देखियो।

३९. यी प्रतिवादीउपर ठगीको १ नं. को कसुर स्थापित नभएको अवस्था रहे तापनि प्रतिवादीबाट भएको उल्लिखित कार्य आपराधिक कार्य हो वा होइन भन्नेसम्बन्धमा विचार गर्दा मुलुकी ऐन, ठगीको ५ नं. मा ठगी गर्नेसँग मिली ठगी गरेको धनमाल बाँडी लिने वा ठगी गर्नलाई मद्दत दिने वा ठगी गर्नका निमित्त गरेको कुनै लिखतमा जानीजानी साक्षी हुने व्यक्ति मतियार ठहर्छ र

त्यस्तालाई ठगी गर्नेसरह सजाय हुन्छ भन्ने कानूनी व्यवस्था भएको पाइन्छ। यी प्रतिवादी शशिकला घलानले आफ्नो भाइ सुजितकुमार घलानलाई लगाई निजका नाममा खाता खोल्न लगाएको, सो खाता खोल्ने सम्बन्धमा निजको म्याक स्मिथसँग कुरा भएको, भाइको खातामा रकम जम्मा भएको, जम्मा भएको रकम ठगी गर्ने मानिस म्याकस्मिथ र सोनिया शर्मालाई विभिन्न वहाना बनाई सुजितकुमार घलानले पुऱ्याउने काम गरी ठगी गर्नेलाई मद्दत गरेको देखिएको अवस्था हुँदा प्रत्यक्ष रूपमा यी शशिकला घलानले जाहेरवाला कमला खड्काको रकम खाए मासेको नदेखिए पनि ठगी गर्ने मानिसलाई मद्दत गरी मतियारको भूमिका निर्वाह गरेको देखिन आयो।

४०. अतः यी प्रतिवादी शशिकला घलान र सुजितकुमार घलानले ठगीको ५ नं.बमोजिमको कसुर गरी प्रतिवादीमध्येका शशिकला घलान र सुजितकुमार घलानले दाबीबमोजिमको रकम मासे खाएको स्थापित नभई निजहरूका उपर गोपाल रिजालको जाहेरी नै नपरेको अवस्था हुँदा दाबी गरेको बिगो भराई सजायसमेत गरिपाउँ भन्ने कसुर स्थापित हुन् सक्दैन तथापि अमेरिका पुऱ्याइदिने भनी प्रलोभनमा पारी रकम असुल्ने अमेरिकी नागरिक म्याक स्मिथ र भारतीय नागरिक सोनिया शर्मालाई नेपालमा खाता खोली अनधिकृतरूपमा रकम पठाउन प्रत्यक्ष रूपमा संलग्न रहेको देखिई ठगी गर्नेलाई मद्दत दिने कार्य गरेको हुँदा निज शशिकला घलान र सुजितकुमार घलानलाई ठगीको ५ नं. अन्तर्गतको कसुरमा ऐ. ४ नं.बमोजिम जनही ६ (छ) महिना कैद र रु.१,०००।- (एक हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ।

४१. अर्का प्रतिवादी बलबहादुर राउतउपरको कसुर सम्बन्धमा विचार गर्दा शशिकला घलानकै योजना मुतबिक अनन्त नागिलामार्फत तेजप्रसाद सुवेदीले साथीको आमा बिरामी परेका कारण रकम पठाउने व्यवस्था गर्नु पऱ्यो भनेपछि केही रकम बलबहादुरको सक्रियतामा इण्डियाकै मानिसमार्फत सोनिया शर्माले लगेको देखिन्छ। शशिकलाको बयान, तेजप्रसाद सुवेदीको बकपत्र, अनन्त नागिलाको बकपत्रसमेतबाट जानाजान बलबहादुरले म्याक स्मिथलाई रहयोग गर्न रकम पठाएको भन्ने पुष्टि हुन् आउँदैन। मानवीय कारण देखाई रकम पठाउने व्यवस्था गरिदिनु पऱ्यो भनी व्यावसायिक साझेदारले आग्रह गरेको देखिएको र त्यसैका आधारमा बलबहादुर राउतले आफूले पाउनुपर्ने रकमबाट रकम नै उपलब्ध गराएको कार्य ठगीजन्य कसुरसँगै सम्बन्धित देखिन आएन।

४२. अतः निजले आफ्नो व्यवसायिक कारोबारमा संलग्न रहेका मानिसहरूको अनुरोधमा केही रकमसम्म पठाएको देखिई कानूनविपरीत कार्य गरेको अवस्था नहुँदा निजउपरको अभियोग दाबी पुग्न सक्दैन। निज प्रतिवादी बलबहादुर राउतले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। सो ठहर्नाले अरू तपसिलमा लेखिएअनुसार गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.वं. १८६ नं.बमोजिम प्रस्तुत फैसला गरेको छु।

## तपसिल

प्रतिवादीहरू शशिकला घलान र सुजितकुमार घलानलाई ठगीको ५ नं. अन्तर्गतको कसुरमा ऐ. ४ नं.बमोजिम जनही ६ (छ) महिना कैद र रु. १,०००।- (एक हजार रुपैयाँ) जरिवाना हुने ठहरेकाले निज प्रतिवादीहरू मिति २०७३।०१।१३ गते पक्राउ परी अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रही यस अदालतको मिति २०७३।०२।१० को आदेशानुसार प्रतिवादी शशिकला घलानबाट माग भएको धरौटी रु. ३,००,०००।- निजले सोही मितिमा र.नं. ७४६७बाट र प्रतिवादी सुजितकुमार घलानबाट माग भएको धरौटी रु. २,००,०००।- निजले सोही मितिमा र.नं. ७४६६बाट दाखिला गरी मुद्दा पुर्पक्षको लागि तारेखमा रहेको देखिँदा निज प्रतिवादीहरूलाई लागेको कैद सजाय अनुसन्धानको क्रममा थुनामा बसेको अवधि जनही दिन २७ (सत्ताइस) कट्टि मिनाहा दिई बाँकी कैद जनही ५ (पाँच) महिना ३(तीन) दिन निज प्रतिवादीहरू अनुपस्थित हुँदा लगत कसी कानूनबमोजिम असुल गर्नु भनी र लागेको जरिवाना निज प्रतिवादीहरूले राखेको उल्लिखित धरौटबाट सदरस्याहा गर्नु भनी तहसिल फाँटमा लगत दिनू..........................................................................१

प्रतिवादी शशिकला घलानबाट माग भएको धरौटी रु. ३,००,०००।- मिति २०७३।०२।१० मा र.नं. ७४६७बाट र प्रतिवादी सुजितकुमार घलानबाट माग भएको धरौटी रु. २,००,०००।- निजले सोही मितिमा र.नं. ७४६६बाट दाखिला गरेको देखिँदा निज प्रतिवादीहरूलाई लागेको जरिवाना जनही रु. १,०००।- का दरले कट्टा गरी प्रतिवादी शशिकला घलानले रु. २,९९,०००।- र प्रतिवादी सुजितकुमार घलानले रु. १,९९,०००।- फिर्ता पाउने हुँदा निजहरूलाई लागेको कैद सजाय भुक्तान भई पुनरावेदनको अवस्था नाघी मुद्दा अन्तिम भएपछि फिर्ता पाउँ भनी कानूनका म्यादभित्र निज प्रतिवादीहरूले निवेदन दिएमा कानूनको रीत पुऱ्याई बाँकी धरौटी फिर्ता दिनु भनी तहसिल फाँटमा लगत दिनू.......................................................................................................२

प्रतिवादी बलबहादुर राउतले अभियोग दाबीबाट सफाइ पाउने ठहरेकोले निजलाई केही गरिरहनु परेन...............................................................................................................३

प्रतिवादी बलबहादुर राउतले मिति २०७३।०२।१० मा र.नं. ७४६५बाट दाखिला गरेको धरौटी रु.१,००,०००।- निजले फिर्ता पाउने हुँदा पुनरावेदनको अवस्था नाघी मुद्दा अन्तिम भएपछि फिर्ता पाउँ भनी कानूनका म्यादभित्र निज प्रतिवादीको निवेदन परेमा कानूनको रीत पुऱ्याई धरौटीबाट खर्च लेखी निज प्रतिवादीलाई फिर्ता दिनू....................................................................४

प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, हेटौंडामा पुनरावेदन गर्नु होला भनी फैसलाको प्रतिलिपिसहित जिल्ला सरकारी वकिल कार्यालय मकवानपुर र प्रतिवादीहरू शशिकला घलान र सुजितकुमार घलानलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ (१)बमोजिम पुनरावेदनको म्याद दिनू...........................................................................................५

सरोकारवालाले नक्कल माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनू ......................६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला अपलोड गरी मिसिल पुनरावेदन परेमा श्री पुनरावेदन अदालत, हेटौंडामा पठाउन र पुनरावेदन नपरे सुरक्षितसाथ राख्न अभिलेख फाँटमा बुझाइदिनू.........७

<u>**जिल्ला न्यायाधीश**</u>

<u>**फैसला तयार पार्न सहयोग गर्ने**</u>
ना.सु. इश्वरप्रसाद पुडासैनी
कम्प्युटर टाइप गर्ने रोजिना मानन्धर
मुद्दा फाँट (क)
पाना १८ को फैसला
**इति संवत् २०७३ साल आषाढ १९ गते रोज १ शुभम् ........................................।**

**श्री अर्घाखाँची जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश केशवप्रसाद वास्तोला**

**फैसला**

**मुद्दा.नं. ०७१–CP–००९५(र नं. ६४-०७१-००१९७)**

**निर्णय नं.:–३०**

**मुद्दाः–मोही कायम गरिपाउँ।**

**वादीः-**

जिल्ला अर्घाखाँची सन्धिखर्क न.पा वडा नं. ७ नरपानी बजार बस्ने धनबहादुरको छोरा वर्ष ४३ को भिमबहादुर भण्डारी ............................१

ऐ.ऐ बस्ने नितु बूढाथोकीको छोरा वर्ष ६१ को चेतबहादुर बूढाथोकी...............................१

ऐ.ऐ बस्ने खिमबहादुरको छोरा वर्ष ६६ को भिमबहादुर खत्री के.सी ...........................१

ऐ.ऐ बस्ने कुमबहादुरको छोरा वर्ष ५५ को लिलबहादुर खड्का क्षेत्री .........................१

ऐ.ऐ बस्ने रेशमबहादुरको श्रीमती वर्ष ५२ की रमाकला भट्टराई ....................................१

ऐ.ऐ बस्ने मुमबहादुरको छोरा वर्ष ४० को ओमबहादुर थापा क्षेत्री ............................१

ऐ.ऐ बस्ने नन्दरामको छोरा वर्ष ६९ को केशवराम घिमिरे ...................................१

ऐ.ऐ बस्ने डिलप्रसादको छोरा वर्ष ५३ को ध्रुबकुमार श्रेष्ठ .....................................१

ऐ.ऐ बस्ने खिमबहादुरको श्रीमती वर्ष ५९ की बालकुमारी खत्री ...................................१

ऐ.ऐ बस्ने टंकबहादुरको छोरा वर्ष ५४ को टेकबहादुर टण्डन ..................................१

ऐ.ऐ बस्ने वर्ष ६० की पविश्वरा बूढाथोकी....१

ऐ.ऐ बस्ने चोपबहादुरको श्रीमती वर्ष ५५ की हिरामाया फुजाली....................................१

**प्रतिवादीः-**

जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ७ नरपानीस्थित श्री भृकुटी निम्न माध्यमिक विद्यालय.................१

ऐ.ऐ का प्रधानाध्यापक वर्ष ४५ का श्री लिलबहादुर महत्रा..........................१

ऐ.ऐ का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ऐ.ऐ सन्धिखर्क न.पा वडा नं. ७ नरपानी बस्ने वर्ष ५१ का मेघबहादुर पाण्डे १ समेत जना..........................३

ऐ.ऐ बस्ने ताराबहादुरको छोरा वर्ष ३९ को सुर्यबहादुर पचभैया मगर ..........................१
ऐ.ऐ बस्ने श्याम तामाङ को श्रीमती वर्ष ४१ को विमाकुमारी तामाङ ...........................१
ऐ.ऐ बस्ने चन्द्रबहादुरको छोरा वर्ष ५३ को पदमबहादुर भाट क्षेत्री ............................१
ऐ.ऐ बस्ने रेमबहादुरको श्रीमती वर्ष ३९ की बसन्ता थापा..........................................१
ऐ.ऐ बस्ने हुमबहादुरको श्रीमती वर्ष २६ को कमला खड्का क्षेत्री ...............................१
ऐ.ऐ बस्ने भिमबहादुरको श्रीमती वर्ष ३८ की विष्णु भण्डारी .......................................१
ऐ.ऐ बस्ने झवे दमाईको छोरा वर्ष ५३ को मनबहादुर दमाई १ समेत जना १९ को वा. भई आफ्नो हकमा समेत फिराद पत्र दर्ता गरी पुर्पक्षसमेत गर्ने ऐ.ऐ बस्ने बाबुरामको छोरा वर्ष ३८ को खिमबहादुर भट्टराई.......................१

**साक्षीः-**

प्रदिपकुमार थापा, मुमबहादुर थापा, केशबहादुर थापा, कृष्णबहादुर अधिकारी, मानसिंह कुँवर।

**कागजः-**

विद्यालयले कुत भाडा बुझेका भरपाईका प्रतिलिपिहरू।

**साक्षीः-**

पिताम्बर खासु, सुर्यबहादुर भट्टराई, बाबुराम थापा, पितमबहादुर खत्री, ज्ञानराज न्यौपाने।

**कागजः-**

विद्यालयको जग्गा धनी प्रमाणपुर्जाको थान-१, मिति २०४९।१०।२०, २०४९।१२।२४ र २०५५।०१।०१ को विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय थान-३, विद्यालय स्वीकृतिको पत्र थान-१, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्र थान-५, जिल्ला शिक्षा कार्यालय अर्घाखाँचीको पत्र थान-३, मिति २०७१।१०।२१ गते विद्यालयले प्रकाशित गरेको ३५ दिने सूचनाको थान-१ समेतका प्रतिलिपिहरू।

<u>अदालतबाट बुझेको</u>

<u>साक्षी</u>ः-कृष्णबहादुर अधिकारी, मानसिंह कुँवर, पिताम्बर खत्री।

<u>कागजः-X</u>

**न्याय प्रशासन ऐन,२०४८ को दफा ७ एवम् मुलुकी ऐन अदालती बन्दोबस्तको २९नं. समेतले लेयसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार रहेको छः-**

१. हाम्रो गाउँको भृकुटी निम्न माध्यमिक विद्यालयको नाममा रहेको जिल्ला अर्घाखाँची नरपानी गा.वि.स वडा नं. ७ को कि.नं. ६४४ क्षेत्रफल ९–१–१–३ मध्ये केही जग्गामा विद्यालयलको भवन निर्माण गरिएको, उक्त जग्गाको उत्तर पश्चिमतर्फ सन्धिखर्क गोरुसिङ्गे सडक अवस्थित रहेको छ। उक्त विद्यालयको सो जग्गाबाहेक नरपानी गा.वि.स वडा नं. ७ मा कि.नं. ६४४ क्षे.फ ०४६२५ व.मी, ऐ.ऐ मा पर्ने कि.नं. ६४५ क्षे.फ २३,७०५ व.मी र ऐ.ऐ वडा नं. ९ मा पर्ने कि.नं. ३५३ क्षे.फ २५,८४० व.मी भएका जग्गाहरू छन्। उक्त विद्यालयको भवन बनि सञ्चालन हुँदा विद्यालय वरिपरि कुनै घर भवनहरू नभएकाले त्यहा बजार विस्तार गर्ने र विद्यालयको आय स्रोतको सम्भाव्यता खोजी गरी विद्यालयको स्तर उन्नति गर्ने सन्दर्भमा विद्यालय व्यवस्थापन समितिको मिति २०४९।१२।२४ मा बैठक बसी लम्बाइ १७ हात र चौडाइ ९ हातका घडेरीहरू मोटरबाटोदेखी दक्षिण दिशातर्फ तथा विद्यालयको पानीको धारोमुनिको ढिकदेखी सोझो तल वितरण गर्ने र मासिक घडेरीको कुत भाडा रु. ५० लिने गरी निर्णय भई हामीहरूलाई विद्यालयले आफ्नो कि.नं. ६४४ को जग्गाको केही भागमा मिति २०५०। ०१।०१ देखी कुत (भाडा) लागू हुने गरी घडेरी जग्गा दिइएको थियो। तत्पश्चात् हामीहरूले उल्लिखित जग्गा प्रयोग गरी लगातार उक्त विद्यालयलाई घडेरीको वार्षिक (कुत) भाडा तिर्दै आई फिरादकर्ता म भिमबहादुर भण्डारीले उक्त घडेरी जग्गामा २०६० सालमा दुई तले पक्की ६ कोठाको घर, म खिमबहादुर भट्टराईले पनि २०६० सालमै दुई तले पक्की ६ कोठाको घर बनाई बसोबास गर्दै आइरहेका छौं। त्यसैगरी फिरादकर्ता हामी चेतबहादुर बूढाथोकी, लिलबहादुर खड्का, भिमबहादुर के.सी, विष्णु भण्डारी, रमाकला भट्टराई, ओमबहादुर थापा, केशबराम घिमिरे, ध्रुबकुमार श्रेष्ठ, बालकुमारी खत्री, टेकबहादुर टण्डन, पविश्वरा बूढाथोकी, हिरामाया फुजाली, सुर्यबहादुर पचभैया, मिनाकुमारी तामाङ, पदमबहादुर भाट क्षेत्री, बसन्त थापा, टामलाल पाण्डे, मनबहादुर दमाईसमेत २० जनाले ९ हात मोहोडा, १७ हात पिछ्राड भएका जग्गाहरू विद्यालयबाट हामीलाई दिइएको हुँदा उक्त घडेरीहरूमा सुरुमा टहरा बनाई बसेकामा पछि विद्यालयले यसरी बजार विस्तार हुन्न, तपाईंहरूले पक्की संरचना घर बनाउनुपर्छ, तपाईंहरूका घरले ओगटेको जग्गा शिक्षा विभागसमेतको सहमतिले पछि तपाईंहरूलाई मोही कायम गरिदिइने छ। तपाईंहरूका नाममा नहुन्जेलसम्म कुत (भाडा) तिर्नुपर्छ भनेकाले हाम्रो गाउँतर्फका सम्पूर्ण सम्पत्ति बिक्री गरी प्राप्त

रुपैयाँबाट दुई तले सिमेन्टको प्लाष्टर गरेका कर्कट जस्ता पाताको छाना भएका पक्की घरहरू २०६० सालदेखी निर्माण गरी बसोबास गर्दै आइरहेका छौं। घर बनिसकेपछि उक्त हाम्रा घडेरीको (कुत) भाडा वार्षिक रु ६००।-बाट वृद्धि भई हाल रु २,०००।- देखी २,२००।- सम्म भएकाले हामीहरूले उक्त वृद्धि भइरहेको जग्गाको कुत २०५० सालदेखी हालसम्म वार्षिक रूपमा विपक्षीहरूलाई बुझाउँदै आइरहेका छौं। यसरी हामीहरूलाई विपक्षीहरूले भाडामा उपलब्ध गराएको कि.नं. ६४४ को घडेरीहरूमा हामीहरूले सुरुमा टहरा र पछि पक्की घरहरूसमेत बनाई २१-२२ वर्ष अघिदेखी लगातार भोग चलन गर्दै बसोबास गर्दै आएकामा हामीहरूको चिर भोग, वार्षिक रूपमा घडेरीको कुत तिरि रहेका, आफ्नो सम्पूर्ण चल अचलसमेत लगानी गरी पक्की घरहरू निर्माण गरी बसोबास गरी नरपानी डाँडालाई नरपानी बजारको रूपमा परिवर्तन गर्ने हामीहरूलाई विपक्षीहरूले मिति २०७१।१०।२१ को सूचना भन्ने पत्र लेखी मिति २०७१।१०।२१ को विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार आजैका मितिदेखी ३५ दिनभित्र विद्यालयको जग्गा खाली गरिदिनु हुन् भनी लेखिएको सूचनाले हामीहरूको संवैधानिक तथा कानून प्रदत्त हकमाथि प्रचलित कानूनविपरीत हामीहरूलाई हाम्रै घरबाट निष्काशन गर्ने प्रवल सम्भावना भएकाले विपक्षीहरूउपर यसै अदालतमा २०७१।११।२० गते निषेधाज्ञाको निवेदन दिएकाले सोसम्बन्धमा यस अदालतमा कारबाही भइरहेको छ। विपक्षी विद्यालयका नाममा रहेको कि.नं. ६४४ को जग्गामा हामीहरूलाई विद्यालयले सुरुमा कुत (भाडा) मा दिइएको र पछि हामीहरूले पक्की संरचना बनाइसकेपछि उक्त जग्गाहरू हामीहरूलाई मोही कायम गरी शिक्षा विभागसमेतको सहमति लिई हाम्रा नाममा गरिदिने हाम्रो नाममा नहुँदासम्म हामीहरूबाट वार्षिक रूपमा कुत (भाडा) लिएको उक्त घर जग्गामा हामीहरू स्वतः मोही कायम भइसकेकाले हामीहरूलाई मोही कायम गरिदिनुहोस् हामीहरूले २२ वर्ष अघिदेखी प्रयोग गर्दै आइरहेका उक्त जग्गाहरूमा अधिकार स्थापित भइसकेको छ भन्दा विपक्षीहरूले अख्तियार दुरूपयोग अनुसन्धान आयोग र जिल्ला शिक्षा कार्यालयलाई उद्धृत गर्दै मोही कायम गरिदिन मिल्दैन जहाँ जे गर्न सक्नुहुन्छ गर्नुहोस् भनेकाले साह्रै नै अन्यायमा परी भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५अनुसार विपक्षीहरूउपर प्रस्तुत फिराद लिई आएका छौं। अतः विपक्षी विद्यालयका नाममा रहेको कित्ता नं. ६४४ क्षे.फ ९–१–१–३ को जग्गाको हामी प्रत्येक फिरादकर्ताको ९×१७ वर्ग हातको क्षेत्रफलमा मिति २०४९।१२।२४ को विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार २०५०। ०१।०१ देखी लगातार रूपमा कुत (भाडा) विद्यालयलाई तिर्दै भोग चलन गर्दै घर बनाई बसोबास गर्दै आएकाले विद्यालयको उक्त जग्गामा हामीहरू स्वतः मोही भएकाले हामीहरूलाई विपक्षी विद्यालयको कि.नं. ६४४ को जग्गामा मोही कायम गरिपाउँ भन्नेसमेत बेहोराको वादी पक्षको फिराद मागदाबी रहेछ।

२. विद्यालयको स्थापना २०३८।०२।२७ गते भृकुटी प्राथमिक विद्यालयको नामबाट भएको हो। उक्त विद्यालय २०६४।०१।२८ देखी नि.मा.वि तहसम्मको पढाइ सञ्चालन गर्ने अनुमति नेपाल सरकारबाट प्राप्त गरेको छ। हाल आम जनताको चाहनाअनुरूप भृकुटी नि.मा.वि लाई माध्यमिक तहसम्मको पढाइ सञ्चालन गर्ने, विद्यालयको जग्गामा तारबार गर्ने, खेलमैदान

बनाउनेलगायत भौतिक रूपले सम्पन्न बनाउन थप कक्षाकोठाहरूसमेतको भवन बनाउनपर्ने टड्कारो आवश्यकता परी योजनाका साथ अगाडि बढिरहेको छ। यस विद्यालयको आफ्नै भोग स्वामित्वमा जग्गाधनी दर्ता प्रमाण पुर्जा बनी कि.नं. १५४ को पा.सी ५१० व.मी, कि.नं. ६४५ पा.चा २३७०५ व.मी कि.नं. ३५३ पा.चा २५८४० व.मी, र कि.नं. ६४४ पा.सी ०४६२५ समेत गरी ४ कित्ता जग्गा रहेका छन्। हाल विद्यालयको कि.नं. ६४४ मा ३ वटा भवनहरूसमेत रहेका छन्। मिति २०४९।१२।२४ गते भृकुटी प्रा.वि का तत्कालीन प्रधानाध्यापक हालका वादी भिमबहादुर के.सी को अध्यक्षतामा बैठक बसी उक्त बैठकमा नरपानी वडा नं. ७ र ४ का जनप्रतिनिधि, बुद्धिजीवी, अभिभावकहरूको उपस्थितिमा छलफल गरी प्रस्ताव निर्णय गरेको थियो। उक्त बैठकले निर्णय नं. १ मा प्रस्ताव नं. १ मा छलफल गर्दा विद्यालयको पूर्ण स्वामित्व भएको जग्गामा घर बनाई घडेरीबापत विद्यालयको बैठकले तोकेअनुसारको मासिक भाडा तिर्ने गरी "विद्यालयलाई आवश्यक परेको बखत जग्गा छाडिदिने गरी" दिएका निवेदनअनुसार कबुलियत गराई लम्बाइ १७ हात र चौडाइ ९ हातका घडेरी मोटरबाटोको दक्षिण दिशा विद्यालयको पानीको धारामुनिको ढिकदेखी सोझो तल २०५० साल वैशाख १ गतेदेखी मासिक दर रु ५०।- लिने गरी निवेदन दिएका व्यक्तिहरूलाई घडेरी दिने निर्णय गरियो सोहीअनुरूप सामान्य घर टहरा बनेपछि व्यक्तिहरूले घर टहरा भत्काउने, छाड्ने, फेरि अन्य व्यक्तिहरू आउने, जाने घर टहरा बनाउने, छाड्ने क्रम हालसम्म पनि जारी रही घर टहरा बनाउने व्यक्तिहरू परिवर्तन भई नै रहेका २०५० सालदेखी हालसम्म कसैको पनि आफैंले बनाएको घर टहरामा निरन्तर रूपमा बसाई भएको विद्यालयको अभिलेखमा छैन। विद्यालयको आर्थिक स्रोत बढाउने क्रममा भाडामा घडेरी दिने निर्णयबाट विपक्षीहरूले अस्थायी घडेरीहरू पाउनुभयो तर विद्यालय (जग्गावाला) विपक्षीहरू मोही बनाई दुवै पक्षबीच दोहोरी कबुलियतसमेत गरिएको छैन र साथै १ नं. लगत भरी २ नं. अनुसूची पनि प्रकाशित गरिएको छैन। जोताहा स्थायी वा अस्थायी निस्सासमेत प्राप्त गरेको अवस्था होइन। विद्यालयको कित्ता नं. ६४४ को क्षे.फ ९-१-१-३ को जग्गालाई वस्तुनिष्ठ, निश्चयात्मक र विवादरहित पूर्ण हकको सबुद प्रमाणबेगर विपक्षीहरूले आ-आफ्नो हक स्वामित्वमा उक्त जग्गा लिने गलत मनसायबाट उत्प्रेरित भई विद्यालयले भाडामा उपलब्ध गराएको कि.नं. ६४४ को घडेरीहरूमा सुरुमा टहरा पछि पक्की घरहरूसमेत बनाई २१।२२ वर्षदेखी लगातार भोग चलन गरी बसोबास गरी "नरपानी डाँडालाई नरपानी बजारको रूपमा परिवर्तन गर्ने" लाई विद्यालयले २०७१।१०।२१ को सूचना पत्र लेखी २०७१।१०।२१ को विद्यालय व्यवस्थापन समितिको निणर्यअनुसार आजैका मितिदेखी ३५ दिनभित्र विद्यालयको जग्गा खाली गरिदिनु हुन् भनी लेखिएको सूचनाले संवैधानिक तथा कानून प्रदत्त हकमाथि कानूनविपरीत हाम्रो घरबाट निष्काशन गर्ने प्रबल सम्भावना भएकाले भनी मिति २०७१।११।२० गते ०७१-W0-०००३ मुद्दा निषेधाज्ञा विद्यालयउपर यसै सम्मानित अदालतमा दायर गर्नुभएकामा अदालतबाट सबुद प्रमाण बुझिँदा विपक्षीहरूको कि.नं. ६४४ को

जग्गामा हक दाबी नपुग्ने ठहरी उक्त निषेधाज्ञाको रिट निवेदन खारेज भइसकेको अवस्था छ। कि.नं. ६४४ को जग्गाउपर निषेधाज्ञाको रिट निवेदन खारेज भइसकेको अवस्थामा उही कि.नं. ६४४ को जग्गालाई विषयान्तर गरी यी वादीहरूले मोही कायम गरिपाउँ भन्दै विद्यालयको सार्वजनिक सम्पत्तिबाट नाजायज फाइदा लिई सम्पत्तिको स्रोत बढाउने दुराशयबाट यो फिराद परेको प्रस्ट नै छ। फिरादीहरूमध्ये भृकुटी प्रा.वि हालको नि.मा.वि का पूर्व प्रधानाध्यापक तथा पूर्व विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष भिमबहादुर के.सी, ऐ. विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष ओमबहादुर थापा र ऐ. विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष भिमबहादुर भण्डारीसमेतले सामुदयिक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनी शिक्षा ऐन, २०२८, को दफा १२ को ६ नं. ले प्रदान गरेको काम कर्तव्य र अधिकारभन्दा बाहिर गई विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा दिने दायित्वबाट पछि हटी विद्यालयकै सम्पत्तिलाई आफूहरूको निजी स्वार्थ परिपूर्तिको लागि प्रयोग गर्दै आइरहनुभएको सत्य कुरा लुकाई छिप्ने हुँदैन। कि.नं. ६४४ को जग्गामा स्वतः मोही कायम भएको उद्घोष गर्नुभएको छ तर भूमिसम्बन्धी ऐन, २०२१ को दफा २ को (ख) मा उल्लिखित "मोही" भन्नाले अरू जग्गावालाको जग्गा कुनै सर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने किसान सम्झनुपर्दछ भनी उल्लेख गरिएको छ साथै ऐ. कै (घ) मा "कुत" भन्नाले जग्गावालाको जग्गा कमाउन लिएबापत मोहीले जग्गावालालाई बुझाउने, नगदी वा जिन्सी वा दुवै सम्झनुपर्दछ भन्ने भूमिसम्बन्धी ऐनका परिभाषाहरू बिर्सिई विद्यालयको कि.नं. ६४४ मा पक्की घरहरू निर्माण गरी बसोबास गरी नरपानी डाँडालाई नरपानी बजारको रूपमा परिवर्तन गर्ने भन्ने वाक्यांशले फिरादीहरू व्यापारी भई जग्गा कमाउने किसान नभएको प्रस्ट नै छ। विपक्षी फिरादीहरूले विद्यालयको नाममा रहेको कि.नं. ६४४ को जग्गामा वार्षिक रूपमा कुत भाडा लिएको उक्त जग्गा २१-२२ वर्षदेखी प्रयोग गर्दै आइरहेको स्वतः मोही कायम भइसकेकाले विद्यालयलाई मोही कायम गरिदिनुहोस् भन्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोग र जिल्ला शिक्षा कार्यालयलाई उद्धृत गर्दै मोही कायम गर्न मिल्दैन भनेकाले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५ दाबी लिई मोही कायमको लागि फिराद दर्ता गर्नुभएको छ। उक्त ऐनको दफा २५अनुसार यो दफा प्रारम्भ भएको मितिसम्म कुनै जग्गावालाको जग्गा मोहीको हैसियतले कमाई आएको व्यक्तिलाई सो जग्गामा मोहीको हक प्राप्त हुन्छ। यो ऐन लागू हुँदाका बखत मोही कायम हुन् मोहीले आफूले कमाएको जग्गा र जग्गाधनीको नामसमेत खुल्ने गरी १ नं. लगत र २ नं. अनुसूची प्रकाशित भएको हुनुपर्दछ। मोहियानी लेखाई देखाई २ नं. अनुसूची प्रकाशित भएकालाई नै मोहियानी हकको आधार मान्नपर्ने हुन्छ तर कानूनको निर्धारित प्रक्रिया पूरा नगरी केवल जग्गा भाडामा लिई विद्यालयलाई आवश्यकता पर्दाका बखत जग्गा छाडिदिने गरी निवेदनअनुसार कबुलियत गराई लिएको जग्गालाई मोहियानी कायम गरिपाउँ भनी फिराद गर्नु कानूनसँगत हुन् सक्दैन। फिरादीहरू मोहीको परिभाषाभित्र पर्न सक्नुभएको स्थिति होइन, किसान पनि होइन। विद्यालयलाई बाली बुझाएको स्वतन्त्र प्रमाण पनि रहेको छैन। विद्यालयको खेतीयोग्य जमिन वादीहरूले लिएको नभई केवल पसल (व्यापार) गर्ने उद्देश्यले अस्थायी रूपमा

विद्यालयका छेउछाउमा रहेका घडेरी जग्गा सर्तमा भाडामा दिएको अवस्था मात्र हो। अतः साक्षी प्रमाण बुझी विद्यालयका नामका जग्गाधनी स्रेस्ता प्रमाण पुर्जा, व्यवस्थापन समितिका विभिन्न मितिमा भएका निणयहरूसमेत प्रमाण बुझी वादीहरूको फिराद दाबी अ.बं. ८२ नं. प्रतिकूल हकदैया नै नपुग्ने झुट्टा दाबी भएको हुँदा अ.बं. १८० नं.बमोजिम झुट्टा फिराद खारेज गरी न्याय पाउँ भन्नेसमेत बेहोराको प्रतिउत्तर जिकिर रहेछ।

३. वादी भिमबहादुर भण्डारीसमेतका मानिसहरूले विद्यालय व्यवस्थापन समिति नरपानीमा कुत तिर्ने गरी बस्न पाउँ र आवश्यक परेको अवस्थामा विद्यालयको जग्गा खाली गर्ने छौं भनी निवेदन दिएकोमा २०५० सालदेखी कुत तिर्ने गरी हालसम्म वादीहरू बसेका छन्। उक्त जग्गामा पक्की घर र कच्ची घरसमेत वादीहरूले बनाई बसोबास गरेका छन्। हाल मासिक रु. २,०००।- प्रति मोहिले कुत बुझाउने गरेका छन्। विद्यालयको उक्त जग्गामा वादीहरूको मोही हक कायम हुनुपर्ने होइन, उक्त जग्गा विद्यालयको सार्वजनिक सम्पत्ति हो भन्नेसमेत बेहोराको वादीका साक्षी कृष्णबहादुर अधिकारीले यस अदालतमा उपस्थित भई गरेको बकपत्र मिसिल सामेल रहेको रहेछ।

४. यी वादीहरू २०५० सालदेखी भूकुटी नि.मा.वि. को पूर्वपट्टि रहेको कि.नं. ६४४ का २० वटा घडेरी तत्कालीन विद्यालय व्यवस्थापन समितिको निर्णयबमोजिम मासिक रु.६००।- कुत तिर्ने सर्तमा वादीहरूले घडेरी लिई पक्की घरसमेत निर्माण गरेको अवस्था छ। हाल मासिक रु.२,०००।- का दरले बुझाई राखेका छन्। हाल २२ वर्षसम्म कुत तिरी भोग चलन गरेको जग्गा मोही कायम हुनुपर्दछ भन्नेसमेत बेहोराको वादीका साक्षी मानसिंह कुवरले यस अदालतमा उपस्थित भई गरेको बकपत्र मिसिल सामेल रहेछ।

५. जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ७ स्थित कि.नं. ६४४ को क्षेत्रफल ९-१-१-३ को जग्गा भूकुटी निम्न माध्यमिक विद्यालयको हकभोग स्वामित्वमा रहेको जग्गा हो। उक्त जग्गाको केही भाग मिति २०४९।१२।२४ गते विद्यालयका तत्कालीन प्रधानाध्यापक भिमबहादुर के.सी.को अध्यक्षतामा बैठक बसी १७ हात लम्बाइ ९ हात चौडाइका मोटरबाटोदेखी दक्षिणतर्फका घडेरी जग्गा विद्यालयलाई आवश्यक पर्दाका बखत खाली गरिदिने गरी वादीहरूलाई भाडामा दिएको हो। वादीहरूले उक्त जग्गा भाडामा लिई घर टहरा बनाई घर टहराको मूल्य लिई अन्य व्यक्तिलाई किनबेच गरी आएका छन्। विद्यालयबाट वादीहरूले स्थायी वा अस्थायी कुनै निस्सा प्राप्त गर्नुभएको छैन। वादीहरूको फिराद मागदाबीअनुसार विद्यालयले भाडामा दिएको जग्गाको मोही कायम हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी पिताम्बर खत्रीले यस अदालतमा उपस्थित भई गरेको बकपत्र मिसिल सामेल रहेछ।

## अदालतको ठहर

१. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिकमुद्दा पेसीसूचीमा चढी पेस हुन् आएको प्रस्तुत मुद्दामा वादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री टिकाराम भुसाल तथा प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्रीविजय खत्रीले गर्नुभएको बहससमेत सुनी मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी हेर्दा वादीहरूले भाडामा लिएको प्रतिवादी भृकुटी निम्न माध्यमिक विद्यालयको जग्गामा वादीहरूको मोहियानी हक कायम गरिपाउँन फिरादपत्र लिई यस अदालतमा आउने हकदैया छ छैन ? र यी वादीको मागदाबीबमोजिम वादीहरूले भाडामा लिएको प्रतिवादी भृकुटी निम्न माध्यमिक विद्यालयको जग्गामा वादीहरूको मोहियानी हक कायम हुने हो, होइन ? भन्नेसम्बन्धमा नै मुख्यरूपमा निर्णय गर्नुपर्ने देखियो।

२. यसमा अर्घाखाँची नरपानी गा.वि.स. वडा नं. ७ स्थित भृकुटी निम्न माध्यमिक विद्यालयको नाममा सोही स्थानमा कि.नं.६४४ कि.नं. को विभिन्न कित्ता जग्गाहरू रहेकोमा विद्यालयको आयस्रोत खोजी गरी उन्नती गर्ने सन्दर्भमा विद्यालय व्यवस्थापन समितिको मिति २०४९।१२।२४ को निर्णयानुसार लम्बाइ १७ हात र चौडाइ ९ हातका घडेरी मोटरबाटोदेखी दक्षिण दिशातर्फ मासिक कुत भाडा रु. ५०।- लिने गरी कि.नं. ६४४ को जग्गाको केही भाग मिति २०५०।१।१ देखी कुत (भाडा) लागू हुने गरी घडेरी जग्गा हामीहरूलाई दिइएको। उक्त जग्गामा हामी २० जना वादीहरूले सुरुमा टहरा बनाई बसेकोमा २०६० सालदेखी २ तले पक्की घर निर्माण गरी बसोबास गर्दै आएको। घर बनेपछि उक्त घडेरीको कुत भाडा बार्षिक ६००।-बाट वृद्धि भई हाल रु.२,०००।- देखी २,२००।-सम्म भएकाले सो रकम विपक्षीलाई बुझाउदै आएका छौं। यसै बीचमा २०७१।१०।२१ को विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार आजैदेखी ३५ दिनभित्र विद्यालयको जग्गा खाली गरिदिनु भनी सूचना जारी गरेकाले हाम्रो संवैधानिक तथा कानूनीहक माथि आघात पुग्ने आशंका भई मिति २०७१।११।२० मा निषेधाज्ञाको निवेदन यसै अदालतमा पेस गरको। उक्त जग्गामा हामीलाई मोही कायम गरी पछि हाम्रो नाममा गरिदिने र हाम्रा नाममा नहुँदासम्म वार्षिक कुत भाडा तिर्ने गरी उक्त जग्गा उपलब्ध गराईएकाले हामीहरूलाई सो जग्गामा पक्की संरचना बनाउन दिई बसोबास गर्न दिएबाट उक्त घर जग्गाहरूमा मोहीको हैसियतबाट हाम्रो हक स्थापित भएको पुष्टि हुन्छ। उक्त घर जग्गामा हामी स्वतः मोही कायम भइसकेकाले हाम्रो नाममा गरिदिनुहोस् भन्दा मोही कायम नगरिदिएकाले भूमिसम्बन्धी ऐन,२०२१ को दफा २५अनुसार विपक्षीहरूउपर प्रस्तुत फिराद लिई आएका छौं। उक्त जग्गामा हामीहरू स्वतः मोही भएकाले हामीहरूलाई विपक्षी विद्यालयको कि.नं. ६४४ को जग्गामा मोही कायम गरीपाउँ भन्नेसमेत बेहोराको फिरादपत्र बेहोरा र विद्यालय व्यवस्थापन समितिको मिति २०४९।१२।२४ को निर्णयानुसार लम्बाइ १७ हात र चौडाइ ९ हातका घडेरीहरू मोटरबाटोदेखी दक्षिण दिशातर्फ मासिक प्रति घडेरी भाडा रु.५०।- लिने गरी कि.नं. ६४४ को जग्गाबाट २०५०।१।१ देखी विद्यालयलाई आवश्यकता परेको बेला छाडिदिने सर्तमा भोगचलन गर्न दिएको हो। वादीको अन्य दाबी अत्यन्तै लज्जास्पद कपोलकल्पीत एवम् झुठा हुन्। मिति

२०४९।१२।२४ गते भृकुटी प्रा.वि.का तत्कालीन प्रधानाध्यापक हालका वादी भीमबहादुर के.सी. को अध्यक्षतामा बैठक बसी उक्त बैठकले विद्यालयलाई आवश्यकता परेको बखत जग्गा छाडिदिने गरी कबुलियत गराई जग्गा दिएकोमा ती घडेरीहरूमा २०५० देखी हालसम्म कसैले पनि निरन्तर रूपमा बसेको भन्ने विद्यालयको अभिलेखमा छैन। विद्यालयको आर्थिक स्रोत बढाउने क्रममा घडेरी दिने निर्णय भई जग्गा घडेरी दिएको हो। विपक्षीहरूलाई मोही बनाई दुवै पक्षबीच दोहोरी कबुलियतसमेत गरिएको छैन र साथै १ नं. लगत भरि २ नं. अनुसूची पनि प्रकाशित छैन। जोताहा स्थायी वा अस्थायी निस्सासमेत प्राप्त गरेको अवस्था होइन। यस विद्यालयबाट मिति २०७१।१०।२१ मा व्यवस्थापन समितिको निर्णयानुसार जग्गा खाली गरिदिन सूचना जारी भएकामा सो सूचनाले संवैधानिक तथा कानून प्रदत्त हकविपरीत घरबाट निस्कासन गर्ने प्रवल सम्भावना भएको भनी २०७१।११।२० मा यसै अदालतमा विद्यालय उपर दायर गर्नुभएको निषेधाज्ञाको निवेदन यस अदालतबाट सबुद प्रमाण बुझिदा विपक्षीहरूको कि.नं. ६४४ को जग्गामा हक दाबी नपुग्ने ठहरी उक्त निषेधाज्ञाको रिट निवेदन खारेज भइसकेको अवस्था छ। उक्त रिट निवेदन खारेज भएपछि विषयान्तर गरी यी वादीले मोही कायम गरिपाउँ भनी विद्यालयको सार्वजनिक सम्पत्तिबाट नाजायज फाइदा लिने दुराशयबाट यो फिराद दिएका हुन्। फिरादीमध्ये भिमबहादुर के.सी., ओमबहादुर थापा र भिमबहादुर भण्डारी विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष भएका व्यक्ति हुँदा निजहरूले शिक्षा ऐन,२०२८ को दफा १२ को ६ नं. ले प्रदान गरेको काम कर्तव्य अधिकार भन्दा बाहिर गै निहित स्वार्थबाट उत्प्रेरित भई कि.नं. ६४४ को जग्गामा स्वतः मोही कायम भएको उद्घोष गर्नुभएको छ तर भूमिसम्बन्धी ऐन, २०२१ को दफा २ को (ख) को मोहीको परिभाषा र (छ) को कुतको परिभाषाभित्र यी फिरादीहरू नपरेको स्वतः पुष्टि हुन्छ। भूमिसम्बन्धी ऐन,२०२१ को दफा २५ को अवस्थामा मात्र दुवै जग्गामा मोही हक प्राप्त हुन्छ। तर कानूनले निर्धारित प्रक्रिया पूरा नगरी केवल जग्गा भाडामा लिएकोमा र विद्यालयलाई आवश्यक पर्दा छाडिदिने कबुलियत गरी लिएको जग्गालाई मोहियानी कायम गरी पाउँ भनी फिराद गर्नु कानून सँगत हुन् सक्दैन। फिरादीहरू किसान पनि होइनन्। विद्यालयलाई निजहरूले बालि बुझाएको प्रमाण पनि छैन। विद्यालयको घडेरी जग्गा सर्तमा भाडामा दिएको अवस्था मात्र हुँदा यी फिरादीको दाबी अ.वं. ८२ नं. प्रतिकूल हुँदा झुठा दाबी अ.बं. १८० नं.बमोजिम खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिउत्तरपत्र बेहोरा रहेछ।

३. यस अदालतको आदेशानुसार वादीको साक्षीको बकपत्र हुँदा वादीका साक्षी कृष्णबहादुर अधिकारीले वादी भिमबहादुर भण्डारीसमेतका मानिसहरू विद्यालय व्यवस्थापन समिति नरपानीमा कुत तिर्ने गरी बस्न पाउ र आवश्यक परेको अवस्थामा विद्यालयको जग्गा खाली गर्ने छौ भनी २०४९ सालमा निवेदन दिई २०५० सालदेखी हालसम्म वादीहरू बसेका छन्। विद्यालयलाई उक्त जग्गा चाहिएको बखत वादीहरूले खाली नगरेकाले उक्त जग्गामा मोही हक कायम

वादीहरूको हुनुपर्ने होइन। उक्त जग्गा विद्यालयको सार्वजनिक सम्पत्ति हो। उक्त जग्गा जग्गामा बनेका घरहरू आवश्यक पर्दा हटाउनुपर्छ भनी बकपत्र गरेको देखिन्छ। वादीका अर्का साक्षी मानसिंह कुँवरले २२ वर्षसम्म यी वादीहरूले कुत तिरी भोगचलन गरेको जग्गा मोही कायम हुनुपर्दछ भनी बकपत्र गरेको देखिन्छ। प्रतिवादीका साक्षी पिताम्बर खत्रीले विद्यालयले आवश्यक पर्दा खाली गर्ने सर्तमा वादीहरूलाई जग्गा भाडामा दिएको हो। घर टहराहरू बनाई मूल्य लिई किन्ने वेच्ने गरेका छन्। विद्यालयको भाडामा दिएको जग्गामा मोही कायम हुनुपर्ने होइन भनी बकपत्र गरेको देखिन्छ।

४. प्रस्तुत मुद्दामा वादीका तर्फबाट उपस्थित हुनु हुने विद्वान् अधिवक्ता टिका भुसालले फिराद मागदाबीबमोजिम मोही कायम हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो भने प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता विजय खत्रीले विद्यालयको सम्पत्ति भाडामा लिदैंमा मोहियानी हक प्राप्त हुँदैन, फिराद खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

५. यसमा मिसिल संलग्न कागजात एवम् शिक्षा ऐन, २०२८ र भूमिसम्बन्धी ऐन,२०२१ को कानूनी व्यवस्थासमेत हेरी कानून व्यवसायीहरूको बहससमेत सुनी निर्णयतर्फ विचार गर्दा प्रतिउत्तरपत्रसाथ पेस हुन् आएको विद्यालयको व्यवस्थापन समितिको मिति २०४९।१२।२४ को निर्णयको प्रतिलिपिबाटविद्यालयको बैठकले तोकेअनुसारको मासिक भाडा तिर्ने गरी विद्यालयलाई आवश्यक पर्दाको बखत जग्गा छाडिदिने गरी कबुलियत गराई लम्बाइ १७ हात र चौडाइ ९ हातका मोटरबाटोको दक्षिणतर्फ २०५० वैशाख १ गतेदेखी मासिक भाडामा निवेदन दिएका व्यक्तिहरूलाई घडेरी दिन भनी निर्णय भएको र यी वादीले सोही निर्णयबमोजिम विद्यालयको जग्गा सोही सर्तमा भाडामा लिएको कुरामा कुनै विवाद देखिन आएन।

६. प्रस्तुत मुद्दासँग सम्बन्धित कानूनी व्यवस्था हेर्दा शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (ङ) ले विद्यालयको परिभाषा गरेको छ। जसअनुसार "विद्यालय" भन्नाले समुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनुपर्छ। त्यस्तै सोही दफाको खण्ड (घ२) मा सामुदायिक विद्यालयको परिभाषा गरिएको छ। जसअनुसार "सामुदायिक विद्याल" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ। शिक्षा ऐन, २०२८ को यी व्यवस्थाबमोजिम अर्घाखाँची नरपानी गा.वि.स. वडा नं. ७ स्थित भृकुटी निम्न माध्यामिक विद्यालय सामुदायिक विद्यालय भएको कुरामा कुनै विवाद छैन। यस्तो सामुदायिक विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने र सो समितिको अध्यक्ष अभिभावकहरूले आफूमध्येबाट छानी पठाएको व्यक्ति हुने व्यवस्था सो ऐनको दफा १२ को उपदफा (१) ले गरेको देखिन्छ। सोही दफाको उपदफा (६) लेसामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने, विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने, विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने, विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनीतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण

धमिल्याउन नदिने लगायतका काम, कर्तव्य र अधिकार हुने व्यवस्था गरेको छ। सोही ऐनको दफा १६ को उपदफा (१) ले सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने व्यवस्थासमेत गरेको छ।

७. त्यसैगरी शिक्षा नियमावली, २०५९ को नियम २५ मा ऐनमा लेखिएदेखी बाहेक सामुदायिक विद्यालयको व्यवस्थापन समितिको विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने, विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने लगायतका अन्य काम, कर्तव्य र अधिकार तोकेको देखिन्छ। सोही नियमावलीको नियम १५८ को उपनियम (१) मा विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुने र उपनियम (२) मा सामुदायिक विद्यालयको नाममा रहेको सम्पत्तिको व्यवस्थापन र संरक्षण गर्नको लागि सम्बन्धित जिल्लामा प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहेको एक विद्यालय सम्पत्ति संरक्षण समिति रहने व्यवस्था छ। नियम १५९अनुसार विद्यालय सम्पत्ति संरक्षण समितिको विद्यालयको नाममा प्राप्त भई दर्ता हुन् बाँकी रहेको जग्गा दर्ता गर्ने व्यवस्था मिलाउने,विद्यालयको नाममा रहेको सम्पत्तिलाई अधिकतम फाइदा हुने काममा प्रयोग गर्न व्यवस्थापन समितिलाई निर्देशन दिने, विद्यालयको नाममा रहेको जग्गाको आयस्ता असुलउपर गर्ने व्यवस्था मिलाउने, विद्यालयको सम्पत्ति कसैबाट हानी-नोक्सानी हुन् गएमा सो भराउने व्यवस्था गर्ने, विद्यालयको विकास गर्ने काममा बाहेक विद्यालयको नाममा दर्ता भएका जग्गा वा अन्य सम्पत्ति बेचबिखन गर्न नदिने, विद्यालयको जग्गा संरक्षण गर्न जिल्ला शिक्षा अधिकारी तथा प्रधानाध्यापकलाई सहयोग गर्ने लगायतका काम, कर्तव्य र अधिकार हुने व्यवस्था रहेको देखिन्छ। नियम १६० ले तोकेको अवस्था र प्रक्रिया पूरा गरेको अवस्थामा बाहेक अन्य अवस्थामा विद्यालयको नामको जग्गा बिक्री गर्न वा धितो राख्न नपाइने र १६१ ले तोकेको अवस्था र प्रक्रिया पूरा गरेको अवस्थामा बाहेक विद्यालयको नामको जग्गा सट्टापट्टा गर्न नपाइने गरी नियमावलीले वन्देज लगाएको अवस्था छ भने नियम १६२ ले सामुदायिक विद्यालयले विद्यालयको अचल सम्पत्ति विद्यालयको नाममा रजिस्ट्रेसन पारित गर्नु राख्नू पर्ने व्यवस्था गरेकोसमेत देखिन्छ।

८. यी कानूनी व्यवस्था हेर्दा सामुदायिक विद्यालयको सम्पत्तिमा कुनै पनि प्रकारले अतिक्रमण हुन् नसक्ने स्पष्ट छ। साथै विद्यालयको सम्पत्तिको संरक्षणको लागि निश्चित निकाय र पदाधिकारीहरूलाई कानूनले नै जिम्मेवारी तोकेको अवस्था देखिन्छ। विद्यालयको आयस्रोत बढाउनका लागि वाटोमा जोडिएको विद्यालयको सार्वजनिक सम्पत्ति घडेरी जग्गा विद्यालयलाई आवश्यक पर्दा फिर्ता गर्ने लगायतका निश्चित सर्तमा भाडामा दिएको र त्यसरी भाडामा लिने व्यक्तिहरूमध्ये प्रस्तुत मुद्दाका फिरादीमध्ये भिमबहादुर के.सी., ओमबहादुर थापा र भिमबहादुर भण्डारी विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष भई सकेका व्यक्तिहरू नै भएको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणबाट देखिन आएको छ। यसरी विद्यालयको सम्पत्ति संरक्षण

गर्नुपर्ने दायित्व भएका व्यक्तिहरूबाट नै विद्यालयको सार्वजनिक अचल सम्पत्ति घडेरी जग्गा निजी बनाउने उद्देश्यले मोहियानी हक कायम गरिपाउँन भनी फिरादपत्र लिई यस अदालतमा आउने यी वादीलाई माथि उल्लिखित कानूनले हकदैया प्रदान गरेको अवस्था नै देखिंदैन।

९. जहाँसम्म भूमिसम्बन्धी ऐन, २०२१ को व्यवस्थाको कुरा छ सोसम्बन्धमा विचार गर्दा वादीको २०५० सालदेखी घडेरी जग्गा भोग गरेकाले भूमिसम्बन्धी ऐन, २०२१बमोजिम मोही कायम गरिपाउँ भनी फिराद दाबी रहेकोमा भूमिसम्बन्धी ऐन, २०२१ ले स्पष्ट रूपमा कुन अवस्थामा कस्ता व्यक्ती मोही हुन् सक्ने भन्ने प्रस्ट व्यवस्था गरेको देखिन्छ। सो ऐनको दफा २ को खण्ड (क) मा "जग्गावाला" भन्नाले प्रचलित नेपाल कानूनबमोजिम नेपाल सरकारमा मालपोत तिर्नुपर्ने गरी आफ्नो नाममा जग्गा दर्ता गरी सो दर्ताको नाताले जग्गामा हक हुने व्यक्ति सम्झनुपर्छ भन्ने, खण्ड (ख) मा "मोही"भन्नाले अरू जग्गावालाको जग्गा कुनै सर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने किसान सम्झनुपर्छ भन्ने र खण्ड (घ) मा "कूत" भन्नाले जग्गावालाको जग्गा कमाउन लिए बापत मोहीले जग्गावालालाई बुझाउने नगदी वा जिन्सी वा दुवै सम्झनुपर्छ भनी परिभाषित गरिएको देखिन्छ। यी परिभाषालाई हेर्दा भूमिसम्बन्धी ऐन, २०२१ को प्रयोजनका लागि अर्घाखाँची नरपानी गा.वि.स. वडा नं. ७ स्थित भृकुटी निम्न माध्यामिक विद्यालयले नेपाल सरकारलाई मालपोत बुझाई आफ्नो नाउँमा जग्गा दर्ता गरी भोगचलन गरेकोदेखिँदा सो विद्यालय जग्गावाला रहेको कुरामा विवाद नभए पनि विद्यालयको घडेरी जग्गा सर्तसहित भाडामा लिएका यी वादीहरू भूमिसम्बन्धी ऐन, २०२१ को दफा २ को खण्ड (ख)बमोजिमको मोही भएको भन्ने र वादीले सर्तबमोजिम विद्यालयलाई बुझाउँदै आएको घडेरी जग्गाको भाडा रकमलाई दफा २ को खण्ड (घ)बमोजिमको कुत हो भनी अर्थ गर्न र भूमिसम्बन्धी ऐन, २०२१ को परिच्छेद ८बमोजिमको कुतसम्बन्धी व्यवस्था प्रस्तुत मुद्दामा आकर्षित हुने भन्ने कुनै कानूनी आधार नै देखिंदैन।

१०. भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५ ले कुनै पनि जग्गामा मोहीको हक प्राप्त हुने अवस्था निश्चित गरेको छ। जसअनुसार यो दफा प्रारम्भ भएको मितिसम्म कुनै जग्गावालाको जग्गा मोहीको हैसियतले कमाई आएको व्यक्तिलाई सो जग्गामा भूमिसम्बन्धी ऐन२०२१बमोजिमको मोहीको हक प्राप्त हुने व्यवस्था छ। तर सोही दफाको उपदफा (२) ले भूमिसम्बन्धी (चौंथो संशोधन) ऐन, २०५३ लागू भएको मिति २०५३।९।२४पछि दफा २६ को उपदफा (१) बमोजिम मोहियानी हक प्राप्त हुनेमा बाहेक कसैले कुनै जग्गावालाको जग्गा कुनै सर्तमा कमाए बापत त्यस्तो व्यक्तिलाई सो जग्गामा मोहियानी हक प्राप्त हुने छैन भनी प्रस्ट व्यवस्था गरेको अवस्था छ। तर भूमिसम्बन्धी (चौंथो संशोधन) ऐन, २०५३ लागू भएको मिति २०५३।९।२४अघि नै कसैले कुनै जग्गावालाको जग्गा मोहियानीमा कमाई जग्गावाल र मोहीबीचमा दोहोरो लिखित कबुलियतनामा गरी त्यसको प्रमाणित प्रतिलिपि जग्गा रहेको गाउँ विकास समिति वा नगरपालिकामा दाखिल गरको रहेछ र सो जग्गाको मोहीले यो उपदफा प्रारम्भ भएको मितिले छ महिनाभित्र त्यस्तो जग्गामा मोहियानी हक कायम गरिपाउँन निवेदन दिएमा तोकिएको अधिकारीले दोहोरो लिखित कबुलियतनामा लगायत आवश्यक अन्य प्रमाण

बुझी निवेदकलाई त्यस्तो जग्गामा मोहियानी हक कायम गराई दिन सक्ने र यसअघि कुनै समिति, कार्यालय वा अदालतमा मोहीसम्बन्धी कुनै मुद्दा परी छिन्न बाँकी रहेका मुद्दामा यस ऐनमा तत्काल कायम रहेको व्यवस्थाबमोजिम मुद्दाको निर्णय गर्नलाई बाधा पुऱ्याएको नमानिने व्यवस्था उक्त कानूनमा स्पष्ट छ। तर प्रस्तुत मुद्दामा यी वादीहरू कानूनबमोजिम मोहीको परिभाषाभित्र पर्ने भई माथि उल्लिखित कानूनी व्यवस्थाका अधीनमा रही मोहियानी हक कायम गरिपाउन कारबाही चलाएको भन्ने मिसिल प्रमाणबाट देखिंदैन। यी कानूनी व्यवस्थालाई हेर्दा सर्तसहित भाडामा लिएको विद्यालयको घडेरी जग्गामा माथि उल्लिखित भूमिसम्बन्धी ऐनको व्यवस्था आकर्षित हुने अवस्था नै देखिन आउँदैन। जसको जुनकुरामा हक पुग्छ उसले सो कुरामा दाबी गरी नालिस दिएँ मात्र लाग्छ। हक नै नपुग्ने विषयमा नालिस लाग्नै सक्दैन। अतः प्रस्तुत विषयमा घडेरी जग्गा भाडामा लिएकोमा मोहियानी हक कायम गरिपाउँ भनी भूमिसम्बन्धी ऐन, २०२१ को हवाला दिँदै फिरादपत्र लिई अदालती बन्दोबस्तको ८२ नं.बमोजिम यस अदालतमा आउन यी वादीलाई हकदैया रहेको भनी मान्न मिल्ने अवस्था नै देखिन आएन।

११. वादीतर्फका विद्वान् अधिवक्ताहरूले इजलाससमक्ष पेस गर्नुभएको विद्यालयको जग्गामा मोहियानी हक प्राप्त हुन् सक्ने भन्ने विषयमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (निर्णय नं. १६२२ ने.का.प. २०४० अङ्क २) को सन्दर्भमा हेर्दा २०१७ सालबाट जग्गा कमोद गरी २०१९ साल जेष्ठ २५ गते स्कुललाई जग्गाधनी मानी बिगाहा १ को रू.२४०।- बुझाउने गरी कबुलियत गरी जंगल फाँडी सो जग्गामा घरबास बनाई सर्तबमोजिम भोगी आएकामा ०२९।१२।४ मा उक्त स्कुल सञ्चालक समिति र गा.पं. समितिले अब यो जग्गा छाडिदिनुहोस् बिक्री भए बिक्री गरिदिन्छु नभए बढी कुतमा मोही लगाउँछौं भनी डर धाक देखाएका हुँदा उक्त जग्गा खाई पाई आएको सर्तमा खान पाउँ भन्ने वादीहरूको निवेदन र उक्त जग्गा निवेदकले कमाई आएका छन् तापनि उक्त स्कुल श्री ५ को सरकारको अधिनस्थ भएकाले जग्गासमेत श्री ५ को सरकारको अधिनस्थ भएको हुँदा भूमिसम्बन्धी ऐन, ०२१ को संशोधित दफा २५ को खण्ड (ग)बमोजिम मोहियानी हक नलाग्ने भएकाले निजहरूको उजुरी खारेज हुनुपर्छ भन्ने प्रतिवादीहरूको जिकिर भएकामा यस जिल्लामा नयाँ शिक्षा लागू भएअनुसार शिक्षण संस्था श्री ५ को सरकारको स्वामित्वभित्र पर्नआएकोले उक्त शिक्षण संस्थाअन्तर्गत रहेको अचल सम्पत्ति पनि श्री ५ सरकारको अधिनस्थ भएको भनी जिल्ला शिक्षा अधिकारी कार्यालयबाट जवाफसमेत प्राप्त भएकाले भू.सं. ऐन, ०२१ को खण्ड (ग)बमोजिम वादीहरूको मोहियानी हक दाबी नपुग्ने ठहऱ्याई दिएँ भन्ने मिति ०३०। २।२९।२ मा भू.प्र.का. रूपन्देहीबाट भएको निर्णय भई यो विवाद रिट निवेदनको माध्यमबाट सर्वोच्च अदालतमा पुग्दा उल्लिखित नजिर प्रतिपादन भएको देखिँदा उक्त सिद्धान्त प्रतिपादन हुँदाको कानूनी व्यवस्था र मुद्दाको तथ्य एवम् प्रकृति र प्रस्तुत मुद्दा पर्दाको कानूनी व्यवस्था र मुद्दाको तथ्य एवम्

प्रकृतिमा फरक अवस्था भई उक्त सिद्धान्तलाई ग्रहण गरी विचार गर्नुपर्ने कुनै आधार प्रस्तुत मुद्दामा देखिन आउँदैन। प्रस्तुत मुद्दामा मोहीको हैसियतले कबुलियतबमोजिम जग्गा कमाएको अवस्था नभई विद्यालयको बाटोसँगै जोडिएको घडेरी जग्गा विद्यालयलाई आवश्यक पर्दा फिर्ता गर्ने सर्तमा भाडामा लिएको कुरालाई भूमिसम्बन्धी ऐन, २०२१ को गलत रूपमा आफू खुसी व्याख्या गरी विद्यालयको सार्वजनिक सम्पत्ति निजी बनाउने बद्नियतका साथ हकदैया नै नभएको विषयमा यी वादीहरूले प्रस्तुत फिरादपत्र पेस गरेको देखिन्छ।

१२. यसरी भाडामा लिएको जग्गामा मोही हक प्राप्त हुने भन्ने व्यवस्था शिक्षा ऐन, २०२८ र भूमिसम्बन्धी ऐन, २०२१ ले नगरेको साथै स्वयां यी वादीका साक्षीमध्येको एक कृष्णबहादुर अधिकारीले उक्त जग्गा विद्यालयको सार्वजनिक सम्पत्ति हो मोहियानी हक वादीहरूको कायम हुनुपर्ने होइन भनी बकपत्र गरेको र विद्यालयको व्यवस्थापन समितिको मिति २०४९।१२।२४ को निर्णयको प्रतिलिपिबाट विद्यालयको बैठकले तोकेअनुसारको मासिक भाडा तिर्ने गरी विद्यालयलाई आवश्यक पर्दाको बखत जग्गा छाडिदिने गरी कबुलियत गराई लम्बाइ १७ हात र चौडाइ ९ हातका मोटरबाटोको दक्षिणतर्फ २०५० वैशाख १ गतेदेखी मासिक भाडामा निवेदन दिएका व्यक्तिहरूलाई घडेरी दिन भनी निर्णय भएको र यी वादीले सोही निर्णयबमोजिम विद्यालयको जग्गा सोही सर्तमा भाडामा लिएको देखिँदा प्रस्तुत विषयमा यी वादीलाई भूमिसम्बन्धी ऐन,२०२१ को हवाला दिई मोहियानी हक कायम गराइपाउँ भनी फिराद गर्ने हकदैया नै पुग्न सक्ने नदेखिँदा अ.बं. ८२ नं. का आधारमा अ.बं. १८० नं. बमोजिम प्रस्तुत मुद्दाको फिरादपत्र खारेज हुने ठहर्छ। सो ठहरेकाले यी वादीले फिराद दाबीअनुसार मोहीयानी हक प्राप्त गर्ने हुन् होईनन् भन्ने प्रश्नमा थप विश्लेषण र विवेचना गरिरहनु पर्ने अवस्था रहेन। अरू तपसिलका कुरामा तपसिलबमोजिम गर्ने गरी आजै अड्डैबाट अ.बं. १८६ नं.बमोजिम यो फैसला गरिदिएँ।

## तपसिल

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम फिराद गर्ने हकदैयाको अभावमा प्रस्तुत मुद्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८० नं.कोबमोजिम खारेज हुने ठहरी फैसला भएकोले प्रस्तुत फैसलामा चित्त नबुझे मुलुकी ऐन, अ.वं. १९३ नं. का म्याद ३५ दिनभित्र श्री पुनरावेदन अदालत, वुटवलमा पुनरावेदन गर्नु भनी वादीहरूलाई पुनरावेदनको म्याद दिनू.......................................१

नक्कल माग्ने सरोकारवालाबाट लाग्ने नियमानुसारको दस्तुर लिई नक्कल सारी सराइदिनू.................१

यो मुद्दाको दायरीको लगत कट्टागरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू ..................................१

जिल्ला न्यायाधीश

मा.जि.न्या.ज्यू ले बोली टिपाएबमोजिम पाना १० को फैसला तयार गर्नेः-
फाँटवालाः ना.सु.नारायण बहादुर भट्टराई
**इति संवत् २०७२ साल माघ महिना २१ गते रोज ५ शुभम्.................................. ।**

**श्री दाङ देउखुरी जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री कोमलप्रसाद आचार्य**

**फैसला**

**संवत् २०७२ सालको स.फौ.नं. ७३-०७२-००९७४ *(072-CR-0196)***

**नि.नं.- २६८**

**मुद्दाः - लागू औषध (अफिम)।**

**वादी**

प्र. ना. नि. रामचन्द्र पन्तसमेतको प्रतिवेदन जाहेरीले नेपाल सरकार............................१

साक्षी

जाहेरवालालगायत प्रहरीमा घटना विवरण कागज गर्ने मानिसहरू।

कागज

बरामदी मुचुल्का.......................।

**प्रतिवादी**

जिल्ला सल्यान, सिद्धेश्वरी-७ फलाँटे बस्ने दुर्कु चलाउनेको छोरा वर्ष २८ को विनयकुमार चलाउने.............................................१

जिल्ला सल्यान, शारदा नगरपालिका-१४ बस्ने सुकलाल विष्टको छोरा वर्ष २९ को निमलाल विष्ट..................................................१

जिल्ला सल्यान, मर्मपरिकाँडा-७ चिनाली बस्ने भदि रानाको छोरा वर्ष २९ को मान सिंह राना.................................................१

ऐ.ऐ.फलाबाङ-५ पैयाँचौर घर भई हाल तु.न.पा.-६ बनकट्टा बस्ने पूर्णबहादुर रेउलेको छोरा सालिकराम रेउले...........................१

साक्षी

शालिकराम बुढाथोकी, राजन डाँगी

कागज

*x*

अदालतबाट बुझेको

साक्षी

प्रतिवेदक रामचन्द्र पन्त, शालिकराम बूढाथोकी, राजन डाँगी

कागज

*x*

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन, अ.बं. २९ नं.बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन् आएको प्रस्तुत मुद्दाको संक्षिप्त तत्थ्य र ठहर यसप्रकार छ।

जिल्ला दाङ, तुलसीपुर नगरपालिका १२ टरिगै स्थित पूर्वमा उमलाल भण्डारीको खेत, पश्चिममा भागीरथ भण्डारीको टिनले छाएको कच्ची घर, उत्तर र दक्षिणमा जनमुखी प्रा.वि. टरीगाउँ जाने कच्ची सडक खण्ड यत्ति चार किल्लाभित्र पर्ने टरीगाउँदेखी जनमुखी प्रा.वि.तर्फ जाने कच्ची सडक खण्डमा मिति २०७१।१२।२१ गते अन्दाजी २०:०० बजेको समयमा निमलाल बिष्ट र विनयकुमार चलाउनेले अवैध लागू औषध (अफिम/ जस्तो देखिने पदार्थको कारोबार गर्न लागेका छन् भन्ने गोप्य सूचनाको आधारमा उक्त स्थानमा गई निजहरूलाई नियन्त्रणमा लिन खोज्दा निज निमलाल बिष्टले ला.औ. अफिम जस्तो देखिने पदार्थ ओसारपसार गर्न प्रयोग गरेको रा.२प. ५९५७ नं. को मोटरसाइकल तथा विनयकुमार चलाउनेले कालो नाईक स्पोर्टस लेखिएको झोलामा अवैध लागू औषध अफिम जस्तो देखिने पदार्थ बोकेको झोला छाडी भागी फरार रहेकोले उक्त मोटरसाइकल तथा आजै मान्यता प्राप्त तराजुमा तौल गर्दा निम्न परिमाणको ला.औ.अफिम जस्तो देखिने पदार्थ ३ किलो ३०० ग्रामसमेत प्रहरीले बरामद गरी लगेको ठीक साँचो हो भन्ने बेहोराको मिति २०७१।१२।२१ गतेको खानतलासी तथा बरामदी मुचुल्का।

उल्लिखित वारदातमा प्रयोग भएको रा.२प. ५९५७ नं. को मोटरसाइकल जिल्ला सल्यान, सिद्धेश्वरी-५ सल्यान ठेगाना भएका श्री भद्रबहादुर चलाउनेको नाममा दर्ता भएको भन्ने यातायात व्यवस्था कार्यालय, राप्तीको च.नं.९६८ मिति २०७१।१२।२२ गतेको पत्र।

वारदात मिति २०७१।१२।२१ गतेको अन्दाजी २०:०० बजेको समयमा निमलाल बिष्ट र विनयकुमार चलाउनेसमेतले जिल्ला दाङ, तु.न.पा.-१२ टरीगै स्थित टरीगाउँदेखी जनमुखी प्रा.वि. तर्फ जाने कच्ची सडक खण्डमा अवैध लागूऔषध अफिमको कारोबार गर्न लागेका छन् भन्ने गोप्य सूचनाको आधारमा निजहरूलाई नियन्त्रणमा लिन मसमेतको प्रहरी टोली उक्त स्थानमा गई निजहरूलाई नियन्त्रणमा लिन लाग्दा निमलाल बिष्टले चलाई लगेको रा.२प. ५९५७ नं. को अपाचे रातो कालो रंगको मोटरसाइकल र विनयकुमार चलाउनेले नाइक स्पोर्टस लेखेको कालो झोलाभित्र कालो रंगको प्लास्टिकको थैलोमा राखिएको अवैध लागू औषध अफिमसहित घटनास्थलमा नै छोडी भागी फरार भएकामा उक्त मोटरसाइकल र लागू औषध अफिमलाई प्रहरीले बरामद गरी निजहरूको खोजतलास गर्ने क्रममा निज दुवै जना प्रतिवादीहरूलाई नेपालगंज उ.म.न.पा.कारकाँदो चोकमा फेला पारी निज दुवैलाई पक्राउ गरी आवश्यक कारबाहीको लागि बरामद भएको लागू औषध अफिमलाई मान्यता प्राप्त तराजुमा तौलिदा तौल ३ किलो ३०० ग्रामसहित यसै प्रतिवेदनसाथ पेस गरेका छौ भन्नेसमेत बेहोराको मिति २०७१।१२।२३ गतेको प्रहरी प्रतिवेदन।

वारदात मिति, समय र स्थानदेखी वारदातपश्चात् भागी फरार रहेका प्रतिवादीहरू विनय चलाउनेसमेतलाई पक्राउ गरी निजहरूको शरीर खानतलासी गर्दा प्रतिवादी विनयकुमार चलाउनेको शरीरबाट नोकिया लेखेको मोबाइल थान-१, नगद नेपाली रु.१२,०८५।- र लाईसेन्सलगायत अन्य कागजात सहितको खैरो रंगको पर्स र निमलाल बिष्टको शरीरको खानतलासी गर्दा नोकिया लेखेको

मोबाइल थान-१ समेत बरामद भएको भन्नेसमेत बेहोराको मिति २०७१।१२।२३ गतेको खानतलासी तथा बरामदी मुचुल्का।

यस कार्यालयबाट उल्लिखित वारदात मिति समय र स्थानबाट प्रहरीले बरामद गरी दाखिला गरेको लागू औषध (अफिम) लाई तौल गर्न पठाइएकोमा उक्त लागू औषध अफिमको तौल गर्दा ३ किलो ३०० ग्राम रहेको भन्नेसमेत बेहोराको तुलसीपुर सुन चाँदी व्यवसायी समिति तुलसीपुर- दाङको मिति २०७१।१२।२३ गतेको पत्र।

प्रहरीले बरामद गरी दाखिला गरेको लागू औषधबाट नमुना छुट्याउनु पर्ने भएकाले उक्त कार्य सम्पादन हेतु सम्मानित दाङ देउखुरी जिल्ला अदालत दाङ घोराहीका प्रतिनिधि र श्री इलाका प्रहरी कार्यालय तुलसीपुरका अनुसन्धान अधिकृत र प्रतिवादीहरूको रोहबरमा परीक्षणको लागि ३ ग्राम, सम्मानित अदालतको लागि ३ ग्राम र अनुसन्धान पक्षको लागि ३ ग्राम गरी जम्मा ९ ग्राम ला.औ.अफिम छुट्याई खामबन्दी गरी बाँकी रहेको ३ किलो २९१ ग्राम ला.औ. अफिमलाई प्रहरीको जिम्मा लगाइएको भन्नेसमेत बेहोराको मिति २०७१।१२।२५ गतेको मुचुल्का।

मिति २०७१।१२।२ गते सल्यानबाट तुल्सीपुर आएको थिएँ, अं.१६:०० बजे प्रतिवादी विनयकुमार चलाउने म कहाँ आई एकै छिनका लागि तपाईंको मोटरसाइकल दिनुहोस् भनी मेरा नाममा रहेको रा.२ प.५९५७ नं.को मोटरसाइकल लिई गएका थिएँ निजसँग मेरो चिनजान भएकाले मैले मोटरसाइकल दिए। मिति २०७१।१२।२३ गते प्रहरीले मलाई फोन गरी बोलाई प्रतिवादी विनयकुमार चलाउने र निमलाल विष्टलाई मैले दिएको मोटरसाइकल र लागू औषध अफिससहित पक्राउ गरी ल्याएको थाहाँ पाएको हुं। मेरो लागू औषध कारोबारोसँग केही सम्बन्ध छैन भन्नेसमेत बेहोराको मिति २०७१।१२।२४ गतेको घटना विवरण कागज।

बिहान गाउँमा अफिमको बोटहरूदेखी स्थानीयावासीहरूसँग सोधपुछ गर्ने क्रममा उक्त बोटहरू अफिमका बोटहरू हुन् र उक्त बोटको फलको चोपबाट अफिम भन्ने लागू औषध प्राप्त हुन्छ जसको बजार मूल्य रु.५०,०००।- प्रति किलो छ भनेकाले सुनी थाहा पाएका हौं। सोही क्रममा मानसिंह रानासँग भेटघाट भयो र निजले उक्त अफिमको बोटहरूबाट अफिम संकलन गरी सल्यानको ढोरचौरसम्म पुऱ्याइदिन्छु भनेकाले हामीहरूले उक्त कारोबार सम्बन्धमा थाहा छैन, कुनै कारोबारी व्यापारीसँग भेट भयो भने जानकारी गराउँला भनी निजको मोबाइल नं. ९८०९७०२२३५ टिपी तुलसीपुर दाङ्गतर्फ फर्की आएका हौं र बजारमा घुम्ने क्रममा अं.३।४ दिन पछि शालिकराम रेउलेसँग भेट भई विनय र मैले अफिम भएको जानकारी निजलाई गराएका हौं, निजले उक्त अफिम संकलन गरी तुलसीपुर ल्याउनु, मलाई एउटा कारोबारी (मधेशी) थाहा छ बिक्री गरीदिन्छु भनेपछि विनयले मानसिंह रानालाई फोन गरी सो कुराबारे जानकारी गराएका हुन् र सोही क्रममा निमलाल बिष्ट ऐ.२० गते मान सिंह रानालाई भेट्न गई संकलन भएको अफिम लिई तुलसीपुरतर्फ फर्की आएकामा विनयकुमार चलाउने, निमलाल बिष्ट, मानसिंह राना र शालिकराम रेउलेसमेतको संयुक्त योजनानुसार सल्यानबाट ल्याई नेपालगंज बस्ने मधेशीलाई बिक्री गर्न भनी ल्याएका हौं, उक्त

अफिमलाई सल्यानदेखी तुलसीपुर पुऱ्याएबापत प्रति किलो रु. १०,०००।- दिन्छु भनेकाले उक्त लागू औषध तुलसीपुरसम्म ल्याएका हौं। तत्पश्चात् भद्रबहादुर चलाउनेसँग रा.२प. ५९५७ नं. को अपाचे मोटरसाइकल एकछिन काम छ भनी मागी जिल्ला दाङ, तु.न.पा.१२ टरिगै स्थित निमलाल बिष्टको दिदीको घरमा कोही नभएको अवस्थामा घरभित्र राखी तुलसीपुरतर्फ फर्की आएका हौं। निज व्यापारी मधेशी नामथर वतन थाहा नभएको ऐ. मितिको साँझ १७:०० बजे आइपुग्यो भनी सालिकराम रेउलेले भनी हामी २ जनालाई फोनबाट बताएपछि हामी टरिगै स्थित उक्त लागू औषध बोकी धेरै बेरसम्म बस्दा पनि निज व्यापारीहरू नआएपछि हामीहरू बसी राखेको समयमा एक्कासी निमलाल बिष्ट मोटरसाइकल लिई पुलिस आयो भनी कराउँदा विनयकुमार चलाउनेले उक्त ला.औ. (अफिम) र निमलाल बिष्टले उक्त मोटरसाइकल सोही स्थानमा छोडी भागी फरार भई निमलाल बिष्टको कोठामा आई बस्यौं। सोही क्रममा मिति २०७१।१२।२२ गते बिहान शालिकराम रेउलेले तपाईंको मोटरसाइकल नेपालगंजमा छ लिन आउनुहोस् भनेकाले हामी उक्त मोटरसाइकल लिन नेपालगंज गई मोटरसाइकल लिएको मानिसलाई फोन गर्दा सादा पोसाकका प्रहरीहरू आई हामीहरूलाई पक्राउ गरी लगेका हुन् भन्ने प्रायः एकै मिलान बेहोराको प्रतिवादीहरू निमलाल बिष्ट र विनयकुमार चलाउनेले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान कागज।

प्रहरीले बरामद गरेको लागू औषध (अफिम) लाई परीक्षणको लागि छुट्याएको ३ ग्राम खामबन्दीसहित विधि विज्ञान प्रयोगशाला सामाखुसीमा पठाइएको भन्नेसमेत बेहोराको इ.प्र. कार्यालय तुलसीपुरको मिति २०७१।१२।२९ गतेको पत्र।

प्रहरीको जिम्मामा रहेको बरामद भएको लागू औषध (अफिम) तौल ३ किलो २९१ ग्राम खटिएको प्रहरी टोलीले दाङ देउखुरी जिल्ला अदालत घोराही दाङको प्रांगणमा खोली पूर्ण रूपमा जलाई नष्ट गरेको भन्नेसमेत बेहोराको मिति २०७१।१२।३० गतेको मुचुल्का।

इलाका प्रहरी कार्यालय सितलपाटी सल्यानको जिल्ला सल्यान, शारदा नगरपालिका-१४ बस्ने निमलाल बिष्टको वतनमा गई निजको बस्ने घरकोठाको खानतलासी गर्दा लागू औषध (अफिम) मुद्दामा सहयोग पुग्न सक्ने खालका कुनै किसिमका चिज वस्तुहरू फेला नपरेको भन्ने बेहोराको च.नं. १६७ मिति २०७२।०१।०३ गतेको खानतलासी बरामदी मुचुल्का।

मिति २०७१।१२।२१ गते साँझ २०:०० बजेको समयमा काम विशेषले टरिगैतिर घुम्न गएकोमा वारदात स्थानमा धेरै हो हल्ला भएको सुनी के भएको हो भनी हेर्न जाँदा भाग्यो भाग्यो भन्ने सुनेका हौं, पछि बुझ्दै जाँदा नामथर, वतन खुल्न नआएको १ जनाले रा.२प. ५९५७ नं. को मोटरसाइकल र १ जनाले स्पोर्टस लेखिएको कालो झोला छाडी भागी गएपश्चात् प्रहरीले उक्त झोला र मोटरसाइकल बरामद गरी झोलाभित्र लागू औषध (अफिम) रहेको भनी प्रहरीले भनेपछि थाहा पाएका हौं। भोलिपल्ट निमलाल बिष्टलाई जिल्ला बाँके नेपालगंज उ.न.पा. कारकाँदो चोकबाट प्रहरीले पक्राउ गरेको छ भन्ने सुनी थाहा पाएका हौं। निजहरूले ला.औ. (अफिम) को कारोबार गरेकामा प्रहरीले पक्राउ गरेकामा पूर्ण विश्वास लाग्छ भन्ने प्रायः एकै मिलान बेहोराको रमेश मल्ल र विवेक मल्लको मिति २०७२।१।१० गतेको घटना विवरण कागज।

जिल्ला प्रहरी कार्यालय सल्यानको जिल्ला सल्यान, मर्म परिकाँडा-७ बस्ने मान सिंह रानाको घर वतनमा गई निजको बस्ने घरकोठाको खानतलासी गर्दा लागू औषध (अफिम) मुद्दामा सहयोग पुग्न सक्ने खालका कुनै किसिमका चिज वस्तुहरू फेला नपरेको भन्नेसमेत बेहोराको च.नं.५९० मिति २०७२।०१।१० गतेको खानतलासी बरामदी मुचुल्का।

जिल्ला दाङ, तु.न.पा-१२ टरिगाउँ स्थित पूर्वमा सुभाष लामिछानेको खाली जग्गा, पश्चिममा खाली प्लटिङ्ग जग्गा, उत्तरमा कुलबहादुर बूढाथोकीको खाली जग्गा र दक्षिणमा मानपुरतर्फ जाने आउने कच्ची मोटर बाटो यति चार किल्लाभित्र पर्ने पूर्व पश्चिम मोहडा भएको २ तले बैकलसहितको जस्ता पाताले छाएको ६ कोठे शारदा बूढाथोकीको कच्ची घर उक्त घरको बायाँ पट्टिको कोठा प्रतिवादीले अफिम लुकाएको भन्ने कोठाको ढोका खोली भित्र पसी हेर्दा सामुन्ने काठको खाट रहेको सो खाटमुनि, माथि सम्पूर्ण कपडाहरू वल्ट्याई पल्ट्याई हेर्दा, र्‍याक, टेबुल, घर्रा झुन्ड्याइएका झोलाहरू, सम्पूर्ण कोठाहरू र गोठसमेतको खानतलासी गर्दा लागू औषध (अफिम) मुद्दामा सहयोग पुग्न सक्ने खालका कुनै किसिमका चिज वस्तुहरू फेला नपरेको भन्नेसमेत बेहोराको मिति २०७२।०१।१९ गतेको खानतलासी बरामदी मुचुल्का।

इलाका प्रहरी कार्यालय रागेचौर सल्यानको जिल्ला सल्यान, मर्मपरीकाँडा-७ बस्ने लागू औषध (अफिम) मुद्दाका फरार प्रतिवादी मान सिंह रानाको घर वतन, लुकीछिपी बस्न सक्ने सम्भावित ठाउँहरूमा गई निजको खोजतलास गर्दा कहींकतै फेला नपरेको भन्ने बेहोराको च.नं.२२३ मिति २०७२।०१।२५ गतेको फरारी मुचुल्कासहितको पत्र।

यस कार्यालयबाट वारदातपश्चात् प्रहरीले बरामद गरी छुट्याई परीक्षणको लागि पठाइएको लागू औषध को परीक्षण गर्दा उक्त नमुनामा लागू औषध अफिम पाईएको छ भन्ने बेहोराको श्री केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुसी काठमाडौंको च.नं.४४०९ मिति २०७२।०२।१० गतेको परीक्षण प्रतिवेदन।

उल्लिखित वारदात मिति समयमा मसमेत घटनास्थलमा गएको थिएँ, प्रतिवादी विनयकुमार चलाउने र प्रतिवादी निमलाल बिष्टले अवैध लागू औषध अफिम ओसार पसार तथा बिक्री वितरण गर्न लागेको भन्ने गोप्य सूचनाका आधारमा घटनास्थलमा जाँदा जिल्ला दाङ तु.न.पा.-१२ टरीगैं स्थित प्रतिवादी निमलाल बिष्टले चलाएको रा.२प. ५९५७ नम्बरको रातो कालो रंगको अपाचे मोटरसाइकल छाडी भागेको र प्रतिवादी विनयकुमार चलाउनेले *Nike Sport* लेखिएको कालो झोला मेरो सामुन्य छोडी भागेका थिएँ, मसमेतले निज प्रतिवादीहरूलाई पक्राउ गर्न धेरै प्रयास गर्दा पक्राउ नपरी तत्काल निजहरू भागे र मोटरसाइकल र झोलाभित्र ३ किलो ३०० ग्राम अफिम बरामद गरी मिति २०७१।१२।२२ गते प्रतिवादी निमलाल बिष्ट र विनयकुमार चलाउनेलाई पिछा गर्दै जाँदा बाँकेको कारकाँदोबाट पक्राउ गरी दाखिला गरेका थियौं। म इलाका प्रहरी कार्यालय तुलसीपुरबाट सादा पोसाकमा डियुटी गर्छु। निज प्रतिवादीहरूलाई मैले देखे चिनेको थिएन, निजहरूले बोकेको झोलाबाट

३ किलो ३०० ग्राम अवैध लागू औषध अफिम बरामद भएको हो भन्नेसमेत बेहोराको प्र.ह. मख्खन चौधरीले गरेको घटना विवरण कागज।

मिति २०७१।१२।२१ गते अन्दाजी २०:०० बजेको समयमा म आफ्नो घरमा थिएँ, उक्त दिनभन्दा ३।४ दिनअघि जिल्ला दाङ तु.न.पा.-५ बसपार्कस्थित होटलमा साँझ खाना खाने क्रममा निज प्रतिवादी विनयकुमार चलाउने र निमलाल बिष्टले नाम थर थाहा नभएको व्यक्तिसँग फोनमा सामान राख्न गाह्रो भयो भन्ने जस्ता संकास्पद कुराहरू गर्न लागेको देखी, सुनी निजलाई के सामान हो, त्यस्तो भनी सोध्दा पहिला निजहरूले मलाई केही नभनेको र मैले तत्काल क्षेत्रीय अनुसन्धान समूहका विष्णुप्रसाद न्यौपानेसमेतलाई शंकास्पद गतिविधि गर्न लागेको जानकारी गराएको थिएँ, निज अनुसन्धान समूहका प्रहरीहरूले मलाई निज प्रतिवादीहरूको बारेमा थप सूचना संकलन गरी जानकारी गराउन भनेअनुसार मैले गोप्य रूपमा निज प्रतिवादी दुवै जनासँग नजिक भई सबै कुरा बुझ्दा निजहरूले लागू औषध अफिम ल्याएको र किन्ने मान्छे नआएको भन्ने खबर पुनः अनुसन्धान समूहका प्रहरीलाई जानकारी गराएको थिएँ, प्रतिवादीहरूसँग भेटघाट र घनिष्टता कायम भएको कारण निजहरूले आफ्नो बयानमा मेरो नाम खुलाइदिएको हुनुपर्दछ। मैले प्रहरीहरूको निर्देशनमा उक्त कार्यलाई निष्फल बनाउन सुराकीको कार्य गरेको हुँ भन्नेसमेत बेहोराको शालिकराम रेउलेको मिति २०७२।०२।२१ गतेको घटना विवरण कागज।

निज सालिकराम रेउलेसँग अन्दाजी ४ महिना पहिला मसमेत तुलसीपुर बसपार्कमा अवैध जिपहरू समाउन गएको अवस्थामा निजसँग परिचय भई निजले नै चलाउने जिप रिजर्व गरी केही दिन अपरेशनमा हिँडेका थियौं। निजलाई म राम्रोसँग चिन्दछु, निज सालिकराम रेउलेले मसमेतलाई फोनमा गोप्य रूपमा संकास्पद क्रियाकलाप गरी प्रतिवादी निमलाल विष्ट र विनयकुमार चलाउने हिँड्डुल गरिरहेको सम्बन्धमा जानकारी गराएपश्चात् मसमेतको टिमले निज शालिकराम रेउलेलाई गोप्य रूपमा परिचालन गरी प्रतिवादी निमलाल विष्ट र विनयकुमार चलाउनेसहित ३ किलो ३०० ग्राम अवैध लागू औषध अफिमसहित पक्राउ गरी दाखिला गरेको हो भन्नेसमेत बेहोराको प्रहरी जवान विष्णुप्रसाद न्यौपानेको घटना विवरण कागज।

प्रतिवादी विनयकुमार चलाउने, निमलाल विष्ट, मानसिंह राना र सालिकराम रेउलेले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ) (ङ) (च) को कसुर अपराध गरेकाले निज प्रतिवादीहरूलाई बरामद अफिमको मात्राअनुसार सोही ऐनको दफा १४(१) (छ) (३)बमोजिम सजाय हुन् भन्नेसमेत बेहोराको अभियोग मागदाबी।

मिति २०७१।१२।१ गते अं.राती ८.०० बजेतिर म तुलसीपुर वसपार्कमा थिएँ। प्रतिवादी विनय मकहाँ आई साथीको झोला टरिगाउँमा ट्रकबाट आएको छ रे लिन जाउँ भनेकाले मैले मोटरसालकमा बसाली टरिगाउँतर्फ गई विनयलाई त्यहीँ छोडिदिएकोमा त्यहाँ अर्को मानिसलाई विनयले झोला दिनुभयो र म त्यहाँबाट हिँडे। केहीबेरपछि विनयले फोन गरी लिन आउनुहोस् भन्दा म लिन टरिगाउँ गएँ। त्यहाँ पुग्नासाथ ४।५ जना केटाहरूले एक्कासी लठ्ठीले प्रहार गरे, म त्यहीँ मोटरसाइल छाडी फरार भएको हुँ। भोलिपल्ट मेरो मोटरसाइकल नेपालगंजमा राखेको छ जाउ भनी भनेकोले नेपालगंज जाँदा त्यहाँ प्रहरीले मोटरसाइकल राखेको रहेछ र हामीहरूलाई त्यहीँबाट पक्राउ

गरेको हो। उक्त झोलामा के थियो मलाई थाहा भएन भन्नेसमेत बेहोराको प्रतिवादी निमलाल विष्टले यस अदालतसमक्ष गरेको बयान।

मिति २०७१।१२।२१ गते साँझ ७.०० बजेको समयमा प्रतिवादी मानसिंह रानासँग तुलसीपुर वसपार्कमा घुम्न गएको बेला भेट भई निज मानसिंह रानाले प्रतिवादी शालिकराम रेउलेको झोला सल्यानबाट ल्याएकोमा उक्त झोला ट्रकमा छुटेको र ट्रक टरिगाउँ गइसकेकोले सो झोला ल्याइदिनुपर्‍यो भनेपछि मैले एकजना दाइको मोटरसाइकल मागी म र प्रतिवादी निमलाल विष्ट सो झोला ल्याउन टरिगाउँ गएकोमा ट्रकबाट झोला निकाली एकछिन त्यहीँ बसिरहेको बेला पुलिस आयो भनेर शालिकराम रेउले भागेको र हामीहरूले के गल्ती गरेका छौं र हामी भाग्ने भनी त्यहीँ बसिरहेको बेला नचिनेका ३ जना मानिस आई हामी दुई जनालाई कुटपिट गर्न थालेपछि हामी भागी गएका हौं। भाग्दा मोटरसाइकल त्यहीँ छोडी गएका हौं। झोला कसले ल्यायो त्यसमा के थियो मलाई केही थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादी विनयकुमार चलाउनेले यस अदालतसमक्ष गरेको बयान।

तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादी विनयकुमार चलाउने र निमलाल विष्ट कसुरदार हुन् भनी विश्वास गर्न सकिने मनासिब आधार देखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी विशेष अदालत ऐन, २०५९ को दफा ७ (ङ) नं.बमोजिम पुर्पक्षको लागि थुनामा राख्न स्थानीय कारागार कार्यालयमा पठाइदिनु भन्नेसमेत बेहोराको मिति २०७२।२।२९ को यस अदालतको आदेश।

उक्त आदेशानुसार प्रतिवादी विनयकुमार चलाउने र निमलाल विष्ट मुद्दा पुर्पक्षको लागि थुनामा रहेको।

प्रतिवादीमध्येका मानसिंह राना र शालिकराम रेउलेको नाउँको म्यादी पुर्जी रीतपूर्वक तामेल भई सो म्यादभित्र निजहरू उपस्थित नभई सुरु म्याद गुजारी बसेको।

प्रतिवादी मानसिंह राना र शालिकराम रेउले उपस्थित भएको नदेखिँदा वादीतर्फका प्रतिवेदकसमेतका गवाह, देख्ने सुन्ने मानिसहरूलाई जिल्ला सरकारी वकिल कार्यालय दाङमार्फत उपस्थित गराइदिनु भनी जिल्ला प्रहरी कार्यालय दाङलाई लेखी पठाई प्रतिवादीका साक्षी निजमार्फत उपस्थित गराउन लगाई उपस्थित भए बकपत्रको लागि नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७२।७। १८ को आदेश।

मिति २०७२।१२।२१ गते रातको अं. ८.३० बजेको समयमा हामीहरूले सुराकीको आधारमा तुलसीपुर न.पा.-१२ टरिगैंको भित्र जाने कच्ची सडकमा कालो रंगको स्पोर्टस लेखिएको झोलाभित्र प्लास्टिकले बेरिराखेको नरम कालो पदार्थ (अफिम) ३ किलो ३०० ग्राम र रा.२प. ५९५७ नं.को अपाचे मोटरसाइकलसहित निमलाल विष्ट र विनयकुमार चलाउनेलाई पक्राउ गरी इ.प्र.का. तुलसीपुरमा बुझाएका हौं। हामीले शालिकराम रेउलेलाई सुराकी बनाउन खोजेको हो, ऊ हाम्रो सुराकी हो निजलाई प्रतिवादी बनाएकोमा हाम्रो चित्त बुझेको छैन भन्नेसमेत बेहोराको प्रतिवेदक जाहेरवाला रामचन्द्र पन्तले यस अदालतसमक्ष गरेको बकपत्र।

मानसिंह रानाले विनयकुमार चलाउने र निमलाल विष्टलाई शालिकराम रेउलेको नासो प्लास्टिकको झोला बुझाइदिनु भनी भनेकाले प्रतिवादी विनयकुमार चलाउने र निमलाल विष्टले सो नासो लिएर शालिकराम रेउलेलाई दिन भनी गएका हुन्। लागू औषध उत्पादन कर्ता मानसिंह राना र बिक्री कर्ता शालिकराम रेउले हुन्। यी प्रतिवादीहरू लागू औषध कारोबार गर्ने व्यक्तिहरू होइनन् भन्नेसमेत बेहोराको प्रतिवादी विनयकुमार चलाउने र निमलाल विष्टका साक्षी शालिकराम वुढाथोकीले यस अदालतसमक्ष गरेको बकपत्र।

म्यादमा अनुपस्थित प्रतिवादी मानसिंह राना र शालिकराम रेउलेको भागमा पर्ने अंश छुट्याई रोक्का गरी नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७२।८। १३ गतेको आदेश।

उक्त आदेशानुसार प्रतिवादी मानसिंह रानाको अंश रोक्का मुचुल्का प्राप्त भई मिसिल सामेल रहेको।

उक्त लागू औषध अफिम बरामद हुनुपूर्व मेरो फोनमार्फत अनुसन्धान ब्युरोका प्रहरीसँग कुरा भई निज प्रहरीलाई मैले अफिम ल्याउने मानिसहरू विनयकुमार चलाउने र निमलाल विष्टको फोन नं. दिई आफ्नो घरमा बसेकोमा प्रहरीले मलाई पक्राउ गरेपछि मात्र घटनाबारे थाहा भएको हो। मैले प्रहरीको लागि सुराकी काम गरेको थिएँ। विनयकुमार र निमलालउपर मैले सुराकी गरी पक्राउ गराएपछि मलाई पनि फसाउने नियतले मसमेत उपर पोल बयान गरेका हुन्। मेरो उक्त घटनामा संलग्नता छैन भन्नेसमेत बेहोराको प्रतिवादी शालिकराम रेउलेले यस अदालतसमक्ष गरेको बयान।

तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादी शालिकराम रेउले कसुरदार हुन् भनी विश्वास गर्न सकिने मनासिब आधार देखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी विशेष अदालत ऐन, २०५९ को दफा ७ (ङ) नं.बमोजिम पुर्पक्षको लागि थुनामा राख्न स्थानीय कारागार कार्यालयमा पठाइदिनु साथै वादी पक्ष तथा उपस्थित प्रतिवादीका साक्षीको बकपत्र भइसकेको देखिँदा निजका साक्षी बुझी नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको मिति २०७२।१२।२६ को अदालतको आदेश।

उक्त आदेशानुसार प्रतिवादी शालिकराम रेउले मुद्दा पुर्पक्षको लागि थुनामा रहेको।

शालिकराम रेउलेले प्रतिवादी विनयकुमार चलाउने र निमलाल विष्टको सुराकी गरी पक्राउ गराएकाले सोही रिसइवीका कारण निजलाई समेत पोल गरेका हुन्। निज शालिकराम लागू औषध ओसारपसार गर्ने व्यक्ति होइनन्। गाडी चालक हुन् भन्नेसमेत बेहोराको प्रतिवादी शालिकराम रेउलेका साक्षी राजन डाँगीले यस अदालतसमक्ष गरेको बकपत्र।

प्रतिवादी शालिकराम रेउले पुर्पक्षको लागि थुनामा रहेकोमा निजलाई मुलुकी ऐन, अ.वं.४७ नं.बमोजिम साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्नेसमेत बेहोराको पुनरावेदन तुलसीपुर तुलसीपुर दाङको मिति २०७३।२।२० को आदेशानुसार निज प्रतिवादी शालिकराम रेउले थुनाबाट छुटकारा पाई तारेखमा रहेको।

<u>अदालतको ठहर</u>

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन् आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री शान्तिप्रसाद शर्माले यी चारैजना प्रतिवादीहरूको मिलेमतोमा सल्यानबाट उक्त लागू औषध ल्याएको कुरा प्रतिवादीहरूको बयानबाट खुल्न आएको छ। परीक्षण प्रतिवेदनबाट समेत बरामदी वस्तु अफिम भन्ने पुष्टि हुन्छ, तसर्थ प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्छ भनी र प्रतिवादी निमलाल विष्टका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रविन्द्रकुमार धितालले मौकाको कागज स्वतन्त्ररूपमा भएको होइन। मेरो पक्ष बरामद भएको मोटरसाइकल चालक मात्र हो। तसर्थ मेरो पक्षले सफाइ पाउनुपर्छ भनी र प्रतिवादी विनयकुमार चलाउने र निम लाल विष्टबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री नन्दप्रकाश वलीले प्रतिवेदक रामचन्द्र पन्तको प्रतिवेदनमा लागू औषध तुलसीपुरको टरिगाउँबाट बरामद भएको छ। मेरो पक्ष नेपालगंजमा पक्राउ परेका छन्। मानसिंह रानाको सामान शालिकराम रेउलेलाई पुऱ्याउन सहयोग मात्र गरेका हुन्। घटना विवरण कागज गर्ने व्यक्तिले अदालतमा आई बकपत्र नगरेकाले निजको भनाइ प्रमाणयोग्य हुँदैन। बरामद भएको झोलामा के थियो भन्नेसमेत थाहा थिएन। प्रहरीले सुराकीको रूपमा प्रयोग गरेको भनिएका शालिकराम रेउलेको भनाइ सन्देहास्पद छ। मेरो पक्षले कसुर गरेको भन्ने चश्मदिद् गवाहको अभाव छ। अनुमान र कल्पनाको भरमा मात्र मुद्दा चलाइएको छ भनी र प्रतिवादी शालिकराम रेउलेको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री मदन पोखेलले मिति २०७१।१२।२१ को बरामदी मुचुल्कामा प्र. निमलाल विष्ट र विनयकुमार चलाउनेको मात्र नाम छ, मेरो पक्षको छैन। रामचन्द्र पन्तले दिएको प्रतिवेदनमा समेत मेरो पक्षको नाम छैन। घटना विवरण कागज गर्ने व्यक्तिहरूले समेत मेरो पक्षको नाम उल्लेख गरेका छैनन्। प्र.ज.विष्णुप्रसाद न्यौपानेले गरेको कागजबाट मेरो पक्षलाई सुराकीको रूपमा प्रहरीले प्रयोग गरेको र निजको सुराकीकै आधारबाट उक्त लागू औषध फेला पारेको भन्ने कुरा खुलाएको छ। प्रतिवेदकले अदालतमा बकपत्र गर्दा मेरो पक्ष सुराकी हो भन्दै सोमा आफ्नो चित्त नबुझेको भनी खुलाएको पाइन्छ। सह-अभियुक्तहरूले गरेको पोल बयान यथार्थ परक होइन तसर्थ मेरो पक्षले अभियोग मागदाबीबाट सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहससमेत सुनी मिसिल संलग्न सम्पूर्ण कागजातहरू अध्ययन गरी प्रतिवादीले अभियोग दाबीबमोजिम कसुर गरेका हुन् वा होइनन् र निजहरूलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने हो वा होइन ? भन्नेसम्बन्धमा निर्णय दिनुपर्ने देखीयो।

<u>निर्णयतर्फ विचार गर्दा</u>, प्रतिवादी विनयकुमार चलाउने, निमलाल विष्ट, मानसिंह राना र सालिकराम रेउलेले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ),(ङ) र (च) को कसुर अपराध गरेकाले निज प्रतिवादीहरूलाई बरामद अफिमको मात्रअनुसार सोही ऐनको दफा १४(१) (छ) (३)बमोजिम सजाय हुन् भन्नेसमेत बेहोराको अभियोग मागदाबी रहेको देखीयो।

वारदात मिति २०७१।१२।२१ गतेको अन्दाजी राति २०:०० बजेको समयमा निमलाल बिष्ट र विनयकुमार चलाउनेसमेतले जिल्ला दाङ, तु.न.पा.-१२ टरीगै स्थित टरीगाउँदेखी नजमुखी प्रा.वि.तर्फ जाने कच्ची सडक खण्डमा अवैध लागू औषध अफिमको कारोबार गर्न लागेका छन् भन्ने गोप्य सूचनाको आधारमा निजहरूलाई नियन्त्रणमा लिन मसमेतको प्रहरी टोली उक्त स्थानमा गई निजहरूलाई नियन्त्रणमा लिन लाग्दा निमलाल बिष्टले चलाई लगेको रा.२प. ५९५७ नं.को अपाचे रातो कालो रंगको मोटरसाइकल र विनयकुमार चलाउनेले नाईक स्पोर्टस् लेखेको कालो झोलाभित्र कालो रंगको प्लास्टिकको थैलोमा राखिएको अवैध लागू औषध अफिमसहित घटनास्थलमा नै छोडी भागी फरार भएकामा बरामद भएको उक्त लागू औषध अफिम ३ किलो ३०० ग्राम सहित यसै प्रतिवेदनसाथ पेस गरेका छौः आवश्यक कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको प्रहरी प्रतिवेदन रहेको देखीयो।

मिति २०७१।१२।२१ मा प्रतिवादीमध्येका निमलाल विष्टले चलाई ल्याएको रा.२प.५९५७ नं. को मोटरसाइकल र विनयकुमार चलाउनेले बोकेको स्पोर्टस लेखिएको कालो झोलाभित्र कालो रंगको प्लास्टिकको थैलोमा अफिम जस्तो पदार्थ भेटिएको भन्नेसमेतको प्र.ना.नि.रामचन्द्र पन्तको प्रतिवेदन रहेको र दाङ जिल्लाको टरिगाउँस्थित वारदातस्थलबाट प्रतिवादी निमलाल विष्टले प्रयोग गरेको रा.२प. ५९५७ नं.को मोटरसाइकल र विनयकुमार चलाउनेले वोकी ल्याएको अवैध लागू औषध अफिम जस्तो पदार्थ राखेको कालो झोला बरामद भएको भन्ने खान तलासी मुचुल्काबाट देखीन आयो। सोही मुचुल्काबाट बरामद भएको लागू औषधको तौल ३ किलो ३००ग्राम भएको भन्ने देखीएको र परीक्षण प्रतिवेदनबाट बरामद भएको वस्तु लागू औषध अफिम भएको तथ्य पुष्टि भएको छ।

प्रतिवादीमध्येका मानसिंह राना सुरुदेखीनै फरार रहेको देखिँदा, निजको हकमा अ.वं.१९० नं.बमोजिम मुलतबी रहने ठहर्छ।

प्रतिवादीमध्येका विनयकुमार चलाउनेले मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मिति २०७१।१२।२ मा मानसिंह रानाले लागू औषध अफिम लिने भए मिलाई दिन्छु, प्रति किलोको रु.५५,०००।- पर्छ भनेकोमा २।३ दिन पछि निमलाल विष्टले शालिकराम रेउलेसँग सल्लाह गरी कति पर्छ भनी सोध्दा निज रेउलेले नेपालगंज बस्ने मधेशीलाई सोधी १ किलोको ६५ हजार पर्छ भनी प्रतिवादी निमलाल विष्टलाई भनेकोले निज निमलाल विष्टले सो लागू औषध मानसिंह रानासँग किनी मलाई फोन गरेपछि मैले भद्रबहादुर चलाउनेको मोटरसाइकल मागी सोही मोटरसाइकलमा हामी दुई जना तुलसीपुर आएका हौं। शालिकराम रेउलेले लागू औषध किन्ने मधेशी तुलसीपुरमा आई पुग्यो भनेकोले हामी टरिगाउँ गई बसेका हौं। मैले लागू औषध राखेको झोला समाती बसेको थिएँ। एक्कासी पुलिस आएपछि झोला फाली भागेका हौं। मिति २०७१।१२।२२ मा शालिकराम रेउलेले मोटरसाइकल लिन नेपालगंज बोलाएकोले सो लिन जाँदा त्यही पक्राउ परेका हौं। म,निमलाल विष्ट, शालिकराम रेउले र मानसिंह रानासमेतको संयुक्त योजनाअनुसार उक्त लागू औषध ल्याएका हौं भनी साबिती बयान गरेको देखीयो।

अर्का प्रतिवादी निमलाल विष्टले मौकामा बयान गर्दा बरामद लागू औषध सल्यानबाट ट्रकमा ल्याएको हुं। तुलसीपुर पुगेपछि विनयकुमार चलाउनेलाई खबर गरे र निज सो स्थानमा आएका हुन, निजले बरामद भएको मोटरसाइकल ल्याएका हुन, हामी सोही मोटर साइकलमा तुलसीपुर बजारतर्फ गएका हौं। बजार पुगेपछि सालिकराम रेउलेले परिचय गराएको नाम नखुलेको मधेशी जस्तो व्यक्तिलाई अफिम ल्याएको कुरा वताएपछि हामी टरिगाउँ गएका हौं। सोही बखत प्रहरी आएपछि लागू औषध रहेको विनयले बोकेको झोला त्यही छोडी भागेका हौं। मैले र विनयकुमार चलाउनेले अफिम भएको जानकारी शालिकराम रेउलेलाई गराएपछि निजले उक्त अफिम तुलसीपुर ल्याउनु भनेको हो भन्नेसमेत बेहोराको साबिती बयान गरेको देखीन्छ।

अर्का प्रतिवादी शालिकराम रेउलेले मौकामा बयान गर्दा प्रतिवादी निमलाल विष्ट र विनयकुमार चलाउनेले लागू औषधको कारोबार, बिक्री वितरण र ओसारपसार गरी आपराधिक कार्य गरेकाले प्रहरीलाई सहयोग गर्न सुराकी दिएको हुं भनी आरोपित कसुरतर्फ इन्कार भई बेहोरा लेखाएको देखीन्छ।

घटना विवरण कागज गर्ने भद्रबहादुर चलाउनेले विनयकुमार चलाउनेले मेरो मोटरसाइकल एकै छिनमा ल्याइदिन्छु भनी मागेर लगेको हो। मेरो मोटरसाइकलसमेत प्रयोग गरी उक्त कारोबार गरेकामा विश्वास लाग्छ भनी, नविन मल्लले प्रतिवादीहरूले लागू औषध कारोबार गरेकामा विश्वास लाग्छ भनी र रमेश मल्लले पक्राउ परेका प्रतिवादीहरूले वारदात घटाएको ठीक सांचो हो भनी बेहोरा लेखाएको देखीन्छ। प्रहरी जवान मख्खन चौधरीले म वारदातस्थलमै थिएं। प्रतिवादीहरू निमलाल विष्ट र विनयकुमार चलाउनेले अफिम राखेको कालो झोला घटनास्थलमा फाली भागी गएका हुन् भनी कागज गरेको पाइन्छ भने प्रहरी जवान विष्णुप्रसाद न्यौपानेले वारदातस्थलबाट प्रतिवादी निमबहादुर विष्ट र विनयकुमार चलाउनेले ल्याएको लागू औषध अफिम बरामद गरेका हौं प्रतिवादीमध्येका शालिकराम रेउलेलाई सुराकीको रूपमा सहयोग गरेका हौं भनी कागज गरेको देखीन आउँछ।

प्रतिवादी विनयकुमार चलाउनेले अदालतमा बयान गर्दा बरामद भएको झोला आफू र निमलाल विष्टले टरिगाउँ लगेका हौं तर झोलामा के थियो भन्ने मलाई थाहा थिएन भनी इन्कारी बयान गरेका र निमलाल विष्टले समेत बरामद झोला मैले र विनयकुमार चलाउनेले घटनास्थलमा पुऱ्याएको तर झोलामा के थियो थाहा नभएको भनी इन्कारी बयान गरेको देखीन आयो। अर्का प्रतिवादी शालिकराम रेउलेले मैले प्रहरीलाई सुराकी दिई सहयोगीको काम गरेको हुं सोही रिशईवीले प्रतिवादी विनयकुमार चलाउने र निमलाल विष्टले मलाई पोलेका हुन् भनी बेहोरा लेखाएको देखीन्छ।

प्रतिवेदक रामचन्द्र पन्तले प्रतिवादीमध्येका विनयकुमार चलाउने र निमलाल विष्टले ल्याएको बरामद लागू औषध बारदातस्थलमा फेला पारेका हौं। शालिकराम रेउलेले सुराकीको काम गरी सहयोग गरेको हो भनी अदालतमा बकपत्र गरेको देखीन आयो।

माथि विवेचना गरेको तथ्यका आधारमा हेर्दा प्रतिवादी विनयकुमार चलाउने र निमलाल विष्टले अर्का प्रतिवादी शालिकराम रेउले र मानसिंह रानासँग समेत मत सल्लाह गरी प्रतिवादीमध्येका

मानसिंह रानासँगबाट सल्यानदेखी अवैध वस्तु लागू औषध अफिम तुलसीपुरको टरिगाउँमा ल्याएको कुरा प्रतिवादीमध्येका विनयकुमार चलाउने र निमलाल विष्टको मौकाको साबिती बयानबाट स्पष्ट हुन् आएको छ। घटना विवरण कागज गर्नेहरूको भनाइ र प्रतिवेदक प्र.ना.नि.रामचन्द्र पन्तको अदालतको बकपत्रबाट समेत वारदात भएको पुष्टि हुन् आउँछ। प्रतिवादी निमलाल विष्ट र विनयकुमार चलाउनेका कानून व्यवसायीले बहसका क्रममा मेरो पक्षले मानसिंह रानाको सालिकराम रेउलेलाई पुऱ्याईदिनका लागि सहयोग मात्र गरेका हुन, झोलामा के थियो भन्ने थाहा थिएन भनी लिनुभएको जिकिर र यी प्रतिवादीहरूले आफूहरूले ल्याएको झोलामा के थियो भन्ने कुरा थाहा नभएको भनी अदालतमा गरेको बयानको सन्दर्भमा हेर्दा कसैले अरूलाई पुऱ्याइदिनु भनी दिएको झोलामा के थियो भन्ने थाहा नपाई सल्यानदेखी घटनास्थलसम्म यी प्रतिवादीहरूले सो वस्तु लिई आएका होलान् भन्ने कुरा विश्वसनीय र पत्यारलायक देखीन आउँदैन। निजहरूकै मौकाको बयानसमेतबाट सबैको आपसी सल्लाहबमोजिम सो वस्तु ल्याएको देखीन्छ। अर्कोतर्फ मौकामा भएको साबिती बयान डर धाकबाट गरेका हौं, प्रहरीले कुटपिट गरी सहिछाप गराएको हो भनी प्रतिवादी निमलाल विष्ट र विनयकुमार चलाउनेले अदालतमा बयान गर्दा बेहोरा लेखाएको र निजको कानून व्यवसायीले मौकामा भएको कागज स्वतन्त्ररूपमा भएको होइन त्यसलाई प्रमाणमा लिन मिल्दैन भनी बहसको क्रममा माग गर्नुभएको भएतापनी डर धाक धम्की दिइएको थियो भन्ने कुराको तर्कसँगत आधार कारण र प्रमाण प्रस्तुत गर्न सकेको देखिंदैन। मिसिल संलग्न अन्य प्रमाणबाट कसुर गरेको देखीइरहेको अवस्थामा फगत आरोपित कसुरबाट बच्ने अभिप्रायका साथ आएको त्यस्तो भनाइलाई पत्याउन सक्ने अवस्था रहेन।

लागू औषधको कारोबार सँगठित अपराधको श्रेणीमा पर्नेहुँदा यो वस्तुको कारोबारमा संलग्न रहने व्यक्तिहरूले घटनाको विभिन्न पहलुहरूमा विभिन्न प्रकारको भूमिका निर्वाह गर्ने गरेको पाइन्छ। प्रस्तुत वारदातको क्रममा प्रतिवादीमध्येका मानसिंह राना, निमलाल विष्ट, विनयकुमार चलाउने र शालिकराम रेउलेले संयुक्तरूपमा आ-फ्नो भूमिका निर्वाह गरेको देखीन आउँदछ। प्रतिवादीमध्येका निमलाल विष्ट र विनयकुमार चलाउनेले अर्का प्रतिवादी मानसिंह रानालाई भेटी अफिम सेवन गर्नेसम्बन्धमा मत सल्लाह गरी सोको प्रति किलो बजार भाउका बारेमा समेत कुराकानी गरेपश्चात् बरामद भएको अफिमको संकलन गर्ने व्यवस्था निज प्रतिवादी मानसिंह रानाले नै गरेको देखीन आउँदछ। तत्पश्चात् प्र.मध्येका निमलाल विष्ट र विनयकुमार चलाउनेले सो बारेमा प्रतिवादीमध्येका शालिकराम रेउलेलाई जानकारी गराई निजसँग भएको वातचितबमोजिम सल्यानदेखी घटनास्थलसम्म बरामद भएको लागू औषध लगे पुऱ्याएको देखीन्छ। सो वारदात घटाउने क्रममा यी चारै जना अभियुक्तको संयुक्त सल्लाह र योजना रहेको तथ्य प्रतिवादीमध्येका निमलाल विष्ट र विनयकुमार चलाउनेको बयान बेहोराबाट समेत पुष्टि हुन् आएको देखीन्छ। यसबाट यी प्रतिवादीहरूले उक्त वारदात घटाउने सिलसिलामा फरक फरक भूमिका निर्वाह गरेको भए तापनि कसुरजन्य कार्य गर्ने प्रयोजनका लागि यी सबै समान अवस्थाको(*similarly situated*) रहेको देखीन आउँदछ।

अतः यी प्रतिवादी द्वय निमलाल विष्ट र विनयकुमार चलाउनेले बरामद भएको प्रतिवन्धित लागू औषध अफिमको कारोबार गर्ने सिलसिलामा सल्यानदेखी वारदातस्थलसम्म अन्य

प्रतिवादीहरूसँगको मत सल्लाह र सहयोगबमोजिम ल्याएको र वारदातस्थलमा प्रहरीको हस्तक्षेपपश्चात् सो वस्तु रहेको झोला र सो ओसार पसार गर्न प्रयोग भएको मोटरसाइकलसमेत वारदात स्थलमै छोडी भागी गएको तथ्य निर्विवादरूपमा पुष्टी हुन् आएको देखीन्छ। लागू औषध सम्बन्धी अपराध निरपेक्ष दायित्व (strict liability) अन्तर्गत पर्ने अपराध भएकाले सो वस्तु कसैले वोकी हिँडेको अवस्थामा सो वस्तु निजको नै हो भनी अनुमान गरिने, त्यस्तो वस्तु निजले जानीवुझिकनै लिएको हो भनी मान्नु पर्ने र कानूनबमोजिम राख्न पाउने अवस्थाको भएमा निजले नै सो कुराको प्रमाण पुऱ्याउनु पर्नेमा प्रतिवादी निमलाल विष्ट र विनयकुमार चलाउनेले सोबमोजिम प्रमाण पुऱ्याउन नसकी कसुरबाट उम्कनका लागि मात्र आफूले साथमा लिएको झोलामा के थियो भन्ने कुरा थाहा थिएन भनी लिएको जिकिर कानूनसम्मत देखीन आएन। आफू निर्दोष रहेको भनी जिकिर लिएको अवस्थामा सोको प्रमाण पुऱ्याउने भार प्रतिवादीमा नै निहित रहेनेमा सोअनुरूप तथ्ययुक्त प्रमाण प्रस्तुत गरी आफूहरू निर्दोष भएको कुरा निजहरूले प्रमाणित गर्न सकेको देखीएन।

अफिम जस्तो प्रतिवन्धित लागू औषध प्रतिवादी निमलाल विष्ट र विनयकुमार चलाउनेले साथमा वोकी ल्याएको देखिँदा त्यस्तो अवैध वस्तु साथमा लिई हिड्ने कार्य नै आपराधिक कार्य *(*corpus delicti) मानिने *possessory crime* अन्तर्गतको कसुर हुने हुँदा यसरी आपराधिक कार्य स्थापित भइसकेपछि निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा नै रहने विधिशास्त्रीय मान्यता रहेकोमा प्रतिवादीहरूले सोअनुरूप आफ्नो निर्दोषिता प्रमाणित गर्न सकेको पाइएन। लागू औषधको कारोबार सबै ठाउमा र सबै अवस्थामा अपराध मानिने प्रकृतिको कसुर (*mala in se*) हो, यस्तो कसुर सहन गर्न नसिकने (*Non tolerable*), स्वीकार गर्न नसकिने (*Non acceptable*) र क्षमा गर्न नसकिने *(Non excusabla)* प्रकृतिको हुन्छ। यसै मान्यताअनुरूप हाम्रो कानूनले समेत यो अपराधलाई विशेष दायित्व अन्तर्गतको कसुर मानेको, पटके अपराधीलाई थप सजाय हुने व्यवस्था गरेको र वारेन्ट जारी हुने प्रकृतिको अपराधमा यो कसुरलाई राखी गम्भीर प्रकृतिको अपराधको श्रेणीमा राखेको पाइन्छ।

प्रतिवादीहरूले ३ किलो ३०० ग्राम लागू औषध खरिद गरी ओसार पसार गरेको बरामदी मुचुल्काबाट देखिँदा सो परिणामसमेतलाई मध्यनजर गर्दा निजहरूको कार्य खरिद बिक्री, सञ्चय, ओसार, पसार अन्तर्गतकै कसुरको कोटिभित्र पर्न आउने देखीन्छ।

प्रतिवादीहरूले बोकी ल्याएको झोलाबाटै लागू औषध बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखीएको, निजहरूले एक ठाउँबाट अर्को ठाउँमा लैजाने क्रमममा सो वस्तु बरामद भएको देखीन आएकोले अभियोग दाबीबमोजिम खरिद, सञ्चय र ओसार पसारकै कसुर गरेको देखीन आयो।

सबै प्रतिवादीहरूको मत सल्लाह र योजनाबमोजिम प्रतिवन्धित लागू औषध अफिमको खरिद, ओसारपसारसमेतको कार्य गरेको देखिँदा विभिन्न भूमिकामा यी सबै प्रतिवादीहरूको वारदातमा समान संलग्नता र सहभागिता रहेको स्पष्ट देखीन आएको छ।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी द्वय निमलाल विष्ट र विनयकुमार चलाउनेले अभियोग मागदाबीबमोजिमको आरोपित कसुर गरेको ठहर्छ।

अर्का प्रतिवादी शालिकराम रेउलेको हकमा हेर्दा निजले मौकामा कागज गर्दा र अदालतमा बयान गर्दासमेत आफूले उक्त वारदात बारे प्रहरीलाई सूचना दिई सुराकीको भूमिका निर्वाह गरेकाले सफाइ पाउनुपर्छ भनी जिकिर लिएको देखीयो। त्यसैगरी प्र.ज.विष्णुप्रसाद न्यौपानेले मौकामा गरेको कागज र प्र.ना.नि. रामचन्द्र पन्तले अदालतमा गरेको बकपत्रमा समेत निजले सुराकीको कार्य गरेको भनी खुलाएको देखीन्छ। परन्तु प्रतिवादी द्वय विनयकुमार चलाउने र निमलाल विष्टले गरेको बयानमा आफूहरू मानसिंह राना र शालिकराम रेउलेसमेतको मत सल्लाह मुतावबिक बरामद लागू औषध सल्यानबाट ल्याएका हौं भनी आफूहरू साबित भई निजलाई समेत पोल गरेको देखीन्छ। लागू औषधको कसुरको प्रकृति हेर्दा कतिपय अवस्थामा विभिन्न अभियुक्तहरूले आपराधिक कार्यलाई पूर्णता दिन विभिन्न खालको भूमिका निर्वाह गर्ने गरेको देखीन्छ। प्रस्तुत वारदातको सिलसिलामा सल्यानदेखी वारदात स्थलसम्म विनयकुमार चलाउने र निमलाल विष्टले प्रतिबन्धित लागू औषध साथमा ल्याएको र सोबमोजिम खरिद गरी ल्याउन र सोबापत पारिश्रमिकसमेत पाउने कुरा निज शालिकराम रेउलेले यिनै सह-अभियुक्तहरू निमलाल विष्ट र विनयकुमार चलाउनेलाई भनेको कुरा निजहरूको बयानबाट देखीन आएको छ।

यी प्रतिवादी सालिकराम रेउलेलाई प्रतिवादीमध्येका निमलाल विष्ट र विनयकुमार चलाउनेले नै सल्यानमा अफिम पाइएको भन्ने कुराको जानकारी गराई निजकै सल्लाहबमोजिम सो वस्तु खरिद गरी वारदात स्थलसम्म लगे पु¥याएको भन्ने तथ्य निज प्रतिवादीहरूकै बयानबाट खुल्न आएको अवस्थामा यस्तो मत सल्लाहमा रहे भएका निज सालिकराम रेउलेको आचरण प्रस्तुत वारदातका सन्दर्भमा असल प्रकृतिको अर्थात् *Bona gesture* रहेकोसमेत देखीन आउँदैन। यस स्थितिमा निजले सुराकीको कार्य गरी अनुसन्धान कार्यमा सहयोग गरेको भन्ने भनाइ युक्तिसँगत देखीन आउदैन।

निज शालिकराम रेउलेले नै अन्य प्रतिवादीलाई लागू औषध खोज्न अह्राय वा सल्लाह दिएको तथ्य सह-अभियुक्तहरूको पोल बयानबाट खुल्न झल्कन आएको छ। बरामदी मुचुल्कामा निजको नाम उल्लेख नभएकाले निजलाई कसुरदार कायम गर्न मिल्दैन भनी निजका कानून व्यवसायीले बहसका क्रममा उठाउनुभएको तर्कसँग सहमत हुन् सकिएन। बरामदी मुचुल्का तत्काल वारदातस्थलमा भेटिएको चिज वस्तुको अवस्था झल्काउने सबुत हो त्यस बखत कुनै अभियुक्तको पहिचान भई नसकेको अवस्थासमेत हुन् सक्ने हुँदा त्यस्तो मुचुल्कामा कसैको नाम उल्लेख नहुँदैमा निजले अभियोगबाट सफाइ पाउने वस्तुनिष्ठ आधार बन्न सक्ने होइन। जहाँसम्म यी प्रतिवादीले सुराकीको काम गरी प्रहरीलाई सहयोग गरेको भन्ने दलिल छ सो पुष्टि हुने कुनै प्रमाण कागज मिसिलमा नदेखीएको, केबल प्रहरी कर्मचारीको व्यक्तिगत भनाइलाई मात्र आधिकारिक मान्न सक्ने अवस्था नरहेको र त्यस्तो सुराकीको सुविधाबारे लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ ग मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखेको भए तापनि यस ऐन, अन्तर्गत सजाय हुने लागू औषधको कारोबारमा स्वयं संलग्न रहेको गिरोह वा अन्य कुनै गिरोहको बारेमा जानकारी र सुराकी दिई सो सम्बन्धमा मुख्य अपराधि पत्ता लगाई दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई निज अपराधमा संलग्न भएपनि यस ऐन अन्तर्गत हुने सजायमा पूर्ण वा आंशिक रूपमा सजायमा छुट हुने गरी अभियोग पत्रमा मागदाबी भएमा मुद्दा हेर्ने अधिकारीले पनि सोहीअनुसारमा सजायमा छुट दिन सक्नेछ भन्ने व्यवस्था

रहेको देखीन्छ। उक्त कानूनी व्यवस्थाबमोजिम कसैले लागू औषधको कारोबारको मुख्य अपराधी पत्ता लगाउने क्रममा त्यस्तो सहयोग गरेकामा त्यस्तो सुविधा पाउन सक्ने देखीन्छ। तर प्रस्तुत वारदातमा मुख्य अभियुक्त, सहायक अभियुक्त वा मतियार भन्ने नभई घटनाको विभिन्न चरणमा सबैको उस्तै सहभागिता देखीन आएको छ। अर्कोतर्फ त्यस्तो व्यक्तिले सुराकीको रूपमा कार्य गरी सहयोग गरेको हो भन्ने कुरामा विश्वस्त भई अभियोजनपक्षले निजलाई सजायमा पूर्ण वा आंशिक छुट दिनु पर्ने भनी गरेको अवस्थामा मात्र सोबमोजिम हुनुपर्ने हो वा होइन भनी विचार गर्न सकिनेमा अभियोजन पक्षबाट निजलाई सजायमा पूर्ण वा आंशिक छुट दिने गरी मागदाबीसमेत नगरेको अवस्थामा निजलाई प्रस्तुत गम्भीर प्रकारको अपराधमा सजायमा छुट दिन मिल्ने आधार र अवस्था विद्यमान रहेन। अतः मैले सुराकीको सुविधा पाउनुपर्छ भन्ने प्रतिवादी निज शालिकराम रेउलेको जिकिरसँग सहमत हुन् सकिएन। सह-अभियुक्तहरूले आरोपित कसुर र वारदात गरेको तथ्यलाई स्वीकार गरी पोल गरी बयान गरेको र वारदात भएको समग्र परिवेश र मिसिल संलग्न बरामदी मुचुल्का, घटना विवरण कागज गर्ने व्यक्तिहरूको भनाइ,परीक्षण प्रतिवेदन जस्ता अन्य सबुत प्रमाणले समेत सो पोल बयानलाई समर्थन गरेको देखिँदा सह-अभियुक्तको पोललाई प्रमाणमा लिन नमिल्ने अवस्थासमेत रहेन। यी प्रतिवादीले वारदात भएको कुरा र आफूसमेत अन्य प्रतिवादीहरूसँग मत सल्लाहमा रहे भएको तथ्यलाई इन्कार गरेको पनि देखिँदैन। केवल आफूले सुराकीको भूमिका निर्वाह गरेको हुँदा सोही आधारमा आफूलाई सजाय हुनुपर्ने होइन भनी जिकिर लिएको देखीएको र निजको सो जिकिर यथार्थपरक वस्तुसँगत, तर्कसँगत र कानूनसँगतसमेत देखीन नआएकोले निजले समेत अभियोग मागदाबीबमोजिम आरोपित कसुर गरेको ठहर्छ। अब उल्लिखित कसुर गरेबापत यी प्रतिवादीहरूलाई हुने सजायतर्फ विचार गर्दा लागू औषध (नियन्त्रण) ऐन,२०३३ को दफा १४(१) (६) (३) नं.बमोजिम १० ग्रामदेखी माथि जतिसुकै परिणामको कारोबार गर्नेलाई १५ वर्षदेखी जन्म कैद र रु.पाँच लाखदेखी पच्चीस लाखसम्म जरिवाना हुने कानूनी व्यवस्था भएकाले यी प्रतिवादीहरूलाई जनही १५ वर्ष कैद र दशलाख रुपैयाँ जरिवाना हुने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिलबमोजिम गर्ने गरी अ.बं. १८६ नं.बमोजिम यो फैसला गरीदिएँ।

<u>तपसिल</u>

माथिः इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी विनयकुमार चलाउने र निमबहादुर विष्टलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (६) (३) नं.बमोजिम जनही १५ वर्ष कैद र दशलाख रुपैयाँ जरिवाना हुने ठहरी फैसला भएकाले निजहरू मिति २०७१।१२।२३ गतेदेखी अनुसन्धान तथा पुर्पक्षको क्रममा थुनामा बसेको देखिँदा सोही मितिदेखी कैद कट्टीले मिति २०८६।१२।२२ गतेसम्म कैदमा राखी निजहरूलाई लागेको जरिवाना तिरी बुझाएका बखत ऐ.२३ गते छुटि जाने र उक्त जरिवाना तिर्न बुझाउन नसके सो जरिवानाबापतको समेत कैद गरी निजहरूलाई रीतपूर्वकको कैदी पूर्जि दिनू.........................................................................१

प्रतिवादी शालिकराम रेउलेलाई १५ वर्ष कैद र दशलाख रुपैयाँ जरिवाना हुने ठहरेकाले निज मुद्दा पुर्पक्षको क्रममा मिति २०७२।१२।२६ गतेदेखी थुनामा बसेकोमा मिति २०७३।२।२१ मा पुनरावेदन अदालत, तुलसीपुरको आदेशले थुनामुक्त भएको देखिँदा निज थुनामा रहेको दिन १ महिना २५ दिन निजलाई लागेको कैद वर्ष १५बाट कट्टा गरी बाँकी कैद १४ वर्ष १० महिना ५ दिन को कैद तथा जरिवाना रु. दशलाखको लगत कसी असुल उपर गर्नू...........................................२

प्रतिवादीमध्येका मानसिंह रानाको हकमा अ.वं.१९० नं.बमोजिम मुलतबीमा राखिदिनू.................३

बरामद भई अभियोग पत्रसाथ दाखिल हुन् आएको नगद रु.१२,०८५।- तथा मोबाइल थान-२ समेत मुद्दाको अन्तिम टुङ्गो लागेपछि उक्त बरामदी नगद तथा जिन्सी नियमानुसार प्रतिवादीहरूलाई फिर्ता दिनू.......................................................................................................................४

यस अदालतको इन्साफमा चित्त नबुझे स.मु.स. ऐन, २०४९ को दफा २६ को म्याद ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, तुलसीपुर दाङमा पुनरावेदन गर्नु भनी प्रतिवादी विनयकुमार चलाउने, निमलाल विष्ट र शालिकराम रेउलेलाई पुनरावेदनको म्याद दिनु र फैसलाको जानकारी वादी पक्ष जिल्ला सरकारी वकिल कार्यालय दाङलाई दिनु................................................................ ५

सरोकारवाला व्यक्तिले नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु...............६

प्रस्तुत मुद्दाको दर्ता दायरीको लगत काटी फैसला विद्युतीय कपी अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु.........................................................................................७

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाएबमोजिम फैसला तयार गर्ने ना.सु.बच्चुकैलास पौडेल
फैसला कम्प्युटर गर्ने लालबहादुर खत्री
फाँट.ना.सु.सुफलराज श्रेष्ठ

..........................
(जिल्ला न्यायाधीश)

**इति संवत् २०७३ साल असार २० गते रोज २ शुभम्...................................।**

श्री भक्तपुर जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायधीश श्री गिरिराज गौतम

फैसला

२०७२ सालको मुद्दा नं. ०७२-CR-००५५

निर्णय नं- ७६

मुद्दाः- कुटपिट अंग भङ्ग

दायर मितिः- २०७२।०७।२४

फैसला मितिः- २०७२।१२।७

| वादीको नाम, थर र वतन | प्रतिवादीको नाम, थर र वतन |
|---|---|
| सुनिल सुवालसमेतको जाहेरीले वादी नेपाल सरकार.........................................१ | जिल्ला दोलखा बोझ गा. वि. स. वार्ड न. ३ बस्ने हर्कबहादुरको नातीको लिलाबहादुर थापाको छोरा वर्ष १९ को दिपेन्द्र थापा .....१<br>जिल्ला गोरख धुवाकोट गा.वि.स. वार्ड न. ७ बस्ने गोपी कुमालको छोरा वर्ष १७ को राज कुमाल...............................................१ |

अदालतबाट बुझेको

वादीका साक्षीः

जाहेरवाला घाइते सविन बजगाईं................१

जाहेरवाला घाइते सुनिल सुवाल...................१

वावु थापा.............................................१

प्रतिवादीको साक्षीः

सुरज नेपाल.........................................१

सुनिता मोक्तान.......................................१

न्याय प्रशासन ऐन २०४८ को दफा ७ तथा अ.बं. २९ नं.बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन् आएको प्रस्तुत मुद्धाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ।

तथ्य खण्ड

१. मिति २०७२।७।६ गते अं.२०.३० बजेको समयमा जिल्ला भक्तपुर सुर्यविनायक न.पा.४ सुवर्णमा प्रतिवादी दिपेन्द्र थापासमेतले जाहेरवाला सुनिल सुवालसमेतलाई कुटपिट गरी घाइते बनाएको भन्नेसमेत बेहोराको मिति २०७२।७।६ गतेको घटनास्थल प्रकृति मुचुल्का।

२. मिति २०७२।७।६ गते अं.२०.३० बजेको समयमा जिल्ला भक्तपुर सुर्यविनायक न.पा.४ सुवर्णमा प्रतिवादी दिपेन्द्र थापा र राज कुमालले ईँट्टा ढुङ्गालगायतका वस्तुसमेतले प्रहार गर्दा जाहेरवालामध्ये सविन बजगाइँको दायाँ खुट्टाको हड्डी भाँचिई दुई टुक्रा भएको र दुवै जाहेरवालालाई कुटपिट गरी मोबाइल, घडी, नगदलगागतका सरसामग्री खोसी लगेको भन्ने बेहोराको जाहेरवाला द्वय सुनिल सुवाल र सविन बजगाईंको मिति २०७२।७।६ गतेका संयुक्त जाहेरी दर्खास्त।

३. मिति २०७२।७।६ गते साझ म र साथी दिपेन्द्र थापा गफगाफ गर्दै भक्तपुर गोलमडीबाट सल्लाघारी भक्तपुरमा रहेको साथी सविन मानन्धरको घर कोठमा निजलाई भेट्न भनी सुर्यविनायक हुँदै बिस्तारै हिँड्दै ऐ.२०.३० बजेको समयमा जिल्ला भक्तपुर सुर्यविनायक न.पा.४ सुर्वणचोकमा पुग्दा तत्काल नाम थर थाहा नभएका हाल थाहा भएका जाहेरवाला सुनिल सुवाल र सविन बजगाईंसमेतका ३।४ जना मानिसहरूले हामीहरूलाई अपशब्द प्रयोग गरी अश्लिन गालीगलौज गरेको हुँदा हामीहरू पनि आवेशमा आई निज जाहेरवालाहरूसँग वादविवाद गर्ने क्रममा हामी दुवै पक्षबीच झै—झगडा तथा हात हालाहाल भएको हो, हातपात हुने क्रममा जाहेरवालाहरूले मलाई कुटपिट गरेको हुँदा साथी दिपेन्द्र थापाले घटनास्थलमा रहेका ढुङगा इँट्टालगायतका चिज वस्तुहरूले अन्धाधुन्द प्रहार गरेको र मैलेसमेत सोही अवस्थामा जाहेरवालाहरूलाई कुटपिट गरेको थिएँ। त्यही अवस्थामा मलाई जाहेरवालाहरूले नै नियन्त्रणमा लिई प्रहरीको जिम्मा लगाएकोले प्रहरीले पक्राउ गरी ल्याएको हो। तत्काल जाहेरवालाहरूको के कुन शरीरका भागहरूमा चोट पटक लागी घाइते भएको भन्ने थाहा थिएन। पछि घाइते भएको भन्ने सुनी थाहा पाएको हुँ। त्यस अवस्थामा मेरो अनुहारलगायतका भागहरूमा समेत चोट पटक लागेको थियो भन्नेसमेत बेहोराको मिति २०७२।७।१५ गतेको प्रतिवादी राज कुमालले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

४. मिति २०७२।७।६ गते साँझ परिसकेपछि म र साथी राज कुमाल घुमफिर गर्दै भक्तपुर भ.न.पा.१७ सल्लाघारीस्थित रहेको साथी सबिन मानन्धरको घरमा आउन भनी बिस्तारै आउँदै गरेको अवस्थामा ऐ.२०.३० बजेको समयमा जिल्ला भक्तपुर सुर्यविनायक न.पा.४ सुर्वणचोकमा पुग्दा तत्काल नाम थर थाहा नभएका हाल थाहा भएका जाहेरवाला सुनिल सुवाल र सविन बजगाईंसमेतका ३।४ जना मानिसहरूले हामीहरूलाई अपशब्द प्रयोग गरी अश्लिल गाली गलौजसमेत गरी जिस्काएको हुँदा हामीहरू पनि आवेशमा आई निज जाहेरवालाहरूसँग वादविवाद गर्ने क्रममा हामी दुवै पक्षबीच झै—झगडा तथा हात हालाहाल भएको हो, हातपात हुने क्रममा जाहेरवालाहरूले साथी राज कुमाललाई कुटपिट गरेको हुँदा मैले घटनास्थलमा फेला परेका ढुङगा इँट्टालगायतका चिज वस्तुहरूले अन्धाधुन्द प्रहार गरेको, सो अवस्थामा साथी राज कुमालले समेत कुटपिट गरेको थिएँ त्यसपश्चात् म फरार भएको हुँ। हामीहरूले त्यस समयमा जाहेरवालाहरूको मोबाइल, घडी तथा नगदलगायत जाहेरी दरखास्तमा उल्लेख गरिएको केही पनि सामानहरू खोसी लिएका होइन, के कति कारण उक्त सामानहरू खोसी लिएको भनी

किटानी जाहेरी दिएको हुन् सो थाहा भएन उक्त कार्य गर्नु गल्ती भयो भन्नेसमेत बेहोराको मिति २०७२।७।१५ गतेको प्रतिवादी दिपेन्द्र थापाले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान।

५. साथी सबिन बजगाईं मेरो मिल्ने साथी हुन्। त्यसैले हामी दुवै जना मिति २०७२।७।६ गते बेलुकी अं.२०.३० बजेको समयमा जिल्ला भक्तपुर सुर्यविनायक न.पा.४ सुर्वण चोकमा आफ्नै सुरमा हिँडिरहेका थियौं सोही समयमा साथी सुनिल सुवाल र मलाई तत्काल नाम थर थाहा नभएका हाल थाहा भएका प्रतिवादी दिपेन्द्र थापा र राज कुमालले एक्कासी ढुङगालगायतका चिज वस्तुहरूले प्रहार गरी हामी दुवै जनालाई घाइते बनाएका हुन्। सोही क्रममा साथी सबिन बजगाईंको बायाँ खुट्टा भाचिएको र मेरो पनि शरीरका विभिन्न भागहरूमा चोटपटक लागी घाइते भएको हुँदा सोही दिन मध्यपुर अस्पताल ठिमीमा उपचार गराई सोही दिन डिस्चार्ज भएपश्चात् हाल मेरो शारीरिक अवस्था सामान्य छ। साथै सोही क्रममा प्रतिवादीहरूले मेरो घडी थान १, साथमा रहेको नगद रु.७,०००।-समेत खोसी लिएको हुँदा सो धनमाललगायत हालसम्म लागेको सम्पूर्ण उपचार खर्चसमेत प्रतिवादी पक्षबाटै दिलाई भराइपाउँ भन्नेसमेत बेहोराको मिति २०७२।७।२० गतेको घाइते सुनिल सुवालले गरेको मौकामा गरेको कागज।

६. साथी सुनिल सुवाल मेरो मिल्ने साथी हुन् त्यसैले हामी दुवै जना मिति २०७२।७।६ गते बेलुकी अं.२०.३० बजेको समयमा जिल्ला भक्तपुर सुर्यविनायक न.पा.४ सुर्वण चोकमा आफ्नै सुरमा हिँडिरहेका थियौं। सोही समयमा साथी सुनिल सुवाल र मलाई तत्काल नाम थर थाहा नभएका हाल थाहा भएका प्रतिवादी दिपेन्द्र थापा र राज कुमालले एक्कासी ढुङगालगायतका चिज वस्तुहरूले प्रहार गरी घाइते बनाएका र सोही क्रममा मेरो दाँया खुट्टा भाचिएको र शरीरका अन्य भागहरूमा समेत चोटपटक लागेको हुँदा सोही दिन मध्यपुर अस्पताल ठिमी हुदै बि.एण्ड बि.अस्पताल ग्वार्खो ललितपुरमा उपचार गराएपश्चात् मिति २०७२।७।११ गते डिस्चार्ज भई हाल घरमै बसी औषधी सेवन गरिरहेको हुँदा हाल मेरो शारीरिक अवस्था सामान्य छ। साथै सोही क्रममा प्रतिवादीहरूले मेरो घडी थान १, पर्समा राखिएको नगद रु.११,०००।- समेत खोसी लिएको हुँदा सो धनमाललगायत हालसम्म लागेको सम्पूर्ण उपचार खर्चसमेत प्रतिवादी पक्षबाटै दिलाई भराइपाउँ भन्नेसमेत बेहोराको मिति २०७२।७।२०गतेको घाइते सबिन बजगाईंले मौकामा गरेको कागज।

७. मिति २०७२।७।६ गते अं.२०.३० बजेको समयमा जिल्ला भक्तपुर सुर्यविनायक न.पा.४ सुवर्णमा प्रतिवादी दिपेन्द्र थापासमेतले जाहेरवाला सुनिल सुवालसमेतलाई कुटपिट गरी घाइते बनाएको भन्ने सुनी थाहा पाएका हौं। जाहेरवालाहरूलाई प्रतिवादीहरूले कुटपिट गरी घाइते बनाएको हुँदा घाइतेको सम्पूर्ण उपचार प्रतिवादी पक्षबाटै दिलाई भराई प्रतिवादीहरूउपर कानूनबमोजिम कारवाही होस भन्नेसमेत बेहोराको मिति २०७२।७।२२ गतेको बुझिएका मानिसहरू अनिल सुवाल र बाबु थापाले गरेको घटना विवरण कागज।

८. OPEN FACTURE AT RIGHT SHAFT OF TIBIA AND FIBULA भन्ने बेहोराको घाइते सविन बजगाईंको मिति २०७२।७।६ गतेको घाउ जाँच केस फाराम र ABRASION OVER RIGHT SIDED SKULL AND LEFT INDEX FINGER भन्ने बेहोराको घाइते सुनिल सुवालको मिति २०७२।७।६ गतेको घाउ जाँच केस फाराम।

९. घाइतेहरूको विभिन्न प्रकृतिको उपचारबापत मिसिल संलग्न हुन् आएका रु.९९,०९८।- (उनान्सय हजार अन्ठानब्बे) रक भन्दा बढीका वि. एण्ड वि. अस्पताल र मध्यपुर अस्पतालका बिल भर्पाइहरू।

१०. यसमा महानगरीय प्रहरी वृत्त जगाती भक्तपुरबाट अनुसन्धान कार्य सम्पन्न भई अभियोजनार्थ प्राप्त हुन् आएको सक्कल मिसिल संलग्न घटनास्थल प्रकृति मुचुल्का, जाहेरी दरखास्त प्रतिवादी द्वय दिपेन्द्र थापा र राज कुमालले गरेको बयान, घाइते द्वय सविन बजगाईं र सुनिल सुवालको कागज, घाइते सुनिल सुवालको घाउ जाँच केस फाराम, वारदातस्थलमा यी प्रतिवादी दिपेन्द्र थापा र राज कुमालले ईँट्टा ढुङ्गालगायतका वस्तुसमेतले प्रहार गर्दा जाहेरवालामध्ये सविन बजगाइँको दायाँ खुट्टाको हड्डी भाँचिई दुई टुक्रा भएकोले कुटपिट अंगभंगको कसुर स्थापित हुन् आएकोले प्रतिवादीहरू दिपेन्द्र थापा र राज कुमालको उपरोक्त कार्य मुलुकी ऐन कुटपिटको महल १ नं. ले परिभाषित तथा २ नं.ले वर्गीकृत कसुर गरेको देखीन आएकोले निज प्रतिवादीहरू दिपेन्द्र थापा र राज कुमाललाई सोही महलको ६ नं.बमोजिम सजाय हुन् र घाइतेहरूको उपचारमा लागेको खर्चसमेत सोही महलको ६ र २५ नं.बमोजिम जाहेरवालालाई दिलाई भराइपाउन माग दाबी लिई पेस हुन् आएको वादी नेपाल सरकारको अभियोग पत्र।

११. जाहेरवालाको जाहेरी दरखास्त झुठ्ठा हो। मैले कसैलाई कुटपिट गरेको छैन। जाहेरवालाले नै मलाई कुटपिट गरेका हुन्। अभियोग दाबीबमोजिम मैले कुनै कसुर गरेको नहुँदा झुठ्ठा अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी राज कुमालले यस अदालतसमक्ष गरेको इन्कारी बयान।

१२. जाहेरी दरखास्तलगायतका कागजहरू झुठ्ठा हुन्। मैले कसैलाई कुटपिट गरेको छैन। कुटपिट नै गरेको नहुँदा अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन झुठ्ठा अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी दिपेन्द्र थापाले यस अदालतसमक्ष गरेको इन्कारी बयान

१३. पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी प्रतिवादीमध्येका दीपेन्द्र थापालाई ३ वर्षभन्दा बढी कैदको आरोपित कसुरमा सजाय हुन् सक्ने अवस्था हुँदा निजलाई अ.वं. ११८ को देहाय २बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नू। अर्का प्रतिवादी राज कुमालले थुनामा राख्न पर्नेसम्मको कसुर गरेको तत्काल प्राप्त प्रमाणबाट नदेखीए पनि वारदातमा निजको संलग्नता देखिँदा अ.वं.११८ को देहाय ५ र १०बमोजिम निजबाट नगद रु.५०,०००।- वा सो जेथा जमानत दिएँ लिई मुद्दाको पुर्पक्ष गर्नु भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७२।७।२९ को आदेश।

१४. प्रतिवादी दिपेन्द्र थापाको साक्षी सुनिता मोक्तान र प्रतिवादी राज कुमालको साक्षी सुरज नेपालले प्रतिवादी मिलान कै गरिदिएको बकपत्र मिसिल सामेल रहेको।

१५. पीडित घाइते जाहेरवालाहरू सविन बजगाइँ, सुनिल सुवाल र मौकामा बुझिएका मानिस वावु थापाले यस अदालतसमक्ष गरेको बकपत्र मिसिल सामेल रहेको।

## ठहर खण्ड

१६. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन् आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री पारशमणि पोखरेलले मौकाको जाहेरी दरखास्त सोलाई समर्थन गर्ने पीडितको यस अदालतमा भएको बकपत्र र वी एण्ड वी अस्पतालको जाँच प्रतिवेदनसमेतका मिसिल संलग्न सबुद प्रमाणहरूबाट प्रतिवादीहरूउपरको अभियोग दाबी पुष्टि हुन् आएको देखिँदा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो। त्यसैगरी प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री प्रभाकर खनालले प्रतिवादीहरू कसुरमा अदालतमा समेत इन्कार छन्, पीडित उपर परेको चोट कुटपिटको २ नं. को परिभाषाभित्र पर्दैन। यस अवस्था प्रतिपादित नजिरसमेतका आधारमा यी प्रतिवादीहरूले समान्य कुटपिटसम्म गरेको देखीएको अवस्थामा प्रतिवादीहरूलाई अङ्गभङ्गको कसुरमा सफाई हुनुपर्दछ भनी प्रस्तुत गर्नुभएको वहससमेत सुनी मिसिल संलग्न अभियोगपत्रसहितका मिसिल कागजातको अध्ययन गरी इन्साफतर्फ विचार गर्दा देहाएका विषयहरूमा आधारित भई निर्णय दिनुपर्ने देखीयो।

- अभियोग दाबीको वारदात कायम हुन्छ हुँदैन ?
- यी प्रतिवादीको वादी नेपाल सरकारको अभियोग दाबीबमोजिम कुटपिट अंङ्गभङ्गको अपराध कसुरमा संलग्नता छ छैन ?
- कसुरमा संलग्न देखीन आए यी प्रतिवादीलाई के कुन सजाय हुनुपर्ने हो र पीडिताले यी प्रतिवादीबाट क्षतिपूर्ति पाउने नपाउने के हो ?

१७. सर्वप्रथमः पहिलो प्रश्न अभियोग दाबीको वारदात कायम हुन्छ हुँदैन ? भन्नेसम्बन्धमा हेर्दा सर्व प्रथम वादी नेपाल सरकारको अभियोग दाबीलाई हेर्नु पर्ने देखीयो। वादी नेपाल सरकारको अभियोग मागदाबी हेर्दा घटनास्थल प्रकृति मुचुल्का, जाहेरी दरखास्त प्रतिवादी द्वय दिपेन्द्र थापा र राज कुमालले गरेको बयान, घाइते द्वय सविन बजगाईं र सुनिल सुवालको कागज, घाइते सुनिल सुवालको घाउ जाँच केस फाराम, वारदातस्थलमा यी प्रतिवादी दिपेन्द्र थापा र राज कुमालले इँट्टा ढुङ्गालगायतका वस्तुसमेतले प्रहार गर्दा जाहेरवालामध्ये सविन बजगाइँको दायाँ खुट्टाको हड्डी

भाँचिई दुई टुक्रा भएकोले कुटपिट अंगभंगको कसुर स्थापित हुन् आएकोले प्रतिवादीहरू दिपेन्द्र थापा र राज कुमालको उपर्युक्त कार्य मुलुकी ऐन कुटपिटको महल १ नं. ले परिभाषित तथा २ नं. ले वर्गीकृत कसुर गरेको देखीन आएकोले निज प्रतिवादीहरू दिपेन्द्र थापा र राज कुमाललाई सोही महलको ६ नं.बमोजिम सजाय हुन् र घाइतेहरूको उपचारमा लागेको खर्चसमेत सोही महलको ६ र २५ नं.बमोजिम जाहेरवालालाई दिलाई भराइपाउन मागदाबी लिई प्रस्तुत अभियोग दायर हुन् आएको देखीयो।

१८. प्रतिवादीहरू राज कुमाल र दिपेन्द्र थापाले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा वारदातको उपस्थितिलाई अन्यथा भन्न नसकेको र यस अदालतमा बयान गर्दा वारदातको उपस्थितिमा साबित रही उल्टै जाहेरवालाले ईँटाले कुटपिट गरेका हुन् भनी गरेको बयान तथा मिसिल संलग्न पीडितको घाँ जाँच केस फाराममा देखीएका चोटहरू तथा पीडितको परीक्षण प्रतिवेदन तथा वादी नेपाल सरकारका साक्षीहरूको बकपत्रबाट प्रतिवादीहरूको वारदातको उपस्थितिको वारदात कायम हुन् आएको देखीयो।

१९. अब दोस्रो प्रश्न यी प्रतिवादीको वादी नेपाल सरकारको अभियोग दाबीबमोजिम कुटपिट अंङ्गभङ्गको अपराध कसुरमा संलग्नता छ छैन?भन्ने सम्वन्धमा हेर्दा प्रतिवादीहरूले शुरु अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा प्रतिवादीमध्येका राज कुमालले वारदातको दिन साथी भेट्न करिब २०.३० बजेको समयमा वारदातस्थलमा पुग्दा तत्काल नाम थर थाहा नभएका हाल थाहा भएका जाहेरवालासमेतले हामीहरूलाई अपशब्द प्रयोग गरी अश्लिल गालीगलौज गरेको हुँदा हामीहरू पनि आवेशमा आई निज जाहेरवालाहरूसँग वादविवाद गर्ने क्रममा हामी दुवै पक्षबीच झै-झगडा तथा हात हालाहाल भएको हो, हातपात हुने क्रममा जाहेरवालाहरूले मलाई कुटपिट गरेको हुँदा साथी दिपेन्द्र थापाले घटनास्थलमा रहेका ढुङगा इँट्टालगायतका चिज वस्तुहरूले अन्धाधुन्द प्रहार गरेको र मैलेसमेत सोही अवस्थामा जाहेरवालाहरूलाई कुटपिट गरेको थिएँ। त्यही अवस्थामा मलाई जाहेरवालाहरूले नै नियन्त्रणमा लिई प्रहरीको जिम्मा लगाएको हो भनी बयान गरेको देखीन्छ। अर्का प्रतिवादी दिपेन्द्र थापाले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा वारदातस्थलमा पुग्दा जाहेरवालासमेतले अश्लिल गाली गलौज गरी जिस्काएको हुँदा हामीहरू पनि आवेशमा आई निज जाहेरवालाहरूसँग वादविवाद गर्ने क्रममा हामी दुवै पक्षबीच झै—झगडा तथा हात हालाहाल भएको हो, हातपात हुने क्रममा जाहेरवालाहरूले साथी राज कुमाललाई कुटपिट गरेको हुँदा मैले घटनास्थलमा फेला परेका ढुङ्गा इँट्टालगायतका चिज वस्तुहरूले अन्धाधुन्द प्रहार गरेको हुँ भनी बयान गरेको देखीयो। निज प्रतिवादीहरूले यस अदालतमा बयान गर्दा प्रतिवादी दिपेन्द्र थापाले वारदातको उपस्थिति र जाहेरवालाको जाहेरी दरखास्त झुट्ठा हो। मैले कसैलाई कुटपिट गरेको छैन। जाहेरवालाले नै मलाई कुटपिट गरेका हुन्। अभियोग दाबीबमोजिम मैले कुनै कसुर गरेको नहुँदा झुट्ठा अभियोग दाबीबाट सफाइ पाउँ। अर्का प्रतिवादी राज कुमालले

सोही बेहोरा उल्लेख गरी जाहेरी दरखास्तलगायतका कागजहरू झुठ्ठा हुन्। मैले कसैलाई कुटपिट गरेको छैन। कुटपिट नै गरेको नहुँदा अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भनी अदालतमा कसुर गरेको कुरामा इन्कार रही बयान गरेको देखीयो।

२०. प्रतिवादीहरू यस अदालतमा कसुरमा इन्कार रहे पनि जाहेरवालाको मौकाको जाहेरी बेहोरामा यी प्रतिवादीउपर वारदातको दिन अ. २०.३० बजेको समयमा जिल्ला भक्तपुर सुर्यविनायक न.पा.४ सुवर्णमा प्रतिवादी दिपेन्द्र थापा र राज कुमालले ईँट्टा ढुङ्गालगायतका वस्तुसमेतले प्रहार गर्दा जाहेरवालामध्ये सविन बजगाईँको दायाँ खुट्टाको हड्डी भाँचिई दुई टुक्रा भएको र दुवै जाहेरवालालाई कुटपिट गरी मोबाइल, घडी, नगदलगागतका सर-सामग्री खोसी लगेको भन्ने बेहोरा उल्लेख भएको देखीयो। त्यसैगरी मौकामा भएको पीडित जाहेरवालाहरूको घाँ जाँच केस फाराममा OPEN FACTURE AT RIGHT SHAFT OF TIBIA AND FIBULA भन्ने बेहोराको घाइते सविन बजगाईको र ABRASION OVER RIGHT SIDED SKULL AND LEFT INDEX FINGER भन्ने बेहोराको घाइते सुनिल सुवालको घाउ जाँच केस फाराम भएको देखीन्छ। प्रतिवादीहरूउपरको जाहेरी बेहोरालाई घटनास्थल प्रकृति मुचुल्काको विवरणमा घटनास्थल नजिकै रगत जस्तो रातो पदार्थ लतपतिएको भन्ने भनाईले वारदातको स्थिति र जाहेरी बेहोरालाई थप समर्थन गरेको देखीन्छ। प्रतिवादीहरूको कुटपिटबाट परेका घाउ चोटहरूको उपचार गरेका मध्यपुर अस्पताल र वि. एण्ड वि अस्पतालका बिल भरपाईहरू मिसिलमा संलग्न रहेको देखीयो। यस अदालतमा बयान गर्ने वादी नेपाल सरकारका साक्षीहरू अर्थात् पीडित जाहेरवालाहरूमध्ये घाइते सविन बजगाईंले यस अदालतमा आई बकपत्र गर्दा आफू र साथी सविन बजगाईं बाटोमा हिँडिरहेको बेलामा वारदातस्थलमा एक्कासी पछाडिबाट नचिनेका मानिसहरूले ढुङ्गा मुढा गरी आक्रमण गर्दा भुइँमा लडेको र सोपश्चात् पनि निरन्तर आक्रमण गरी हामीहरूलाई हिर्काइरहे पछि उठ्न खोज्दा खुट्टाले काम गरेन हाल अस्पतालमा उपचार गराइरहेको छु दाहिने खुट्टा भाँचिएको छ। खुट्टामा सानो रड हालेको छ ठूलो पनि हाल्न पर्न सक्छ। हड्डी जोडिएको छैन भनी डाक्टरले भनेका छन्। हाल फलोअनमा छु। खुट्टा निको हुने नहुने ग्यारेन्टी छैन। बैशाखी टेकेर अदालतमा आएको छु भनी बकपत्र गरेको देखीयो।

२१. उल्लिखित तथ्यहरू भएको प्रस्तुत अभियोग दाबीको कसुरमा यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसुरमा यी प्रतिवादीहरूको संलग्नता के कुन प्रकारको हो भनी हेर्नु पर्ने देखीयो। यस अदालतबाट जाहेरवाला सविन बजगाईंको अंगभंग भएको भनिएको अंग हाल के कस्तो अवस्थामा छ काम लाग्ने नलाग्ने के हो भनी आदेश भएको आदेशानुसार प्राप्त यी पीडितको वि. एण्ड वि. अस्पतालको 26 February 2016 को पछिल्लो जाँच प्रतिवेदनमा Mr. Sabin Bajgain, 26 years old gentlemen in our hospital on 24th October 2015 with alleged history of physical assault leading to Gustilo I (open) Tibia । Fibula fracture on right side. He was managed with closed reduction andintramedullar nailing on the same day. He was advised for non weight bear mobilization with crutch then was mobilized with Patellar Tendon Bearing cast

6 weeks after surgery. Now cast is removed and he is allowed to walk with crutch. He needs regular follow up and may need surgical intervention in between if fracture is not satisfactory or any complications occur. He will gradually discontinue crutch and walk independent in next 3 months' time. The implant will be removed after 2 years if there is satisfactory fracture healing. He is doing well but needs follow up' रिपोर्ट प्राप्त भई मिसिल सामेल रहेको देखीयो। प्रतिवादीहरू अदालतमा आफूहरूले प्रहार गरेको कुरामा इन्कार रहे पनि मौकामै वारदात स्थलबाट यी प्रतिवादी राज कुमाल पक्राउ परेको देखीन्छ। निजहरूले वारदातस्थलमा यी पीडितसमेतका जाहेरवालाहरूलाई विवाद हुँदा प्रतिवादी दिपेन्द्र थापाले इँटाले प्रहार गरेको र राज कुमालले पनि अन्धाधुन्द प्रहार गरी घाइते बनाएको कुरामा यी प्रतिवादीहरू अनुसन्धान अधिकारीसमक्ष साबित रहेको पाइयो। निजहरूको सो साबितीलाई अदालतमा अन्यथा भने पनि वारदातको उपस्थिति र मुख छाडी गाली गौलज गरेका कारण धकेला धकेल हुँदा हामीहरू त्यहाँबाट भागेका हौं भनी बयान गरेबाट प्रतिवादीहरूले यी जाहेरवालालाई कुटपिटसम्म गरेको इँटा प्रहार नगरेको भनी बयान बेहोरा लेखाएको पाइयो। यस अवस्थमा यी पीडितउपर परेको चोट यिनै प्रतिवादीहरूको कार्य actusreus कारण हो भन्ने तथ्यमा विवाद देखीन आएन। तसर्थ यी प्रतिवादीहरूको कार्यको परिणाम यी पीडितउपर मिसिल संलग्न घाँ जाँच केस फाराममा देखीएको चोटहरू परेको देखीदा यी प्रतिवादीहरू दिपेन्द्र थापा र राज कुमाल अभियोग दाबीको कसुरका कसुरदार रहेको कुरालाई अन्यथा भन्न मिलेन।

२२. अब तेस्रो प्रश्न कसुरमा संलग्न देखीन आए यी प्रतिवादीलाई के कुन सजाय हुनुपर्ने हो र पीडिताले यी प्रतिवादीबाट क्षतिपूर्ति पाउने नपाउने के हो ? भन्नेसम्बन्धमा हेर्दा माथि गरिएका विवेचनाहरूबाट यी प्रतिवादीहरूउपरको कसुरको वारदात कायम भई गएको र यी प्रतिवादीहरू कसुरदार ठहर भई गएको अवस्था छ यी प्रतिवादीहरू उपर वादी नेपाल सरकारले पीडित सविन बजगाईंलाई इँटा प्रहार गरी OPEN FACTURE AT RIGHT SHAFT OF TIBIA AND FIBULAगराएको कार्यसमेत स्थापित माथि गरिएको विवेचनाबाट देखीएको छ। यी प्रतिवादीमध्ये दिपेन्द्र थापाले इँटा प्रहार गरेको र अर्का प्रतिवादी राज कुमालले अन्धाधुन्द कुटपिट गरेको कुरामा स्वीकार रहेको र दुवै प्रतिवादीको कार्यका कारण यी पीडितको जिउमा चोट लागि अङ्गभङ्ग भएको कुरामा विवाद देखीएन। तसर्थ अपराधको प्रकृति र संलग्नताको परिस्थितिबाट यी दुवै प्रतिवादीको समान सहभागीता रहेको देखीन आयो। अब यी प्रतिवादीहरू उपर वादी नेपाल सरकारले कुटपिटको १ र २ न. को कसुरमा ६ न.बमोजिम सजायको मागदाबी लिएको देखीयो। कुटपिटको *कसैले कसैलाई हात हतियार उठाई वा अरू कुनै प्रकारले रगतपच्छे घा चोट अङ्गभङ्गपारेमा वा जिउमा अरू पीडा नोक्सान हुने काम गरेमा कुटपिट गरेको ठहर्छ* भनी परिभाषा गरेको देखीन्छ। त्यसैगरी अंग भङ्ग भनी *कुटपिटको* २ नं. *कुटपिट गर्दा देहायबमोजिम भएमा अङ्गभङ्गको खत ठहर्छ—आँखाको हेर्ने शक्ति हीन गरी वा आँखा फोरी दृष्टिविहिन बनाईदिएमा नाकको सुँघ्ने शक्ति हरण गरिदिएमा, कानको सुन्ने शक्ति हरण गरिदिएमा, जिब्रोको बोल्ने शक्ति हरण गरिदिएमा, महिलाको स्तन काटिदिएमा, महिलालाई बाँझोपन र पुरुषलाई पुरुषत्वहीन बनाएमा। मेरुदण्ड डँडाल्नु, हात, खुट्टा वा यिनैको जोर्नी भाँची*

*फोरी फुकाली बेकम्मा पारिदिएमा कुटपिट अंग भङ्ग हुने* भनी परिभाषा गरेको देखीन्छ। कुटपिटको ६ नं. ले *अङ्गभङ्गको खतमध्ये दृष्टिविहीन बनाइदिएको, महिलाको स्तन काटिदिएमा वा महिलालाई बाँझोपन र पुरुषलाई पुरुषत्वहीन बनाएको खतमा जुनसुकै एकखत गरेपनि सो गर्नेलाई तीनलाख रुपैयाँ जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ। ती खतहरूबाहेक अङ्गभङ्गको अरू खतमध्ये जुनसुकै एक खत गरे पनि सो गर्नेलाई दुईलाख जरिवाना रुपैयाँ जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ। एउटै किसिमको काम लिने एउटाभन्दा बढी अङ्ग हुनेमा सोमध्ये एउटा अङ्ग मात्र बेकम्मा पारी दिएको भए माथि लेखिएको सजायको आधा सजाय गर्नुपर्छ। सो खत निको भई काम लाग्ने भएमा भने एकलाख जरिवाना र दुई वर्षमात्र कैद गर्नुपर्छ। यसरी जरिवानाबापत प्राप्त पुरै रकम पीडितलाई घाँ खर्चबापत दिइनेछ* भनी ऐनले परेको चोट र अंगको संवेदनशीलतालाई आधार मानी सजायको व्यवस्था गरेको देखीयो। कुटपिटको २ नं. को अन्तिम वाक्यांशमा *मेरुदण्ड डँडाल्नु, हात, खुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारिदिएमा कुटपिट अंग भङ्ग हुने* भनी भनी भनिएको र ६ नं.को व्यवस्थाले त्यस्ता कसुरमा सजाय गर्दा एउटै काम गर्ने दुई अंगमध्ये एउट मात्र बेकम्मा पारिदिएमा आधा सजाय र सो अंगसमेत निको भई काम लग्ने भएको अवस्थामा *भने* एकलाख जरिवाना र दुई वर्षमात्र कैद अनिवार्य हुने विधायिकाको कानूनको मनसाय रहेको देखीयो। पीडित सविन बजगाईंको पछिल्लो परीक्षण प्रतिवेदनमा निजको खुट्टाको अवस्था भविष्यमा निको हुन् सक्ने प्रकृतिको रहेको भनी लेखी आएको अवस्थामा यी प्रतिवादीहरूलाई सो ६ नं. को कानूनी व्यवस्थाको अन्तिम वाक्यांशले खुट्टा निको भई काम लाग्ने मानी प्रतिवादीहरूलाई सोबमोजिम जनही २ वर्ष कैद रु एकलाख जरिवाना तथा सो महलको २५ नं. को कानूनी व्यवस्थाबमोजिम उपचारमा लागेको रकमको सुनिश्चतताको लागि थप क्षतिपूर्तिबापत रु बीस हजारको दायित्व वहन गराउनु पर्ने देखीन आयो।

२३. तसर्थ यसमा माथि गरिएको विवेचना प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्ष भएको बयान पीडितको यस अदालतमा भएको बकपत्रसमेतका मिसिल संलग्न सबुद प्रमाणहरूबाट प्रतिवादीहरूले वादी नेपाल सरकारको अभियोग माग दाबीबमोजिम मुलुकी ऐन कुटपिटको महलको ६ न. विपरीत अपराध कसुर गरेको ठहर्छ। सो ठहर्नाले प्रतिवादीहरू दिपेन्द्र थापा र राज कुमाललाई चिकित्सकको प्रतिवेदनबाट भविष्यमा घाइते सविन बजगाईंको अंग निको भई काम लाग्ने प्रकृतिको भन्ने देखिँदा अंग काम लाग्ने देखीन आई सोही ६ नं.बमोजिम जनही २ वर्ष कैद र रु १०००००।-एकलाख जरिवाना हुने ठहर्छ। साथै प्राप्त बिलसमेतलाई विचार गरी प्रतिवादीहरूबाट कुटपिटको २५ नं.बमोजिम जनही बिस हजारका दरले क्षतिपूर्ति घाइते सविन बजगाईंले भराइपाउने र प्रतिवादीबाट भएको जरिवानासमेत पीडित सविन बजगाईंले घा खर्चवापत भराइपाउने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नु भनी अ.वं. १८६ नंबमोजिम आज यो फैसला गरिदिएको छ।

**<u>तपसिल</u>**

माथी इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी दिपेन्द्र थापालाई दुईवर्ष कैद र रु. १,००,०००।- (एकलाख) जरिवाना हुने ठहरी फैसला भएकोमा निज प्रतिवादी मिति २०७२।७।७बाट अनुसन्धानको क्रममा पक्राउ परी हालसम्म निरन्तर थुनामा रहेको देखिँदा कैदको हकमा २०७२।७।७ बाटै कैद म्याद गणना गरी २०७४।७।६सम्म कैदबापत थुनामा राखी जरिवाना रु.१,००,०००। (एक लाख) निज प्रतिवादीले दाखेला गरे मिति २०७४।७।७ गतेबाट निजलाई थुनामुक्त गरिदिनु र जरिवाना असुल नभए नियमानुसार जरिवानाबापत समेत थुनमा राख्नु भनी कैदी पुर्जी दिनु ..........................................................................................................१

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी राज कुमाललाई २ वर्ष कैद र रु. १,००,०००।- (एक लाख) जरिवाना हुने ठहरी फैसला भएकोले उक्त कैद र जरिवाना बेरुजु हुँदा कैदको हकमा निज प्रतिवादी मिति २०७२।७।६ गते पक्राउ परी यस अदालतबाट भएको आदेशानुसार मिति २०७२।७।२९ मा रु ५०,०००।- (पचास हजार) धरौटी राखी तारेखमा बसी पुर्पक्ष गरी आएको देखिँदा निज २३ दिन थुनामा बसेको देखिँदा निजलाई भएको कैद वर्ष २ दुईमा सो असुल भएको २३ दिन कट्टा गरी बाँकी कैद लागेको १ वर्ष ११ महिना ७ दिनको र जरिवानाको हकमा निजलाई लागेको जरिवाना एक लाखमध्ये रु.५०,०००।- (पचास हजार) मुद्दा पुर्पक्षको क्रममा निजले यस अदालतमा ध.र.नं.७१ मिति २०७२।७।२९ मा राखेको देखिँदा सोबाट असुलउपर गरी बाँकी रहेको जरिवाना रु ५०,०००।- बेरुजु हुँदा लगत कसी असुल गर्नु ......................................२

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरू दिपेन्द्र थापा र राज कुमालबाट पीडित घाइते सविन बजगाईंले जनही रु. २०,०००।-(बीस हजार) क्षतिपूर्तिबापत भराइपाउने ठहरेकाले निज प्रतिवादीहरूको यसै सरहदको जेथा देखाई निज प्रतिवादीहरूबाट उक्त क्षतिपूर्तिको रकम भराइपाउँ भनी घाइते निज सविनले निवेदन दिएँ पुनरावेदनको अवस्था नाघेपछि वा मुद्दाको अन्तिम किनारा भई आएपछि उक्त क्षतिपूर्ति प्रतिवादीबाट निज घाइते सविन बजगाईंलाई नियमानुसार गरी भराइदिनु ....३

माथी इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरूलाई भएको जरिवानासमेत कुटपिटको २५ नं. ले पीडित घाइतेले घा खर्चबापत भराई लिन पाउने ठहरेको हुँदा उक्त जरिवानाको रकम यस अदालतमा दाखेला भए नियमानुसार गरी प्रतिवादीहरूबाट पीडित घाइते निज सविन बजगाईंलाई पुनरावेदनको अवस्था नाघेपछि वा मुद्दाको अन्तिम किनार भई आएपछि घा खर्चबापत भराइदिनु ...................४

प्रस्तुत इन्साफमा चित्त नवुझे स.मु.स.ऐन २०४९ को दफा २६(१) का म्याद ७० (सत्तरी) दिनभित्रमा श्री पुनरावेदन अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्न जानु भनी फैसलाको नक्कलसहितको पुनरावेदनको म्यादको जानकारी प्रतिवादीहरूलाई दिनु....................................५

प्रस्तुत फैसलाको सरोकारवालाले नक्कल माग गर्नआएमा नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु...........................................................................................................६

प्रस्तुत फैसलाको विद्युतीय अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु...........................................................................................................७

**(जिल्ला न्यायाधीश)**

फैसला लेखनमा सहयोग तथा कम्प्युटर गर्नेः-
(फाँट-४)

**इति संवत् २०७२ साल चैत्र ७ गते रोज १ शुभम्.......................................**

श्री सुनसरी जिल्ला अदालत

इजलास

माननीय अतिरिक्त जिल्ला न्यायाधीश श्री चित्रबहादुर गुरुङ्ग

<u>फैसला</u>

मुद्दा नं. - 071-CR-0073

दर्ता मितिः २०७१।०६।०१

निर्णय नं.: २३४

मुद्दाः- चोरी।

**वादी**

सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स., वार्ड नं. ९ बस्ने दर्शन चौधरीको जाहेरीले नेपाल सरकार.............................................१

**प्रतिवादी**

सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स., वार्ड नं. ९ बस्ने ननुलाल चौधरीको छोरा विक्रम भन्ने पुषलाल चौधरी....................................................१

सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स., वार्ड नं. ३ बस्ने कुसुमलाल चौधरीको छोरा सुमन चौधरी...........२

सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स., वार्ड नं. ३ बस्ने कलरु चौधरीको छोरा मालदिप चौधरी.............३

सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स., वार्ड नं.१ बस्ने गयाराम चौधरीको छोरा अर्जुन चौधरी..............४

सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स., वार्ड नं. ३ बस्ने राजकुमार चौधरीको छोरा मिलन चौधरी...........५

सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स., वार्ड नं. ३ बस्ने हर्कु चौधरीको छोरा रवि .............................६

सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स., वार्ड नं. ३ बस्ने भीम खड्काको छोरा खेमराज खड्का..............७

सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स., वार्ड नं. ३ बस्ने दाताराम बन्जराको छोरा लिलानाथ बन्जरा.....................................................८

**कानून व्यवसायी**

<u>वादीतर्फबाट</u>

सहायक जिल्ला न्यायाधिवक्ता श्री रामहरी भट्टराई

<u>प्रतिवादीतर्फबाट</u>

अधिवक्ता श्री भवानीप्रसाद कोइराला

अधिवक्ता श्री राजेन्द्रप्रसाद कोइराला

अधिवक्ता श्री बद्रीनाथ भट्टराई

<u>लगाउका मुद्दाहरू</u>

- **मुद्दा नं. : 071-CR-0072 (चोरी)**
- **मुद्दा नं. : 071-CR-0073 (चोरी)**

जिल्ला अदालत नियमावली, २०५२ को नियम ३० र ३१बमोजिम साप्ताहिक र दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन् आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य, कानून व्यवसायीको बहस, इजलासको ठहर-इन्साफ र तपसिल यसप्रकार छः-

**मुद्दाको संक्षिप्त तथ्य**

**१. दर्शन चौधरीको हुलिया जाहेरी निवेदन (मिति -२०७१।०५। ०५)**

म सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स., वार्ड नं. ९ स्थितमा रहेको सनराइज इङ्लिस स्कुलका प्रिन्सिपल हुँ। सो स्कुल निर्माणका लागि भनी किनी ल्याई राखेको ३ सुते ४० फिटे ३७ थान फलामको रड रु.२१,४६०।- मा किनी ल्याएर राखेर थियो। उक्त रड मिति २०७१।०५।०४ गते रातको समयमा के-कुन चोरहरूले चोरी गरी लगेको हुँदा खोजतलास गरिपाउँ र पछि फेला परेमा किटानी जाहेरीसमेत दिनेछु।

**२. घटनास्थल मुचुल्का (मिति -२०७१।०५। ०५)**

जिल्ला सुनसरी, हाँसपोसा गा.वि.स.वार्ड नं.९ स्थित पूर्वमा बाबुराम कटवालसमेतको प्लटिङ्ग जग्गा, पश्चिममा आनन्द खनालको जग्गा, उत्तरमा पानी सिंचाई गर्ने सार्वजनिक पैनी, दक्षिणमा आनन्द खनालको जग्गा यति चार किल्लाभित्र पर्ने निमार्णाधीन अवस्थामा रहेको सनराइज इङ्लिस स्कुलको कम्पाउन्डभित्र राखिएको फलामे रड ३ सुते, ४० फिट लम्बाइ भएको ३७ थान मिति २०७१।०५।०४ गते रातको समयमा चोरी भएको घटनास्थल।

**३. बरामदी/खानतलासी मुचुल्का (मिति २०७१।०५।०५ गते)**

सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स., वार्ड नं.३ स्थित पूर्वमा तरहरा बजारबाट हाँसपोसा गा.वि.स. तर्फ जाने कच्ची बाटो मा लिलानाथ बन्जराले बनाउदै गरेको नयाँ पक्की घरको प्यासेजदेखी दक्षिण र उत्तर कोठा १।१ कोठा भएको छत ढलान गरेको र उक्त प्यासेजमा विभिन्न ठाउँहरूबाट मानिसहरूको चोरी गरी ल्याई राखेको अवस्थामा देहायबमोजिमको समान बरामद भएको हो।

| सि.नं. | बरामद समान | | | कैफियत |
|---|---|---|---|---|
| १ | २½ सुते | ४० फिट | ७२ पीस | फलामको रड |
| २ | ३ सुते | ४० फिट | ७६ पीस | फलामको रड |
| ३ | ४ सुते | ४० फिट | २७ पीस | फलामको रड |
| ४ | ४ सुते | ३२ फिट | ९ पीस | फलामको रड |
| ५ | पानी तन्ने पूरानो मोटर | | १ वटा | OSWAL लेखेको |

४. **दर्शन चौधरीको जाहेरी दरखास्त (मिति -२०७१।०५। ०६)**
म प्रिन्सिपल रहेको सनराइज बोर्डिङ स्कुल निर्माण हुने क्रममा रहेकाले स्कुलअगाडि राखिएको फलामका रडहरू मिति २०७१।०५।०४ गते रातिको समयमा चोरी भएको भनी मैले मिति २०७१।०५।०५ गते इलाका प्रहरी कार्यालय, इटहरीमा हुलिया निवेदन दिएको थियो। सोसम्बन्धमा खोजी गर्दै जाँदा सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स., वार्ड नं. ३ बस्ने लिलानाथ बन्जराले आफ्नो घर निर्माण गर्दै गरेको र निजकै घर कम्पाउन्डमा उक्त स्कुलबाट चोरी भएको रडहरू फेला परेकाले निजलाई सोधपुछ गर्दा सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स., वार्ड नं. ९ बस्ने खेमराज खड्का, रवि चौधरी, मिलन चौधरी, अर्जुन चौधरी, मालदिप चौधरी, सुमन चौधरी, विक्रम चौधरीसमेतले मिति २०७१।०५।०४ गते राति चोरी गरी ल्याएको हुँदा मैले खरिद गरेको भनी बताएको हुँदा सोसम्बन्धमा यो किटानी जाहेरी दिन आएको छु। मेरो चोरी भएको उक्त रड फिर्ता दिलाई निजहरूलाई मुलुकी ऐन चोरीको महलबमोजिम कारबाही गरिपाउँ।

५. **लिलानाथ बन्जराले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान (मिति -२०७१।०५। १२)**
मिति २०७१।०५।०४ गते बेलुका मालदिप चौधरी, अर्जुन चौधरीसमेतका केटाहरू मेरो घरमा आई हामीहरूसँग फलामको रड छ, तपाईं घर बनाउदै हुनुहुन्छ, चाहिन्छ भने हामी ल्याइदिन्छौं, छिमेकी अंकल भएकाले सस्तैमा दिन्छौंसमेत भनेकाले मैले हुन्छ नि त भनी भनेको थिएँ। राति १२ बजेको समयमा निज केटाहरूले मेरो घरमा के कताबाट हो हातमै बोकी ३ सुते ४० फिट लम्बाइ भएको ३७ थान रड मेरो घरमा ल्याइ छोडी गएका थिएँ। उनीहरूले पैसा लिन भोलि बिहान आउछौं भनी गएका थिएँ। सोहीअनुसार बिहान आइ हाल पक्राउ परेका अर्जुन चौधरी, मालदीप चौधरी, खेमराज खड्का, मिलन चौधरी, विक्रम चौधरी, रवि चौधरी, सुमन चौधरीले राति उनीहरूले ल्याएको रडबापतको रु. १२,०००।- रुपैयाँ लिई गए। मलाई चोरी गरी ल्याउछौं भनी भनेका थिएनन्। तर पनि यति सस्तोमा किन बेचेको होलान् भन्नेसम्बन्धमा चोरीको शंका लागिरहेकै थियो। मिति २०७१।०५।०५ गते दिउसो सनराइज बोर्डिङ स्कुलका शिक्षकहरूसमेत आई मेरो घरमा राखेको उक्त रड निजहरूको निर्माणधीन स्कुल भएको स्थानबाट चोरी भएको रड भनी हेरी चिनी प्रहरीलाई खबर गरी प्रहरीले उक्त बरामदी रड साथै मलाई समेत सोधपुछ गरी पक्राउ गरी लगेको हो। मैले बताएअनुसार मलाई उक्त रड बेच्ने केटाहरूलाई समेत प्रहरीले पक्राउ गरी ल्याएको हो। मैले यसबाहेक अन्य रड खरिद गरेको हो। साथै चोरीको माल हो भन्ने थाहा पाई किनेकोसमेत छैन। निज अन्य प्रतिवादीहरूले के कहाँबाट के कति रडहरू चोरे मलाई थाहा छैन।

६. **खेमराज खड्काले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान (मिति -२०७१।०५। १२)**
मलगायत जाहेरीमा उल्लिखित केटाहरूसमेतले सल्लाह गरी मिति २०७१।०५।०४ गते राति १२ बजेको समयमा रड खोजी हिँडिरहेको अवस्थामा सनराइज इङ्लिस स्कुलको

निमार्णाधीन भवनस्थलमा पुग्दा फलामको रडहरू फाली राखेको हेर्दा वरपर कोही मानिसहरू नदेखीएको हुँदा हामीले त्यहाँ राखेको फलामका रडहरूमध्ये ३ सुते ४० फिटे रड ३७ थान रड चोरी गरी लिलानाथ बन्जरालाई निजसँग अगाडि नै भएको सल्लाहबमोजिम निजको घरमा सबै जनाले हातमै वोकी लगी छोडी गएको हो। भोलिपल्ट बिहान हामी सबै जनाले निज बन्जराको घरमा गइ उक्त रडको दाम बापत रु.१२,०००।- लिएका हौं। उक्त रकम हामी सबै जनाले बराबरी बाँडी लिएका हौं। चोरी भएको भोलिपल्ट स्कुलका सरहरूसमेत भई रड खोज्दै हिँडेको अवस्थामा निज लिलानाथ बन्जराको घरबाट उक्त हामीले बिक्री गरेको फलामको रडहरू फेला पारी सोधपुछ गर्दा निज लिलानाथ बन्जराले मेरो नामसमेत बताई चोरी गर्ने मानिसहरूको नाम ठेगाना खुलाइ दिएकाले सोपश्चात् प्रहरीले मसमेतलाई पक्राउ गरेको हो।

सो मिति भन्दाअगाडि मिति २०७१।०२।०९ गते राति नन्दलाल विश्वकर्माको घरबाट पनि ३ सुते ४५ थान र ४ सुते २० थान गरी जम्मा ६५ थान रड चोरी गरी भुपनारायण भन्ने भुपाल चौधरीलाई रू. ३०,०००।- मा बिक्री गरेको हो। निज भुपनारायण भन्ने भुपाल चौधरी र लिलानाथ बन्जराको घरबाट बरामद भएको रड हामीले चोरी गरी बेचेको रड हो।

७. **रवि चौधरीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान (मिति -२०७१।०५। १२)**

मिति २०७१।०५।०४ गते राति १२ बजेको समयमा सनराइज इङ्लिस स्कुलको निर्माणाधीन भवनस्थलमा राखेको फलामको रडहरूमध्ये ३ सुते ४० फिटे रड ३७ थान हामीहरूले चोरी गरी लिलानाथ बन्जरालाई रू.१२,०००।- मा बिक्री गरेको हो। सो रकम हामी सबै जनाले बराबरी बाँडी लिएका हौं। सो मितिभन्दा अगाडि मिति २०७१।०२।०९ गते राति नन्दलाल विश्वकर्माको घरबाट पनि ३ सुते ४५ थान र ४ सुते २० थान गरी जम्मा ६५ थान रड चोरी गरी भुपनारायण भन्ने भुपाल चौधरीलाई रू.३०,०००।- मा बिक्री गरेको हो। निज भुपनारायण भन्ने भुपाल चौधरी र लिलानाथ बन्जराको घरबाट बरामद भएको रड हामीले चोरी गरी बेचेको रड हो।

८. **मिलन चौधरीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान (मिति २०७१।०५। १२ गते)**

मिति २०७१।०५।०४ गते राति १२ बजेको समयमा सनराइज इङ्लिस स्कुलको निर्माणाधीन भवनस्थलमा राखेको फलामको रडहरूमध्ये ३ सुते ४० फिटे रड ३७ थान हामीहरूले चोरी गरी लिलानाथ बन्जारालाई रू.१२,०००।- मा बिक्री गरेको हो। सो रकम हामी सबै जनाले बराबरी बाँडी लिएका हौं। सो मितिभन्दा अगाडि मिति २०७१।०२।०९ गते राति नन्दलाल विश्वकर्माको घरबाट पनि ३ सुते ४५ थान र ४ सुते २० थान गरी जम्मा ६५ थान रड चोरी गरी भुपनारायण भन्ने भुपाल चौधरीलाई रू. ३०,०००।- मा बिक्री गरेको हो। निज भुपनारायण भन्ने भुपाल चौधरी र लिलानाथ बन्जराको घरबाट बरामद भएको रड हामीले चोरी गरी बेचेको रड हो।

९. **अर्जुन चौधरीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान (मिति २०७१।०५। १२)**
मिति २०७१।०५।०४ गते राति १२ बजेको समयमा सनराइज इङ्लिस स्कुलको निर्माणाधीन भवनस्थलमा राखेको फलामको रडहरूमध्ये ३ सुते ४० फिटे रड ३७ थान हामीहरूले चोरी गरी लिलानाथ बन्जरालाई रू.१२,०००।- मा बिक्री गरेको हो। सो रकम हामी सबै जनाले बराबरी बाँडी लिएका हौं। सो मितिभन्दा अगाडि मिति २०७१।०२।०९ गते राति नन्दलाल विश्वकर्माको घरबाट पनि ३ सुते ४५ थान र ४ सुते २० थान गरी जम्मा ६५ थान रड चोरी गरी भुपनारायण भन्ने भुपाल चौधरीलाई रू.३०,०००।- मा बिक्री गरेको हो। निज भुपनारायण भन्ने भुपाल चौधरी र लिलानाथ बन्जराको घरबाट बरामद भएको रड हामीले चोरी गरी बेचेको रड हो।

१०. **मालदिप चौधरीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान (मिति २०७१।०५। १२)**
मिति २०७१।०५।०४ गते राति १२ बजेको समयमा सनराइज इङ्लिस स्कुलको निर्माणाधीन भवनस्थलमा राखेको फलामको रडहरूमध्ये ३ सुते ४० फिटे रड ३७ थान हामीहरूले चोरी गरी लिलानाथ बन्जरालाई रू.१२,०००।- मा बिक्री गरेको हो। सो रकम हामी सबै जनाले बराबरी बाँडी लिएका हौं। सो मिति भन्दा अगाडि मिति २०७१।०२।०९ गते राति नन्दलाल विश्वकर्माको घरबाट पनि ३ सुते ४५ थान र ४ सुते २० थान गरी जम्मा ६५ थान रड चोरी गरी भुपनारायण भन्ने भुपाल चौधरीलाई रू.३०,०००।- मा बिक्री गरेको हो। निज भुपनारायण भन्ने भुपाल चौधरी र लिलानाथ बन्जराको घरबाट बरामद भएको रड हामीले चोरी गरी बेचेको रड हो।

११. **सुमन चौधरीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान (मिति २०७१।०५। १२ गते)**
मिति २०७१।०५।०४ गते राति १२ बजेको समयमा सनराइज इङ्लिस स्कुलको निर्माणाधीन भवनस्थलमा राखेको फलामको रडहरूमध्ये ३ सुते ४० फिटे रड ३७ थान हामीहरूले चोरी गरी लिलानाथ बन्जरालाई रू.१२,०००।- मा बिक्री गरेको हो। सो रकम हामी सबै जनाले बराबरी बाँडी लिएका हौं। सो मिति भन्दा अगाडि मिति २०७१।०२।०९ गते राति नन्दलाल विश्वकर्माको घरबाट पनि ३ सुते ४५ थान र ४ सुते २० थान गरी जम्मा ६५ थान रड चोरी गरी भुपनारायण भन्ने भुपाल चौधरीलाई रू.३०,०००।- मा बिक्री गरेको हो। निज भुपनारायण भन्ने भुपाल चौधरी र लिलानाथ बन्जराको घरबाट बरामद भएको रड हामीले चोरी गरी बेचेको रड हो।

१२. **विक्रम भन्ने पुषलाल चौधरीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान (मिति - २०७१।०५। १२)**
मिति २०७१।०५।०४ गते राति १२ बजेको समयमा सनराइज इङ्लिस स्कुलको निर्माणाधीन भवनस्थलमा राखेको फलामको रडहरूमध्ये ३ सुते ४० फिटे रड ३७ थान हामीहरूले चोरी गरी लिलानाथ बन्जरालाई रू.१२,०००।- मा बिक्री गरेको हो। सो रकम

हामी सबै जनाले बराबरी बाँडी लिएका हौं। सो मिति भन्दा अगाडि मिति २०७१।०२।०९ गते राति नन्दलाल विश्वकर्माको घरबाट पनि ३ सुते ४५ थान र ४ सुते २० थान गरी जम्मा ६५ थान रड चोरी गरी भुपनारायण भन्ने भुपाल चौधरीलाई रू.३०,०००।- मा बिक्री गरेको हो। निज भुपनारायण भन्ने भुपाल चौधरी र लिलानाथ बन्जराको घरबाट बरामद भएको रड हामीले चोरी गरी बेचेको रड हो।

१३. **वस्तुस्थिति मुचुल्का (मिति २०७१।०५। २३ गते)**

**चौंठीलाल चौधरी** - सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स.वार्ड नं.९ स्थितमा निर्माणाधीन अवस्थामा रहेको सनराइज बोर्डिङ स्कुलको लागि बनाउनको लागि राखेको ३ सुते ४० फिटको ३७ थान फलामको रड मिति २०७१।०५।०४ गते रातको समयमा चोरी भएको र खोतजतलास गर्दा लिलानाथ बन्जराको घरमा चोरी भएको रड फेला परेको हो। निजलाई सोधपुछ गर्दा राति उक्त रडहरू खेमराज खड्का, रवि चौधरी, मिलन चौधरी, अर्जुन चौधरी, मालदिप चौधरी, सुमन चौधरी, विक्रम चौधरीले समेतले चोरी गरी ल्याई रु.१२,०००।- मा मलाई बिक्री गरेकाले सस्तोमा पाएकोले किनेको हुँ भनी बताएको हुँदा चोरी गर्ने सबैलाई पक्राउ गरी सोधपुछ गर्दा निज प्रतिवादीहरूले स्वीकार गरेको हो।

**बिष्णुलाल चौधरी** - सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स.वार्ड नं.९ स्थितमा निर्माणाधीन अवस्थामा रहेको सनराइज बोर्डिङ स्कुलको लागि बनाउनको लागि राखेको ३ सुते ४० फिटको ३७ थान फलामको रड मिति २०७१।०५।०४ गते रातको समयमा चोरी भएको र खोतजतलास गर्दा लिलानाथ बन्जराको घरमा चोरी भएको रड फेला परेको हो। निजलाई सोधपुछ गर्दा राति उक्त रडहरू खेमराज खड्का, रवि चौधरी, मिलन चौधरी, अर्जुन चौधरी, मालदिप चौधरी, सुमन चौधरी, विक्रम चौधरीले समेतले चोरी गरी ल्याई रु.१२,०००।- मा मलाई बिक्री गरेकाले सस्तोमा पाएकोले किनेको हुँ भनी बताएको हुँदा चोरी गर्ने सबैलाई पक्राउ गरी सोधपुछ गर्दा निज प्रतिवादीहरूले स्वीकार गरेको हो।

**नगेन्द्र खुलाल** - सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स.वार्ड नं.९ स्थितमा निर्माणाधीन अवस्थामा रहेको सनराइज बोर्डिङ स्कुलको लागि बनाउनको लागि राखेको ३ सुते ४० फिटको ३७ थान फलामको रड मिति २०७१।०५।०४ गते रातको समयमा चोरी भएको र खोतजतलास गर्दा लिलानाथ बन्जराको घरमा चोरी भएको रड फेला परेको हो। निजलाई सोधपुछ गर्दा राति उक्त रडहरू खेमराज खड्का, रवि चौधरी, मिलन चौधरी, अर्जुन चौधरी, मालदिप चौधरी, सुमन चौधरी, विक्रम चौधरीले समेतले चोरी गरी ल्याई रु.१२,०००।- मा मलाई बिक्री गरेकाले सस्तोमा पाएकोले किनेको हुँ भनी बताएको हुँदा चोरी गर्ने सबैलाई पक्राउ गरी सोधपुछ गर्दा निज प्रतिवादीहरूले स्वीकार गरेको हो।

१४. **अभियोग दाबी (मिति २०७१।०६।०१ गते)**

प्रतिवादीहरू विक्रम भन्ने पुषलाल चौधरी, सुमन चौधरी, मालदिप चौधरी, अर्जुन चौधरी, मिलन चौधरी, रवि चौधरी, खेमराज खड्काले सनराइज बोर्डिङ स्कुलको ३ सुते ३७ पीस रड मिति २०७१।०५।०४ गते राति चोरी गरेकाले निजहरूको उक्त कार्य मुलुकी ऐन, चोरीको

महलको १ नं.अनुसारको कसुर अपराध गरेको देखीन आएको छ। चोरी गरेको ३७ थान रडको मूल्य रू.२१,४६०।- रहेकोले सो बिगो कायम गरी निज प्रतिवादीहरूलाई मुलुकी ऐन, चोरीको महलको १२ नं.अनुसार लगाउको मुद्दा नं. 071-CR-0072 मा प्रथम पटक भएकाले यसमा दोस्रो पटक कायम गरी सजाय गरिपाउँ।

मूल्य रू.२१,४६०।- पर्ने रड प्रतिवादी लिलानाथ बन्जराले रू.१२,०००।- मा चोरीको माल भन्ने जानी जानी खरिद गरेको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, चोरीको महलको २४ नं.अनुसारको कसुर अपराधमा सोही नं.बमोजिम सजाय गरिपाउँ।

जाहेरवाला सनराइज बोर्डिङ स्कुलको सञ्चालक दर्शन चौधरीलाई मुलुकी ऐन, चोरीको महलको १०(३) र २१ नं.बमोजिम बरामद भएको ३ सुते ३७ पीस रड दिलाई भराइपाउँ।

**१५. प्रतिवादी बिक्रम भन्ने पुषलाल चौधरीले अदालतसमक्ष गरेको बयान (मिति २०७१।०६।०३)**

मिति २०७१।०५। ०४ गते राति म आफ्नो घरमा सुतेको थिएँ। जाहेरीअनुसार मसमेत भई जाहेरवालाको फलामको रडहरू चोरी गरेको होइन। जाहेरवालाको सामान चोरी भएको कुरा मलाई थाहा छैन। अभियोग दाबीअनुसार सजाय हुनुपर्ने होइन।

**१६. प्रतिवादी सुमन चौधरीले अदालतसमक्ष गरेको बयान (मिति २०७१।०६।०३)**

जाहेरवालाको फलामको रड चोरी गरेको होइन। मउपर किन जाहेरी दिएँ म भन्न सक्दिन। मैले अभियोग दाबीअनुसारको कसुर अपराध नगरेको हुँदा मलाई दाबीअनुसार सजाय हुनुपर्ने होइन।

**१७. प्रतिवादी मालदिप चौधरीले अदालतसमक्ष गरेको बयान (मिति २०७१।०६।०३)**

जाहेरवालाको फलामको रड मैले चोरी गरेको छैन। मिति २०७१।०५। ०४ गते म आफ्नै घरमा सुतिरहेको थिएँ। मिति २०७१।०५। ०५ गते राति म आफ्नै घरमा सुतिरहेकोमा प्रहरीहरू आई मलाई ओछ्यानबाटै पक्रेर ल्याएको हो। मैले कुनै अपराध गरेको थिइन। मउपरको जाहेरी बेहोरा झुठ्ठा हो।

**१८. प्रतिवादी अर्जुन चौधरीले अदालतसमक्ष गरेको बयान (मिति २०७१।०६।०३)**

मिति २०७१।०५। ०४ गते राति म आफ्नो घरैमा सुतेको थिएँ। म ड्राइभर पेसा गरी खाने भएकाले मैले चोरेर खानु पर्दैन, जाहेरवालाको फलामको रड को-कसले चोरे, चोरेनन् म भन्न सक्दिन। मउपरको जाहेरी बेहोरा गलत हो। अभियोग दाबीबाट सफाइ पाउँ।

**१९. प्रतिवादी मिलन चौधरीले अदालतसमक्ष गरेको बयान (मिति २०७१।०६।०५)**

मैले जाहेरवालाको फलामको रड चोरी गरेको होइन, मिति २०७१।०५। ०४ गते म आफ्नै घरमा सुतिरहेको थिएँ। म जनमजदुरी गरी पेसा गरी खान्छु। मैले चोरी नगरेको हुँदा मउपरको जाहेरी गलत हो। अभियोगबाट सफाइ पाउँ।

**२०. प्रतिवादी खेमराज खड्काले अदालतसमक्ष गरेको बयान (मिति २०७१।०६।०५)**

मैले जाहेरवालाको रड चोरी गरेको होइन। म मिति २०७१।०५। ०४ गते राति आफ्नै घरमा थिएँ। जाहेरवालाको फलामको रड मैले चोरी गरेको नहुँदा मउपरको जाहेरी बेहोरा झुट्ठा हो। अभियोग दाबीअनुसार सजाय हुनुपर्ने होइन।

**२१. प्रतिवादी रवि चौधरीले अदालतसमक्ष गरेको बयान (मिति २०७१।०६।०५)**

मैले जाहेरवालाको रड चोरी गरेको होइन। चोरी भयो भएन मलाई केही थाहा छैन। मिति २०७१।०५। ०४ गते म मेरो घरमा सुतेको थिएँ। मउपरको जाहेरी बेहोरा गलत हो। अभियोग दाबीअनुसार सजाय हुनुपर्ने होइन। अभियोग दाबीबाट सफाइ पाउँ।

**२२. प्रतिवादी लिलानाथ बन्जराले अदालतसमक्ष गरेको बयान (मिति २०७१।०६।०२)**

बरामद भएको फलामको रड तरहरा पाण्डे हार्डवेयरबाट २०७१ साल जेष्ठ महिनामा खरिद गरेको हो। उक्त रड मेरो हो। जाहेरवालाको रड चोरी भए नभएको सम्बन्धमा मलाई केही थाहा छैन। मिति २०७१।०५।०४ गते र ५ गते म मेरो घरैमा थिएँ। मैले चोरी गरेको रड खरिद गरेको होइन। मउपरको जाहेरी झुट्ठा हो।

**२३. थुनछेकको आदेश (मिति २०७१।०६।०६)**

संकलित प्रमाणहरूबाट प्रतिवादीहरू कसुरदार देखीन आएकोले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी देहायबमोजिम गर्नू।

- प्रतिवादी रबि चौधरीले पेस गरेको जन्मदर्ताबाट निज १४ वर्ष पूरा भएको नदेखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१)बमोजिम सम्बन्धित प्रहरी कार्यालयमार्फत अभिभावकको जिम्मा लगाई दिनु,
- प्रतिवादी मालदिप चौधरीले पेस गरेको जन्मदर्ताबाट निज १४ वर्ष माथि र १६ वर्ष पुगेको नदेखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको ११८ नं. को दफा ५ र १० नं.बमोजिम रू.५,०००।- धरौट लिनू,
- प्रतिवादी मिलन चौधरीको हकमा नाबालकको प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी निज र अन्य प्रतिवादीहरूबाट विक्रम भन्ने पुषलाल चौधरी, सुमन चौधरी, अर्जुन चौधरी र खेमराज खड्काबाट मुलुकी ऐन, अदालती बन्दोबस्तको ११८ नं. को दफा ५ र १० नं.बमोजिम जनही रू.१०,०००।- धरौट लिनू,
- प्रतिवादी लिलानाथ बन्जराबाट रू. २२,०००।- धरौट लिनू,

**२४. प्रतिवादी लिलानाथ बन्जराका साक्षी भिम खड्काले गरेको बकपत्र (मिति २०७१।०८।१०)**

प्रतिवादीले घर बनाएको हो। प्रतिवादी लिलानाथले पाण्डे हार्डवेयरबाट रड खरिद गरेको हो। केही सस्तो परेको हुँदा ३७ थान खरिद गरेको हो।

**२५. प्रतिवादी मिलन चौधरीका साक्षी विरेन भन्ने विरेन्द्र चौधरीले गरेको बकपत्र (मिति २०७१।०८।१०)**

प्रतिवादी मिलन चौधरीले चोरी गरेको होइन। मेरो भान्जा यी प्रतिवादी हुँदा सो दिन मेरो घरमा आएका थिएँ र रातभरी मेरो नै घरमा थिएँ। जाहेरी झुट्ठा हो।

२६. **प्रतिवादी अर्जुन चौधरीका साक्षी गंग्याई भन्ने गंगाराम चौधरीले गरेको बकपत्र (मिति २०७१।०८।१०)**

वारदात मिति समयमा प्रतिवादी अर्जुन धनकुटामा गाडी चलाइरहेका थिएँ। जाहेरी झुठ्ठा हो। निज निर्दोष छन्। निजले सफाइ पाउनुपर्दछ।

२७. **प्रतिवादी मालदिप चौधरीका साक्षी विमल चौधरीले गरेको बकपत्र (मिति २०७१।०८।१०)**

प्रतिवादी मालदिप चौधरीले फलामे रड चोरी गरेका होइनन्। अभियोग तथा जाहेरी झूठ्ठा हो। सो रात घरमा थिएँ। गर्मीको कारणले राति ९।१० बजेसम्म हावा खाई सँगै बसेका थियौं। त्यसपछि उनी आफ्नो घरमा गई सुतेका हुन्।

२८. **जाहेरवाला दर्शन चौधरीले गरेको बकपत्र (मिति २०७१।११।२६)**

फलामको ३७ थान रड चोरी भएको हो। चोरी गरेको देखीन। प्रतिवादी लिलानाथ बन्जराको घरमा भोलिपल्ट खोज्दै जाँदा रड भेटिएको हो। मैले उक्त रड पाण्डे हार्डवेयर्स तरहरा-२बाट किनेको हो।

## कानून व्यवसायीको बहस

२९. **वादीतर्फका विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री रामहरी भट्टराई**

प्रतिवादीहरूले जाहेरवालाको रड गरेकाले अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

३०. **प्रतिवादी लिलानाथ बन्जराको तर्फका विद्वान् अधिवक्ता श्री बद्रिनाथ भट्टराई**

प्रतिवादी लिलानाथ बन्जराले चोरी गरेको रड किनेको होइन। बरामद रड निजले आफैं किनेको रड हो। अभियोग दाबीबाट निजले सफाइ पाउनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

३१. **अन्य प्रतिवादीतर्फका विद्वान् अधिवक्ता श्री भवानीप्रसाद कोइराला, अधिवक्ता श्री राजेन्द्रप्रसाद कोइराला**

प्रतिवादीहरूले जाहेरवालाको रड चोरी गरेको कुनै ठोस सबुद प्रमाण छैन। प्रतिवादीहरू नाबालकसमेत रहेको छ। अभियोग दाबीबाट प्रतिवादीहरूले सफाइ पाउनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

## इजलासको ठहर-इन्साफ

३२. **प्रारम्भिक कुरा अधिकारक्षेत्र, हदम्याद र हकदैया**

यसमा मिसिल संलग्न कागज प्रमाणहरूको अध्ययन, विद्वान् कानून व्यवसायीको बहस सुनिसकेपश्चात् सर्बप्रथम मुद्दाको तथ्य र सबुद प्रमाणको विश्लेषण गरी मुद्दाको विषय वस्तुमा प्रवेश गर्नुपूर्व प्रारम्भिक विषयहरू क्षेत्राधिकार, हदम्याद र हकदैयासमेतको प्रारम्भिक कानूनी प्रश्नमा अदालत स्वयम्ले निश्चित गर्नुपर्ने भएकाले त्यसतर्फ न्याय निरूपण गर्ने इजलास सुनिश्चित हुनुपर्ने देखीन आएको छ।

यस इजलासलाई प्रस्तुत मुद्दाको सुरु कारबाही र किनारा गरी न्याय निरूपण (Adjudication) गर्ने ***अधिकारक्षेत्र*** रहे नरहेकोतर्फ विचार गर्दा, वारदात स्थल यसै सुनसरी जिल्ला, इहटरी उप-महानगरपालिका, वार्ड नं. ५ मा रहेकोले नेपालको संविधानको धारा १५१, न्याय प्रशासन ऐन, २०४८ को दफा ७ को उपदफा १, मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं. को दफा २ को देहाय २बमोजिम यसै अदालतको न्याय निरूपण गर्ने क्षेत्राधिकार (Jurisdiction) मा नै पर्ने देखीयो।

त्यस्तै, प्रस्तुत मुद्दा ***हदम्यादभित्र*** दायर हुन् आएको छ छैन भन्नेतर्फ विचार गर्दा, चोरीको वारदात मिति २०७१।०५।०४ गते घटेको भन्ने हुँदा मुलुकी ऐन, चोरीको महलको २९ नं. को हदम्याद (Limitation) भित्रैको देखीयो।

नेपाल सरकारलाई प्रस्तुत चोरी मुद्दा चलाउने ***हकदैया*** छ छैन भन्नेतर्फ हेर्दा, मुलुकी ऐन, चोरीको महलले सजाय हुने मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची - १ भित्रको मुद्दा देखिँदा सो कसुरमा मुद्दा चलाउने हकदैया (Locus Standi) नेपाल सरकारलाई रहे भएकै देखीन्छ।

**३३. निर्णय गर्नुपर्ने कुराहरू**

अब, न्याय निरूपण गर्दा प्रारम्भिक विचार गर्नुपर्ने कुराहरू क्षेत्राधिकार, हदम्याद र हकदैयाको यकिनपश्चात् विषय वस्तुमा प्रवेश गरी इन्साफतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा देहायबमोजिमको प्रश्नमा तथ्य, प्रमाण, विद्यमान प्रचलित कानून र न्यायका मान्य सिद्धान्तहरूको विवेचना गरी निष्कर्षमा पुग्नु पर्ने हुन् आयको छ।

क. प्रतिवादीहरू विक्रम भन्ने पुषलाल चौधरी, सुमन चौधरी, मालदिप चौधरी, अर्जुन चौधरी, मिलन चौधरी, रवि चौधरी, खेमराज खड्काले सनराइज इङ्लिस स्कुलको ३७ थान रड चोरी गरेको हो होइन ?

ख. प्रतिवादी लिलानाथ बन्जराले चोरी भएको रड जानीजानी खरिद गरेको हो वा होइन ?

ग. चोरी गरेको भए के कति बिगो बराबरको चोरी गरेको हो ?

घ. चोरी गरेको भए प्रतिवादीहरूलाई के कति सजाय हुनुपर्ने हो ?

च. बरामद भएका रड सनराइज बोर्डिङ स्कुलले फिर्ता पाउने हो वा होइन ?

३४. **प्रथम प्रश्नतर्फ विचार गर्दा,** सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स., वार्ड नं. ९ मा रहेको सनराइज इङ्लिस स्कुलको भवन निर्माण गर्न राखेको फलामको रड प्रतिवादीहरू विक्रम भन्ने पुषलाल चौधरी, सुमन चौधरी, मालदिप चौधरी, अर्जुन चौधरी, मिलन चौधरी, रवि चौधरी, खेमराज खड्काले मिति २०७१।०५।०४ गते राति चोरी गरी मुलुकी ऐन, चोरीको महलको १ नं.अनुसारको कसुर अपराध गरेको भन्ने वादी नेपाल सरकारको अभियोग दाबी रहेको देखीन्छ। यहाँ, वादी नेपाल सरकारको अभियोग दाबीको उक्त कानूनी व्यवस्थाको सिंहावलोकन हुनु प्रासंगिक नै हुन्छ। जुन यसप्रकार रहेको देखीन्छ।

**१ नं.। । । । आफ्नो हक नपुग्ने अचल भई रहेकोलाई चलको हिसाब गराई वा चल धनमालसमेत हक पुग्ने धनीलाई थाहा नदिई वा उसको मन्जुरी नली धनीको हक मेटाई**

**आफूले लिना खानाका लागि जुनसुकै कुरो गरी बेइमानीका नियतले कसैले लग्यो भने चोरी गरेको ठहर्छ।**

प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू विक्रम भन्ने पुषलाल चौधरी, सुमन चौधरी, मालदिप चौधरी, अर्जुन चौधरी, मिलन चौधरी, रवि चौधरी, खेमराज खड्काले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०७१।०५।०४ गते राति सनराइज इङ्लिस स्कुलको भवनबाट ३ सुते ३७ थान रड सल्लाह गरी चोरी गरी लिलानाथ बन्जरालाई रू.१२,०००।- मा बिक्री गरेको हो भनी गरेको एकै मिलानको बयान, लिलानाथ बन्जराले समेत अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा निज प्रतिवादीहरूले राति ल्याई बेचेको भनी गरेको बयान रहेको देखीन्छ। अदालतमा बयान गर्दा प्रतिवादीहरूले चोरी नगरेको भनी कसुरमा इन्कार गरी बयान गरेको छ।

प्रतिवादीको उपर्युक्तबमोजिमको अदालतबाहेक अन्यन्त्र अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारीसमक्ष भएको बयान र अदालतमा भएको बयान एकापसमा विरोधाभाष रहेको अवस्थामा प्रमाणमा लिन मिल्ने नमिल्ने सम्बन्धमा हेर्दा, प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा १बमोजिम मुद्दाका पक्षहरूले गरेका व्यक्त गरेका कुरा तथा बयान निजहरूको विरूद्ध प्रमाणमा लाग्ने हुन्छ। तर, सोही ऐनको दफा ९ को उपदफा २बमोजिम फौजदारी मुद्दामा अदालतबाहेक अन्यन्त्र प्रतिवादीले गरेको बयान निजले सचेत अवस्थामा, स्वतन्त्र रूपमा, डरत्रासमा नपारी गरेको बयानलाई मात्र प्रमाणमा लिन मिल्ने देखीन्छ। अनुसन्धानको क्रममा भएको बयान प्रहरीले आफूखुसी लेखेर सहिछाप गराएको भनी प्रतिवादीहरूले अदालतमा बयान गर्दा जिकिर लिएको भए तापनि बयान लिएपछि दुई पटक हिरासतमा राख्ने म्याद थप गर्दाको अवस्थामा सोसम्बन्धमा अदालतमा जिकिर लिनु पर्नेमा सोसमेत लिएको देखिँदैन। घटनाको विवरण र तथ्यहरू सिलसिलाबद्ध मालाकार रूपमा प्रतिवादीहरूले गरेका बयान अनुसन्धान अधिकारीले निजहरूलाई नसोधी तयार गरेको भन्ने निजहरूको जिकिर वस्तुगत देखीन आएन। प्रतिवादीहरूले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई पनि प्रमाणमा लिन मिल्ने नै देखीन आयो।

अभियोग प्रमाणित गर्नका लागि प्रतिवादीको कसुरमा साबिती बयान एउटा महत्त्वपूर्ण प्रमाण भए तापनि सो प्रमाणलाई अन्य प्रमाणहरूले पनि समर्थन गरेको अवस्थामा मात्र त्यस्तो प्रमाणले सार्थकता र मूर्तरूप पाउने हुन्छ। प्रस्तुत मुद्दामा जाहेरवाला सनराइज इङ्लिस स्कुलको प्रिन्सिपल दर्शन चौधरीको रड चोरी भएकामा मौकामा नै हुलिया जाहेरी र जाहेरी दर्खास्थ दर्ता रहेको, चोरी भएको रड प्रतिवादी लिलानाथ बन्जराको घरबाट बरामद भएको, लिलानाथ बन्जराले समेत अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा निज प्रतिवादीहरूले राति ल्याई बेचेको भनी गरेको बयान, प्रतिवादीहरूको निर्दोषिताको जिकिर लिएको भए पनि प्रमाण ऐन, २०३१ को दफा २७बमोजिम निजहरूले आफ्नो जिकिरलाई प्रमाणित गर्न कुनै ठोस सबुत पेस गर्न सकेको

देखीएन। यस्तो अवस्थामा निज प्रतिवादीहरूको साबिती बयानलाई अन्यथा भन्नु पर्ने अवस्था देखिँदैन।

उपर्युक्त आधार-प्रमाणबाट यी प्रतिवादीहरू विक्रम भन्ने पुषलाल चौधरी, सुमन चौधरी, मालदिप चौधरी, अर्जुन चौधरी, मिलन चौधरी, रवि चौधरी, खेमराज खड्काले सनराइज इङ्लिस स्कुलको फलामको रड धनीलाई थाहा नदिई वा मन्जुरी नली हक मेटाई आफूले लिना खानाका लागि बेइमानीका नियतले लगि बिक्री गरेको देखिँदा निजहरूले मुलुकी ऐन, चोरीको महलको १ नं. ले निषेध गरेका चोरीको कसुर अपराध गरेको देखीन आयो।

**३५. दोस्रो प्रश्नतर्फ विचार गर्दा,** प्रतिवादी लिलानाथ बन्जरा उपर प्रतिवादीहरू विक्रम भन्ने पुषलाल चौधरी, सुमन चौधरी, मालदिप चौधरी, अर्जुन चौधरी, मिलन चौधरी, रवि चौधरी, खेमराज खड्काले चोरी गरेको रड हो भन्ने जानी जानी खरिद गरेकाले मुलुकी ऐन, चोरीको महलको २४ नं.अनुसारको कसुर अपराध गरेको भन्ने वादी नेपाल सरकारको अभियोग दाबी रहेको देखीन्छ। यहाँ, वादी नेपाल सरकारको अभियोग दाबीको उक्त कानूनी व्यवस्थाको सिँहावलोकन हुनु प्रासंगिक नै हुन्छ। जुन यसप्रकार रहेको देखीन्छ।

> **२४ नं.। । । । चोरीको माल भनी जानी जानी लिने वा राख्नेलाई वा किन्नेलाई पहिला पटक भए बिगोबमोजिम जरिवाना गर्नुपर्छ। दोस्रो पटक देखीलाई बिगोबमोजिम जरिवाना गरी सो जरिवानाबापत कैद गर्नुपर्छ। नजानी लिएको भए जरिवाना कैद हुँदैन। नजानी लिनेहरूले आफनो बिगो चोरसमेत जसबाट लिएको हो उसबाट कपाली सरह लिन पाउँछ। नाबालकसँग लिएकोमा थैली भराई लिन पाउँदैन।**

प्रतिवादीहरू विक्रम भन्ने पुषलाल चौधरी, सुमन चौधरी, मालदिप चौधरी, अर्जुन चौधरी, मिलन चौधरी, रवि चौधरी, खेमराज खड्काले सनराइज इङ्लिस स्कुलको चोरी गरेको रड प्रतिवादी लिलानाथ बन्जरालाई रू.१२,०००।- मा बिक्री गरेको भनी बयान गरेको र निज प्रतिवादी लिलानाथ बन्जराले समेत अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारीसमक्ष निज प्रतिवादीहरूबाट रू.१२,०००।-मा खरिद गरेको भनी बयान लिएको देखीन्छ। प्रतिवादी लिलानाथ बन्जराले समेत अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानलाई निजका विरूद्धमा प्रमाणमा लिन माथि गरेका कानूनी विवेचनाबाट समेत मिल्ने नै देखीन्छ। प्रचलित बजार मूल्य रू.२१,४६०।- बराबरको मोल पर्ने रड रू.१२,०००।- मा खरिद गरेको देखिँदा सो खरिद मूल्य सयकडा पन्ध्रभन्दा बढी सस्तो रहेको देखीएको तर कुनै कागज गरी लिएको भने देखिँदैन। कुनै पनि समान अधिक सस्तोमा कागज नगरी लिएकोमा त्यस्तो खरिद बिक्री स्वच्छ किसिमले भएको रहेनछ भनी मुलुकी ऐन, चोरीको महलको २३ नं. ले समेत अनुमान गर्नुपर्ने हुन्छ। यी प्रतिवादी स्वयम्ले चोरी गरी ल्याएको हो भनी शंका रहेको थियो भनी बयानसमेत गरेको छ। यी प्रतिवादीले बरामद फलामको रड आफैंले किनेको भनी जिकिर लिएको भए तापनि सोको सबुद प्रमाण पेस गरी प्रमाणित गराउन सकेकोसमेत देखिँदैन। श्रेसा सप्लायर्स एण्ड ट्रेडर्सबाट खरिद गरेको भनी बिल पेस गरेको भए तापनि मौकामा बयान गर्दा सो कुरा खुलाउन नसकेको र बिल पेस नगरेकाले निजको जिकिर विश्वासनीय देखीन आएन।

अभियोग दाबीको ३ सुते ३७ पीस मात्र नभई सोबाहेकका अन्य रडहरूसमेत बरामदीमा भएकाले निजको खरिद गरेको बिल यही बरामदीको नै रहेछ भन्न मिल्ने पनि देखीएन।

उपर्युक्त आधार-प्रमाणबाट यी प्रतिवादी लिलानाथ बन्जराले चोरीको माल भनी जानी जानी प्रतिवादीहरू विक्रम भन्ने पुषलाल चौधरी, सुमन चौधरी, मालदिप चौधरी, अर्जुन चौधरी, मिलन चौधरी, रवि चौधरी, खेमराज खड्काबाट रड किनि घरमा राखेको देखिँदा निजहरूले मुलुकी ऐन, चोरीको महलको २४ नं. ले निषेध गरेका चोरीको कसुर अपराध गरेको देखीन आयो।

३६. **तेस्रो प्रश्नतर्फ विचार गर्दा,** चोरी मुद्दामा दण्ड-सजाय कायम गर्दा बिगोबमोजिम कायम गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले चोरीको बिगो निर्धारण गर्नुसमेत महत्त्वपूर्ण रहेको हुन्छ। प्रस्तुत मुद्दा पेस भएको श्रेसा सप्लायर्स एण्ड ट्रेडर्सको विलबाट पनि ३ सुते ३७ पीस रडको मूल्य रू.२१,४६०।- उल्लेख भई आएको देखीन्छ। अभियोग दाबीमा कायम गरिपाउँ भनी खुलाएको बिगो रू.२१,४६०।-को सम्बन्धमा प्रतिवादीहरूको असहमति जिकिर पनि नरहेको र सो रकम असान्दर्भिक पनि नदेखीएकोले अन्यथा कायम गरी रहनु पर्ने देखीएन।

३७. **चौथो प्रश्नतर्फ विचार गर्दा,** माथि उल्लिखित विवेचनाबाट प्रतिवादीहरूले चोरीको कसुर-अपराध गरेको देखीएकोले निजहरूउपर फौजदारी दायित्व सिर्जना भएकाले के, कति र कस्तो दण्ड सजाय (Penalty) निर्धारण गर्नुपर्ने हो भन्नेतर्फ हेर्दा, प्रतिवादीहरू विक्रम भन्ने पुषलाल चौधरी, सुमन चौधरी, मालदिप चौधरी, अर्जुन चौधरी, मिलन चौधरी, रवि चौधरी, खेमराज खड्का उपर मुलुकी ऐन, चोरीको महलको १२ नं. को र प्रतिवादी लिलानाथ बन्जरा उपर मुलुकी ऐन, चोरीको महलको २४ नं.बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी रहेको देखीन्छ। यहाँ, वादी नेपाल सरकारको सजायको अभियोग दाबीको उक्त कानूनी व्यवस्थाको समेत सिँहावलोकन हुनु प्रासंगिक नै हुन्छ। जुन यसप्रकार रहेको देखीन्छ।

> **१२ नं.। । । । डाँका, रहजनी, जबर्जस्ती चोरी र नकबजनी बाहेक अरू साधारण चोरीमा कसुरदारलाई जनही सो चोरीको जम्मा बिगोबमोजिम जरिवाना र पहिला पटककोलाई एक महिना, दोस्रो पटककोलाई तीन महिना, तेस्रो पटककोलाई छ महिना, चौथो पटककोलाई एक वर्ष, पाँचौ पटककोलाई दुई वर्ष, छैठौं पटककोलाई चार वर्ष र सोभन्दा बढी जतिसुकै पटकभएपनि छ वर्ष कैदसमेत गर्नुपर्छ।**

उक्त १२ नं. को कानूनी व्यवस्थामा विधायिकाले सजाय निर्धारण गर्दा इन्साफकर्तालाई कुनै तजबिजी स्वविवेक अधिकार तोकेको नहुँदा सजाय निर्धारण गर्दा अन्य थप विचार र विवेचना गरिरहनु परेन। प्रस्तुत मुद्दामा प्रतिवादीहरू विक्रम भन्ने पुषलाल चौधरी, सुमन चौधरी, मालदिप चौधरी, अर्जुन चौधरी, मिलन चौधरी, रवि चौधरी, खेमराज खड्का चोरीमा लगाउका मुद्दा नं. : 071-CR-0072 को चोरी मुद्दामा आज यसै इजलासबाट फैसला भई सो वारदातमा प्रथम पटक कायम भएकाले निज प्रतिवादीहरूको प्रस्तुत वारदात दोस्रो पटकको देखीएकोले

निजहरूलाई मुलुकी ऐन, चोरीको १२ नं.बमोजिम तीन महिना कैद र कायम भएको चोरीको बिगो बराबर रू. २१,४६०।- जरिवाना हुने देखीन्छ।

तर, फौजदारी मुद्दामा कसुर कायम र सजाय निर्धारणपश्चात् पनि फौजदारी विधिशास्त्रमा आपराधिक दायित्वको अपवाद (Exceptions of Criminal Liability) को रूपमा सामान्य प्रतिरक्षा (General Defence) सदैव रहिरहेको हुन्छ। सामान्य प्रतिरक्षाका कारणले कायम भएका कसुरमा निर्धारण गरेका सजायबाट उन्मुक्ति, रिहाई, छुट वा कमि हुने गर्दछ। फौजदारी विधिशास्त्रको सामान्य प्रतिरक्षाका विविध रूपहरूमध्ये नाबालकपन (Infancy) पनि एक हो। कम उमेरका कारणले मानसिक रूपले पनि अपरिपक्कता हुने र आपराधिक कार्य भए पनि आपराधिक मनसाय नहुने भन्ने नै नाबालकपनको प्रतिरक्षाको आधार हो। विश्वका आधुनिक सभ्य समाजले यो मान्यतालाई स्वीकार गरेको छ, जुन संयुक्त राष्ट्रसंघको Convention on the Rights of the Child ले प्रदत्त बालबालिकाको हकले समेत देखाउछ। नेपालले पनि संयुक्त राष्ट्रसंघको सदस्य हुनका साथै आधुनिक राज्य भएकाले विश्वव्यापी मान्यताको आधारमा नेपालको संविधानको धारा ३९ ले बालबालिका अनुकूलको न्यायको मौलिक हकको प्रत्याभूत गरेको छ। यसका अतिरिक्त बालबालिकासम्बन्धी ऐन, २०४८ ले पनि १६ वर्ष पूरा नभएकोलाई बालबालिकाको रूपमा परिभाषा गरी तिनिहरूको कानूनी हकको संरक्षण गरेको छ। बालबालिकाको विभिन्न हकमध्ये उक्त बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ ले बालकको आपराधिक दायित्वका बारेमा देहायबमोजिमको कानूनी व्यवस्था गरेको छ। जुन व्यवस्था नेपालको फौजदारी न्याय प्रणालीमा आपराधिक दायित्वको अपवाद (Exceptions of Criminal Liability) को रूपमा रहेको छ।

**११. बालक र आपराधिक दायित्वः**

**(१) कानूनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दश वर्षमुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन् सक्दैन।**

**(२) बालकको उमेर दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम रहेछ भने निजलाई कानूनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकामा हप्काई, सम्झाई र कैद हुने अपराध गरेकामा कसुर हेरी ६ महिनासम्म कैद हुन्छ।**

**(३) चौध वर्ष वा सो भन्दामाथि र सोह्र वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ।**

प्रस्तुत मुद्दामा प्रतिवादीहरूमध्ये रवि चौधरी, मिलन चौधरी र मालदिप चौधरी १६ वर्ष पूरा भएको भनी वादी नेपाल सरकारले अभियोग लगाएको भए पनि निजहरूले १६ वर्ष पूरा नभएको भनी जिकिर रहेको छ। वादीले निज प्रतिवादीहरू १६ वर्ष पूरा भएको भन्ने कुनै सबुद प्रमाण पेस गरेको छैन भने प्रतिवादीहरूले देहायबमोजिमको उमेर खुलेको जन्मदर्ताको प्रमाणपत्र पेस गरेको छ।

| सि.नं. | प्रतिवादी | जन्म मिति | वारदात मिति | उमेर |
|---|---|---|---|---|

| | नाम | | | |
|---|---|---|---|---|
| १ | रवि चौधरी | २०५७।०५।२८ | २०७१।०५।०४ | १३ वर्ष पूरा भई १४ वर्ष नपुगेको |
| २ | मिलन चौधरी | २०५७।०४।०१ | २०७१।०५।०४ | १४ वर्ष पूरा भई १५ वर्ष नपुगेको |
| ३ | मालदिप चौधरी | २०५५।०७।१२ | २०७१।०५।०४ | १५ वर्ष पूरा भई १६ वर्ष नपुगे |

उपर्युक्त तथ्य प्रमाणबाट प्रतिवादीहरू मालदिप चौधरी र मिलन चौधरी चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा मुनिको देखीएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (३)बमोजिम अन्य सोह्र वर्ष पुगेका प्रतिवादीलाई कायम गरेको सजायको आधा अर्थात् मुलुकी ऐन, चोरीको १२ नं.बमोजिम तीन महिना कैद र कायम भएको चोरीको बिगो बराबर रू.२१,४६०।- जरिवानाको आधा जनही डेढ महिना कैद र रू.१०,७३०।- जरिवाना हुने देखीन्छ।

प्रतिवादीमध्ये रवि चौधरीको उमेर दश वर्ष वा सो भन्दा माथि र चौध वर्षभन्दा कम रहेकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (२)बमोजिम सजायको मात्रा तजबिजी रहेकोले The Best Interests of the Child को सिद्धान्तबमोजिम पनि ६ दिन कैद गर्दा न्यायोचित नै हुन् आउने देखीन्छ।

प्रतिवादी लिलानाथ बन्जराउपर मुलुकी ऐन, चोरीको महलको २४ नं.बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी रहेकोले माथि नै उक्त २४ नं. को कानूनी व्यवस्था उद्धरण भइसकेको र निजलाई पटके नदेखिँदा पहिलो पटककोलाई बिगोबमोजिम जरिवाना हुने र निजको हकमा बिगो कायम गर्दा सोही महलको २३ नं. को अन्तिम वाक्यांशले निजले किनेको बिगो नभई निजले लिएको अवस्थामा सो मालको पर्ने मोलबाट कायम हुने देखिँदा कायमी बिगो रू. २१,४६०।- नै निजको हकमा पनि लागू हुने देखिँदा निजलाई बिगोबमोजिम रू. २१,४६०।- जरिवाना हुने देखीन्छ।

३८. **पाँचौ प्रश्नतर्फ विचार गर्दा,** बरामद भई दशीको रूपमा पेस हुन् आएको ३ सुते ३७ थान रड सनराइज इङ्लिस स्कुलको रहे भएको देखिँदा अभियोग मागबमोजिम मुलुकी ऐन, चोरीको महलको १० र २१ नं.बमोजिम उक्त विद्यालयले फिर्ता पाउने देखीन्छ।

## निष्कर्ष

माथि उल्लिखित आधार कारण र लगाउको मुद्दामा फैसला गर्दा गरिएका विवेचनाहरूबाट प्रतिवादीहरू विक्रम भन्ने पुषलाल चौधरी, सुमन चौधरी, मालदिप चौधरी, अर्जुन चौधरी, मिलन चौधरी, रवि चौधरी, खेमराज खड्काले मुलुकी ऐन, चोरीको महलको १ नं. को कसुर दोस्रो पटक र प्रतिवादी लिलानाथ बन्जाराले मुलुकी ऐन, चोरीको महलको २४ नं. को कसुर गरेको देखिँदा निजहरूमध्ये

प्रतिवादीहरू विक्रम भन्ने पुषलाल चौधरी, सुमन चौधरी, अर्जुन चौधरी, खेमराज खड्कालाई मुलुकी ऐन, चोरीको महलको १२ नं.बमोजिम जनही ३ महिना कैद र रू.२१,४६०।- जरिवाना हुने, प्रतिवादीहरू मालदिप चौधरी र मिलन चौधरीलाई मुलुकी ऐन, चोरीको महलको १२ नं. र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा ३बमोजिम $१^{१।२}$ महिना कैद र रू.१०,७३०।- जरिवाना हुने, प्रतिवादी रवि चौधरीलाई मुलुकी ऐन, चोरीको महलको १२ नं. र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा २बमोजिम ६ दिन कैद हुने, प्रतिवादी लिलानाथ बन्जरालाई मुलुकी ऐन, चोरीको महलको २४ नं.बमोजिम रू.२१,४६०।- जरिवाना हुने र सनराइज इङ्लिस स्कुलले दशीको रूपमा पेस हुन् आएको ३ सुते ४० फिटको ३७ थान फलामको रड फिर्ता पाउने, साथै धरौटीमा छुटेका प्रतिवादीहरू विक्रम भन्ने पुषलाल चौधरी र सुमन चौधरीले तोकेको तारेख गुजारेकाले मुलुकी ऐन, अदालती बन्दोबस्तको १२४ नं.बमोजिम निजहरूले राखेको धरौटी रकम जफत हुने ठहर्छ। सो ठहरेकाले अन्य कुरामा तपसिलबमोजिम गर्ने गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको १८६ नं.बमोजिम फैसला गरिदिएको छ।

## तपसिल

### कैदको हकमा

माथि ठहर-इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरूलाई लागेको कैदको सम्बन्धमा देहायबमोजिम गर्नु........................................................................................................१

| सि.नं. | प्रतिवादीको नाम | कैद | कैफियत |
|---|---|---|---|
| १ | विक्रम भन्ने पुषलाल चौधरी | ३ महिना | मिति २०७१।०५।०७ देखी २०७१।०६।०६सम्म १ महिना हिरासतमा बसेको हुँदा बाँकी जनही २ महिना कैदको लगत कसी असुल गर्नू। |
| २ | सुमन चौधरी | ३ महिना | |
| ३ | अर्जुन चौधरी | ३ महिना | |
| ४ | खेमराज खड्का | ३ महिना | |
| ५ | मालदिप चौधरी | $१^{१।२}$ महिना | मिति २०७१।०५।०७ देखी २०७१।०६।०६सम्म १ महिना हिरासतमा बसेको देखिँदा जनही १५ दिन कैदको लगत कसी असुल गर्नू। |
| ६ | मिलन चौधरी | $१^{१।२}$ महिना | |
| ७ | रवि चौधरी | ६ दिन | मिति २०७१।०५।०७ देखी २०७१।०६।०६सम्म ३० दिन अर्थात् १ महिना हिरासतमा बसेको देखिँदा कैदको हकमा केही गरी रहनु परेन। |

### जरिवानाको हकमा

माथि ठहर-इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरूलाई लागेको जरिवानाको सम्बन्धमा देहायबमोजिम गर्नू.............................................................................................२

| सि.नं. | प्रतिवादीको नाम | कैद | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | पुषलाल चौधरी | रू.२१,४६०।- | फैसला हुँदा अनुपस्थित रहेकोले लगत कसी असुल गर्नू। |
| २ | सुमन चौधरी | रू.२१,४६०।- | फैसला हुँदा अनुपस्थित रहेकोले लगत कसी असुल गर्नू। |
| ३ | अर्जुन चौधरी | रू.२१,४६।- | मिति २०७१।०६।०६ मा र.नं.५३६बाट राखेको धरौटी रू.१०,०००।- जरिवानाबापत सञ्चितकोषमा दाखिला गर्नु र बाँकी रू.११,४६०।- लगत कसी असुल गर्नू। |
| ४ | खेमराज खड्का | रू.२१,४६।- | मिति २०७१।०६।०६ मा र. नं. ५३४बाट राखेको धरौटी रू.१०,०००।- जरिवानाबापत सञ्चितकोषमा दाखिला गर्नु र बाँकी रू.११,४६०।- लगत कसी असुल गर्नू। |
| ५ | मालदिप चौधरी | रू.१०,७३०।- | मिति २०७१।०६।०६ मा र. नं. ५३३बाट राखेको धरौटी रू.५,०००।- जरिवानाबापत सञ्चितकोषमा दाखिला गर्नु र बाँकी रू.५,७३०।- लगत कसी असुल गर्नू। |
| ६ | मिलन चौधरी | रू.१०,७३०।- | मिति २०७१।०६।०६ मा र.नं.५३५बाट राखेको धरौटी रू.१०,०००।- जरिवानाबापत सञ्चितकोषमा दाखिला गर्नु र बाँकी रू.७३०।- लगाउको मुद्दा नं. : 071-CR-0072 को फैसलाबाट फिर्ता पाउने धरौटीबाट कट्टा गरी सञ्चितकोषमा दाखिला गर्नू। |
| ७ | लिलानाथ बन्जरा | रू.२१,४६०।- | अनुसन्धानको क्रममा ३० दिन थुनामा बसेकोले सोबापतको रू.७५०।- कट्टा गरी बाँकी रू.२०,७१०।- मिति २०७१।०६।०६ मा र. नं. ५२५बाट राखेको धरौटी रू.२२,०००।-बाट जरिवानाबापत सञ्चितकोषमा दाखिला गर्नू। |

**<u>धरौटी रकमको हकमा</u>**

मुद्दाको पुर्पक्षको क्रममा निम्न प्रतिवादीहरूले राखेको धरौटी रकम देहायबमोजिम गर्नू.................३

| सि.नं. | प्रतिवादीको नाम | धरौटी रकम | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | पुषलाल चौधरी | रू.१०,०००।- | तोकेको तारेख गुजारी बसेकोले जफत हुने हुँदा सञ्चित कोषमा दाखेला गर्नू। |
| २ | सुमन चौधरी | रू.१०,०००।- | |
| ३ | अर्जुन चौधरी | रू.१०,०००।- | जरिवानाबापत सञ्चितकोषमा दाखिला गर्नू। |
| ४ | खेमराज खड्का | रू.१०,०००।- | जरिवानाबापत सञ्चितकोषमा दाखिला गर्नू। |
| ५ | मिलन चौधरी | रू.१०,०००।- | जरिवानाबापत सञ्चितकोषमा दाखिला गर्नू। |
| ६ | मालदिप चौधरी | रू.५,०००।- | जरिवानाबापत सञ्चितकोषमा दाखिला गर्नू। |
| ७ | लिलानाथ बन्जरा | रू.२२,०००।- | जरिवानाबापतको रकम सञ्चितकोषमा दाखिला गरी बाँकी रू.१,४७६।- कानूनबमोजिम गरी फिर्ता दिनु। |

**दशीको समान**

अभियोगपत्र साथ पेस हुन् आएको ४० फिट लम्बाइ भएको ३ सुते ३७ थान रड सनराइज इङ्लिस स्कुलको देखिँदा प्रस्तुत मुद्दा अन्तिम भएपछि विद्यालयको प्रतिनिधिलाई झिकाई बूझाई दिनु..........४

**पुनरावेदनको म्याद**

यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, बिराटनगरमा पुनरावेदन गर्न जानु भनी वादी जिल्ला सरकारी वकिल कार्यालय, इनरुवा-सुनसरीलाई फैसलाको प्रतिलिपिसहित र प्रतिवादीहरूलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१)बमोजिम पुनरावेदनको म्याद दिनु..........................................................................................................५

सरोकारवालाले फैसलासहितको नक्कल मागे नियमानुसार सारी वा सराइदिनु..............................६

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र फैसला अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु..............................................................................................................७

**जिल्ला न्यायाधीश**

माननीय न्यायाधीशज्यूले बोलेर टिपाएबमोजिम टिपी कम्प्युटर टाईप गरी फैसला तयार गर्ने इजलास सहायक। फाँटवालाः

ना.सु. डम्बरप्रसाद घिमिरे

**इति संवत् २०७३ साल असार ७ गते रोज ३ शुभम्...........................................**

**श्री सुनसरी जिल्ला अदालत**

**इजलास**

**माननीय अतिरिक्त जिल्ला न्यायाधीश श्री चित्रबहादुर गुरुङ्ग**

**फैसला**

**मुद्दा नं. - 069-CP-1088**

**दर्ता मितिः २०७०।०२।१२**

**निर्णय नं. : १४४**

**मुद्दाः- बकसपत्र लिखत बदर, दर्ता बदर, दर्ता कायम।**

**वादी**

सुनसरी जिल्ला, धरान उप-महानगरपालिका, वार्ड नं. ६ घर भई हाल मोरंग जिल्ला, कसेनी गा.वि.स., वार्ड नं. ६ बस्ने ठोकविर भन्ने ठगवीर राईको छोरी टिकादेवी राई.........................................१

**प्रतिवादी**

सुनसरी जिल्ला, धरान उप-महानगरपालिका, वार्ड नं. ६ बस्ने जितमान राईको छोरा नगेन्द्र राई....................................१

मोरंग जिल्ला, सुन्दरपुर गा.वि.स., वार्ड नं. ५ बस्ने लेखनाथ कमल राईको छोरा महेश राई ...............................................२

**कानून व्यवसायी**

वादीतर्फबाट

अधिवक्ता श्री मुक्तिनाथ सुबेदी

प्रतिवादीतर्फबाट

अधिवक्ता श्री लक्ष्मण शर्मा न्यौपाने

अधिवक्ता श्री रुद्र न्यौपाने

**लगाउका मुद्दाहरू**

मुद्दा नं.- 069-CP-1088 (बकसपत्र लिखत बदर, दर्ता बदर, दर्ता कायम)

मुद्दा नं.- 069-CG-0715 (जालसाज)

मुद्दा नं.- 070-CG-0118 (जालसाज)

मुद्दा नं.- 071-CG-1021 (जालसाज)

जिल्ला अदालत नियमावली, २०५२ को नियम ३० र ३१बमोजिम साप्ताहिक र दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन् आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य, कानून व्यवसायीको बहस, इजलासको ठहर-इन्साफ र तपसिल यसप्रकार छः-

## मुद्दाको संक्षिप्त तथ्य

**१. फिरादपत्र (मिति २०७०।०२।१२)**

म फिरादी टिकादेवी राईका बाजे देवानसिंह राई हो। देवानसिंह राईको छोरा अर्थात् मेरो बुबा ठोकबीर भन्ने ठगबीर राई हो। बुबा ठोकबीर भन्ने ठगबीर राईको २ श्रीमतीमा जेठी मधुमाया राई र कान्छी देशमाया राई हुनुहुन्थ्यो। कान्छी देशमायातर्फका सन्तानमा १ छोरा जंगबहादुर राई र छोरी म फिरादी टिकादेवी राई हौं। दाजु जंगबहादुर राईको पत्नी अर्थात् मेरो भाउजू लक्ष्मी राई हो। जंगबहादुर राई र लक्ष्मी राईबाट कुनै सन्तान भएको छैन। दाजु जंगबहादुर राईको पहिले नै परलोक भई सकेको छ। भाउजू लक्ष्मी राईको पनि मिति २०६९।०७।२९ मा परलोक भई सकेको छ। म फिरादी टिकादेवी राई हालसम्म अबिबाहित नै छु। बुबा तथा दाजु-भाउजूबाट हालसम्म कुनै अंशबन्डा गरी लिएको छैन। बुबा-आमाहरू तथा दाजु-भाउजूहरूको देहवसानपछि सबैभन्दा नजिकको अंशियार हकदार म फिरादी टिकादेवी राई मात्र छु।

बुबा-आमाहरू तथा दाजुको परलोक भएपश्चात् म फिरादी टिकादेवी राई, भाउजू लक्ष्मी राईसँग सगोलमा बसि आएकी थिएँ। भाउजू लक्ष्मी राईले कुटपिट हेलाहोचो गरी घरबाट निकाला गरेकाले विगत ३ वर्षदेखी मोरंग जिल्ला, कसेनी गा.वि.स., वार्ड नं. ६ स्थित आफन्तको घरमा बसी आएकी छु।

भाउजू लक्ष्मी राईको मिति २०६९।०७।२९ मा परलोक भएपश्चात् मेरो हकको सम्पत्तिहरू के-कहाँ छ भनी खोजतलास गर्ने क्रममा मालपोत कार्यालयमा गै मिति २०७०।०१।१२ मा आवश्यक कागजातको नक्कल सारी हेर्दा दिने लक्ष्मी राई र लिने प्रतिवादीहरू नगेन्द्र राई र महेश राई भई र.नं. ११३८१(क)बाट मिति २०६८।११।३० मा देहायबमोजिमको घर-जग्गा शेषपछिको बकसपत्रको लिखत पारित गरी लिनु दिनु गरेको रहेछ।

| दर्तावाला | जिल्ला | नगरपालिका | वार्ड नं. | कि.नं. | क्षेत्रफल | मूल्याङ्कन (रू.मा) |
|---|---|---|---|---|---|---|
| लक्ष्मी राई | सुनसरी | धरान | ६(छ) | ४५० | ०-०-१४३।४ (पौने पन्ध धुर जग्गा र घरसमेत) | ५०,००,०००।- (पचास लाख) |

भाउजू लक्ष्मी राई शारीरिक रूपमा वृद्ध भएको र निजसँग आपसमा मिलेमतो गरी नगेन्द्र राई र महेश राईले उक्त जग्गा शेषपछिको बकसपत्रबाट लिनु दिनु गरेको रहेछ। उक्त किंनं. ४५० को जग्गामा म फिरादी टिकादेवी राईको समेत आधा हक लाग्ने हो। म टिकादेवी राईलाई थाहा जानकारी नै नदिई, मन्जुरी नलिई, साक्षीसमेत नराखी भाउजू लक्ष्मी राई र प्रतिवादीहरू नगेन्द्र राई र महेश राईले लिनुदिनु गर्दैमा त्यस्तो दूषित व्यवहारले कानूनी हैसियत कायम राख्न सक्तैन।

तसर्थ, मुलुकी ऐन, दानबकसको ५ नं. का आधारमा यो फिराद गरेकी छु। जालसाजतर्फ आजै छुट्टै फिराद गरेकी छु। भाउजू लक्ष्मी राईको एकलौटी हक नभएको उक्त कि.नं. ४५०को जग्गा र सोमा बनेको घरसमेत शेषपछिको बकसपत्र गरी लिए दिएको लिखतमध्ये म फिरादी टिकादेवी राईको आधा हकको घर-जग्गा प्रतिवादीहरू नगेन्द्र राई र महेश राईका नाउँको लिखत र दर्ता २ भागको १ भाग बदर गरी म वादी टिकादेवी राईको नाउँमा दर्ता कायम गरिपाउँ।

२. **प्रतिउत्तरपत्र (मिति-२०७०।०३।३०)**

हाम्रा दाता लक्ष्मी राईको वंशनुगत विवरणमा मूल पुरुष देवानसिं राई हुन्। निज देवानसिं राईको छोरा ठोकवीर राई हो। निज ठोकवीर राईको २ श्रीमतीमा जेठी मधुमाया राई र कान्छी देशमाया राई हो। जेठी मधुमाया राई निसन्तान रहेकी र कान्छी देशमाया राईको १ छोरा ठगवीर राई हो। निज ठगबिर राईको पत्नी लक्ष्मी राई हुन्।

फिरादी टिकादेवी राई र हामीलाई कि.नं. ४५० जग्गा र सोमा बनेको घरसमेत शेषपछिको बकसपत्र गरिदिने दाता लक्ष्मी राईका बीचमा कुनै नाता सम्बन्ध छैन। निजहरू एकासगोलका अंशियारहरू होइनन्। दाता लक्ष्मी राई निसन्तान भएको र हामीले नै वहाँको हेरदेख स्याहार-सुसार, लालन-पालन गरेको हुँदा सो कार्यबाट खुसी भई निजले आफ्नो नाम दर्ताको उल्लिखित घर जग्गा हामीलाई शेषपछिको बकसपत्र गरी दिनुभएको हो। दाता लक्ष्मी राईसमेत परलोक भई सक्नुभएको हुँदा फिरादी टिकादेवी राईलाई हक दाबी गर्ने हकाधिकारसमेत छैन।

यी फिरादी टिकादेवी राई ठगवीर राईकी छोरी हुन्, ठोकवीर राईको छोरी होइन। ठगवीर र ठोकवीर एकै व्यक्ति होइनन्। यी फिरादी टिकादेवी राईले हाम्रा दाता लक्षी राई उपर यसै अदालतमा मुद्दा नं. २६-०६८-०५९०४ को अंश चलन तथा मुद्दा नं. २६-०६८-०६५१९ को जालसाज मुद्दासमेत दायर गरेकामा लक्ष्मी राईले नातामा विवाद देखाई जिकिर लिएकोमा नातामा दाबी साबित गर्न सक्दिन भनी टिकादेवी राईले मिति २०६८।११।२४ मा दुवै मुद्दा फिर्ता लिएको छ। हाम्रो दाता लक्ष्मी राईले गरेको कारोबारमा पुनः प्रस्तुत मुद्दा दायर गर्ने यी वादीलाई हकदैयासमेत छैन। यी फिरादी टिकादेवी राईलाई प्रस्तुत मुद्दा गर्ने हकदैयासमेत नहुँदा खारेज गरी हाम्रो लिखत दर्ता सदर कायम राखिपाउँ।

## कानून व्यवसायीको बहस

३. **वादीतर्फका विद्वान् अधिवक्ता श्री मुक्तिनाथ सुबेदी**

वादी टिकादेवी राईका बाजे देवानसिंह राई, बुबा ठोकबीर भन्ने ठगबीर राई, दाजु जंगबहादुर राई र भाउजू लक्ष्मी राई हो। सो नाता सम्बन्धमा गाउँ विकास समितिको कार्यालय, कसेनीले सरजमिन मुचुल्कासमेतका आधारमा गरीदिएको सिफारिसबाट प्रमाणित भएको छ। बाजे-बजु,

बुबा-आमा, दाजुसमेत सबैको मृत्यु भइसकेको र हकवाला तथा अंसियारहरू लक्ष्मी राई र टिकादेवी राई अर्थात् नन्द-भाउजू मात्र भएको अवस्थामा लक्ष्मी राईको नाममा रहेको पैतृक सम्पत्तिको रूपमा रहेको घर-जग्गा टिकादेवी राईको समेत आधा हक लाग्नेमा मन्जुरी नै नलिई प्रतिवादीहरूलाई बकस गरिदिएकाले वादी दाबीबमोजिम आधा बदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

४. **प्रतिवादीका तर्फका विद्वान् अधिवक्ताहरू द्वय श्री लक्ष्मणशर्मा न्यौपाने र श्री रुद्र न्यौपाने**

वादी टिकादेवी राईका बाजे लोकबिर राई, बुबा ठगबीर राई हो। निजको बाजे देवानसिंह राई र बुबा ठोकबीर राई होइन। ठोकबीर राई र ठगबीर राई एकै व्याक्ति होइन। वादी टिकादेवी राई र प्रतिवादीहरूका दाता लक्ष्मी राई नन्द-भाउजूको नाताभित्रको पर्दैन। प्रतिवादीहरूका दाता लक्ष्मी राईका हकवाला र अंसियार वादी टिकादेवी राई नभएकाले प्रस्तुत फिराद गर्ने हकदैया नै वादीलाई छैन। टिकादेवी राई र लक्ष्मी राईबीच चलेको मुद्दा नं. २६-०६८-०५९०४ को अंश चलन मुद्दासमेत फिर्ता लिई सकेको अवस्थामा सो सन्दर्भबाट समेत प्रस्तुत फिराद खारेज हुनुपर्छ भनी बहस गर्नुभयो।

## इजलासको ठहर-इन्साफ

५. **प्रारम्भिक कुरा अधिकारक्षेत्र, हदम्याद र हकदैया**

यसमा मिसिल संलग्न कागज प्रमाणहरूको अध्ययन, विद्वान् कानून व्यवसायीहरूको बहस, पक्षहरूको भनाइ सुनी सकेपश्चात् सर्बप्रथम मुद्दाको तथ्य र सबुद प्रमाणको विश्लेषण गरी मुद्दाको विषय वस्तुमा प्रवेश गर्नुपूर्व प्रारम्भिक विषयहरू क्षेत्राधिकार, हदम्याद र हकदैयासमेतको प्रारम्भिक कानूनी प्रश्नमा अदालत स्वयम्ले निश्चित गर्नुपर्ने भएकाले त्यसतर्फ न्याय निरूपण गर्नेतर्फ इजलास सुनिश्चित हुनुपर्ने देखीन आएको छ।

यस इजलासलाई प्रस्तुत मुद्दाको सुरु कारबाही र किनारा गर्ने ***अधिकारक्षेत्र*** रहे नरहेकोतर्फ विचार गर्दा, प्रस्तुत मुद्दाको प्रतिवादीहरूको वतन साथै विवादित घर-जग्गा यसै जिल्लाभित्रको रहेकाले मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं. को दफा १ को देहाय १ र २ तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ को उपदफा १बमोजिम यसै अदालतको क्षेत्राधिकार (Jurisdiction) मा नै पर्ने देखीएकोले यस इजलास, प्रस्तुत विवाद निरूपण गर्ने साधिकार प्राधिकार रहेको देखीन्छ।

त्यस्तै, प्रस्तुत मुद्दा ***हदम्यादभित्र*** दायर हुन् आएको छ छैन भन्नेतर्फ विचार गर्दा, मुलुकी ऐन, दान बकसको ५ नं. मा *आफूले दान बकस पाएको कुरामा आफनो हक पुगेको मितिले र दिन नहुने दान बकस दिएकोमा पाउनेको हक पुगी भोग चलन गरेको मितिले दुई वर्षभित्र नालिस नदिएँ लाग्न सक्तैन* भन्ने कानूनी व्यवस्था रहेकोले शेषपछिको बकसपत्र बदर गरिपाउँ भन्ने प्रस्तुत मुद्दा रहेकोले सो विषयमा बकसदाता लक्ष्मी राईको मृत्यु मिति २०६९।०७।२९ मा भएको देखिँदा सो मितिबाट मात्र यी प्रतिवादीहरूको हक पुगेको

देखिँदा सो मितिले दुई वर्षभित्र नै प्रस्तुत फिराद-नालेस दायर हुन् आएकोले कानूनले तोकेको हदम्याद (Limitation) भित्रैको देखीन आयो।

यी वादीलाई प्रस्तुत मुद्दा चलाउने ***हकदैया*** छ छैन भन्नेतर्फ हेर्दा, प्रतिवादीहरूको मुख्य जिकिर यी वादीलाई प्रस्तुत मुद्दा गर्ने हकदैया नै नभएकाले मुलुकी ऐन, अदालती बन्दोबस्तको ८२ नं.बमोजिम हकदैया विहीन फिराद खारेज गरी पाउँ भन्ने रहेकोले हकदैया (Locus Standi) सम्बन्धमा तल अन्य बुँदाहरूमा विस्तृत विवेचना गरिएको छ।

६. **निर्णय गर्नुपर्ने कुराहरू**

अब, न्याय निरूपण गर्दा प्रारम्भिक विचार गर्नुपर्ने कुराहरू क्षेत्राधिकार, हदम्याद र हकदैयाको यकिनपश्चात् विषय वस्तुमा प्रवेश गरी इन्साफतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा देहायबमोजिमको मिसिल प्रमाणमा पेस हुन् आएको देखीन्छ।

- मुद्दा नं. २६-०६८-०५९०४ को वादी टिकादेवी राई र प्रतिवादी लक्ष्मी राई भएको अंश चलन मुद्दाको मिसिल,
- मुद्दा नं. २६-०६८-०६५१९ को वादी टिकादेवी राई र प्रतिवादी लक्ष्मी राई भएको जालसाज मुद्दाको मिसिल,
- मुद्दा नं. ०६९-CP-०९५७ को वादी टिकादेवी राई र प्रतिवादी थामबहादुर राई भएको लिखत बदरसमेतको मुद्दाको मोरङ जिल्ला अदालतको मुल्तबी मिसिल,


उपर्युक्त प्रमाण मिसिलहरू, लगाउका मुद्दाका मिसिलहरू लगायत प्रस्तुत मुद्दाको चालु मिसिल संलग्न कागज प्रमाणहरूको अध्ययन, विद्वान् कानून व्यवसायीहरूको तर्कपूर्ण बहस, पक्षहरूको भनाइ सुनी सके पश्चात् देहायको प्रश्नहरूसँग सम्बद्ध तथ्य, प्रमाण, कानून, न्यायका सिद्धान्त र न्यायिक प्रचलनको विवेचना गरी निष्कर्षमा पुग्नुपर्ने हुन् आएको छ।

क. वादी टिकादेवी राईलाई प्रस्तुत शेषपछिको बकसपत्रको लिखत उपर फिराद-नालेस गर्ने हकदैया (Locus Standi) छ छैन ?

ख. प्रस्तुत फिराद विवन्धनको आधारमा खारेज हुने हो होइन ?

ग. वादी दाबीबमोजिम शेषपछिको बकसपत्रको लिखत आधा बदरसमेत हुने हो होइन ?

७. **प्रथम प्रश्नतर्फ विचार गर्दा,** दिने लक्ष्मी राई र लिने नगेन्द्र राई, महेश राई भई सुनसरी जिल्ला, धरान उप.म.न.पा., वार्ड नं. ६ को कित्ता नं. ४५० को क्षेत्रफल ०-०-१४$^{३।४}$ को घर-जग्गा मालपोत कार्यालय, सुनसरीबाट मिति २०६८।११।३० मा र.नं. ११३८१(क)बाट पारित शेषपछिको बकसपत्रको लिखत बदरमा नालेस गर्ने हकदैया टिकादेवी राईलाई नभएको भन्ने मुख्य प्रतिउत्तर जिकिर रहेकोले प्रथमतः यसै प्रश्नको निरूपण हुनुपर्ने देखीन आएको छ। हकदैया विहीनका आधार, लक्ष्मी राई र टिकादेवी राईबीच कुनै नाता सम्बन्ध नरहेको भन्ने जिकिर रहेको देखीन्छ। वादीले देहायबमोजिमको नाता-पुस्तावली देखाएको छ।




उपर्युक्त नाता-पुस्तावलीबमोजिम देवानसिंह राईको छोरा ठोकबीर भन्ने ठगवीर राई रहेको, निज ठोकबीर भन्ने ठगवीर राईको २ पत्नीमा पहिलो मधुमाया राई र दोस्रो देशमाया राई रहेको, मधुमाया राईबाट कुनै सन्तान नरहेको, देशमाया राईबाट जंगबहादुर राई र टिकादेवी राईको जन्म भएको, जंगबहादुर राईको पत्नी लक्ष्मी राई रहेको, टिकादेवी राई अबिबाहित रहेको, लक्ष्मी राई र टिकादेवी राईबीच भाउजू-नन्दको नाता सम्बन्ध रहेको, हाल सबै देवानसिंह राई, ठोकबिर भन्ने ठगविर राई, मधुमाया राई, देशमाया राई, जंगबहादुर राई र लक्ष्मी राई सबैको परलोक भइसकेकोले सबैको हकदार-हकवाला यी फिरादी टिकादेवी राई मात्र रहेको भन्ने वादीको दाबी रहेको छ।

निज वादीले आफ्नो दाबी पुष्ट्याइँका लागि गाउँ विकास समितिको कार्यालय, कसेनीको नाता प्रमाणित सिफारिस पेस गरेको छ। उक्त नाता प्रमाणित सिफारिस स्थानीय व्यक्तिहरू वर्ष ६८ को कृष्णकुमार राई, वर्ष ६८ को गोपालसिंह राई, वर्ष ८३ को मणिप्रसाद राई, वर्ष ७८ को मनकुमारी राई, वर्ष ४५ को प्रदिपकुमार राई, वर्ष ३७ को हर्कबहादुर राई, वर्ष ३६ को केवल राई, वर्ष ७३ को रामबहादुर राईसमेतले गरिदिएको सरजमिनको आधारमा गरेको देखीन्छ।

यी वादी टिकादेवी राईको नागरिकता प्रमाणपत्रमा बुबाको नाम ठगवीर राई उल्लेख भएको देखीन्छ। निज ठगवीर राई भन्ने ठोकवीर राई एउटै व्यक्ति रहेको भन्ने सरजमिन-सिफारिस रहेको छ। त्यस्तै, निजहरूबीच कुनै अंशबन्डा नभई सगोलमा रहेको र अन्तमा लक्ष्मी राई र टिकादेवी राई मात्र बाँकी रहेको भन्ने देखीन आउछ। नाता यकिनका सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा २३ को उपदफा ४ ले देहायबमोजिमको कानूनी व्यवस्था गरेको देखीन्छ।

२३. व्यक्तिगत रायः

**(४) अदालतले कुनै व्यक्तिको अर्को कुनै व्यक्तिसँग कुनै नाता सम्बन्ध छ वा छैन भन्ने कुरा यकीन गर्न परेमा त्यस्तो नाता वा सम्बन्धको विशेष जानकारी हुन् सक्ने स्थितिमा भएका व्यक्तिको राय प्रमाणमा लिन हुन्छ।**

उपर्युक्त कानूनी व्यवस्थाले पनि टिकादेवी राईको बुबा, दाजु, भाउजू को को थिएँ भनी ७०-८० वर्षका जेष्ठ नागरिकहरूले गरिदिएका सरजमिन मुचुल्कालाई अन्यथा प्रमाणित नहुन्जेलसम्म प्रमाणमा लिन मिल्ने नै देखीनुका साथै त्यस्तो निजहरूको भनाइलाई त्यतिकै

नजरअन्दाज गर्न औचित्यपूर्ण देखीन आउदैन। कुनै एउटा व्यक्तिको विभिन्न नामहरू हुनु हाम्रो सामाजिक परिवेशमा कुनै नौलो र नयाँ घटना होइन। हाम्रो जस्तो शिक्षित र साक्षरता दर अत्यन्त निम्न स्तरको रहेको परिबेश र यथार्थ धरातललाई न्याय सम्पादनको क्रममा पूर्णतः अनदेखा गर्न विवेक सँगत हुँदैन। यही सामाजिक यथार्थतालाई स्विकार्दै विधायिकाले नेपाल नागरिकता ऐन, २०६३ को दफा १७ मा नाममा भएको सानातिना त्रुटि सच्याउन सक्ने कुरालाई वैधानिकता प्रदान गरेको छ। प्रस्तुत मुद्दामा पनि ठोकवीर र ठगवीर एउटै व्यक्ति होइन भन्ने विवाद देखाएको छ। यी नामहरूमा तात्विक रूपमा भिन्नता नदेखीनुका साथै उच्चारणमा धेरै समानता र मिल्दोजुल्दो रहेको देखीन्छ। विभिन्न जातजातिको भाषागत विविध परिबेशबाट हेर्दा पनि उच्चारणगत फरक हुनु स्वाभाविक देखीन्छ र सोहीबमोजिम लेखिन जानु स्वाभाविक नै मानिनुपर्दछ। लक्ष्मी राईले जग्गाधनी पुर्जा तथा लिखतहरूमा ससूराको नाम ठोकबीर राई लेखाएको र टिकादेवी राईले नागरिकता लिंदा नागरिकताको प्रमाणपत्रमा पिताको नाम ठगवीर राई लेखाएको आधारमा मात्र यी दुईबीच भाउजू र नन्दको नातानै नपर्ने भन्ने मानी पैतृक सम्पत्तिको हकबाटै बन्चित गराउनु अन्यायपूर्ण हुन् जान्छ। नाता सिफारिस जालसाज भनी परेका लगाउका मुद्दा नं.- 071-CG-1021 को जालसाज मुद्दासमेत आज यसै इजलासबाट खारेज भएकोसमेत छ।

यी वादी टिकादेवी राईले लक्ष्मी राई जीबित हुँदाको अवस्थामानै मिति २०६८।५।२७ मा अंश चलन मुद्दा दिई न्याय प्राप्तिका लागि प्रयास गरेको देखीन्छ। निज टिकादेवी राईले सोही समयमा मात्र नागरिकता बनाएको नभई मिति २०४२।०२।०७ मा नै नागरिकता बनाएको देखीन्छ। उक्त नागरिकता प्रमाणपत्रलाई अन्यथा भन्न सकेको अवस्थासमेत छैन।

टिकादेवी राईको नागरिकताको प्रमाणपत्रमा जन्म मिति २०२३।३।१० उल्लेख भएको छ। ससूरा ठोकबीर राईको मृत्यु मिति २०२०। १२।२९ मा भएको भन्ने लक्ष्मी राईले मुद्दा नं. २६-०६८-०५९०४ को वादी टिकादेवी राई र प्रतिवादी लक्ष्मी राई भएको अंश चलन मुद्दा परे पछि सिफारिस बनाएको देखीन्छ भने टिकादेवी राईले मिति २०२३।०९।१६ मा मृत्यु भएको भन्ने सरजमिन मुचुल्का पेस गरेको छ। स्थानीय निकायहरूको फरक फरक सरजमिन-सिफारिस देखीन आएकोले ठोकबीर भन्ने ठगबीर राईको मृत्य मिति यकिन हुन् आएको देखीएन। बि.सं.२०२० सालमा मरि सकेको ठोकबीरबाट बि.सं. २०२३ सालमा जन्म भएको टिकादेवी राई, छोरी हुन् सक्दैन भन्ने जिकिर पनि ग्रहण योग्य देखीन आएन।

इजलासमा स्वयम् उपस्थित भएका यी वादी टिकादेवी राईलाई इजलासबाट सोधपुछ हुँदासमेत निज सामान्य समझ र मनस्थितिको रहेको देखीन आएको छ। निज अविवाहित महिला रहेको, बुबा-आमा-दाजुको मृत्युपछि पैतृक सम्पत्ति भाउजू लक्ष्मी राईले मात्र एकलौटी

आफ्नो नाममा पारेको अवस्थामा निज भाउजूसँग आफ्नो साम्पतिक अधिकारको खोजी गरेको विद्यमान स्थिति देखीन्छ। असहाय व्यक्तिहरू र महिलाको हक अधिकारको संरक्षण गर्ने दायित्व राज्यको पनि रहेको छ। कुनै पनि कानूनी प्रक्रियाको छिद्रहरू तथा समाजका टाठाबाठाहरूको जाल परिपन्चबाट निर्दोष निमुखा सामान्य जनताले न्याय नपाउने हो भने न्याय मर्दछ र कानून कोरा अक्षरमात्र हुन् पुग्दछ। कानून सदैब न्याय प्राप्तिका साधनको रूपमा प्रयोग हुनुपर्ने नै विधिशास्त्रीय मान्यता रहदै आएको छ।

यी वादी टिकादेवी राई लोकवीर राईको नाति, ठगवीर राईको छोरी भन्ने प्रतिवादीको जिकिर रहेकोले त्यसको प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २८ र ३१बमोजिम निजहरूको नै रहन्छ। निजहरूले केवल जिकिर लिनु मात्र प्रयाप्त हुँदैन, सबुदले प्रमाणित गर्नुपर्दछ। लोकवीर राई र ठगवीर राईको नाता-पुस्तावलीहरू को को हुन् र यी वादी टिकादेवी राईको अन्य नाताको व्यक्तिहरू को को हुन् भनी प्रतिवादीहरूले देखाउन सकेको छैन। प्रतिवादीहरूको जाल-परिपन्चबाट कहीँ कतैबाट नदेखीएका लोकवीर राईलाई यी वादी टिकादेवी राईको बाजे भनी लेखाई साक्षी बसी पारित गरिदिएको लिखतको आधारमा मात्र निजको बाजे देवानसिंह राई नभई लोकवीर राई हो भन्ने विश्वासनीय आधार देखीन आएन।

अतः लगाउका नातासम्बन्धी सिफारिस जालसाज रहेको भन्ने मुद्दा नं.- 071-CG-1021 को जालसाज मुद्दा खारेज भएको साथै माथि उल्लिखित आधार कारणबाट समेत यी प्रतिवादीहरूका दाता लक्ष्मी राई, यी फिरादी टिकादेवी राईको भाउजू नाताकै देखीन आयो। सो देखीएकाले निज टिकादेवी राईलाई भाउजू लक्ष्मी राईले गरिदिएको शेषपछिको बकसपत्रको लिखत उपर फिराद-नालेस गर्ने हकदैया (Locus Standi) रहे भएकै देखीन आयो। हकदैया विहीन फिराद खारेज हुनुपर्ने भन्ने जिकिरसँग यस इजलास सहमत हुन् सकिएन।

८. **दोस्रो प्रश्नतर्फ विचार गर्दा,** मुद्दा नं. २६-०६८-०५९०४ को वादी टिकादेवी राई र प्रतिवादी लक्ष्मी राई भएको अंशचलन मुद्दा चलि, वादी टिकादेवी राईले मिति २०६८।११।२४ मा मुलुकी ऐन, अदालती बन्दोबस्तको ९२ नं.बमोजिम उक्त मुद्दा वादी दाबी साबित गर्न सक्तिन भनी फिर्ता लिएको देखीन्छ। सो मुद्दामा वादी दाबी साबित गर्न सक्तिन भनी फिर्ता लिएकोले लक्ष्मी राईले गरिदिएको शेषपछिको बकसपत्रको लिखत बदरमा टिकादेवी राईलाई प्रमाण ऐन, २०३१ को दफा ३४ ले कायम रहन नसक्ने हुँदा खारेज गरिपाउँ भन्ने प्रतिउत्तर जिकिर रहेको देखीन्छ। प्रमाण ऐन, २०३१ को दफा ३४ ले व्यवस्था गरेको बचनबद्धताको विवन्धनको सिद्धान्त (The doctrine of *Promissory Estoppel)* को व्यवस्था तथ्यमा लागू हुने हो, कानूनी प्रश्नमा लागू हुने होइन। कुनै पनि व्यक्तिको अंश पाउने हक नैसर्गिक कानूनी हक हो। मुलुकी ऐन, अदालती बन्दोबस्तको ९२ नं.बमोजिम अंश चलन मुद्दा फिर्ता लिँदैमा वा तारेख गुजारी बस्दैमा निजको अंश हक समाप्ति हुँदैन। अंश हक, साम्पतिक अधिकारसँग सम्बन्धित हक हो। यो हकको समाप्ति कानूनबमोजिम मात्र हुने हो। मुलुकी ऐन, अदालती बन्दोबस्तको ९२ नं.बमोजिम अंश मुद्दा फिर्ता लिएको अवस्थामा अंश लिएको मान्न मिल्ने

देखिँदैन। अंश नलिएको अवस्थामा अंशियारहरू एकासगोलमा नै रहेको मान्नु पर्ने देखीन्छ। अंशबन्डा नभई एकासगोलमा रहेको लक्ष्मी राई र टिकादेवी राई देखीन आएको अवस्थामा एउटा अंशियार लक्ष्मी राईले सगोलको सम्पत्ति प्रस्तुत मुद्दाका प्रतिवादीहरू नगेन्द्र राई र महेश राईलाई निज टिकादेवी राईको लिखित सहमति बेगर गरिदिएको शेषपछिको बकसपत्रको पारित लिखतलाई बदर गर्न दिएको प्रस्तुत मुद्दा विवन्धनको आधारमा खारेज हुनुपर्छ भन्ने जिकिर ग्रहण योग्य मान्न सकिएन।

९. **तेस्रो प्रश्नतर्फ विचार गर्दा,** यी मुद्दाका वादी टिकादेवी राई र प्रतिवादीहरू नगेन्द्र राई र महेश राईलाई शेषपछिको बकसपत्र गरिदिने दाता लक्ष्मी राई एकासगोलका अंशबन्डा नभएका भाउजू र नन्द नाताका व्यक्तिहरू रहेको माथि नै विवेचना गरिसकेको छ। निज २ जनामात्र अंशियार बाँकी रहेको अवस्थामा निजहरूको पैतृक सम्पत्ति लक्ष्मी राईको नाममा मात्र रहेको देखीन्छ। लक्ष्मी राईको नाममा रहेको कुनै पनि सम्पत्ति निजको निजी आर्जनको भन्ने कहीं कतैबाट देखीन आउँदैन। सो पैतृक सम्पत्ति लक्ष्मी राईको नामबाट देहायबमोजिम हक हस्तान्तरण हुँदै गएको देखीन्छ।

<table>
<tr><td colspan="3">लक्ष्मी राई<br>(कित्ता नं.- १४९ र १२५)</td></tr>
<tr><td>कित्ता नं.- १४९<br>क्षेत्रफल ०-१०-१४<br>मोरङ जिल्ला, दुलारी - १</td><td colspan="2">कित्ता नं.- १२५<br>क्षेत्रफल ०-१-२<br>सुनसरी जिल्ला, धरान उ.म.न.पा., वार्ड नं. ६</td></tr>
<tr><td rowspan="2">कित्ता नं.- १४९<br>क्षेत्रफलः ०-१०-१४<br>दिनेः लक्ष्मी राई<br>लिनेः थामबहादुर राई<br>किसिमः राजीनामा<br>पारित मितिः<br>२०६९।०४।२८<br>रकमः रू.२,१४,०००।-</td><td rowspan="2">कित्ता नं.- ४५०<br>क्षेत्रफलः ०-०-१४ ३।४<br>दिनेः लक्ष्मी राई<br>लिनेः नगेन्द्र राई र महेश राई<br>किसिमः शेषपछिको बकसपत्र<br>पारित मितिः<br>२०६८।११।३०<br>रकमः रू.५०,००,०००।-</td><td>कित्ता नं.- ४४९<br>क्षेत्रफलः ०-०-७ १।४<br>दिनेः लक्ष्मी राई<br>लिनेः टिकादेवी राई<br>किसिमः राजीनामा<br>पारित मितिः २०६८।११।२४<br>रकमः रू.२९,४४,५००।-</td></tr>
<tr><td>कित्ता नं.- ४४९<br>क्षेत्रफलः ०-०-७ १।४<br>दिनेः टिकादेवी राई<br>लिनेः कुमारी राई<br>किसिमः राजीनामा<br>पारित मितिः २०६८।११।२६</td></tr>
</table>

| | | |
|---|---|---|
| | | रकमः **रू.२९,४४,५००।-** |
| | | कित्ता नं.- ४४९<br>क्षेत्रफलः ०-०-७¹¹/४<br>दिनेः **कुमारी राई**<br>लिनेः **लुज राई**<br>किसिमः **राजीनामा**<br>पारित मितिः २०६९।०६।०४<br>रकमः **रू.३२,८७,५५०।-** |

उपर्युक्त विबरणबाट लक्ष्मी राईसँग कित्ता नं. १४९ को क्षेत्रफल ०-१०-१४ र कित्ता नं. १२५ को क्षेत्रफल ०-१-२ को दुई कित्ता जग्गाहरू रहेको देखीन्छ। मुद्दा नं. २६-०६८-०५९०४ को वादी टिकादेवी राई र प्रतिवादी लक्ष्मी राई भएको अंश चलन मुद्दामा मिति २०६८।०५।२७ मा यसै अदालतबाट भएको रोक्का आदेशबमोजिम उक्त दुवै कित्ता जग्गाहरूको आधा भाग रोक्का रहेकोमा उक्त अंश चलन मुद्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको ९२ नं.बमोजिम मिति २०६८।११।२४ मा वादी टिकादेवी राईले फिर्ता भई सोही मितिमा रोक्कासमेत फुकुवा भएको देखीन्छ।

सोपश्चात्, मोरङ जिल्ला, दुलारी -१ को कित्ता नं.- १४९ को क्षेत्रफल ०-१०-१४ जग्गा लक्ष्मी राई (श्यामलाल राईको छोरी) ले थामबहादुर राई (श्यामलाल राईको नाति) लाई मिति २०६९।०४।२८ मा राजीनामा गरिदिएको देखीन्छ। सो राजीनामाको लिखतउपर आफ्नो आधा भागको जग्गाको बदर माग गरी मोरङ जिल्ला अदालतमा मुद्दा नं. ०६९-CP-०९५७ को लिखत बदरसमेतको मुद्दा दयर गरेकामा प्रस्तुत मुद्दाको फैसलापश्चात् जगाउने गरी मोरङ जिल्ला अदालतको मिति २०७०।११।२० को मुल्तबी आदेश भई मिसिल प्रमाणको रूपमा पेस हुन् आएको छ।

सुनसरी जिल्ला, धरान उ.न.पा., वार्ड नं. ६ को कित्ता नं.- १२५ क्षेत्रफल ०-१-२ को घर-जग्गामध्ये मुद्दा नं. २६-०६८-०५९०४ को वादी टिकादेवी राई र प्रतिवादी लक्ष्मी राई भएको अंश चलन मुद्दामा मिति २०६८।०५।२७ मा यसै अदालतबाट भएको रोक्का आदेशबमोजिम रोक्का रहेकोमा उक्त अंश चलन मुद्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको ९२ नं.बमोजिम मिति २०६८।११।२४ मा फिर्ता भई रोक्कासमेत फुकुवा आदेश भएको दिन नै फुकुवा गरी सोही मिति २०६८।११।२४ मा नै उक्त र प्रस्तुत मुद्दाका वादी टिकादेवी राईलाई रू.२९,४४,५००।- रकम लिएको देखाई कित्ता काट गरी कित्ता नं. ४४९ को क्षेत्रफल ०-०-७¹¹/४ को जग्गा यी मुद्दाका प्रतिवादीहरू नगेन्द्र राई र महेश राईलाई समेत साक्षी राखी लक्ष्मी राईले राजीनामा पारित गरिदिएको देखीन्छ यी वादी टिकदेवी राईले खरिद गरिएका भनिएका उक्त कित्ता नं. ४४९ को जग्गा दुई दिन पछि अर्थात् मिति २०६८।११।२६ मा कुमारी राईलाई उति नै मूल्य रू.२९,४४,५००।- मा राजीनामा गरी बिक्री गरेको देखीन्छ कुमारी राईबाट उक्त कित्ता नं. ४४९ को जग्गा राजीनामा

गराई अन्ततः यी मुद्दाका प्रतिवादी नगेन्द्र राईको श्रीमती लुज राईको नाममा राजीनामाको लिखत पारित गरी आएको देखीन्छ।

सुनसरी जिल्ला, धरान उप.म.न.पा., वार्ड नं. ६ को कित्ता नं. १२५को क्षेत्रफल ०-१-२ को घर-जग्गामध्ये कित्ता नं. ४४९ कित्ताकाट गरी बाँकी रहेको कित्ता नं. ४५० को क्षेत्रफल ०-०-१४$^{३।४}$ को रू.५०,००,०००।- मोलिने घर-जग्गा लक्ष्मी राईले प्रतिवादीहरू नगेन्द्र राई र महेश राईलाई मुद्दा नं. २६-०६८-०५९०४ फिर्ता लिएको केही दिन पछि नै मिति २०६८।११।३० शेषपछिको बकसपत्र गरिदिएको र निज दाता लक्ष्मी राईको मिति २०६९।०७।२९ मा परलोक भई सके पछि आफ्नो हक जतिको लिखत बदरसमेतका लागि प्रस्तुत मुद्दा पर्न आएको देखीन्छ।

लक्ष्मी राईले यी प्रतिवादीहरू नगेन्द्र राई र महेश राईलाई शेषपछिको बकसपत्र गरिदिएको उक्त लिखत मुलुकी ऐन, दान बकसको १ नं. को विपरीत रहेको भन्ने वादी दाबी रहेको छ। उक्त दाबीको दान बकसको १ नं. को कानूनी व्यवस्थाको प्रस्तुत मुद्दामा सिंहावलोकन हुनु सान्दर्भिक नै देखीन आएको छ, जुन यसप्रकार छ।

> **१ नं.। । । । आफनो हक पुग्ने सम्पत्ति दान वा बकस गरी दिन हुन्छ। सोबमोजिम दान नवा बकस गरिदिदा हकवालालाई बकस भनी र अरूलाई दान वा बकस जुन बेहोराले दिएँ पनि हुन्छ। आफ्नो खुस गर्न पाउने बाहेक अरूमा अंशियार र हक पुग्नेहरूको मन्जुरीको लिखत नलिई वा साक्षी नराखी दान बकस गरिदिन हुँदैन।**

उक्त कानूनी व्यवस्थाले लक्ष्मी राईलाई आफ्नो हक पुग्ने र खुस गर्न पाउने सम्पत्ति मात्र बकस गरी दिन पाउने अधिकार रहेको देखीन्छ। वादी दाबीको कित्ता नं. ४५० को जग्गा पूरैमा लक्ष्मी राईको आफ्नो खुस गर्न पाउने भन्ने प्रमाणमा आएका मुद्दा तथा प्रस्तुत मुद्दाको मिसिलबाट कुनै सबुद देखीन आउँदैन। उक्त जग्गा निजको दाइजो, पेवा, निजी आर्जनको भन्ने पनि रहेको छैन। सगोलका सम्पत्ति कुनै अंशियारको नाममा रहेकै कारणले मात्र उसको एकलौटी हक लाग्ने भन्ने हुँदैन। लक्ष्मी राई र टिकादेवी राई २ अंशियार मात्र रहेको अवस्थामा निजहरूको आधा-आधा हक हिस्सा लाग्ने देखीन आएको छ। टिकादेवी राईको समेत आधा हक हिस्सा लाग्ने कित्ता नं. ४५० को घर-जग्गा लक्ष्मी राईले बकस गरी दिदा टिकादेवी राईलाई साक्षी राखेको नदेखीनुका साथै लिखित मन्जुरी लिएको मिसिल संलग्न प्रमाणबाट देखिँदैन। आफ्नो आधामा मात्र हक भएको उक्त घर-जग्गा लक्ष्मी राईले पूरै यी प्रतिवादीहरू नगेन्द्र राई र महेश राईलाई शेषपछिको बकसपत्र गरिदिएको कार्य उक्त मुलुकी ऐन, दान बकसको १ नं. को कानूनविपरीतको कार्य देखीन आयो। कानूनविपरीतका त्यस्ता कार्यले बैधता पाउन सक्तैन।

**तसर्थ,** माथि उल्लिखित आधार कारण तथा प्रस्तुत मुद्दासँग अन्तरप्रभावी लगाउका मुद्दाहरूमा फैसला गर्दा लिएका निर्णयाधारहरूसमेतका आधार कारणबाट दिने लक्ष्मी राई र लिने नगेन्द्र राई, महेश राई भई सुनसरी जिल्ला, धरान उप.म.न.पा., वार्ड नं. ६ को कित्ता नं. ४५० को क्षेत्रफलः ०-०-१४$^{३।४}$ को घर-जग्गा मालपोत कार्यालय, सुनसरीबाट मिति २०६८।११।३० मा र.नं. ११३८१(क)बाट

पारित शेषपछिको बकसपत्रको लिखत यी वादी टिकादेवी राईको हकको आधासम्म वादी दाबीबमोजिम बदर गरी निज वादी टिकादेवी राईको नाममा दर्ता कायम हुने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्ने गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको १८६ नं.बमोजिम यो फैसला गरिदिएको छ।

**तपसिल**

ठहर-इन्साफ खण्डमा- दिने लक्ष्मी राई र लिने नगेन्द्र राई, महेश राई भई सुनसरी जिल्ला, धरान उप.म.न.पा., वार्ड नं. ६ को कित्ता नं. ४५० को क्षेत्रफलः ०-०-१४$^{३।४}$ को घर-जग्गा मालपोत कार्यालय, सुनसरीबाट मिति २०६८।११।३० मा र.नं. ११३८१(क)बाट पारित शेषपछिको बकसपत्रको लिखत वादी टिकादेवी राईको हकको आधासम्म बदर भई निज वादी टिकादेवी राईको नाममा दर्ता कायम हुने ठहरेकाले प्रस्तुत मुद्दा अन्तिम भएपछि फैसलाबमोजिम दा.खा. दर्तागर्ने पुर्जी गरिपाउँ भनी दण्ड सजायका ४४ नं. का म्यादभित्र वादीले दर्खास्त दिएँ सो घर-जग्गाको नरम करम मिलाई तर्फ यकिन गरी आधा छुट्टाई दिनु र सोबमोजिम टिकादेवी राईको नाममा दर्ता कायम गरी जग्गाधनी प्रमाण पुर्जा दिनु भनी मालपोत कार्यालय, सुनसरीमा लेखी पठाउनू.............................१

फिराद दर्ता हुँदा दाखिल भएको कोर्ट फी रु.३००।- र अन्य दस्तुर रू.२०।- समेत रु.३२०।- वादीले प्रतिवादीहरूबाट भराई लिन पाउने हुँदा नेपाल कोर्ट फी ऐन, २०१७ को दफा १५ को उपदफा ११बमोजिमको म्यादभित्र प्रतिवादीको जेथा देखाई दरखास्त दिएँ दफा १३बमोजिम कुनै दस्तुर नलिई प्रतिवादीबाट भराइदिनु......................................................................२

यो इन्साफमा चित्त नबुझे ३५ (पैंतिस) दिनभित्र पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरूलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको १९३ नं.बमोजिम पुनरावेदनको म्याद दिनु....................................................................................................३

सरोकारवालाले फैसलाको नक्कल मागे नियमानुसार सारी वा सराइदिनु......................................४

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र फैसला अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु....................................................................................................५

**जिल्ला न्यायाधीश**

माननीय न्यायाधीशज्यूले बोलेर टिपाएबमोजिम टिपी कम्प्युटर टाइप गरी फैसला तयार गर्ने
इजलास सहायक। फाँटवाला
ना.सु. डम्बरप्रसाद घिमिरे

**इति संवत् २०७३ साल वैशाख १२ गते रोज १ शुभम्........................................**

श्री रुकुम जिल्ला अदालत

बाल इजलास

माननीय न्यायाधीश श्री डण्डपाणि शर्मा

उपस्थिति

बालमनोवैज्ञानिक श्री धनबिर दाहाल

समाजसेवी डा.श्री नवराज गौतम

फैसला

संवत् २०७२ सालको बालबिज्याइँ।

दर्ता नं.०००३

दर्ता मिति २०७२।५।३

निर्णय नं. ६९

मुद्दा : जबरजस्ती करणीसम्बन्धी बालबिज्याइँ।

| वादीको नाम, थर र वतन | प्रतिवादीको नाम, थर र वतन |
|---|---|
| परिवर्तित ५४ वर्ष २७ की सगरमाथा क को जाहेरीले नेपाल सरकार ......................... १ | परिवर्तित ५४ वर्ष १५ को स्यार्पु ..............१ |
| **निजको प्रमाण** | **निजको प्रमाण** |
| **साक्षीः-** पीडित नाम परिवर्तित ५४ संगिता, कमला बोहरा, परिवर्तित ५४ रिता, | **साक्षीः-** भद्रबहादुर महतरा |
| **प्रमाण कागजः-** | **प्रमाण कागजः-** |

अदालतबाट बुझेका

साक्षीः-

प्रमाण कागजः- परीक्षण प्रतिवेदन।

कानून व्यवसायी

| वादीको तर्फबाट | प्रतिवादीको तर्फबाट |
|---|---|
| सहायक जिल्ला न्यायाधिवक्ता श्री ढकबहादुर रावत | अधिवक्ता श्री यक्कबहादुर पाण्डे। |

अवलम्बित नजिर -

न्याय प्रशासन ऐन, २०४८ को दफा ७, बालबालिकासम्वन्धी ऐन, २०४८ को दफा ५५को उपदफा (३) र (४) मुलुकी ऐन, अ.बं. २९ नं. ले यस अदालतको बाल इजलासको क्षेत्राधिकार अन्तर्गत पेश भई बन्द ईजलाशमा सुनुवाई गरिएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एंव ठहर यसप्रकार रहेको छ।

प्रस्तुत मुद्दामा पीडितको नाम थर, वतन गोप्य राख्ने सम्बन्धमा सर्वोच्च अदालतबाट जारी विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४बमोजिम पीडित, जाहेरवाला र मौकाका कागज गर्ने व्यक्तिको नाम, थर र वतन परिवर्तित नाम कायम गरिएको छ।

**संक्षिप्त तथ्यः**

१. मेरो छोरी परिवर्तित ५४ वर्ष ७ संगिता मिति २०७२।०४।०२ गतेका दिन रुकुम जिल्ला, कोटजहारी गा.वि.स. वडा नं. ९, घर्तिकाँडामा मेरी छोरी बाख्रा चराउन गएको अवस्थामा प्रतिवादी स्यार्पु (परिवर्तित नाम) ले दिनको अन्दाजी १५:०० बजेको समयमा जबरजस्ती करणी गरेको हुँदा निजलाई पक्राउ गरी कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको परिवर्तित ५४ वर्ष २७ की सगरमाथा क ले ईलाका प्रहरी कार्यालय चौरजहारीमा मिति २०७२।०४।०३ मा दिएको निवेदन पत्र।

२. चौरजहारी अस्पताल रुकुमबाट परिवर्तित (५४) वर्ष १५ को स्यार्पुको स्वास्थ्य परीक्षण गर्दा चोटपटक तथा निलडाम नभएको, लिङ्गमा योनि रस नभएको, शरीरमा संघर्षका लक्षण नदेखीएको, लिङ्ग वरिपरि घाउ नभएको र अन्य कुरा खुल्न नआएको भन्ने मिती २०७२।०४।०३ को स्वास्थ्य परीक्षण प्रतिवेदन।

३. परिवर्तित ५४ वर्ष ७ की संगिताको स्वास्थ्य परीक्षण गर्दा बायाँ तिघ्रामा सानो निलडाम भएको, पीडितको योनिको भल्वा सुन्निएको, यौनाङ्गमा वीर्यको मात्रा नदेखीएको, योनिभित्र लिङ्गको पेनिट्रेसन देखिँदैन, निजको योनिभित्र वरिपरि कुनै संघर्षको लक्षण देखिँदैन र कन्याजालि नच्यातिएको भनी चौरजहारी अस्पताल रुकुमको मिती २०७२।४।३ को स्वास्थ्य परीक्षण प्रतिवेदन।

४. जिल्ला रुकुम, कोटजहारी गा.वि.स. वडा नं. ९ स्थित पूर्वमा गाईने रावतको खरकाँन्लो जग्गा, पश्चिममा वाद्रे बोहराको खरकाँन्लो जग्गा, उत्तरमा गाईने बोहराको भिरालो जग्गा र दक्षिणमा बान्द्रे बोहराको उकालो भिरपाखो यति चारकिल्लाभित्र रहेको उत्तर पूर्वतर्फ फर्केको लम्बाइ ५ फिट ९ इन्च, चौडाइ २ फिट ५ इन्च भएको राम्जाटाकुरा खोल्सा, सो खोल्सामा रहेको अंगेरको बुटा, झारपात माडिनुका साथै माटो खोस्रिएको अवस्थामा रहेको भन्ने मिति २०७२।०४।०४ को घटनास्थल मुचुल्का।

५. मिति २०७२।०४।०२ गते प्रतिवादी परिवर्तित ५४ वर्ष १५ को स्यार्पु घरदेखी नजिकै रहेको सालघारी जंगलमा गोरु चराउन गएको र मेरी छोरी ५४ संगिता पनि सोही जंगलमा बाख्रा चराउन गएको अवस्थामा दिउसो अं. १५:०० बजे प्रतिवादीले एक्लै भएको मौका पारी मेरी छोरीलाई ललाई फकाई प्रलोभनमा पारी कम्मरदेखी माथि समाति उचाली राम्जाटाकुरा खोलामा लगी भुईंमा जबरजस्ती सुताई छोरीले लगाएको सुरुवाल घुँडासम्म झारी निजले लगाएको पाइन्टको चेन खोली आफ्नो उत्तेजित लिङ्ग छोरीको योनिमा घुसाएको र छोरी रुन कराउन थालेपछि निजले मुख थुनी जबरजस्ती करणी गरिरहेको अवस्थामा निजले छोरीको मुख पूर्ण

रूपमा बन्द गर्न नसकेको अवस्थामा वेस्सरी चिच्याएपछि सालघारी नजिक रहेको मेरो माइती घरमा रहेकी आमाले किन नातिनी रोइरहेकी छिन्, कतै सर्पले त टोकेन भनी हतार-हतार साना अंगेरको बुटा भएको ठाउँतर्फ जाँदै गर्दा प्रतिवादीले भुइँमा लडेको देखी उठाउँन लागेको हुँ भनी मेरो आमालाई जवाफ दिएको र प्रतिवादीले छोरीलाई जबरजस्ती करणी गरेको कुरा आमाले थाहा पाएपश्चात् फोनबाट सो घटनाको बारेमा मलाई जानकारी दिई तत्काल माइती घरमा आई छोरीसँग उक्त घटनाको बारेमा बुझ्दा जबरजस्ती करणी गरेको भन्ने कुरा खुलाएकीले निजलाई आवश्यक कानूनी कारबाही गरियोस् भन्ने बेहोराको परिवर्तित ५४ वर्ष २७ की सगरमाथा 'क' को जाहेरी दरखास्त।

६. जिल्ला अस्पताल सल्लेबाट परिवर्तित ५४ वर्ष ७ की संगिताको स्वास्थ्य परीक्षण गर्दा शारीरिक अवस्था सामान्य रहेको, शरीरको बाह्य भागमा घाउचोट निलडाम नरहेको, योनिवरिपरि घाउ नदेखीएको, योनिको भित्री भागमा ताजा घाउ रहेको र जाँच गरी हेर्दा रगत आएको, योनिको कन्या झिल्ली च्यातिएको, veginal swab को परीक्षण गर्दा शुक्रकिट नदेखीएको भन्ने मिति २०७२।०४।०६ को स्वास्थ्य परीक्षण प्रतिवेदन।

७. प्रतिवादी स्यार्पुको स्वास्थ्य अवस्था सामान्य रहेको, शरीरको बाह्भागमा घाउ चोटपटक निलडाम नदेखीएको, निजको लिङ्गको तल लगभग १x०.५ सेन्टिमिटरको दुईवटा ताजा घाउ रहेको, शरीरमा संघर्षका अन्य तत्त्वहरू केही नदेखीएको भन्ने जिल्ला स्वास्थ्य कार्यालय रुकुमबाट भएको मिति २०७२।०४।०६ को स्वास्थ्य परीक्षण प्रतिवेदन।

८. आमा, म र बहिनी मामा घरमा नै बस्दछौं। वारदातको दिन कान्छा मामा आफ्नो मावलीमा जानुभएको, आमा घर सल्यान जिल्लामा जानुभएको, माइजू र अन्टी खेतमा धान गोड्न गएको, घरमा हजुरआमा र म मात्र थियौं। दिउँसोतिर हजुरआमाले एकछिन बाख्रा चराउन जाउ भनेपछि मैले हाम्रा चार (४) वटा बाख्रा लिएर नजिक रहेको सालघारी जंगलमा गएको थिएँ। म सो स्थानमा पुग्दा परिवर्तित स्यार्पुले गोरु लिएर पहिले नै गइसकेका थिएँ। जंगलमा म र दाइ मात्र भएको अवस्थामा दाइले मम्मी, अन्टी, मामा, हजुरआमा कसैलाई नभन्नु भनी मेरो काखिमा समाती उचाली नजिकैको खोलामा लिई मलाई सुताएपछि म रोएको थिएँ। पछि दाइले आफूले लगाएको पाइन्टको चेन खोली मैले लगाएको सुरुवाल आधामात्र खोली आफ्नो कडा लिङ्ग मेरो योनिमा छिराएका थिएँ। म रोए कराएपछि दाइले मेरो मुख बुजिदिएको थियो र पनि म कराउन छाडेको थिइन। म कराएको हजुरआमाले सुनी थाहापाई आएपछि मात्र दाइले मलाई छाडिदिएका हुन्। हजुरआमा सो स्थानमा आएपछि नानी भुइँमा लडेकी थिइन् र मैले उठाउँन लागेको भनी झुट्टा बोलेका थिएँ। हजुरआमाले सो समयमा दाइलाई पख के काम गरेको होस्, यो कुरा सबैसँग भन्छु अनि थाहा पाउलास् भनी गाली गर्नुभएको थियो। पछि हजुरआमाले बाख्रा घरमा लिई मेरो ढाड र पेटभरि तेल लगाएर मालिस गरिदिनुभएको थियो भनी जाहेरवालीको

रोहवरमा पीडित परिवर्तित ५४ संगिताले मिति २०७२।०४।०७ गते गरेको घटना विवरण कागज।

९. **परिवर्तित भेरीले निवेदनका** साथमा पेस गरेको परिवर्तित स्यार्पुको जन्मदर्ता प्रमाण पत्रका आधारमा निजको उमेर १५ वर्ष ५ महिना देखीन आएको भन्ने उमेर यकिनसम्बन्धी प्रमाणपत्र।

१०. मिति २०७२।०४।०२ गते घरमा मेरो नातिनी र म मात्र थियौं। जाहेरवाली छोरी आफ्नो घर सल्यानतिर गएकी, छोरी र बुहारी बाँकेज्युलातिर काम गर्न गएकोले घरमा ठुला मान्छे कोही नभएकाले शनिवारको दिन एकछिन बाख्रा चराउन जा त नानी भनी बाख्रालाई घर नजिक रहेको जंगलमा पठाएको हुँ। सो जंगलमा प्रतिवादी परिवर्तित स्यार्पुले पहिले नै गोरु लिएर गइसकेका रहेछन्। प्रतिवादीले जबरजस्ती करणी गर्दा नातिनी रुने कराउने गरेकी रहिछे। रोएको आवाज मैले घरमा सुनेपछि यो किन रुन थाली त भनी हतारमा चप्पलसमेत नलगाई सो स्थानमा पुग्दा नातिनी लामो स्वरले रोइरहेकी थिइन्। निज रोएकै स्थानमा गई हेर्दा जंगलको सानो चिरा खोल्सामा निजले नातिनीलाई जमिनमा ढालेकै अवस्थामा देखेकी हुँ। मलाई देखी निज प्रतिवादी भाग्दा मलाई शंका लागी तैंले के गरिस् हँ म सबैलाई भनिदिन्छु भन्दा मैले केही गरेको हैन। परिवर्तित संगिता लडेकी थिइन् अनि मैलै उठाउँन मात्र लागेको हुँ भनी जवाफ दिएको थियो। नातिनीलाई भुईंमा लडिरहेको बेलामा उठाई निजको पछाडि तथा घाँटीमा लागेको माटो झारिदिई निजले लगाएको सुरुवाल घुँडासम्म खोलिएकोले माथि सारीदिएको थिएँ भनी परिवर्तित ५४ वर्ष ५७ कि रिताले गरेको घटना विवरण कागज।

११. मिति २०७२।०४।०२ गते पीडित परिवर्तित ५४ वर्ष ७ की संगितालाई प्रतिवादी परिवर्तित ५४ वर्ष १५ को स्यार्पुले जंगलमा ग्वाला गएको अवस्थामा जबरजस्ती करणी गरेको भन्ने कुरा गाउँमा महिलाहरूले एक आपसमा कुरा गरेको सुनी थाहा पाएको हुँ। यो सामान्य कुरा हो यसलाई गाउँमा नै मिलाउनुपर्छ भन्ने कुरामा विवाद भएपछि वास्तविक कुरा पीडितको घरमा गएर नै बुझौं भनेको हुँदा निजको मावली घरमा आई परिवर्तित ५४ वर्ष ७ कि संगिताको योनिमा घाउ भएको जस्तो र घटनास्थलमा गई हेर्दा माटो धसिएको, स्याउला, झारपात मडारिएको देखी निज प्रतिवादीले जबरजस्ती करणी गरेको विश्वास लागी मलगायत पीडितकी आमा सहित ईलाका प्रहरी कार्यालय चौरजहारीमा गई यस घटनाको सम्बन्धमा उजुर गरेका हौं। यसरी नाबालिकालाई जबरजस्ती करणी गर्ने व्यक्तिलाई कानूनबमोजिम हदैसम्मको सजाय हुनुपर्छ भनी कमला बोहराले गरेको घटना विवरण कागज।

१२. मिति २०७२।०४।०२ गते सबेरै खाना खाएर म सालघारी जंगलमा गोरु चराउन गएको अवस्थामा परिवर्तित संगिताले ४ वटा बाख्रा लिएर म भएको ठाउँमा आएपछि मैले निजले लगाएको रातो सुरुवाल खोली सोही जंगलमा रहेको खोल्सामा सुताई मेरो उत्तेजित लिङ्ग निजको योनिमा छिराएको थिएँ। निजलाई जमिनमा पल्टाए देखीनै रोएकी थिइन्। मैले करणी गरेपछि झन् रुन थालेपछि मैले छाडेको हुँ। पछि निज रोएको सुनी निजको हजुरआमा परिवर्तित ५४ कि रिताले सुनी सो घटनास्थलमा आइसकेपछि मलाई तैंले नानिलाई के गरिस् भनी गाली

गर्नुभएको थियो। त्यसपछि निजले बाख्रा र संगितालाई घरमा लिएर गएकी हुन् र म पछिसम्म सोही ठाउँमा गोरु चराइरहेको थिएँ भनी अधिकार प्राप्त अधिकारीसमक्ष परिवर्तित ५४ वर्ष १५ को स्यार्पुले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान।

१३. पीडित परिवर्तित ५४ संगिता विगत दुई वर्ष पहिलेदेखी मामाघरमा बसी खोलागाउँ स्थित ब्राइट फ्युचर बोर्डिङ्ग स्कुलमा अध्ययनरत थिइन्। वारदातको दिन दिउँसो म र मेरी भाउजू आफ्नै घरनजिक रहेको खेतमा धान गोड्न गएका थियौं। घरमा आमा, भाइ र परिवर्तित वर्ष ७ की संगिता मात्र थिएँ। परिवर्तित ५४ वर्ष ७ कि संगिताले कोटजहारी गा.वि.स. वडा नं. ९ स्थित राम्जाटाकुरा खोल्सामा बाख्रा चराउन गएको अवस्थामा दिउँसो अन्दाजी १५:०० बजेको समयमा प्रतिवादी परिवर्तित ५४ वर्ष १५ को स्यार्पुले जबरजस्ती करणी गरेको भन्ने आमा र भाइले भनेपछि थाहा पाएको हुँ। सो समयमा प्रतिवादी स्यार्पु भागिसकेको र पीडित संगिता घरमा आई रोइरहेकी थिइन्। यसरी नाबालिकालाई जबरजस्ती करणी गर्ने निज व्यक्तिलाई कानूनबमोजिम हदैसम्मको सजाय गर्नुपर्छ भनी सविना रोकायले गरेको घटना विवरण कागज।

१४. मिति २०७२।०४।०२ गते वारदातको समयमा म घर नजिक रहेको खेतमा धान गोड्न गएको अवस्थामा परिवर्तित ५४ वर्ष ७ कि संगितालाई जिल्ला रुकुम, राम्जाटाकुरा स्थित सानो चिरा खोल्सामा परिवर्तित ५४ वर्ष १५ को स्यार्पुले जबरजस्ती करणी गरेको भनी सविना रोकायसमेतले मलाई भनेपछि थाहा पाएको हुँ। नाबालिकालाई जबरजस्ती करणी गर्ने निज स्यार्पुलाई कानूनबमोजिम कारबाही हुनुपर्छ भनी हरिश के.सी.ले गरिदिएको घटना विवरण कागज।

१५. परिवर्तित वर्ष १५ को स्यार्पुले परिवर्तित वर्ष ७ की संगितालाई जबरजस्ती करणी गरेको सम्बन्धमा सामाजिक अध्ययन प्रतिवेदनमा आर्थिक अवस्था कमजोर, आमा मरेकोले माया नपाएको, बाबु विदेशमा गएको, घरमा सम्झाउने परिवार संरक्षक नभएको, मानसिक अवस्था तनावपूर्ण, शारीरिक स्थिति उमेरअनुसार ठीक, खास विषेशतामा विद्यालय बिदाको दिन गाई गोरु चराउन वनमा ग्वाला जाने, अरू ग्वालासँग बस्ने र कुरा गर्ने रुचि रहेको, खराब साथीको सँगत र प्रभाव रहेको, विद्यालयमा पढिरहेको, राम्रो अंक नल्याएको, समान्य रूपमा पास भएको, संवेगात्मक तथ्यमा वनमा गोरु चराउन गएको अवस्थामा पीडित पनि ग्वाला गएको अवस्थामा घटना घटेको, शारीरिक अवस्थामा भर्खर जवानी चढ्दै गरेको, आर्थिक अवस्था कमजोर, सामाजिक अवस्थामा बालकलाई संरक्षण गर्ने कोही नभएको, एक्लै वनमा गाई चराउनु पीडित पनि वनमा गाई चराउन जानु एकान्त स्थान भएकाले आपराधिक प्रवृत्ति बढेको, बालकलाई बाल सुधार गृहमा पठनपाठन गराई विद्यालयका शिक्षक र घरका अभिभावकले सुधार्नु पर्ने भन्नेसमेत बेहोराको सामाजिक अध्ययन प्रतिवेदन।

१६. प्रतिवादी परिवर्तित ५४ स्यार्पुले पीडित वर्ष ७ की परिवर्तित ५४ संगीतालाई जबरजस्ती करणी गरी मुलुकी ऐन जबरजस्ती करणीको महल १ नं. र ३ (१) नं. विपरीत जबरजस्ती करणीको

कसुर गरेकाले निज प्रतिवादी परिवर्तित ५४ स्यार्पुलाई सोही महलको ३ (१) नं.बमोजिम सजाय गरी ऐ. महलको १० नं.बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउन र वारदात हुँदाका अवस्थामा प्रतिवादी परिवर्तित ५४ स्यार्पूको उमेर १४ वर्षभन्दा बढी १६ वर्षभन्दा कम देखीएकाले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३)बमोजिम सजाय छुट गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग पत्र।

१८. प्रस्तुत मुद्दाको वारदात मिति २०७२।०४। ०२ गते म मेरो घरबाट गोरु बाख्रा लिएर चराउन भनी कान्लामा गएको थिएँ। सोही दिनमा म गइसकेपछि, पछि प्रस्तुत मुद्दाकी पीडित परिवर्तित संगिता पनि बाख्रा चराउन भनी सोही मैले गोरु चराइरहेको कान्लामा आइन्। सोही एउटै कान्लामा मैले आफ्ना गोरु र बाख्रा तथा पीडितले आफ्ना बाख्रा चराइरहेकी थिइन। सोही समयमा पीडितका बाख्रा सो कान्लादेखी अलि तल गएकोले पीडित आफ्ना बाख्रा माथितिर ल्याउन भनी तलतिर गइन्। पीडित तलतिर बाख्रा ल्याउन गएको समयमा पीडित सोही कान्लामा लडिन निज लडेको देखेपछि तत्काल म पीडितलाई उठाउन भनी गई पीडितलाई लडेको ठाउँबाट उठाएको हुँ। सो समयमा पीडित रोइरहेकी थिइन्। पछि मैले पीडितलाई उठाएपछि तत्काल सो ठाउँमा पीडितको मावलकी हजुरआमा आएर मलाई मेरी नातिनीलाई किन जबरजस्ती करणी गरेको भनी गाली गरेकी थिइन्। मैले पनि निज पीडितकी हजुरआमासँग पीडितलाई बलात्कार जबरजस्ती करणी गरेको होइन लडेकीले उठाएको हुँ भनी भनेको हुँ। अनि म गोरु बाख्रा लिएर आफ्नो घरतर्फ गएको हुँ। मैले पीडितलाई जबरजस्ती करणी गरेको होइन भन्नेसमेत बेहोराको प्रतिवादी परिवर्तित ५४ स्यार्पुले यस अदालतमा गरेको बयान।

१९. मिसिल संलग्न पीडितको स्वास्थ परीक्षणसमेतबाट हालै यी प्रतिवादी निर्दोष रहेछन् भन्न मिल्ने नदेखिँदा यी प्रतिवादीको हकमा मुलुकी ऐन, अ.ब. ११८ को देहाय २ आकर्षित भई मुद्दा पुर्पक्षका लागि मूलकी ऐन, अ.ब. ११८ को देहाय २बमोजिम थुनामा राख्नू पर्नेमा यी प्रतिवादी परिवर्तित नाम ५४ स्यार्पु १६ वर्षभन्दा मुनिका नाबालक रहेको र सामाजिक अध्ययन प्रतिवेदनसमेतलाई हेर्दा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०बमोजिम पुर्पक्षका लागि बालसुधार गृह सराङकोट पोखरामा पठाइदिनु भनी जिल्ला प्रहरी कार्यालय रुकुममा लेखी पठाइदिनु। प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भइसकेको र जिल्ला अदालत नियमावली २०५२ को नियम २३ग.बमोजिम प्रस्तुत मुद्दा निरन्तर सुनुवाई हुने प्रकृतिको मुद्दा हुँदा अभियोगपत्रको प्रमाण खण्डमा उल्लिखित जाहेरवालासमेतका वादीका साक्षी र प्रतिवादीका साक्षीसमेतको बकपत्रका लागि मिति २०७२।०५। ०४ गते उपस्थित गराउन लेखी पठाई बकपत्रका लागि पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको आदेश।

२०. प्रस्तुतको मुद्दाको वारदातको मिति २०७२।०४। ०२ गते म बाख्रा लिएर चराउन भनी घरको नजिकै पारिपट्टि गएको थिएँ। सो समयमा यी प्रतिवादी पनि गएका रहेछन्। निज प्रतिवादी मेरो छेउमा आई तिम्रो घरमा को को छन् भनी सोधे अनि मैले मेरी हजुरआमा हुनुहुन्छ भनी भनें अनि निज प्रतिवादीले मलाई तिम्रो आमालाई, हजुरआमालाई, कान्छा मामालाई र माइजूलाई केही पनि नभन्नु भने र एक्कासी मेरो काखीमा समाती मलाई उचाली तल खोल्सामा लिई

पहिले मलाई पछारे अनि मैले लगाएको सुरुवाल खोलिदिए, आफ्नो पाइन्टको सिक्री खोली आफ्नो लिङ्ग निकाली मेरो योनिमा छिराई जबरजस्ती करणी गरे। त्यसपछि म रोएँ कराएँ म रुँदा कराउँदा प्रतिवादीले मेरो मुख तीन पटकसम्म थुनिदिए। पछि मेरी हजुरआमाले म रोएको सुनी म भएको ठाउँमा आएकोले निज प्रतिवादीले मलाई करणी गर्न छोडेका हुन्। यी प्रतिवादी नाम परिवर्तित स्यार्पुले मलाई जबरजस्ती करणी गरेका हुन् भन्नेसमेत बेहोराको पीडित परिवर्तित संगिताले यस अदालतसमक्ष गरेको बकपत्र।

२१. प्रस्तुत मुद्दाको वारदात मिति २०७२।०४। ०२ गते मेरो घरमा म र पीडित मेरी नातिनी मात्र भएकाले मैले पीडित नातिनीलाई तँ बाख्रा लिएर चराउन जा म भैंसीलाई चराउँछु भनी नातिनीलाई घर नजिकैको जंगलमा बाख्रा चराउन भनी पठाएँ। पीडित बाख्रा चराउन गएको केही समयपछि निज नातिनी कराएको जस्तो आवाज सुनें र तत्काल नातिनी गएको ठाउँ कराएको आवाज आएको ठाउँतिर गएँ। खोज्दै र नातिनीलाई बोलाउँदै जाँदा अलि तल खोल्सामा देखें सो समयमा प्रतिवादी परिवर्तित स्यार्पु तत्काल उठी नातिनी परिवर्तित संगिता ढलेको ठाउँमा आफ्नो पाइन्ट माथितिर सार्न थालेको देखें। सो देख्ने बित्तिकै मैले निज पीडितलाई आज प्रतिवादीले करणी गरेछन् भन्ने शंका मानी नातिनी भएको ठाउँमा जाँदा प्रतिवादी तत्काल त्यहाँबाट उठे र नातिनीलाई मैले पल्टाएको अवस्थाबाट उठाए। मैले नातिनी पीडितलाई उठाउँदा पीडित नातिनीले लगाएको सुरुवाल तल सारिएको थियो, पुरै खोलेर फालिएको थिएन। पीडितको योनि रातो निलो भएको थियो। पछि मैले पीडितलाई उठाएर आफ्नो घरमा लिएकी हुँ। प्रतिवादी नाम परिवर्तित स्यार्पुले मेरी नातिनी परिवर्तित संगितलाई जबरजस्ती करणी गरेका हुन् भन्नेसमेत बेहोराको घटना विवरण कागज गर्ने नाम परिवर्तित ५४ रिताले यस अदालतसमक्ष गरेको बकपत्र।

२२. म आफ्नो घरबाट माईती घरमा गई सुरुमा मैले पीडित मेरी छोरीको शरीर हेर्दा मेरी छोरी पीडितको खुट्टामा कोतारिएको थियो। निज पीडितको योनिको बाहिरी भाग रातो थियो, योनिको प्वाल ठुलो भएको थियो, योनिबाट हल्का रगत जस्तो पानी बगेको थियो अनि मैले पीडितलाई तिमीलाई को कसले कसरी करणी गरेको हो भन भनी सोध्दा निज मेरी छोरी पीडितले वारदातको दिनमा मैले बाख्रा चराउन गएको थिएँ। यी प्रतिवादी पनि सोही ठाउँमा गोरु चराउन गएका रहेछन् अनि निज प्रतिवादीले पीडितलाई तिम्रो घरमा को को छन् भनी सोधेछन्। त्यसपछि छोरीले मेरो घरमा हजुरआमा मात्र छिन् अरू कोही छैनन् भनी भनिछिन् अनि प्रतिवादी मेरी छोरी पीडितको पछिपछि लागेका रहेछन् त्यसपछि प्रतिवादीले मेरी छोरी पीडितको काखीमा समाती कसैसँग केही कुरा नगर्नु भनी उचाली अ. ५० मिटर टाढा एकान्त जंगलमा लिई मैले लगाएको सुरुवाल खोलिदिएँ आफ्नो पाइन्टको सिक्रि खोली प्रतिवादीले आफ्नो उत्तेजित लिङ्ग मेरो योनिमा छिराए। सो समयमा म रोएँ कराएँ प्रतिवादीले मेरो मुख थुनिदिएँ अनि मेरी हजुरआमा आएकीले मलाई प्रतिवादीले छोडी कता भागी गएका हुन् भनी भनेकी थिइन्। यी

प्रतिवादी नाम परिवर्तित ५४ स्यार्पुले मेरी छोरी पीडित संगितालाई जबरजस्ती करणी गरेकै हुन् भन्नेसमेत बेहोराको जाहेरवाली नाम परिवर्तित ५४ सगरमाथा (क) ले यस अदालतमा गरेको बकपत्र।

२३. प्रस्तुत मुद्दाको वारदात मिति २०७२।०४। ०२ गते प्रतिवादी नाम परिवर्तित स्यार्पुले पीडित परिवर्तित संगितलाई जबरजस्ती करणी गरेका हुन् सो वारदात भयो भन्ने मैले सुनेकी हुँ सो सुनेपछि म पीडित भएको ठाउँमा गई पीडितको योनि हेर्दा योनिको प्वाल गोलो भएको देखेकी हुँ। पीडितको योनिको भित्री भाग निलो थियो भन्नेसमेत बेहोराको घटना विवरण कागज गर्ने कमला बोहराले यस अदालतमा गरेको बकपत्र।

२४. मैले सुनेंअनुसार प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेका होइनन्। पीडित लडेको अवस्थामा यी प्रतिवादी गई उठाएको भन्ने प्रतिवादीकी आमाबुवाले र अन्य साना केटाकेटीले भनेकोले सोही सुनी थाहा पाएको हुँ। पीडितको शरीरमा घाउ के कसरी लागेको हो सो मलाई थाहा छैन। मैले वारदात हुँदा देखेको होइन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी भद्रबहादुर महतराले यस अदालतमा गरेको बकपत्र।

२५. यसमा बालकले आफैंले जानी जानी बिज्याइँमा संलग्न नभएको र साथीको लहलहैमा लागेको पाइएको छ। आर्थिक अवस्था कमजोर भएको कारण उसको आमाको मृत्यु भएकाले बुवाले कान्छी आमा भित्र्याएको र विदेश गएपछि बालक कान्छी आमासँगै बस्ने गरेको पाइयो। सो समयमा उसको चकचकेपनले र साथीहरूको लहलहैमा विद्यालय उमेर समूहको भएपनि विद्यालय नजाने जहाँ पायो त्यँही जाने पढन मन नगर्ने आदि कारणले बिज्याइँमा संलग्न भएको हो। यसर्थ बालकको उमेरको अवस्थाले गर्दा ऊ सुध्रन सक्ने प्रशस्त सम्भावनाहरू छन्। उमेरले १५ वर्ष पाँच महिनाको भएकाले बालकलाई अभिभावकको निगरानीमा रहने गरी केही समयका लागि सुधार गृहमा राख्न उपयुक्त देखीन्छ भन्नेसमेत बेहोराको बालमनोवैज्ञानिक धनविर दाहालको प्रतिवेदन।

२६. बिज्याइँ गर्ने बालक १५ वर्षको कक्षा ७मा पढने बाबु लद्दाख विदेश गएका आफनी आमाको मृत्युपश्चात् बाबुले सानी आमालाई कान्छी आमाको रुममा विवाह गरेका र कान्छी आमाबाट त्यति स्नेह पाउन नसकेको, घरको जेठो छोरो भएकाले परिवारमा सम्झाउने मानिसको कमी कान्छी आमाले सम्झाएको त्यति नमान्ने बिदाको दिनमा गोरु लिएर बन गएको बेला पीडितसँग अघि पनि चिनजान भएको कारणबाट बिज्याइँ गरेको हुँदा उच्च शिक्षासम्म पढाउन सके यस्तो बिज्याइँ हुन् नसक्ने र बालक सुध्रिन सक्ने देखीन्छ भन्नेसमेत बेहोराको समाजसेवी डा. श्री नवराज गौतमबाट पेस भएको सामाजिक अध्ययन प्रतिवेदन।

२७. आदेशानुसार प्रतिवादीको एकासंगोलका परिवारका नाममा रहेको सम्पत्ति रोक्का भई रोक्का रहेको जानकारी मिसिल सामेल रहेको।

## अदालतको ठहर

२८. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन् आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित सहायक जिल्ला न्यायाधिवक्ता श्री ढकबहादुर रावतले यी प्रतिवादीउपर किटानी जाहेरी परेको, मौकामा कागज गर्ने कमला बोहराले पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेका हुन् भनी कागज गरेकामा सोलाई पुष्टिहुने गरी बकपत्रसमेत गरिदिएको, परिवर्तित ५४ रिताले समेत पीडितलाई करणी गरी प्रतिवादी भाग्दै गरेको अवस्थामा देखेको भनी बकपत्र गरिदिएको, पीडितले प्रतिवादीले जबरजस्ती करणी गरेका हुन् भनी मौकाको कागज बेहोरालाई पुष्टि हुने गरी बकपत्र गरिदिएको र मौकाको जाहेरी दरखास्तसमेत घा जाँच प्रतिवेदनबाट समर्थित भइरहेको हुँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिनुपर्दछ भनी र प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री यक्कबहादुर पाण्डेले पीडितको शारीरिक परीक्षण प्रतिवेदनहरू एकआपसमा विरोधाभासयुक्त रहेको, जबरजस्ती करणी भएको भन्ने संघर्षको चिह्न नभएको र प्रतिवादी आरोपित कसुरमा इन्कार रही बयान गरेको हुँदा प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनी मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी हेर्दा, प्रस्तुत मुद्दामा देहायका प्रश्नमा निर्णय दिनुपर्ने देखीयो।

- प्रतिवादीले अभियोग दाबीबमोजिम कसुर गरेका हुन् वा होइनन् ?
- अभियोग दाबीबमोजिम सजायसमेत हुनुपर्ने हो होइन ?
- पीडितले क्षतिपूर्ति पाउनु पर्ने हो होइन ?

२९. निर्णयतर्फ विचार गर्दा, सर्वप्रथम पहिलो प्रश्नतर्फ विचार गर्दा मिति २०७२।०४।०२ गते प्रतिवादी परिवर्तित ५४ वर्ष १५ को स्यार्पु घरदेखी नजिकै रहेको सालघारी जंगलमा गोरु चराउन गएको र मेरी छोरी ५४ संगिता पनि सोही जंगलमा बाख्रा चराउन गएको अवस्थामा दिउसो अं. १५:०० बजे प्रतिवादीले एक्लै भएको मौका पारी मेरी छोरीलाई ललाई फकाई प्रलोभनमा पारी कम्मरदेखी माथि समाति उचाली राम्जाटाकुरा खोलामा लगी मुख थुनी जबरजस्ती करणी गरिरहेको अवस्थामा निजले छोरीको मुख पूर्ण रूपमा बन्द गर्न नसकेको अवस्थामा बेस्सरी चिच्याएपछि सालघारी नजिक रहेको मेरो माइती घरमा रहेकी आमाले किन नातिनी रोई भनी हतार-हतार साना अंगेरको बुटा भएको ठाउँतर्फ जाँदै गर्दा प्रतिवादीले भुइँमा लडेको देखी उठाउँन लागेको हुँ भनी मेरो आमालाई जवाफ दिएको र प्रतिवादीले छोरीलाई जबरजस्ती करणी गरेको कुरा आमाले थाहा पाएपश्चात् फोनबाट सो घटनाको बारेमा मलाई जानकारी दिई तत्काल माइती घरमा आई छोरीसँग उक्त घटनाको बारेमा बुझ्दा जबरजस्ती करणी गरेको भन्ने कुरा खुलाएकीले निजलाई आवश्यक कानूनी कारबाही गरियोस् भन्ने बेहोराको परिवर्तित ५४ वर्ष २७ की सगरमाथा 'क' को जाहेरी दरखास्त रहेको देखीन्छ। मिति २०७२।०४।०२ गतेका दिन जिल्ला रुकुम कोटजहारी गा.वि.स. वडा नं. ९ स्थित राम्जाटाकुरा खोलामा प्रतिवादी स्यार्पुले पीडित ५४ संगितालाई जबरजस्ती करणी गरेको भन्ने

घटनास्थल मुचुल्काबाट देखीन्छ। पीडित परिवर्तित ५४ संगिताले मिति २०७२।०४।०२ गते परिवर्तित स्यार्पु दाइले कसैलाई नभन्नु भनी नजिकैको खोलामा लिई मलाई जबरजस्ती तल भुइँमा ढाली मेरो सुरुवाल खोली लिङ्ग मेरो योनिभित्र पसाएको हो भनी मौकामा कागज गरिदिएको, मौकामा बुझिएका कमला बोहराले पीडितको योनि निरीक्षण गर्दा घाउ भएको हुँदा पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेका हुनभनि कागज गरिदिएको देखीन्छ।

३०. यी प्रतिवादी परिवर्तित स्यार्पु मिति २०७२।०४।०२ गते गोरु बाख्रा चराउन सालघारी जंगलमा गएकोमा पीडित संगिता पनि सोही जंगलमा आएकी थिइन। मैले निजको सुरुवाल आधा घुँडासम्म तल झारी आफ्नो उत्तेजित लिङ्ग निजको योनिमा घुसाएको र मैले करणी गरेपछि निज रुन कराउन लागेपछि छाडिदिएको हुँ भनी निजलाई एकपटक करणी गरेको हुँ भनी अधिकार प्राप्त अधिकारीसमक्ष आरोपित कसुरमा साबित भई बयान गरेको देखीन्छ। मौकामा बुझिएका सविना रोकायसमेतले यी प्रतिवादीले पीडित परिवर्तित ५४ संगितालाई जबरजस्ती करणी गरेको हुँदा कारबाही गरिपाउँ भनी कागज गरिदिएको देखीन्छ। पीडितको जिल्ला स्वास्थ्य कार्यालयको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा निजको कन्या जाली च्यातिएको, योनिको भित्री भागमा ताजा घाउ रहेको रगत आएको भन्ने उल्लेख भएको देखीन्छ। यी प्रतिवादी ५४ स्पार्पु पीडितलाई मैले करणी गरेको होइन जग्गासम्बन्धी विवादको कारणले आरोप लगाई जाहेरी दिएका हुन् भनी आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि मौकामा कागज गर्ने ५४ रिताले मिति २०७२।०४।०२ गते पीडितलाई घर नजिकै बाख्रा चराउन पठाएको, केही समयपछि निज कराएको जस्तो सुनी जाँदा खोल्सामा देखी प्रतिवादी सो समयमा तत्काल उठी नातिनी ढलेको ठाउँमा आफ्नो पाइन्ट माथितिर सार्न लागेको देखें, नातिनीलाई पल्टाएको अवस्थामा उठाँए। नातिनीको सुरुवाल तल सारिएको थियो भनी मौकाको कागज बेहोरालाई पुष्टि हुनेगरी बकपत्र गरिदिएको देखीन्छ। त्यस्तै जाहेरवाला परिवर्तित ५४ सगरमाथा क तथा मौकामा बुझिएका कमला बोहरासमेतले मौकाको कागज बेहोरालाई पुष्टि हुने गरी बकपत्र गरिदिएको देखीन्छ। प्रतिवादी ५४ स्यार्पुले मिती २०७२।४।२ गते गते गोरु चराउन जंगलमा गएको, सोही दिनमा म गइसकेपछि, पछि प्रस्तुत मुद्दाकी पीडित नाम परिवर्तित संगिता पनि बाख्रा चराउन भनी सोही मैले गोरु चराइरहेको कान्लामा आइन। सोही एउटै कान्लामा मैले आफ्ना गोरु र बाख्रा तथा पीडितले आफ्ना बाख्रा चराइरहेकी थिइन। सोही समयमा पीडितका बाख्रा सो कान्लादेखी अलि तल गएकोले पीडित आफ्ना बाख्रा माथितिर ल्याउन भनी तलतिर गइन्। पीडित र म गोरु तथा बाख्रा चराउन गएको। पीडित तलतिर बाख्रा ल्याउन गएको समयमा पीडित सोही कान्लामा लडिन अनि निज लडेपछि मैले पीडित लडेको देखेपछि तत्काल म पीडितलाई उठाउँन भनी गई पीडितलाई लडेको ठाउँबाट उठाएको हुँ। सो समयमा पीडित रोइरहेकी थिइन। पछि मैले पीडितलाई उठाएपछि तत्काल सो ठाउँमा पीडितको मावलकी हजुरआमा आएर मलाई मेरी नातिनीलाई किन जबरजस्ती करणी गरेको भनी गाली गरेकी थिइन। मैले पनि निज पीडितकी हजुरआमासँग पीडितलाई बलत्कार जबरजस्ती करणी गरेको

होइन। लडेकीले उठाएको मात्र हुँ भनी गरेको प्रतिवादीको इन्कारी बयान निजका साक्षीको बकपत्रसमेतबाट पुष्टि हुनसकेको देखिँदैन।

३१. पीडित वर्ष ७ की संगिताले यी प्रतिवादीले मलाई तिम्रो आमालाई, हजुरआमालाई, कान्छा मामालाई र माइजूलाई केही पनि नभन्नु भने र एक्कासी मेरो काखीमा समाति मलाई उचाली तल खोल्सामा लिई पहिले मलाई पछारे अनि मैले लगाएको सुरुवाल खोलिदिए, आफ्नो पाइन्टको सिक्रि खोली आफ्नो लिङ्ग निकाली मेरो योनिमा छिराई जबरजस्ती करणी गरे त्यसपछि म रोएँ कराएँ म रुँदा कराउँदा प्रतिवादीले मेरो मुख तीन पटकसम्म थुनिदिए। पछि मेरी हजुरआमाले म रोएको सुनी म भएको ठाउँमा आएकोले निज प्रतिवादीले मलाई करणी गर्न छोडेका हुन् भनी ७ वर्ष कि यी अबोध बालिकाले घटनाको सिलसिलेवार रूपमा उल्लेख गरी इजलाससमक्ष उपस्थित भई गरेको बकपत्रबाट प्रतिवादीको इन्कारी बयान खण्डित भइरहेको देखीन्छ। पीडितले मौकामा गरेको कागज बेहोरा र अदालतमा उपस्थित भई गरेको बयान एवम् परिवर्तित ५४ रिताले मौकामा गरेको कागज एवम् यस अदालतमा मौकामा गरेको कागज बेहोरालाई पुष्टि हुनेगरी गरिदिएको बकपत्रसमेतबाट पीडितको जिल्ला अस्पताल रुकुमबाट भएको स्वास्थ परीक्षण प्रतिवेदन समर्थीत भइरहेको देखीएको र पीडितको चौरजहारी अस्पतालमा भएको परीक्षणमा समेत पीडितको योनिको भल्वा सुनिएको भन्ने उल्लेख भएको र पीडितको जिल्ला अस्पताल रुकुममा भएको परीक्षण प्रतिवेदन मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित भइरहेको देखिँदा पीडितको स्वास्थ परीक्षण प्रतिवेदन विरोधाभास रहेको भन्ने प्रतिवादीतर्फका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन् सकिएन।

३२. त्यस्तै बालमनोवैज्ञानिकको प्रतिवेदन हेर्दा बालकले आफैंले जानिजानी बिज्याइँमा संलग्न नभएको र साथीको लहलहैमा लागेको पाइयो। आर्थिक अवस्था कमजोर भएका कारण उसको आमाको मृत्यु भएकाले कान्छी आमा भित्राएको र विदेश गएपछि बालक कान्छी आमासँगै बस्ने गरेको पाइयो। सो समयमा उसको चकचकेपनले र साथीहरूको लहलहैमा विद्यालय उमेर समूहको भएपनि विद्यालय नजाने जहाँ पायो त्यहीं जाने पढन मन नगर्ने आदि कारणले बिज्याइँमा संलग्न भएको हो। यसर्थ बालकको उमेरको अवस्थाले गर्दा ऊ सुध्रन सक्ने प्रशस्त सम्भावनाहरू छन्। यसर्थ बालकले यो घटनाबाट पाठ सिकेर राम्रो काम गर्न सक्छ। उमेरले १५ वर्ष ५ महिनाको भएकाले बालकलाई अभिभावकको निगरानीमा रहने गरी केही समयका लागि सुधार गृहमा राख्न उत्तम देखीन्छ भन्नेसमेत उल्लेख भएको देखीन्छ। त्यस्तै बिज्याइँ गर्ने बालक १५ वर्षको कक्षा ७मा पढने बाबु लद्दाख विदेश गएका आफनी आमाको मृत्युपश्चात् बाबुले सानी आमालाई कान्छी आमाको रूपमा विवाह गरेका र कान्छी आमाबाट स्नेह त्यति पाउन नसकेको घरको जेठो छोरा भएकाले परिवारमा सम्झाउने मानिसको कमी कान्छी आमाले सम्झाएको त्यति नमान्ने बिदाको दिनमा गोरु लिएर वन गएको बेला पीडितसँग अघि पनि चिनजान भएको कारणबाट बिज्याइँ गरेको हुँदा उच्च शिक्षासम्म पठाउँन सके यस्तो बिज्याइँ हुन् नसक्ने र

बालक सुध्रिन सक्ने भन्नेसमेत बेहोराको समाजसेवीको प्रतिवेदन देखीन्छ। बालमनोवैज्ञानिक र समाजसेवीको प्रतिवेदन हेर्दा यी प्रतिवादीलाई अभिभावकीय संरक्षकत्वको अभाव रहेको देखीनुका साथै पारिवारिक संरक्षणको अभावमा पढाइमा ध्यान नदिने, कहिलेकाहीँ विद्यालय जाने, छाडा प्रवृत्ति रहेको भन्ने देखीन्छ।

३३. प्रस्तुतमुद्दामा प्रतिवादी परिवर्तित ५४ स्यार्पूले पीडित वर्ष ७ की परिवर्तित ५४ संगितालाई मुलुकी ऐन जबरजस्ती करणीको महलको १ र ३(१) नं.बमोजिम सजाय गरी ऐ. महलको १० नं. बमेजिम क्षतिपूर्तिसमेत दिलाई पाउन र वारदात हुँदाका अवस्थामा प्रतिवादी १६ वर्षभन्दा कम देखीएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३)बमोजिम सजाय छुट हुनसमेत मागदाबी लिई अभियोगपत्र दायर भएको देखीन्छ। मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. हेर्दा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठर्हछ। उक्त नं. को स्पष्टीकरण खण्डमा यस नम्बरको प्रयोजनका लागि

- डर त्रास धाक देखाइ वा करकाप अनुचित प्रभाव झुक्यानमा पारी वा जोरजुलुम गरी वा अपहरण गरी वा शरीर बन्धक राखी लिइएको मन्जुरीलाई मन्जुरी मानिने छैन
- होस ठेगानामा नरहेको अवस्थामा लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन।
- योनिमा लिंग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिनेछ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ।

साथै प्रस्तुत मुद्दामा प्रतिवादी ५४ स्यार्पु १५ वर्षको नाबालक भन्ने देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) हेर्दा चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ भन्ने उल्लेख भएको देखीन्छ।

३४. प्रतिवादी स्यार्पुले पीडित वर्ष ७ की संगितालाई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(१) नं. को कसुर गरेको हुन् वा होइनन् र निजलाई के कती सजाय हुने हो भन्ने सन्दर्भमा निर्णयतर्फ विचार गर्दा, मिति २०७२।०४।०२ गते प्रतिवादी परिवर्तित ५४ वर्ष १५ को स्यार्पु घरदेखी नजिकै रहेको सालघारी जंगलमा गोरु चराउन गएको र मेरी छोरी ५४ संगिता पनि सोही जंगलमा बाख्रा चराउन गएको अवस्थामा दिउसो अं. १५:०० बजे प्रतिवादीले एक्लै भएको मौका पारी मेरी छोरीलाई ललाई फकाई प्रलोभनमा पारी कम्मरदेखी माथि समाति उचाली राम्जाटाकुरा खोलामा लगी मुख थुनी जबरजस्ती करणी गरेको हुँदा कारबाही गरिपाउँ भन्ने किटानी जाहेरी दरखास्त रहेको, परिवर्तित ५४ वर्ष ७ की संगिताको स्वास्थ्य परीक्षण गर्दा शारीरिक अवस्था सामान्य रहेको, शरीरको बाह्य भागमा घाउचोट निलडाम नरहेको, योनि वरिपरि घाउ नदेखीएको, योनिको भित्री भागमा ताजा घाउ रहेको र जाँच गरिहेर्दा रगत आएको, योनिको कन्या झिल्ली च्यातिएको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखीएको, प्रतिवादी ५४ स्यार्पुले आरोपित कसुरमा साबित भई अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान

मौकामा बुझिएका परिवर्तित ५४ रिता र कमला बोहरासमेतले यी प्रतिवादीले पीडित संगितालाई जबरजस्ती करणी गरेका हुन् भनी कागज गरेको, निजहरूले मौकाको कागज बेहोरालाई पुष्टि हुने गरी बकपत्र गरिदिएको र पीडित संगिताले यी प्रतिवादीले जबरजस्ती करणी गरेका हुन् भनी मौकाको कागज बेहोरालाई पुष्टि हुनेगरी गरेको बकपत्रसमेतबाट समर्थित भइरहेको देखीन्छ। यी प्रतिवादी आफूले पीडितलाई जबरजस्ती करणी गरेको होइन। पीडित लडेको हुँदा उठाएको हुँ भनी आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि निजको इन्कारी बयान निजका साक्षीको बकपत्रसमेतबाट पुष्टि हुन् सकेको देखीदन। साथै मिसिल संलग्न पीडित परिवर्तित ५४ वर्ष ७ की संगिताको र परिवर्तित ५४ रिताले र जाहेरवाला ५४ सगरमाथा क ले मौकामा गरेको घटना विवरण कागज र जाहेरी दरखास्तलाई पुष्टि हुनेगरी बकपत्र गरिदिएको देखीन्छ। प्रमाण ऐन, २०३१ को दफा १० मा कुनै काम घटना वा अवस्थाका सम्बन्धमा सो काम गर्ने वा सो काम घटना वा अवस्था प्रत्यक्ष रूपले देख्ने वा थाहा पाउने व्यक्ति वा सो काम घटना वा अवस्थाबाट पीडित भएका व्यक्तिले व्यक्त गरेका कुरा प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था भएको देखीन्छ। त्यस्तै दफा ३७ मा कुनै कुरा प्रत्यक्ष देख्ने सुन्ने थाहा पाउने व्यक्तिको मौखिक प्रमाण पनि प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था भई सोही ऐनको दफा १०ले मौखिक प्रमाणलाई पनि प्रत्यक्ष प्रमाण मानिनेछ भन्ने उल्लेख भएको देखीन्छ। प्रस्तुत मुद्दामा पीडितले वारदातको सम्बन्धमा सविस्तार उल्लेख गरी अदालतसमक्ष गरेको बकपत्रलाई प्रत्यक्ष वास्तविक प्रमाण (Direct & original evidence) को रूपमा लिन सकिन्छ भने मौकामा बुझिएका परिवर्तित ५४ रिता र कमला बोहराको बकपत्रसमेत प्रत्यक्ष प्रमाणको रूपमा प्रमाण ग्रहणयोग्य रहेको देखीन्छ। मिसिल संलग्न पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादी ५४ स्यार्पुको अदालतसमक्ष भएको इन्कारी बयान खण्डित भइरहेको र यी प्रतिवादीउपर नभएको वारदात देखाइ आफनो ७ वर्ष की छोरीलाई जबरजस्ती करणी गरेको भनी जाहेरी दिनुपर्ने कुनै कारणसमेत नदेखीनुका साथै पीडित वर्ष ७की संगिताले यी प्रतिवादीले जबरजस्ती करणी गरेका हुन् भनी बनावटि कुरा उल्लेख गरी बकपत्र गरेको हुन् मान्न मिल्नेसमेत नदेखिँदा यी प्रतिवादीले अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको१नं विपरीत३(१) नंको कसुर गरेकोठहर्छ।

३५. यी प्रतिवादीलाई के कस्तो सजाय हुनुपर्ने हो भन्नेसम्बन्धमा निर्णयतर्फ विचार गर्दा मिसिल संलग्न जन्मदर्ताको प्रमाणपत्र हेर्दा यी प्रतिवादी १६ वर्ष नपुगेको नाबालक भन्ने देखिँन्छ। १५ वर्षको नाबालक यी प्रतिवादी स्वभावैले उत्सुक स्वभावका भन्ने देखीन्छ। निजको पारिवारिक तथा सामाजिक पृष्ठभूमि हेर्दासमेत निजलाई अभिभावकको उचित मार्ग निर्देशनसमेतको अभाव रहेको देखीन्छ। सामाजिक तथा मनोवैज्ञानिक प्रतिवेदन हेर्दा निजको आर्थिक अवस्था कमजोर रही बाबु रोजगारका लागि भारत गएका, आमाको मृत्यु भई कान्छी आमाको रेखदेखमा रहेका यी प्रतिवादी पढाइमा समेत ध्यान नदिने र आमाले भनेको नमान्ने भई अटेर स्वभावको रहेको

भन्ने देखीन्छ। बालअधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि १९८९ को धारा ३७ को खण्ड (ख) मा कुनै पनि बालबालिकालाई गैरकानूनी वा अनुचित तवरले निजको स्वतन्त्रताबाट वञ्चित गरिने छैन र बालबालिकाको गिरफ्तारी थुना वा कारावास कानूनअनुरूप हुने र सबभन्दा कम समुचित अवधिको लागि र अन्तिम उपायको रूपमा मात्र प्रयोग गरिनेछ भन्ने कुरा राज्य पक्षले निश्चित गर्ने छन् भन्ने उल्लेख भएको देखीन्छ। उत्त सन्धीको प्रावधान हेर्दा बालबालिकालाई कैद सजाय तोक्दा सम्भव भएसम्म न्यूनतम अवधिको कैद तोक्नु पर्ने भन्ने व्यवस्था रहेको देखीन्छ। यी प्रतिवादी ५४ स्यार्पुलाई कसुर गर्दाको अवस्था र परिस्थितिसमेतलाई विचार गर्दा निजलाई न्यूनतम सजाय गर्दा पनि न्यायको उद्देश्य पूरा हुने देखिँदा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको ३(१) नं.बमोजिम न्यूनतम १० (दश) वर्ष कैद सजाय हुने ठहर्छ। साथै प्रतिवादी ५४ स्यार्पु १५ वर्षको नाबालक भन्ने देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८को दफा ११(३) हेर्दा चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ भन्ने उल्लेख भएको देखिँदा निजलाई पाँचवर्ष कैद सजाय हुने ठहर्छ।

३६. यी प्रतिवादी १५ वर्षको नाबालक देखिँदा बाल अधिकारसम्बन्धी महासन्धि १९८९ र बालबालिकासम्बन्धी ऐन, २०४८ समेतबमोजिम निजलाई के कस्तो सुधारको विकल्प अपनाउन सकिन्छ र निजलाई भएको सजाय कसरी कार्यान्वित गर्ने भन्नेतर्फ हेर्दा, बाल अधिकारसम्बन्धी महासन्धि १९८९ को धारा ४० को उपधारा ४ मा बालबालिकाको हितको अनुकूल हुने गरी तथा उनीहरूको परिस्थिति र कसुर दुवैमा समुचित हुने गरी निजहरूसँग व्यवहार गर्ने कुरा सुनिश्चित गर्न विभिन्न प्रकारका कुराहरू जस्तै हेरचाह मार्गदर्शन र निरीक्षण सम्बन्धी आदेशहरू, सरसल्लाह, परीक्षण, स्याहार सम्वर्धन, शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रमहरू तथा संस्थागत हेरचाहका अन्य विकल्पहरू उपलब्ध हुनेछन् भन्ने उल्लेख भएको देखीन्छ। महासन्धिको प्रस्तुत प्रावधानबमोजिम बालबालिकाको हितको अनुकूल हुने गरी उनीहरूको परिस्थिति र कसुर मा समुचित हुने गरी हेरचाह, सरसल्लाह, शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रम तथा संस्थागत हेरचाहका अन्य विकल्पहरू उपलब्ध गराउन सकिने भन्ने देखीन्छ। त्यस्तै बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) हेर्दा कसुरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति र कसुर गरेको पटक आदिको विचार गर्दा कारागारमा राख्न उपयुक्त नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतित गर्नुपर्ने गरी तोक्न सक्नेछ। यसरी सजाय स्थगित गरिएकामा सोही बालकले त्यसको एकवर्षभित्र त्यहीं वा अन्य कुनै कसुर गरे बापत दोषी ठहरी कैदको सजाय पाएमा सोसमेत खापी एकै पटक दुवै कैदको सजाय कार्यान्बित गर्ने गरी मुद्दा हेर्ने अधिकारीले आदेश दिन सक्नेछ भन्ने उल्लेख

भएको देखीन्छ। उक्त कानूनी व्यवस्था हेर्दा कसुरदार ठहरी सजाय पाएको बालकलाई सुधारका लागि देहायका तीन विकल्प अपनाउन सकिने उल्लेख भएको देखीन्छ।

१. सजायको स्थगन,
२. तोकिएको सजाय अवधि कुनै बाल सुधार गृहमा बसी भुक्तान गर्ने वा
३. कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतित गर्नुपर्ने गरी तोक्न सक्ने। यी बिज्याइँमा परेका प्रतिवादी ५४ स्यार्पुको पारीवारीक तथा सामाजिक पृष्ठभूमि हेर्दा निजलाई अभिभावकको उचित मार्ग निर्देशनसमेतको अभाव रहेको देखीन्छ। निजको आर्थिक अवस्था कमजोर रही बाबु रोजगारका लागि भारतमा गएका, आमाको मृत्यु भई कान्छी आमाको रेखदेखमा रहेका यी प्रतिवादीको सामाजिक तथा मनोवैज्ञानिक प्रतिवेदन हेर्दा बाबु घरमा नरहेका र आमाले भनेको नमान्ने भई अटेर स्वभावको रहेको भन्ने देखीन्छ। यी प्रतिवादीलाई तोकिएको सजाय स्थगन सम्बन्धी विकल्पतर्फ विचार गर्दा, यी प्रतिवादीको बिज्याइँको प्रकृति र निजको पारिवारिक परिस्थिति र पीडितसँगको पारिवारिक सम्बन्धसमेतलाई विचार गर्दा निजलाई सजाय स्थगनगर्ने विकल्पसँग सहमत हुन् सकिएन। त्यस्तै कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही कैद भुक्तान गर्ने विकल्प सम्बन्धमा विचार गर्दा, यी प्रतिवादीको सामाजिक अध्ययन प्रतिवेदन हेर्दा निजको बाबु विदेशमा रोजगारको लागि गएको र निजले कान्छी आमाले भनेको नमान्ने अटेरी स्वभावको भएको र निजले अध्ययनमा समेत उचित ध्यान नदिने गरेको भन्ने देखिँदा र बिज्याइँमा परेका नाबालक यी प्रतिवादीको सर्वोत्तम हित हुने गरी निजलाई सुधार गर्नेसम्बन्धमा स्थानीय तहमा संस्थागत संरचनासमेत रहे भएको भन्नेसमेत नदेखिँदा यो विकल्पसमेतसँग सहमत हुन् सकिएन। मिसिल संलग्न बाल मनोवैज्ञानिक र समाजसेविको अध्ययन प्रतिवेदन हेर्दा, निजको आमाको मृत्यु भएको र बाबुले कान्छी आमा विवाह गरेको, बाबु रोजगारको लागि विदेशमा गएको, उचित संरक्षणको अभावमा निज अटेरी स्वभावको भएको, अध्ययनमा समेत उचित ध्यान नदिने र बिदाको दिन गोरु चराउन गोठालो जाने गरेको भन्ने देखीन्छ। यी प्रतिवादी ५४ स्यार्पु र पीडितको मामा घर एकै ठाउँमा भई यी प्रतिवादी र पीडित नाता सम्बन्धका व्यक्तिसमेत भन्ने देखिँदा सामाजिक परिस्थितिसमेतलाई विचार गर्दा यी प्रतिवादी नाबालक भन्ने देखिँदा निजलाई लागेको कैद सजाय बाल सुधार गृहमा राखी निजको अध्ययनलाई निरन्तरता दिनसमेत उपयुक्त देखिँदा निजलाई बालसुधार गृह पोखरामा राखी सजायको कार्यान्वयन गर्ने ठहर्छ। निज प्रतिवादी ५४ स्यार्पुलाई बाल सुधार गृहमा राख्न लेखी पठाइ दिनु।

३३. यी प्रतिवादी ५४ स्यार्पुले पीडित वर्ष ७ की संगितालाई जबरजस्ती करणीसम्बन्धी बाल बिज्याइँ गरेको ठहरेकाले पीडितले क्षतिपूर्ति भरिपाउन हुन् वा होइनन् र के कति क्षतिपूर्ति भरीपाउने हुन् भन्नेतर्फ विचार गर्दा, यी प्रतिवादी नाबालक रहेको र पीडितसमेत नाबालक रहेको देखिँदा पीडक

प्रतिवादी नाबालक भएकै आधारमा पीडितको क्षतिपूर्ति पाउने अधिकारबाट वञ्चित गर्न न्यायको दृष्टिले समेत उपयुक्त नहुने हुँदा यी प्रतिवादीको नाममा कुनै अचल सम्पत्ति रहे भएको नदेखीएको र एकासंगोलको बाजे साउने रोकाको नाममा कि नं. ९००को क्षेत्रफल ०६०० वर्गमिटर र कि.नं.०५८४० वर्ग मिटर गरी जम्मा दुई कित्ता जग्गा दर्ता रहेको देखीएको र अन्य सम्पत्ति रहे भएकोसमेत नदेखीएको हुँदा प्रतिवादीको आर्थिक अवस्थासमेतलाई विचार गर्दा पीडित परिवर्तित वर्ष ७ की संगिताले प्रतिवादी परिवर्तित ५४ स्यार्पुबाट रु ४०,०००। (चालीस हजार) क्षतिपूर्ति भरिपाउनेसमेत ठहर्छ।

३४. पीडितले क्षतिपूर्तिबापत भरिपाउने ठहरेको रकम के कसरी भरिपाउने हो भन्ने सन्दर्भमा हेर्दा सर्वोच्च अदातलबाट मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं.बमोजिम साबिकको आधा अंश भराइदिनेसम्बन्धी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. को कार्यान्वयनसम्बन्धमा मुलुकी ऐन,दण्ड सजायको महलको ४६नं को कार्यविधि अपनाउन पर्ने होइन। कानूनमा नलेखिए पनि अन्तिम फैसला भएपछि जिल्ला अदालतले आफैंले पीडित जाहेरवालीलाई फैसलाको जानकारी गराई अदालत आफैंले फैसला कार्यान्वयन गरी आधा अंश दिलाई दिनुपर्दछ तब मात्र पीडितले अदालतबाट न्याय पाउन सक्छ। जबरजस्ती करणीको १० नं. लाई तत्कालीन संविधानको धारा ११(३) र वर्तमान संविधानको धारा १३(३) को प्रतिबन्धात्मक वाक्यांशको संरक्षण प्राप्त व्यवस्था मानी अदालतले अन्तिम फैसला हुनासाथ आफ्नै Initiative मा फैसला कार्यान्वयन गरी आधा सम्पत्ति दिलाई दिनुपर्छ भनी वादी हिमाली गोलेको जाहेरीले नेपाल सरकार प्रतिवादी राकेशकुमार सिंह भएको फौ.पु.नं. २९०६को जबरजस्ती करणी मुद्दामा नेकाप, २०६४ निर्णय नं. ७८१०, पृष्ठ ८६ मा सिद्धान्तसमेत प्रतिपादन **भएको पाइन्छ। प्रस्तुत मुद्दामा पीडित ७ वर्षकी नाबालिक रहेको देखिँदा यी पीडितले क्षतिपूर्ति भराई पाउन दरखास्त दिएमा मात्र क्षतिपूर्ति भराइदिने भन्नु न्यायको दृष्टिकोणले समेत उपयुक्त नहुने हुँदा** प्रस्तुत मुद्दाको अन्तिम टुंगो लागेपछि अदालतबाटै फैसला कार्यान्वयन गरी क्षतिपूर्ति भराइदिने ठहर्छ। सो ठहरेकाले अरूमा तपसिलबमोजिम गर्ने गरी अ.बं. १८६ नं.बमोजिम आज यो फैसला गरिदिएको छ।

<u>तपशिल</u>

प्रतिवादी परिवर्तित ५४ स्यार्पुके, माथि ठहर खण्डमा लेखिएबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३ (४) को कसुर गरेको ठहरेकाले यी प्रतिवादी १६ वर्ष नपुगेको नाबालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३)बमोजिम आधा पाँच वर्ष कैद सजाय हुने ठहरेकाले र प्रतिवादी १६ वर्ष नपुगेको नाबालक भन्ने देखिँदा मिसिल संलग्न सामाजिक अध्ययन प्रतिवेदन र बाल मनोवैज्ञानिकको प्रतिवेदनबमोजिम निजलाई बाल सुधार गृहमा राख्ने ठहरेकोले निज मुद्दा अनुसन्धानका लागि मिति २०७२।४।४ देखी जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका कक्षमा रही यस अदालतको मिति २०७२।५।१को आदेशानुसार पुपर्क्षका लागि

बालसुधार गृह पोखरामा रहेको देखिँदा मिति २०७२।५।१बाट निजलाई लागेको कैद सजाय कट्टा हुने गरी असुलउपर गर्न बालसुधार गृह सराङकोट पोखरामा राख्नू भनी लेखी पठाइदिनु ............१

पीडित परिवर्तित ५४ संगिता वर्ष ७ की नाबालिका रहेको देखिँदा पीडितलाई पर्न गएको शारीरिक तथा मानसिक क्षतिबापत पीडितले प्रतिवादीबाट रु ४०,०००। (चालिस हजार) क्षतिपूर्ति भरिपाउनेसमेत ठहरेको हुँदा यस मुद्दाको अन्तिम टुङ्गो लागेपछि अदालतबाट नै रोक्का रहेको जग्गा लिलाम गरी क्षतिपूर्तिबापतको रकम पीडितलाई भराइदिनु भनी लगत कसी राख्नू ....................२

यस अदालतको आदेशानुसार रोक्का रहेका जग्गाहरू क्षतिपूर्ति भराउने कार्य सम्पन भएपछि नियमानुसार फुकुवा गरिदिनु भनी लेखिपठाइ दिनु ............................................................३

यो फैसलामा चित्त नबुझेमा ७० (सहत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, तुलसीपुर दाङ्गमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु ........................................................४

प्रतिवादी ५४ स्यार्पुको अध्ययनसम्बन्धी प्रतिवेदन प्रत्येक ६।६ महिनामा यस अदालतमा पठाउनु भनी बाल सुधार गृहमा लेखी पठाई प्राप्त प्रतिवेदन मिसिलमा राख्नू ............................................५

फैसलाको प्रतिलिपिसहितको जानकारी जिल्ला सरकारी वकिल कार्यालय रुकुमलाई दिनु ............६

सरोकारवालाले नक्कल माग गरेमा नियमानुसार गरी नक्कल दिनु .......................................७

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला ईन्टरनेटमा अपलोड गरी मिसिल अभिलेख फाँटमा बुझाईदिनु .....................................................................................................८

जिल्ला न्यायाधीश

माननीय न्यायाधीशज्यूले टिपाएबमोजिम
फैसला टाइप गर्ने डि. **रामबहादुर शाही**
फाँटः- ना.सु. **शसिराम बिष्ट**

**ईति संवत २०७२ साल मंसिर महिना ०६ गते रोज ०१ मा शुभम् ........................।**

श्री मकवानपुर जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश दयाराम ढकाल

फैसला

संवत् २०७२ सालको ०७२-CR-०२८२

निर्णय नं : २६१

मुद्दा :- कर्तव्य ज्यान।

| वादीको नाम, थर र वतन | प्रतिवादीको नाम, थर र वतन |
|---|---|
| जिल्ला मकवानपुर काकडा गा.वि.स वडा न. १ बस्ने रमेश चेपाङको जाहेरीले नेपाल सरकार.............................................१ | जिल्ला मकवानपुर काकडा गा.वि.स वडा न. १ बस्ने आईतलाल प्रजाको छोरा वर्ष १७ को प्रेम प्रजा ..........................................१ |
| <u>ऐ.को प्रमाण</u> | <u>ऐ.को प्रमाण</u> |
| साक्षीः | साक्षीः |
| कागजः | कागजः |

अदालतबाट बुझेको

प्रमाण :

कागज :

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.वं. २९ नं.बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्न आई दायर हुन् आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ।**

**तथ्य खण्ड**

१. मिति २०७२।९।२० गते राति अं.१९:३० बजेको समयमा जिल्ला मकवानपुर काकडा गा.वि.स. वडा नं १ स्थित पूर्वमा बेसारखाई डाँडा पश्चिम जालतिय डाँडा उतरमा सानो खोलाको खोल्सा दक्षिणमा तुनी खोल्सा यति चारकिल्लाभित्र पूर्व टाउको पश्चिम खुट्टा भई अर्ध कोल्टो उत्तानो अवस्थामा मृतक सानुमाया चेपाङको लास रहेको मृतकको टाउकोलगायत अनुहारको भागहरूमा चोट लागी रगत निस्किएको अवस्थामा रहेको मृतक लासको माथिबाट निलो कपडाले छोपिएको अवस्थामा रहेको घटनास्थल लास जाँच मुचुल्काको बेहोरा।

२. मिति २०७२।१०।२० गते १०:०० सो बजेको समयमा मेरो आमा सुनमाया चेपाङ बाख्रालाई घाँस काट्न जान्छु भनी जानुभएकोमा बेलुका घर फर्की नआएको हुँदा छिमेक सबैमा खोजतलास गर्दा फेला नपरेकोले खोजी गर्दै जाने क्रममा सानुखोला भन्ने भिरबाट लडी मृत्यु भएको अवस्थामा फेला परेकोले प्रहरीलाई जानकारी गराई प्रहरी आएपश्चात् लासजाँचसमेतको

कार्य भएको हुँदा कानूनबमोजिम गरिपाउँ मृतक लासको सामाजिक रीतिरिवाजअनुसार दाहसंस्कारको लागि जिम्मा पाउँ भन्नेसमेत बेहोराको मृतकको छोरा रमेश चेपाङले मिति २०७२।९।२१ मा दिएको जाहेरी दरखास्त।

३. म जाहेरवालाको आमा सुनमाया चेपाङ प्रजा मिति २०७२।०९।२० गते बिहान अ.१०:०० बजेको समयमा घाँस काट्न भनी घरदेखी उत्तर तर्फको जङ्गलमा ऐ.ऐ. बस्ने बर्ष १७ को प्रेम प्रजाले मैले मेरो भाउजू नाता पर्ने सुनमाया चेपाङ प्रजालाई वादविवाद भई भिरबाट खसाली डुङ्गाले थिची कर्तव्य गरी मारेको हो भनी गाउँ घरमा हल्ला फिँजाएको हुँदा निजलाई पक्राउ गरी आवश्यक सोधपुछ गरी निजलाई गाउँलेले सोधपुछ गर्दा मैले नै अपराध गरेको हो भनी स्वीकार गरेको हुँदा प्रहरीलाई खबर गरी पक्राउ गरी आवश्यक कारबाहीको लागि प्रेम चेपाङ प्रजालाई कानूनबमोजिम गरिपाउँ भन्ने बेहोराको रमेश चेपाङले मिति २०७२।१०।६ मा जाहेरी दरखास्त।

४. मिति २०७२।०९।२० गते भिरबाट लडी मृत्यु भएको सुनमाया चेपाङलाई जिल्ला मकवानपुर काकडा गा.वि.स वडा नं १ बस्ने प्रेम प्रजाले कर्तव्य गरी मारेको भन्नेसम्बन्धमा निजलाई स्थानीय मानिसहरूले पक्राउ गरी राखिएको भनी जानकारी हुन् आएकोले उक्त स्थानमा मसमेतको टोली खटिगई नियन्त्रणमा लिई सोधपुछ गर्दा मृतकलाई मैले नै कर्तव्य गरी मारेको भनी बताएको हुँदा आवश्यक कार्वाहीको लागि दाखिला गरेको छु भन्ने प्र.स.नि. होमबहादुर कुमालसमेतको प्रतिवेदन।

५. मृतक सानुमाया चेपाङको मृत्यु टाउकोमा चोट लागी भएको भन्नेसमेत बेहोराको शव परीक्षण प्रतिवेदन।

६. मिति २०७२।१०।१३ गते जिल्ला मकवानपुर काकडा गा.वि.स. वडा नं १ स्थित सानोखोला भन्ने स्थानमा खानतलासी गर्दा रगत जस्तो देखीने ढुङ्गामा लागेको सुकेको रातो पदार्थ, निलो रङ्गको चप्पल १ जोर, सेतो रङ्गको गन्जीको बाहुला समेत फेला पेरको हुँदा बरामद गरी दाखिला गरिएको भन्ने बरामदी मचुल्का।

७. मिति २०७२।०९।२० गते मेरो घरमा हँसिया कोदालो बनाउने आरन भएको हुँदा मृतक सुनमाया चेपाङ र प्रेम चेपाङ पनि मेरो घरमा आई बसी रक्सी खाई केही समयपछि सुनमाया प्रजा घर गएकी निज गएपश्चात् प्रेम प्रजा पनि गएको हो। रक्सी खाने बेलामा सुनमाया प्रजा र प्रेम प्रजा एकआपसमा भनाभन गरिरहेका थिएँ। के विषयमा हो मैले ख्याल गरिन। भोलि बिहान पल्ट सुनामाया चेपाङको मृत्यु भएको भन्ने थाहा पाएको र हाल घटना सम्बन्धमा बुझ्दा मृतक सुनमाया चेपाङ प्रजालाइ प्रेम प्रजाले भिरबाट लडाइँ घाइते भएपश्चात् पुनः ढुङ्गाले टाउकोमा प्रहार गरी कर्तव्य गरी मारेको रहेछ। निजले मृतकलाई कर्तव्य गरी मारेकोमा मलाई पूर्ण विश्वास लाग्छ भन्ने समेत बेहोराको माइला भन्ने तेजबहादुर बिकले गरेको घटना विवरण कागज।

८. मिति २०७२।०९।२० गते गाउँको माइला भन्ने तेजबहादुर बिकको घरमा हँसिया बनाउन गई रक्सी खाई बसिरहेको समयमा प्रेम प्रजासमेत आई हामीहरू सँगै बसेर रक्सी खाएको हो।

हामीहरू सो ठाउँबाट आफ्नो घरमा जानेबेलासम्म मृतक तथा प्रेम प्रजासमेत सोही स्थानमा नै थिएँ। सोही क्रममा राति अ.९:०० बजेको समयमा सुनमाया चेपाङको भिरबाट लडी मृत्यु भएको थाहा पाएको हुँ। केही दिनपश्चात् निज प्रेम प्रजाले मैले भाउजू नाता पर्ने सुनमाया प्रजालाई कर्तव्य गरी मारेको भनी गाउँघरमा भन्दै हिँडेबाट निजले सुनमाया प्रजालाई कर्तव्य गरी मारेको हो भन्नेसमेत बेहोराको लक्ष्मी प्रजा र गालदेव प्रजाको घटना विवरण कागज।

९. मिति २०७२।०९।२० गते म बुवा गालदेव प्रजासँग तेजबहादुर बिकको घरको आरनमा हँसिया कोदालो बनाउन भनी गएको थिएँ पछि गाउँकै लक्ष्मी प्रजा पनि हँसिया बनाउनको लागि भनी आएकी थिइन् र हामीहरूले निज माइला बिकको घरमा रक्सी खाई बसिरहेको बेलामा मृतक सुनमाया प्रजा पनि आएको र हामी सँगै बसी रक्सी खाएका हौं र केही समय पश्चात् प्रेम प्रजासमेतहामी भएको स्थान मा आई सँगै बसी रक्सी मागी खाई बसेको र आरानको काम सकिएको हुँदा म तथा बुवा, लक्ष्मी प्रजा आ-आफ्नो घरतर्फ गएका हौं। निजहरू त्यहीँ बसिरहेका थिएँ राति अचानक सुनमाया चेपाङ भिरबाट लडेको भनी सुन्ने थाहा पाई घटनास्थलमा हेर्न जाँदा मृत अवस्थामा लास देखेको हुँ। घटनासम्बन्धमा बुझ्दा सुनमाया प्रजालाई हाल पक्राउ परेको प्रेम प्रजाले कर्तव्य गरी मारेको भन्ने खुल्न आएको र प्रहरीले घटनास्थलबाट निजले लगाउने चप्पल च्यातिएको गन्जीको बाहुलासमेत फेला पारेको हुँदा मृतक सुनमाया प्रजालाई प्रेम चेपाङले नै कर्तव्य गरी मारेको हो भन्नेसमेत बेहोराको रनबहादुर प्रजाले गरेको घटना विवरण कागज।

१०. मिति २०७२।०९।२० गते राति अ.२१:०० समयमा सुनमाया प्रजा भिरबाट लडी मृत्यु भएको भन्ने सुनी थाहा पाएको हुँ। सोही क्रममा १२।१३ दिनपछि हाल पक्राउमा परेका प्रेम प्रजाले सुनमाया चेपाङलाई मैले कर्तव्य गरी मारेको भनी बताएको हुँदा उक्त कुरा अन्य मानिसहरू र मृतकको परिवारलाई जानकारी गराएकोमा गाउँका मानिसहरूले निजलाई पक्राउ गरी प्रहरीको जिम्मा लगाएको हो प्रहरीले घटनास्थलबाट निज प्रेम प्रजाले लगाउने चप्पल च्यातिएको, गन्जीको बाहुला तथा ढुङ्गासमेत बरामद गरेको हुँदा सुनमाया प्रजालाई निजले नै कर्तव्य गरी मारेको हो भन्नेसमेत बेहोराको प्रविता तामाङले गरेको कागज।

११. मिति २०७२।०९।२० गते अन्दाजी ११:०० बजेको समयमा हाल पक्राउमा परेका प्रेम प्रजाले १० वटा मारेको चमेरा लिई प्रति गोटा रु २५ को दरले मलाई बिक्री गरेको र निजले सोही पैसाले रक्सी किनेको हुँदा हामी दुवै जनाले मेरो घरमा नै रक्सी खाएको हो त्यसपश्चात् निज मेरो घरबाट गएका हुन् सोही क्रममा राति जाहेरवालाको आमा सुनमाया चेपाङ भिरबाट लडी मृत्यु भएको भन्ने सुनी म पनि घटनास्थलमा जाँदा मृत अवस्थामा सुनमाया प्रजाको लास देखेको हुँ। मृतक लास प्रहरीले मुचुल्का गरी पोस्टमार्टमको लागि हेटौँडातर्फ लगेको हो। केही दिनपश्चात् पक्राउ परेका प्रेम प्रजाले सुनमाया प्रजालाई मारेको सम्बन्धमा के भइरहेको छ भनी सोधेको हुँदा भनेकोले निजलाई गाली गरी किन मारेको भनी सोध्दा मलाई निजले झुटो

आरोप लगाएको कारणले कर्तव्य गरी मारेको हुँ भनी मलाई तथा गाउँ घरमा समेत भनिदिएकोले हामीहरूसमेत मिली निजलाई पक्राउ गरी प्रहरीको जिम्मा लगाएको र घटनास्थलबाट प्रेम प्रजाको चप्पल, गन्जीको बाहुलासमेत बरामद भएको हुँदा निजले कर्तव्य गरी मारेको हो भन्ने बेहोराको गोपाल घलानले गरेको कागज।

१२. मिति २०७२।०९।२० गते जिल्ला मकवानपुर काकडा गा.वि.स. वडा नं १ स्थित सानोखोला भन्ने स्थानको भिरमुनि खोल्साको बगरमा मृत अवस्थामा सुनमाया प्रजाको लास फेला परेको भन्ने थाहा पाई मलगायत गाउका मानिसहरू घटना स्थलमा जाँदा टाउकोमा चोटपटक लागेको अवस्थामा मृतक लास देखेको हुँ केही समय पछि प्रहरीहरू आई घटना स्थल तथा लास जाँच मुचुल्कासमेतको कार्य सम्पन्न गरी पोस्टमार्टमको लागि हेटौंडा अस्पताल लगेको हो। तत्काल मृतक सुनमाया चेपाङ भिरबाट लडेको ठानिएको भएता पनि पछि मृतक सुनमाया चेपाङलाई गाउँकै हाल पक्राउमा परी आएको प्रेम प्रजाले कर्तव्य गरी मारेको भन्ने खुल्न आएको र दुर्घटनास्थलबाट निज प्रतिवादीको चप्पल, गन्जीको बाहुलासमेत बरामद भएको तथा निज प्रेम प्रजाले समेत सुनमाया चेपाङ प्रजालाई मैले नै कर्तव्य गरि मारेको भनी स्वीकारसमेत गरेकोले मृतकको अन्य कुनै कारणले मृत्यु भएको होइन प्रतिवादी प्रेम प्रजाले नै भिरबाट लडाई ढुङ्गाले प्रहार गरी कर्तव्य गरी मारेको हो भन्नेसमेत बेहोराको दुर्गालाल प्रजा, सुर्यलाल प्रजा र वर्न बास प्रजासमेतले गरेको घटना विवरण कागज।

१३. मिति २०७२।१०।१४ गते जिल्ला मकवानपुर काँकडा गा.वि.स. वडा नं.१ स्थित सानोखोला भन्ने स्थानबाट बरामद भई आएको चिज वस्तुहरू मध्ये निलो रङ्गको चप्पल १ जोर, सेतो रङ्गको गन्जीको बाहुला मेरो हो र उक्त रगत लागेको ढुङ्गाले नै मैले मृतक सुनमाया प्रजालाई टाउकोमा प्रहार गरेको ढुङ्गा हो भनी प्रेम प्रजाले गरेको सनाखत कागज।

**प्रतिवादीको मौकाको बयानः**

१४. मिति २०७२।०९।२० गते बिहान अ.१०:०० बजेको समयमा म आफ्नै घरबाट खाना खाई राति मारेको चमेरालाई बिक्री गर्नको लागि भनी गोपाल घलान तामाङको घरमा गई निजलाई १० वटा चमेरा दिई निजको घरमा बसी हामी दुवै जनाले साढे २ बोतल रक्सी खाएको हो र उक्त स्थानबाट पुन: म माइला बिकको घरमा सक्सी खान जाँदा त्यहाँ मृतक सुनमाया चेपाङ प्रजा, लक्ष्मी माया प्रजा, रने प्रजाको बाबु र माइला बिकसमेत भई रक्सी खाई बसिरहेको अवस्थामा अन्य मानिसहरू गएपश्चात् मृतकले मलाई तैंले बुद्दराम चेपाङको श्रीमतीलाइ यौन सम्पर्क गरेको भनी झुटो आरोप लगाएको हुँदा हामी दुईजनाबीच वादविवाद भएको थियो र सोही क्रममा घर जाने बेला बाटोमा मृतकलाई मैले राम्रोसँग हिंड्नु लडिएला भनेकोमा निजले मलाई पुन: गाली गरेकोले झै-झगडा भई हातपातसमेत हुने क्रममा दुवैजना उक्त स्थानको भिरबाट लडिन पुगी मैले सोही स्थानमा रहेको झाडी बुट्टा समाई अडकिएँ। मृतकले मेरो बायाँ हातमा समाउने क्रममा गन्जीको बाउला च्यातिई छिनी मृतक भिरबाट तल लडेको हो। पछि म पनि तल गई सोही स्थानमा रहेको ढुङ्गाले टाउकोमा प्रहार गरी कर्तव्य गरी मारी उक्त

स्थानबाट भागी फरार भएको हुँ र लुकिछिपी बस्दै हिँडेको अवस्थामा गाउँका मानिसहरूले मृतकलाई मैले नै मारेको भन्ने शंका गरेको र खोजी गरेको छ भन्ने थाहा पाई गाउँले भाउजू नाता पर्ने लालबहादुर घलानको श्रीमतीलाई आफूले गरेको सम्पूर्ण घटनाबारे जानकारी गराइदिएको हुँ। मृतकलाई मैले कर्तव्य गरी मारेको हो भन्नेसमेत बेहोराको प्रतिवादी प्रेम चेपाङ प्रजाले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

**अभियोग मागदाबी**

१५. मिति २०७२।०९।२० गते बिहान अ.१०:०० बजेको समयमा प्रतिवादी प्रेम प्रजाले मृतक सुनमाया चेपाङसँग वादविवाद गरी भिरबाट खसाली टाउकोमा ढुङ्गाले प्रहार गरी मारेकोले निज प्रतिवादी प्रेम प्रजालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसुरमा सोही महलको १३(३)नं.बमोजिम सजाय गरी पाउँ भन्ने समेत बेहोराको अभियोग मागदाबी।

**प्रतिवादीले यस अदालतमा गरेको बयान**

१६. मिति २०७२।०९। २० गते बिहान मैले राति समातेको ७ वटा चमेरा बिक्री गर्न भनी गाउँदेखी केही तल रहेको भट्टी पसलमा गएको अवस्थामा उक्त चमेराहरू जम्मा रु.३०।- मा बिक्री गरी गाउँकै रने प्रजा, लक्ष्मी माया प्रजा, माइला वि.क. समेत भई रक्सी खाई म मृतकको छोरा रमेश चेपाङलाई भेट्न भनी गइरहेको अवस्थामा मृतक सुनमाया चेपाङ रक्सी खाई माती घाँस काट्न भनी गएकी रहिछन्। म र निज मृतकबीच बाटोमा भेट भएपछि मृतकले मलाई एक्कासी पञ्चमाया चेपाङलाई यौन सम्पर्क गरी भुँडी बोकाएको भनी झुठा आरोप लगाएको हुँदा भाउजू यस्तो कुरा नगर्नुहोस्, मैले त्यस्तो काम गरेको छैन भन्दा भाउजूले मलाई हिर्काएकोले हामी दुवैजनाबीच लछारपछार हुँदा हामी दुवैजना उक्त स्थानमा रहेको भिरबाट लडेको हुँदा मैले भिरमा रहेको झाडी बुटा समाई बसेँ। मृतकले मेरो बायाँ हातमा समाउने क्रममा गन्जीको बाहुलामा समाएको हुँदा बाहुला च्याती छिनी मृतक भिरबाट तल खहरे खोल्सामा बजारिन पुगेको हो र म पछि तल गई हेर्दा मृतक भाउजू घाइते अवस्थामा देखेको र मैले रक्सीसमेत खाएको अवस्था हुँदा भाउजूलाई मैले एकपटक ढुङ्गाले टाउकोमा हानिदिएकोमा भाउजूको तत्काल मृत्यु भयो। मैले भाउजूलाई पूर्वयोजना बनाई मार्छु भनी कर्तव्य गरी मारेको होइन। मृतकले मलाई झुठा आरोप लगाएको र हामी दुवैजना रक्सी खाएको हुँदा सोही कारण वादविवाद लछारपछार हुने क्रममा हामी दुवैजना भिरबाट लडेकोमा भाउजू तल खस्नुभई घाइते भएको र मैले घाइते भएको हेर्न नसकी रक्सीको नशाको सुरमा ढुङ्गाले प्रहार गरेको हुँ। मैले मृतक भाउजूलाई मार्ने मनसाय राखी पूर्वयोजना बनाई कर्तव्य गरी मारेको नहुँदा मलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी रमेश प्रजाले यस अदालतमा गरेको बयान।

**सम्बद्ध कानून**

१७. मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १ नं. र १३(३) नं. समेत।

**बुझिएका साक्षी प्रमाणहरू**

१८. मिति २०७२।९।२० गते बिहान १०:३० बजेको समयमा मेरो आमा सुनमाया चेपाङ गाउँ जान्छु भनी घरबाट निस्कनुभई बेलुकासम्म घरमा नआएपश्चात् बहिनी आमालाई खोज्न गएकी रहिछन्। करिब ७:०० बजेतिर बहिनी आई आमा लडे जस्तो छ भनेपश्चात् खोज्दै जाँदा सानो खोला भन्ने भिर भएको ठाउँमा बाटोभन्दा तल घाँस माडिएको देखी खोज्दै जाँदा मरेको अवस्थामा आमालाई भेटी छिमेकीहरूलाई खबर गरी तत्कालै ईलाका प्रहरी कार्यालय मनहरीमा समेत खबर गरेको हुँ। प्रतिवादी प्रेम प्रजाले मेरो आमालाई मारेको हुँ भनी गाउँ छिमेकमा भनी हिँडेकोले निज प्रतिवादीलाई नियन्त्रणमा लिई प्रहरीमा बुझाएको हुँ। मेरी आमालाई प्रतिवादी प्रेम प्रजाले नै मारेकाले अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको जाहेरवाला रमेश चेपाङ्गले यस अदालतमा गरेको बकपत्र।

१९. मिति २०७२।९।२० गते मृतक सुनमाया चेपाङ घाँस काट्न गएको अवस्थामा भिरबाट लडी मरेको होला भन्ने ठानी मृतकको लाससमेत बुझियो। केही दिनपछि प्रतिवादी प्रेम प्रजाले सुनमाया चेपाङलाई मैले मारेको हुँ भनी गाउँमा भन्दै हिँडेकोले गाउँलेहरूले निजलाई पक्राउ गरी प्रहरीमा खबर गरेका हुन्। निज प्रतिवादीले नै मृतक सुनमाया चेपाङलाई मारेको हुँदा कानूनबमोजिम सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको खानतलासी तथा बरामदी मुचुल्काका मानिस लक्ष्मी प्रजाले यस अदालतमा गरेको बकपत्र।

२०. मिति २०७२।९।२० गते म ५:०० बजे काम सकेर घर फर्केको मात्र थिएँ भिरबाट खोल्सामा मान्छे लड्यो भन्ने सुनेर हामी १०।१२ जना भेला भई जाँदा मृतक सुनमायाको मृत्यु भई सकेको थियो। मृतक सुनमायाको छोरा रमेश चेपाङ पनि त्यहीँ थियो अरू मलाई थाहा छैन भन्नेसमेत बेहोराको खानतलासी तथा बरामदी मुचुल्काका मानिस सिंगबहादुर वि.क.ले यस अदालतमा गरेको बकपत्र।

२१. मिति २०७२।९।२० गते घटना भई सकेपछि मात्र थाहा पाएको हुँ। पछि गाउँघरमा मृतक सुनमायाको हत्या प्रेम प्रजाले गरेको भनी सुनेको हुँ। अरू मलाई थाहा छैन भन्नेसमेत बेहोराको घटना विवरण कागजका मानिस गोपाल घलानले यस अदालतमा गरेको बकपत्र।

२२. मिति २०७२।९।२० गते मृतक सुनमाया चेपाङ घाँस काट्न जाँदा हराएको भन्ने सुनी मसमेत गाउँलेहरू गई खोजी गर्दा घटना भएको स्थानमा सुनमाया मृतक अवस्थामा थिइन्। घाँस काट्ने क्रममा भिरबाट लडेर निजको मृत्यु भएको होला भन्ने ठान्यौं। पछि प्रतिवादी प्रेम प्रजाले गाउँघरमा आई मृतक सुनमायालाई मैले मारेको हुँ भनेबाट निजले उक्त घटना घटाएको भन्ने कुरा थाहा भएकाले निजलाई कानूनबमोजिम सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको घटना विवरण कागजका मानिस सुर्यलाल प्रजाले यस अदालतमा गरेको बपकत्र।

२३. मिति २०७२।९।२० गते मृतक र प्रतिवादी प्रेम प्रजाबीच छिमेकी तेजबहादुर वि.क. को घरमा रक्सी खाई सामान्य वादविवाद भएको थियो। भिरको बाटोमा मृतक सुनमाया प्रजा

लडबडाउँदै हिंडेको देखी प्रतिवादीले भाउजू लड्नुहोला राम्रोसँग हिड्नुहोस् भनी पाखुरा समाउँदा मृतकले मलाई पनि अरूलाई जस्तै कार्य गर्न समातेको हो मेरो माइतीलाई भनेर तिमीलाई पिट्न मार्न लगाउँछु भनी आरोप लगाएकोले निजहरूबीचमा हात हालाहाल, धकेलाधकेल हुँदा दुवैजना भिरबाट लडेकोमा प्रतिवादी प्रेम प्रजाले रुख बुटा समाती अड्केको तर मृतक सुनमाया प्रजा भिरबाट लडेपछि पनि विभिन्न आरोप लगाएकीले प्रतिवादीले आवेशमा आई रिस नियन्त्रणमा लिन नसकी ढुङ्गा टिपी प्रहार गर्दा टाउकोमा लाग्न गई सुनमाया चेपाङको मृत्यु भएको हो। मार्नुपर्नेसम्मको रिसइवी झैझगडा केहीपनि थिएन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी कर्ण प्रजाले यस अदालतमा गरेको बकपत्र।

## यस अदालतबाट भएको ठहर

२४. नियमानुसार मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन् आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न सम्पूर्ण कागजात अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री श्यामहरी अधिकारीले प्रतिवादीले मृतकलाई ढुङ्गाले प्रहार गरी मारेको हुँ भनी कसुर गरेमा साबित भई बयान गरेको देखिँदा यी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्छ भनी बहस गर्नुभयो। त्यसैगरी प्रतिवादी प्रेम प्रजाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कमलबहादुर घिसिङ्गले घटना घटेको कुरामा विवाद छैन। मौका र अदालतको बयान मिल्छ। प्रतिवादीले अनुसन्धानलाई समेत सहयोग गरेका छन्। यो घटना भवितव्य हो। प्रतिवादीको अवस्था एवम् पूर्ण चरित्रसमेतलाई विचार गरी ज्यानसम्बन्धीको महलको ५ नं.बमोजिमको कसुर कायम गरी सजाय गरिपाउँ सो नभएमा ज्यानसम्बन्धीको महलको १४ नं.बमोजिम सजाय हुनुपर्छ। अभियोग दाबीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम सजाय हुनुपर्ने होइन भनी गर्नुभएको बहस सुनियो।

२५. यी प्रतिवादीउपर वादी नेपाल सरकारको तर्फबाट अभियोग मागदाबी लिंदा प्रतिवादी प्रेम प्रजाले मृतक सुनमाया चेपाङ्गसँग वादविवाद गरी भिरबाट खसाली टाउकोमा ढुङ्गाले प्रहार गरी मारेको कुरा स-प्रमाण पुष्टि हुन् आएकोले निज प्रतिवादी प्रेम प्रजालाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १ र १३(३) नं.बमोजिमको कसुरमा सोही महलको १३(३) नं.बमोजिम सजाय हुन् अभियोग मागदाबी लिएको देखीन्छ।

२६. उल्लिखित अभियोग मागदाबी भएको प्रस्तुत मुद्दामा यी प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसुर गरेका हुन् होइनन्? प्रतिवादी प्रेम प्रजालाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने हो होइन ? सोसम्बन्धमा निर्णय दिनुपर्ने देखीन आयो।

२७. निर्णयतर्फ विचार गर्दा सुरुमा मिति २०७२।९। २१ गते परेको जाहेरीमा आमा घाँस काट्न गएको अवस्थामा चिप्ली लडी मृत्यु भएकामा विस्वास लाग्छ। कसैले कर्तव्य गरी मारे

मराएको होइन भनी जाहेरी परेको देखीन्छ। मिति २०७२।१०।०६ गते परेको जाहेरीमा प्रेम प्रजाले सुनमाया चेपाङ्गलाई मैले नै भिरबाट लडाएर मारी दिएको हुँ भनी गाउँ छिमेकमा भनी हिँडेकोले निजलाई नियन्त्रणमा लिई कानूनबमोजिम कारबाही गरी पाउँ भनी रमेश प्रजाले प्रेम प्रजाउपर किटानी जाहेरी दिएको देखीन्छ। प्रतिवादी प्रेम प्रजाले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मृतकलाई ढुङ्गाले टाउकोमा प्रहार गरी कर्तव्य गरी मारेको हुँ भनी कसुर अपराध गरेमा साबित भएको देखीन्छ। त्यसैगरी यी प्रतिवादीले यस अदालतमा बयान गर्दा मृतक सुनमाया चेपाङ्गले मलाई अर्को महिलालाई भुँडी बोकायो भनी झुठ्ठा आरोप लगाएको र सोही क्रममा हामी दुवै जना लछार पछार हुँदा दुवै जना भिरबाट लडी भिरको बीचमा पुगेपछि म रुखमा अडकिएको र मृतकले मेरो हातको टिसर्टको बाहुला समातेकोमा बाहुला च्यातिन गई भिरबाट खसी बोल्न नसक्ने गरी घाइते भएकामा मैले हेर्न नसकी ढुङ्गाले प्रहार गर्दा मृतकको मृत्यु हुन् गएको हो भनी कसुर अपराध गरेमा साबित भई बयान बेहोरा लेखाएको देखीन्छ।

२८. जाहेरवालाले यस अदालतमा बकपत्र गर्दा मिति २०७२।१०।६ मा दिएको जाहेरी बेहोरा र त्यसमा भएको सहिछाप आफ्नो भएको कुरा उल्लेख गर्दै मृतक मेरो आमालाई यी प्रतिवादी प्रेम प्रजाले नै मारेका हुन् भनी बकपत्र गरेको देखीन्छ। त्यसैगरी खानतलासी तथा बरामदी मुचुल्काका मानिस लक्ष्मी प्रजाले यस अदालतमा बकपत्र गर्दा मृतकलाई यिनै प्रतिवादीले मारेका हुन् भनी बकपत्र गरेको देखीन्छ। त्यसैगरी घटना विवरण कागज गर्ने सूर्यलाल प्रजाले यस अदालतमा बकपत्र गर्दा प्रेम प्रजाले मृतकलाई आफूले मारेको हुँ भनी त्यस्तो अपराध गरेकाले निजलाई कानूनबमोजिम सजाय हुनुपर्छ भनी बकपत्र गरेको देखीन्छ।

२९. मिसिल संलग्न उल्लिखित तथ्य एवम् प्रमाण रहेको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट यी प्रतिवादीउपर मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १ र १३(३) नं.बमोजिमको कसुरमा सोही महलको १३(३) नं.बमोजिम सजाय हुन् मागदाबी लिएको देखीयो। प्रतिवादी प्रेम प्रजाले अनुसन्धान अधिकारी तथा यस अदालतमा बयान गर्दा मृतकसँग वादविवाद लछारपछार भई मृतक भिरबाट लडेपछि लडेको ठाउँमा गई हेरी मृत्यु नभएको अचेत अवस्थामा रहेको देखी ढुङ्गाले प्रहार गरी मारेको हुँ भनी बयान गरेको देखीन्छ। प्रतिवादीको उल्लिखित अदालत तथा अनुसन्धान अधिकारीसमक्ष भएको बयान बेहोराबाट यी प्रतिवादीले मृतक लडीसकेपछि सो ठाउँमा गई जिउँदै रहेको देखी त्यस्तो अवस्थामा त्यहाँबाट उद्धार गर्ने उपायको खोजी गरी सहायताको लागि अरूलाई खोज्नु पर्नेमा त्यसो नगरी अचेत अवस्थामा जिउँदै रहेकी घाइते मृतकलाई ढुङ्गाले प्रहार गरी मारेको भन्ने कुरा निजको बयानबाट देखीई प्रतिवादीले त्यस्तो कसुरमा साबित रहेको र जाहेरवाला घटना विवरण कागज गर्ने मानिस तथा खानतलासी तथा बरामदी मुचुल्काका मानिसहरूले समेत यस अदालतमा उपस्थित भई बकपत्र गर्दा मृतकलाई प्रेम प्रजाले मारेको हो भनी प्रतिवादीको बयान बेहोरा समर्थन हुने गरी बकपत्र गरेको देखिँदा यी प्रतिवादीले त्यस्तो कसुर अपराध गरेको होइनन् भन्न सकिएन।

३०. फौजदारी कसुरमा प्रतिवादीउपर लागेको कसुर अपराध प्रतिवादीले अनुसन्धानको क्रम तथा अदालतमा उपस्थित भई बयान गर्दा स्वीकार गरी साबित रहेको अवस्थामा प्रतिवादीको त्यस्तो

साबितीलाई निजका विरुद्धको खम्बिर एवम् महत्त्वपूर्ण प्रमाणको रूपमा लिनु पर्ने भई अन्य थप प्रमाण बुझिरहनुपर्ने अवस्था नपर्ने हुँदा यी प्रतिवादी प्रेम प्रजाले आफूउपरको त्यस्तो कसुर स्वीकार गरेको कुरा मिसिल संलग्न प्रमाणबाट देखिँदा निजले दाबीको कसुर गरेका होइनन् भन्न सकिएन।

३१. जहाँसम्म प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताले बहसका क्रममा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सजाय हुनु नपर्ने भई निज प्रतिवादीलाई सोही महलको ५ नं.बमोजिम भवितव्यमा या सो नभएमा ज्यानसम्बन्धीको महलको १४ नं.बमोजिम सजाय हुनुपर्ने हो भन्ने जिकिर छ सोसम्बन्धमा विचार गर्दा मुलुकी ऐन ज्यानसम्बन्धीको महलको ५ नं. मा भएको कानूनी व्यवस्था हेर्दा ज्यान लिने ईविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला जस्तो नदेखीएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ भनी उल्लेख भएको देखीन्छ। यी प्रतिवादी र मृतकबीच एक आपसमा कुनै विषयमा वाद विवाद भई लछारपछार भई लडेपछि प्रतिवादीले मृतक पछारिएको ठाउँमा गई हेर्दा मृतक सुनमाया प्रजालाई जिउँदै देखी ढुङ्गाले प्रहार गरी मारेको कुरा स्वीकार गरेको र घाइते अचेत अवस्थामा रहेकी सुनमायालाई बचाउनेतर्फ कुनै उपाय नसोची मानवीय भावनासमेत नराखी अचेत अवस्थामा रहेकी सुनमायालाई सिद्धाउनेतर्फ अग्रसर भई ढुङ्गाले टाउकोमा प्रहार गरेको अवस्था मिसिलबाट देखीएकोसमेतका आधारबाट त्यस बखत मृतक सुनमायालाई प्रहार गरेको कार्य मार्ने मनसाय एवम् उद्देश्यबाट प्रहार गरिएको नभई प्रतिवादीले गरेको कसुर ज्यानसम्बन्धीको महलको ५ नं.बमोजिमको कसुर हो भन्न सकिएन। प्रतिवादी र मृतकबीच प्रतिवादीको चरित्रसँग जोडिएको विषयमा वाद विवाद लछार पछार एवम् धकेलाधकेल भएको एउटा अवस्था हो भने सुनमाया लडी घाइते भएको अर्को अवस्थामा रहेकी घाइते व्यक्तिलाई अरू केही बचाउन सक्ने प्रयास या उपाय नखोजी नसोची अरू कसैलाई खबर नगरी मृतकलाई ढुङ्गाले प्रहार गर्ने कार्य ज्यान लिने ईविलाग वा मनसाय नरही गरेको कार्य हो भनी भन्न सकिने अवस्था पनि भएन। यस्तो स्थितिमा प्रतिवादीले गरेको कसुर भवितव्यभित्र पर्ने कसुर अपराध भनी भन्न मिलेन। त्यसैगरी प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ताले भवितव्य नभएमा ज्यानसम्बन्धीको महलको १४ नं.बमोजिम सजाय हुनुपर्ने भन्ने दाबी छ सोसम्बन्धमा ज्यानसम्बन्धीको महलको १४ नं. मा भएको कानूनी व्यवस्था हेर्दा ज्यान मार्नाको मनसाय रहेनछ ज्यान लिनु पर्नेसम्मको ईवि पनि रहेनछ लुकी चोरीकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थिम्न नसकी जोखिमी हतियारले हानेको वा बिष खुवाएकोमा बाहेक साधारण लाठा ढुङ्गा लात मुक्का इत्यादि हान्दा सोही चोट पिरले ऐनको म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्था देखीन्छ। यी प्रतिवादीले मृतकसँग निजको चरित्रसँग जोडीएको विषयमा वादविवाद हुँदाका अवस्थामा तत्काल ज्यान मर्नेसम्मको कार्य नगरी दुवै जनाले लछारपछार गर्दा भिरबाट

लडिसकेपछि घाइते भइसकेको अवस्थामा त्यस्तो अवस्थाकी मृतक सुनमायालाई यी प्रतिवादीले हेर्न गई सुनमायालाई घाइते अवस्थामा जिउँदै रहेको देखी निजलाई ढुङ्गाले प्रहार गरी मारेको कुरा स्वीकार गरेको र लडिसकेपछि घाइतेलाई सहयोग एवम् तत्काल गर्नुपर्ने मानवीय सहायतासमेत नगरी मार्नेसम्मको कार्य गरेको देखिँदा निज प्रतिवादीसँग मृतकले गरेको वादविवादको विषयको अध्यायसँग लडी घाइते अवस्थामा रहेकी मृतकलाई तत्काल उठेको रिसका कारण प्रतिवादीले प्रहार गरेको नभई अचेत अवस्थामा लडिरहेकी मृतकउपर यी प्रतिवादीबाट गरिएको त्यस्तो ढुङ्गा प्रहार पूर्व ईविलाग र मनसायपूर्वक गरी मृतकको मृत्यु हुन् गएको होइन भन्न नसकिएकोले प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको सो बहस जिकिरसँग समेत सहमत हुन् सकिएन।

३२. मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १ नं. मा भएको कानूनी व्यवस्था हेर्दा कानूनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न लगाउन वा मार्नको उद्योग गर्न हुँदैन भन्ने कानूनी व्यवस्था रहेको देखीन्छ। यस्तो कानूनी व्यवस्था रहेको अवस्थामा प्रतिवादीले मृतकलाई आफूले लडी सकेर घाइते अवस्थामा ढुङ्गाले प्रहार गरी मारेको तथ्यमा साबित रहेको र सो तथ्य मिसिल संलग्न अन्य प्रमाणबाट समेत समर्थित भइरहेको देखिँदा उल्लिखित कानूनी व्यवस्था एवम् संलग्न प्रमाणहरूसमेतको विश्लेषणबाट यी प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसुर गरेको देखीन आयो। मिसिल संलग्न रहेका प्रमाणहरूबाट देखीएको यस्तो अवस्थासमेतबाट यी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ताको बहस जिकिरलाई उल्लिखित विश्लेषणसमेतका आधारमा अन्यथा भन्न सकिएन।

अतः मिसिल संलग्न सम्पूर्ण प्रमाणहरूको अध्ययन एवम् विश्लेषण गर्दा यी प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसुर गरेको देखीन आएकोले निज प्रतिवादी प्रेम प्रजालाई अभियोग मागदाबीबमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहर्छ। सो ठहर्नाले अरू तपसिलमा लेखिएअनुसार गर्ने गरी मुलुकी ऐन अ.वं.१८६नं.बमोजिम प्रस्तुत फैसला गरेको छु।

## <u>तपसिल</u>

प्रतिवादी प्रेम प्रजालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको दफा १३ (३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरेकोले निज प्रतिवादीको अंश भाग सर्वस्व गर्नु र निज प्रतिवादीलाई लागेको कैद सजायको हकमा निज मिति २०७२।१०।५ गते पक्राउ परी अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रही यस अदालतको मिति २०७२।११।२ को आदेशानुसार मुद्दा पुर्पक्षको लागि थुनामा रहेको देखिँदा निजलाई लागेको कैद सजाय पक्राउ परेको मितिबाट कैद कट्टी मिनाहा दिई कानूनबमोजिम कैद म्याद ठेकी असुल गर्नु भनी तहसिल फाँटमा लगत दिनु..........................१

बरामद भई दशीको रूपमा पेस हुन् आई यस अदालतको जिन्सी ल.नं. ४४६ मिति २०७२।११।३ मा जिन्सीमा आम्दानी बाँधिएको चप्पल र गन्जीको बाहुला पुनरावेदनको अवस्था नाघी मुद्दा अन्तिम भएपछि कानूनबमोजिम नस्ट गर्नु भनी तहसिल फाँटमा लगत दिनु........................................२

प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, हेटौंडामा पुनरावेदन गर्न जानु भनी प्रतिवादी प्रेम प्रजालाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ (१)बमोजिम पुनरावेदनको म्याद दिनु..............................................................................................................३

फैसलाको प्रतिलिपिसहित जिल्ला सरकारी वकिल कार्यालय मकवानपुरलाई फैसलाको जानकारी दिनु..................................................................................................................४

सरोकारवालाले नक्कल माग गरे लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनु............................५

दायरीको लगत कट्टा गरी फैसला अपलोड गरी मिसिल पुनरावेदन परे पुनरावेदन साथै राखी पुनरावेदन नपरे प्रतिवादी प्रेम प्रजालाई सर्वस्वसहित जन्मकैद हुने ठहरेकोले निजको हकमा **साधक सदरको** लागि श्री पुनरावेदन अदालत, हेटौंडामा पठाइदिनु भनी अभिलेख शाखामा बुझाइदिनु ............................६

जिल्ला न्यायाधीश

**फैसला तयार गर्न सहयोग गर्ने**
ना.सु. राजन अर्याल
कम्प्युट अपरेटरः- पद्मा आचार्य
फाँट मुद्दा (२)
पाना १५ को फैसला
**इति संवत् २०७३ साल जेठ महिना ०६ गते रोज ५ शुभम् .........................................**

**श्री मकवानपुर जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री नारायणप्रसाद पौडेल**
**फैसला**
**मुद्दा नं. ०७२-CR-०३१२**
**निर्णय नः २२१**

**मुद्दा :- अवैध साल काठ (चिरान) ओसारपसार**

**वादीको नाम, थर र वतन**
अस्थायी प्रहरी पोस्ट हटियाको जाहेरीले
नेपाल सरकार...................................१
ऐ.को प्रमाण
साक्षीः
कागजः

**प्रतिवादीको नाम, थर र वतन**
जिल्ला मकवानपुर ठिंगन गा.वि.स वडा नं. ५ बस्ने वर्ष ४५ को **दर्जाबहादुर गोले**.........................१
जिल्ला मकवानपुर मकवानुरगढी गा.वि.स वडा नं.३ बस्ने वर्ष ३० को **रत्नबहादुर स्याङतान**.............१
जिल्ला मकवानपुर छतिवन गा.वि.स वडा नं. ५ बस्ने वर्ष ४० को **औत ब्लोन भन्ने धनबहादुर ब्लोन**......................................................१
जिल्ला मकवानपुर हेटौंडा उप-महानगरपालिका वडा नं. ५ बस्ने वर्ष ४३ को **प्रमोदकुमार साह.........**१
ऐ.को प्रमाण
साक्षीः
कागजः

**अदालतबाट बुझेको**
प्रमाण :
कागज :

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.वं. २९ नं.बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रै दायर हुन् आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य तथा ठहर यसप्रकार रहेको छ।

**तथ्य खण्ड**

१. मिति २०७२।१०।२३ गते अन्दाजी बिहानको ९:१५ बजेको समयमा चेक जाँच गर्ने क्रममा ठिंगन ५ थलीबाट हेटौंडा आउँदै गरेको ना.१ज ३६९२ नं. को टाटा कम्पनीको डि आई भ्यानबाट ५० थान सालको कडी भेटिएकोले कडीसहित गाडी र पक्राउ परेका मानिसलाई ईलाका वन कार्यालय चिसापानीमा पठाइएको बेहोरा अनुरोध छ भनी अस्थायी प्रहरी पोस्ट हटियाको च.नं. १११ मिति २०७२।१०।२३ को जाहेरी पत्र।

२. मिति २०७२।१०।२३ गतेका दिन बिहान करिब ९:१५ बजेको समयमा जिल्ला मकवानपुर ठिंगन गा.वि.स वडा नं. ५ थलीबाट हेटौंडा आउँदै गरेको ना.१ज ३६९२ नं. को सेतो रङ्गको टाटा पिकअप गाडी हेटौंडा उ.म.न.पा वडा नं. २१ स्थित त्रिसुले भन्ने स्थानमा प्रहरीले चेकजाँच गर्दा उक्त पिक अपमा साल जातको चिरान काठ फेला परेको हुँदा चालक जिल्ला मकवानपुर गढी गा.वि.स वडा नं. ३ छाप बस्ने वर्ष ३० को रत्नबहादुर स्याङतान र उक्त गाडीमासँगै यात्रा गरी आएका काठ धनी जिल्ला मकवानपुर ठिंगन गा.वि.स वडा नं. ५ पिपलडाँडा बेसी बस्ने वर्ष ४५ को दर्जबहादुर गोलेलाई नियन्त्रणमा लिई काठहरू अनलोड गरी नाप जाँच गरेको मिति २०७२।१०।२३ को घटनास्थल बरामदी मुचुल्का।

३. मिति २०७२।१०।२३ गतेका दिन बिहान करिब ९:१५ बजेको समयमा जिल्ला मकवानपुर ठिंगन गा.वि.स वडा नं. ५ थलीबाट हेटौंडा आउँदै गरेको ना.१ज ३६९२ नं. को टाटा पिकअप गाडी हेटौंडा उ.म.न.पा वडा नं.२१ स्थित त्रिसुले भन्ने स्थानमा बरामद भएको सालको तयारी चौकस थान ५० को वन नियमावली २०५१ को अनुसूची २बमोजिम रु.२३,९७६।- बिगो कायम गरिएको बिगो तालिका।

४. प्रतिवादी दर्जबहादुर गोलेका नाममा दर्ता भएको ठिंगन ९ कित्ता नं. ३८३ को क्षेत्रफल १०-६-३-२ को जग्गामा सालको रुख थिएन। निजको उक्त बारीको कन्लाको डिल डिलमा खन्यु, कुटमिरो, डुम्रि आदि जातको डाले घाँसको बोटहरू मात्र छ। निजले उक्त काठ कहाँबाट ल्याएको हो मलाई थाहा छैन भन्नेसमेत बेहोराको मनमाया भुलनसमेतले गरेको पाना ३ को मुचुल्का।

५. मैले सञ्चालन गर्दा प्राइभेट नम्बर भएको ना.२च १५३७ थियो। मैले सो गाडी जिल्ला मकवानपुर हेटौंडा उ.म.न.पा वडा नं. ३ देवीपथ बस्ने मानबहादुर शाहीको नाति कान्छा शाहीको छोरा वर्ष ४५ को राजेन्द्रकुमार शाहीलाई घरसारमा बिक्रीनामा कागज बनाई मिति २०६७ साल वैशाख २९ गतेमा बिक्री गरेको थिएँ। उक्त ना.२च १५३७ नम्बरको गाडी मैले राजेन्द्रकुमार शाहीलाई बिक्री गरेपछि निजले उक्त प्राईभेट नम्बरको गाडीलाई भाडाको नम्बर प्लेटमा परिवर्तित गराई ना.१ज ३६९२ नं. कायम गराई कुखुरा ओसार्ने प्रयोग गर्दै आएका थिएँ। हाल उक्त नं. को गाडी उसैले सञ्चालन गरेको हो वा अरू कसैलाई जिम्मा दिएको हो निज राजेन्द्रकुमार शाहीसँग बुझ्नुपर्दछ भनी राजेन्द्र मुक्तानले मिति २०७२।११।०८ मा गरेको बिक्रीनामा कागजसहितको बयान।

६. मिति २०६७।०१।२९ मा राजेन्द्र मुक्तानसँग खरिद गरेको हो। मैले राजेन्द्र मुक्तानसँग बिक्रीनामा कागज लेखी लेखाई खरिद गरेको थिएँ। मैले खरिद गर्ने समयमा उक्त गाडी किन्दा प्राईभेट नं. ना.२च १५३७ थियो। मैले भाडाको गाडी नं. ना.१ज ३६९२ परिवर्तन गराएको थिएँ। मैले उक्त ना.१ज ३६९२ नं. को गाडी प्रमोदकुमार साहलाई मिति २०७२।०३। ०३ मा बिक्रीनामा कागज बनाई बिक्री गरिसकेको छु। हाल निज प्रमोदकुमार साहले नै सञ्चालन गर्दै आएको छ भनी जिल्ला मकवापनुर हे.उ.म.न.पा वडा नं.

३ देवीपथ बस्ने वर्ष ४५ को राजेन्द्रकुमार साहले मित २०७२।११।०९ मा गरेको बिक्री नामा कागज सहितको बयान।

७. प्रहरी कर्मचारीहरूले हटिया स्थित त्रिशुले भन्ने स्थानमा चेक जाँच गर्ने क्रममा ना.१ज ३६९२ नं. को गाडीमा दर्जाबहादुर गोले र रत्नबहादुर स्याङतानलाई पक्राउ गरेको हो। पक्राउ परेको गाडीमा मकै, धान र काठ लोड भएको अवस्थामा थियो। उक्त काठ कसले कहाँबाट ल्याए, गाडीको कसले सञ्चालन गरेको छ थाहा भएन भन्ने भरत घिसिङ्गसमेत जना ५ ले मिति २०७२।११।१४ मा गरेको सर्जमिन मुचुल्का।

## प्रतिवादीहरूको मौकाको बयान

८. मिति २०७२।१०।२३ गते शनिबार पिपलडाँडा स्थित मेरो आफ्नो घरको छेउको सडकमा ना.१ज ३६९२ नं. को पिकअप गाडीमा साल चिरान काठ लोड गराई त्रिपाल र बोराले छोपी जिल्ला मकवानपुर हेटौंडा उ.म.न.पा ११ स्थित सिमलटार ल्याउन लाग्दा हटिया अस्थाई प्रहरी चौकी त्रिशुलेमा गाडी रोकी चेकजाँच गर्दा सालको चिरान काठ फेला परेकाले म र उक्त गाडीको ड्राइभर रत्नबहादुर स्याङतानलाई वन कार्यालयमा बुझाएको हो। उक्त ना.१ज ३६९२ नं. को गाडीमा साल जातको चिरान चौकस ल्याएको हो। गाडीमा लोड गर्दा मेरो बच्चाहरूले लोड गरेकाले थान यकिन थिएन। गाडी पक्राउ परेपछि अनलोड गरी नाप जाँच गर्दा ६ फुटे लम्बाइ ५० वटा फेला पऱ्यो। छतिवन ५ गोठ खोलाबाट ठिङ्गन ५ पिपलडाँडा जोड्ने मोटरबाटो खन्ने क्रममा मेरो पिपलडाडा बेसी स्थित घर छेउको नम्बर बारीमा रहेका रुख डोजरले पन्छाएको रुखबाट चिरान गरेको चौकस हो। उक्त काठ हेटौंडा उ.म.न.पा ११ स्थित सिमलटारमा आफ्नो घर बनाउनको लागि ल्याउँदै थिएँ। मसँग कुनै किसिमको आदेश वा इजाजत छैन। जिल्ला मकवानपुर छतिवन ५ स्थित थली बस्ने अन्दाजी वर्ष ४० को औत ब्लोनसँग कुरा गरेको थिएँ। निज उक्त गाडीको थलीको इन्चार्ज हो। मैले रु.२,०००।- देखी २,५००।-सम्म भाडा दिने प्रस्ताव राखेको थिएँ। निज औत ब्लोनले हेटौंडा पुऱ्याउने आश्वासनमा उक्त काठ लोड गरी ल्याएको हो भनी प्रतिवादी दर्जाबहादुर गोलेले अनुसन्धानको क्रममा मिति २०७२।१०।२५ को बयान।

९. मिति २०७२।१०।२३ गते मैले चलाएको ना.१ज ३६९२ नं. को टाटा डि.आई. पिकअप गाडीमा ठिंगन ५ पिपलडाँडाबाट हेटौंडातर्फ आउँदै गर्दा बिहान करिब ९:१५ बजेको समयमा त्रिशुले स्थित अस्थायी पोस्ट अगाडि प्रहरीले चेकजाँचको क्रममा साल जातको चिरान काठ फेला पारी वन कार्यालयमा बुझाएको हो। उक्त गाडीमा बरामद काठसँगै पक्राउ परेका प्रतिवादी दर्जाबहादुर गोलेको हो। उक्त काठ पिपलडाँडामा लोड भई हेटौंडा ११ सिमलटारमा ल्याउन लागेको थियो। ६ फुटे ५० थान साल काठ चिरान बरामद भएको हो। मिति २०७२।१०।२३ गते बिहान करिब ५:३० बजे म र दर्जाबहादुर गोले र मामा भन्ने

थलीको गाडी इन्चार्ज छतिवन ५ बस्ने धनबहादुर ब्लोनसँग सँगै थलीसम्म आयौं। हटियामा प्रहरीले गाडी आफ्नो नियन्त्रणमा लिएपछि मामा र अन्य यात्रुहरू झरेर बस ट्याक्टरमा आए मलाई उक्त गाडीमा काठ लोड भएको कुरा थाहा थिएन। बरामद ना.१ज ३६९२ नं. को गाडी हेटौंडा उ.म.न.पा १३ बस्ने राजेन्द्र मुक्तानको हो। उक्त गाडी मैले प्रमोदकुमार साहबाट म र मामाले जिम्मा लिई हेटौंडाबाट ठिंगन ५ पिपलडाँडासम्म चलाउँदै आएको थियौं। मलाई उक्त काठ लोड गराउन गाडी साहु वा अन्य कसैले भनेको थिएन भनी प्रतिवादी रत्नबहादुर स्याङतानले मिति २०७२।१०।२५ मा अनुसन्धानमा बयान।

१०. नम्बरी आवादीको भनेपछि सजाय कम हुन्छ भनेर आवादीको भनेको हुँ। मैले काटेको रुख सेती सामुदायिक वनभित्रको ढलेको रुख हो। काठ कसैसँग नसोधी आफूखुसी काटी चिरान गरी ल्याएको हुँ। काठ लोड गर्न गाडी धनी औत ब्लोनसँग कुरा गरेको थिएँ। सबैले त्यसैलाई गाडी धनी भन्थे, निजसँग रु.२,५००।- भाडा तय गरेको थिएँ भन्ने बेहोराको प्रतिवादी दर्जाबहादुर गोलेको तातिम्बा बयान।

### अभियोग मागदाबी

११. प्रतिवादी दर्जाबहादुर गोले, रत्नबहादुर स्याङतान, औत ब्लोन भन्ने धनबहादुर ब्लोन र प्रमोदकुमार साहले अवैध साल जातको काठ ओसारपसार गरी वन ऐन, २०४९ को दफा ४९(घ) को कसुर गरेकाले निजहरूलाई सोही ऐनको दफा ५०(१) (घ) (४) को सजाय गरी तथा सोही दफा ५०(१) (घ)बमोजिम बरामद बिगो जफत गरी काठ ओसारपसारमा प्रयोग भएको ना.१ज. ३६९२ नं. को सवारी साधन सोही ऐनको दफा ६६बमोजिम जफत गरिपाउँ भन्ने अभियोग मागदाबी।

### प्रतिवादीहरूको अदालतमा भएको बयान

१२. मैले मेरो ६।७ वर्ष अगाडि फास्ट ट्र्याक खन्दा मेरो बारीमा रहेको सालको रुख डोजरले खनी लडाएको थियो। २०७२ को भूकम्पमा परी मेरो घर भत्किएको हुँदा सो सालको रुख कुही सडीगली आगोले खाई नष्टसमेत हुने भएकाले मैले हेटौंडा वडा नं. ११ सिमल्टार स्थित सुकुम्वासी वस्तीमा घडेरी लिएकोले सो घडेरीमा टहरो हाली बाल वच्चाहरूलाई पढाउनको लागि बनाउन भनी लागेको र मैले उक्त आफ्नो बारीमा लडेको सालको रुख हाते आरोले चिरी घरमा राखेको थिएँ। सोही काठ मैले ना.१ज. ३६९२ नं. को टाटा कम्पनीको भ्यानमा राखी ल्याउँदै गर्दा प्रहरीले मलाई हटिया भन्ने ठाउँमा पक्राउ गरी जिल्ला वन कार्यालयमा बुझाएको हो। उक्त काठ मैले आफ्नै भएको र आफ्नै टहरोमा झ्याल ढोका राख्नको लागि ल्याएको हुँ। बिक्री वितरण गर्न ल्याएको होइन। पुरानो काठ ल्याउन मलाई अनुमति चाहिन्छ भन्ने कुरा थाहा थिएन। उक्त काठ ल्याउन मैले गाडी चालक रत्नबहादुर स्याङ्तानलाई रु.२,५००।- देखी रु. ३,०००।-सम्म ज्याला दिउँला भनी ल्याएको हुँ। काठमा निशान टाँचा ओसारपसार गर्ने अनुमति पत्र छैन। पुरानो आफ्नै घरको काठ हुँदा मैले आफ्नै घर बनाउन लान लागेको भनी गाडी चालकलाई भनेको थिएँ। मैले अवैध रूपमा सरकारी वनबाट

काठ चिरान गरी ल्याएको होइन भन्नेसमेत बेहोराको प्रतिवादी दर्जाबहादुर गोलेले यस अदालतमा गरेको बयान।

१३. मैले ना.१ज. ३६९२ नं. को डि आई भ्यान करिब १ महिनादेखी हेटौंडाबाट ठिंगन वडा नं. ५ पिपलडाँडासम्म यात्रु तथा दोकानको सामानहरू ओसारपसार गर्ने कार्य गरी आएको र दर्जाबहादुर गोलेले मलाई सामान हेटौंडामा लानु छ भनी बोलाएकोले मिति २०७२।१०।२२ गते बेलुका मैले गाडी चलाई लगी निजको घरमा वास बसें। भोलिपल्ट बिहान गाडीमा मकै र धान लोड गरेको भनेपछि मैले गाडी चलाई ल्याउने क्रममा हेटियामा प्रहरीले गाडी खानतलासी गर्दा चिरान काठ फेला पारेको हो। उक्त काठ मैले चलाई ल्याएको गाडीमा छ भन्ने कुरा मलाई थाहा थिएन। दर्जाबहादुर गोलेले पनि भनेका थिएनन्। मलाई कुनै भाडा दिन्छु भनेका पनि थिएनन्। उक्त गाडीको मैले प्रमोद साहलाई हिसाब किताब बुझाउने गरेको छु। को कसको नाउँमा छ मलाई थाहा छैन। बरामद काठ मैले जानी जानी गाडीमा लोड गरी ल्याएको होइन भन्नेसमेत बेहोराको प्रतिवादी रत्नबहादुर स्याङतानले यस अदालतमा गरेको बयान।

१४. मैले ना.१ज. ३६९२ नं. को डि आई भ्यान राजेन्द्रकुमार साहीसँग २०७२ साल अषाढमा ७,२५,०००।- खरिद गरी लिई मासिक रूपमा रु. ५०,०००।- तिर्ने गरी घरसारको कागज गरी लिई रत्नबहादुर स्याङतानलाई चालकको रूपमा राखी गाडी सञ्चालन गर्दै आएको थिएँ। मिति २०७२।१०।२३ गते मेरो उक्त गाडीले अवैध सालकाठ ओसारपसार गरेको भनी प्रहरीले पक्राउ गरेको कुरा सुनी थाहा पाएको हुँ। मैले आफूले सञ्चालन गरेको गाडीमा कानूनले निषेधित गरेका चीजवस्तु ओसारपसार गर्न लगाएको होइन। के कसरी गाडी चालकले ओसारपसार गरे मलाई थाहा छैन। चालकले मसँग उक्त दिन गाडीमा काठ ल्याउने भन्ने कुरा भनेका थिएनन्। मैले गाडीमा काठ ल्याएको भन्ने कुरा पछि मात्र सुनी थाहा पाएको हुँ। मेरो गाडीमा मेरो मन्जुरी बिना चालकले काठ ल्याएको हुँदा मलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने होइन र बरामद गाडी जफत हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी प्रमोदकुमार साहले यस अदालतमा गरेको बयान।

१५. प्रतिवादी औत ब्लोन भन्ने धनबहादुर ब्लोनका नाउँमा यस अदालतबाट ३० दिने म्याद जारी भएकामा निज प्रतिवादी म्यादभित्र हाजिर हुन् नआई सुरु म्यादै गुजारी बसेको देखीन्छ।

१६. प्रतिवादीहरू दर्जाबहादुर गोले र रत्नबहादुर स्याङतानलाई पछि ठहरेबमोजिम हुने गरी क्रमशः ४८,०००।- र १२,०००।- धरौट जमानत माग भई बरामद काठ र बरामद सवारी साधन लिलाम बढाबढ गरी लिलाम बढाबढबाट आएको रकम यस अदालतको धरौटी खातामा आम्दानी बाँध्नु भन्ने यस अदालतको मिति २०७२।११।२० गतेको थुनछेक आदेश।

१७. प्रतिवादी प्रमोदकुमार साहलाई तारेखमा राखी मुद्दा पुर्पक्ष गर्नु भन्ने यस अदालतको मिति २०७३।०१।०९ गतेको थुनछेक आदेश।

### बुझिएका साक्षी प्रमाणहरू

१८. मिति २०७२।१०।२३ गते अन्दाजी ९:१५ बजेको समयमा चेकजाँचको क्रममा ठिंगन गा.वि.स वडा नं. ५ थली भन्ने स्थानबाट हेटौंडातर्फ आउँदै गरेको ना.१ज ३६९२ नं. को पिकअप भ्यानबाट ५० थान सालको कडी सहित सो भ्यानका चालक रत्नबहादुर गोले र काठ धनी दर्जाबहादुर गोलेलाई पक्राउ गरी इलाका वन कार्यालय चिसापानीमा बुझाएका हौं। उक्त समयमा मेरो कमान्डमा प्र.ह कुमार थापा र प्र.ज पुरुषोतम सिंखडासमेतको टोलीले उल्लिखित काठ बरामद गरेको हो भन्नेसमेत बेहोराको प्रतिवेदक प्र.स.नि गणेशप्रसाद सिंहले यस अदालतमा गरेको बकपत्र।

१९. यस मुद्दामा प्रहरी पोस्ट हटियाबाट काठको ५० थान कडीसहित पक्राउ परेका प्रतिवादीहरू रत्नबहादुर स्याङतान र दर्जबहादुर गोलेलाई हामीसमक्ष बुझाइसकेपश्चात् अनुसन्धान गर्ने क्रममा प्रतिवादी दर्जाबहादुर गोलेले उक्त बरामद काठ मेरो निजी आवादी जग्गाभित्रको हो भनी गरेको बयानअनुसार निजको भनिएको आवादी जग्गामा मसमेतको टोलीले बुझ्दा उक्त स्थानमा सालको रुखलगायत निजले भनेबमोजिमका रुखका ठुटाहरूसमेत रहेको पाइएन। उक्त काठ सेतीदेवी सामुदायिक वनबाट काटी ओसार पसार गर्दै गरेको अवस्थामा निज दर्जाबहादुर गोले र काठ ओसार पसार गर्ने चालक रत्नबहादुर स्याङतान पक्राउ परेको हो भन्नेसमेत बेहोराको सहायक वन अधिकृत राकेशप्रसाद चन्द्रवंशीले यस अदालतमा गरेको बकपत्र।

२०. प्रतिवादी दर्जाबहादुर गोलेको घरछेउको सालको रुख बाटो खन्दा मेसिन लाउने क्रममा ढलेको हुनाले उक्त काठ चिरी हेटौंडा थाना भर्याङ्गमा आफ्नै घर बनाउनको लागि ल्याउँदै गर्दा बरामद भएको हो। उक्त काठ सुकेको किराले खाएको प्वालहरू परेको थियो। बरामद काठ सामुदायिक उपभोक्ता समितिको पनि होइन भन्नेसमेत बेहोराको प्रतिवादी दर्जाबहादुर गोलेका साक्षी बुद्धिमान गोलेले यस अदालतमा गरेको बकपत्र।

२१. प्रतिवादी रत्नबहादुर स्याङतान चालक व्यवसाय गर्ने मानिस हुन्। निज त्यस्तो काठ ओसार पसार गर्ने खालका मानिस होइनन्। निजलाई आफूले चलाएको गाडीमा काठ रहेको थियो भन्ने थाहा थिएन भन्ने प्रतिवादी रत्नबहादुर स्याङतानका साक्षी विष्णुबहादुर सिंहानले यस अदालतमा गरेको बकपत्र।

२२. प्रतिवादी प्रमोदकुमार साह असल मानिस हुन्। निजलाई मुद्दाको सम्बन्धमा केही थाहा छैन। निजले विश्वासमा गाडीको सबै जिम्मा प्रतिवादी रत्नबहादुर स्याङतानलाई दिएको थियो। उक्त गाडीमा के कस्तो माल सामानहरू ओसार पसार गर्छन् प्रमोदकुमार शाहलाई थाहा नहुने हुँदा निजलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी प्रमोदकुमार साहको साक्षी रंजित साहले यस अदालतमा गरेको बयान।

## सम्बद्ध कानून

२३. वन ऐन, २०४९ को दफा ४९(घ) , ५०(१) (घ) (४) र दफा ५०(१) (घ) र दफा ६६ समेत

## अदालतको ठहर

२४. नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन् आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता यामबहादुर वानियाले प्रतिवादीमध्येका दर्जाबहादुर र रत्नबहादुर बरामद काठ सहित पक्राउ परेका छन्। बरामद भएको काठमा टाँचा निसानासमेत केही नभएको, अवैध साल जातको बरामद काठ प्रतिवादी दर्जाबहादुर गोलेले राष्ट्रिय वनबाट कटान गरेको कुरा प्रतिवादीको मौकाको बयानबाट खुलेको, निजले आफ्नो बारीको काठ भने पनि निजको बारीमा उक्त जातको काठ नरहेको भन्ने सर्जमिनबाट देखीएको, प्रतिवादी रत्नबहादुर स्याङतानसमेत सँगै गई सँगै बसि भोलिपल्ट गाडी चलाई ल्याएको तथा फरार प्रतिवादीसमेत सँग गाडीमा काठ ल्याउँदा भाडाको कुरा गरेको तथा गाडी साहुसमेतको संलग्नतामा अवैध काठ ओसार पसार गरेको अवस्था हुँदा यी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरी बरामद काठ एवम् गाडी जफत गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

२५. प्रतिवादी दर्जाबहादुर गोलेको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद अर्यालले मेरो पक्षले बरामद काठ फास्ट ट्र्याक खन्दा ढलेकोले सोही रुखको काठ चिरान गरेर ल्याएको हो। प्रतिवादीलाई काठ ओसारपसार गर्न पुर्जी चाहिन्छ भन्ने जानकारी नभएको, बरामद भएको काठ राष्ट्रिय वनभित्रको हो भनी वादीले प्रमाणित गर्न नसकेको, प्रतिवादीले अनुसन्धान र अदालतमा आफ्नो बारीको काठ लिई आएको कुरा स्वीकार गरेको अवस्था हुँदा निजलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भनी बहस गर्नुभयो।

२६. प्रतिवादी रत्नबहादुर स्याङतान र प्रमोदकुमार साहको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री अज्मीर के.सी. ले मेरो पक्षमध्ये रत्नबहादुर स्याङतानलाई सह-प्रतिवादीले आफ्नो गाडीमा काठ लोड गरेको भन्ने कुरा जानकारी गराएका छैनन्। त्यस्तै पोल बयान गरेका पनि छैनन्। यी प्रतिवादी कसुरमा इन्कार रही बयान गरेका छन्। सर्जमिनलगायतका मानिसले समेत निजको कसुरमा संलग्नता नदेखाएकोमा गाडी साहुले सामान लिन पठाएको र सामान लोड गरी लिई आएको अवस्थामा पक्राउ परेपछि काठ लोड रहेछ भन्ने थाहा हुन् आएको अवस्था छ। त्यस्तै प्रतिवादी प्रमोदकुमार साहले आफ्नो गाडीमा अवैध काठ राख्न, ओसार पसार गर्न गाडी चालकलाई अनुमति दिएको अवस्था छैन। अवैध साल काठ यी प्रतिवादीले आफ्नो गाडीमा ओसार पसार गर्न अनुमति दिएको भन्ने कुरा मिसिल संलग्न कागजबाट नदेखिँदा एवम् चालक रत्नबहादुर स्याङतानसमेत गाडी साहुलाई केही नभनी निजले नै गाडी जिम्मा लिएको अवस्थामा

गाडी जफत हुनुपर्ने र प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भनी बहस गर्नुभयो।

२७. उपर्युक्त बहस, अभियोग दाबी र मिसिल संलग्न कागज प्रमाणको मूल्याङ्कन गरी अध्ययन गरी हेर्दा **प्रतिवादीहरूले अभियोग मागदाबीअनुसारको कसुर अपराध गरेका हुन्, होइनन् ? अभियोग दाबी पुग्न सक्छ, सक्दैन ? बरामद भई आएको काठ तथा पिकअप भ्यान जफत हुने हो, होइन ? भन्ने निर्णय गर्नुपर्ने देखीयो।**

२८. प्रतिवादी दर्जाबहादुर गोले, रत्नबहादुर स्याङतान, औत ब्लोन भन्ने धनबहादुर ब्लोन र प्रमोदकुमार साहले अवैध साल जातको काठ ओसारपसार गरी वन ऐन, २०४९ को दफा ४९(घ) को कसुर गरेकाले निजहरूलाई सोही ऐनको दफा ५०(१) (घ) (४) को सजाय गरी दफा ५०(१) (घ)बमोजिम बरामद काठ जफत गरी काठ ओसारपसारमा प्रयोग भएको ना.१ज. ३६९२ नं. को सवारी साधन सोही ऐनको दफा ६६बमोजिम जफत गरिपाउँ भन्ने अभियोग मागदाबी रहेको देखीन्छ।

२९. ना.१ज ३६९२ नं. को गाडीमा हाते आरोले चिरान गरिएको काठहरू रातो रङ्गको प्लास्टिकको त्रिपालले छोपी माथिबाट मकै र धानको बोराहरू राखी ल्याएको अवस्थामा २१.४१ क्यु फिट सालको काठ र गाडी बरामद गरी प्रतिवादीहरू दर्जाबहादुर गोले र रत्नबहादुर स्याङतानलाई पक्राउ गरी रोहवरमा राखिएको मिति २०७२।१०।२३ को बरामदी मुचुल्काबाट देखीन्छ। साथै काठ ओसार पसारमा प्रयोग भएको सवारी साधनसमेत जफत हुन् दाबी लिइएको अवस्था छ। प्रतिवादीहरू रोहवरमा रही भएको बरामदी मुचुल्का रीतपूर्वककै देखीन आएको पाइन्छ।

३०. बरामद भएको काठको विभिन्न साइजका ५० थानको २९। ९७ क्यु फिट गोलियामा परिणत गर्दा हुन् आएको परिमाणको बिगो रकम रु. २३, ९७६।- कायम भएको मिति २०७२।१०।२४ को बिगो तालिकाबाट देखीएको छ।

३१. प्रतिवादी प्रमोदकुमार साहको हकमा हेर्दा प्रतिवादी दर्जाबहादुर गोलेले साल जातको चिरान काठ ना.१ज ३६९२ नं. को गाडीमा लोड गरी हेटौंडा ल्याउँदै गर्दा बरामद भएको अवस्थामा उक्त गाडी जफतसमेतको दाबी लिइएकोले निजउपर समेत सजायको दाबी गरी अभियोगपत्र पेस भएको सन्दर्भमा यी प्रतिवादी मौकामा फरार रही यस अदालतमा उपस्थित भई बयान गर्दा जफततर्फको दाबी लिइएको उक्त गाडी राजेन्द्रकुमार साहीसँग घरसारमा खरिद गरी लिए र गाडी चालक प्रतिवादी रत्नबहादुर स्याङतानलाई चालकको रूपमा राखी गाडी सञ्चालन गर्दै आएको अवस्थामा उक्त गाडीमा अवैध काठ ओसार पसार गर्न नलगाएको, के कसरी गाडीमा काठ ओसार पसार गरे थाहा भएन, चालकले उक्त गाडीमा काठ ल्याउने कुरा गरेको थिएन र गाडीमा काठ ल्याएको चालक पक्राउ परेपछि मात्र थाहा पाएको भनेको अवस्था छ भने काठ ल्याउने व्यक्ति दर्जाबहादुर गोलेले पनि यी प्रतिवादीलाई काठ ल्याउने सम्बन्धमा केही नभनेको, त्यस्तै गाडी चालकले पनि गाडीमा काठ लोड गर्दा यी प्रतिवादीलाई जानकारी थियो र निजको मन्जुरीले काठ लोड गरेको भनेको अवस्था नभएको तथा यी प्रतिवादीको मिलेमतो र

संलग्नतामा काठ ओसार पसार गरेको भन्नेतथ्य र कुनै पनि प्रतिवादीले निजको संलग्नता रहेको भनी पोल गरेको अवस्थासमेत नदेखिँदा निज प्रतिवादीको संलग्नता पुष्टि हुन् आउँदैन। निजउपर किटानी प्रतिवेदन रहेको अवस्था पनि देखीएको छैन। प्रतिवादी दर्जाबहादुर गोलेले अवैध काठ ओसार पसार गरी हेटौंडामा ल्याउन प्रतिवादी औत ब्लोनसँग कुरा गरी दुई हजार रुपैयाँदेखी पच्चीस सय रुपैयाँसम्म भाडा दिने प्रस्ताव गरी हेटौंडामा पुऱ्याएपछि भाडा दिने सर्तमा लोड गरेको अवस्थामा यी प्रतिवादीसँग काठ ओसार पसार गर्न कुनै कुरा भएको भन्ने खुल्न नआएको अवस्था देखीयो।

३२. तसर्थ निज प्रतिवादीले अदालतमा गरेको बयान, निजउपर किटानी प्रतिवेदन नरहेको अवस्था, सह-अभियुक्तहरूले यी प्रतिवादीको कसुरमा संलग्नता रहेको भन्न नसकेकोसमेतबाट यी प्रतिवादीको अवैध काठ ओसार पसार गर्ने कार्यमा संलग्नता रहेको दाबी प्रमाणित गर्ने प्रमाणको अभाव देखिँदा प्रतिवादी प्रमोदकुमार साहउपरको दाबी प्रमाणित हुन् नआएबाट निज **प्रतिवादी प्रमोदकुमार साहले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ।**

३३. प्रतिवादी दर्जाबहादुर गोलेको सम्बन्धमा विचार गर्दा निजले मौकामा बयान गर्दा मेरो आफ्नो घर छेउको सडकमा ना.१ज ३६९२ नं. को पिकअप गाडीमा सालको चिरान काठ लोड गरी त्रिपाल र बोराले छोपी हेटौंडा ल्याउन लाग्दा पक्राउ परेको हो। मेरो परिवारका मानिसहरूले काठ लोड गरेका हुन्, अन्य कोही थिएनन्। उक्त काठहरू आफ्नो घर बनाउनको लागि ल्याएको हुँ। काठ ल्याउन मसँग कुनै इजाजत छैन। मोटरबाटो खन्दा मेरो बारीको रुख ढलेको थियो। प्रतिवादी औत ब्लोनसँग कुरा गरी रु.२,०००।- देखी २,५००।-सम्म भाडा दिने प्रस्ताव राखी हेटौंडा पुऱ्याएपछि मिलाउने भन्ने आश्वासनमा काठ लोड गरी ल्याएको हो भनी बयान गरेका र मिति २०७२।११।१६ गते ततिम्बा बयान गर्दा मैले काटेको रुख सामुदायिक वनभित्रको ढलेको रुख हो। काठ लोड गर्न गाडी धनी औत ब्लोनसँग कुरा गरेको थिएँ। सजायमा कम हुन्छ भनी आवादीको भनेको हुँ भनी गरेको बयानबाट निजले इजाजत नलिई काठ ओसार पसार गरेको तथ्य पुष्टि हुन् आउँछ। निजले अदालतमा बयान गर्दा हेटौंडामा घर बनाउन लगेकोले आफ्नै बारीको रुख कटान गरी चिरानसमेत गरी चौकस बनाई ल्याएको हुँ। आफ्नै बारीको रुखको काठ भएकाले इजाजत लिनुपर्छ भन्ने थाहा नभएकाले विना इजाजत ल्याएको हुँ। उक्त काठ ल्याउन मैले गाडी चालक रत्नबहादुर स्याङतानलाई पच्चीस सय रुपैयाँदेखी तीन हजार रुपैयाँसम्म ज्याला दिउँला भनी ल्याएको हुँ भनेबाट प्रतिवादीले विना इजाजत काठ ओसार पसार गरेको भन्ने मौकाको बयानलाई अदालतको बयानले समेत समर्थन गरेको अवस्था देखीयो।

३४. प्रतिवादी दर्जाबहादुरले मौकामा ततिम्बा बयान गर्दा सजायमा कम हुन्छ भनी आफ्नो बारीको काठ हो भनेको हुँ, उक्त काठ आफ्नो बारीको नभई सामुदायिक वनभित्रको ढलेको रुख हो भनेको र अदालतमा बयान गर्दा आफ्नै बारीको रुख चिरान गरी ल्याएको भनेपनि मौकामा

सर्जमिनका मानिसहरूले निजको बारीमा साल जातको रुख नभएको भनेबाट उक्त काठ निजकै बारीको रुख रहेछ भन्ने तथ्य पुष्टि हुन् आउँदैन। निजले ल्याएको काठ गाडीमा मकै, धान लोड गरी सोको मुनि त्रिपाल बोराले छोपी लुकाई छिपाई ल्याएको अवस्थामा बरामद भएको छ। प्रतिवादीकै बारीको काठ ल्याएको भए इजाजत पुर्जी नभएकै अवस्थामा पनि गाडीमा लुकाई छिपाई राखी त्रिपालले ढाकी सोको माथिबाट मकै धानका बोरा लोड गरी छोपी ल्याउनुपर्ने अवस्थासमेत रहन आउँदैन। त्यस्तै निजले काठ ओसार पसार कार्य गर्न गाडीको भाडा सम्बन्धमा मौकामा औत ब्लोन भन्ने धनबहादुर ब्लोनसँग भाडाको कुरा गरेको भनेको र अदालतमा चालक प्रतिवादी रत्नबहादुर स्याङतानसँग भाडाको कुरा गरेको भनेबाट निजको भनाइ पनि सत्य तथ्यमा आधारित नभई दुवै जनासँग भाडाको कुरा गरी काठ ल्याउन सल्लाह भएको देखिँदा प्रतिवादीले कानूनबमोजिम आफ्नो बारीको काठ ल्याएको भन्ने प्रमाण पुऱ्याउन नसकेको अवस्थामा निजकै बयानबाट सामुदायिक वनभित्रको काठ हो भनेको तथ्यले उक्त काठ सामुदायिक वन क्षेत्रभित्रको रहेको अवस्थामा प्रतिवादीतर्फका विद्वान् अधिवक्ताको बहस जिकिर समर्थित हुन् सकेन।

३५. प्रतिवेदकसमेतले प्रतिवेदन बेहोरालाई समर्थन गर्दै प्रतिवादी दर्जाबहादुर गोलेले ना.१ज ३६९२ नं. को पिकअप भ्यानमा लोड गरेको काठ सहित प्रतिवादीलाई पक्राउ गरेको भनी गरेको बकपत्रसमेतबाट यी **प्रतिवादी दर्जाबहादुर गोलेले वन पैदावर विना इजाजत ओसार पसार गरी वन ऐन, २०४९ को दफा ४९(घ)बमोजिमको कसुर गरेको पुष्टि हुन् आउँछ।**

३६. प्रतिवादीमध्येका रत्नबहादुर स्याङतानको हकमा हेर्दा निज अवैध काठ ओसार पसार गर्न प्रयोग भएको ना.१ ज ३६९२ नं. को गाडीको चालक भएकामा विवाद छैन। प्रतिवादी दर्जाबहादुर गोलेसँगै रही निजको घरमा बास बसी भोलिपल्ट गाडीमा अवैध काठ लोड गरी त्रिपाल र बोराले छोपी माथिबाट मकै र धान ल्याएको अवस्थामा प्रतिवादी दर्जाबहादुर गोले सँगै पक्राउ परेका छन्।

३७. प्रतिवादी रत्नबहादुर स्याङतानले मौकामा बयान गर्दा उक्त काठ पिपलडाँडामा लोड भई हेटौंडा ल्याउन लागेको थियो, काठ दर्जाबहादुरको हो, निज दर्जाबहादुर ब्लोन र म सँगै बास बसी तिनीहरूले आफ्नो सामान लोड गरेर राख्यो र सँगै आएको अवस्थामा मामा धनबहादुर ब्लोन प्रहरीले गाडी रोकेपछि ट्याक्टरमा गए भनेको अवस्था छ भने प्रतिवादी दर्जाबहादुर गोलेले मौकामा उक्त काठ हेटौंडा उ.म.न.पा ११ स्थित सिमलटारमा आफ्नो घर बनाउनको लागि ल्याउँदै थिएँ। मसँग कुनै किसिमको आदेश वा इजाजत छैन। जिल्ला मकवानपुर छतिवन ५ स्थित थली बस्ने अन्दाजी वर्ष ४० को औत ब्लोनसँग कुरा गरेको थिएँ। निज उक्त गाडीको थलीको इन्चार्ज हो। मैले रु.२,०००।- देखी २, ५००।-सम्म भाडा दिने प्रस्ताव राखेको थिएँ। निज ब्लोनले हेटौंडा पुऱ्याउने आश्वासनमा उक्त काठ लोड गरी ल्याएको हो भनी बयान गरेका छन्।

३८. निज रत्नबहादुर स्याङतानले अदालतमा बयान गर्दा प्रतिवादी दर्जाबहादुर गोलेले मकै र धान लोड गरें भनेका थिएँ, काठ लोड गरेको थाहा थिएन भन्ने उल्लेख गरेका छन् भने प्रतिवादी

दर्जाबहादुर गोलेले अदालतमा बयान गर्दा उक्त काठ ल्याउन मैले गाडी चालक रत्नबहादुर स्याङतानलाई दुई हजार पाँच सय रुपैयाँदेखी तीन हजार रुपैयाँसमेत दिउँला भनेको थिएँ भनेकोसमेतबाट काठ लोड गर्ने कार्यमा सवारी चालकलाई थाहा भएको तथ्य उजागर हुन्छ। त्यस्तै अघिल्लो दिन सँगै गई निजकै घरमा बसी भोलिपल्ट लोड भएको गाडी चलाई आउने चालकले आफ्नो सवारीमा के के लोड भएको छ भन्नेसम्म ख्यालै नगरी चलाई हिँडेको होला भन्ने तथ्य पत्यारलायक हुन् आउँदैन।

३९. मिसिल संलग्न फोटोहरूबाट गाडीको तल चिरान काठ चौकस राखी त्रिपाल र बोराले छोपी ५० थान काठ एवम् २९।३० क्यु फिट काठ लोड भएको अवस्था सामान्य १।२ थान वा २। ४ क्यु फिट लोड भएको भए सजिलै लुकाएको हुन् सक्ने अनुमान गरी यस्तो अवस्थामा चालकलाई थाहा नहुन् पनि सक्छ तर २।४ थान नभई यत्रो ५०।५० थान परिमाणमा लोड भएको काठ चालकलाई थाहा नै नभई लोड भएको होला भन्न सकिने अवस्था हुँदैन। गाडीमा के के सामान लोड भएको हो भनी स्वयं चालकले समेत हेक्का राख्नुपर्ने कुरालाई नकार्न सकिँदैन। गाडीमा के के थियो थाहा भएन भन्ने निजको इन्कारी बयान तथ्यमा आधारित रहेछ भन्न सकिएन। निज प्रतिवादीले मामा भन्ने प्रतिवादी औत ब्लोन भन्ने धनबहादुर ब्लोनसमेत सँगै रहेको र निजसँग गाडीमा भाडा प्रस्ताव भएको अवस्थासमेतबाट यी प्रतिवादीलाई आफूले चलाउने गाडीमा लोड भएको सामान मकै र धान मात्र हो अन्य अवैध काठ थिएन भन्ने जानकारी नै थिएन भन्ने ठोस प्रमाण निजले पेस गर्न सकेको पाइएन।

४०. प्रतिवादी दर्जाबहादुर गोलेले गाडीमा काठ लोड गरेको कुरा यी प्रतिवादीलाई जानकारी गराएका छैनन् र पोल गरेका पनि छैनन् भन्ने विद्वान् कानून व्यवसायीको बहस जिकिर रहेकोमा प्रतिवादी दर्जाबहादुर गोलेले अदालतमा बयान गर्दा पच्चीस सय रुपैयाँदेखी तीन हजार रुपैयाँ सम्ममा भाडा तय गर्दा यिनै प्रतिवादीलाई भनेको भनी बयान गरेकोबाट उक्त बहस जिकिर समर्थित हुन् सकेको पाइएन। आफूले चलाउने गाडीमा लोड भएको सामान अपर्झट चलाएर हिँडेको अवस्थासमेत नभएको अवस्थामा यी प्रतिवादीलाई थाहा थिएन भन्ने तथ्य वस्तुगत रूपमा प्रमाणित हुन् नआएकोले यी प्रतिवादीलाई कसुर वारदातबाट उन्मुक्ति दिन सकिने आधार रहन आएन। **प्रतिवादी रत्नबहादुर स्याङतानले अभियोग दाबीबमोजिम कसुर गरेको प्रमाणित हुन् आउँछ।**

४१. प्रतिवादी औत ब्लोन भन्ने धनबहादुर ब्लोनको सम्बन्धमा हेर्दा प्रतिवादी दर्जाबहादुर गोलेले मौकामा बयान गर्दा प्रतिवादी औत ब्लोनसँग कुरा गरेको, निज थलीको गाडीको इन्चार्ज भएको, रु.२,०००।- देखी २, ५००।-सम्म भाडा दिने प्रस्ताव राखेको, निज प्रतिवादीले काठ हेटौंडामा पुर्‍याउने आश्वासनमा उक्त काठ लोड गरी ल्याएको भनेको तथा निज उक्त गाडीमा सँगै आएको अवस्था देखीएको, हेटौंडामा पुर्‍याएपछि पैसा लिने कुरा भएको भनेबाट निजले गाडी भाडा तय गरी अवैध काठ लोड गर्ने कार्य र लोड भएको सम्बन्धमा निज अनभिज्ञ

थिएँ भन्न सकिएन। प्रतिवादी मौकामा फरार रही यस अदालतबाट जारी भएको म्यादमा समेत हाजिर हुन् नआई फरार रहेको अवस्था छ। प्रतिवादीमध्येका रत्नबहादुर स्याङतानसमेतले मौकामा यी प्रतिवादीसमेत उक्त काठ लोड भएको गाडीमा सँगै आएको अवस्थामा हटियामा प्रहरीले रोकेपछि यी प्रतिवादी ट्याक्टर चढी गएको भनेबाट हेटौंडामा पुऱ्याई गाडी भाडा लिने भनी सँगै आएको र निजसँग भाडाको प्रस्ताव भएकोसमेतको तथ्य पुष्टि हुन् आउँछ। आफ्नो निर्दोषिताको प्रमाण पेस गर्ने भार प्रतिवादीमा रहेकोमा निज निर्दोष भए सोको प्रमाणबाट पुष्टि गर्नुपर्नेमा सो गर्न सकेको पाइएन। तीनै जना प्रतिवादीको संलग्नतामा काठ ओसार पसार गरेबाट निजउपरको कसुर पुष्टि हुन् आउँछ। निज **प्रतिवादी औत ब्लोन भन्ने धनबहादुर ब्लोनले अभियोग दाबीबमोजिम कसुर गरेको प्रमाणित हुन् आउँछ।**

४२. तसर्थ, प्रतिवादीहरू रत्नबहादुर स्याङतान, दर्जबहादुर गोले र औत ब्लोन भन्ने धनबहादुर ब्लोनले वन ऐन, २०४९ को दफा ४९(घ) को कसुर गरेको पुष्टि हुन् आएकोले प्रतिवादीहरूले साल जातको ५० थानको २९.९७ क्यु फिट काठहरू विना इजाजत ओसार पसार गरेको र उक्त काठको बिगो रु.२३,९७६।- कायम भएबाट वन ऐन, २०४९ को दफा ५०(१) (घ) (४)बमोजिम प्रतिवादीहरूलाई जनही २५ (पच्चीस) दिन कैद हुने ठहर्छ। निज प्रतिवादीहरूलाई बिगोको दोब्बरले हुने जरिवाना रु.४७,९५२।- जरिवाना हुने हुँदा उक्त जरिवाना प्रतिवादीहरूबाट दामासाहीले असुल गर्नुपर्ने देखीयो। विना इजाजत निषेध काठ ओसार पसार गरेको देखिँदा उक्त काठ चौकस थान ५० लिलाम गरी आएको रकम धरौटमा जम्मा गर्नु भन्ने पूर्वआदेशानुसार लिलाम भएको नदेखिँदा बरामद भएको काठ जफत हुन्छ। काठ सडी गली जान सक्ने अवस्था हुँदा अविलम्ब लिलाम गरी रकम राजश्वमा आम्दानी बाँध्नू।

४३. सवारी साधनको जफततर्फ दाबी भएकामा वन पैदावर काठ ओसार पसार गर्ने कार्यमा सवारी धनी प्रतिवादी प्रमोदकुमार साहको संलग्नता नदेखीई निजले अभियोग दाबीबाट सफाइ पाएको अवस्था छ। काठ ओसार पसारमा सवारी धनी संलग्न नभएको, निजको गाडी अवैध काठ ओसार पसार गर्ने कार्यमा प्रयोग भएको निजलाई थाहा थियो भन्ने पुष्टि हुन् नसकेको, निजको अनुमति मन्जुरी वा सहमति रहेको देखीएको अवस्थासमेत छैन। **नेकाप २०६८, असोज, निर्णय नम्बर ८६२९ मारेन्जर** विजयकुमार गुप्तासमेतको प्रतिवेदनले नेपाल सरकार विरुद्ध बेलबहादुर थापा मगरसमेत भएको काठ चोरी निकासी मुद्दामा ***"अवैध रूपमा वन पैदावर ओसार-पसार गर्ने कार्यमा सवारी धनी आफू संलग्न पनि नभएको वा अवैध वन पैदावर ओसार-पसार गर्ने निजको मनसाय पनि नभएको तथा आफ्नो सवारी साधन अवैध वन पैदावर ओसार-पसार गर्ने कार्यमा प्रयोग हुँदैछ भन्ने थाहा जानकारी पनि नभएको र त्यस्तो कार्यमा निजको अनुमति, मन्जुरी वा सहमति रहेको पनि नदेखीएको अवस्थामा निजको सवारी साधन जफत हुनु न्याय वा औचित्य कुनै पनि दृष्टिकोणबाट तर्कसँगत नहुने"*** भन्ने नजिर प्रतिपादन भएको देखिँदा उल्लिखित नजिरसमेतका आधारमा अवैध काठ ओसार पसारमा प्रयोग भएको गाडी जफत गर्नुपर्ने देखीन आएन। ना.१ज ३६९२ नं. को पिकअप गाडी (सवारी साधन) जफततर्फको दाबी पुग्न नसक्ने ठहर्छ। प्रतिवादी प्रमोदकुमार साहको हकमा र गाडी जफततर्फको वादी

नेपाल सरकारको अभियोग दाबी सो हदसम्म पुग्न नसक्ने ठहर्छ। अरू तपसिलमा लेखिएअनुसार गर्ने गरी मुलुकी ऐन, अ.वं. १८६ नं.बमोजिम यो फैसला गरेको छु।

## तपसिल

प्रतिवादी प्रमोदकुमार साहले अभियोग दाबीबाट सफाइ पाउने तथा प्रतिवादीहरू रत्नबहादुर स्याङतान, दर्जाबहादुर गोले र औत ब्लोन भन्ने धनबहादुर ब्लोनलाई कैद तथा जरिवाना हुने ठहरी फैसला भएकाले **प्रतिवादी रत्नबहादुर स्याङतानलाई** वन ऐन, २०४९ को दफा ५०(१) (घ) (४)बमोजिम २५ (पच्चीस) दिन कैद र बिगो रु.२३९७६।-को दोब्बर रु.४७,९५२।- को दामासाहीले रु.१५, ९८४।-(पन्ध्र हजार नौ सय चौरासी) जरिवाना हुने ठहरेकाले निज प्रतिवादी मिति २०७२।१०।२३ गते पक्राउ परी अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रही यस अदालतको मिति २०७२।११।२० गतेको आदेशानुसार माग भएको धरौटी रु. १२,०००।- सोही मितिमा र.नं.४७२१बाट दाखिला गरी मुद्दा पुर्पक्षको लागि तारेखमा रहेको देखिँदा निजलाई लागेको कैद भुक्तान भैसकेको हुँदा सोही बेहोरा जनाई लगत राख्नु। जरिवानाको हकमा निज बढी थुनामा बसेको अवधि दिन २ को मुलुकी ऐन, दण्ड सजायको ५३ नं.बमोजिम दिन १ को रु.२५।- का दरले हुने रु.५०।-(पचास रुपैयाँ) निजलाई लागेको जरिवानामा कट्टा गरी बाँकी हुने जरिवाना रु.१५,९३४।- निजले दाखिल गरेको उल्लिखित धरौटीबाट सदरस्याहा गरी बाँकी जरिवाना रु.३,९३४।- को लगत राखी असुल गर्नुभनी तहसिल फाँटमा लगत दिनु.................................................................१

**प्रतिवादी दर्जाबहादुर गोलेलाई** वन ऐन, २०४९ को दफा ५०(१) (घ) (४)बमोजिम २५ (पच्चीस) दिन कैद र बिगो रु.२३,९७६।-को दोब्बर हुने रु.४७,९५२।- को दामासाहीले रु.१५,९८४।- जरिवाना हुने ठहरेकाले निज प्रतिवादी मिति २०७२।१०।२३ गते पक्राउ परी अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रही यस अदालतको मिति २०७२।११।२० गतेको आदेशानुसार माग भएको धरौटी रु.४८,०००।- सोही मितिमा र.नं.४७२२बाट दाखिला गरी मुद्दा पुर्पक्षको लागि तारेखमा रहेको देखिँदा निजलाई लागेको कैद भुक्तान भैसकेको हुँदा सोही बेहोरा जनाई लगत राख्नू। जरिवानाको हकमा निज बढी थुनामा बसेको अवधि दिन २ को मुलुकी ऐन, दण्ड सजायको ५३ नं.बमोजिम दिन १ को रु.२५।-का दरले हुने रु.५०।-(पचास रुपैयाँ) निजलाई लागेको जरिवानामा कट्टा गरी बाँकी हुने जरिवाना १५, ९३४।- निजले दाखिल गरेको उल्लिखित धरौटीबाट सदरस्याहा गरी बाँकी धरौटी फिर्ता पाउने हुँदा मुद्दा अन्तिम भएपछि उल्लिखित धरौटी फिर्ता पाउँ भनी कानूनका म्यादभित्र निज प्रतिवादीले दरखास्त दिएँ नियमानुसार गरी फिर्ता दिनु भनी तहसिल फाँटमा लगत दिनु ................२

**प्रतिवादी औत ब्लोन भन्ने धनबहादुर ब्लोनलाई** वन ऐन, २०४९ को दफा ५०(१) (घ) (४)बमोजिम २५ (पच्चीस) दिन कैद र बिगो रु.२३९७६।-को दोब्बर हुने रु.४७, ९५२।- को दामासाहीले रु.१५, ९८४।-(पन्ध्र हजार नौ सय चौरासी) जरिवाना हुने ठहरेकाले निज अनुपस्थित हुँदा

कानूनबमोजिम दिन २५ (पच्चीस) कैद र रु.१५,९८४।-(पन्ध्र हजार नौ सय चौरासी) जरिवानाको लगत कसी असुल गर्नु भनी तहसिल फाँटमा लगत दिनु.....................................................३

बरामद भई आएको ना.१ज ३६९२ नं. को पिकअप भ्यान र काठसमेत यस अदालतको २०७२।११।२० को आदेशानुसार जिल्ला वन कार्यालय मकवानपुरमा राखेकोमा पूर्व आदेशानुसार बरामद काठ लिलाम गरेको नदेखिँदा बरामद काठ जफत हुने ठहरेकाले काठ कानूनबमोजिम अबिलम्ब यस अदालतको कर्मचारीको रोहवरमा लिलाम गरी लिलामबाट प्राप्त रकम राजश्वमा दाखिला गर्नु भनी जिल्ला वन कार्यालयमा लेखी पठाई रकम जम्मा गरेको निस्सा मिसिल संलग्न गर्नु ........४

ना.१ज ३६९२ नं. को पिकअप भ्यान जफत नहुने ठहरेकोले सम्बन्धित धनीले मुद्दा अन्तिम भएपछि फिर्ता पाउँ भनी निवेदन दिएँ नियमानुसार गरी निजलाई फिर्ता दिनु भनी तहसिल फाँटमा लगत दिनु.........................................................................................................५

यस फैसलामा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन गर्न जानु भनी जिल्ला सरकारी वकिल कार्यालय मकवानपुरलाई फैसलाको प्रतिलिपिसहित पुनरावेदन म्याद दिनु......६

प्रस्तुत फैसलामा चित्त नबुझे ३५ दिन भित्र श्री पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरु रत्नबहादुर स्याङतान र दर्जाबहादुर गोलेलाई पुनरावेदनको म्याद दिनु.......................७

प्रतिवादी औत ब्लोन भन्ने धनबहादुर ब्लोनले सरु म्याद नै गुजारी बसेको हुँदा मुलुकी ऐन, अ.व.२०८ नं.बमोजिम पुनरावेदनको म्याद दिनु परेन.....................................................८

सरोकारवालाले नक्कल माग गरे लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनु...............................९

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसला अपलोड गरी मिसिल पुनरावेदन परेमा श्री पुनरावेदन अदालत, हेटौंडामा पठाउन र पुनरावेदन नपरे सुरक्षित साथ राख्न अभिलेख फाँटमा बुझाइदिनु......१०

**जिल्ला न्यायाधीश**

<u>फैसला तयार पार्न सहयोग गर्ने</u>
ना.सु सन्तोष कुँवर न्यायाधीश
टाईप गर्ने :- दीपेस चौलागाई
मुद्दा फाँट (ग)
**इति संवत् २०७३ साल आषाढ महिना २१ गते रोज ३ शुभम ----------------------**

**श्री मुस्ताङ जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री पीताम्वर शर्मा**

**बालविशेषज्ञः-X**

**समाजसेवीः- X**

**संवत् २०७३ सालको स. फौ. नं.०७३-CR-०००१**

**निर्णय नं.७**

मुद्दाः- जबर्जस्ती करणी (बाल बिज्याइँ)

**वादीको नाम, थर र वतन**

जिल्ला रोल्पा मिरुल गा.वि.स. वडा नं. ५ घर भई हाल जिल्ला मुस्ताङ कोवाङ गा.वि.स. वडा नं. ८ बस्ने वर्ष ४५ की परिवर्तित नाममुस्ताङ एल (L) कुमारी को जाहेरीले नेपाल सरकार........................१

**प्रमाण**

साक्षीः-जाहेरवाली परिवर्तित नाम एल(L) कुमारी, पीडित परिवर्तितनाम मुस्ताङ एम(M) कुमारी, पीडितको आमा परिवर्तित नाम के (K) कुमारी, मौकामा कागज गर्ने दिलप्रसाद वि.क., श्रीमाया पुन।

कागजः- X

**वादीको नाम, थर र वतन**

जिल्ला मुस्ताङ कोवाङ गा.वि.स. वडा नं. ५ बस्ने परिवर्तित नाम जि (G) बहादुरको छोरा वर्ष १२ को परिवर्तित नाम मुस्ताङ १२...............................................१

**प्रमाण**

साक्षी

आनन्द शेरचन

कागजः- X

न्याय प्रशासन ऐन, २०७३ को दफा ७(१), मुलुकी ऐन अ.वं. २९ नं. तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४)बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ :-

मिति २०७३।५।१८ गतेका दिन अं. १४.०० बजेको समयमा जिल्ला मुस्ताङ कोबाङ गा.वि.स.वडा नं.५ बस्ने वर्ष १३ को परिवर्तित नाम मुस्ताङ १२ ले मेरो नातिनी वर्ष ५ की परिवर्तित नाम मुस्ताङ एम (M) कुमारीलाई बिस्कुट किनी खान दिन्छु भनी ललाई फकाइ गरी प्रलोभनमा पारी गाउँ समाजको घरमा लगी जबरजस्ती करणी गरेको हुँदा निजउपर कानूनबमोजिम कारबाही गरी नियमानुसार क्षतिपूर्तिसमेत दिलाई भराइपाउँ भन्नेसमेत बेहोराको परिवर्तित नाम मुस्ताङ एल (L) कुमारीको जाहेरी दरखास्त।

जिल्ला मुस्ताङ कोबाङ गा.वि.स.वडा नं.८स्थित पूर्वमा आमा समूहको भवन, पश्चिममा थापखोला हाइड्रो पावरको खाली जग्गा, उत्तरमा जीवन थकालीको खाली जग्गा र दक्षिणमा सिंचाई घट्टेकुलो,यती चारकिल्लाभित्र पूर्व मोहोडा भएको १ तले ३ वटा कोठाको गाउँ समाज आमा समूहको भवन रहेको, पूर्व दक्षिण ढोकाबाट भित्र पस्दा पश्चिममा किचन कोठाको उत्तर पश्चिम कुना भुइँमामिति २०७३।५।१८ गतेका दिन परिवर्तित नाम मुस्ताङ १२ले वर्ष ५ की परिवर्तित नाम मुस्ताङ एम (M) कुमारीलाई ललाई फकाई गरी जबरजस्ती करणी गरेको ठाउँ रहेको भन्ने बेहोराको घट्नास्थल मुचुल्का।

परिवर्तित नाम मुस्ताङ एल(L) कुमारीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ भएको जबरजस्ती करणी मुद्दाका अभियुक्त निज परिवर्तित नाम मुस्ताङ १२ लाई पक्राउ गरी दाखिला गरेको भन्नेसमेत बेहोराको प्र.ना.नि. डमबहादुर धिङ्गालको पक्राउ प्रतिवेदन।

पीडित परिवर्तित नाम मुस्ताङ एम(M) कुमारी र पीडक परिवर्तित नाम मुस्ताङ १२ लाई शारीरिक जाँचको लागि पठाइएको भन्ने बेहोराको मुस्ताङ जिल्ला अस्पताललाई लेखिएको पत्र।

Scratched mark on Right forearm (flexor aspect) 1×1cm, Abrasion on left cheek chin 3×2 cm, Scratched mark on Rt. thigh 4×2 cm भन्नेसमेत बेहोराको पीडित परिवर्तित नाम मुस्ताङ एम (M) कुमारीको शारीरिक जाँच प्रतिवेदन र 1-2 dead sperms seen भन्ने बेहोराको ल्याब रिपोर्ट पुर्जी।

Normal । No any injury भन्नेसमेत बेहोराको परिवर्तित नाम मुस्ताङ १२ को शारीरिक जाँच प्रतिवेदन।

म मेरो २ वटी छोरीहरूलाई आमा परिवर्तित नाम मुस्ताङ एम (M) कुमारीसँग छोडी काम विशेषले काठमाडौं गएकीमा मिति २०७३।५।१८ साँझ फर्की २० गते बिहान लेतेबाट बस चढी आउने क्रममा मेरो कान्छी छोरीलाई निज प्रतिवादीले जबरजस्ती करणी गरेको भनी बहिनीले खबर गरेकीले सुनी घरमा आई बुझ्दा सत्य रहेछ। उक्त मिति २०७३।५।१८ गते शनिवार भई घर नजिक साथीहरूसँग खेली बसेको अवस्थामा निज प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ले मेरो निज छोरीलाई बिस्कुट किनी खाउँला हिँड भनी ललाई फकाई गरी गाउँ भन्दा एकान्तमा रहेको गाउँ समाज घरकोठाभित्र लगी सुत्नी खेलौं भनी जबरजस्ती करणी गरेको रहेछ। नाबालिकालाई फकाई गरी जबरजस्ती करणी गर्ने निजउपर कानूनबमोजिम कारबाहीगरी निज प्रतिवादीबाट पीडित मेरो छोरीलाई क्षेतीपूर्तिसमेत दिलाईपाउँ भन्नेसमेत बेहोराको परिवर्तित नाम के (K) कुमारीले गरेको कागज।

मिति २०७३।५।१८ गते दिउसो म घर नजिकै साथीहरूसँग खेलिरहेको अवस्थामा निज परिवर्तित नाम मुस्ताङ १२ म भएको ठाउँमा आई मलाई नानी कान्छी भनी बोलाई यता आईजा बिस्कुट खान भनी बोलाई मलाई गाउँ समाजको घरमा लगी सुत्नी खेलौं भनी आफ्नो ज्याकेट खोली बिच्छाई मलाई सुत्न लगाई मेरो सुरुवाल खोलिदिई आफ्नो जिन्सको पाइन्ट खोली आफनो दह्रो भएको पिसाब गर्नेले मेरो सु गर्ने (पिसाब गर्ने) ठाउँमा घोचे, मलाई बेसरी दुखेकोले मैले ऐया ऐया दुख्यो भन्दा पनि निजले घोचेको घोचै गरेका, मैले खप्न नसकी रोएपछि निजले मलाई छाडिदिएका र

यस्तो खेलेको कुरा घरमा आमा, मामासमेत कसैलाई नभन्नु है भनेका थिएँ भन्नेसमेत बेहोराको पीडित परिवर्तित नाम मुस्ताङ एम (M) कुमारीले गरेको कागज।

पीडित परिवर्तित नाम मुस्ताङ एम कुमारीको जन्म मिति २०६७।३।१ गते भएको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि।

प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ को जन्म मिति २०६१।१।२७ गते भएको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि र श्री जन आदर्श उच्च मा.वि. कोवाङको पत्र।

मैले ब्ल्यु फिल्म हेरेबाट सेक्स गर्ने उत्सुक्ता जागी आएकामा उक्त वारदात मिति २०७३।५।१८ गते शनिवारको दिन रहेकोमा बिहान घरमा काम गरी दिउँसो निजै पीडित परिवर्तित नाम मुस्ताङ एम कुमारीको मामासँग घरमा गई टि.भी. हेरी निस्कदा अं.२ बजेको थियोहोला घर नजिकै निज साथीहरूसँग खेल्दै रहिछन्। निजलाई सेक्स गर्ने सोची योजना बनाई नानी आइज यता जाउँ भन्दा निज आएकीले मैले गाउँ समाजको घरमा लगी नानी आज तिमी र म सुत्नी खेलौ है भन्दा निजले हुन्छ भनेपछि मैले मेरो ज्याकेट खोली भुइँमा बिच्छाई निजलाई सुत्न लगाएँ। त्यसपछि निजको सुरुवाल तानी खोलीदिई मैले मेरो पाइन्ट खोलीमेरो लिङ्ग निजको योनिमा लगि छिराउन धकेल्दा अलिकती मात्र पसेको थियो। पुरै पसेन, पुरै छिराउन धकेल्दा निज ऐया ऐया भनी रोएकीले मैले छाडिदिएको हुँ। मेरो वीर्य स्खलन भएन। मलाई ब्ल्यु फिल्म देखाउनेहरूलाई मैले चिन्दिन भन्नेसमेत बेहोराको प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ ले अधिकार प्राप्त अधिकारीसमक्ष गरेकोबयान।

मिति २०७३।५।१८ गते दिउसो अं.१४.०० बजेको समयमा जिल्ला मुस्ताङ कोवाङ गाविस वडा नं. ५ बस्ने निज प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ ले जाहेरवालाको नातिनी परिवर्तित नाम मुस्ताङ एम कुमारीलाई जबरजस्ती करणी गरेको भन्ने सुनेकोमा सत्य रहेछ। निजले उक्त मिति र समयमा साथीहरूसँग खेली बसेको अवस्थामा बोलाई ललाई फकाई गरी गाउँ समाजको घरमा लगी जबरजस्ती करणी गरेका रहेछन् भन्नेसमेत करिब एकै मिलान बेहोराको बुझिएका तुलचन्द्र मिजारले गरेको कागज र बसन्त घर्तीमगरसमेतले गरेको वस्तुस्थिति मुचुल्का।

प्रतिवादी मुस्ताङ १२ ले मिति २०७३।५।१८ गते दिउसो अन्दाजी २.०० बजेको समयमा वर्ष ६ की एम (M) कुमारीलाई बिस्कुट किनिदिन्छु भनी फकाई मुस्ताङ जिल्ला कोवाङ गा.वि.स.वडा नं. ५ स्थित एकान्त स्थल समाज घरमा लगी सुती खेलौं भनी आफ्नो ज्याकेट खोली ओछ्याई पीडितालाई सुत्न लगाई पीडिताको सुरुवाल खोली आफ्नो उत्तेजित लिङ्ग पीडिताको योनिमा घरी घरी घोची पसाई मुलुकी ऐन जबरजस्ती करणीको महलको १ एवम् ३ नं. को देहाय १बमोजिमको कसुर अपराध गरेको पुष्टि हुन् आएको देखिँदा निज प्रतिवादीलाई सोही कसुरमा ऐ. महलको ३ नं. को देहाय १बमोजिम सजाय गरी पीडितालाई सोही ऐन महलको १० नं.बमोजिम क्षतिपूर्तिसमेत भराइपाउँ साथै प्रतिवादी मुस्ताङ १२ को उमेर निजको जन्मदर्तासमेतबाट वर्ष १२ को देखीन आएको हुँदा निजको हकमा बालबालिकासम्बन्धी ऐन,२०४८ को दफा ११ (२)बमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र।

मिति २०७३।०५।१८ गतेको दिन दिउसो अं. २।३ बजेतिर म मेरो गाउँ कोवाङको आमा समूहको भवनमा खेल्न भनी गएको थिएँ। म पीडितसँग खेल्दा खेल्दै सेक्स गर्न मन लाग्यो मैले उसलाई तिमी र मैले सेक्स गरौं भन्दा उनले हुन्छ गरौं भनेपछि मैले लगाएको ज्याकेट भुइँमा ओछ्याई त्यहीं ज्याकेटमा उनी सुतिन् त्यसपछि उनले आफ्नो पाइन्ट आँफै खोलिन् मैले पनि आफ्नो पाइन्ट आफैं खोली उनीमाथि चढेको हो। मेरो लिङ्ग उनको योनिमा छिराउन प्रयास गरेको हो। मेरो लिङ्ग योनिभित्र पूरै नछिरी अलि अली छिरेपछि उनले ऐया भनेकाले करणी गर्न छाडिदिएको हुँ। मैले पोखरा जाँदा केटाहरूले ब्ल्यु फिल्म देखाएपछि मलाई करणी गर्न मन लागेको हो। पीडितलाई मैले बोलाई लगेको होइन र करणी गर्दा उनी रोएकी होइनन्। मलाई यस्तो कार्य गर्न हुँदैन भन्ने थाहा थिएन एक पटकलाई सुध्रने मौका पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ ले यस अदालतसमक्ष गरेको बयान।

बालबालिकाहरूको सर्वोत्तम हित (Best Interest of the Child) समेतलाई दृष्टिगत गर्दा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई बालबालिकासम्बन्धी ऐन,२०४८ को दफा ५०(१)बमोजिम निज प्रतिवादीलाई बाल सुधार गृहमा पठाउनसमेत मनासिब नदेखिँदा अड्डाले चाहेको बखत उपस्थित गराउने सर्तमा निजको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मामा लगाउने तथा त्यस्तो कसैले पनि जिम्मा नलिए बालकको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संघ संस्थाको जिम्मा लगाउन जिल्ला प्रहरी कार्यलय मुस्ताङमा पठाउने गरी भएको यस अदालतको थुनछेक आदेशबमोजिम निज प्रतिवादीलाई कागज गराई निजका बाबु नाम परिवर्तित जि (G) बहादुरको जिम्मा लगाइएको।

घटना भएको दिन म काममा गएकी थिएँ। साँझ मेरो नातिनी रोइरहेकी र मलाई परिवर्तित नाम मुस्ताङ १२ ले समाजघरमा लगी भुइँमा सुताई आफ्नो लिङ्ग मेरो योनिमा छिराएको हो भनी भनेपछि मैले थाहा पाएकी हुँ। नातिनीको सु गर्ने ठाउँमा घाउ चोट थियो। अहिले पनि नातिनीले पिसाब फेर्दा पोल्छ दुख्छ भन्ने गरेकी छन् भन्नेसमेत बेहोराको जाहेरवाली परिवर्तित नाम एल(L) कुमारीले यस अदालतमा गरेको बकपत्र।

प्रतिवादीले मेरो छोरीलाई जबर्जस्ती करणी गरेको कुरा मेरो बहिनीले फोन गरेर भनेपछि थाहा पाएकी हुँ। म घरमा आई हेर्दा छोरीको योनिमा घाउहरू थियो, सुन्निएको थियो। मेरो छोरी खेल्दै गर्दा प्रतिवादीले समाजघरमा लगी भुइँमा सुताई जबर्जस्ती करणी गरेको हो। छोरीले दुख्यो भनेपछि कसैलाई नभन्नु भनी छाडीदिएको हो भन्नेसमेत बेहोराको पीडितकी आमा परिवर्तित नाम मुस्ताङ के (K) कुमारीले यस अदालतमा गरेको बकपत्र।

प्रतिवादीले मलाई बिस्कुट दिन्छु भनी समाजघरमा लिएर गई मलाई भुइँमा सुताई मेरो सुरुवाल खोलिदिई आफ्नो पाइन्ट खोली आफ्नो सु सु गर्ने मेरो सु सु गर्नेमा छिराउनका लागि घोचेको हो। मेरो सु गर्नेमा दुखेपछि मैले रुन लागेपछि छाडेका हुन्। उनले मलाई कसैलाई नभन्नु भनेका थिएँ। मेरो सु गर्ने हाल दुख्छ भन्नेसमेत बेहोराको पीडित परिवर्तित नाम मुस्ताङ एम (M) कुमारीले यस अदालतमा गरेको बकपत्र।

घटनास्थल मुचुल्काको बेहोरा ठीक छ मैले भनेबमोजिम लेखिएको ठीक हो। सो मुचुल्कामा लागेको सहिछापसमेत मेरो हो भन्नेसमेत बेहोराको दिलप्रसाद वि.क.लेयस अदालतमा गरेको बकपत्र।

पीडितलाई एल (L) कुमारीले हस्पिटल लगेपछि मेरैमा बस्न आउँदा थाहा पाएँ। परिवर्तित नाम मुस्ताङ १२ ले मुस्ताङ एम (M) कुमारीलाई जर्बजस्ती करणी गरेको थाहा पाएँ। त्यतिबेला पीडितलाई हेर्दा योनिमा घाउ तथा सुन्निएको थियो भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काको कागज गर्ने श्रीमाया पुनले यस अदालतमा गरेको बकपत्र।

मैले यो घटनाको बारेमा सुनेर थाहा पाएको हुँ देखेको छैन भन्नेसमेत बेहोराको प्रतिवादी पक्षका साक्षी आनन्द शेरचनले यस अदालतमा गरेको बकपत्र।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक एवं दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ यस बाल इजलाससमक्ष पेस हुन् आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री गोपालप्रसाद ढकालले यी प्रतिवादीले खेल्दै गरेकी ६ वर्षकी बालिकालाई फकाई समाजघरमा लगी भुइँमा सुताई जबर्जस्ती करणी गरी आरोपित कसुर गरेकाले अभियोग दाबीबमोजिम सजाय हुने ठहर गरी फैसला हुनुपर्दछ भनी र प्रतिवादी कानूनको द्वन्दमा परेका बालकको तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ता श्री बाबुराम अर्यालले यी प्रतिवादी नाबालक भएकाले लहैलहैमा लागी बाल बिज्याइँ गरेकाले बालबालिकाको हितलाई ध्यानमा राखी न्यूनतम सजाय हुनुपर्दछ भनी गर्नुभएको बहस जिकिरसमेत सुनियो।

मिसिल संलग्न कागज प्रमाणसमेत अध्ययन गरी हेर्दा यी प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२विरुद्ध मुलुकी ऐन जबर्जस्ती करणीको महलको १ नं. एवम् ३ नं. को देहाय १ नं.बमोजिमको कसुर अपराध (बाल बिज्याइँ) मा ऐ. महलको ३ नं. को देहाय १बमोजिम सजाय गरी पीडितलाई ऐ. महलको १० नं.बमोजिम क्षतिपूर्तिसमेत भराई पाउन साथै निज प्रतिवादीको उमेर वर्ष १२ को देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२)बमोजिम हुनसमेत भन्ने अभियोग पत्र मागदाबी रहेको प्रस्तुत मुद्दामा मूलतः निम्न प्रश्नहरूको सम्बन्धमा निर्णय गर्नुपर्ने देखीन आयोः-

(क) प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ ले अभियोग पत्र मागदाबीबमोजिमको कसुर गरेका हुन्, होइनन्?

(ख) यी प्रतिवादीलाई अभियोगपत्र मागदाबीबमोजिम के कति सजाय हुनुपर्ने हो?

(ग) पीडितले क्षतिपूर्तिपाउनु पर्ने हो, होइन ? भए के कति क्षतिपूर्ति पाउनु पर्ने हो?

सर्वप्रथम पहिलो प्रश्न यी प्रतिवादीले अभियोगपत्र मागदाबी बमोजिको कसुर गरेका हुन्, होइनन्? सो प्रश्नतर्फ विचार गर्दा, यी प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ ले अधिकार प्राप्त अधिकारी एवम् यस अदालतसमक्ष बयान गर्दा आफूले मिति २०७३।०५।१८ मा वर्ष ६ कि परिवर्तित नाम एम (M) कुमारीलाई जिल्ला मुस्ताङ कोवाङ गा.वि.स. वडा नं. ५ स्थित समाजघरमा

लगी सुती खेलौं भनी आफ्नो ज्याकेट खोली सोमाथि सुत्न लगाई सुरुवाल खोली आफ्नो लिङ्ग पीडिताको योनिमा छिराउन धकेल्दा अलिकति मात्र पसेको हो। निज पीडिताले दुख्यो भनी रुन लागेकोले मैले छोडी घर पठाएको भनी जबर्जस्ती करणीको बाल बिज्याइँ गरेकामा पूर्ण रूपमा साबित भई एक पटकलाई सुध्रने मौका पाउँ भनी बयान गरेको देखीन्छ। जाहेरवाली परिवर्तित नाम एल(L) कुमारीको यी प्रतिवादीउपर किटानी जाहेरी देखीन्छ भने निज जाहेरवालीले यस अदालतमा बकपत्र गर्दासमेत आफ्नो जाहेरी बेहोरालाई पुष्टि हुने गरी बकपत्र गरेको देखीन्छ। त्यस्तै पीडिताको आमा परिवर्तित नाम के (K) कुमारीले प्रहरीसमक्ष यी प्रतिवादीउपर किटानी साथ गरिदिएको कागजलाई निजले आदालतमा आई बकपत्र गर्दासमेत समर्थन हुने गरी बकपत्र गरेको देखीन्छ। पीडिता परिवर्तित नाम एम (M) कुमारीले समेत प्रहरीसमक्ष गरेको कागज बेहोरालाई पुष्टि हुने गरी अदालतमा समेत बकपत्र गर्दा यिनै प्रतिवादीले आफूलाई समजघरमा लगी आफ्नो सुसु गर्ने मेरो सुसु गर्नेमा घोचेको, दुखेपछि म रुन थालें त्यपछि छाडी कसैलाई नभन्नु भनी गएको भनी बकपत्र गरेको देखीन्छ। घटनास्थल मुचुल्काका दिलप्रसाद वि.क. तथा मौकमा कागज गर्ने वस्तुस्थिति मुचुल्काका श्रीमाया पुनले अदालतमा आई बकपत्र गर्दासमेत यी प्रतिवादीले पीडित एम (M) कुमारीलाई जबर्जस्ती करणी गरेको सुनी थाहा पाएको, पीडितालाई हेर्दा योनिमा घाउ तथा सुनिएको दखेको भनी बकपत्र गरेको देखीन्छ। जिल्ला अस्पताल मुस्ताङमा भएको पीडितको शारीरिक जाँच तथा ल्याब रिपोर्टसमेत हेर्दा forceful penetration and ejaculation on vagina भन्ने opinion रहेको तथा 1-2 dead sperm seen भन्ने उल्लेख भएबाट समेत यी प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ ले पीडिता परिवर्तित नाम एम(M) कुमारीलाई अभियोगपत्र मागदाबीबमोजिम जबर्जस्ती करणीको कसुर गरेको मिसिल संलग्न सबुत प्रमाणबाट पुष्टि हुन् आयो।

अब दोस्रो प्रश्न यी प्रतिवादीलाई अभियोगपत्र मागदाबीबमोजिम के कति सजाय हुनुपर्ने हो ? सोसम्बन्धमा हेर्दा, यी प्रतिवादी मुस्ताङ १२ को उमेर मिसिल संलग्न स्थानीय पंजिकाधिकारीको कार्यालय कोवाङ गाउँ विकास समितिले दिएको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि एवम् यी प्रतिवादी पढ्दै गरेको श्री जन आदर्श उच्च मा.वि.कोवाङको मिति २०७३।०५।२३ को च.नं. १७ को पत्रसमेतबाट निजको जन्म मिति २०६१।०१।२७ रहेकोमा कुनै विवाद देखिंदैन। अभियोगपत्रमा समेत यी प्रतिवादीको उमेरवर्ष १२ देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२)बमोजिम हुन् भनी उल्लेख भएको देखीन्छ। मुलुकी ऐन जबर्जस्ती करणीको महलको ३ नं. को देहाय १ मा १० वर्षभन्दा मुनिकी बालिकालाई जबर्जस्ती करणी गर्नेलाई १० वर्षदेखी १५ वर्षसम्म कैद गर्नुपर्दछ भन्ने उल्लेख भएको देखीन्छ भने बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) मा बालकको उमेर १० वर्ष वा सोभन्दा माथि र १४ वर्षभन्दा कम उमेर रहेछ भने जरिवाना हुने कुनै अपराध गरेकामा हप्काई, सम्झाई, बुझाई र कैद हुने अपराध गरेकामा ६ महिनासम्म कैद हुन्छ भन्ने व्यवस्था रहेको देखीन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादी १२ वर्षको नाबालक रहेकोमा कुनै विवाद नरहेको र जतिसुकै कैद हुने कसुर गरेपनि बढीमा ६ महिनाभन्दा बढी कैद सजाय गर्न नसकिने कानूनी व्यवस्था देखिँदा यी प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ लाई मुलुकी ऐन जबर्जस्ती करणीको महलको ३ नं. को देहाय १अनुसारको सजायको अभियोग दाबीमा

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) समेतलाई दृष्टिगत गर्दा ५ (पाँच) महिना कैद सजाय हुने ठहर्छ।

अव, यी बालकलाई लागेको कैद सजायको कार्यान्वयनतर्फ विचार गर्दा नेपाल पक्ष राष्ट्र भएको बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (Convention on the Rights of the Child), १९८९ को धारा ३७(ख) ले अन्तिम उपायको रूपमा मात्र कैदमा राख्न सकिने कुराको हक सुनिश्चित गरेको देखीन्छ। उक्त महासन्धिको धारा ४०(४) ले निर्णय गर्दा बालबालिकाहरूको हितको अनुकूल हुने गरी विभिन्न उपायहरू जस्तो स्याहार, मार्गदर्शन, निरीक्षण, सरसल्लाह सेवा, कैद दण्डको निलम्बन, स्थगन, पालनपोषण, शिक्षा, तालिमलगायतका विकल्पहरू अपनाइने छन् भन्ने उल्लेख गरेको देखीन्छ। बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्र संघीय न्यूनतम मापदण्डको नियमावली (बेइजिङ्ग नियमावली), १९८५, बाल बिज्याइँ रोकथामका लागि संयुक्त राष्ट्र संघीय मार्गदर्शन (रियाद मार्गदर्शन), १९९०, संयुक्त राष्ट्र संघीय आर्थिक तथा सामाजिक परिषद्ले सन् १९९७ जुलाई ३० मा पारित Guidelines for Action on Children in the Criminal justice System एवम् नेपालको बालबालिकासम्बन्धी ऐन, २०४८ तथा नियमावली २०५१ को समग्र व्यवस्थासमेतलाई हेर्दा बालबालिकाहरूको सर्वोत्तम हित (Best Interest of the Child) लाई हेर्नु पर्ने अवस्था देखीन आयो। हाम्रो बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) ले "कसुरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, कसुर गर्दाको परिस्थिति, उमेर, कसुरको पटक आदीको विचार गर्दा कारागारमा राख्न उपयुक्त नहुने करा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्न नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतित गर्नुपर्ने गरी तोक्न सक्नेछ। यसरी सजाय स्थगित गरिएकोमा सोही बालकले त्यसको १ वर्षभित्र त्यहीं वा अन्य कुनै कसुर गरेबापत दोषी ठहरी कैदको सजाय पाएमा सोसमेत खापी एकै पटक दुवै कैदको सजाय कार्यान्वित गर्ने गरी मुद्दा हेर्ने अधिकारीले आदेश दिन सक्नेछ" भन्ने व्यवस्था रहेको देखीन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादी बालक पहिलो पटक बालबिज्याइँमा परेको, निज बालक हाल श्री जन आर्दश उच्च मा. वि. कोवाङमा कक्षा ८ मा अध्ययनरत रहेको देखीएको, थुनछेक आदेशको क्रममा समेत बालबालिकाको सर्वोत्तम हितसमेतलाई दृष्टिगत गरी बाबुको जिम्मामा छाडिएको, अदालतको आदेशानुसार यी प्रतिवादी अध्ययनरत रहेको विद्यालयले दिएको मिसिल संलग्न प्रतिवेदनमा समेत निज विद्यालयमा नियमित रूपमा उपस्थित भई अनुशासनमा रही अध्ययन कार्यमा संलग्न भएको भन्ने देखीएको तथा यी प्रतिवादीको बाबु परिवर्तित नाम मुस्ताङ G (जि) बहादुरले दिएको प्रतिवेदनमा समेत आजका दिनसम्म निज परिवर्तित नाम मुस्ताङ १२ को दैनिकी, अनुशासन, आचरण राम्रो रहेको, घर परिवारप्रति इमान्दार, कर्तव्यपालन गरेको, सोही बेहोराको छरछिमेकमा समेत रहेको, खराब सँगत नगरेको, नियमित विद्यालय गै आफ्नो अध्ययनमा ध्यान दिएको, आफूले गर्न नहुने गल्ती (बालबिज्याइँ) गरेको प्रति पछुतो मानेको र अब आइन्दा यस्तो नराम्रो कार्य कहिल्यै नगर्नेसमेतको वाचा गरेको भनी दिएको

लिखित प्रतिवेदन मिसिल संलग्न रहेको देखीन्छ। यस जिल्लामा बाल सुधार गृह नरहेको, भक्तपुर र पोखरामा रहेको बाल सुधार गृहमा पठाउँदा हाल कक्षा ८ मापढ्दै गरेको बालकको पढाइसमेत छुट्ने, आफ्नो परिवार र समाजबाट पनि टाढा हुन् जानेसमेतको अवस्था र समग्रमा बालबालिकाको सर्वोत्तम हित (Best Interest of the Child) लाई न्यायिक मन (Judicial Mind) को प्रयोग गरी हेर्दा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२)बमोजिम हाल यी प्रतिवादीलाई लागेको उक्त कैद महिना ५ (पाँच) को सजाय तत्काल भोग्न नपर्ने गरी स्थगित राखी दिने ठर्हछ।

अब, तेस्रो प्रश्न पीडितले क्षतिपूर्ति पाउनु पर्ने हो, होइन ? भए के कति क्षतिपूर्ति पाउनु पर्ने हो ? सोसम्बन्धमा विचर गर्दा मुलुकी ऐन, जर्बजस्ती करणीको महलको १० नं. मा "कसैले कुनै महिलालाई जर्बजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराएबमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराइदिनु पर्नेछ। त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भिर्यता, कसुरबाट पीडित व्यक्तिको मृत्यु भैसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडासमेत विचार गरी निर्धारण गर्नुपर्दछ" भन्ने व्यवस्था रहेको देखीन्छ। त्यस्तै नेपालको संविधानको धारा ३९(१०) ले पीडित बालबालिकाहरूलाई पीडकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको पाइन्छ। बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि, १९८९ र बालबालिकासम्बन्धी ऐन, २०४८ समेतले बालबालिकाको उचित क्षतिपूर्ति पाउने अधिकारको संरक्षण गरेको अवस्थामा पीडिताले पीडकबाट क्षतिपूर्ति पाउनु पर्ने सम्बन्धमा कुनै विवाद देखिँदैन।

अब, के कति क्षतिपूर्ति भराइपाउने हो ? सोसम्बन्धमा विचार गर्दा प्रतिवादीले अदालतसमक्ष गरेको बयानसमेत हेर्दा यी पीडक प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ का नाउँमा कुनै सम्पत्ति रहे भएको नदेखीएको, मिसिल संलग्न मालपोत कार्यालय मुस्ताङबाट प्राप्त जग्गा धनी दर्ता प्रमाण पुर्जाको दर्ता उतारसमेतबाट यी प्रतिवादीको आमा सुकदेवी (गौचन) के.सी. का नाउँमा दर्ता रहेको जिल्ला मुस्ताङ कोवाङ गा.वि.स. वडा नं. ५।क कि.न. १६४ को जग्गा रोपनी ०-४-०-० को घरवारी जग्गामात्र रहेको भन्ने देखीन्छ भने सोबाहेक अन्य कुनै पनि सम्पत्ति प्रतिवादीका एकाघरका परिवारका नाउँमा समेत रहे भएको देखिँदैन। यी प्रतिवादीको संयुक्त परिवारमा बाबु, आमा, दिदी, बहिनी र आफूसमेत कूल ७ जना अंशियाराहरू रहेको भन्नेसमेत प्रतिवादीको बयानबाट देखीन्छ। प्रतिवादीको बाबु सामान्य चौंरी पालक कृषक देखीन्छ भने अन्य ठूलो आयस्रोतसमेत उक्त परिवारमा रहे भएको देखिँदैन। अब, कसुरको गाम्भिर्यतासमेतलाई मध्यनजर गर्दा यी प्रतिवादीले पीडिता वर्ष ६ की परिवर्तित नाम एम (M) कुमारीलाई पुऱ्याएको जर्बजस्ती करणीको कसुरबाट सिर्जित भएको शारीरिक एवं मानसिक पीडासमेतलाई मध्यनजर गर्दा यी पीडित परिवर्तित नाम एम (M) कुमारीले पीडक परिवर्तित नाम मुस्ताङ १२बाट रु.४०,०००।- (चालिस हजार) मात्र क्षतिपूर्तिसमेत भराई लिन पाउने ठर्हछ। सो ठहर्नाले अरू तपसिलबमोजिम गर्ने गरी प्रस्तुत मुद्दा अ.वं. १८६ नं.बमोजिम फैसला गरिदिएँ।

## तपसिल

माथि ठहरखण्डमा लेखिएबमोजिम प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ लाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२)बमोजिम कैद महिना ५ हुने ठहरी सोही ऐनको दफा ५०(२)बमोजिम उक्त कैद भोग्न नपर्ने गरी स्थगित हुने ठहरेकोमा यी प्रतिवादी मिति २०७३।०५।२० देखी २०७३।०५।२९सम्म दिन १० प्रहरी हिरासतमा रहेको देखिँदा बाँकी कैद ४ महिना २० दिनको हकमा यी प्रतिवादीको नाउँमा उक्त कैदको लगत कसी कैद भोग्न नपर्ने गरीस्थगित रहेको बेहोरा जनाई लगत कट्टा गरिदिनु.......................................................................................१

माथि ठहरखण्डमा लेखिएबमोजिम पीडिता परिवर्तित नाम एम (M) कुमारीले मुलुकी ऐन जर्बजस्ती करणीको महलको १० नं.बमोजिम प्रतिवादीबाट रु.४०,०००।-(चालीस हजार) रुपैंया क्षतिपूर्तिबापत भरि पाउने ठहरेकाले प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि उक्त क्षतिपूर्तिको बिगो भराइपाउँ भनी पीडिताले प्रतिवादीको यसै सरहदको जेथा देखाई दर्खास्त गर्न आएमा नियमानुसार गरी पीडितालाई प्रतिवादीबाट उक्त क्षतिपूर्तिको रकम दिलाई भराइदिनु.........................................................२

पीडिता परिवर्तित नाम एम (M) कुमारीले प्रतिवादीबाट माथि ठहरखाण्डमा उल्लेख भएबमोजिमको क्षतिपूर्ति भराई पाएका बखत प्रस्तुत मुद्दाबाट रोक्का रहेको प्रतिवादीको आमा सुकदेवी (गौचन) के.सी. का नाउँमा दर्ता रहेको जिल्ला मुस्ताङ कोवाङ गा.वि.स. वडा न. ५।क कि.न. १६४ को ०-४-०-० रोपनी जग्गा फुकुवा गरिदिनु भनी मालपोत कार्यालय मुस्ताङमा लेखी पठाइदिनु.............३

प्रस्तुत फैसलामा चित्त नबुझेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५६बमोजिम ३५ दिनभित्र उच्च अदालत, पोखरा बाग्लुङ इजलास बाग्लुङमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीबाट पुनरावेदन म्याद एवम् फैसला सुनी पाएको कागजसमेत गराई मिसिल सामेल राख्नू.................................४

यसमा प्रस्तुत मुद्दाको फैसलाको प्रतिलिपि जिल्ला सरकारी वकिल कार्यालय मुस्ताङलाई दिनु..........५

प्रस्तुत फैसलाको एक प्रति प्रतिलिपि निःशुल्क रूपमा प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ लाई दिनु.......................................................................................................................६

प्रस्तुत फैसलाको विद्युतीय अपलोड गरी नियमानुसार गर्नू....................................................७

सरोकारवाला व्यक्तिले नक्कल माग्न निवेदन गरे लाग्ने दस्तुर लिई नक्कल दिनु...........................८

प्रस्तुत मुद्दाको दायरीको लगत काटी मिसिल नियमानुसार गरी अभिलेख फाँटमा बुझाइदिनु...........९

जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले
बोली टिपाएबमोजिम टाइप गर्ने
फाँटवाला ना.सु. शालिकराम न्यौपाने

**इति संवत् २०७३ साल मंसिर ८ गते रोज ४ शुभम्..........................................**

**श्री झापा जिल्ला अदालत**
**बन्द इजलास**
**माननीय न्यायाधीश श्री मातृकाप्रसाद आचार्य**
**फैसला**
**र. नं. १८-०७२-००३७७**
**मुद्दा नं. ०72-CR-01०1**
**नि. नं. ११९**

**मुद्दा : जबरजस्ती करणी**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर,वतन** |
|---|---|
| साङ्केतिक नाम ०४–६(ख) को जाहेरीले नेपाल सरकार...............................................१ | जिल्ला झापा गा.वि.स. खजुरगाछी वार्ड नं. ३ बस्ने ढेरू राजबंशीको छोरा वर्ष ६० को बालेश्वर राजबंशी.................................१ |
| ऐ को प्रमाण | ऐ. को प्रमाण |
| साक्षीः- | साक्षीः- |
| कागजः- | कागजः- |

अदालतबाट बुझेको
साक्षीः-
कागजः-

**संक्षिप्त टिपोट**

**गोपनियता**

विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४बमोजिम प्रस्तुत मुद्दामा जाहेरवाला तथा वादी पक्षका अन्य साक्षी गवाहहरूको वास्तविक नाम परिवर्तन गरी विभिन्न साङ्केतिक नामहरू कायम गरिएको छ। निजहरूको वास्तविक नाम र ठेगानासहितको यथार्थ विवरण छुट्टै खाममा सिलबन्दी गरी मिसिलसामेल रहेको छ।

**क्षेत्राधिकार**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.बं. २९ नं.।

**जाहेरी दरखास्त**

प्रतिवादी बालेश्वर राजबंशीले मेरी भान्जी साङ्केतिक नाम ०४-६(ख) -१ लाई झारफुक औषधि गर्दै आएको र २०७१ पौष महिनादेखी म तिमीलाई सञ्चो बनाइदिन्छु तर मैले जे जे भन्छु सबै कुरा तिमीले मान्नुपर्छ भनी त्यसै समयदेखी पहिलो पटक साँझमा घरदेखी पश्चिमतर्फ दबाई गर्न जानुपर्छ

भनी लगी मलाई जबरजस्ती करणी गरे, त्यसपछि पनि मलाई पटक पटक दबाई गर्न भनी ठाउँठाउँमा लगी जबरजस्ती करणी गर्दै आएको र मेरो पेटमा ७ महिनाको गर्भ रहन गएको छ। निजले मलाई सँधै डरत्रास देखाउने गरेको हुँदा मैले कसैलाई भन्न नसकेको र २०७२ भदौ ६ गते अं. १२.०० बजेको समयमा पनि म आफ्नो घर जाँदै गर्दा प्रतिवादीले मेरो दाहिने हात समाती तानी खेलो गनगाईको पाटाबारीमा लगेर जबरजस्ती करणी गरेको हो भनी पीडिता भाञ्जीले मलाई पीडा सुनाएको हुँदा प्रतिवादीलाई जबरजस्ती करणी गरेबापत हदैसम्म कारबाही गरिपाउँ भन्ने बेहोराको साङ्केतिक नाम ०४-६(ख) को मिति २०७२।५।२० को जाहेरी दरखास्त।

**घटनास्थल मुचुल्का**

जिल्ला झापा गा.वि.स.खजुरगाछी वार्ड नं.३ श्यामटोलीस्थित बालेश्वर राजबंशीको घरदेखी पश्चिम, रतुवा खोलाको बगरदेखी पूर्व, पुसुलाल सिंहको घरदेखी दक्षिण, कालुप्रसाद सिंह गन्गाईको घरदेखी उत्तर यति चार किल्लाभित्र खेलो गन्गाईको पाटाबारी रहेको, सोही पाटाबारीमा प्रतिवादी बालेश्वर राजबंशीले साङ्केतिक नाम ०४-६(ख) -१ लाई जबरजस्ती करणी गरेको भनी देखाइएको घटनास्थल विवरण ठीक छ भन्ने बेहोराको घटनास्थल मुचुल्का।

**साङ्केतिक नाम ०४-६(ख) -१ को घटना विवरण कागज**

मेरो बाबा मानसिक बिरामी हुनुहुन्छ। मलाई पनि कहिलेकाहीं एकोहोरो हुने, के गरौं जस्तो भई दिमाग गडबडी हुनेजस्तो गरेको हुँदा प्रतिवादी बालेश्वर राजबंशीलाई ल्याएर झारफुक गराउने गरेको थियो। निज प्रतिवादीले झारफुक गर्ने क्रममा मैले जे भन्छु तैंले त्यही गर्नुपर्छ भनी डरत्रास देखाई गएको पौष महिनामा झारफुक गरेपछि दबाई गर्नुपर्छ भनी मलाई घरदेखी पश्चिमतर्फ पराल राखेको ठाउँमा लगेर जबरजस्ती करणी गरे। मैले अब भनिदिन्छु भन्दा चुप लागेर बस् मैले भनेको मान्नुपर्छ, म सबै रोग निको पारिदिन्छु, भनेको मानिनस् भने तेरो आमा र बहिनी सबैलाई बिरामी पारी खतम गरिदिन्छु भनी डरत्रास देखाएको हुँदा कसैलाई भनिनँ। त्यसपछि पनि प्रतिवादीले विभिन्न ठाउँमा लगेर पटक-पटक जबरजस्ती करणी गरेको हुँदा मेरो पेटमा गर्भ बसेको छ। मिति २०७२।०५।०६ गते पनि म छिमेकीको धान रोपेर घर फर्कंदै गरेको अवस्थामा प्रतिवादीले मेरो हात समातेर खेलो गनगाईको पाटाबारीमा लगी मलाई लडाई जबरजस्ती करणी गरेको हो भन्ने बेहोराको ०४-६(ख) -१ ले गरेको घटना विवरण कागज।

**प्रतिवादी बालेश्वर राजबंशीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान**

गत पौष महिनातिर म ०४-६(ख) -१ को घरमा साँझको ८.०० बजेतिर जाँदा बाबु आमा घरभित्र सुतिसकेका थिएँ। ०४-६(ख) -१ घरबाहिर खाटमा एक्लै सुतिरहेको अवस्थामा भेटी एकछिन बसेर कुराकानी गर्दै जिस्कँदै गर्दा मेरा छोरा छैनन् छोरी मात्र छन्, तिमी मसँग विवाह गरेर छोरा पाइदेऊ भनी मैले निजलाई भन्दा कुराकानी मिलेपछि पहिलो पटक सहमतिले नै करणी गरेको हुँ। त्यसपछि मौका मिलेका बखत ६।७ पटक करणी गरेको थिएँ। मैले करणी गरेको कारणले नै निजको पेटमा गर्भ बसेछ। गर्भ बसेपछि श्रावण ३।४ गतेतिर मैले जचाउन उपचार गर्न भनेर रू.

५०००।- खेलो गनगाईको हातमा दिएको थिएँ। जाहेरीमा उल्लेख भएअनुसार निजलाई मैले डरत्रास देखाई जबरजस्ती करणी गरेको होइन र मिति २०७२।५।६ गते करणी गरेको पनि होइन, उक्त दिन म कहाँ थिएँ भन्ने पनि मलाई थाहा छैन। म धामी झाँक्रीको काम पनि गर्दिनँ। छोरा पाइदिन्छिन् कि भनेर विवाह गर्ने सहमतिमा मैले करणी गरेको हुँ र गर्भ मेरै हो भन्ने बेहोराको प्रतिवादी बालेश्वर राजबंशीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

**इन्द्रदेव राजबंशीले गरेको घटना विवरण कागज**

मिति २०७२।०५।१९ गते ०४-६(ख) -१ गर्भवती भएको भन्ने हल्ला चलेपछि गाउँमा छलफल हुँदा प्रतिवादी बालेश्वर राजवंशीको गर्भ हो भनी निजले भनेकी र बालेश्वर राजबंशीले पनि मेरै गर्भ हो, छोरा हुन्छ कि भनेर विवाह गर्ने सहमतिमा मैले निजलाई करणी गरी गर्भ बोकाएको हुँ भनी स्वीकार गरेका हुन्। त्यसपछि कसैले जिम्मा लगाउनुपर्छ भने कसैले बूढो मानिसलाई जिम्मा लगाउनु हुँदैन अंश दिलाउनुपर्छ भने। जग्गा लेनदेन गर्ने कुरा चल्यो। सहमति पनि भएको थियो तर प्रतिवादीपक्षले अंशको रूपमा लिनुपर्छ भन्ने सर्त राखे भने पीडितपक्षले राजीनामा भनेर दिनुपर्छ भन्ने सर्त राखेपछि कुरा नमिलेर जाहेरी परेको हो। प्रतिवादीले ०४-६(ख) -१ लाई जबरजस्ती करणी गरेको होइन भन्ने बेहोराको इन्द्रदेव राजबंशीले गरेको घटना विवरण कागज।

**रामदेवप्रसाद राजबंशीले गरेको घटना विवरण कागज**

मिति २०७२।०५।१९ गते ०४-६(ख) -१ गर्भवती भएको भन्ने हल्ला चलेपछि गाउँमा छलफल हुँदा प्रतिवादी बालेश्वर राजवंशीको गर्भ हो भनी निजले भनेकी र बालेश्वर राजबंशीले पनि मेरै गर्भ हो, छोरा हुन्छ की। भनेर विवाह गर्ने सहमतिमा मैले निजलाई करणी गरी गर्भ बोकाएको हुँ भनी स्वीकार गरेका हुन्। त्यसपछि कसैले जिम्मा लगाउनुपर्छ भने कसैले बूढो मानिसलाई जिम्मा लगाउनु हुँदैन अंश दिलाउनुपर्छ भने। जग्गा लेनदेन गर्ने कुरा चल्यो। सहमति पनि भएको थियो तर प्रतिवादीपक्षले अंशको रूपमा लिनुपर्छ भन्ने सर्त राखे भने पीडितपक्षले राजीनामा भनेर दिनुपर्छ भन्ने सर्त राखेपछि कुरा नमिलेर जाहेरी परेको हो। प्रतिवादीले ०४-६(ख) -१ लाई जबरजस्ती करणी गरेको होइन भन्ने बेहोराको रामदेवप्रसाद राजबंशीले गरेको घटना विवरण कागज।

**०४-६(ख) -१ को स्वास्थ्य परीक्षण प्रतिवेदन**

योनिको हाइमेन च्यातिएको छ। शरीरमा रेप बाइट, लव बाइट तथा संघर्षका चिह्नहरू छैनन्। पेटमा ६ देखी ७ महिनाको गर्भ रहेको छ भन्ने बेहोराको मेची अञ्चल अस्पतालको मिति २०७२।५।२९ गतेको परीक्षण प्रतिवेदन।

**वस्तुस्थिति मुचुल्का**

०४-६(ख) -१ ले गर्भ बोकेको विषयमा मिति २०७२।०५।१९ गते गाउँमा छलफल हुँदा मेरो रोग निको पारिदिन्छु, मैले भनेको मान्नुपर्छ, मानिनस् भने आमा र बहिनीलाई समेत बिरामी

बनाइदिन्छु भनी प्रतिवादी बालेश्वर राजबंशीले झारफुक गर्ने क्रममा पटक पटक करणी गरेको र मेरो पेटमा गर्भ रहेको हो भनी निज ०४-६(ख) -१ ले भनेकी हुन्। प्रतिवादी झारफुक गर्न भनी पीडितको घरमा पटक पटक आएको पनि देखेको हुँ। प्रतिवादीले पनि कसुर स्वीकार गरेका हुन् भन्नेसमेत बेहोराको ताराचन गनगाईंसमेतले प्रायः एकैमिलान हुने गरी गरेको वस्तुस्थिति मुचुल्का।

**अभियोगपत्र**

प्रतिवादी बालेश्वर राजबंशीले ०४-६(ख) -१ लाई काबुमा पारी डरत्रास देखाई पटक पटक जबरजस्ती करणी गरी गर्भ बोकाएको र मिति २०७२।५।६ गते पनि पीडितलाई जबरजस्ती करणी गरेको हुँदा निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा उक्त महलको ३(४) नं.बमोजिम सजाय गरी ऐ को १० नं.अनुसार प्रतिवादीबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्तिसमेत दिलाईभराइपाउँ भन्ने बेहोराको मिति २०७२।६।७ गतेको अभियोगपत्र।

**प्रतिवादी बालेश्वर राजवंशीले अदालतसमक्ष गरेको बयान**

गत पुस। माघ महिनादेखी ०४-६(ख) -१ लाई मैले सहमतिमा करणी गरेको र निजले मेरो गर्भ बोकेको हो। हाम्रो सम्बन्धको विषयमा हल्ला भई समाज बसेको हो। मैले निजलाई घरमा ल्याएर अंश दिने कुरा गरें। निजले राजीनामा गरेर जग्गा दिनुपर्छ भनिन्। हाम्रो कुरा मिलेन। मिति २०७२।५।६ गते मैले निजलाई करणी गरेको होइन। म मिति २०७२।५।४ गते नसासम्बन्धी रोगको उपचार गर्न विराटनगरस्थित न्युरो अस्पतालमा भर्ना भई १२।१४ दिनपछि घर फर्केको हुँ। म ०४-६(ख) -१ लाई श्रीमती बनाई अंश दिई राख्न तयार छु भन्ने बेहोराको प्रतिवादी बालेश्वर राजबंशीले अदालतसमक्ष गरेको बयान।

**पुर्पक्ष**

पछि थप प्रमाण बुझ्दैजाँदा ठहरेबमोजिम हुने गरी हाल प्रतिवादी बालेश्वर राजवंशीलाई मुलुकी ऐन अ. वं. ११८ नं. को देहाय दफा २अनुसार थुनामा राखी पुर्पक्ष गर्नु भन्ने यस अदालतको मिति २०७२।६।७ गतेको आदेश।

**०४-६(ख) -१ ले गरेको बकपत्र**

मिति २०७२।५।६ गते म खेतमा धान रोप्दै थिएँ, प्रतिवादीले मलाई बोलाई मेरो हातमा जबरजस्ती समाई पाटाबारीभित्र लगी मेरो कपडा जबरजस्ती खोलेर करणी गरेको हो। म बिरामी थिएँ। मलाई चक्कर लाग्थ्यो। प्रतिवादीले मलाई झारफुक गर्थे। निजले तेरो रोग निको पारिदिन्छु, मैले जे भन्छु त्यो मान्नू भन्थे र मैले भनेको मानिनस् भने तेरा बाबु आमा र बहिनीलाई पनि तँजस्तै पागल बनाइदिन्छु भनी मलाई पटकपटक जबरजस्ती करणी गरेको हो भन्ने बेहोराको ०४-६(ख) -१ ले गरेको बकपत्र।

**जाहेरवाला ०४-६(ख) ले गरेको बकपत्र**

पीडित भाञ्जीले भनेपछि प्रतिवादीले गरेको कसुर थाहा पाएको हुँ। झारफुक गर्ने भनी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको हो भन्ने बेहोराको जाहेरवाला ०४-६(ख) ले गरेको बकपत्र।

**घटना विवरण कागज गर्ने मानिसहरूको बकपत्र**

घटना विवरण कागजको बेहोरा र सहिछाप मेरो हो। प्रतिवादीले ०४-६(ख) -१ लाई सहमतिमा करणी गरेको हो। २०७२।५।६ गते प्रतिवादी उपचार गराउन विराटनगर गएका थिएँ। गाउँमा जग्गा जमिन लिनेदिने विषयमा कुरा नमिलेपछि जाहेरी परेको हो भन्ने बेहोराको इन्द्रदेव राजबंशीले गरेको बकपत्र।

घटना विवरण कागजको बेहोरा र सहिछाप मेरो हो। प्रतिवादीले ०४-६(ख) -१ लाई जबरजस्ती करणी गरेको होइन, सहमतिमै करणी गरेको हो। २०७२।५।५ गते प्रतिवादी उपचार गराउन विराटनगर गएका थिएँ। प्रतिवादीलाई फसाउन खोजिएको हो। गाउँमा जग्गा जमिन लिनेदिने विषयमा कुरा नमिलेपछि जाहेरी परेको हो भन्ने बेहोराको रामदेव राजबंशीले गरेको बकपत्र।

**वस्तुस्थिति मुचुल्काका मानिसहरूको बकपत्र**

प्रतिवादी उपचारका लागि २०७२।५।५ गते विराटनगर गएका थिएँ। प्रतिवादीले ०४-६(ख) -१ लाई जबरजस्ती करणी गरेको होइन, सहमतिमै करणी गरेको हो। अंशमा कुरा नमिलेर जाहेरी परेको हो भन्ने बेहोराको गुदनलाल राजबंशीले गरेको बकपत्र।

प्रतिवादीले झारफुक गर्ने निहुँमा पीडितलाई जबरजस्ती करणी गरेको कुरा पीडितबाटै सुनेको हुँ भन्ने बेहोराको सिताराम ढकालले गरेको बकपत्र।

प्रतिवादीले झारफुक गर्ने निहुँमा पीडितलाई ७ महिनादेखी पटकपटक जबरजस्ती करणी गर्दै आएको र मिति २०७२।५।६ गते पनि प्रतिवादीले पाटाबारीमा जबरजस्ती करणी गरेको भनी पीडितले नै सुनाएकी हुन् भन्ने बेहोराको डोमनलाल सिंहले गरेको बकपत्र।

**प्रतिवादीका साक्षीहरूको बकपत्र**

मिति २०७२।५।६ गते प्रतिवादी बालेश्वर राजबंशी उपचारको क्रममा विराटनगरमा थिएँ। निजले ०४-६(ख) -१ लाई जबरजस्ती करणी गरेको होइन। सहमतिमा करणी भएको हो। समाजमा छलफल हुँदा राजीनामा पास गरेर जग्गा दिनुपर्छ भन्ने केटी पक्ष र अंश भरपाई गरेर लिनुपर्छ भन्ने प्रतिवादी पक्ष भएकाले जाहेरी परेको हो भन्ने बेहोराको तपेश्वर राजबंशीले गरेको बकपत्र।

मिति २०७२।५।६ गते प्रतिवादी बालेश्वर राजबंशी उपचारको क्रममा विराटनगरमा थिएँ। निजले ०४-६(ख) -१ लाई जबरजस्ती करणी गरेको होइन। जग्गा लिनेदिने विषयमा कुरा नमिलेर जाहेरी परेको हो भन्ने बेहोराको भेषनारायण राजबंशीले गरेको बकपत्र।

**सरजमिन मुचुल्का**

प्रतिवादी बालेश्वर राजबंशी गाउँघरमा झारफुक औषधि गर्ने मानिस हुन् होइनन्, प्रतिवादीको वतनमा गई जाहेरवालासमेतलाई रोहवरमा राखी वादी प्रतिवादीका साक्षी गवाहबाहेकका स्थानीय मानिसहरूको मुचुल्का गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७२।७।२४ को आदेशानुसार मिति २०७२।८।१ गते भइआएको सरजमिन मुचुल्का मिसिलसामेल रहेको।

<u>ठहर</u>

लगातार सुनुवाइमा रही दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुनआएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री टेकनाथ अधिकारीले प्रतिवादीले झारफुकको बहानामा विभिन्न डरत्राससमेत देखाई पीडितको नाजुक अवस्थाको फाइदा उठाई पटक पटक करणी गरी गर्भसमेत बोकाएको हुँदा प्रतिवादीलाई आरोपित कसुरमा अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्दछ भनी बहस गर्नुभयो। प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री सुरज खत्री र श्री नारायण वस्तीले प्रतिवादी र ०४-६(ख) -१ बीच सहमतिमै करणी लिनुदिनुभएको हो, प्रतिवादीले निजलाई पत्नीको रूपमा स्वीकार गरेका छन्, गर्भ रहेको ७।८ महिनासम्म जाहेरी परेको छैन, ०४-६(ख) -१ बालिग महिला हुन्, प्रतिवादीले निजलाई जबरजस्ती करणी गरेको भए मौकैमा जाहेरी पर्दथ्यो, ०४-६(ख) -१ ले जाहेरी दिएको पनि होइन, निजका परिवारजन र आफन्तहरूको असन्तुष्टिका कारण जाहेरी परेको हो, ०४-६(ख) -१ उपर अनुचित प्रभाव त निजका परिवारजन र आफन्तहरूले पारेका छन् प्रतिवादीले होइन, प्रतिवादी झारफुक गर्ने मानिस पनि होइनन्, तसर्थ प्रतिवादीले झुठो अभियोगबाट सफाइ पाउनुपर्दछ भनी बहस गर्नुभयो।

उल्लिखित बहससमेत सुनी निर्णयतर्फ विचार गर्दा, प्रतिवादी बालेश्वर राजबंशीले ०४-६(ख)-१ लाई झारफुकको बहानामा काबुमा पारी डरत्रास देखाई पटक पटक जबरजस्ती करणी गरी गर्भ बोकाएको र मिति २०७२।५।६ गते पनि पीडितलाई जबरजस्ती करणी गरेको हुँदा प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा उक्त महलको ३(४) नं.बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी रहेको छ।

०४-६(ख) -१ ले घटना विवरण कागज गर्दा मेरो बाबा मानसिक बिरामी हुनुहुन्छ, मलाई पनि कहिलेकाहीं एकोहोरो हुने, के गरौं जस्तो भई दिमाग गडबडी हुने गरेको हुँदा प्रतिवादी बालेश्वर राजबंशीलाई ल्याएर झारफुक गराउने गरेको थियो, निज प्रतिवादीले झारफुक गर्ने क्रममा मैले जे भन्छु तैंले त्यो मान्नुपर्छ, म सबै रोग निको पारिदिन्छु, भनेको मानिनस् भने तेरी आमा र बहिनीलाई पनि तँजस्तै बिरामी बनाइदिन्छु भनी डरत्रास देखाई मलाई पटक पटक करणी गरेको र मेरो पेटमा निजको गर्भसमेत रहेको छ, मिति २०७२।०५।०६ गते पनि म छिमेकीको धान रोपेर घर फर्कंदै गरेको अवस्थामा प्रतिवादीले मेरो हात समातेर पाटाबारीमा लगी मलाई लडाई जबरजस्ती करणी गरेको हो भनी कागज गरेको देखीन्छ। त्यस्तै निजले अदालतसमक्ष बकपत्र गर्दा पनि म बिरामी थिएँ, मलाई चक्कर लाग्थ्यो, प्रतिवादीले मलाई झारफुक गर्थे, निजले तेरो सबै रोग निको पारिदिन्छु, मैले जे भन्छु त्यो मान्नू, मैले भनेको मानिनस् भने तेरा बाबु आमा र बहिनीलाई पनि तँजस्तै पागल

बनाइदिन्छु भनी मलाई पटकपटक जबरजस्ती करणी गरेको हो र मिति २०७२।५।६ गते पनि प्रतिवादीले मलाई पाटाबारीभित्र लगी जबरजस्ती करणी गरेको हो भनी बकपत्र गरेको देखीन्छ।

प्रतिवादी वालेश्वर राजबंशीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मैले गत पौष महिनातिर ०४-६(ख) -१ को घरमा गई निजसँग कुराकानी, जिस्कने गरी मेरा छोरा छैनन् छोरी मात्र छन्, तिमी मसँग विवाह गरेर छोरा पाइदेऊ भन्दा कुरा मिलेपछि पहिलो पटक सहमतिले नै निजलाई करणी गरेको हुँ, त्यसपछि मौका मिलेका बखत ६।७ पटक करणी गरेको थिएँ, मैले करणी गरेको कारणले निजको पेटमा गर्भ बसेछ, गर्भ बसेपछि श्रावण ३।४ गतेतिर मैले जचाउन उपचार गर्न भनेर रू. ५०००।- दिएको थिएँ, निजलाई मैले डरत्रास देखाई जबरजस्ती करणी गरेको होइन र मिति २०७२।५।६ गते करणी गरेको पनि होइन, उक्त दिन म कहाँ थिएँ मलाई थाहा छैन, म धामी झाँक्रीको काम पनि गर्दिनँ, छोरा पाइदिन्छिन् कि भनेर विवाह गर्ने सहमतिमा मैले निजलाई करणी गरेको हुँ, गर्भ मेरै हो भनी बयान गरेको देखीन्छ। त्यस्तै निज प्रतिवादीले अदालतसमक्ष बयान गर्दा पनि गत पुस। माघ महिनादेखी ०४-६(ख) -१ लाई मैले सहमतिमा करणी गरेको र निजले मेरो गर्भ बोकेको हो, हाम्रो सम्बन्धको विषयमा गाउँमा हल्ला भई समाज बसेको हो, मैले ०४-६(ख) -१ लाई घरमा ल्याएर अंश दिने कुरा गरें, निजले राजीनामा गरेर जग्गा दिनुपर्छ भनिन्, हाम्रो कुरा मिलेन, मिति २०७२।५।६ गते मैले निजलाई करणी गरेको होइन, उक्त दिन म उपचारको सिलसिलामा विराटनगरस्थित न्युरो अस्पतालमा थिएँ, १२।१४ दिनपछि मात्र घर फर्केको हुँ, म ०४-६(ख) -१ लाई श्रीमती बनाएर अंश दिई राख्न तयार छु भनी बयान गरेको देखीन्छ।

प्रतिवादी वालेश्वर राजबंशी र साङ्केतिक नाम ०४-६(ख) -१ का उपर्युक्त बयान बकपत्रबाट प्रतिवादीले निज ०४-६(ख) -१ लाई महिनौंदेखी करणी गर्दैआएको र सोही कारण ०४-६(ख) -१ को पेटमा ७।८ महिनाको गर्भसमेत रहेको भन्नेमा विवाद देखीन्न। ०४-६(ख) -१ को शारीरिक परीक्षण प्रतिवेदनबाट पनि गर्भ रहेको तथ्य पुष्टि भएको छ। ०४-६(ख) -१ को कथनबाट निजका पिता मानसिक रोगी भएको र निजलाई पनि त्यस्तै समस्या भएको हुँदा झारफुक औषधी गराउन निज प्रतिवादी वालेश्वर राजबंशीको शरणमा पुगेको देखीन्छ। त्यसपछि प्रतिवादीले ०४-६(ख) -१ लाई म तिम्रो रोग निको पारिदिन्छु तर मैले जे भन्यो तिमीले त्यही मान्नुपर्छ नत्र तिम्री आमा र बहिनीलाई पनि तिमीजस्तै बरामी बनाइदिन्छु भनी डर देखाई झारफुकको बहानामा पटक पटक करणी गरेको देखीन आउँछ। ०४-६(ख) -१ सँग विवाह गर्ने सल्लाह गरी सहमतिमै करणी गरेको हुँ भन्ने प्रतिवादीको जिकिर भए पनि निजले ०४-६(ख) -१ लाई पत्नी बनाई घरमा लगी राखेको देखीन्न।

जबरजस्ती करणी मुद्दामा अभियुक्तले पीडित महिलालाई स्वतन्त्र र अर्थपूर्ण सहमतिमा करणी गरेको हो होइन भन्ने प्रश्न अहम् हुन्छ। भौतिक वा शारीरिक बल प्रयोग नगरेको भए पनि कुनै किसिमको डर त्रास देखाई, धम्की दिई वा झुक्याई वा अनुचित प्रभावमा पारी करणी गरे जबरजस्ती करणी हुने भन्ने मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. मा स्पष्ट उल्लेख छ। अनुचित प्रभावको परिभाषा कानूनमा गरिएको छैन तर फौजदारी विधिशास्त्रमा यसको अर्थ, प्रकृति र

दृष्टान्तहरूको अध्ययन गर्ने गरिन्छ। अनुचित प्रभाव कुनै मानिसको व्यक्तित्व, हैसियत वा भूमिकाका कारण अर्को मानिसमा उत्पन्न हुने एउटा मनोसामाजिक प्रभाव हो जसलाई माध्यम बनाएर त्यस्तो व्यक्तिले अर्को मानिसउपर अपराधजन्य कार्यहरू गर्ने गर्दछ र पीडितलाई त्यसको या त पत्तै हुँदैन या प्रतिवाद गर्न सक्दैनन्। यसरी अनुचित प्रभाव पार्न र पर्नसक्ने वैयक्तिक सम्बन्धहरूमा पारिवारिक नाता गोता, अभिभावक बालबालिका, शिक्षक विद्यार्थी, मालिक मजदुर, हाकिम कर्मचारी, चिकित्सक बिरामी, धामीझाँक्री बिरामी आदि पर्दछन्। अभियुक्तले वा मिसिलसंलग्न अरू प्रमाणहरूले अन्यथा पुष्टि गरेमा बाहेक अनुचित प्रभावको प्रश्नलाई अदालतले सकारात्मक अनुमानको रूपमा लिन्छ।

प्रस्तुत मुद्दामा ०४-६(ख) -१ आफ्नो बिमारीको उपचारका लागि प्रतिवादीको शरणमा गएको र प्रतिवादीले झारफुक गर्ने क्रममा निजले भनेको मान्नुपर्ने र नमाने आमा र बहिनीलाई समेत बिरामी बनाइदिने डर देखाई पटक पटक करणी गरेको भन्ने निज पीडितको कथन रहेको छ। यहाँ पीडितले आफ्नो रोग निको पार्ने क्षमता प्रतिवादीमा छ र प्रतिवादीले जे गर्दछन् त्यो उपचारको लागि आफ्नो हितमा नै गर्दछन् भन्ने विश्वास बोकेर प्रतिवादीको शरणमा गएको अवस्था विद्यमान छ। यसको अतिरिक्त मानिसलाई बिमारी बनाइदिने कथित शक्तिसमेत प्रतिवादीसँग छ भन्ने पनि पीडितको बुझाइ रहेको छ र प्रतिवादीले त्यसतर्फ दिएको धम्कीले पीडितलाई अझ असहाय र बाध्यात्मक स्थितिमा पुऱ्याएको देखीन्छ। प्रतिवादीले म झारफुक गर्ने काम गर्दिनँ भनी बयान गरेको भए पनि सरजमिन मुचुल्काका जानकीदेवी गनगाईं र भरिलाल गनगाईंले प्रतिवादी गाउँघरमा झारफुक गर्ने काम गर्दछन् भनी मुचुल्का गरेको पाइन्छ। यो पृष्ठभूमिमा प्रतिवादीले ०४-६(ख) -१ लाई गर्दैआएको करणीमा निज पीडितको स्वतन्त्र र अर्थपूर्ण सहमति रहेको छ भन्न सकिएन।

जाहेरवाला तथा पीडितसँग मेरो कुनै रिसइवि छैन भनी प्रतिवादीले बयानमा भनेको पाइन्छ। यस परिप्रेक्ष्यमा पीडितले प्रतिवादीविरूद्ध झुठो आरोप लगाउनुपर्ने कुनै कारण पनि देखीन्न। जबरजस्ती करणीजस्ता यौनजन्य हिंसाका घटनामा प्रत्यक्षदर्शी साक्षी वा सबुत नहुन् सक्छ। यस्तो अवस्थामा पीडित नै साक्षी हुन्छ र पीडितको कथनलाई सावधानीपूर्वक विश्लेषण गरेर निष्कर्षमा पुग्नुपर्ने हुन्छ। पीडितलाई पत्नी स्वीकार गरेर अंश दिन तयार छु भन्ने प्रतिवादीको कथन रहेको छ। सोसम्बन्धमा, कसुर गरेपछि विवाह गर्छु वा अंश दिन्छु भनी प्रतिवादीले स्वीकार गरेको आधारमा प्रतिवादीको कसुरलाई वैधता प्रदान गर्न वा प्रतिवादीलाई सजायबाट उन्मुक्ति दिन मिल्दैन।

अतः उपर्युक्त विवेचनाबाट प्रतिवादीले ०४-६(ख) -१ लाई अनुचित प्रभावमा पारी जबरजस्ती करणी गरेको देखीएको हुँदा अभियोग मागदाबीअनुसार प्रतिवादीलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(४) नं.बमोजिम पाँच वर्ष कैद सजाय हुने ठहर्छ। उक्त महलको १० नं.बमोजिम प्रतिवादीबाट पीडितलाई तीसहजार रूपैयाँ क्षतिपूर्तिसमेत भराइदिने ठहर्छ। अरू तपसिलबमोजिम गर्नू।

## तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी बालेश्वर राजवंशीलाई ५(पाँच) वर्ष कैद सजाय हुने ठहरी फैसला भएको र निज प्रतिवादी मिति २०७२।५।२० गते पक्राउ परी प्रहरी हिरासतमा रही यस अदालतको मिति २०७२।६।७ गतेको आदेशले पुर्पक्षका लागि थुनामा रहेको हुँदा निज

प्रतिवादी पक्राउ परेको मितिबाटै कैद गणना गरी मिति २०७७।५।१९ गतेसम्मको कैद ठेकी असुल गर्नु र प्रतिवादीलाई समेत रीतपूर्वकको कैदी पुर्जी दिनु..............................................१

प्रतिवादी बालेश्वर राजवंशीबाट तीस हजार रूपैयाँ पीडितलाई क्षतिपूर्तिसमेत भराइदिने ठहरेको हुँदा मुद्दा अन्तिम भएपछि प्रतिवादीबाट उक्त क्षतिपूर्ति रकम असुल गरी र प्रतिवादीले रकम दाखिल नगरे यस अदालतको आदेशले रोक्का रहेको प्रतिवादीको अंश भागको जग्गा कानूनबमोजिम लिलाम गरी पीडितलाई अदालतबाटै सम्पर्क गरी झिकाई क्षतिपूर्ति रकम भराइदिन लगत राख्नू.....................२

यो इन्साफमा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत, इलाममा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु..........................................................................३

फैसलाको प्रतिलिपिसहित फैसला भएको जानकारी जिल्ला सरकारी वकिल कार्यालय झापालाई दिनु..४

सरोकारवालाले फैसलालगायत मिसिलसंलग्न कागजातको नक्कल माग गरे लाग्ने दस्तुर लिई जिल्ला अदालत नियमावली २०५२ को नियम ४६ख (३) को अधीनमा रही नक्कल दिनु......................५

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसला अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु..............................................................................................................६

जिल्ला न्यायाधीश

फैसला टिपोट
ना. सु. रामचन्द्र बस्नेत
कम्प्युटर अपरेटर ना. सु. टिकादेवी ज्ञवाली
फाँटः मुद्दा ३ख
**इति संवत् २०७२ साल मंसिर ८ गते रोज ३ शुभम्.................**

**श्री काठमाडौं जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री राजुकुमार खतिवडा**
**फैसला**
**संवत् २०७० सालको मु.नं.०७०-CP-३४०४**
**नि.नं.५५**

**मुद्दा :- दूषित निर्णय दर्ता बदर हक कायमसमेत।**

**वादीको नाम, थर, वतन**

अक्कलमान शाक्यको नाति रत्न शाक्यको छोरा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिक वडा नं.१८ नरदेवी बस्ने ४९ को पुष्प शाक्य..........................१
कान्छा शाक्यको नाति वीरमान शाक्यको छोरा ऐ.ऐ.बस्ने वर्ष ५५ को चन्द्रमान शाक्य..........................................१
ऐ.को नाति ऐ.को छोरा ऐ.ऐ.बस्ने वर्ष ५२ को सुरेन्द्रमान शाक्य........................१
ऐ.को नाति ऐ.को छोरा ऐ.ऐ.बस्ने वर्ष ३८ को गेहेन्द्रमान शाक्य........................१
कुवेर शाक्यको नाति आशामान शाक्यको छोरा ऐ.ऐ. बस्ने वर्ष ५८ को शारदामान शाक्य...........................................१
ऐ.को नाति ऐ.को छोरा ऐ.ऐ.बस्ने वर्ष ५६ को रमेशमान शाक्य.........................१
ऐ.ऐ.बस्ने रविन्द्रमान शाक्य................१

**साक्षीः-**

राजु तिमिल्सिना, देवराज तिमिल्सिना, देवप्रकाश तिमिल्सिना र ज्ञानेन्द्रमोहन श्रेष्ठ

**प्रमाण। कागजः-**

मालपोत कार्यालय डिल्लीबजारबाट भएको

**प्रतिवादीको नाम, थर, वतन**

छविलाल तिमिल्सिनाको छोरा काठमाडौं जिल्ला धर्मस्थली गा.वि.स.वडा नं.४ बस्ने वर्ष ६७ को पदमनाथ तिमिल्सिना...................................१
ऐ.को छोरा ऐ.ऐ.बस्ने वर्ष ५७ को मोहनप्रसाद तिमिल्सिना...............................................१

**साक्षीः-**

रामप्रसाद तिमिल्सिना, उध्दवराज तिमिल्सिना र कृष्णहरी तिमिल्सिना।

**प्रमाण। कागजः-**

नाता प्रमाण पत्रको प्रतिलिपि, तिरो तिरेको रसिदको प्रतिलिपि, मिति २०४३।०८।२० को निवेदन पत्रको प्रतिलिपि, सर्वोच्च अदालतको दे.पु.नं.६७०० को फैसलाको प्रतिलिपि।

निर्णयको प्रतिलिपि, जग्गा दर्ता ना.सा.को लागि वडा कार्यालयको सक्कल सिफारिस पत्र, २ नं.अनुसूचीको प्रतिलिपि, खिचोला मेटाई हक कायम मुद्दाको मिति २०३४।०६।१६ को मिलापत्रको प्रतिलिपि, साबिक बालाजु मौजाको हा.नं.७०७ को प्रतिलिपि र फिल्डबुकको प्रतिलिपि।

**अदालतबाट बुझेकोः-**

**साक्षीः-x**

**प्रमाणः-**

मालपोत कार्यालयबाट मिति २०५३।१२।२९ मा भएको दर्ता निर्णयसहितको सक्कल मिसिल, सर्वोच्च अदालतबाट मिति २०६०। ०८।०३ मा फैसला भएको पुनरावेदक बुध्दरत्न शाक्य प्रतिवादी सानुराजा शाक्य भएको अंशभाग छुट्टयाई पाउँ मुद्दाको फैसलाको प्रमाणित प्रतिलिपि।

न्यायप्रशासन ऐन, २०४८ को दफा ७ एवम् मुलुकी ऐन, अदालती बन्दोबस्तको २९नं. ले यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

**तथ्य खण्ड**

१. तत्कालीन समयमा २०२१।२०२२ सालको नापीको समयमा नापजाँच भई हामी फिरादीका बाजे, पिता तथा ठूलो बाबु विरमान शाक्यको नाउँमा कायम भएको काठमाडौं जिल्ला, धर्मस्थली गा.वि.स.वडा नं.१।ख कि.नं.७६ को क्षेत्रफल ९-२-३-० जग्गामा मोही सेती तिमिल्सिना जनिई कायम भएको हामी फिरादीका पिता पुर्खाका पालादेखी हकभोग गरी आएको अबन्डा जग्गा हुन्। उक्त जग्गाको मोही सेती तिमिल्सिनाको मिति २०६९।०१।१९ गते मृत्युपश्चात् साल सालको कुटवालि हामी फिरादीलाई निज मोहीका सन्तानले बुझाउन नआएपछि उक्त जग्गा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा बनाउनको लागि वडामा सिफारिससमेत लिई छुट जग्गा दर्ता नामसारी गर्न सम्बन्धित मालपोत कार्यालय डिल्लीबजारमा मिति २०७१।०१।१६ गते निवेदन दिन जाँदा उक्त जग्गा मिति २०५३।१२।२९ गते यी विपक्षीहरूको नाउँमा दर्ता भई गई सकेको भनी जानकारी पाएअनुसार मिति २०७१।०१।१६गते नै उक्त नक्कल सारी हेर्दा हकदैया विहीन उनाउ नक्कली व्यक्तिहरू निज विपक्षी प्रतिवादीहरूको नाउँमा दर्ता गर्ने गरी निर्णय भई निजहरूको नाउँमा नामसारी भई कायम भएको रहेछ। उक्तजग्गा हाम्रो बाजे तथा ठूलो बुबा चिनिकाजी शाक्यको नाउँमा कायम भएको बालाजु मौजा हा.नं.७०७ मध्येबाट भिडी दर्ता हुने जग्गा हुन्। उक्त साबिक

लगतबाट भिडाई हामी फिरादीहरूको नाउँमा ३ भाग र साबिक लगतवाला बाजे तथा ठूलो बुबा चिनीकाजी हक खाने छोराहरू राजभाइ शाक्य, सानुराजा शाक्य र सुनिल शाक्य गरी ३ जनाको नाउँमा कायम हुने गरी हक कायम गरी छुट जग्गा दर्ता नामसारीसमेत गरिपाउँ भन्नेसमेत बेहोराको वादीहरूको संयुक्त फिराद दाबी।

२. हामीहरूले धर्मस्थली मौजाको हा.नं.२४१बाट भिडाई काठमाडौं जिल्ला धर्मस्थली गा.वि.स. वडा नं.७६ को उक्त जग्गा ददर्ता गरिपाउँ भनी मिति २०४२।०४।१३ मा दर्ता गरेको निवेदनसमेतको प्रमाणित प्रतिलिपि वीरमानले मिति २०४३।०८।२० मा बुझिलिएको देखीन्छ र निजलाई ७ दिनभित्र प्रमाण लिई हाजिर हुन् आउनु भनी मालपोत कार्यालयबाट जारी भएको सूचना मिति २०४३।१०।११ मा तामेल भई सो म्यादमा उपस्थित हुन् नसकेको बेहोरा जनाई तत्कालीन व्यवस्थाअनुसार विशेष जाहेरी विभागमार्फत मिति २०४३।११।२६ मा श्री ५ मा चढाएको बिन्तीपत्रमा म्याद थामी दिने हु.प्र.बक्स भई आएको तथा सो म्यादमा उपस्थित नभई कुनै प्रमाण पेस गर्न नसकेको मात्र होइन अपितु निज वीरमानले उक्त विन्ती पत्र दिएको भन्ने आधारमा काम कारबाही स्थगित गरिपाउँ भनी मालपोत कार्यालयमा समेत निवेदन दिएकोमा आफ्नो दाबी जिकिर प्रमाणित गर्न निज वीरमान स्वयंले सकेको देखिँदैन। साथै मालपोत कार्यालयमा उपस्थित भई कारावाही चलाउन नसकेको अवस्था पनि एकातर्फ विद्यमानछ भने यसै गरी अर्कोतर्फ २०५३।११२।२९ मा भएको निर्णयको जानकारीसमेत मिति २०५५।०५।१९ को पत्रबाट गराएको पनि मालपोतको मिसिलबाट देखीन्छ। यसरी वीरमानले मौकामा दाबी जिकिर प्रमाणित गर्न नसकेको वा कारबाहीमा नरहेको र निर्णय भईसकेको जानकारी मौकामा पाई चित्त बुझाई बसेपछि अब आएर निजका सन्तान हौं भनी विपक्षीहरूले दायर गरेको झुठ्ठा फिराद दाबी खारेज गरिपाउँ भन्ने बेहोराको प्रतिवादीहरूको संयुक्त प्रत्तिउत्तर जिकिर।

३. मालपोत कार्यालयबाट मिति २०५३।१२।२९ मा भएको दर्ता निर्णय सहितको मिसिल सम्बन्धित कार्यालयबाट झिकाई मिसिल साथै राख्नु। साथै सर्वोच्च अदालतबाट मिति २०६०। ०८।०३ मा फैसला भएको पुनरावेदक बुध्दरत्न शाक्य प्रतिवादी सानुराजा शाक्य भएको अंशभाग छुट्टयाई पाउँ भन्ने मुद्दाको फैसलाको प्रमाणित प्रतिलिपि प्रतिवादीबाट दाखिल गर्न लगाउने भन्ने यस अदालतका मिति २०७१।०६।२६ गतेका आदेशानुसारको मालपोत कार्यालयको उक्त दर्ता निर्णय सहितको र सर्वोच्च अदालतबाट मिति २०६०। ०८।०३ मा फैसला भएको फैसलाको प्रतिलिपि मिसिल सामेल रहेको।

**ठहर खण्ड**

४. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन् आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुरेश प्रधानले विवादित कि.नं.७६को जग्गा

वादीहरूका बाजे, पिता तथा ठूलो बाबु नाताका विरमान शाक्यको रहेको भन्ने फिल्डबुकबाट पुष्टि भएको र सो जग्गा बालाजु मौजा हा.नं.७०७ को साबिक लगतबाट भिडी दर्ता हुने जग्गा भएकाले मालपोत कायालय काठमाडौंबाट प्रतिवादीहरूका नाममा जग्गा दर्ता हुने गरी मिति२०५३।१२।२९ मा भएको निर्णय बदर गरी वादीहरूको नाममा हककायम दर्ता हुनुपर्दछ भनी र प्रतिवादीहरूतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री राधेश्याम पराजुली र श्री राजेन्द्र भट्टराईले वादीले उल्लेख गरेको बालाजु मौजा हा.नं.७०७बाट काठमाडौं सीतापाइलाको जग्गा भिडी दर्ता भएको हुँदा सो लगतबाट विवादित कि.नं.७६को जग्गा भिड्न सक्दैन। साथै फिल्डबुकमा नाम भएका विरमान शाक्यले नै जग्गा दर्ताको क्रममा प्रमाण दाखिल गर्न नसकी दाबी छाडेको अवस्थामा हाल सो जग्गामा वादीहरूको हक पुग्न सक्तैन भनी गर्नुभएको बहस जिकिरसमेत सुनियो।

५. मिसिल अध्ययन गरी विद्वान् अदिवक्ताहरूको बहस जिकिरसमेत सुनी हेर्दा प्रस्तुत मुद्दामा कि.नं.७६ को जग्गा प्रतिवादी पदमनाथ तिमिल्सिनासमेतको नाममा दर्ता नामसारी हुने गरी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०५३।१२।२९ मा भएको निर्णय बदर भई उक्त जग्गा वादीहरूको नाममा दर्ता हुने हो होइन भन्नेसम्बन्धमा नै निर्णय दिनुपर्ने देखीयो।

६. निर्णयतर्फ विचार गर्दा फिरादीका बाजे, पिता तथा ठूलो बाबु विरमान शाक्यको नाउँमा कायम भएको बालाजु मैजा ल.नं.७०७बाट भिड्ने जिल्ला काठमाडौं, धर्मस्थली गा.वि.स.वडा नं.१।ख, कि.नं.७६ को क्षेत्रफल ९-२-३-० जग्गा प्रतिवादी पदमनाथ तिमिल्सिनासमेतको नाममा दर्ता हुने गरी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०५३।१२।२९ मा भएको निर्णय बदर गरी सो जग्गाको चार भागको तीन भाग फिरादीहरूका नाममा हककायम दर्ता गरिपाउँ भन्ने फिराद दाबी रहेकोमा विवादित जग्गा फिराद दाबीबमोजिमको लगतबाट भिड्ने नभई धर्मस्थली मौजाको हा.नं.२४१बाट भिड्ने भएको र प्रतिवादीहरूका बाबु छविलाल तिमिल्सिनाले राजीनामा लिखतबाट प्राप्त गरेको सो जग्गामिति २०५३।१२।२९ मा नै मालपोत कार्यालयबाट प्रतिवादीहरूका नाममा दर्ता भइसकेको हुँदा फिराद खारेज गरिपाउँ भन्ने प्रत्तिउत्तर देखीन्छ।

७. मालपोत कार्यालय, काठमाडौंबाट प्राप्त उक्त कि.नं.७६ को जग्गा दर्तासम्बन्धी कारबाही फायल हेर्दा साबिक मालमा हा.नं.२४१ मौजा धर्मस्थलीमा दर्ता भएको नन्दकुमारी वानिया र रामलाल वानियाबाट निवेदकहरूका बाबु छविलाल तिमिल्सिनाले मिति २०२३।४।२५।३ मा र.नं. २५०बाट काठमाडौं माल अड्डाबाट पारित गरिलिएको नापीमा काठमाडौं जिल्ला, धर्मस्थली गा.वि.स.ऽवडा नं.१ (ख), कि.नं.७६ जोताहा मोहियानीमा हाम्री आमा सेती तिमल्सिना र जग्गा धनी महलमा वीरमान शाक्य भनी भूलले लेखिन गएको र पिता माताको मृत्यु भइसकेको हुँदा ज.ध.महलमा भूलले लेखिन गएको वीरमान शाक्यको नाम संशोधन गरी हाम्रो नाममा नामसारी दर्ता गरिपाउँ भनी यी प्रतिवादीहरू मोहनप्रसाद तिमिल्सिना र पदमनाथ तिमिल्सिनाको मिति २०४२।४।१३ मा मालपोत कार्यालय, काठमाडौंमा निवेदन परेको देखीन्छ।

८. उक्त निवेदनपश्चात् फिल्डबुकमा नाम उल्लेख भएका वीरमान शाक्यले पछि प्रमाण पेस गर्ने गरी मिति २०४३।०८।१५ मा सो जग्गा दर्ताको दाबी गरेकामा कुनै पनि प्रमाण पेस गर्न नसकेको र निवेदक पदमनाथ तिमिल्सिनाले सो जग्गा खरिद गरेको राजीनामा, गा.वि.स.को सिफारिस पेस गरेको एवं सर्जमीन मुचुल्कासमेत भई आएकोले सो जग्गाको हक दाबी सम्बन्धमा मिति २०५३।७।२२ मा गोरखापत्रमा सार्वजनिक सूचनासमेत प्रकाशित गरी जग्गा दर्ता समितिको सिफारिसको आधारमा विवादित कि.नं.७६ को जग्गा पदमनाथ तिमिल्सिनाका नाममा दर्ता गर्ने गरी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०५३।१२।२९ मा निर्णय भएको देखीन्छ। यसप्रकार प्रतिवादी पदमनाथ तिमिल्सिनाको निवेदन मागबमोजिम जग्गा दर्ताको कारबाही सुरु भई जग्गामा दाबीकर्ता फिल्डबुकमा नाम उल्लिखित वीरमान शाक्यले प्रमाण पेस गर्न नसकेको र जग्गा दर्ता सम्बन्धी कारबाहीमा आफैं म्याद बुझेरसमेत अनुपस्थित भएपश्चात् यी प्रतिवादी पदमनाथ तिमिल्सिनासमेतबाट पेस भएको प्रमाणको आधारमा प्रतिवादी पदमनाथ तिमिल्सिनासमेतको नाममा जग्गा दर्ता हुने गरी मालपोत कार्यालय काठमाडौंबाट मिति २०५३।१२।२९ मा निर्णय भएको पाइन्छ।

९. साथै वादीले विवादित जग्गा प्रतिवादीले उल्लेख गरेको हा.नं.२४१ को धर्मस्थली मौजाको लगतबाट भिड्ने नभई साबिक बालाजु मौजाको लगत नं.७०७बाट भिड्ने वादीका पुर्खा वीरमानको हकको जग्गा हो भनी दाबी लिए तापनि वादीले सो लगत सहितको प्रमाण पेस दाखिल गरी पुष्टि गर्न सकेको देखिँदैन। साथै वादीहरूका बाजे, पिता र ठूलो बाबु वीरमान शाक्यले विवादित जग्गा दर्ता सम्बन्धमा मालपोत कार्यालयमा भएको कारबाहीमा नै कुनै प्रमाण पेस गर्न नसकी तारेख नै छोडी बसेकोबाट समेत फिराद दाबी पुष्टि हुन् सकेको अवस्था छैन। साथै फिल्डबुकमा नाम उल्लिखित वीरमान शाक्यले जग्गा दर्ताको कारबाहीमा नै प्रमाण पेस नगरी तारेखनै छोडी बस्नुको साथै प्रतिवादीका नाममा जग्गा दर्ता नामसारी हुने गरी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०५३।१२।२९ मा भएको निर्णयको जानकारीच.नं.२४७, मिति २०५५।०५।१९ को पत्रबाट गराएकोमा पनि यससम्बन्धमा कुनै कारबाही चलाएको वा कानूनी उपचार माग गरेको देखिँदैन। त्यस्तै हाल सो जग्गामा दाबी गर्ने फिरादीहरूले समेत फिरादपत्रसाथ उल्लिखित फिल्डबुक बाहेक जग्गा हक स्वामित्वको कुनै स्रोत वा प्रमाण पेस दाखिल गरेको देखिँदैन। विवादित कि.नं.७६ को जग्गाको फिल्डबुकको जोताहा महलमा सेति तिमिल्सिना र किसानको बेहोरामा यो जग्गा ई.नरदेवी बस्ने वीरमान शाक्यको हो भनी एवम् कैफियतमा यो जग्गाको जोत सेती तिमिल्सिनाको साँचो हो भन्ने बेहोरा उल्लेख भएको पाइन्छ।

१०. प्रतिवादी पदमनाथ तिमिल्सिनासमेतले फिल्डबुकमा वीरमान शाक्यको नाम भूलले उल्लेख हुन् गएको भनी आफूले दाबी गरेको र मिति २०४१।१२।१९ को नाता प्रमाणित पत्रमा

उल्लिखित यी प्रतिवादीहरूकी आमा सेती तिमिल्सिना सो जग्गाको मोही भएकामा विवाद देखिँदैन। साथै साबिक धर्मस्थली मौजाको हा.नं.२४१ को लगतबाट भिडी दर्ता हुने उक्त जग्गा बाबु छविलाल तिमिल्सिनाले नन्दकुमारी बानियाँसमेतसँग राजीनामा पारित गरिलिएको भनी र.नं.२५० को पारित राजीनामा लिखतको प्रतिलिपिसमेत पेस गरेको देखीन्छ भने मालपोत कार्यालय, काठमाडौंको पत्रानुसार धर्मस्थली गाउँ पंचायत कार्यालयबाट मिति २०४६।१२।१४ मा भएको सर्जमिन मुचुल्काबाट पनि प्रतिवादी जिकिर समर्थित भएको पाइन्छ। यसरी जग्गामा हक स्वामित्व रहेका भनी वादीहरूले फिरादपत्रमा उल्लेख गरेका निज वीरमान शाक्यले नै विवादित जग्गाको दर्ता सम्बन्धी कारबाहीमा प्रमाण दाखिल गर्न नसकी तारेख छोडी बसेको र मालपोत कार्यालयबाट भएको निर्णयपश्चात् पनि कुनै कानूनी उपचार नखोजी चुप लागेर बसेको अवस्था हाल आएर मिति २०५३।१२।२९ को मालपोत कार्यालयको निर्णयउपर विना आधार प्रमाण प्रश्न उठाई गरिएको फिराद दाबी सान्दर्भिक देखीन आउँदैन।

११. साथै वादीले विवादित जग्गाको स्रोत बालाजु मौजाको ल.नं. ७०७ रहेको भनी फिरादमा उल्लेख गरेकामा उक्त ल.नं. ७०७ को जग्गा हाल जिल्ला काठमाडौं, सितापाइला गा.वि.स.वडा नं.९(क) कि.नं. ५२७, ५३२,५३७, २४७ र २५३ मा नापी भई वादीहरूको बाजे तथा ठूलो बाबु चिनीकाजी शाक्यको नाममा निजी गुठी जनाई दर्ता गरी जग्गा धनी दर्ता प्रमाण पुर्जा बनाइदिने भनी भूमि प्रसासन कार्यालय काठमाडौंको निर्णय पर्चाबाट देखीएको भन्नेपुनरावेदक वादी कृष्ण शाक्यसमेत विरुद्ध चिनीकाजी शाक्यको मु.स.गर्ने सानुराजा शाक्य विपक्षी वादी भएको संवत २०५७ सालको मु.नं.६७०० को अंश भाग छुट्याइपाउँ भन्ने मुद्दामा सर्वोच्च अदालतबाट मिति २०६०। ८।३ मा भएको फैसलामा उल्लेख भएको आदेशानुसार प्राप्त भई मिसिल सामेल रहेको सो फैसलाको प्रतिलिपिबाट देखीन्छ।

१२. यसरी वादीहरूले विवादित कि.नं.७६ को जग्गाको स्रोत भनी उल्लेख गरेको ल.नं.७०७बाट सीतापाइला गा.वि.स.वडा नं.९(क) अन्तर्गतका विभिन्न कित्ता जग्गाहरू भिडी दर्ता भई चिनीकाजी शाक्यका नाममा निजी गुठी जनिई दर्ता भइसकेको भन्ने सर्वोच्च अदालतको फैसलाबाट नै स्वीकार भइसकेको अवस्थामा सोही लगतबाट धर्मस्थली गा.वि.स. अन्तर्गतको विवादित जग्गा भिडी दर्ता हुने अवस्था रहँदैन। साथै सर्वोच्च अदालतको उक्त फैसलामा सो ल.नं. ७०७बाट सीतापाइला अन्तर्गतका जग्गा भिडी नीजी गुठी जनाई दर्ता स्रेस्ता बनाइदिने भनी भूमि प्रशासन कार्यालय, काठमाडौंको निर्णय पर्चाबाट देखीएको भन्ने उल्लेख भएकामा वादीहरूको भूमि प्रशासन कार्यालयको सो निर्णय बदरतर्फ मागदाबी नै नभएको हुँदासमेत त्यसतर्फ थप विश्लेषण गर्नुपर्ने देखिँदैन।

१३. त्यसैगरी वादीहरूले जग्गा धनी आफ्ना पुर्खा भएको भनी जग्गाको हक कायममा दाबी गरी फिराद दायर गरेकामा आधा जग्गा मोहीको भाग भन्दै आधा जग्गामा मात्र हक कायमको

दाबी लिएको देखीन्छ। कुनै पनि जग्गाको कानूनबमोजिमको मोही भएकामा मोहीको हक कानूनबमोजिम सुरक्षित हुने भएकामा जग्गा धनीको हैसियतमा सो जग्गामध्ये आधामा मात्र हक कायमको दर्ता गरिपाउँ भन्ने वादी दाबीसमेत सान्दर्भिक देखीन आउँदैन। साथै वादीहरूले आफ्नो अघिल्लो पुस्ता चार अंशियार भएको भनी विवादित जग्गामध्ये तीन भाग वादीहरूको नाममा र एक भाग फिराद दायर नगर्ने चिनीकाजी शाक्यका सन्तानलाई कायम गरिपाउँ भन्ने दाबी गरेको पाइन्छ। यसरी एकातिर वादीले नै स्वीकार गरेका अंशियारहरूमध्ये सबैले जग्गामा दाबी नगरेको र अर्कोतिर दाबी नै नगर्ने व्यक्तिका हकमा समेत हक कायम दर्ता गराइपाउँ भनी यी वादीहरूले दाबी लिएकोबाट समेत वादी दाबी कानूनबमोजिमको देखीन आउँदैन।

१४. खासगरी कुनै जग्गामा हक कायम गरिपाउँ भनी दाबी लिई अदालत प्रवेश गर्ने पक्षले दाबी गरिएको जग्गामा आफ्नो हक स्वामित्वको स्पष्ट र सार्थक प्रमाण पुऱ्याउनु पर्ने हुन्छ, तर आफूले दाबी गरेको कुरामा प्रमाणद्वारा पुष्टि गर्न नसकी केवल प्रतिवादीको नाममा त्यस्तो जग्गा दर्ता हुने होइन वा प्रतिवादीको हक स्थापित हुन् सक्दैन भनी उल्लेख गर्नु नै वादीको हक कायम हुने आधार हुन् सक्दैन। अदालतले पनि दाबी गर्ने पक्षले गरेको दाबीमा सीमित रही निर्णय दिने हो, यस प्रयोजनको लागि वादीले गरेको दाबी र निजले पेस गरेको प्रमाणको विश्लेषणद्वारा वादीको दाबी उपयुक्त छ छैन भनी अदालत न्यायिक निष्कर्षमा पुग्ने गर्दछ। यसअर्थमा वादीले आफूले गरेको दाबीलाई पुष्टि हुने प्रमाण पेस गर्न सक्नुपर्दछ। अझ देवानी प्रकृतिका जग्गाको हक स्वामित्व जस्ता विवादमा त जग्गाको स्रोतलगायतका लिखत प्रमाणहरूद्वारा नै वादीको दाबी पुष्टि हुने हो।

१५. यस परीप्रेक्ष्यमा माथि विश्लेषण गरिएबमोजिम प्रस्तुत मुद्दामा वादीले दाबी गरेको विवादित कि.नं.७६ को जग्गामा वादीहरूको हक स्वामित्व पुष्टि हुने जग्गा दर्ताको स्रोतलगायतका लिखत प्रमाण पेस दाखील गरी पुष्टि गर्न सकेको पाइँदैन। वादीले जग्गाको प्रमाणको रूपमा उल्लेख गरेको फिल्डबुकमा नाम रहेका विरमान शाक्यले नै जग्गा दर्ताको क्रममा आवश्यक प्रमाण पुऱ्याउन नसकी कारबाही नै छोडेको र मालपोत कार्यालयको निर्णयपश्चात् पनि निजको जीवनकालमा सो निणयलाई कुनै चुनौती नदिएको एवं वादीले दाबी गरेको लगतबाट अन्यत्रकै जग्गा भिडेको भन्ने सर्वोच्च अदालतको फैसलाद्वारा समेत पुष्टि भएको स्थितिमा वादी दाबीको जग्गा मालपोत कार्यालयबाट प्रतिवादीहरूका नाममा दर्ता हुने गरी निर्णय भएको लामो समयपछि निज वीरमान शाक्यका हकवालाहरू भनी हाल आएर सो जग्गामा गरेको आंशिक दाबीको आधारमा वादीलाई अदालतले मद्दत गर्न सक्ने अवस्था र कानूनी आधार देखिँदैन।

१६. जहाँसम्म फिल्डबुकमा आफ्ना पुर्खा वीरमान शाक्यको नाम उल्लेख छ भन्ने फिराद दाबी छ, एकातिर प्रतिवादीहरूले जग्गा दर्ताको क्रममा फिल्डबुकमा निज वीरमानको नाम भूलले उल्लेख हुन् गएको भनी निवेदन पेस गरेको अवस्था छ भने अर्कोतिर फिल्डबुकमा नाम रहेका निज

विरमान शाक्यले नै मालपोत कायालयको कारबाहीमा आवश्यक प्रमाण पुऱ्याउन नसकी तारिख छाडेको र माथि विवेचना भएबमोजिम मालपोत कार्यालयको निणयपश्चात् पनि चुप लागेर बसेको अवस्थामा फिल्डबुकको सो उल्लेखनलाई नै विवादित जग्गामा वादीको हकको निर्विवाद प्रमाण मान्न सकिंदैन। त्यसैगरी फिल्डबुकमा जग्गा धनीको रूपमा नाम उल्लेख हुनु मात्र सो जग्गाको हक स्वामित्वको एकमात्र अकाट्य आधार हुन् सक्तैन। त्यस्तो फिल्डबुकमा उल्लिखित बेहोरा पनि कुनै आधिकारिक स्रोतबाट पुष्टि हुनुपर्दछ। यससम्बन्धमा राजेन्द्रकुमार नेपाल वि. गणेशबहादुर पाण्डेसमेत भएको गुठी कायम (नेकाप, २०६६,चैत्र, नि.नं.८२८६,पृ.२०४४) लगायतका मुद्दाहरूमा सर्वोच्च अदालतबाट व्याख्या भई न्यायिक दृष्टिकोण स्पष्ट भइसकेको अवस्था छ।

१७. वादीले दाबीको जग्गाको स्रोतलगायतको प्रमाणद्वारा पुष्टि गर्न नसकेको, फिल्डबुकमा नाम उल्लेख भएका भनिएका वीरमान शाक्यले मालपोत कार्यालयमा जग्गा दर्ता को क्रममा नै दाबीको जग्गाको कुनै प्रमाण दाखील गर्न नसकी तारेख छोडी बसेको एवं विवादित जग्गा प्रतिवादीहरूको नाममा दर्ता हुने गरी मालपोत कार्यालयबाट मिति २०५३।१२।२९ मा निर्णय भएपश्चात् पनि सो निर्णयलाई चुनौती दिई कानूनी मार्ग अवलम्बन गरेको नदेखीएको तथा वादीले दाबी गरेको लगतबाट विवादित जग्गा नभई अन्यत्रकै जग्गा दर्ता भइसकेको भनी सर्वोच्च अदालतको फैसलासमेतबाट पुष्टि भएकोलगायत माथि विवेचित आधारबाट दाबीको जग्गामा वादीको हक कायम हुने देखीएन।

१८. यसप्रकारवादीले सप्रमाण आफ्नो दाबी पुष्टि गर्न नसकी दाबीको जग्गामा वादीको हक स्थापित हुने आधार नदेखीएको यस स्थितिमा पेस भएका प्रमाणको विश्लेषण गरी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०५३।१२।२९ मा प्रतिवादीका नाममा जग्गा दर्ता हुने गरी भएको निर्णयमा हाल यस अदालतबाट हस्तक्षेप गरी अन्यथा गर्नुपर्ने अवस्था देखीन आएन। तसर्थःकाठमाडौं जिल्ला, धर्मस्थली गा.वि.स.वडा नं.१।ख कि.नं.७६ को जग्गा प्रतिवादी पदमनाथ तिमिल्सिनासमेतको नाममा दर्ता नामसारी हुने गरी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०५३।१२।२९ मा भएको निर्णय बदर गरी सो जग्गा वादीहरूको नाममा हक कायम दर्ता गरिपाउँ भन्ने फिराद दाबी पुग्न नसक्ने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८६ नं.बमोजिम फैसला गरीदिए।

## तपसिल खण्ड

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम वादी दाबी पुग्न नसक्ने ठहरेकाले वादीहरूले फिराद दर्ता गर्दा राखेको कोर्ट फी रु.९,२७०।- जफत हुन्छ, अरू केही गरी रहनु परेन.........................१

प्रस्तुत फैसलामा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नु भनी वादीहरूलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको १९३नं.बमोजिम पुनरावेदनको म्याद दिनु.........२

प्रस्तुत फैसलाको प्रतिलिपि माग गर्ने सरोकारवालाई नियमानुसार प्रतिलिपि उपलब्ध गराइदिनु..........३

प्रस्तुत फैसलाको विद्युतीयप्रति सफ्टवेयर प्रणालीमा अपलोड गरी फैसलाको पिठमा जनाई मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु...............................................४

**जिल्ला न्यायाधीश**

माननीय न्यायाधीशज्यूबाट बोली टिपाउनुभएबमोजिम

कम्प्युटर टाइप गर्ने डि.बमबहादुर बि.सी.
फाँट नं.६
फाँटवाला ना.सु.लीलाराज दाहाल
**इति संवत् २०७२ साल भाद्र महिना १६ गते रोज ४ शुभम...........................................**

श्री काठमाडौं जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री राजुकुमार खतिवडा

फैसला

संवत् २०७० सालको मुद्दा नं.०७०-CP-०४९७

निर्णय नम्बरः-२१६

मुद्दाः रकम दिलाइपाउँ।

**वादीको नाम, थर, वतन**

टिभी म्याक्स प्रा.लि., पुतलीसडक, काठमाडौंको तर्फबाट अधिकारप्राप्त विन्दुराज लम्साल..........................१

**निजका साक्षी ........**

**प्रमाण ........**

**कागज ........**

**प्रतिवादीको नाम, थर, वतन**

नेक्स्ट च्यानल प्रा.लि., पुतलीसडक, काठमाडौं (घर नं.१६३।५) .............................................. १

नेक्स्ट च्यानल प्रा.लि. केबुल सञ्चालन गरी बस्ने अं.वर्ष ५५ को दिनेश सुवेदी...............................१

नेक्स्ट च्यानल प्रा.लि.का सञ्चालक हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, बालुवाटारमा सुविसु केबुल नेटवर्कका सञ्चालक सुधिर पराजुली............१

कास्की जिल्ला, पोखरा उपमहानगरपालिका स्थित पोखरा केबुल नेटवर्क प्रा.लि.का सञ्चालक सुशिलकुमार लामा ...........................................................१

ऐ.ऐ.का सेयरधनी कास्की जिल्ला, पोखरा उपमहानगरपालिका स्थित बिसी केबुल नेटवर्क प्रा.लि.का सञ्चालक शिशिर क्षेत्री........................१

ऐ.का सेयरधनीकाठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ९ बत्तिसपुतली स्थित स्काई केबल नेटवर्कका सञ्चालक दिपक सैंजु................१

ऐ.ऐ.का सञ्चालक काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १८ व्लु हिमालयन केबुल नेटवर्क प्रा.लि.का सञ्चालक मनराजा रंजित..........१

नेक्स्ट च्यानल प्रा.लि.का सञ्चालक हाल रूपन्देही जिल्ला, बुटवल नगरपालिका वडा नं.९ स्थित ब्रोड व्याण्ड नेपालकेबुल प्रा.लि.का सञ्चालक अं.वर्ष ४३ को मनोज भट्टराई............................................१

नेक्स्ट च्यानल प्रा.लि.का सेयरधनी हाल रूपन्देही

जिल्ला, बुटवल नगरपालिका वडा नं.९ स्थित ब्रोड व्याण्ड नेपाल प्रा.लि. केबुलका सञ्चालक अं.वर्ष ४८ को हरिप्रसाद पौडेल.......................................१

स्व.लक्ष्मीनारायण पालिखेको नाति स्व. गोपालनारायण पालिखेको छोरा सुनसरी जिल्ला, धरान नगरपालिका वडा नं. ९ बस्नेधरान केबुल नेटवर्क प्रा.लि.का सञ्चालकवर्ष ५३ को सोकेननारायण पालिखे..........१

ऐ.ऐ. का सेयरधनी चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. १० स्थित चितवन युनिक केबुल नेटवर्क प्रा.लि.का सञ्चालक अं.वर्ष ३४ को ध्रुव शर्मा.........................................................१

ऐ.ऐ. का सेयरधनी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३४ स्थित सिइसी केबुल नेटवर्क प्रा.लि.का सञ्चालकअं.वर्ष ४१ को सुवाष पाठक.......................................................१

ऐ.ऐ. का सेयरधनी कैलाली जिल्ला, धनगढी नगरपालिका वडा नं. २ स्थित एस.टि.एस. केबुल प्रा.लि.का सञ्चालक अं.वर्ष ३८ को राजकुमार श्रेष्ठ..१

ऐ.ऐ. का सेयरधनी ललितपपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. ४ स्थित जावलाखेल केबुल नेटवर्क प्रा.लि.का सञ्चालक अं.वर्ष ४२ को रमेन मास्के...................................................१

प्रतापबहादुर शाहको छोरा बाँके जिल्ला, नेपालगंज नगरपालिका वडा नं. १३ बस्नेबागेश्वरी केबुल नेटवर्क प्रा.लि.का सञ्चालक वर्ष ४१ को लक्ष्मीनारायण शाह..........................................................१

ऐ.ऐ. का सेयरधनी काठमाडौं जिल्ला, धापासी गा.वि.स. वडा नं. ६ मा केबुल सञ्चालन गरी बस्ने अं.वर्ष ४१ को सनोज श्रेष्ठ...............................................१

ऐ.ऐ. का सेयरधनी मोरङ जिल्ला, पथरी गा.वि.स. वडा नं. १ स्थित सुन्दर केबुल प्रा.लि.का सञ्चालक अं.वर्ष ४१ को रामकुमार बस्नेत................................१

**निजका साक्षी ........**
**प्रमाण ........**
**कागज ........**

<u>अदालतबाट बुझेको</u>:-
**साक्षीः-x**
**प्रमाणः-x**

न्यायप्रशासन ऐन, २०४८ को दफा ७ एवम् मुलुकी ऐन,अदालती बन्दोबस्तको २९नं.बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

**तथ्य खण्ड**

१. फिरादी टिभी म्याक्स प्रा.लि. नेपालमा टेलिभिजन च्यानलहरू व्यवस्थापन, सञ्चालन र वितरण गर्ने एक जिम्मेवार कम्पनी हो। यसले विगत समयदेखी नेपाल सरहदको लागि विभिन्न अन्तरदेशीय (विदेशी) च्यानलहरूमध्ये SONY, Setmax, SAB, T.V, Discovery Channel(DSC), Animal Planet Channel(APL), Discovery Travel & Living Channel(DTL), AXN, Animax, Ten sports, ESPN, Star sports, Star Cricket, BBC World, BBC Entertainment, World Movies, UTV Movies, Aajtak, Headlines Today, Tej, Bindass,Bindass Movies, NDTV Imagine को आधिकारिक वितरण (Sole distribution) गर्ने कार्य गरिआएको थियो। सो Sole distribution को अधिकार पाएका च्यानलहरूमध्ये केही च्यानलहरूको प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.ले विपक्षी बनाइएका सञ्चालकहरू संलग्न रहेको केबुल कम्पनीहरूलगायत नेपालभरका सबै केबल नेटवर्क कम्पनीहरूलाई वितरण गर्ने अधिकार दिई मासिक रु.९८,८२,६४५।३२ फिरादी कम्पनीले प्राप्त गर्ने गरी प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.सँग मिति २०६५।०७।०४ मा फिरादी कम्पनीको सम्झौता भएको थियो। उक्त करार सम्झौतालाई विपक्षी नेक्स्ट च्यानल तथा सो कम्पनीका सेयरधनीहरूले हालसम्म स्वीकार गर्नुभएको र उक्त च्यानलहरूको बिक्री, उपभोग गरेबापत लाग्ने सम्पूर्ण करहरूसमेत द्वितीय पक्ष (नेक्स्ट च्यानल प्रा.लि.) ले नै ब्यहोर्ने कुरा पनि सो सम्झौतामा उल्लेख छ।

२. मिति २०६९।०३।१६ मा विपक्षीले फिरादीलाई प्रेषित गरेको पत्रमा पनि सो रकम भुक्तान गर्ने बचनबद्धता व्यक्त भएको छ। केही समयसम्म विपक्षी कम्पनीले सो सम्झौताबमोजिमको मासिक रकम बुझाउदै आएकामा हाल सो क्रम टुट्न गई सम्झौताबमोजिमको रकम विपक्षी कम्पनीबाट फिरादीलाई भुक्तानी हुन् सकेन। फिरादी कम्पनीबाट सम्झौताबमोजिमको रकम भुक्तानी गर्न बारम्बार ताकेता गरी पत्राचार गर्दासमेत रकम भुक्तानीको लागि थप समय माग गर्दै विपक्षी कम्पनीबाट जवाफ प्राप्त हुन् आयो तर जवाफबमोजिम रकम भने प्राप्त भएन। साथै मिति २०६५।०७।०४ को सम्झौताबमोजिम टिभी म्याक्स प्रा.लि.लाई बुझाउन बाँकी रहेको रु.२,८१,४४,८४५।- रकम मिति २०६९ आषाढ मसान्तभित्रमा चुक्ता गरिने भनी

प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.बाट मिति २०६८।०३।१६ मा पत्राचार गरिएकामा सोबमोजिमसमेत प्रतिवादीहरूबाट वादीलाई रकम भुक्तानी भएन। हाल सो बाँकी रकम बुझाउने दायित्व भएको प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि. र रकम तिर्न कबुल गरी निर्णय गर्ने सो कम्पनीका सञ्चालक तथा सेयर सदस्यहरू नै सम्पर्क विहीन हुनुभएकाले विपक्षीहरूबाट बक्यौता रकम दिलाई भराइपाउनको लागि करार ऐन, २०५६ को दफा ४२(१), ७४, ८१ र ८५बमोजिम फिराद दायर गरिएको छ। अत मिति २०६५।०७।०४को सम्झौताबमोजिम वादीलाई चुक्ता गर्न बाँकी रहेको रु.२,८१,४४,८४५।- रकम प्रतिवादीहरूबाट दिलाई भराइपाउँ भन्ने बेहोराको फिराद दाबी।

३. विपक्षी फिरादी कम्पनी र प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि. बीच मिति २०६५।०७।०४ मा सम्झौता भएपश्चात् धरान केबुल नेटवर्क प्रा.लि.ले करार सम्झौता गर्ने दुवै पक्षलाई निजहरूको निर्देशनअनुसार पटक-पटक गरी कूल रकम रु.१७,६०,०००। —बुझाइसकेकोले म उक्त नेक्स्ट च्यानल प्रा.लि.को बैठकहरूमा उपस्थित भएको छैन। विपक्षी वादी टिभी म्याक्स प्रा.लि.को अध्यक्ष सञ्चालक ध्रुव शर्मा प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.को १९८७५ कित्ता सेयर प्राप्त सेयर सदस्य हुनुहुन्छ। विपक्षी टिभी च्यानल प्रा.लि.का अध्यक्ष सञ्चालक ध्रुव शर्माले मिति २०७०।०५।०४ मा काठमाडौं जिल्ला अदालतमा करारबमोजिमको बक्यौता रकम दिलाईपाउँ भन्ने मुद्दा दर्ता गर्न बिन्दुराज लम्साललाई अख्तियार प्रदान गरेको पाइन्छ भने अख्तियार दिने आफैं र आफैं प्रतिवादीसमेत भएको पाइन्छ। सम्पूर्ण शुल्कहरू बुझाइसकेको धरान केबुल नेटवर्क प्रा.लि.का अध्यक्ष मलाई विपक्षी बनाउनु पर्ने अवस्था नै नभएकामा विना आधार प्रमाण प्रतिवादी बनाई रकम दाबी गर्नु कानूनसँगत छैन। वादी टिभी म्याक्स प्रा.लि.लाई भुक्तानी गर्नुपर्ने रकमसम्बन्धमा मेरो कुनै दायित्व नभएको हुँदा मेरो हकमा फिराद खारेज गरी पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी धरान केबुल नेटवर्क प्रा.लि.का सञ्चालक सोकेननारायण पालिखेको प्रतिउत्तर जिकिर पत्र।

४. वादी कम्पनीले नेपालमा SONY, Setmax, SAB TV, Discovery Channel लगायतका टेलिभिजन च्यानलहरूको वितरण गर्ने गरेको र मिति २०६५।०७।०४ को सम्झौताबमोजिम सो च्यानलहरू नेक्स्ट च्यानल प्रा.लि.ले वितरण गरेको विषय साँचो हो। तर वितरित च्यानलको शुल्क म प्रतिवादीले वादीलाई तिर्न बुझाउनुपर्ने भन्ने दाबी काल्पनिक मात्र हो। मैले आफूले गरेको वस्तु सेवाको मूल्य भुक्तान गरिसकेको हुँदा मेरो हकमा वादी दाबी खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी बागेश्वरी केबुल नेटवर्क प्रा.लि.का सञ्चालक लक्ष्मीनारायण शाहको प्रतिउत्तर जिकिर।

५. फिरादपत्रमा उल्लेख भएबमोजिमको कुने सम्झौता मैले वादी टिभी म्याक्स प्रा.लि.सँग गरेको छैन। मिति २०६५।०७।०४ को सम्झौता वादी टिभी म्याक्स प्रा.लि.र प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.बीच भएको हो। म प्रतिउत्तरवाला उक्त नेक्स्ट च्यानल प्रा.लि.को जम्मा ९३७५ कित्ता सेयर खरिदकर्ता सेयर सदस्यसम्म हुँ र मैले सेयर बापतको सम्पूर्ण रकम चुक्ता गरिसकेको छु। कम्पनी ऐन, २०६३बमोजिम स्थापित कम्पनी नेक्स्ट च्यानल प्रा.लि.को सेयर

धनी म प्रतिवादीले सो कम्पनीले गरेको सम्झौताको दायित्व बेहोर्नुपर्ने होइन। तसर्थ विपक्षीको फिराद खारेज गरी झुठा दाबीबाट अलग फुर्सद पाउँ भन्नेसमेत बेहोराको स्काई केबल नेटवर्कका सञ्चालक दिपक सैंजुको प्रतिउत्तर जिकिर।

६. अन्यप्रतिवादीहरूले यस अदालतबाट जारी भई तामेल भएको म्यादमा प्रतिउत्तर नफिराई सुरु म्यादै गुजारी बसेका रहेछन्।

७. फिरादपत्रमा उल्लिखित मिति २०६५।०७।०४ को सम्झौता पत्रको सक्कल प्रतिवादीबाट दाखिल गराउनु र प्रतिउत्तरको कागज खण्डमा उल्लिखित रसिद भौचर प्रतिवादीबाट पेसीको दिन इजलाससमक्ष देखाउने गरी पेस गराई नियमानुसार पेस गर्नु भन्ने बेहोराको यस अदालतको आदेश।

८. प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.का सञ्चालक एवम् सेयरधनीसमेतको विवरणसहितको कम्पनी दर्तासम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि कम्पनी रजिस्ट्रारको कार्यालयबाट झिकाई मिसिल सामेल राख्नू भन्नेसमेत बेहोराको यस अदालतको आदेश।

९. फिरादपत्रको प्रकरण (५) मा उल्लिखित वादीलाई प्रतिवादी नेक्स्ट च्यानलले रकम भुक्तानी गर्ने विषयमा सो च्यानलको सञ्चालक समितिको मिति २०६७।१०।२६ को निर्णयसहित जवाफ पठाएको भन्ने बेहोराको रकम भुक्तानी सम्बन्धमा वादी प्रतिवादी कम्पनीहरूबीच भएका पत्राचार एवम् प्रतिवादी कम्पनीबाट प्राप्त बैंठकको निर्णय प्रतिको प्रमाणित प्रतिलिपिसमेत वादीका वारिसमार्फत दाखिल गराई मिसिल सामेल राख्नुभन्ने यस अदालतको आदेश।

१०. अदेशानुसारका कागजात वादीका वारिसमार्फत पेस भई र आदेशानुसारको विवरण कम्पनी रजिस्ट्रारको कार्यालयबाट प्राप्त भई मिसिल सामेल रहेको।

**ठहर खण्ड**

११. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन् आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री तेजबहादुर कार्की र श्री विश्वेश्वरप्रसाद गौतम एवं प्रतिवादीतर्फका उपस्थित विद्वान् अधिवक्ताहरू श्री कृष्णप्रसाद पनेरु र श्री शम्भु नेपालले गर्नुभएको बहस सुनी मिसिल संलग्न कागजात प्रमाणहरू अध्ययन गरी हेर्दा वादीले प्रतिवादीहरूबाट दाबीबमोजिमको रकम भराई पाउने हो, होइन भन्नेविषयमा नै निर्णय दिनुपर्ने देखीन आयो।

१२. निर्णयतर्फ विचार गर्दा मासिक रु.९८,८२,६४५।३२ फिरादी कम्पनीले प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.बाट प्राप्त गर्ने रSale Distribution को अधिकार पाएको च्यानलहरू मध्यका केही च्यानलहरू नेपाल भरका सबै केबुल नेटवर्क कम्पनीहरूलाई बिक्री वितरण गर्ने अधिकार प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.लाई दिने गरी नेपालमा टेलिभिजन च्यानलहरू सञ्चालन र वितरण गर्ने कम्पनी टिभी म्याक्स प्रा.लि. र प्रतिवादीमध्येको नेक्स्ट च्यानल प्रा.लि. बीच मिति २०६५।०७।०४ मा सम्झौता भएको थियो। सोबमोजिम सेवा प्राप्त गरेबापतको भुक्तानी हुन्

बाँकी रु.२,८१,४४,८४५।- हालसम्म प्राप्त नभएको हुँदा प्रतिवादीहरूबाट सो रकम दिलाईपाउँ भन्ने फिराद दाबी भएकामा मिति २०६५।०७।०४ को सम्झौताबमोजिमको रकम भुक्तानी गर्ने दायित्व नेक्स्ट च्यानल कम्पनीको हो, सो कम्पनीका सेयर होल्डरहरूले सो दायित्व व्यहोर्नुपर्ने होइन भन्ने प्रतिवादीमध्येको धरान केबुल नेटवर्क प्रा.लि.का सञ्चालक सोकेननारायण पालिखे र बागेश्वरी केबुल नेटवर्क प्रा.लि.का सञ्चालक लक्ष्मीनारायण शाह एवम् स्काई केबल नेटवर्कका सञ्चालक दिपक सैंजुको प्रतिउत्तर जिकिर देखीन्छ भने अन्य प्रतिवादीहरूले सुरु म्यादै गुजारी बसेको देखीन्छ।

१३. मिति २०६५।०७।०४ को करार सम्झौतामा फिरादी टिभी म्याक्स प्रा.लि.ले Sole Distribution को अधिकार पाएका विभिन्न नौवटा च्यानलहरू २०६६ आषाढ मसान्तसम्म नेपाल भरका केबुल नेटवर्कहरूलाई प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.ले बिक्री वितरण गर्ने र सम्झौतामा उल्लेख भएबमोजिमको रकम वादी टि.भि.म्याक्स प्रा.लि. लाई नेक्स्ट च्यानल प्रा.लि.ले भुक्तानी गर्ने बेहोरा उल्लेख भएको देखीन्छ। वादीले उक्त सम्झौताबमोजिम रु.२,८१,४४,८४५।- रकम प्रतिवादीहरूले भुक्तानी गर्न बाँकी रहेको भनी मिति २०६५।०७।०४ को सम्झौताको एक पक्ष नेक्स्ट च्यानल प्रा.लि. एवम् सो च्यानलका सेयर होल्डरहरूसमेत उपर करार ऐन, २०५६ को दफा ४२(२),७४,८१ र ८५ समेतको आधारमादाबी गरी फिराद दायर गरेको देखीन्छ।

१४. वादी र प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि. बीच भएको मिति २०६५।०७।०४ को सम्झौताबमोजिमको रकम वादीलाई बुझाउने दायित्व सोही नेक्स्ट च्यानलप्रा.लि. को भएको तर सो नेक्स्ट च्यानल प्रा.लि. का सेयर होल्डरहरूले कम्पनीले गरेको सम्झौताबमोजिमको रकम तिर्नु बुझाउनु पर्ने होइन,साथै कम्पनीका सेयर होल्डरहरूको दायित्व आफूले खरिद गर्न कबोल गरेको सेयरको भुक्तानी गर्नुसम्म रहेको र उक्त नेक्स्ट च्यानलप्रा.लि.बाट प्राप्त गरेको सेयरको सम्पूर्ण रकम चुक्ता गरिसकेको हुँदा कम्पनीले गरेको सम्झौताबमोजिमको थप दायित्व सेयर होल्डरले व्यहोर्नु पर्ने होइन भन्नेअदालतबाट जारी म्यादमा प्रतिउत्तर दर्ता गरेका प्रतिवादीहरूको प्रतिउत्तर बेहोरा एवम् प्रतिवादीतर्फका विद्वान् अधिवक्ताहरूको बहस जिकिर रहेको पाइन्छ।

१५. माथि उल्लेख भएबमोजिम मिति२०६५।०७।०४ को सम्झौता वादी टिभी म्याक्स प्रा.लि. र प्रतिवादीमध्येको नेक्स्ट च्यानल प्रा.लि. बीच भएकामा विवाद देखिँदैन। फिरादपत्रमा वादीले नेक्स्ट च्यानल प्रा.लि.को साथै सो का सञ्चालक एवम् सेयर होल्डरहरूलाई समेत प्रतिवादी बनाई सम्झौताबमोजिमको रकम दाबी गरेको अवस्था छ। यस अदालतको आदेशबमोजिम कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०७२।०६।२१ को पत्रसाथ प्राप्त विवरणबाट समेत नेक्स्ट च्यानल प्रा.लि. बाहेकका प्रतिवादी सो च्यानलका सेयर होल्डर रहेका र सबै सेयर होल्डरहरूबाट सेयर बापतको रकम कम्पनीलाई चुक्ता भइसकेको भन्ने खुलेको पाइन्छ।

१६. साथै कम्पनी ऐन,२०६३ को दफा ८ ले कम्पनीको कारोबारको सम्बन्धमा सेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको सेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ भनी सेयरधनीको सीमित दायित्वको व्यवस्था गरेको पाइन्छ। यो कानूनी

व्यवस्थाबमोजिम पनि सेयरको अधिकतम रकम बाहेक कम्पनीको अन्य कारोबार सम्बन्धमा सेयरधनीहरूमा व्यक्तिगत रूपमा दायित्व सिर्जना हुन् सक्ने देखिँदैन। यसबाट वादी टिभी म्याक्स प्रा.लि. र प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि. बीच भएको सम्झौताबमोजिमको दायित्व उक्त कम्पनीहरूले नै ब्यहोर्नु पर्ने हुन्छ। यस अर्थमा यी दुई कम्पनीहरूबीच मिति २०६५।०७।०४ मा भएको सम्झौताबमोजिम वादी टिभी म्याक्स प्रा.लि.लाई बाँकी रकम भुक्तानी गर्ने दायित्व प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि. को हुन् जान्छ।

१७. प्रस्तुत मुद्दामा वादी प्रतिवादीबीच मिति २०६५।०७।०४ मा भएको सम्झौताबमोजिम प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.ले वादी टिभी म्याक्स प्रा.लि.लाई रु.२,८१,४४,८४५।-(दुई करोड एकासी लाख चवालीस हजार आठ सय पैतालीस) भुक्तानी गर्न बाँकी रहेको र सो रकम २०६९ आषाढ मसान्तभित्रमा चुक्ता गरिने जानकारी गराइन्छ भनी प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.ले वादी टिभी म्याक्स प्रा.लि.लाई मिति २०६८।०३।१६ समेत पटक पटक गरेको पत्राचारबाट समेत वादी दाबीबमोजिमको रकम वादीलाई भुक्तानी गर्नुपर्ने सम्बन्धमा प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.ले स्वीकार गरेको देखीन आउँछ। साथै प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.ले सञ्चालक सेयरधनीहरूबाटै असुल उपर गरी चुक्ता गरिने भनी स्वीकार गरेको हुँदासमेत सबै सेयरधनी प्रतिवादीहरूबाट वादी दाबीको रकम असुल हुनुपर्दछ भन्ने वादीतर्फका विद्वान् अधिवक्ताहरूको जिकिरसम्बन्धमा विचार गर्दा प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.ले वादीलाई गरेको पत्राचारमा सो बेहोरा उल्लेख गरेको पाइन्छ तथापि माथि विवेचना गरिएबमोजिम सम्झौताबमोजिमको रकम भुक्तानी गर्ने दायित्व प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.कै हुन् आउँछ।

१८. यदि नेक्स्टच्यानल प्रा.लि.ले आफ्ना सञ्चालक सेयर धनीहरूबाट कुनै रकम असुल उपर गर्नुपर्ने भएमा कानूनबमोजिम असुल गर्न सक्ने नै हुन्छ तर कम्पनीको तर्फबाट अर्को कम्पनीसँग गरेको सम्झौताबमोजिमको दायित्व निर्वाह गर्नबाट आफू पन्छिई सो दायित्व सेयरधनीहरूमा हस्तान्तरण गर्न मिल्ने देखिँदैन। त्यस्तै प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.को सञ्चालक समितिको निर्णयको प्रतिलिपि एवम् सो च्यानलले वादी टिभी म्याक्स प्रा.लि.लाई मिति २०६८।०३।१६ समेतमा गरेको पत्राचारमा पनि आफ्ना सेयरधनी सदस्यहरूबाट असुल गरी वादीलाई रकम भुक्तानी गरिने बेहोरा उल्लेख भएको देखीन्छ। यसरी प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.बाट केबल नेटवर्कसम्बन्धी सेवा प्रयोग गरेबापत आफ्ना सेयरधनी सदस्यहरूसमेतबाट कानूनबमोजिमको शुल्क असुल गर्न पाउने प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.को अधिकारको कुरा हुन् जान्छ र प्रतिवादी लगायतका सेयरधनी सदस्यहरूसँग कुनै शुल्क असुल गर्न बाँकी भएमा सो असुल गर्ने दायित्व प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.को हुन् आउँछ।

१९. त्यसैगरी नेक्स्ट च्यानल प्रा.लि.ले वादी टिभी म्याक्स प्रा.लि.सँग गरेको सम्झौताबमोजिमको बक्यौता रकम वादीलाई भुक्तानी गर्ने दायित्वसमेत प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.कै हुने तथ्यमा दुईमत हुन् सक्दैन। आफूले गरेको सम्झौताबमोजिमको रकम समयमा चुक्ता गर्ने

दायित्वबाट विमुख भई आफ्ना सेयरधनी सदस्यहरूबाट असुल गरेपछि मात्र वादीलाई भुक्तानी गर्छु भनी प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.ले सम्झौताबमोजिमको रकम वादीलाई उपलब्ध गराउनबाट उन्मुक्ति पाउन सक्ने देखिँदैन। साथै प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.को निर्णय र पत्राचारको आधारमा वादी टि.भि.म्याक्स प्रा.लि.ले नेक्स्ट च्यानल प्रा.लि.सँग गरेको सम्झौताको दायित्व सो च्यानलका सेयर धनीहरूमा हस्तान्तरण हुन् सक्ने देखिँदैन र सेयर धनीहरूबाट असुल गरी चुक्ता गरिने भनी पत्राचार गरेको आधारमा प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.सम्झौता पालना गर्नबाट पन्छिन सक्ने देखिँदैन।

२०. यसप्रकार मिति २०६५।०७।०४ को सम्झौतालाई स्वीकार गरी दाबीबमोजिमको रकम वादीलाई भुक्तानी गर्न बाँकी रहेको भनी प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.ले वादीलाई पत्राचार गरेको देखीएको एवम् सोबमोजिमको रकम हालसम्म वादीले प्राप्त गरेको अवस्था नहुँदा उक्त मिति २०६५।०७।०४ को सम्झौताबमोजिम दाबीको रकम वादीलाई प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.ले भुक्तानी गर्नुपर्ने देखीन आयो। तसर्थ वादी दाबीबमोजिमको रु.२,८१,४४,८४५।- (दुई करोड एकासी लाख चवालीस हजार आठ सय पैतालिस) वादी टिभी म्याक्स प्रा.लि.ले प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.बाट भराई पाउने ठहर्छ।

२१. साथै वादीले फिरादपत्रमा सम्झौता अवधिमा सो सम्झौताबमोजमको वस्तु प्रयोग, सञ्चालन र बिक्री गरेबापत प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.ले सरकारी कोषमा बुझाउनु पर्ने मूल्य अभिवृद्धि करबापतको रु.३६,५८,८२९।९० को दायित्वसमेत फरफारक गराइपाउँ भन्नेसमेत दाबी लिएको देखीन्छ। कुनैवस्तु प्रयोग, सञ्चालन र बिक्री गरेबापत कानूनले निर्धारण गरेको कर वस्तु प्रयोग, सञ्चालन र बिक्री गरेकै अवस्थामा राज्यलाई बुझाउनु पर्ने नै हुन्छ र सो दायित्वबाट प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि. समेत पन्छिन मिल्दैन। तर प्रस्तुत मुद्दामा प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.ले राज्यलाई बुझाउनु पर्ने मूल्य अभिवृद्धि लगायतको कर बुझाउन बाँकी रहेको वा त्यस्तो कर नबुझाएको भन्ने जिकिर नरहेको र सोसम्बन्धी विवादसमेत रहेको अवस्था देखिँदैन। अतः वादी प्रतिवादीबीच भएको मिति२०६५।०७।०४ को सम्झौतामा उल्लिखित वस्तुको प्रयोगसमेत बापतमा कानूनबमोजिम राज्यलाई भुक्तानी गर्नुपर्ने करको दायित्व सम्बन्धित पक्षहरूमा रहने भएको र हाल प्रस्तुत मुद्दामा कर सम्बन्धी विवादको विषयसमेत रहेको नहुँदा सो सम्बन्धमा यस मुद्दाबाट केही बोलिरहनु पर्ने देखीन आएन। अरूमा तपसिलबमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८६ नं.बमोजिम फैसला गरिदिएँ।

## तपसिल खण्ड

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम वादी दाबीबमोजिमको रु.२,८१,४४,८४५।- (दुई करोड एकासी लाख चवालीस हजार आठ सय पैतालिस) रकम वादी टि.भि.म्याक्स प्रा.लि.ले प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.बाट भराइपाउने ठहरेकोले वादीहरूले प्रतिवादीबाट उक्त रकम भराइपाउँ भनी प्रस्तुत मुद्दा अन्तिम भएपछि कानूनका म्यादभित्र दरखास्त दिएमा भराएको बिगो रकमको अढाई दस्तुर

वादीबाट दाखिल गराई प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.बाट वादी टि.भी.म्याक्स प्रा.लि.लाई नियमानुसार भराइदिनु..........................................................................................१

कोर्ट फी ऐन, २०१७बमोजिमवादीले दाखिला गरेको कोर्ट फी रु.२,८५,२१९।- (दुई लाख पचासी हजार दुई सय उन्नाइस) प्रतिवादीबाट दिलाईपाउँ भनी मुद्दा अन्तिम भएपछि वादीले कोर्ट फी ऐन, २०१७ को दफा १५(११) को म्यादभित्र दरखास्त दिएँ केही दस्तुर नलिई प्रतिवादी नेक्स्ट च्यानल प्रा.लि.बाट वादीलाई भराइदिनु...................................................................................२

प्रस्तुत फैसलामाचित्त नबुझे ३५(पैतीस) दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नु भनी वादी टि.भि.म्याक्स प्रा.लि. एवम् प्रतिवादी धरान केबुल नेटवर्क प्रा.लि.का सञ्चालक सोकेननारायण पालिखे, प्रतिवादी बागेश्वरी केबुल नेटवर्क प्रा.लि.का सञ्चालक लक्ष्मीनारायण शाह र प्रतिवादी स्काई केबल नेटवर्कका सञ्चालक दिपक सैंजुलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको १९३नं.बमोजिम पुनरावेदनको म्याद दिनु.........................................................................................३

सुरु म्याद गुजारी बस्ने अन्य प्रतिवादीहरूलाई मुलुकी ऐन, अदालती बन्दोस्तको २०८ नं. ले पुनरावेदनको म्याद दिन परेन...................................................................................४

प्रस्तुत फैसलाको प्रतिलिपि माग गर्ने सरोकारवालालाई नियमानुसार प्रतिलिपि उपलब्ध गराइदिनु.....५

प्रस्तुत फैसलाको विद्युतीयप्रति सफ्टवेयर प्रणालीमा अपलोड गरी फैसलाको पिठमा जनाई मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु.............................................६

**जिल्ला न्यायाधीश**

माननीय न्यायाधीशज्यूबाट बोली टिपाउनुभएबमोजिम
कम्प्युटर टाइप गर्ने क.अ.मिनु शाही
फाँटवाला ना.सु.लीलाराज दाहाल
**इति संवत् २०७२ साल मंसिर २८ गते रोज २ शुभम् .........................................**

श्री बारा जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री रितेन्द्र थापा

फैसला

मुद्दा नं. ०७२-pc-०१७७

रजिस्ट्रेसन नं.५०-०७२-०१३०६

नि.नं.२८७

मुद्दाः अदालतको अवहेलना

<u>निवेदकको नाम थर वतनः</u>

बारा जिल्ला अदालत बार एसोसियसनको तर्फबाट ऐजनका अध्यक्ष अधिवक्ता योगेन्द्रप्रसाद धानुक............................१

<u>विपक्षीको नाम थर वतनः</u>

स्व.महमुद आलमको पत्नी जि.बारा लिपनीबिर्ता वा नं. ६ बस्ने नेज्मा आलम....................१

स्व.महमुद आलमको छोरा ऐ.ऐ. बस्ने वर्ष २५ को जानेसार अख्तर आलम.....................१

स्व.महमुद आलमको छोरा ऐ.ऐ. बस्ने वर्ष २० को मोबिन अख्तर आलम.......................१

मकसुद मियाँको छोरा ऐ.ऐ. बस्ने वर्ष ३६ को फिरोज आलम....................................१

अब्दुल हकीम मियाँको छोरा ऐ.ऐ. बस्ने वर्ष ४५ को कलामत मियाँ धोबी....................१

हदिस मियाँको छोरा ऐ.गा.वि.स. लिपनीमाल वडा नं. १ बस्ने वर्ष ५७ को आसिन मियाँ हवारी...............................................१

प्रगास राउत कुर्मीको छोरा ऐ.ऐ.वडा नं. ९ बस्ने वर्ष ४६ को रामक्षत्री पटेल..............१

हलीम मियाँको छोरा ऐ.गा.वि.स. बंजरिया वडा नं. ७ बस्ने वर्ष ३५ को अलि भन्ने समसेर अंसारी...............................................१

हलीम मियाँको छोरा ऐ.ऐ. बस्ने वर्ष ४४ को बादल मियाँ अंसारी...............................१

पारस साह कानूको छोरा ऐ.गा.वि.स.प्रष्टोका वडा नं. ४ बस्ने वर्ष ३० को सन्तोष साह कानू...............................................१

लालझरी साहको छोरा ऐ.ऐ.वडा नं. ५ बस्ने वर्ष ४२ को राधेश्याम साह तेली..............१
हृदय नारायण साहको छोरा ऐ.ऐ. वडा नं. ६ बस्ने वर्ष ४० को अम्बिका साह तेली.........१
हनिफ मियाँको छोरा ऐ.ऐ. वडा नं. २ बस्ने वर्ष ३५ को कलामुदिन अंसारी......................१
सर्फुल्लाह मियाँको छोरा ऐ.ऐ. बस्ने वर्ष ४० को रेयाजुल हक अंसारी..........................१
महेश साहको छोरा ऐ.गा.वि.स.भलुही भरवलिया वडा नं. ७ बस्ने वर्ष ५५ को गोकुल साह....१
बाबुको नाम थाह नभएकोक जि.बारा गा.वि.स. लिपनीमाल वडा नं. १ बस्ने वर्ष ३५ को कलामत मियाँ.....................................१
ऐ.ऐ.ऐ.ऐ. वर्ष ३६ को मोलाजिम मियाँ........१
नेज्मा खातुनको निजी अंगरक्षक भई निजकै सँगसाथमा बस्ने वर्ष ४० को लालबाबु अंसारी (प्रहरी गार्ड) ........................................१
ऐ.ऐ.ऐ.ऐ. देवेन्द्र रजक..........................१

## मुद्दा नं. pc–०१७८
## रजिस्ट्रेसन नं. ५०-७२-०१३०८

<u>निवेदकको नाम थर वतनः</u>

बारा जिल्ला अदालतका कर्मचारी ना.सु रमेश यादव....................................................१
बारा जिल्ला अदालतका कर्मचारी ना.सु अरबिन्द महतो....................................................१
बारा जिल्ला अदालतका कर्मचारी ना.सु सुरेश महतो....................................................१
बारा जिल्ला अदालतका कर्मचारी ना.सु गणेश राम......................................................१
बारा जिल्ला अदालतका कर्मचारी ना.सु कुशल सुवेदी....................................................१

<u>विपक्षीको नाम थर वतनः</u>

स्व.महमुद आलमको पत्नी जि.बारा लिपनीबिर्ता वा नं. ६ बस्ने नेज्मा आलम..१
स्व.महमुद आलमको छोरा ऐ.ऐ. बस्ने वर्ष २५ को जानेसार अख्तर आलम...........१
स्व.महमुद आलमको छोरा ऐ.ऐ. बस्ने वर्ष २० को मोबिन अख्तर आलम.............१
नेज्मा खातुनको निजी अंगरक्षक भई निजकै सँगसाथमा बस्ने वर्ष ४० को लालबाबु अंसारी (प्रहरी गार्ड) .........................१
ऐ.ऐ.ऐ.ऐ. देवेन्द्र रजक........................१

बारा जिल्ला अदालतका कर्मचारी ना.सु सुमित्रा आले मगरसमेत.......................................१

न्याय प्रशासन ऐन, २०४८ को दफा १८(१)बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको तथ्य र निर्णय यसप्रकार रहेको छ :

**तथ्य खण्ड**

स फौ नं. ०७०-CR-००६१ को कर्तव्य ज्यान मुद्दामा यस अदालतको १ नं. इजलासबाट मिति २०७३।१।१५ का दिन भएको फैसला सुनी आफूले चाहे जस्तो फैसला नभएको भन्दै प्रतिवादी नेजमा आलमसमेतले यस अदालतबाट भएको फैसलाउपर चित्त नबुझेको भन्दै अदालतको मानहानी हुने गरी माननीय न्यायाधीशज्यूलाई गाली गलौज गर्दै गरेको अवस्थामा सम्झाई बुझाई गर्दा कानून व्यवसायीसमेतलाई कुटपिट गर्ने तरखरसमेत गरेको अवस्था छ। सम्मानित अदालतको गरिमामय सम्मानमा आघात पुऱ्याउने, माननीय न्यायाधीश तथा कानून व्यवसायीलाई दुर्व्यवहार गर्ने जस्ता गैरकानूनी कार्य गरेको हुँदा अदालतको अवहेलना गर्ने विपक्षीहरूलाई हदैसम्मको दण्ड सजाय गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन।

नेजमा खातुन भन्ने नेजमा आलमसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रामचन्द्र प्यासी कुशवाहासमेत भएको ०७०-cr-००६१ को कर्तव्य ज्यान ५ थान मुद्दाको सुनुवाई भई फैसला सुनाइसकेपछि निज जाहेरवाली तथा निजकै मिलोमतोका व्यक्तिहरू मिली आफूहरूले चाहेबमोजिमको फैसला नभएको भन्दै आक्रोशित भई झ्यालमा हिर्काउने कुर्सी तोडफोड गर्ने तथा अदालतमा उपस्थित मान्नीय न्यायाधीश, वकिल, अदालतका कर्मचारीहरूले समेतलाई गाली गलौज गर्ने सार्वजनिक सम्पत्तिको तोडफोड गर्ने जस्ता अभद्र व्यवहार गरी अदालतको जनअस्था प्रति दुरुत्साहित गर्ने कार्य गरेकाले यी विपक्षीहरूलाई अदालतको अवहेलनामा हदैसम्मको दण्ड सजाय गरिपाउँ भनी कर्मचारीहरूको प्रतिवेदन।

निवेदनमा लेखिएअनुसार मैले कुनै गल्ती कसुर गरेकी छैन। मिति २०७३।०१।१५ गते ०७०-CR-००६१ को कर्तव्य ज्यान मुद्दा पेसीमा भएकाले फैसला सुन्न म अदालतमा गएको र सो मितिमा फैसला भएकामा सो फैसलामा मेरो चित्त नबुझे पनि मैले माननीय न्यायाधीशसमक्ष अब के गर्न सकिन्छ भनी सल्लाह लिँदा मा.न्या. ज्यूले पुनरावेदन गर्न सकिने सल्लाह दिनुभएको र मैले केही प्रतिक्रिया नजनाएकोले मलाई निवेदन मागअनुसारको सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी नेजमा आलमले यस अदालतमा गरेको बयान।

निवेदनमा लेखिएको वारदात भएको मिति समयमा म कामको सिलसिलामा कतारमा भएको र मिति ०७३।०१।२१ गते मात्र म नेपालमा आएको हुँ। मैले निवेदनमा लेखिएअनुसारको कुनै कसुर

सजाय नगरेकाले मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी रेयाजुल हक अन्सारीले यस अदालतमा गरेको बयान।

म मिति ०७३।०१।१५ गते बिहानदेखी बेलुकासम्म मैले काम गर्ने अंकिता टेक्सटाइलमा थिएँ। सो मितिमा म अदालतमा उपस्थित नै नभएकाले मैले निवेदनमा उल्लेख गरिएअनुसारको कसुर अपराध नगरेकाले मलाई सजायसमेत हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी कलामत मियां धोबीले यस अदालतमा गरेको बयान।

मिति ०७३।०१।१५ गते ०७०-CR-००६१ को कर्तव्य ज्यान मुद्दा पेसीमा भएको र माननीय सभासद् नेजमा खातुनको वोडीगार्ड भएकाले म अदालतमा आएको थिएँ तर मैले उक्त मितिमा भएको फैसलामा कुनै पनि प्रतिक्रिया नजनाएकोले मैले निवेदनमा लेखिएअनुसार कुनै सजाय पाउनु पर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी लालबाबु अन्सारीले यस अदालतमा गरेको बयान।

मिति ०७३।०१।१५ गते ०७०-CR-००६१ को कर्तव्य ज्यान मुद्दा पेसीमा भएकामा म माननीय सभासद् नेजमा खातुनको अङ्गरक्षक भएकाले अदालतमा उपस्थित भएको थिएँ। तर सो मुद्दामा उल्लिखित मितिमा भएको फैसलामा मैले कुनै पनि प्रतिक्रिया नजनाएकोले मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी देवेन्द्र रजकले यस अदालतमा गरेको बयान।

मिति ०७३।०१।१५ गते म अदालतमा उपस्थित नभएको र मैले निवेदनअनुसारको कुनै पनि कसुर अपराध नगरेकाले मलाई कुनै सजाय नहुनुपर्ने हो भन्नेसमेत बेहोराको प्रतिवादी राधेश्यामप्रसाद साहले यस अदालतमा गरेको बयान।

मिति ०७३।०१।१५ गते म केडिया आँखा अस्पतालमा डिउटीमा थिएँ। म उल्लिखित मितिमा अदालतमा उपस्थित नै नभएको र म निर्दोष भएकाले मैले सजाय पाउनु पर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी अम्बिकालाल साहले यस अदालतमा गरेको बयान।

मिति ०७३।०१।१५ गते म सिरहा रामनगर मिरचैया हिमालयन कत्था मिलमा काम गरिरहेको थिएँ। अदालतमा उपस्थित नभएको र निवेदनअनुसारको गल्ती मबाट नभएकाले सजाय हुनु नपर्ने हो भन्नेसमेत बेहोराको प्रतिवादी मोलाजिम मिया धोबीले यस अदालतमा गरेको बयान।

मिति ०७३।०१।१५ गते मेरो पोतीलाई कुकुरले टोकेकोले निजलाई रेबिज विरुद्धको खोप लगाउन कलैया अस्पतालमा आएको र सो मितिमा म अदालतमा उपस्थित नै नभएकाले मलाई निवेदन मागदाबीअनुसारको सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी गोकुल साह तेलीले यस अदालतमा गरेको बयान।

मिति ०७३।०१।१५ गते जिल्ला खेलकुद परिषद्को कार्यालय कलैयामा आई काम सकी त्यहीबाट घर फर्केको र सो मितिमा म अदालतमा उपस्थित नभएकाले मलाई निवेदन मागदाबीअनुसारको सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी श्री राम क्षेत्रीप्रसाद कुर्मीले यस अदालतमा गरेको बयान।

मिति ०७३।०१।१५ गते म भारतको नकरदेही वसतपुरमा गएको र अदालतमा उपस्थित नभएकाले मलाई निवेदन मागबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी श्री शमसेर मिया अन्सारीले यस अदालतमा गरेको बयान।

निवेदनमा उल्लिखित मिति समयमा म यस अदालतमा उपस्थित थिएन सो मितिमा म रक्सौलमा घरयासी लत्ताकपडासमेत लिन गएकोले निवेदन मागबमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी श्री कलामुदिन मिया अन्सारीले यस अदालतमा गरेको बयान।

मिति ०७३।०१।१५ गते म बीरगञ्ज गएको र प्रस्तुत मुद्दाको प्रतिवादीको रूपमा मेरो नाउँ नभए पनि मेरो बाबुको नाउँ मिल्ने गरी मेरो घरमा म्याद टाँस भएकाले मात्र यस अदालतमा बयान गर्न आएको हुँ भन्ने बेहोराको श्री महमद अली मियाँ अन्सारीले यस अदालतमा गरेको बयान।

मिति ०७३।०१।१५ गते म जिल्ला बारा प्रस्टोका गाविसमा कामको सिलसिलामा सो गाविस भवनमा गएको र सो दिन बिहान ११:०० बजेदेखी साँझ १७:०० बजेसम्म त्यहाँ नै रहेकोले अदालतमा नआएकोले मलाई निवेदन दाबीबमोजिम सजायसमेत हुनु नपर्ने हो भन्नेसमेत बेहोराको प्रतिवादी श्री संतोषकुमार साहले यस अदालतमा गरेको बयान।

मिति ०७३।०१।१५ गते म यस अदालतमा उपस्थित भए पनि मैले निवेदनमा उल्लेख गरेअनुसार कुनै पनि कसुर नगरेकाले मलाई सजाय हुनुपर्ने होइन। म निर्दोष हुँदा सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी श्री यासिन मियाले यस अदालतमा गरेको बयान।

मिति ०७३।०१।१५ गते म यस अदालतमा उपस्थित भए पनि मैले निवेदन मागदाबीअनुसारको कुनै गल्ती कसुर नगरेकाले मलाई सजायसमेत हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी श्री मोविन अखतर आलमले यस अदालतमा गरेको बयान।

निवेदनमा उल्लिखित मितिमा म आफ्नो आलम ट्रेडर्स कपडा पसल बीरगञ्जमा थिएँ। म सो मितिमा अदालतमा उपस्थित थिइन। कसुरदार नभएकाले मैले सजाय भोग्नु नपर्ने हो भन्नेसमेत बेहोराको प्रतिवादी श्री जनसार अखतर आलमले यस अदालतमा गरेको बयान।

निवेदनमा उल्लिखित मितिमा अदालतको बाहिर सवारी चालक भएकाले गाडीको रेखदेख गरी बसेको र अदालतभित्र नछिरेको हुँदा मैले अदालतको मानहानी नगरेकाले मलाई सजायसमेत हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी श्री फिरोज आलमले यस अदालतमा गरेको बयान।

निवेदनमा उल्लेख भएको मिति समयमा प्रतिवादी जनसर अखतर आलम र म सँगै बीरगञ्ज आलम ट्रेडर्स कपडा पसलमा थियौं भन्नेसमेत बेहोराको प्रतिवादी जनसरका साक्षी श्री मुकेश सहनीले यस अदालतमा गरेको बकपत्र।

निवेदनमा उल्लिखित मिति समयमा म र प्रतिवादीहरू यस अदालतमा कर्तव्य ज्यान मुद्दामा फैसला सुन्न आएका र प्रतिवादीहरूले अदालतको अवहेलना हुने कुनै कार्य नगरेको भन्नेसमेत बेहोराको प्रतिवादी नेजमा आलमसमेतका साक्षी श्री ध्रुवप्रसाद साहले यस अदालतमा गरेको बकपत्र।

मिति ०७३।०१।१५ गते म र देवेन्द्र रजक यस अदालतमा आएको तर निजले अदालतको अवहेलना हुने कुनै कार्य नगरेको भन्नेसमेत बेहोराको प्रतिवादी देवेन्द्रका साक्षी श्री ध्रुव साहले यस अदालतमा गरेको बकपत्र।

मिति ०७३।०१।१५ गते प्रतिवादी फिरोज आलमले माननीय न्यायाधीशज्यू तथा कानून व्यवसायीलाई गाली गलौज नगरेको भन्नेसमेत बेहोराको प्रतिवादी फिरोज आलमका साक्षी श्री नाजिर हुसेनले यस अदालतमा गरेको बकपत्र।

म र कलामत मिया मिति ०७३।०१।१५ गते सधैंझैं अंकिता टेक्सटाइलमा काम गर्दै थियौं भन्नेसमेत बेहोराको प्रतिवादी कलामतका साक्षी श्री लहावर महतो कोइरीले यस अदालतमा गरेको बकपत्र।

मिति ०७३।०१।१५ गते हामी दुवै खेलकुद परिषद् कलैयाको कार्यालयमा थियौं भन्नेसमेत बेहोराको प्रतिवादी राम क्षेत्रीप्रसादका साक्षी श्री शिवपुजन राउत कुर्मीले यस अदलातमा गरेको बकपत्र।

मिति ०७३।०१।१५ गते म अदालतमा आउँदा मैले यासेन मियालाई अदालतमा देखेको र निजले अदालतको अवहेलना हुने कुनै पनि कार्य नगरेको भन्नेसमेत व्ययहोराको प्रतिवादी यासेन मियाँका साक्षी श्री इब्राहिम मियाँ धोबीले यस अदालतमा गरेको बकपत्र।

मिति ०७३।०१।१५ गते प्रतिवादी गोखुल मियाले अदालतमा उपस्थित भई अदालतको अवहेलना हुने कुनै कार्य नगरेको भन्नेसमेत बेहोराको प्रतिवादी गोखुल साहका साक्षी शम्भु रामले यस अदालतमा गरेको बकपत्र।

मिति ०७३।०१।१५ गते म आफ्नै घरमा रहेको र प्रतिवादी मोलाजिम जिल्ला सिरहा मनगर कत्था मिलमा काम गर्न गएका थिएँ भन्नेसमेत बेहोराको प्रतिवादी मोलाजिम मियाका साक्षी श्री हमिद मियाले यस अदालतमा गरेको बकपत्र।

मिति ०७३।०१।१५ गते म र प्रतिवादी कलामुदिन अन्सारी भारतको रक्सौलमा घरयासी समान किनमेल गर्न सँगै गएको र साँझ ४:०० बजे मात्र घर फर्केको भन्नेसमेत बेहोराको प्रतिवादी कलामुदिन मियाँ अन्सारीका साक्षी श्री अनसारुल हक अंसारीले यस अदालतमा गरेको बकपत्र।

राधेश्यामप्रसाद साहको घरमा मिति ०७३।०१।१५ गते गई सोध्दा मैले निज रौतहट जिल्लामा भैसी किन्न गएको कुरा थाहा पाएको भन्नेसमेत बेहोराको प्रतिवादी राधेश्यामका साक्षी श्री दिपलाल साहले यस अदालतमा गरेको बकपत्र।

मिति ०७३।०१।१५ गतेका दिन म र प्रतिवादीसमेत भई जिल्ला बारा प्रस्टोका गाविसको भवनमा सडक तथा सरसफाइ योजनातर्फ बजेट निकाशाका लागि गा.वि.स. सचिवसँगै छलफल गरेको भन्नेसमेत बेहोराको प्रतिवादी संतोषकुमार साहका साक्षी श्री बंकेश्वर साहले यस अदालतमा गरेको बकपत्र।

निवेदनमा उल्लिखित मितिमा प्रतिवादी बीरगञ्ज पवन गुप्ता कलवारको चिरान मिलमा भएको भन्नेसमेत बेहोराको प्रतिवादी महमद अली मियाँका साक्षी श्री गोपालप्रसाद कुशवाहाले यस अदालतमा गरेको बकपत्र।

मिति ०७३।०१।१५ गते यी प्रतिवादी भारतको वसतपुरमा मामाको घरमा गएका भन्नेसमेत बेहोराको प्रतिवादी शमसेर मियाँ अन्सारीका साक्षी श्री बीर महमद अन्सारीले यस अदालतमा गरेको बकपत्र।

## अदालतको ठहर

नियमबमोजिम पेसीसूचीमा चढी इजलाससमक्ष पेस हुन् आएको मिसिल कागजातहरू अध्ययन गरी हेर्दा अंग पुगी मुद्दा फैसला गरिदिएँ हुने देखीयो। विपक्षीहरूकातर्फबाट रहनुभएका विद्वान् अधिवक्ताहरू श्री सन्तोषकुमार श्रीवास्तव् र मो रफिक मियाले हुँदै नभएका व्यक्तिहरूलाई समेत विपक्षी बनाई राजनीतिक प्रतिशोध साँध्ने प्रयास गरिएको हो। प्र. नेजमा आलम र निवेदनमा सही गर्ने योगेन्द्रप्रसाद धानुक गत सभासद निर्वाचनका प्रतिस्पर्धी हुन्। नेजमा आलमले फैसलाको बारेमा बुझी पुनरावेदन गर्नेसम्मका कुरा व्यक्त गरेका हुन्। निवेदनमा उल्लेख भएजस्तो कुनै घटना भएको होइन। सभासद् जस्तो व्यक्तिले अदालतको अवहेलना गर्ने कुरा नै आउँदैन। निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो। निवेदन बेहोरा, विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसमेतलाई मध्यनजर गर्दा यस मुद्दामा निम्न प्रश्नको निराकरण गर्न आवश्यक देखीन आएको छ।

(क) निवेदनमा उल्लेख भएअनुरूप यस अदालतको अवहेलना हुने वारदात भएको छ छैन ?

(ख) उक्त वारदातमा प्रतिवादीहरूको संलग्नता छ छैन ?

(ग) प्रतिवादीहरूका प्रति के कस्तो व्यवहार हुनुपर्ने हो ?

**पहिलो प्रश्नतर्फ विचार गर्दाः** यस मुद्दाको तथ्य हेर्दा नेज्मा खातुनको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रामचन्द्र कुशवाहसमेत भएको स फौ नं. ०७०-CR-००६१ को कर्तव्य ज्यान मुद्दामा यस अदालतको १ नं. इजलासबाट मिति २०७३।१।१५ का दिन फैसला भएको रहेछ। उक्त फैसला सुनी आफूले चाहे जस्तो फैसला नभएको भन्दै प्रतिवादी नेज्मा खातुनसमेतले माननीय जिल्ला न्यायाधीशज्यूलाई नानाथरीका गाली गर्दै इजलासमा भएका कुर्सी तथा झ्यालहरू तोडफोड गरी अशान्ती मच्चाएको बखत अधिवक्ता श्री उमेशप्रसाद जयसवालले सम्झाउन लाग्दा वाहाँलाई पनि आक्रोशित भई गाली गलौज गरी कुटपिट गर्ने तरखरमा लागी दुर्व्यवहार गरेको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १८(१)बमोजिम हदैसम्म दण्ड सजाय गरिपाउँ भनी पहिलो निवेदन परेको र सोही भावनाको दोस्रो निवेदन परेको देखीन्छ। यसका साथै बारा जिल्ला अदालत बार एसोसिएसनको मिति २०७३।१।१६ को बैठकमा भएको निर्णयमा समेत "फैसलाको परिणाम सुनी आक्रोशित भई माननीय जिल्ला न्यायाधीशज्यूलाई घुस खाई फैसला गरेको भन्दै विभिन्न अश्लिल गाली गलौज गरी तोडफोड गर्दै अशान्ति मच्चाई अदालतको काम कारबाही प्रभावित गरेको" भन्नेसमेत उल्लेख भएको देखीन्छ।

निवेदनमा उल्लेख गरिएको कानून न्याय प्रशासन ऐन, २०४८ को दफा १८(१) मा जिल्ला अदालतले आफ्नो अवहेलनामा कारबाही चलाउन सक्नेछ र अदालतको अवहेलना गरेको ठहराएमा अभियुक्तलाई एक हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ भन्ने उल्लेख भएको पाइन्छ। यस प्रावधानमा अदालतको अवहेलना भएको अवस्थामा जिल्ला अदालतले नै कारबाही गरी सजाय गर्न सक्ने व्यवस्था र सजायको हदको बारेमा उल्लेख भएपनि के कस्तो अवस्थामा अदालतको अवहेलना भएको मान्नुपर्ने हुन्छ भन्ने व्यवस्था गरेको देखिंदैन।

तथापि सम्मानित सर्वोच्च अदालतबाट निम्न मुद्दाहरूमा निम्नअनुसारका गतिविधिहरूलाई अदालतको अवहेलना मान्नु पर्ने सिद्दान्त प्रतिपादन गरिएको पाइन्छ :

**सन्तोष भट्टराईको निवेदनमा विपक्षी कनकमणी दीक्षित** भएको अदालतको अवहेलना मुद्दामा (ने.का.प. २०६४, निर्णय नं. ७८४०) निम्न कुरालाई अदालतको अवहेलना भएको मानिएको छः

१. अदालतको निर्णय वा आदेशको जानाजान Willful अवज्ञा गर्ने कार्य।
२. अदालतसमक्ष गरेको प्रतिज्ञाको जानाजान Willful भंग वा अवज्ञा गर्ने कार्य।
३. बोलेर, लेखेर वा अन्य कुनै प्रकाशनद्वारा अदालतप्रति भ्रामक हल्ला फिँजाई अनास्था पैदा गरी काण्ड मच्चाउनु अर्थात् Scandalize गर्ने कार्य।
४. बोलेर वा लेखेर वा अन्य कुनै प्रकाशन वा कार्यद्वारा अदालती कारबाहीमा हस्तक्षेप गर्ने कार्य।
५. बोलेर वा लेखेर वा अन्य प्रकाशन वा कामद्वारा अदालती कारबाहीमा हस्तक्षेप गर्ने वा न्याय प्रशासनमा अवरोध गर्ने कार्य।
६. अदालतमा विचाराधीन मुद्दामा टिप्पणी गरी स्वतन्त्र र निष्पक्ष न्याय सम्पादनमा हस्तक्षेप हुने काम गर्ने
७. मुद्दाका, पक्षहरू, मुद्दाका साक्षीहरू तथा अदालतका कर्मचारीलाई बाधा विरोध गर्ने कार्य।
८. अदालतलाई विवादमा ल्याउने जुनसुकै कार्य यी अवस्था मात्र होइन, अवस्थाअनुसार विभिन्न अन्य कार्यले पनि अदालतको अवहेलना हुनसक्छ।

यही फैसलामा "अदालतको अवहेलना सम्बन्धमा मान्य सिद्धान्त के छ भने न्याय सम्पादन गर्ने कार्यमा न्यायाधीशलाई अवरोध हुने गरी गरिएको काम वा अदालतको कानूनी प्रक्रियामा हस्तक्षेप हुने गरी कुनै बक्तब्य जारी गरी वा बोली वा कुनै पनि प्रकारको लिखत प्रकाशित गरी वा न्यापालिका वा कुनै अदालत र न्यायिक प्रक्रियाप्रति नै अनास्था पैदा हुने गरी Scandalize गर्ने कुनैपनि कार्य अदालतको अवहेलना हो। यस्तो कार्य अदालत र न्यायाधीशको न्याय सम्पादन कार्यसँग सम्बन्धित हुन्छ। " भनी थप व्याख्यासमेत गरिएको छ।

**शा.अ.श्री नरिश्वर भण्डारीको निवेदनले विपक्षी अधिवक्ता श्री नरेन्द्र के.सी.** भएको अदालतको अवहेलना मुद्दामा (ने.का.प.२०५६,निर्णय नं. ६८०८) "अदालतको आज्ञा आदेश वा फैसलाको अवज्ञा वा निरादर गर्नु वा जनसाधारणमा अदालत वा अदालतबाट हुने न्याय प्रशासनको कार्य प्रति अविश्वास वा अनास्था हुने वा हुन् सक्ने कुनै कार्य गर्नु कुनै प्रकारले अदालतको सम्मान मर्यादा वा प्रतिष्ठामा आघात पुग्ने अन्य कार्य गर्नु वा न्यायाधीशप्रति प्रतिकूल वा न्यायाधीशको निष्पक्षताको र निजको सद्विवेक वा कार्यक्षमतामा कुनै प्रकारको शंका उठाउनु वा अन्य कुनै प्रकारले न्यायाधीशको मर्यादा सम्मान वा प्रतिष्ठामा आघात पर्न सक्ने कुनै कार्य गर्नु वा अदालतमा विचाराधीन रहेको मुद्दा मामिलामा अनुचित प्रभाव पार्न वा पर्न सक्ने गरी कुनै कुरा व्यक्त गर्नु वा कुनै कार्य गर्नु वा न्याय प्रशासनको कार्यमा लागेका अदालतका कर्मचारी वा मुद्दा मामिलाका सम्बन्धमा कुनै कानून व्यवसायीलाई गाली बेइज्जती गर्नु वा अनुचित बाधा वा अवरोध उत्पन्न गराउनु वा डर त्रासमा पार्नु

वा अदालतमा इन्साफ माग्न आउने मुद्दाका कुनै पक्षलाई वा कुनै मुद्दामा कुनै साक्षीलाई सो मुद्दामा भए गरेको कुनै कुरालाई लिएर गाली बेइज्जती गर्नु वा त्यससम्बन्धमा अनुचित बाधा वा अवरोध उत्पन्न गराउनु वा डर, त्रासमा पार्नुसमेतका कार्य गर्नुलाई मोटामोटी रूपमा अदालतको अवहेलनाजन्य कार्य भएको मानिन्छ"

**थिरप्रसाद पोखरेल विरुद्ध हरिहर विरही** (ने.का.प. २०४९, अंक ८, पेज ७७०, नि.नं. ४६०४) भएको अदालतको अवहेलना मुद्दामा "कुनै लेख अभिव्यक्ति वा कार्यलाई हेरेर सो कार्य अवहेलनाजनक छ वा छैन भन्नेसम्बन्धमा सामान्य व्यक्तिको समझ (Man of General Prudence) ले निकाल्न सक्ने निष्कर्ष नै अवहेलनासम्बन्धी कार्यको परीक्षणको आधार बन्दछ भनी परीक्षणको आधार निश्चित गर्दै "मूल रूपमा अदालतको आज्ञा, आदेश वा फैसलाको अवज्ञा वा निरादर गर्नु जनसाधारणमा अदालत वा त्यसबाट हुने न्याय प्रशासनको कार्यप्रति अविश्वास वा अनास्था हुने वा हुन् सक्ने कुनै कार्य गर्नु वा अदालत वा अन्य कुनै प्रकारको अदालतको सम्मान मर्यादा वा प्रतिष्ठामा आघात पुग्ने कुनै कार्य गर्नु अवहेलनाजनक कार्य हुन्छ। त्यस्तै गरी न्यायाधीश प्रति जनसाधारणको भावना प्रतिकूल वा शंकायुक्त हुने वा हुन् सक्ने कुनै कार्य गर्नु वा न्यायाधीशको निष्पक्षता, सद्विवेक वा कार्यक्षमतामा कुनै प्रकारको शंका उठाउँनु वा त्यस्तो शंका उत्पन्न हुन् सक्ने वातावरणको सृष्टि गर्नु न्यायपालिकालाई अवान्छनीय रूपमा होच्याएर वा विवादमा मुछेर जनसाधारणमा अदालत प्रति अनास्था उत्पन्न गराउने प्रयास गर्नु अदालतको तथा अदालतभित्र विचाराधीन मुद्दामा प्रभाव पर्ने गरेर कुनै कुरा व्यक्त गर्नु अवहेलना हुन्छ" भनी उल्लेख गरिएको पाइन्छ।

यसैगरी **सुदूरपश्चिमान्चल क्षेत्रीय अदालत वि. कैलासकुमार हमाल** भएको मुद्दामा (ने.का.प. २०४७, निर्णय नं. ४१०४)" न्यायाधीश अदालतकै अंग हो र सम्बन्धित अदालतमा भएको न्यायाधीशको हैसियतले निजले फैसला निर्णय गरेको हुन्छ। न्यायाधीशबाट भएको फैसला निर्णयको सन्दर्भमा निजको चरित्रमा कलुषित भावना लिई आक्षेप लगाइन्छ भने सोबाट अदालतको मर्यादामा धक्का लाग्ने हुँदा अदालतको अवहेलना भएको हुन्छ। " भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ।

माथि उल्लिखित मापदण्डहरूकै सन्दर्भमा यस मुद्दाको तथ्यलाई विश्लेषण गरौं। प्रतिवादीमध्येका नेज्मा आलमले यस अदालतसमक्ष बयान गर्दा आफूले निवेदनमा उल्लेख भएअनुरूपको कुनै गलत कार्य नगरेको भनी इन्कारी बयान गर्नुभएको देखीए पनि फांटमा गै बुझ्दा फाँटवालाबाट फैसलाको बारेमा सुनी पुनः निजसमेत १ नं. इजलासमा गै फैसला बारेमा माननीय जिल्ला न्यायाधीशज्यूसँग सोधेको र वहांबाट फैसलामा चित्त नबुझे पुनरावेदन गर्न सकिने सल्लाह पाएको र ज्यान मार्नेलाई कम सजाय भयो भनी भनेको भन्ने तथ्यसम्म स्वीकार्नुभएको देखीन्छ। यसबाहेक वहाँसमेतका प्रतिवादीहरूले उक्त दिन त्यस्तो केही नभएको भनी बयान गर्नुभएको देखीन्छ।

प्रतिवादीतर्फबाट रहनुभएका विद्वान् अधिवक्ताहरूले बारा जिल्ला अदालत बार इकाइमा जम्मा १७ जना रहेकोमा यो निवेदन दिने निर्णय गर्दा केवल ७ जनाको मात्र हस्ताक्षर भएको हुँदा यो निवेदन संस्थागत् हिसाबले आएको होइन। व्यक्तिगत् हिसाबमा पनि निवेदक योगेन्द्रप्रसाद धानुक स्वयं

गत सविंधान सभा निर्वाचनमा प्रतिवादी नेजमा खातुनको प्रत्याशी भएको हुँदा राजनीतिक पूर्वाग्रहमा यो निवेदन परेको हो भनी तर्क गर्नुभएको छ।

अदालतको अवहेलनाको विषय अन्ततोगत्वा अदालतले आफ्नो अवहेलना भएको छ छैन भनी अनुभूती गर्ने विषय हो। कसैको कुनै व्यवहारबाट मान मर्दन हुन्छ भने अदालतको हुन्छ। अदालत स्वयं जनआस्था र विश्वासका आधारमा चल्ने निकाय भएकाले यसको मर्यादा पनि सबैको चासोको विषय हुनु स्वाभाविक हुन्छ र यो हुनुपनि पर्छ। अन्यथा अदालतका प्रति जसले जे व्यवहार गरेपनि वा अदालतको फैसला र आदेशको पालना नगरेपनि केही नहुने रहेछ भन्ने गलत कुराको संचार हुन् जान्छ भने अन्तिम आशाको केन्द्र मानी न्यायको याचना गर्न अदालत आउनुको अर्थ हुँदैन। यसै अर्थमा अदालतको अवहेलना प्रक्रियाको उठान स्वरूप जो कोहीले निवेदन दिन सक्ने र स्वीकारिने हुन्छ। अझ अदालतको अवहेलनाको विषयमा कसैले सूचना दिनुपर्ने वा उजुरी गर्नुपर्ने अनिवार्यता हुँदैन अदालतले आफ्नै पहलमा पनि कारबाही गर्न सक्ने हुन्छ। तसर्थ बार इकाइमा वहुमत नपुगेको वा निवेदनमा हस्ताक्षर गर्ने अधिवक्ता विपक्षीको राजनीतिक प्रत्याशि भएको कुराले यस मुद्दाको विषयवस्तुमा कुनै प्रभाव पर्न सक्दैन विद्वान्हरूको यस बहस जिकिरसँग सहमत हुन् सकिएन।

विद्वान्हरूले आफ्नो बहसमा प्रतिवादी नेज्मा आलमसमेतले उल्लिखित कर्तव्य ज्यान मुद्दा अदालतमा विचाराधीन रहेका बखत र आजसम्म पनि अदालतको हरेक कारबाही र आदेशलाई सम्मान गरी आउनुभएको र उक्त दिन पनि आफ्नो पतिको हत्या भएको मुद्दामा फैसला सुन्दा मूल अभियुक्त भनी सोची आएको व्यक्तिलाई १० वर्ष मात्र कैद भएकामा चित्त बुझेन भनी इजलाससमक्ष भनेको मात्र हो र इजलासबाट चित्त नबुझे पुनरावेदनमा जान सकिन्छ भनी बताइएपछि निजहरू गएको हो भनी अदालतको अवहेलना हुने कुनै कार्य नै नभएको भनाइ राख्नुभयो।

यस मुद्दाको उठान स्वरूप बार इकाइका अध्यक्षले दिनुभएको निवेदनसाथ संलग्न जिल्ला अदालत बार इकाइ बाराको निर्णय उतार हेर्दा ७ जना पदाधिकारी सहित १८ जना कानून व्यवसायीहरूले हस्ताक्षर गर्नुभएको छ भने यस अदालतका कर्मचारीहरूतर्फबाट परेको निवेदनमा पनि ३४ जना कर्मचारीहरूले हस्ताक्षर गर्नुभएको छ। दुवै निवेदनहरूमा उक्त कर्तव्य ज्यान मुद्दाको फैसला सम्बन्धमा आफूहरूले चाहेअनुरूपको फैसला नभएको भन्दै झ्यालमा हिर्काउने कुर्सी तोडफोड गर्ने गाली गलौज गर्नेलगायतका अमर्यादित कार्य गरिएको तथ्यमा समानता रहेको पाइन्छ। यसरी प्रतिवादी नेजमा खातुनको बयान र विद्वान् अधिवक्ताले बहसमा भन्नुभएको जस्तो "चित्त बुझेन भनी इजलाससमक्ष भनेको मात्र" भए उल्लिखित संख्याका कानून व्यवसायीहरू तथा कर्मचारीहरूले आफ्नो पतिको हत्या भएको मुद्दामा फैसलाको जानकारी मात्र लिएको महिलाउपर उक्त निवेदन नै दायर गरी अदालतको अवहेलना भयो भनी अदालतलाई समेत सजग गराउनु पर्ने कारण देखिंदैन।

निवेदनमा उल्लिखित बेहोरा अदालतलाई सूचना दिइएको वा अभियोग लगाइएको रूपमा मात्र लिन मिल्दैन। अन्य सरकार वादी मुद्दामा जाहेरवाला र बुझिएका व्यक्तिहरूलाई अदालतमा उपस्थित गराइ बकपत्र गराइएपछि मात्र प्रमाणमा लिइने हुन्छ तर उक्त दुई थान निवेदनहरू अदालतबाहेक कुनै तेस्रो निकायमा दिइएको वा अनुसन्धान अधिकारीले अनुसन्धानका क्रममा गराइएको कागजसरह नभई निवेदकहरूले आफूले देखे भोगेका कुराहरू उल्लेख गरी आफ्नो भनाइसमेत समावेश गरी लेखबद्ध

गरेको लिखतको रूपमा मान्नुपर्ने हुन्छ। अदालतले यसमा उल्लेख भएका कुराहरूलाई के कसरी व्याख्या गर्ने वा ग्रहण गर्ने कुरा अदालतमा निहित रहने भए तापनि यो प्रत्यक्ष प्रमाणको रूपमा नै रहन्छ।

अर्कोतर्फ उक्त दिन १ नं. इजलास र इजलासबाहिर तथा अन्य इजलासमा समेत बाधा पर्ने गरी हो हल्ला भएको र तत्काल अदालत प्रशासन तथा यस अदालतका माननीय न्यायाधीशहरू १ नम्बर च्याम्बरमा भेला भई थप प्रहरी मगाइ होहल्ला व्यवस्थापन गरिएको थियो। उक्त तथ्यबाट समेत विपक्षीहरूको बयान तथा विद्वान् अधिवक्ताले बहस गर्नुभए जस्तो फैसला बारेमा जानकारी लिई विपक्षी सामान्य अवस्थामा बाहिरिनुभएको भन्ने अवस्था मान्न सकिएन।

यसै प्रसँगमा निवेदकतर्फबाट रहनुभएका विद्वान्ज्यूहरूले निवेदनमा उल्लेख भए जस्तो माननीय जिल्ला न्यायाधीशज्यूलाई नानाथरीका गाली गरिएको तथा अधिवक्ता श्री उमेशप्रसाद जयसवालले सम्झाउन लाग्दा उहाँलाई पनि आक्रोशित भई गाली गलौज गरी कुटपिट गर्ने तरखरमा लागी दुर्व्यवहार गरेको तथ्य पुष्टि हुने कुनै वस्तुगत् प्रमाण मिसिलमा नभएको भन्नेसमेतको जिकिर गर्नुभएको छ। फैसलाकै सन्दर्भलाई लिएर इजलासभित्रै र बाहिरसमेत हो हल्ला भई अन्य इजलासहरूसमेत अवरुद्ध भएपछि प्रहरी झिकाइ शान्ति व्यवस्थापन गर्नु परेको अवस्थामा के कस्तो शब्द प्रयोग गरियो भनी शब्द नै उल्लेख गर्नुपर्ने तथा त्यस्ता शब्द प्रयोग भएको थियो थिएन भनी वस्तुगत् सबुत प्रमाण नै खोजी गर्नुपर्ने आवश्यकता रहँदैन।

भरी अदालतमा भएको उक्त दिनको घटना र प्रयोग गरिएका शब्दका तत्काल उपस्थित माननीय न्यायाधीशहरू, विद्वान् कानून व्यवसायीहरू, कर्मचारी तथा सेवाग्राहीहरू सबै महसुस गर्ने साक्ष्य हुन् भने स्वयं यस इजलासको समेत स्मरणमा रहेको विषय हो जसलाई शब्दका रूपमा यस फैसलामा उल्लेख गरिरहन आवश्यक देखिँदैन। १८ जना कानून व्यवसायीहरूको उपस्थितिमा गरिएको निर्णय तथा निवेदनमा गरिएको हस्ताक्षर तथा तटस्थ संस्थाको सदस्यको रूपमा रहनुभएका सरकारी कर्मचारीहरूको हस्ताक्षर स्वयंमा प्रामाण हो। भिडका बीच भएको घटनामा के कुन व्यक्तिहरूको के कस्तो भूमिका रहेको थियो भनी वस्तुगत प्रमाणका आधारमा हेर्न आवश्यक रहला तर निवेदनमा उल्लेख भएअनुरूपको परिस्थितिमा अदालतको अवहेलनाको वारदात स्थापित हुनका लागि नै कुनै तेस्रो प्रमाणको आवश्यकता देखीन आउँदैन।

विपक्षी प्रतिवादी नेजमा आलमले बयान गर्नुभएपछि बहस प्रारम्भ मात्र भई अदालत समय समाप्त भएपश्चात् निजलाई भोलिपल्ट १० बजे उपस्थित हुने गरी व्यक्तिगत हाजिरी जमानीमा छाड्ने गरी आदेश भएको थियो। उक्त आदेशमा निजलाई थुनामा नराखी हाजिरी जमानीमा छाडिएको भन्ने विषयलाई लिएर बारा जिल्ला अदालत बार इकाइबाट यस अदालतको सम्पूर्ण इजलास नै बहिस्कार गर्नेसम्मको निर्णय भएको थियो। यसरी विद्वान्द्वयको भनाइ र विपक्षी प्रतिवादीको बयानअनुरूप केही नै नभएको भए अदालत प्रतिको आस्था र मर्यादालाई अक्षुण्ण राख्न सदा सजग र तत्पर विद्वत वर्गको संस्थाले सोही अदालतको इजलास बहिस्कार गर्ने सम्मको कठोर निर्णय मनोरन्जनका लागि लियो होला

भनी अर्थ गर्न मिल्दैन। यो स्तरको सरोकार हुँदै नभएको घटनाका सन्दर्भमा आएको भन्नसमेत सकिंदैन।

तसर्थ माथि गरिएका विश्लेषणबाट उक्त दिनको व्यवहारलाई सामान्य हो भनी अर्थ गरी अदालतको अवहेलनाजन्य व्यवहार होइन भनी मान्न मिल्ने स्थिति छैन। यस अदालतको मर्यादा र जनआस्थामा समेत प्रभाव पर्ने गरी इजलासबाट भएको फैसलाका सम्बन्धमा इजलास र अदालतलाई अमर्यादित रूपमा लान्छना लगाउने र व्यवहार प्रदर्शन गरी अवहेलनाजन्य कार्य भएको देखीन आयो भने न्यायका याचकहरूको प्रतिनिधित्व गर्ने क्रममा इजलासमा रहनुभएका विद्वान् कानून व्यवसायी उपरसमेत दुर्व्यवहारजन्य कार्य भएको देखीन आयो। माथि उद्धृत गरिएका सम्मानित सर्वोच्च अदालतबाट कायम भएका सिद्धान्त र अवस्थाहरू उल्लेख भएअनुरूप प्रस्तुत मुद्दामा देखीएको अवस्थासँग मेल खाएको देखीएबाट उक्त अवस्था र स्थितिलाई अदालतको अवहेलनाको कार्य गरेको भन्ने देखीन आयो।

अब उक्त वारदातमा विपक्षी प्रतिवादीहरूको संलग्नता छ छैन ? को कसको संलग्नता रहेको छ भन्ने **दोस्रो प्रश्न सम्बन्धमा विचार गर्दा** बार इकाइबाट परेको निवेदनमा प्र नेज्मा आलम, मोविन अख्तर आलम, लालबाबु अन्सारी, देवेन्द्र रजक, यासिन मिया, फिरोज आलम, रेयाजुल हक, अम्बिकालाल साह, मोलाजिम मिया धोबी, जानेसार अख्तर आलम, कलामत मियाँ धोबी,आसिन मियाँ हवारी, रामक्षत्री पटेल, समसेर अंसारी, बादल मियाँ अंसारी, सन्तोष साह कानू, राधेश्याम साह तेली, कलामुदिन अंसारी, गोकुल साहसमेतको नाउँ उल्लेख गरी प्रतिवादी कायम गरिएको देखीन्छ भने यस अदालतका कर्मचारीहरूबाट प्रस्तुत प्रतिवेदनमा नेज्मा आलम, मोविन अख्तर आलम, लालबाबु अन्सारी, देवेन्द्र रजक, जानेसार अख्तर आलमसमेतको नाउँ उल्लेख गरी अन्य नचिनेका व्यक्तिहरू भनी उल्लेख भएको देखीन्छ।

मिति ०७३।१।१५ का दिन भिडबाट भएको व्यवहार निश्चय पनि तत्काल उपस्थित सबैले बुझ्न र महसुस हुन् सक्ने व्यवहार हो तर उक्त भिडमा को कस्को संलग्नता थियो भनी खुट्याउन त्यस्ता व्यक्तिहरूलाई चिन्न सक्नु पर्ने नै हुन्छ। फेरि इजलासमा देखाइएको अमर्यादित व्यवहार र प्रयोग गरिएका शब्दबाट हुने अदालतको अवहेलना फौजदारी प्रकृतिको अवहेलनाको कसुर मान्नु पर्ने हुन्छ। फौजदारी कसुरमा दायित्वशील बनाउन संलग्न व्यक्तिको पहिचान निर्विवादित र निश्चयात्मक रूपले हुनुपर्ने हुन्छ अन्यथा निर्दोष व्यक्तिले सजाय पाउने अवस्था हुन्छ। यो अवस्था अदालतप्रतिको विश्वास र आस्थाका सन्दर्भमा झनै खतरनाक हुनपुग्छ।

प्रतिवादी कायम गरिएका व्यक्तिहरूको यस अदालतसमक्षको बयान हेर्दा प्र नेज्मा आलम, निजका छोरा मोविन अख्तर आलम, निजी अंगरक्षकहरू प्र लालबाबु अन्सारी, देवेन्द्र रजक र प्र यासिन मियामात्र फैसला सुन्न इजलासमा गएको, सवारी चालक प्रतिवादी फिरोज आलम अदालतबाहिरै गाडी कुरेर बसेको भन्ने देखीन्छ भने अन्य सबै प्रतिवादीहरूले वारदातको समयमा अन्यत्र रहेको जिकिर गर्नुभएको देखीन्छ।

निवेदनमा नाम उल्लेख भएका प्रतिवादीहरूमध्ये रेयाजुल हक कतारमा रहेकोमा ०७३।१।२१ गतेमात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंमा ओर्लनुभएको तथ्य निजको

पासपोर्टबाट देखीन्छ। प्र.अम्विकालाल साह रामकुमार महाविरप्रसाद केडिया आँखा अस्पताल वीरगंजमा रहेको तथ्य विद्युतीय उपस्थिति अभिलेखबाट देखीन्छ। प्र.मोलाजिम मिया धोबी हिमालय कत्था उद्योग सिराहामा कार्यरत रहेको तथ्य उक्त उद्योगको अभिलेखबाट देखीन्छ। यसरी प्रतिवादी कायम गरिएकामध्येका यतिजना वारदातको समयमा यस अदालतमा नरही यन्यत्रै रहेको तथ्य वस्तुगत् आधारबाट देखीन आएकोले निवेदनमा विपक्षी कायम गरिएको मात्र आधारमा सबैजना उक्त अवहेलनाको वारदातमा संलग्न रहेको भनी विश्वास गर्न सकिने अवस्था रहेन।

प्रथमतः २०७३।१।१५ का दिन अदालतमा उपस्थित हुनु आफैंमा उक्त वारदातमा संलग्न हुनु हो भन्न मिल्दैन। निवेदनमा उल्लिखित सबै नाउँप्रति विश्वास गर्न सकिने अवस्था नरहेपछि इजलासबाट अनुमानका भरमा सबै वा तीमध्ये कुनैलाई मात्र रोजेर उक्त दुर्व्यवहारजन्य कार्यमा सलग्न भएको भन्न पनि मिलेन। यस अदालतमा बयान गर्ने क्रममा विपक्षी प्रतिवादी नेजमा आलमले "म र मेरो छोरा" इजलासमा गै फैसलाको बारेमा सोधेको तथ्य र ज्यान मार्नेलाई कम सजाय भयो भनी भनेको भन्ने तथ्यसम्म स्वीकार्नुभएकै छ। वारदात माथि नै स्थापित भईसकेको यस अवस्थामा निज नेज्मा आलमको संलग्नता रहेको देखीन आयो।

मिसिलबाट निजको छोराहरूमा मोविन अख्तर आलम र जनसार अख्तर आलमको नाउँ खुल्न आएको देखीन्छ। तर मोविन अख्तर आलमले यस अदालतमा बयान गर्दा आफू उक्त दिन आमासँग इजलासमा फैसला सुन्न उपस्थित रहेको तथ्यमा स्वीकार गर्दै फैसला सम्बन्धमा कुनै प्रतिक्रिया नदिएको भनी लेखाउनुभएको देखीन्छ। तथापि वारदात माथि कायम भईसकेको र निजको समेत उपस्थितिमा वारदात भएको देखिँदा निजको संलग्नता देखीन आयो। जनासर अख्तर आलमले लिनुभएको अन्यत्र रहेको जिकिर (plea of alibi) निजका साक्षीको बकपत्रबाट पुष्टि भएकै छ। प्र.नेज्मा आलमको बयानबाट निज र "छोरा" भएको देखीएकोमा एकजना छोरा मोविन अख्तर आलमको संलग्नता पुष्टि भईसकेको अवस्था हुँदा अन्य आधार प्रमाण विना "छोराहरूको" अर्थ गरी यी जनासर अख्तर आलमलाई समेत संलग्न रहेको भन्न मिलेन।

प्रतिवादीहरू लालबाबु अन्सारी र देवेन्द्र रजक प्र नेज्मा आलमको निजी अंगरक्षक भएको देखिँदा निजहरूको अदालतमा उपस्थिति हुनु वारदातमा संलग्नताको आधार बन्न सक्दैन। राज्यबाट खटाइएका निजहरूको दायित्व नै प्र नेज्मा आलमको व्यक्तिगत् सुरक्षाका लागि निजसाथै रहनु पर्ने हुन्छ। इजलासबाट भएको फैसलाका सम्बन्धमा इजलास र अदालतलाई अमर्यादित लान्छना लगाउने र व्यवहार प्रदर्शन गरी अवहेलनाजन्य कार्यमा निजहरूको प्रत्यक्ष संलग्नता पुष्टि नभएसम्म उपस्थितिकै आधारमा निजहरूले समेत उक्त कसुर गरेको भन्न मिलेन।

प्रतिवादी फिरोज आलम निज प्र.नेज्मा आलमको ड्राइभर भएको देखीन्छ। निजको पनि दायित्व गाडीको सुरक्षा गरी चलाउने नै हुन्छ। निजले यस अदालतका बयान गर्दा आफू अदालतमा उपस्थित भएपनि प्र नेज्मा आलम अदालतभित्र गएपछि आफूले गाडी कुरेर बसेको भनी बयान गरेको देखीन्छ। इजलासभित्र निज उपस्थित भएको र हुनैपर्ने भन्ने मिसिलबाट देखीन पनि आउँदैन। यस

अवस्थामा निजलाई उक्त वारदातमा संलग्न रहेको भन्न मिलेन। यसैगरी अन्य प्रतिवादीहरूले वारदातको समयमा आफू अन्यत्र रहेको भनी लिएको जिकिर निजहरूका साक्षीको बकपत्रबाट पुष्टि भएको देखीन्छ भने स्थापित वारदातमा निजहरूको भूमिका स्थापित हुन् सक्ने अन्य आधार देखीन आउँदैन। यस अवस्थामा वहाँहरूलाई कसुरमा संलग्न रहेको भनी मान्न मिलेन।

तसर्थ यस मुद्दामा माथि विश्लेषण भएअनुरूप मिति २०७३।१।१५ का दिन यस अदालतको १ नं. इजलासबाट नेजमा आलमको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रामचन्द्र प्यासीसमेत भएको कर्तव्य ज्यान मुद्दामा भएको फैसलालाई लिएर विपक्षी नेज्मा आलम, मोविन अख्तर आलमसमेतले इजलास र इजलास बाहिर अमर्यादित रूपमा गाली गलौज र हो हल्ला गरी कुर्सी र झ्याल तोडफोड गर्ने प्रयास गरी, अन्य कार्यका लागि उपस्थित विद्वान् कानून व्यवसायीले सम्झाउन खोज्दा वहाँ उपरसमेत दुर्व्यवहार गरी अदालतको अवहेलना गरेको देखीन आएकोले सो कार्यमा संलग्न रहेको पुष्टि हुन् आएका विपक्षी प्रतिवादी नेज्मा आलम र मोविन अख्तर आलमले न्याय प्रशासन ऐन,२०४८ को दफा १८ को उपदफा (१)बमोजिम यस अदालतको अवहेलना गरेको देखीन आयो।

यसरी यस अदालतको अवहेलना गरेको कसुरमा संलग्न रहेको स्थापित हुन् आएका विपक्षी प्रतिवादीहरू नेज्मा आलम र मोविन अख्तर आलम प्रति के कस्तो व्यवहार हुनुपर्ने हो ? भन्ने **तेस्रो प्रश्न सम्बन्धमा विचार** गर्नुपर्ने हुन् आयो।

न्याय प्रशासन ऐन,२०४८ को दफा १८ को उपदफा (१) मा अदालतको अवहेलना गरेको ठहराएमा अभियुक्तलाई एक हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ भनी हुन् सक्ने सजायको दायरासम्म निर्धारण भएको पाइन्छ। के कस्तो गतिविधिका लागि के कतिसम्म सजाय गर्नुपर्ने हो भनी न्यायिक वा कानूनी मापदण्ड रहेको पाईंदैन। यस अवस्थामा सजाय निर्धारण उक्त परिधिभित्र रही इजलासको विवेकले गर्नुपर्ने देखीन आयो। फैसलाको जानकारी त प्रतिवादी नेज्मा आलमले फाँटबाटै प्राप्त गरिसक्नुभएको तथ्य वहाँको बयानबाट नै देखीन्छ। यसरी जानकारी प्राप्त गरिसकेको विषयमा भिडलाई लिएर इजलासमा प्रवेश गर्नु, इजलासभित्र होहल्ला र अमर्यादित व्यवहार प्रदर्शन गर्नु सभासद्को हैसियतमा रहनुभएका व्यक्तिको लागि शोभनीय हुँदैन।

भएको वारदातका सम्बन्धमा यस अदालतसमक्ष निजले गरेको बयान हेर्दा आफूले प्रदर्शन गरेको व्यवहार प्रति दुःखभाव वा क्षमाभाव व्यक्तसमेत नगर्नुभएको स्थिति छ भने अर्कोतर्फ वारदात पूर्व योजनासहित भएको भन्ने पनि देखिंदैन। सभासदको उम्मेद्वार रहनुभएका आफ्नै पतिको हत्या भएको वारदातसम्बन्धी मुद्दामा प्रतिवादी कायम गरिएकामध्येका रामचन्द्र प्यासीका हकमा फैसलाले तोकेको सजाय कम भयो भनी तत्काल प्रतिक्रिया स्वरूप उक्त वारदात भएको अवस्था देखीन्छ।

तसर्थ उल्लिखित अवस्थाहरूलाई मध्यनजर गर्दा निज प्रतिवादी नेजमा आलम र मोविन अख्तर आलमलाई सोही उपदफाबमोजिम जनही रु.५००।- (पाँच सय रुपैयाँ) का दरले जरिवानाको सजाय गर्दा कानूनको मक्सद पूरा हुने नै देखीएकोले सोहीअनुसार सजाय हुने ठहर्छ र अन्य प्रतिवादीहरू लालबाबु अन्सारी, देवेन्द्र रजक, यासिन मिया, फिरोज आलम, रेयाजुल हक, अम्विकालाल साह, मोलाजिम मिया धोबी, जानेसार अख्तर आलम, कलामत मियाँ धोबी, आसिन मियाँ हवारी, रामक्षत्री

पटेल, समसेर अंसारी, बादल मियाँ अंसारी, सन्तोष साह कानू, राधेश्याम साह तेली, कलामुदिन अंसारी, गोकुल साहले यस मुद्दाबाट सफाइ पाउनेसमेत ठहर्छ।

साथै, कानूनद्वारा निर्धारित हद र फैसलाबाट निर्धारित सजाय यस हैसियतमा रहनुभएका प्रतिवादीहरूका लागि साह्रै हतोत्साही बनाउन सक्ने परिमाणको भएको नभई चेतावनी स्वरूप सांकेतिक दण्डको रूपमा रहेको देखीन आएको र उक्त वारदातपछि यो मुद्दा कारबाहीका क्रममा निजहरूको उपस्थिति, प्रस्तुति र सहभागितासमेतलाई मध्यनजर गर्दा "यस अदालत र इजलासभित्र रहनुभएका विद्वान् कानून व्यवसायीउपर गरेको व्यवहारका सम्बन्धमा दुःख मनाउ गरी लिखित रूपमा क्षमा" याचनाको निवेदन पेस गरेमा इजलासको आदेशबाट उक्त सजाय कार्यान्वयन गर्नु नपर्नेसमेत ठहर्छ। अन्य कुराका हकमा तपसिलमा लेखिएबमोजिम गर्नुः

<u>तपसिल</u>

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम प्रतिवादी नेजमा आलम र मोविन अख्तर आलमलाई जनही रु.५००।- (पाँच सय रुपैयाँ) का दरले जरिवानाको सजाय हुने भई "यस अदालत र इजलासभित्र रहनुभएका विद्वान् कानून व्यवसायी उपर गरेको व्यवहारका सम्बन्धमा दुःख मनाउ गरी लिखत रूपमा क्षमा" याचनाको निवेदन पेस गरेमा इजलासको आदेशबाट उक्त सजाय कार्यान्वयन गर्नु नपर्नेसमेत ठहरेकाले जरिवानाको लगत राखी पुनरावेदनको अवस्था नाघेपछि उल्लेख भएअनुसार सजाय कार्यान्वयन गर्नू.................................................................................................१

यस फैसलामा चित्त नबुझे अदालती बन्दोबस्तको महलको १९३ नं. को म्याद ३५ दिनभित्र श्री पुनरावेदन अदालत, हेटौंडामा पुनरावेदन गर्नु भनी सजाय ठहर भएका प्रतिवादीहरूलाई पुनरावेदनको म्याद दिनू...............................................................................................................२

सरोकारवालाले नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिइ नक्कल दिनू...............................३

फैसलाको विद्युतीय प्रति सफ्टवेअरमा अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू.......................................................................................४

**जिल्ला न्यायाधीश**

**इति संवत् २०७३ साल असार महिना २९ गते रोज ४ शुभम्..................................**

श्री बारा जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री रितेन्द्र थापा

फैसला

मुद्दा नं.०७१-CP-१०१६। ०१५०९

मुद्दाः- अबन्डा जग्गा बन्डा गरी अंश दर्ता गरी चलन चलाइपाउँ मुद्दा।

दायर मिति २०७२।१।०८

निर्णय नं. २०१

**वादीको नाम, थर, वतन**

स्व. नाथु चौधरीको नाति बुहारी स्व. रामशरण चौधरीको छोरा बुहारी शिवचन्द्र चौधरीको जेठी श्रीमती जिल्ला बारा साबिक गाविस पिप्रा सिमरा-७ घर भई हाल जिल्ला बारा गढीमाई न.पा.-७ बस्ने बस्ने वर्ष अं. ६० की शैल कुमारी थरुनी................१

**साक्षी :**

**कागज :**

**प्रतिवादीको नाम, थर, वतन**

रामशरण चौधरीको छोरा जिल्ला बारा गाविस पिप्रा सिमरा-७ हाल गढीमाई न.पा.-४ बस्ने वर्ष ६० को शिवचन्द्र चौधरी............................१

शिवचन्द्र चौधरीको पत्नी ऐ.ऐ. बस्ने वर्ष ४९ की जानकी देवी चौधरी..................................१

**साक्षी :**

**कागज :**

अदालतबाट बुझेक

**साक्षीः-**

**कागजः-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.वं. २९ नं.बमोजिम यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः

**तथ्य खण्ड**

मूल पुरुष स्व. नाथु चौधरीको २ छोराहरूमा जेठा स्व. रामशरण चौधरी र स्व. रामशरण को छोरा शिवचन्द्र चौधरी हो। शिवचन्द्र चौधरीको २ पत्नीमा जेठी म फिरादी शैलकुमारी चौधरी र कान्छी विपक्षी जानकीदेवी चौधरी हुन्। स्व. नाथु चौधरीको आफ्नो कालगतिले धेरै वर्षअघि र ससुरा रामशरण चौधरीको आफ्नो कालगतीले केही वर्ष अघि स्वर्गवास भएको छ। जिल्ला बारा साबिक पिप्रा सिमरा-४ को कि.नं. २१ को ज.वि. २-१५-१० को मोही मेरो बाजे ससुरा स्व. नाथु चौधरी हुनु भई सो जग्गामा मेरो हक हुने भई सो जग्गामध्ये मोही हकबापत कित्ता काट भई कि.नं. ४६२ विपक्षी जानकीदेवी चौधरीको नाममा आएकोले सो जग्गामा मेरो अंशहक भएको हुँदा सो कि.नं. ४६२ को अंश हुन् बाँकी रहेको मोल रु. ८,००,०००।- पर्ने ज.वि. १-०-० को २ भाग गरी

उत्तरतर्फबाट १ भाग मेरो अंश हक कायम गरी मलाई दिलाई मेरो नाममा दाखेलसमेत गरी चलनसमेत चलाईपाउँ तथा मुद्दा गर्दा लागेको कोर्ट फीसमेत विपक्षीबाट दिलाई भराइपाउँ भन्नेसमेत बेहोराको फिरादपत्र।

हाम्रो पुस्तावली मूल पुरुष नाथु चौधरीका २ छोरामा जेठो रामशरण चौधरी र कान्छो देवशरण चौधरी हुन् भने देवशरण चौधरीको पत्नी भोजनी थरुनी हुन् भने रामशरण चौधरीको एक मात्र छोरा शिव चन्द्र चौधरी हुन्। निज शिवचन्द्र चौधरीको २ पत्नीमा जेठी विपक्षी शैल कुमारी थरुनी निसन्तान रहेको र कान्छी पत्नी म प्रतिवादी जानकीदेवी चौधरीको कोखबाट ४ छोरी र २ छोराको जायजन्म भएकामा विवाहित छोरा मोनाकुमारी र बाँकी छोरीहरूमा क्रमशः पासपति कुमारी रम्भा कुमारी पार्भा कुमारी तथा २ छोराहरूमा क्रमशः परण चौधरी र अर्जुन चौधरी हुन्। नाथु चौधरी र रामशरण चौधरी तथा निजहरूको पत्नी परलोक भईसकेको छ। विपक्षी ०५४ सालमै कानूनबमोजिम आफ्नो अंश लिई भिन्न भैसकेकोले दाबीको जग्गा म जानकी चौधरीको दाताले मोही पत्याएर दिएको होस चाहे राजीनामा गरेको दिएको होस जुनसुकै तरिकाबाट आएको भए पनि सो जग्गामा विपक्षीको हक हुँदैन भन्ने कुरा पटकपटकको फैसलाले प्रस्ट गरिसकेको हुँदा वादी दाबी खारेज भागी छ। विपक्षी हाम्रो सगोलको हुँदै होइन तापनि यदि विपक्षी सगोलको अंशियार भएको भए २ भागको १ भाग मा फेरि ८ भाग लगाई सो ८ भागको १२ भाग मात्रध विपक्षीले दाबी लिनु पर्ने ठाउँमा अंशियारलाई लोप गरी पटक पटक अदालतबाट विपक्षीको अंश हक नहुने ठहराई भएको फैसलालाई विपक्षीले स्वीकार गरी बसको भएपनि सो सबै फैसलालाई फिरादमा नदेखाई अदालतलाई ढाँटी गुमराहमा पारी दिएको विपक्षीको झुठो फिराद खारेज भागी छ भन्नेसमेत बेहोराको प्रतिवादीहरूको एउटै बेहोराको एउटै प्रतिउत्तरपत्र।

## अदालतको ठहर

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन् आएको मिसिल संलग्न कागजातहरू अध्ययन गरी हेर्दा अंग पुगी मुद्दा फैसला गरिदिएँ हुने देखीयो। वादीतर्फबाट रहनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री रामारानी श्रेष्ठले कि नं. ४६२ को जग्गा मोही नामसारी भईआएको जग्गा होइन। भूमिसम्बन्धी ऐनमा भएको चौथो संशोधनले मोहीलाई सहस्वामीको रूपमा मानेकोले १६३८ को अंश मुद्दा दिनुअगावै उक्त सशोधन भएको हुँदा उक्त जग्गामा वादीको समेत अंश हक हुने अवस्था हो। अंशबन्डाको महलको ३३ नं. ले समेत वादीको अंशहक लाग्छ। राजीनामा देखाइए पनि मोहीबापतको जग्गा हो वादी दाबीबमोजिम गरिपाउँ भनी बहस गर्नुभयो।

प्रतिवादीतर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री देवबहादुर चौधरीले वादीले ०५५ सालमा अंश मुद्दा दायर गरी छुट्टीभिन्न भैसकेको र पुन ०५७ सालमा अंश दपोट मुद्दा दायर गरी सो मुद्दामा समेत फैसला भैसकेको हुँदा पटक पटक अंशकै आधारमा नालिस गर्न पाउने होइन। अंश मुद्दामा ०५४ सालमै मानो छुट्टिसकेपछि ०६२।२।११ मा तोरणदेवीले राजीनामा गरिदिएको सम्पत्तिमा यी वादीको अंश हक हुनै सक्दैन। उक्त लिखत उपर यिनै वादीले दायर गरेको राजिष्ट्रेशन बदर र र जालसाजी मुद्दा खारेज भैसकेको हुँदा यो मुद्दामा प्रागंन्यायको सिद्दान्त लागू हुन्छ। एकासगोलमा

नरहेको हुँदा हकाधिकार विहीन वादीको फिरादको आधारमा चलेको यो मुद्दा खारेज गरिपाउँ भनी बहस गर्नुभयो।

फिराद बेहोरा, प्रतिउत्तर जिकिर तथा विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसमेतलाई मध्यनजर गर्दा यस मुद्दामा वादी दाबी पुग्ने नपुग्ने के हो भनी निर्णय गर्नुपर्ने देखीन आएको छ। उक्त मूल ठहर गर्नुपर्ने कुराको निर्णय गर्नुअघि निम्न प्रश्नको निरूपण हुन् आवश्यक देखीयो :

१. यस मुद्दामा प्रतिवादी पक्षको जिकिरअनुरूप अ वं ८५ नं.बमोजिम प्राङ्न्यायको सिद्दान्त लागू हुने हो होइन ?
२. विवादित कि नं. ४६२ को जग्गा अबन्डा जग्गा हो होइन ?
३. सो जग्गामा वादीको अंश हक छ छैन? भए के कति रहेको छ ?

सर्वप्रथम पहिलो प्रश्न सम्बन्धमा विचार गर्दा अदालती बन्दोबस्तको महलको ८५ नं. मा "अड्डामा मुद्दा परी फैसला भएपछि सो फैसलाउपर ऐनबमोजिमको पुनरावेदन नभई सोही मुद्दामा उसै झगडियाका नाउँको फिरादपत्र लिई सुन्न हुँदैन। लिएको भएपनि खारिज गरिदिनुपर्छ। " भन्ने व्यवस्था भएको पाइन्छ। यस प्रावधानको व्याख्या गर्दै सम्मानित सर्वोच्च अदालतबाट बालकृष्ण के. सी. समेत विरुद्द जिल्ला प्रहरी कार्यालय, दैलेखसमेत भएको उत्प्रेषण मुद्दामा "प्राङन्यायको सिद्धान्त प्रयोग हुन् मुद्दाको पक्षहरू एकै हुनुपर्ने, मुद्दाको विषयवस्तु र प्रकृति एउटै हुनुपर्ने र सक्षम अदालतबाट विधिपूर्वक सुनुवाई भई अन्तिम निर्णय भएको हुनुपर्दछ" भनी (**नेकाप २०६७ नि नं. ८४५९ पृ १८४**) तथा निम्न अवस्थाको विद्यमानतामा यो सिद्दान्त लागू हुने भनी विष्णुदेव राउत कुर्मी विरुद्द गुठी संस्थान शाखा कार्यालय जनकपुर भएको मोही कायम मुद्दामा (**नेकाप २०६७ नि नं. ८३०६ पृ १३२**) सिद्दन्त प्रतिपादन भएको देखीन्छः

१. पहिले दायर भएको र पछि दिइएको मुद्दामा दाबीको विषय समान हुनुपर्ने,
२. पहिले दायर भएको र पछि दिइएको मुद्दामा मुद्दा गर्नुपर्ने कारण र मागिएको उपचार समान हुनुपर्ने,
३. पहिले दायर भएको र पछि दिइएको मुद्दामा मुद्दाका पक्षहरूको अवस्था र हैसियत समान हुनुपर्ने,
४. पहिलेको कारबाहीमा दाबी गरिएको विषयमा अन्तिम निर्णय भएको हुनुपर्ने,
५. त्यस्तो निर्णय कानूनबमोजिम सक्षम निकाय। अदालतबाट भएको हुनुपर्ने,
६. पहिलेको मुद्दाको काम कारबाहीमा पक्षको तर्फबाट उचित प्रतिनिधित्व भएको हुनुपर्ने,
७. पहिले दायर भएको मुद्दामा सम्बन्धित पक्षले सुनुवाइको पर्याप्त र उचित अवसर पाएको हुनुपर्ने।

उल्लिखित कानूनी व्यवस्था र सिद्दान्तलाई यस मुद्दाको तथ्यसम्बन्धमा हेर्नुपर्ने हुन् आयो। यस मुद्दामा प्रतिवादीले निम्न तथ्यका आधारमा यो जिकिर लिनुभएको देखीयो :

- यी शैलकुमारीले २०५४ सालमा दायर गर्नुभएको सा दे नं. १६८३ को अंश दर्ता मुद्दामा २०५५।९।२६ मा भएको फैसलाबाट वादीले अंश पाइसकेको।
- वादीले नै प्रतिवादीसमेत उपर २०५७ सालमा दायर गर्नुभएको सा दे नं. १३०९ को अंश दपोट मुद्दामा मिति ०५८।४।२५ मा भएको फैसलाबाट अंश पाइसकेको
- यसै विवादित कि नं. ४६२ को जग्गासम्बन्धमा उक्त जग्गा तोरणदेवी शर्माबाट र नं. ९४८२ मिति ०६२।२।११ को लिखतबाट पाएकोमा २०६६ सालमा सा दे नं. ११९९ को रजिस्ट्रेसन बदर दर्ता मुद्दा तथा दु फौ नं. २१२ को जालसाजी मुद्दा यिनै वादीले दायर गरेकामा दुवै मुद्दाहरू खारेज हुने गरी यस अदालतबाट मिति २०६७।७।१० मा फैसला भएको र सो फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति ०६८।३।१५ मा सदर भएको।
- यही कि नं. ४६२ को जग्गा प्रतिवादीको नाउँमा आएपछि कि नं. २१ को मोही लगत कट्टा गर्ने गरी ०६३।११।९ मा भूमिसुधार कार्यालय बाराबाट निर्णय भएकामा सो निर्णय बदर गरिपाउँ भनी यिनै वादीले सोही कार्यालयमा दायर गर्नुभएको निर्णय बदर मुद्दामा वादी दाबी नपुग्ने गरी मिति ०७०। ३।११ मा भएको निर्णय पुनरावेदन अदालत, हेटौंडाबाट ०७०। ११।२८ मा सदर भएको।

उल्लिखित सा दे नं. १६८३ को अंश दर्ता मुद्दा र सा दे नं. १३०९ को अंश दपोट मुद्दामा भएको फैसलाबाट यस मुद्दामा विवादित कि नं. ४६२ वा सोको मूल कित्ता कि नं. २१ को जग्गासम्बन्धमा बोलिएको अवस्था छैन। ती मुद्दाहरू उक्त कित्ता जग्गाहरू सम्बन्धमा भएको पनि देखिंदैन।

यसै गरी २०६६ सालको सा दे नं. ११९९ को रजिस्ट्रेसन बदर दर्ता मुद्दा तथा दु फौ नं. २१२ को जालसाजी मुद्दामा यस मुद्दाका सबै प्रतिवादीहरू समावेश भएको नभई दाता र प्राप्तकर्ता जानकीदेवी मात्र प्रतिवादी रहेको देखीन्छ भने मुद्दा रजिस्ट्रेसन भएको लिखत बदर गरिपाउँ भनी परेको देखीन्छ। उक्त मुद्दामा यस अदालतबाट भएको फैसला हेर्दा विवादित जग्गामा वादीको मोहियानी हक नभएको, जग्गा धनीले वादीलाई मोही नपत्याएको र प्रतिवादी जानकीदेवीले मोही बापत पाएको, मोहीबापत पाएको जग्गामा पैतृकसरह बन्डा नलाग्ने भन्ने आधारमा नै निर्णय भई फैसला भएको देखीन्छ।

भूमि सुधार कार्यालय बाराबाट मिति ०७०। ३।११ मा भएको निर्णय तथा पुनरावेदन अदालत, हेटौंडाबाट ०७०। ११।२८ मा सदर भएको निर्णय बदर मुद्दामा समेत आफ्नोसमेत मोही रहेको जग्गाको मोही लगत कट्टा गरिएको र उक्त निर्णयले मोही हक नै गुमेको भन्ने आधारमा नै फिराद दायर भएको अवस्था देखीन्छ। सम्मानित पुनरावेदन अदालतबाट पनि भूमिसम्बन्धी ऐनको दफा २६(१)अनुरूप मोही पत्याएको अर्थात् मोही नामसारीको विषयमा विवेचना भई फैसला भएको देखीन्छ। यस आधारलाई नै प्रष्ट्याउन पुनः "यी वादी एकासगोलमा रहेको भन्ने र स्व. मोहीको मृत्युपश्चात् जग्गा धनीले यी वादीलाई मोही पत्याएको वा मोही मानी आएको लिखत प्रमाण वादीले

पेस गर्न नसक्नु भएको" भनी विश्लेषण गरिएको छ। जालसाजी मुद्दामा पनि सोही आधारमा जालसाजी नठहर्ने निर्णय भएको छ।

वस्तुतः उक्त मुद्दामा मोही हककै आधारमा दाबी गरिएको देखीन्छ। तर यस मुद्दामा मोही हकबापत नभई अंश हकबापत दाबी लिइएको देखीन्छ। अंश हककै जरियाबाट उक्त जग्गा बन्डा नगरिएको अबन्डा जग्गा हुँदा आफ्नो भाग सम्बन्धमा दाबी लिइएको देखीन्छ। यस मुद्दामा निर्णयको विषय पनि विवादित जग्गामा वादीको मोही हक रहे नरहेको विषयमा हेर्नु पर्ने नभई उक्त जग्गा अबन्डा जग्गा हो होइन र वादीको अंश हक रहे नरहेको के कति रहेको भनी हेर्नुपर्ने हुँदा उल्लिखित मुद्दाको निर्णयको विषयवस्तु र यस मुद्दाको निर्णय गर्नुपर्ने विषयवस्तु एकै रहेको भन्न मिल्ने अवस्था देखीएन। यसर्थ प्रस्तुत फिरादलाई ८५ नं.अनुरूपको प्राङन्यायको सिद्दान्त विपरीत आएको भन्न मिलेन।

अब यो जग्गा अबन्डा जग्गा हो, होइन भन्ने दोस्रो प्रश्नतर्फ हेर्दा यी वादीले मिति ०५४।७।७ मा रामशारण चौधरीसमेतका विरुद्ध दायर गर्नुभएको ०५४ को दे.नं. १६८३ को अंशबन्डा मुद्दा मिति ०५५।९।२६ मा फैसला भई ०६२।४।६ मा अंश छुट्याई लिएको तथ्य फिराद बेहोराबाट देखीन्छ। प्रतिउत्तरबाट यस तथ्यमा विवाद देखिँदैन। यसपछि कि.नं. २२,८३, २१ र ८४ को घर जग्गाका सम्बन्धमा यिनै वादीले अंश दपोट मुद्दा दायर गर्नु भई उक्त मुद्दासमेत पुनरावेदन अदालतसमेतबाट फैसला भई अन्तिम भएको छ। तर दुवै मुद्दामा यो कि.नं. ४६२ को माउ कित्तासम्बन्धमा बोलिएको नहुँदा बन्डा हुन् बाँकी रहेको भन्ने देखीन्छ। यसै प्रसँगमा उक्त कित्ता अंश बन्डा हुने समपत्ति हो वा होइन भन्ने प्रश्नको समेत विचार गर्नुपर्ने हुन् आउँछ।

यी वादीले पहिलो अंश मुद्दा ०५४।७।७ मा दायर गर्नुभएको तथ्यमा रसो समयसम्म विवादित जग्गाको माउ कि.नं. २१ को जग्गाको जग्गा धनी तोरणदेवी शर्मा एवम् मोहीमा मूल पुर्खा नाथु चौधरी रहेको तथ्यमा विवाद देखिँदैन। उक्त जग्गा र.नं. ९४८२ मिति ०६२।२।११बाट जग्गा धनीले प्रतिवादीमध्येका जानकी देबीका नाउँमा राजीनामा पारित गिरिदिएको देखीन्छ। तर लिखतमै "मोहीहकबापत" भनी उल्लेख भएको हुँदा जग्गा धनी हकबापत दिएको अर्थ गर्न मिलेन। बाबुको नाउँमा रहेको मोही हक नै राजीनामाको लिखत प्रयोग गरी हस्तान्तरण गरेर कि.नं. २१ को बाँकी जग्गा आफ्नो एकलौटीसम्म गरेको अवस्था हो।

भूमिसम्बन्धी ऐन, २०२१ मा ०५३।९।२४ मा चौथो संशोधन गरी तोकिएको अधिकारीले मोही लागेको जग्गा जग्गावाला र मोहीलाई बाँडफाँड गर्न सक्ने, बाँडफाडको लागि जग्गावाला र मोहीले आपसी सहमतिमा वा कुनै एक पक्षले मात्र निवेदन दिएमा बाँडफाँड गर्न सक्ने, साथै तोकिएका अवस्थामा जग्गावाला वा मोहीमध्ये कुनै एकजनाको नाउँमा जग्गा कायम गर्ने गरी तोकिएको अधिकारीले निर्णय गर्न सक्ने गरी दफा २६ख, २६ग, २६घ, २६ड० थप गरिएको देखीन्छ। अर्थात् उक्त मितिपश्चात् मोही हकर जग्गा धनीको हक भनी रहेको द्वैध स्वामित्व अन्त्य गरेर मोही हकलाई आधाको हदमा जग्गा धनीमा परिवर्तन गरिदिएको अवस्था हो। यसरी ०५३।९।२४ मै मूल पुर्खा

नाथुको नाउँमा रहेको मोही हक जग्गा धनीमा रुपान्तरण भैसकेको हुँदा मूल पुर्खाको नाउँमा जुनसुकै स्रोतबाट आएको समपत्ति पनि तल्लो तहको अंशियारको हकमा पैतृक नै हुने हुँदा यस नातामा वादीको अंश हक नरहेको भन्ने माथि उल्लिखित कुनै पनि फैसलाले नबोलेको अवस्थामा मिलेन। निजको समेत अंश हक रहेकै देखीयो।

जहाँसम्म प्रतिवादी पक्षले वादीले अंश लिई भिन्न भैसकेको भनी जिकिर गर्नुभएको छ, सोतर्फ विचार गर्दा माथि विश्लेषण भएबमोजिम उक्त कि.नं. २१ को आधीको हदमा अबन्डा पैतृक ठहरिसकेको अवस्था एकातर्फ छ भने यसै सन्दर्भमा अंशबन्डाको महलको ३३ नं. लाई पनि विचार गर्नुपर्ने हुन्छ।

उक्त ३३ नं. मा एकाघरसँग छँदा बाँड्नु पर्ने साझा जग्गा जमिन घर खेत गैह्र ... नेपाल सरकारबाहेक अरूले खाई राखेकोमा कुनै अंशियारले फिर्ता गराई ल्याएको पनि माथि लेखिएबमोजिम अर्थात् लिखत भएकामा लिखतबमोजिम र नभएकामा सबै अंशियारले बाँडी खान पाउँछ भन्ने व्यवस्था भएको देखीन्छ। यी वादी पहिलो अंश मुद्दाबाट भिन्न हुँदाका बखत मूल पुर्खा मोही नाथु चौधरीकै नाउँमा मोही हक कायम रहेको जग्गा हुँदा बन्डा लाग्न सक्ने अवस्थामा रहेको देखिंदैन। तर उक्त अंश मुद्दाको टुङ्गो लाग्दाका अवस्थामा मोहीको मृत्यु भई प्रतिवादी जानकी चौधरीका नाउँमा मोही हकबापत हस्तान्तरण भएको अवस्थामा सबै अंशियारले बाँडी खान नपाउने भन्न मिलेन।

यसै सन्दर्भमा रामगोपाल चमार विरुद्ध कलावती चमार भएको अंश मुद्दामा (ने.का.प. २०६९ नि.नं. ८७८७ पृ २१२) "आफ्नै पालामा मोहियानी प्राप्त गरेको मोहीको नाताले आफूमा स्वामित्व आएको अवस्था र बाबु बाजेसमेतका पूर्वजको मोहियानी निजको मृत्युपछि जग्गाधनीले रोजिदिएका कारणले सरिआएको अवस्थालाई समान मान्न मिल्दैन। जग्गाधनीले रोजिदिएको वा छोडपत्रसमेत गरिदिएको कारणले मात्र कुनै मोहियानीको सम्पत्ति अंशबन्डाको १८ नं. को प्रयोजनका लागि निजी श्रम, सीप र प्रयासको आर्जन मान्न मिल्दैन। मोहियानी छोडपत्र वा जग्गाधनी र मोहीबीचको बाँडफाँडका माध्यमले कसैलाई प्राप्त हुन्छ भने त्यो उसको निजी श्रम, सीप र प्रयासको आर्जन मानी सो जग्गामा समान रूपले खेती गर्ने अन्य अंशियारलाई बन्डा नहुने मान्न अंशबन्डाको १८ नं. भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) र २६ (१) को परिप्रेक्ष्यमा न्यायसँगत हुँदैन" भनी व्याख्या भएको देखीन्छ।

अतः यस मुद्दामा जग्गा धनी र मोही परिवारबीच मोही लगत कट्टासमेत भई बनेको कि.नं. ४६२ को जग्गामा वादीको समेत अंशहक रहेको देखीन आयो। के कति हदसम्म वादीको अंश हक रहेको छ भन्ने प्रश्नतर्फ हेर्दा फिराद पत्रमा २ भागबाट १ भाग आफ्नो अंश हक रहेको भनी दाबी लिइएको देखीन्छ भने प्रतिउत्तर पत्रमा मूल पुरुष स्व नाथुको दुई छोरा स्व रामशरण र देवशरण भएको देवशरणको पत्नी भोजनी थरुनी भएको रामशरणको १ छोरा शिवचन्द्र चौधरी भई निजको दुई पत्नीमा जेठी यी वादी शैलकुमारी र कान्छी प्र जानकीदेवी भएको। जानकीदेवीबाट जन्मेका ४ छोरीमा जेठी मीना कुमारी विवाहित रहेकोमा अन्य ३ छोरी र दुई छोरा रहेको बेहोराको पुस्तेवारी खुलाइएको पाइन्छ। यसरी रामशरणको हाँगामा अब जम्मा ८ जना अंशियार रहेको देखीन आउँछ।

यससम्बन्धमा यस अदालतको आदेशानुसार वादीले मिति ०७२।१।२३ मा कागज गर्दा प्रतिउत्तर पत्रमा उल्लिखित उक्त पुस्तेवारीलाई स्वीकार गर्नुभएको देखीन्छ।

तसर्थ प्रस्तुत मुद्दामा माथि विवेचना भएबमोजिम विवादित कि.नं. ४६२ को १-०-० जग्गा बन्डा हुन् नसकेको अबन्डा जग्गा देखीन आएको हुँदा अंशबन्डाको महलको २८ नं.अनुरूप नरम गरम मिलाई नाथुको दुई छोराहरूको २ भाग लगाई रामशरणको हाँगामा जीवित अंशियार ८ जना देखीएकाले १ भागबाट ८ भाग लगाई सोमध्ये १ भाग वादीको अंशहकबापत छुट्याई निजको नाउँमा दर्ता हुने र चलन चलाई पाउनेसमेत ठहर्छ। सो ठहर्नाले अरूमा तपसिलबमोजिम हुने गरी प्रस्तुत मुद्दा अ.बं.१८६ नं.बमोजिम फैसला गरिदिएँ।

<u>तपसिल</u>

माथि इन्साफ खण्डमा लेखिएबमोजिम विवादित कि.नं. ४६२ को १-०-० जग्गा अबन्डा जग्गा हुँदा २ भागको १ भागबाट८ भाग लगाई सोमध्ये १ भाग वादीले अंश हकबापत छुट्याई निजको नाउँमा दर्ता हुने र चलन चलाई पाउने ठहरी फैसला भएकाले दण्ड सजायको महलको ४६ नं. को म्यादभित्र बन्डा छुट्टयाइपाउँ भनी वादीले दर्खास्त दिएमा ठहेरबमोजिम बन्डा छुट्टयाई दा खा पुर्जी गरी चलन चलाई लिनू.............................................................................................................१

वादीले फिरादसाथ राखेको कोर्ट फी रु. ७९७०।- मध्ये दाबी पुग्ने २ भागको १ भागबाट ८ भागको १ भागअनुसारको रु.९९६। २५।- कोर्ट फी वादीले भरिपाउने हुँदा कोर्टफी ऐनका म्यादभित्र प्रतिवादीको यसै सरहद जेथा देखाई भाराइपाउँ भनी वादीले दर्खास्त दिएँ कुनै दस्तूर नलिई उक्त कोर्ट फी वादीलाई प्रतिवादीबाट भराइदिनु ..................................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत, हेटौंडामा पुनरावेदन गर्नु भनी वादी प्रतिवादीको नाममा पुनरावेदनको म्याद जारी गर्नु..............................................................३

सरोकारवालाले नक्कल मागन आए नियमानुसार नक्कल दिनु..............................................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु.........५

**जिल्ला न्यायाधीश**

यो फैसला कम्प्युटर गर्ने,
ना.सु. कुशल सुबेदी
फाँट नं.२

**इति संवत् २०७३ साल जेठ २० गते रोज ५ शुभम्..............................**

श्री सर्लाही जिल्ला अदालत

इजलास

मानननीय जिल्ला न्यायाधीश श्री वासुदेव न्यौपाने

**फैसला**

संवत् २०७१ सालको दे.नं.१८९६

मुद्दा नं. 071-CP-1621। 38-071-2422

मुद्दाः- हालैदेखीको बकसपत्र लिखत दर्ता बदर दर्ता

निर्णय नं.-८५

**वादीको नाम थर,वतन**

सर्लाही जिल्ला धनकौल गा.वि.स.वडा नं. ५ बस्ने रंगीलाल रायको छोरा वर्ष ४५ को कमलेश्वर राय यादव...........................१

ऐ. ऐ. बस्ने रंगीलाल रायको छोरा वर्ष ६१ को अवधेश राय यादव .......................१

**ऐ.को सबुत प्रमाण**

साक्षी......

कागज....

**प्रतिवादीको नाम थर,वतन**

सर्लाही जिल्ला धनकौल गा.वि.स. वडा नं. ५ बस्ने स्व. रंगीलाल रायकी श्रीमती वर्ष ७३ कि इसरदेवी.....................................................१

ऐ. ऐ. बस्ने स्व. रंगीलाल रायकी छोरा बुहारी तथा उपेन्द्र रायकी श्रीमती वर्ष ३६ की कैलासकुमारी देवी.........................................................१

**ऐ.को सबुत प्रमाण**

साक्षी......

कागज....

अदालतबाट बुझेको

साक्षी

कागजः हालैदेखीको बकसपत्रको प्रमाणित प्रतिलिपि

मालपोत कार्यलयबाट झिकाई बुझिएको।

दायरी मितिः २०७१।१२।१९

न्याय प्रशासन ऐन,२०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं.बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

१. मूलपूरुष स्व. विलट रायको ३ छोराहरू क्रमश स्व. रंगीलाल राय-१ स्व. रामप्रसाद राय-१ स्व. बौएजी राय हुन्। स्व. रंगीलाल रायको श्रीमती विपक्षी इसरदेवी हुन्। निजहरूका हामी अवधेश राय, कमलेश्वर राय तथा उपेन्द्र राय छोराहरू छौ। हामीहरूको बीचमा अंशबन्डा

भइसकेको छ। विपक्षी इसरदेवीले अंश हकबापत कि नं. ५९९ र कि नं. ७५६ को जग्गा प्राप्त गरेकी छन्। सो जग्गा निजले आफ्नो जीवनकालसम्म भोग चलन गर्न पाउने र निजको मृत्युपछि हामी छोराहरूको हक सुरक्षित रहेको कुरामा कुनै विवाद छैन। विपक्षी आमा इसरदेवीले आफ्नो नाउँमा दर्ता रहेको उक्त कि नं. ५९९ र ७५६ का जग्गाहरू हामी छोराहरूलाई कुनै प्रकारको थाहा जानकारी नदिई गुपचुप तरिकाबाट अर्को छोरा उपेन्द्र रायसँग मिलेमतो गरी उपेन्द्र रायको श्रीमती प्रतिवादी कैलास कुमारी देवीलाई र नं. ८५७७ (क) द्वारा मिति २०७१।१०।२९ का दिन हालैदेखीको बकसपत्र लिखत पास गरी गराई दिएको कुरा गाउँ घरमा व्यापकरूपमा प्रसार प्रसार भई वास्तविक कुरा के रहेछ भनी पत्ता लगाउन मालपोत कार्यालयमा गई नक्कल सारी लिदा सो कुरा यकिनरूपमा थाहा भयो। विधवाले आफ्नो अंश भागको अचल सम्पत्तिमध्ये आधामा उमेर पुगेका हामी तीनै जना छोराहरूको मन्जुरी लिनु पर्नेमा हामी वादी छोराहरूको मन्जुरी स्वीकृति नलिई हालैदेखीको बकसपत्र लिखत पारित गरी गराई दर्ता गराएको कार्य स्त्री अंश धनको महलबमोजिम र सम्मानित सर्वोच्च अदालतबाट ने.का.प.२०५२ नि.नं. ५०३५ मा प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल भई अन्यायमा परी यो फिरादपत्र दायर गर्न आएको छौं। अतः विपक्षी आमाले अंश बापत प्राप्त गरेका ती कि नं. ५९९ र ७५६ का जग्गामा हाम्रो पनि हक निहित रहेकोले विपक्षीलाई झिकाई हालैदेखीको बकसपत्र गरिदिएको उक्त जग्गामध्ये ४ भागको २ भाग पश्चिमतर्फबाट बदर गरी हाम्रो संयुक्त नाउँमा दर्ता गरिपाउँ भन्नेसमेत बेहोराको फिराद पत्र।

२. विपक्षी वादीले झुक्याई खारेज भइसकेको ऐन कानूनको आधार लिई यो झुट्ठा मुद्दा दर्ता गराउनुभएको छ। स्वयं वादीले जुन स्त्री अंशधनको १।२।८ नं. को आधार लिनुभएको छ सोअनुसार विपक्षी वादीको फिरादपत्र स्वतःखारेज हुनुपर्ने हो। स्त्री अंश धनको २ नं. मा २०६३।७।१७ मा व्यापक संशोधन भएको छ। उक्त २ नं.अनुसार भिन्न भएको कन्या, सधवा विधवाले आफ्नो अंश हकको चल अचल सम्पत्ति आफू खुसी गर्न पाउँछन् भन्ने व्यवस्था गरिएको छ। वादीले २०६३।७।१७ गते कानून संशोधन भएको कुरालाई ढाकछोप गर्नुभएको छ। २०६३।७।१७ गतेभन्दा पहिलेको ऐन कानूनमा स्त्रीलाई आर्थिक आधारमा कुण्ठीत गरिएको थियो तर २०६३।७।१७ गते पश्चात् स्त्रीले आफ्नो अंशहक सेवा गर्नेलाई मेवा दिन सकिने अधिकार पुरुषसरह दिएको छ। म इसरदेवी जीवितै छु। मेरो अंश हक मैले आवश्यकतानुसार बिक्री हक हस्तान्तरण गर्न पाउँछु। वादीले उल्लेख गरेको दानबकसको १ नं.अनुसार पनि आफ्नो हकको सम्पत्ति दान वा बकस गर्न हुन्छ भन्ने व्यवस्था छ। अतएव वादीको फिराद बदनियतपूर्ण हुँदा खारेज गरी फुर्सत पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरूको संयुक्त प्रतिउत्तर पत्र।

३. यस अदालतको आदेशानुसार २०७१।१०।२९ को हालैदेखीको बकसपत्रको लिखतको प्रमाणित प्रतिलिपि मालपोत कार्यालयबाट प्राप्त भई मिसिल सामेल रहेको।

**ठहर खण्ड**

४. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी आज पेस हुन् आएको प्रस्तुत मुद्दा बुझिएसम्मका प्रमाणको मूल्याङ्कन गरी किनारा गरिदिएँ हुने भई वादी कमलेश्वर राय यादवको वारेससमेत रही आफ्नो हकमा समेत फिराद दिने वादी अवधेश राय र प्रतिवादीका वारेस राधवेन्द्रप्रसाद सिंहलाई रोहवरमा राखी छलफल गरी मिसिल अध्ययन गरी हेर्दा यसमा फिराद दाबीअनुसार मिति २०७१।१०।२९ को हालैदेखीको बकसपत्र र त्यसरी बकसपत्र गरिदिएको जग्गामध्ये ४ भागको २ भाग बदर भई वादीहरूको संयुक्त नाउँमा दर्ता हुने हो होइन ? भन्ने विषयमा निर्णय दिनु पर्ने देखीयो।

५. निर्णयतर्फ विचार गर्दा **वादीले मूलतः आमा** इसरदेवीले अंश हकबापत प्राप्त गरेको कि नं. ५९९ र कि नं. ७५६ का जग्गा हामी छोराहरूलाई कुनै प्रकारको थाहा जानकारी नदिई गुपचुप तरिकाबाट कैलास कुमारी देवीलाई मिति २०७१।१०।२९ मा हालैदेखीको बकसपत्र लिखत पास गरिदिएकाले ४ भागको २ भाग सो लिखत बदर गरिपाउँन माग गरेको पाइन्छ। **प्रतिवादीले प्रतिउत्तर दिदा आमाले आफ्नो खुस गर्न पाउने अंशबापत पाएको जग्गा बकसपत्र दिएकाले त्यस्तो बकसपत्र बदर हुने अवस्था नहुँदा फिराद दाबी खारेज हुनुपर्छ भनी जिकिर लिएको देखीन्छ। वादी प्रतिवादीको नाता पुस्ता के रहेछ भनी हेर्दा वादीले फिराद दिदा** मूलपूरुष स्व. विलट रायको ३ छोराहरू क्रमश स्व. रंगीलाल राय-१ स्व. रामप्रसाद राय-१ स्व. बौएजी राय हुन् भनेका छन्। प्रतिवादीले प्रतिउत्तर साथ पेस गरेको मिलापत्रको प्रतिलिपि अध्ययन गर्दा स्व. रंगीलाल रायको २ श्रीमतीहरू क्रमशः स्व रिझोदेवी र इसरदेवी रहेको र निज रिझोदेवीको तर्फबाट अवधेश राय र इसरदेवीको तर्फबाट कमलेश्वर राय तथा उपेन्द्र राय रहेको पाइन्छ। वादीले फिरादमा रिझोदेवीलाई देखाएका छैनन्। उपेन्द्र रायको श्रीमती कैलास कुमारी देवी हुन्। मिसिल सामेल रहेको मिलापत्रको प्रतिलिपिबाट आमा इसरदेवी र छोराहरू अवधेश राय, कमलेश्वर राय तथा उपेन्द्र रायबीच मिति २०६०। १२।२५ मा यस अदालतबाट मिलापत्र भई आ आफ्नो अंश लिएको देखीन्छ।

६. आमा इसरदेवी र छोराहरू अवधेश राय, कमलेश्वर राय तथा उपेन्द्र रायबीच अंशबन्डा भइसकेको कुरामा वादी प्रतिवादीबीच मुख मिलेको छ। आमा इसरदेवीले अंश हकबापत प्राप्त गरेको जग्गा निजले आफ्नो जीवनकालसम्म मात्र भोग चलन गर्न पाउने र निजको मृत्युपछि हामी छोराहरूको हक सुरक्षित रहेकोमा हामी छोराहरूको मन्जुरी नलिई गुपचुप तरिकाबाट निजले हालैदेखीको बकसपत्र दिएको कार्य मुलुकी ऐन स्त्री अंश धनको महलको प्रतिकूल रहेको भन्ने वादीको मुख्य दाबी रहेको पाइन्छ। वास्तवमा भिन्न भएको आमाले आफ्नो अंश भागको सम्पत्ति आफूखुसी हक हस्तान्तरण गर्न पाउने हो होइन र भिन्न भएका यी वादीहरूको मन्जुरी लिन पर्ने हो होइन भन्ने विषयमा योसम्बन्धी मुलुकी ऐन स्त्री अंश धनको महल २ नं.

को विगतको र हालको कानूनी व्यवस्थाको तुलनात्मक अध्ययन गर्नुपर्ने देखीयो। स्त्री अंश धनको महलको २ नं. मा २०६३ सालमा संशोधन भएको पाइन्छ। हालको संशोधित प्रावधानभन्दा पहिला स्त्री अंश धनको महलको २ नं. मा*भिन्न भएको कन्या, सधवा वा विधवा स्वास्नी मानिसले आफ्नो अंशहकको चलमासबै र अचलमा आधासम्म कसैको मन्जुरी नभएपनि आफूखुस गर्न पाउँछन्। कन्याले बाबुआमा भए बाबुआमाको र सधवा वा विधवाले उमेर पुगेका छोरा तथा अविवाहित छोरी भए त्यस्ता छोरा छोरीको मन्जुरी लिई अचल पनि सबै आफ्नो खुस गर्न पाउँछन् भन्ने व्यवस्था रहेको थियो।* सो कानूनी व्यवस्थाअनुसार यस मुद्दाको प्रतिवादी इसरदेवी जस्ता भिन्न भएकी स्वास्नी मानिसले आफ्नो स्वामित्वको आधाभन्दा बढी अचल सम्पत्ति कुनै किसिमले हक हस्तान्तरण गर्दा भिन्न भएका उमेर पुगेका छोराहरूको मन्जुरी लिनु अनिवार्य थियो। विना मन्जुरी आधाभन्दा बढी अचल सम्पत्ति हक हस्तान्तरण गरेमा मान्य हुँदैनथ्यो। मन्जुरी नदिएका छोराले उजुर दिएमा बदर हुन् सक्थ्यो।

७. मुलुकी ऐन स्त्री अंश धनको महलको २ नं को सो कानूनी व्यवस्था कायम रहदाका बखत सर्वोच्च अदालतले विभिन्न मुद्दामा उक्त कानूनको व्याख्या गरी विधवाले आफ्नो अंश भागको अचल सम्पत्तिमध्ये आधामा उमेर पुगेका छोराहरूको मन्जुरी लिनु पर्ने र आधासम्मको मन्जुरी लिन नपर्ने भई आफूखुस गर्न पाउने भनी सिद्धान्त प्रतिपादन गरेको पाइन्छ। वादीले फिरादपत्रमा उल्लेख गरेको ने.का.प.२०५२ अंक १ नि.नं. ५०३५ पृ.५० को नजिर पनि स्त्री अंश धनको २ नं. को साबिककै सो कानूनी व्यवस्था व्याख्या गरी प्रतिपादन भएको हो। स्त्री अंश धनको २ नं. मा संशोधन भई २०६३ सालमा अर्कै कानूनी व्यवस्था भएको सन्दर्भमा उक्त नजिर प्रस्तुत मुद्दामा आकृष्ट हुन् सक्ने अवस्था छैन।

८. कसैले अंशबापत कुनै सम्पत्ति प्राप्त गरेमा सो सम्पत्तिमा सम्बन्धित व्यक्तिको स्वामित्व प्राप्त हुन्छ। स्वामित्वको विधिशास्त्रीय मान्यताअनुसार स्वामित्ववालाले आफ्नो सम्पत्तिमा घर बनाई उपयोग गर्न, सम्पत्ति बिक्री वा अन्य तवरले हक हस्तान्तरण गर्न, सम्पत्तिको कारोबार गर्न, धितो वा बन्धकी राख्न र सम्पत्ति कुनै तवरले नष्ट वा समाप्त गर्नसमेत सक्दछ। स्त्री अंश धनको २ नं. को साबिकको कानूनी व्यवस्थाले आफ्नो स्वामित्वको सम्पत्तिमा पनि महिलाको पूर्णअधिकार नभई सम्पत्तिको प्रयोगमा बन्देज लगाएको थियो। यथार्थमा यो व्यवस्था स्वामित्वको अवधारणासँग मिल्दो नभएको र महिला र पुरुषबीच विभेद गर्ने प्रकृतिको थियो। त्यसैले*लिलि थापा वि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार* भएको संवत् २०६१ सालको विशेष रिट नं. ३४ मा सर्वोच्च अदालतले *कन्या, सधवा वा विधवा स्वास्नीमानिसले अंशको रूपमा प्राप्त गरेको सम्पत्तिमा त्यस्ता स्वास्नीमानिसको स्वामित्व निहित भएपछि स्वामित्वको आधारभूत सिद्धान्त प्रतिकूल हुने गरी कानूनी व्यवस्था गर्न वाञ्छनीय नहुने*तथा *स्वामित्व र सम्पत्तिसम्बन्धी मान्यताको समेत विपरीत रहेको र विवादित प्रावधानको निरन्तरताले लैङ्गिक न्यायको प्रवर्द्धनमा समेत प्रतिकूल असर पार्ने देखीएकोले स्त्री अंशधनको २ नं. को प्रावधान नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १ र ८८(१)*बमोजिम *अमान्य*

*र बदर घोषित हुने*भनी मिति २०६२।८।३० मा सो व्यवस्था बदर गरेको पाइन्छ। (नेकाप २०६२ अंक ९ नि नं. ७५८८ पृ १०५४)

९. मुलुकी ऐन स्त्री अंशधनको २ नं. को साबिकको व्यवस्था सर्वोच्च अदालतबाट बदर भएपश्चात् मिति २०६३।७।१७ मा प्रमाणीकरण भई लागू भएको लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा उक्त नं. मा संशोधन भएको छ। हालको *स्त्री अंशधनको २ नं. मा भिन्न भएको कन्या सधवा वा विधवाले आफ्नो अंश हकको चल अचल सम्पत्ति आफूखुसी गर्न पाउँछन्* भन्ने व्यवस्था रहे भएको पाइन्छ। यस व्यवस्थाबाट अब भिन्न भएको कुनै महिलाले आफ्नो अंश हकको सम्पत्ति आफूले उपयोग गर्न वा कसैलाई कुनै बेहोराले हक हस्तान्तरण गर्न पाउने पूर्ण अधिकार प्राप्त भएको छ। त्यसरी हक हस्तान्तरण गर्दा अब छोराहरूको मन्जुरी लिई रहन आवश्यक छैन। वर्तमान संशोधनबाट यो व्यवस्थाभन्दा पहिलाको भिन्न भएको आमाले आधाभन्दा बढी सम्पत्ति हक हस्तान्तरण गर्न उमेर पुगेका छोराको मन्जुरी लिनु पर्ने व्यवस्था हट्न गएको छ। यसबाट वादीले फिरादमा दाबी गरे जस्तो विधवाले आफ्नो अंश हकको आधामा ३ जना छोराको मन्जुरी स्वीकृति लिनु पर्ने नभई निजले सबै सम्पत्ति छोराहरूको मन्जुरी विना नै दान बकससमेत गरी हक हस्तान्तरण गर्न पाउने देखीन आयो।

१०. तसर्थ प्रस्तुत मुद्दामा प्रतिवादी इसरदेवी आफ्नो छोराहरूसँग भिन्न भएको कुरामा कुनै विवाद नभएको र निज इसरदेवीले आफनो अंश भागको आधाभन्दा बढी जग्गा हक हस्तान्तरण गर्दा उमेर पुगेका छोराको मन्जुरी लिनु पर्ने मुलुकी ऐन स्त्री अंशधनको २ नं.कोसाबिकको व्यवस्था सर्वोच्च अदालतबाट बदर भई हाल इसरदेवी जस्ता भिन्न भएका विधवाले आफ्नो अंश हकको सम्पत्ति वादीहरूको मन्जुरी विना नै जोकोहीलाई दिन सक्ने गरी आफू खुस गर्न पाउने गरी संशोधन भएको देखीएकोसमेतका माथि उल्लिखित आधार र प्रमाणबाट ७१ वर्षकी जेष्ठ नागरिक यी प्रतिवादी इसरदेवीले आफ्नो अंशको कि नं. ५९९ र कि नं. ७५६ जग्गा कान्छी बुहारी कैलास कुमारी देवीलाई सेवा सुसार तथा भइपरी आउने काम काजसमेत गरी रिझबापत मिति २०७१।१०।२९ मा दिएको हालैदेखीको बकसपत्र लिखत कानूनअनुरूपकै पाइएकोले बदर गर्नुपर्ने देखीएन। सो हालैदेखीको बकसपत्र लिखत बदर गरिपाउँ भन्नेसमेतको वादीको फिराद दाबी नपुग्ने ठहर्छ। सो ठहर्नाले अरू तपसिलबमोजिम गर्ने गरी अ वं १८६ नंबमोजिम यो फैसला गरिदिएको छ।

## तपसिल

माथि ठहर खण्डमा लेखिएअनुसार वादी दाबी नपुग्ने ठहर भएकोले वादीले फिराद गर्दा राखेको कोर्ट फी रु ३००। जफत हुने भएकोले अरू केही गर्नु परेन ................................................१

यो फैसलामा चित नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गर्नु भनी वादीका नाममा अ.वं. १९३ नं.बमोजिम पुनरावेदनको म्याद दिनु .................................................२

सरोकारवालाले नक्कल मागे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनु ......................३
प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला अपलोड गरी सक्कल मिसिल अभिलेख शाखामा बुझाइदिनु...........................................................................................................४

**जिल्ला न्यायाधीश**

कम्प्युटर तयार गर्नेः- अमितकुमार यादव
फाँटवालाः- दुर्गाप्रसाद रिजाल
**इति सम्वत् २०७२ साल चैत्र २४ गते रोज ४ मा शुभम्.............................।**

श्री स्याङजा जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश शिवबहादुर रानाभाट

<u>फैसला</u>

मुद्दा नं. ०७१-cr-००५४ (कोड नं. ५८-०७१-००३८०) नि.नं. १८१

मुद्दाः <u>कर्तव्य ज्यान</u>।

**वादीको नामथर वतन**

जिल्ला स्याङजा केवरेभञ्ज्याङ गा.वि.स. वडा नं. ७ बस्ने सोवितबहादुर वि.क.को श्रीमती पविसरा वि.क.को जाहेरीले वादी नेपाल सरकार..........................................१

**प्रतिवादीको नामथर वतन**

स्याङजा जिल्ला केवरेभञ्ज्याङ गा.वि.स.वडा नं.७ बस्ने सोवितबहादुर वि.क.को श्रीमती कल्पना वि.क.............................................१

ऐ.ऐ बस्ने नन्दलाल वि.क.को छोरा सोवितबहादुर वि.क.............................१

तनहुँ जिल्ला काहुँ शिबपुर गा.वि.स.वडा नं. ९ बस्ने बेलबहादुर शाहीको छोरा सिद्धबहादुर शाही.............................................१

सल्यान जिल्ला त्रिवेणी गा.वि.स.वडा नं. ४ बस्ने धर्मबहादुर बोहराको छोरा हरिप्रसाद बोहरा.............................................१

**साक्षीः**

पविसरा वि.क.,पहलसिं थापा, लोकबहादुर सारु, ऋषिराम थापा, बुद्धबहादुर राना, धनबहादुर सारु......समेत।

**साक्षीः**

सोवितबहादुर वि.क.को साक्षीः पवित्रा वि.क., कृतबहादुर नेपाली।

सिद्धबहादुर शाहीको साक्षीः हेमबहादुर थापा, नारायणी वंशी, विजय मल्ल।

हरिप्रसाद बोहराको साक्षीः हिरालाल बूढाथोकी, धनीराम राना, जीवराज बूढाथोकी

**कागजः-**

**कागजः-**

अदालतबाट बुझेको प्रमाण

<u>साक्षीः</u>

पविसरा वि.क., श्रीबहादुर वि.क., रिसिराम थापा, बुद्धबहादुर राना, नारायणी बंशी, बिजय मल्ल, जमुना थापा,लिला सोती, हिरालाल बूढाथोकी, लोकबहादुर सारु, खिमा भन्ने संगीता बि.क.समेत।

**कागजः**

xxx

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मु.ऐन अ.बं. २९ नं.समेतले यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

**तथ्यखण्ड**

१. मिति २०७१।११।१४ गतेका दिन साँझ करिब ६ देखी ७ बजेको समयमा केवरेभन्ज्याङ गा.वि.स.वडा नं.-७ ताप्के बस्ने वर्ष ८ की कालो बर्ण दुवै गालामा कुकुरले टोकी खत बसेको र दाँत छिद्रिएको रिता वि.क.नाम गरेकी मेरी छोरी घरबाटै हराएकी हुँदा मैले शंकास्पद मेरै श्रीमान् सोवित वि.क.र सौता कल्पना वि.क.माथि परेको हुँदा निजहरूलाई कडाइका साथ निगरानी गरिपाउँ भन्ने पविसरा वि.क.को निवेदन।

२. जिल्ला स्याङजा केवरेभन्ज्याङ गा.वि.स.वडा नं.-७ ताप्के स्थित पूर्वमा चित्रबहादुर सारुको बारी, पश्चिम लोकबहादुर सोती मगरको पाखो जग्गा, उत्तरमा चित्रबहादुर सारुको बारी, दक्षिणमा लोकबहादुर थापाको बारी यति चार किल्लाभित्र उज्जड सिंह रानाको खरबारीमा वनमारा झारको झ्या मुनि साढे ३ फिट लम्बाइ, डेढ फिट चौडाइ, डेढ फिट गहिराई भएको खाडलमा गुलाबी र सेतो मिसिएको ज्याकेट निलो मिड्डी सोभन्दा मुनि मानिसको सँप्रादेखी तलको दायाँ खुट्टासमेत रहेको सोदेखी १५ फिट पश्चिम तलतर्फ जमिनमा टाउकाको मानव अस्थिपञ्जर रहेको भन्ने चार किल्लासहितको लास जाँच मुचुल्का।

३. मिति २०७१।१२।३० गते अं.१३:०० बजेको समयमा जिल्ला स्याङजा केवरेभन्ज्यङ गा.वि.स.वडा नं.-७ ताप्के स्थित पाखो खर बारीमा गुलाबी र सेतो रंगको ज्याकेट निलो मिड्डी मानिसको दायाँ खुट्टाको भाग टाउकोको अस्थिपञ्जर कपालका रौंहरूसमेत फेला परेकोमा उक्त कपडा तथा मानव अस्थिपञ्जरसमेत हेर्दा मेरी छोरी वर्ष ८ की रिता वि.क. मिति २०७१।११।१४ गते हराउँदाका अवस्थामा उल्लिखित कपडाहरू लगाएकी र उक्त कपडाहरू मेरै छोरीले लगाउने गरेका कपडा भएकाले उक्त अस्थिपञ्जर कंकाल मेरै छोरीको हुनुपर्दछ भनी उल्लिखित कपडा तथा कपालका रौंहरूसमेत हेरी सनाखतसमेत गरिदिएँ भन्नेसमेत बेहोराको पविसरा वि.क.को सनाखत कागज।

४. जिल्ला स्याङ्जा केवरेभन्ज्याङ गा.वि.स.वडा नं.-७ ताप्के स्थित पूर्वमा दिलबहादुर थापाको बारी, पश्चिम चुरा सोतीको खरबारी, उत्तर लोकबहादुर थापाको बारी, दक्षिण उज्जड सिंह रानाको खरबारी यति चार किल्लाभित्र झमती दर्लामीको बारीमा महिलाको जस्तो देखीने कपालका काला रौंहरू फेला पारी बरामद गरेको भन्ने चार किल्ला सहितको बरामदी मुचुल्का।

५. मिति २०७१।११।१४ गते साँझ अं.१८:०० बजेको समयमा मेरी छोरी वर्ष ८ की रिता वि.क.मेरै सौता बैनी कल्पना वि.क.को घरअगाडि खेलिरहेकै अवस्थामा साँझ पर्दासमेत घरमा नआएकीले खोज तलास गर्दा सो समयमा मेरी सौता बैनी कल्पना वि.क.समेत डेढ घण्टासम्म

घरमा नभएको र डेढ घण्टापछि घरमा आएपछि निजलाईसोधपुछ गर्दा कुनै जानकारी नदिएकी र खोज तलासकै क्रममा मिति २०७१।१२।३० गते अं. १३;०० बजेको समयमा जिल्ला स्याङजा केवरेभन्ज्याङ- ७ ताप्के स्थित पाखो खर बारी जग्गामा निज छोरीले हराउँदाका अवस्थामा लगाएका गुलाबी र सेतो ज्याकेट निलो मिड्डी तथा दायाँ खुट्टाको भाग खाडलमा अर्ध पुरेको अवस्थामा तथा टाउकोको अस्थिपञ्जर, कपालका रौंहरूसमेत फेला परेको हुँदा निज मेरी छोरीलाई मेरै श्रीमान् सोवितबहादुर वि.क., जिल्ला तनहुँ काहुँ शिवपुर गा.वि.स.वडा नं.-९ घर भई हाल ऐ.व्यास न.पा.- वडा नं.-१ बस्ने वर्ष ३९ को सिद्धकुमार शाही, जिल्ला सल्यान त्रिवेणी गा.वि.स.वडा नं.-४ बस्ने वर्ष ४४ को हरिप्रसाद बोहरासमेतको सहयोगमा मेरै सौता वर्ष २१ की कल्पना वि.क.ले कर्तव्य गरी मारेकी हुँदा कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने बेहोराको पविसरा वि.क.को जाहेरी दरखास्त।

६. मिति २०७१।११।०१ गतेदेखी मिति २०७२।०१।०१ गतेसम्म (तदनुसार **Feb 13, 2015 –April 13, 2015**) को ९८१२८९५६७२, ९८१३३२३२७९, ९८०५८११३५२, ९८१६१०९१४२, ९८०९५९९३४५ नं.को कल डिटेल्स उपलब्ध गराइदिन हुन् भनी प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग काठमाडौंलाई लेखेको पत्र।

७. मिति २०७१।११।१४ गते अं.१७:०० बजेको समयमा म आफ्नै घरमा थिएँ यस्तैमा निज जाहेरवाली मेरी सौता दिदी पविसरा वि.क.को छोरी वर्ष ८ की रिता बि.क. मेरै घरअगाडि माटो ढुङ्गा चलाउँदै खेलिरहेकी थिई। मैले निजलाई बोलाई नानी जा त बुवालाई रक्सी ल्याइदे भन्दा निज रिता वि.क.ले नसुने जस्तो गरी आइन। एक छिनपछि मेरो श्रीमान् र मेरो बुबा हरिप्रसाद बोहरासँग म शौचालय गएर आउँछु भनी निज रिता वि.क.लाई घरबाट दक्षिणतर्फ अं. ५०० (पाच सय) मिटर पर पाखो खरबारीमा लिई गई निजलाई एक छिन यही बसम अरूको बारीमा घाँस काट्न जानी हो भनी ५।७ मिनेट सोही स्थानमा राखी निज रिता वि.क.को मिति २०७१।१२।३० गते खाडलमा अर्ध पुरिएको अवस्थामा गुलाबी रंगको ज्याकेट, निलो मिड्डी फेला परेको स्थानभन्दा पूर्व दक्षिणतर्फ रहेको मेरो माइती घरतिर बाखे भन्ने यतातिर दुधिलो भन्ने रुखमा पहिला निज रिता वि.क.को घाटीमा रसी बाँधी रुखको हाँगाहरू छुटिएको कापमा रसी डोरी बाँधिसकेपछि कान्लामा तल खसाइदिएपछि निज रिता वि.क. एक छिन फटफटाउँदा फटफटाउँदै चल्न छाडेपछि रुखबाट डोरी खोली जमिनमा राखेपछि घाँटीबाट डोरी निकाली अघिल्लो दिन अर्थात् मिति २०७१।१२।१३ गते साँझ १८:०० बजेतिर सोही स्थान नजिकै खनेको खाडलमा निज रिता वि.क.ले लगाएका कपडासहित हाली माटोले पुरी सो हेर्न नसकी उक्त खाडल खन्न घरबाट अघिल्लो दिन लगेको फरुवा (कोदाली) सोही स्थान नजिकै रहेको वनमाराको झ्याङमा लुकाई राखी निज रिता बि.क.लाई झुन्डाएको डोरी (रसी) लिई कम्मरमा बाँधी सल ओडेर घरमा आएपछि श्रीमान्ले रक्सी ल्याइदिन भनेकोले निज जाहेरवाली पविसरा वि.क.को घरमा रक्सी लिन जाँदा अरूले

शंका गर्छन् भनेर दिदी कान्छी रिता खोई त भनेकीमा सौता दिदी पविसरा वि.क.ले खोई कहाँ मरेकी छ भन्नुभयो रक्सी लिएर घरमा आइसकेपछि मेरो श्रीमान् र ससुरा बुवा नन्दलाल वि.क.ले रक्सी खानुभयो त्यसपश्चात् जाहेरवाली सौता दिदीको माइली छोरीले रिता बहिनी हराई घरमा छैन भन्दै आएपछि वरपर तलमाथि हो-हल्ला भएपछि गाउँ छिमेकीसमेत भई निज रिता वि.क.को खोज तलासमा लागे। जाहेरीमा उल्लेख गरेका सिद्धबहादुर शाहीले विगत २ महिना पहिला म तथा मेरो श्रीमान् मेरो माइती घरमा जाँदा मानिस झुन्डिएको डोरी आँसी हँसियाले नकाटेको भएमा (२।३) करोड रुपैयाँ पर्छ भनी भनेको मैले सुनेको हुँदा धेरै पैसा पर्छ भनी मैले निज रिता वि.क.लाई झुन्डाई डोरी बिक्री गर्नका लागि सो स्थानमा लगी झुन्डाई मारेकी हुँ निज रिता वि.क.लाई झुन्डाई मारेको निलो रंगको नाइलनको डोरी निजलाई मारी खाडलमा पुरेपछि डोरी घरमा ल्याई घरको पश्चिम उत्तरतर्फको कोठाभित्र काठको चेपमा रातोमा सेतो धर्का भएको कपडाले बेरी लुकाई राखेकी हुँ खाडल खन्न प्रयोग गरेको कोदालो फरुवा घरको पश्चिमतर्फ गाह्रोको सुरमा रहेको कुखुराको खोरमाथि राखेकी हुँ। निज रिता वि.क. लाई मैले मारेको गाउँ छिमेकले शंका गर्छन् भनेर मैले माइती घरबाट रु ५०,००० (पचास हजार) झिकाई आमाले आई.एम.ई.बाट श्रीमान् सोवितबहादुर वि.क.को नाममा रु ५०००० (पचास हजार) रुपैयाँ पठाइदिएको हुँदा वालिङ बजारमा आई सो पैसा निकाली सोही पैसाले यता उता खोज तलास गरेकी हुँ। निज रिता वि.क. लाई मैले मारेको घर परिवार अन्य कोही कसैलाई थाहा छैन मैले मिति २०७१।११।१४ गते रिता वि.क. लाई झुन्डाई मारेपश्चात् निज सिद्धबहादुर शाहीलाई मैले डोरी पाएकी छु डोरी लिन आउनुस् भनी फोन गरी भनेकी थिएँ। मेरो बुवा हरिप्रसाद बोहरा वैदशिक रोजगारको लागि भिसा लगाएकाले काठमाडौं जान आउन सजिलो नजिक पर्छ भनी विगत पौष महिनाको २६।२७ गते तिर मेरो घरमा आउनुभएको र निज रिता वि.क. हराएपछि माघ महिनाको अन्तिमसम्म मेरै घरमा बसी काठमाडौं जानुभएको हो निज सिद्धबहादुर शाही २०७१ सालको माघ महिनाको ७।८ गते तिर मेरो घरमा आई बालिङ महोत्सव भरी मेरै घरमा बसी २२।२३ गतेतिर घरमा गएका हुन्। सो समयमा समेत निजले मानिस झुन्डिएको डोरी पाएमा २।३ करोड पर्छ भन्दै बस्ने गर्दथे भन्नेसमेत बेहोराको प्रतिवादी कल्पना वि.क.को बयान कागज।

८. जिल्ला स्याङ्जा केवरे भन्ज्याङ गा.वि.स.वडा नं.-७ ताप्के स्थित पूर्व बालादेवी कोट जाने गोरेटो बाटो, पश्चिम केवरे ताप्के कच्ची ग्रामीण सडक, उत्तर नन्दलाल वि.क.को २ तले ढुङ्गा र टिनले छाएको कच्ची घर, दक्षिण बाल तपस प्रा.वि.को भवन यति चार किल्लाभित्र प्रतिवादी कल्पना वि.क. समेत बस्दै आएको दक्षिण मोहडा गरी बीचमा गल्ली पूर्व पश्चिम २।२ वटा कोठा गरी ४ कोठाको माथिल्लो तलामा टिनले छाएको ठुलो १ कोठा भएको पक्की प्रतिवादी कल्पना वि.क. समेत बस्ने गरेको घर कोठाहरूसमेत कल्पना वि.क.ले मिति २०७२।०१।०३ गते अधिकार प्राप्त अधिकारीसमक्ष बयान दिँदा खुलाइ लेखाइदिएअनुसार खानतलासी लिँदा पश्चिम उत्तरको कोठा खोली भित्र काठहरू रहेको उक्त काठको चेपमा रातोमा कालो सेतो धर्का भएको कपडाको पोको रहेको सो पोको खोली हेर्दा पोकोभित्र

मानिसको जस्तो देखीने रौँहरू टाँसिएको १३ फिट ७ इन्च लम्बाइ १ इन्च गोलाइ भएको निलो रंगको नाइलनको डोरी र सो घरको पश्चिमतर्फ गाह्रोको सुरमा काठको टिनको छानो भएको कुखुराको खोरको छानोमा राखेको २ फिट ८ इन्च लम्बाइ ६ इन्च गोलाई भएको काठको बिंड भएको ९ इन्च लम्बाइ भएको पासोसहितको फलामको कोदालीसमेत फेला पारी बरामद गरिएको चार किल्लासहितको बरामदी मुचुल्का।

९. जिल्ला स्याङजा केवरेभन्ज्याङ गा.वि.स.वडा नं.-७ ताप्के स्थित पूर्वमा चित्रबहादुर सारुको बारी, पश्चिममा लोकबहादुर सोति मगरको जग्गा, उत्तरमा चित्रबहादुर सारुको बारी, दक्षिण लोकबहादुर थापाको बारी, यति चार किल्लाभित्र उज्जड सिंह रानाको बारीको ढिकमा २ फिट गोलाई १५ फिट उचाइ भएको दुधिलोको रुख रहेको रुखको फेददेखी ५ फिट ३ इन्च उचाइमा उत्तर दक्षिण २ बटा हागाहरू फैलिई कापे रहेको हागाको कापदेखी तल्लो बारी सम्मको दुरी ८ फिट ९ इन्च रुखको फेददेखी १५ फिट उत्तर पश्चिम साढे ३ फिट लम्बाइ, डेढ फिट चौडाइ, डेढ फिट गहिराइको खाडल रहेको उक्त रुखको फेददेखी ५ फिट ३ इन्च उचाइमा रहेको उक्त कापमा जिल्ला स्याङजा केवरेभन्ज्याङ गा.वि.स.वडा नं.-७ बस्ने वर्ष २१ की कल्पना वि.क.ले जिल्ला स्याङजा केवरेभन्ज्याङ गा.वि.स.वडा नं.-७ बस्ने निज जाहेरवाली वर्ष ५१ की पविसरा वि.क.को कान्छी छोरी वर्ष ८ की रिता वि.क.लाई मिति २०७१।११।१४ गते साँझको समयमा निलो नाइलनको डोरीले घाँटीमा बाँधी रुखमा झुन्डाई कर्तव्य गरी मारेको प्रतिवादी कल्पना वि.क.ले मिति २०७२।०१।०३ गते अधिकार प्राप्त अधिकारीसमक्ष खुलाइ लेखाइदिएको बयानअनुसार निजै प्रतिवादी कल्पना वि.क.ले देखाइदिएबमोजिमको चार किल्लासहितको घटनास्थल मुचुल्का।

१०. मिति २०७२।०१।०३ गते अधिकार प्राप्त अधिकारीसमक्ष प्रतिवादी कल्पना वि.क.ले बयान दिदा खुलाइ लेखाइदिएअनुसार मिति २०७२।०१।०४ गते प्रतिवादी कल्पना वि.क.बस्ने घर कोठाबाट बरामद भई आएका मानिसको जस्तो देखीने कपालका रौँहरू टाँसिएको पूरा लम्बाइ १३ फिट ७ इन्च, गोलाई १ इन्च, भएको निलो रंगको नाइलनको डोरी १ थान र २ फिट ८ इन्च लम्बाइ, ६ इन्च गोलाइ भएको काठको बिड ९ इन्च लम्बाइ भएको पासोसहितको फलामको कोदाली थान १ समेत मैले मिति २०७१।११।१४ गते निज जाहेरवाली पविसरा वि.क.को कान्छी छोरी वर्ष ८ की रिता वि.क.लाई झुन्डाई कर्तव्य गरी मारी घरमा लगी घरको पश्चिम उत्तरतर्फको कोठाभित्र काठको चेपमा रातोमा सेतो कालो धर्का भएको कपडाले बेरी लुकाई राखेको डोरी हो र उक्त कोदाली निज रिता वि.क.लाई झुन्डाई कर्तव्य गरी मारेपछि खाडल खनी पुर्नका लागि प्रयोग गरी घरमा लगी घरको पश्चिमतर्फ गाह्रोको सुरमा रहेको कुखुराको खोरको छाना माथि राखेको कोदाली हो भनी उक्त निलो रंगको नाइलनको डोरी तथा कोदालीसमेत देखी हेरी चिनी सनाखत गरिदिएँ भन्नेसमेत बेहोराको प्रतिवादी कल्पना वि.क.को सनाखत कागज।

११. मिति २०७१।११।१४ गते साँझ अं.१८;०० बजे तिर म आफ्नै घरमै रहे बसेको अवस्थामा निज कान्छी श्रीमती कल्पना वि.क.ले ९ महिनाको छोरो मसँग छोडी म शौचालय गएर आउँछु भनी घरबाट गएकीमा त्यस्तै १ डेढ घण्टापछि हस्याङ फस्याङ गर्दै घरमा आएपछि कहाँ मरेकी थिइस् यतिखेर भन्दा निज श्रीमती कल्पना वि.क.ले शौचालय गएकी थिएँ आमाको फोन आएर फोनमा कुरा गर्न लागें त्यसपछि रिचार्ज कार्ड लिन देउराली गएकी थिएँ भनेपछि मैले मास्तिर दिदीसँग गएर १ बोतल रक्सी ल्याई दिन भनेकोमा निज जाहेरवाली मेरी जेठी श्रीमती पविसरा वि.क.सँगबाट १ बोतल रक्सी ल्याएपछि मेरो बुवा नन्दलाल वि.क.र मैले रक्सी तथा खानासमेत खाई सुत्ने तयारीमा लाग्दा मेरी जेठी श्रीमतीतर्फकी छोरी संगिता र छोरो श्रीबहादुरसमेत म बस्ने घरमा आई मलाई निजहरूले दाइ भन्ने हुँदा दाइ दाइ कान्छी बहिनी रिता घर छैन भनेपछि निज कान्छी श्रीमतीको बुबा हरिप्रसाद बोहरासमेत मेरै घरमा भएको हुँदा म तथा निज जाहेरवाली पविसरा वि.क. समेतले वरपर तलमाथि खोज तलास गर्दा फेला नपरेपछि भोलि खोज्न भनेर घरमै सुतियो यसरी अर्को दिन पनि स्थानीय क्लबसमेत भई प्रहरीसमेतलाई खबर गरी खोज तलास गर्दासमेत निज छोरी रिता वि.क.फेला परिनन्। त्यसपश्चात् खोज तलास गर्ने क्रममा मिति २०७१।१२।३० अं. १३;०० बजेको समयमा जिल्ला स्याङजा केवरेभन्ज्याङ गा.वि.स.वडा नं.-७ ताप्के स्थित पाखो खरबारी जग्गामा निज छोरीले लगाउने ज्याकेट मिट्ठी कपडा दायाँ खुट्टा र टाउकाको अस्थिपञ्जर, कपालका रौंहरूसमेत फेला परेको हो यसरी निज छोरी रिता वि.क. मिति २०७१।११।१४ गते अं.१८;०० बजेको समयमा हराएकी र सोही समयमा प्रतिवादी कान्छी श्रीमती कल्पना वि.क.समेत एक डेढ घण्टा जती हराएर हस्याङ फस्याङ गर्दै घरमा आएकी हो जाहेरवाली मेरी जेठी श्रीमती पविसरा वि.क.तर्फकी कान्छी छोरी रिता वि.क. हराएपछि खोज तलास गर्ने क्रममा कान्छी श्रीमती कल्पना बि.क.ले आमालाई फोन गरी पैसा पठाई दिन भन्छु भनी फोन गरेपछि निजको आमाले सल्यानबाट छोरी हराएको ४।५ दिनपछि आई.एम.ई. मार्फत मेरो नाममा रु ५०,००० पचास हजार पठाइदिएपछि म वालिङ बजार आई पैसा निकाली सोही पैसाले कहिले कता कहिले कता गरी लामा झाँक्रीसमेत गरी खोज तलास गरेका हौं। निज प्रतिवादी कल्पना वि.क. म तथा प्रतिवादी सिद्धबहादुर शाही भई कान्छी श्रीमती कल्पना वि.क.समेत विगत २ महिना जति पहिला कान्छी श्रीमती कल्पना वि.क.को माइती घरमा जाँदा तथा निज सिद्धबहादुर शाही माघ महिनामा वालिङ महोत्सव चल्दाका बखत मेरो घरमा आउँदा मानिस झुन्डिएको रसी पाइएमा महँगो बिक्री हुन्छ भन्ने कुरा भएको हो मूल्य यकिन थाहा। भएन प्रतिवादी सिद्धबहादुर शाहीसँग विगत डेढ वर्ष जति पहिला मेरै गाउँका एकजना भारतीय भुतपूर्व सैनिक सुनाखरीमार्फत चिनजान भएको हो निज मेरो ससुरा हरिप्रसाद बोहरा २०७१ सालको पौष महिनाको २५।२६ तिर मेरो घरमा आई माघ महिनाको अन्तिमतिर काठमाडौं गएका हुन्। निज ससुराले वैदेशिक रोजगारीका लागि भिसा लगाएकाले काठमाडौं जान आउन नजिक सजिलो हुन्छ भनी मेरो घरमा बस्दै आएका हुन्। निज जाहेरवाली मेरी जेठी श्रीमती पविसरा वि.क. तर्फकी कान्छी छोरी हराएको समय र निज प्रतिवादी कान्छी श्रीमती कल्पना

वि.क. समेत सोही समयमा शौचालय जान्छु भनी १ डेढ घण्टापछि हस्याङ फस्याङ गर्दै घरमा आएकी तथा निज छोरीले लगाउने गरेका कपडा दायाँ खुट्टा खाडलमा पुरेको अवस्थामा फेला परेपछि सोधपुछ गर्दा निज प्रतिवादी कल्पना वि.क.ले घरबाट लिई गई झुन्डाई कर्तव्य गरी मारी सोही ठाउँमा खाडल खनी खाडलमा पुरेकी भन्ने थाहा पाएको हुँ भन्नेसमेत बेहोराको प्रतिवादी सोबितबहादुर वि.क.को बयान कागज।

१२. यस कार्यालयको चलानी नं. ९४१ मिति २०७२।०१।०४ गतेको पत्रसाथ मेरो जिम्मामा पोस्टमार्टमको लागि श्री त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महारजगंज काठमाडौं पठाइएको मानव अस्थिपञ्जर कंकालको पोस्टमार्टमपश्चात् डि.एन.ए. प्रयोजनार्थ निकालीएको नमुना र प्रयोगशाला परीक्षण प्रयोजनार्थ छुट्याइएको रौंहरूसमेत दाखिला गरेको छु भन्ने प्र.स.नि. जिवन कुँवरको प्रहरी प्रतिवेदन।

१३. मिति २०७१ सालको पौष महिनाको त्यस्तै २७।२८ गतेतिर मेरो छोरी जाहेरीमा उल्लिखित प्रतिवादी कल्पना वि.क.को घर जिल्ला स्याङजा केवरेभन्ज्याङ गा.वि.स.वडा नं.-७ ताप्के आएको हुँ र म निज छोरीकै घरमा बस्दै गरेको अवस्थामा मिति २०७१।११।१४ गते साँझ निज छोरी कल्पना वि.क.ज्वाइँ सोबितबहादुर वि.क.तथा मसमेतले खाना खाई सुत्ने तरखर गर्न लाग्दाका अवस्थामा निज छोरी कल्पना वि.क.को सौता पविसरा वि.क.को छोरी संगिता वि.क.ले कान्छी बहिनी रिता वि.क. घरमा छैन कहा गई भन्दै हामीहरू भएको ठाउँमा आएपछि म मेरो ज्वाइँ सोबितबहादुर वि.क., निज जाहेरवाली पविसरा वि.क. समेतले तल माथि यताउता खोज तलास गर्दा रातिसम्म फेला नपरेपछि छोरी कल्पना वि.क.को घरमा सुतियो अर्को दिन स्थानीय मानिसहरूसमेत भई प्रहरीसमेतलाई जानकारी गराई खोज गलास गरीयो फेला परिनन् मैले वैदशिक रोजगारको लागि कतार जान भनी भिसा लगाएको हुँदा काठमाडौं जान आउन सजिलो हुन्छ भनी निज छोरीको घरमा बसेको र लामो समयसम्म भिसा नआएको हुँदा चैत्र महिनाको १२।१३ गतेसम्म पनि निज छोरी कल्पना वि.क.को घरमा बसी चैत्र महिनाको १५ गते तिर घरमा नगई काठमाडौं गएको हुँ। पछि काठमाडौंमा नै भएका बखत मिति २०७१।१२।३० गते जिल्ला स्याङजा केवरेभन्ज्याङ गा.वि.स.वडा नं.-७ ताप्के स्थित पाखो खरबारी जग्गामा निज जाहेरवाली पविसरा वि.क.को छोरी रिता वि.क.ले लगाउने ज्याकेट, मिड्डी कपडा दायाँ खुट्टा अर्ध पुरिएको अवस्थामा सोही नजिकै टाउको अस्थिपञ्जर तथा कपालका रौंहरूसमेत फेला परेको भन्ने म पक्राउ परेपछि मिति २०७२।०१।०२ गते थाहा पाएको र निज जाहेरवाली पविसरा वि.क.को छोरी रिता वि.क. हराउँदाका दिन मिति २०७१।११।१४ गते साँझ परेपछि मेरी छोरी कल्पना वि.क. समेत शौचालय गएर आउँछु भनी एक डेढ घण्टा हराई हस्याङ फस्याङ गर्दै आएकी थिई सो समयमा म निजै छोरीको घरमा टि.भि.कोठामा टि.भि. हेरी बसिरहेको थिएँ जाहेरीमा उल्लिखित सिद्धबहादुर शाहीलाई मैले २।३ महिना पहिले मेरी छोरी कल्पना वि.क.र ज्वाइँ सोवितबहादुर वि.क.सँग मेरो घरमा

गएका थिएँ। सोही समयमा चिनजान भएको हो सोही समयमा निज सिद्धबहादुर शाहीले मानिस झुन्डिएर मरेको डोरी हँसियाले नकाटेको भएमा धेरै पैसा पर्छ रे भन्ने कुरा गर्दथे। सोही कुरा मेरो छोरी कल्पना वि.क.ले सुनेकी होली जाहेरवालाकी छोरी रिता वि.क. हराएकीमा खोज तलास गर्दासमेत फेला नपरेपछि अन्यत्र स्थानमा खोज तलास गर्नका लागि पैसा भएन भनी प्रतिवादी छोरी कल्पना वि.क. र ज्वाइँ सोवितबहादुर वि.क.ले आमालाई फोन गरी पैसा खोजेर पठाइदिन भनेकीमा श्रीमतीले पैसा छैन कहाँबाट पठाउने भनेकीले म पनि छोरी कल्पना वि.क.कै घरमा भएकाले छोरी तथा ज्वाइँ सोबितबहादुर वि.क.ले समेत तपाईंले भनी दिनुस् भनेकाले मैले श्रीमतीलाई खोजेर पठाइदेउ भनेपछि श्रीमती पार्वती बोहराले रु ५०,००० पचास हजार पैसा खोजेर आई.एम.ई. गरी ज्वाइँ सोबितबहादुर वि.क.ले निकाली निज रिता वि.क. लाई खोज तलास गर्न यताउता हिँडेका हुन्। निज जाहेरवाली पविसरा वि.क.को छोरी रिता वि.क. हराउँदाका बखत मेरी छोरी प्रतिवादी कल्पना वि.क. पनि शौचालय जान्छु भनी १ डेढ घण्टा हराइआएकी र हालसम्म बुझ्दा कल्पना वि.क.ले निज रिता वि.क.लाई झुन्डाई कर्तव्य गरी मारी खाडल खनी पुरेको भन्ने थाहा पाएको हुँ भन्नेसमेत बेहोराको प्रतिवादी हरिप्रसाद बोहराको बयान कागज।

१४. विगत १ डेढ वर्ष पहिला जाहेरीमा उल्लिखित प्रतिवादी कल्पना वि.क.को श्रीमान् मेरै घरतर्फ दमौली बजारमा भेट भई बोलचाल हुँदाहुँदै निजसँग चिनजान भई कल्पना वि.क. सँग पनि चिनजान थियो निज जाहेरवाली पविसरा वि.क.को छोरी वर्ष ८ की रिता वि.क. हराएको भन्ने मैले जाहेरीमा उल्लिखित प्रतिवादी सोबितबहादुर वि.क. लाई मिति २०७१ सालको फागुन महिनाको १५।१६ गतेतिर फोन गरेकामा निजले छोरी रिता वि.क. हराएर खोज्दै छौं भनेपछि थाहा पाएको हुँ त्यसपश्चात् निज रिता वि.क.को मिति २०७१।१२।३० गते अं. १३:०० बजेको समयमा जिल्ला स्याङजा केवरेभन्ज्याङ गा.वि.स.वडा नं.-७ ताप्के स्थित पाखो खरबारीमा कपडा र दायाँ खुट्टाको भाग अर्ध पुरेको अवस्थामा तथा टाउकोको अस्थिपञ्जर र कपालका रौंसमेत फेला परेको भन्ने म पक्राउ परेपछि थाहा पाएको हुँ निज जाहेरवालीको छोरी हराउनुभन्दा पहिला म निज प्रतिवादी कल्पना वि.क.को घरमा गएको थिएँ त्यसपश्चात् १० दिन जति बसी घरमा फर्केको थिएँ निज जाहेरवालीको छोरी रिता वि.क.लाई मारी खाल्डो खनी पुरी दबाउने कार्यमा मेरो संलग्नता छैन निज प्रतिवादी कल्पना वि.क., सोवितबहादुर वि.क., सँग निज कल्पना वि.क.को माइती घरमा २०७१ सालको पौष महिनामा जाँदाका बखत हरिप्रसाद बोहरासँग मेरो चिनजान भएको हो निज रिता वि.क. हराउँदाका बखत प्रतिवादी कल्पना वि.क. घरबाट शौचालय जान्छु भनी हराएकीमा १ डेढ घण्टापछि घरमा आएकी भन्ने मैले थाहा पाएको र निजको घरमा म आउँदा बस्दा आनी बानीसमेत हेर्दा निजै प्रतिवादी कल्पना वि.क.ले रिता वि.क.लाई कर्तव्य गरी मारेको हुनुपर्दछ निज रिता वि.क.लाई कर्तव्य गरी मार्ने दवाउने कार्यमा अन्य प्रतिवादीहरू सोवितबहादुर वि.क., र हरिप्रसाद बोहराको के कस्तो संलग्नता छ मलाई थाहा छैन। निज रिता वि.क. हराएपछि त्यस्तै ५।६ दिनपछि निज कल्पना वि.क.ले आफ्नो श्रीमान् सोबितबहादुर वि.क.को मोबाइल नं.९८०५८११३५२बाट

मेरो ९८१३३२३२७९ नं. मा फोन गरी डोरी पाइएको छ लिन आउनुस् मसँग भनेकी हुन्। त्यस बेला मैले निजलाई भोलिपर्सितिर आउँछु भनेको हुँ। निज प्रतिवादी कल्पना वि.क.र निजको श्रीमान् सोबितबहादुर वि.क.सँग कल्पना वि.क.को माइती घरमा जाँदा हरिप्रसाद बोहरासमेत सँग यसरी मानिसहरू झुन्डिएर मरेको डोरी फलामले नछोएको हुनी हो भने बहुमूल्य धेरै पैसा पर्छ भन्ने कुरा भएका हुन्। सोही अवस्थामा निज कल्पना वि.क. ले सुनी निज जाहेरवाली पविसरा वि.क. को छोरी वर्ष ८ की रिता वि.क. लाई झुन्डाई कर्तव्य गरी मारी दबाउने कार्य गरेकी होलिन् भन्नेसमेत बेहोराको प्रतिवादी सिद्धबहादुर शाहीको बयान कागज।

१५. डि.एन.ए. परीक्षण प्रयोजनार्थ रगत संकलन गरिदिनु हुन् भनी प्राथमिक स्वास्थ्य केन्द्र वालिङ स्याङजालाई मिति २०७२।०१।०९ गते लेखिएको पत्र।

१६. डि.एन.ए.परीक्षणको लागि केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुसी काठमाडौंमा भौतिक सबुद पठाएको भन्ने च.न.९६५ मिति २०७२।०१।०९ गतेको पत्र।

१७. भौतिक सबुद परीक्षणको लागि केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुसी काठमाडौंमा पठाएको भन्ने च.न.९६६ मिति २०७२।०१।०९ गतेको पत्र।

१८. निज प्रतिवादी कल्पना वि.क.मेरी छोरी हो सोबितबहादुर वि.क. ज्वाइँ हुन्। हरिप्रसाद बोहरा मेरो श्रीमान् हुन् भने सिद्धबहादुर शाही मिति २०७१ सालको पौष महिनामा मेरो छोरी कल्पना वि.क.र ज्वाइँ सोवितबहादुर वि.क. सँग मेरो घरमा गएकोले सो अवस्थामा चिनेकी हुँ। सो अवस्थामा सिद्धबहादुर शाही १९।२० दिन बसेर आएका हुन्। मिति २०७१ सालको फागुन महिनाको १५ गते साँझ त्यस्तै ६।७ बजेको हुँदो हो मेरो श्रीमान् हरिबहादुर बोहरा के छन् सन्चो बिसन्चो बुझ्न भनी मेरो मोबाइल नं. ९८०९५९९३४५बाट मोबाइल नं.९८०५८११३५२ मा छोरी कल्पना वि.क.लाई फोन गर्दा सौताकी छोरी हराएर खोज्न हिँडेका छम् भनेकीले मैले निज जाहेरवालीको छोरी रिता वि.क. हराएको थाहा पाएकी हुँ त्यसपछि ३।४ दिनपछि निज छोरी कल्पना वि.क.ले मलाई फोन गरी सौताको छोरी हराएकोले खोज तलास गर्नका लागि पैसा भएन ५०,००० (पचास हजार) खोजेर पठाइदिनुस् भनेकीमा मैले पैसा पाइँदैन भनेपछि मेरो श्रीमान् हरिप्रसाद बोहरालाई कल्पना वि.क.ले भन्न लगाएकीले मैले ५०,००० पचास हजार पैसा खोजी आई.एम.ई. मा सल्यान जिल्लाको लुहाम बजारबाट सोबित वि.क. को नाममा पठाइदिएकी हुँ। मेरो श्रीमान् हरिप्रसाद बोहरा वैदशिक रोजगारको लागि काठमाडौंबाट भिसा लगाउनुभएकाले काठमाडौं जान आउन सजिलो नजिक हुन्छ भनी छोरीको घरमा आई बस्नुभएकामा चैत्र महिनाको त्यस्तै १४।१५ गते काठमाडौं जानुभएकामा चैत्र महिनाको ३० गतेबाट श्रीमान्को फोन नलागेपछि कहाँ गएको भनी खोज तलास सोधपुछ गर्दाको क्रममा वडा प्रहरी कार्यालय वालिङमा भएको भन्ने थाहा पाएपश्चात् निज जाहेरवालीको छोरी रिता वि.क. को मिति २०७१।१२।३० गते जिल्ला स्याङजा केवरे

भन्ज्याङ गा.वि.स.वडा नं.-७ ताप्के स्थित पाखो खरबारीमा निज रिता वि.क.ले लगाउने ज्याकेट मिट्ठी कपडा र दायाँ खुट्टाको भाग अर्ध पुरिएको अवस्थामा र टाउकोको अस्थिपञ्जर कपालका रौंहरूसमेत फेला परेको भन्ने थाहा पाएकी हुँ। सोसम्बन्धमा निज प्रतिवादी मेरी छोरी कल्पना वि.क.समेत सँग बुझ्दा निज जाहेरवालीको छोरी रिता वि.क.लाई मिति २०७१।११।१४ गते साँझ प्रतिवादी मेरी छोरी कल्पना वि.क.ले झुन्डाई कर्तव्य गरी मारी खाडलमा पुरेकी भन्ने थाहा पाएकी बुझेकी हुँ। उक्त वारदातमा अन्य प्रतिवादीहरू सोबितबहादुर वि.क., सिद्धबहादुर शाही, तथा हरिप्रसाद बोहराको के कस्तो संलग्नता छ सो मलाई थाहा भएन यसरी झुन्डाई कर्तव्य गरी मार्ने निज प्रतिवादीहरूलाई कानूनबमोजिम हुनुपर्दछ भन्नेसमेत बेहोराको पार्वती बोहराको कागज।

१९. निज जाहेरवाली पविसरा वि.क. तथा प्रतिवादी कल्पना वि.क. सोबितबहादुर वि.क. मेरै छिमेकी गाउँका चिनजानका मानिस हुन् भने प्रतिवादी सिद्धबहादुर शाही मैले भारतीय सेनामा जागिर खादाका अवस्थादेखी चिन्दै आएको छु। म भारतीय सेनामा जागिर खाई विगत ७।८ वर्ष पहिला अवकाश आएको हुँ। निज सिद्धबहादुर शाहीको घर तनहुँको दमौली बजारमै हो। म २ वर्ष पहिला मेरै गाउँका निज प्रतिवादी सोबितबहादुर वि.क. सँग काठमाडौं जादै गर्दा सिद्धबहादुर शाही तनहुँको दमौली बजारमा भेट भई एक आपसमा कुराकानी हुँदा निज प्रतिवादी सोबितबहादुर वि.क.को समेत निज प्रतिवादी सिद्धबहादुर शाहीसँग चिनजान भएको हो त्यसपश्चात् निज प्रतिवादी सोबितबहादुर बि.क.को घरमा सिद्धबहादुर शाही पटक पटक आउने भेट हुने र झाँक्रीका हात पाइएमा बहुमूल्य शक्तिमान हुन्छ भन्ने गर्दथे। मैले निज जाहेरवाली पविसरा वि.क.को छोरी वर्ष ८ की रिता वि.क. मिति २०७१।११।१४ गते साँझदेखी हराएकी भन्ने त्यस्तै ५।६ दिनपछि थाहा पाएको हुँ भने मिति २०७१।१२।३० गते अं.१३;०० बजेको समयमा जिल्ला स्याङ्जा केवरेभन्ज्याङ गा.वि.स.वडा नं.७ ताप्के स्थित पाखो खरबारी जग्गामा निज जाहेरवाली पविसरा वि.क.को छोरी वर्ष ८ की रिता बि.क. ले हराउँदाका अवस्थामा लगाएका कपडाहरू र एउटा खुट्टा खाडलमा अर्ध पुरिएको अवस्थामा फेला परेको र सोही स्थान नजिकै टाउकोको अस्थिपञ्जर कंकाल कपालका रौंहरूसमेत फेला परेको थाहा पाएको हुँ। सोसम्बन्धमा बुझ्दा मृतक रिता वि.क.मिति २०७१।११।१४ गते साँझ हराउँदाका बखत प्रतिवादी कल्पना वि.क.समेत घरमा डेढ घण्टा नभएको र कल्पना वि.क.को बुवा हरिप्रसाद बोहरासमेत लामो समयदेखी कल्पना बि.क.को घरमा बस्दै आएको र प्रतिवादीहरू सिद्धबहादुर शाही, हरिप्रसाद बोहरा, सोबितबहादुर वि.क. समेतले रिता वि.क. हराउँदाका समय पहिलेदेखी लामा झाँक्रीको कुरा गर्ने बस्ने जस्ता कुराबाट निज रिता वि.क.लाई निजै प्रतिवादीहरूले षडयन्त्र बनाई कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ यसरी कर्तव्य गरी मार्ने निज प्रतिवादीहरूलाई कानूनबमोजिम कडा कारबाही हुनुपर्दछ भन्नेसमेत बेहोराको सुनाखरी भन्ने देबबहादुर थापाको कागज।

२०. जाहेरवाली पबिसरा बि.क.को छोरी वर्ष ८ की रिता बि.क. लाई मैले झुन्डाई कर्तव्य गरी मारी त्यस्तै ८।९ दिन पछि मैले ९८१६१०९१४२ नम्बरको मोबाइल प्रयोग गर्ने भए तापनि

सो अवस्थामा मैले मेरो श्रीमान् सोबितबहादुर बि.क.को मोबाइल नम्बर ९८०५८११३५२बाट प्रतिवादी सिद्धबहादुर शाहीलाई निजको मोबाइल नम्बर ९८१३३२३२७९ मा फोन गरी झुन्डाई मारेको डोरी लिन आउन भनेकी हुँ भन्नेसमेत बेहोराको प्रतिवादी कल्पना बि.क.ले अधिकार प्राप्त अधिकारीसमक्ष दिएको ततिम्बा बयान।

२१. यस का.को सि.नं. ३५ को सञ्चार द्वारा मृतक रिता वि.क.को अस्थिपञ्जर कंकालको पोस्टमार्टम प्रतिवेदन पठाइदिन हुन् भनी महानगरीय प्रहरी वृत्त महाराजगंज काठमाडौंलाई लेखेको प्रहरी सञ्चार।

२२. निज जाहेरवाली पविसरा वि.क.को छोरी रिता वि.क. मिति २०७१।११।१४ गते साँझदेखी हराएको भन्ने मैले मिति २०७१।११।१५ गते बिहान पानी लिन गएको अवस्थामा थाहा पाएकी हुँ। यसरी रिता वि.क. हराएपछि निज जाहेरवाली पविसरा वि.क. तथा गाउँ छिमेकीसमेतले खोजतलास गर्दासमेत निज रिता वि.क. फेला परिनन्। यसरी खोज तलास गर्ने क्रममा निज जाहेरीमा उल्लिखित प्रतिवादी कल्पना वि.क.निज जाहेरवालीको छोरी रिता वि.क. हराउँदाका समयमा एक डेढ घण्टा हराएकी भन्ने निजका घर परिवारबाट थाहा पाई स्थानीय मानिसहरूसमेतले निज कल्पना वि.क.लाई सोधपुछ गर्दा कुनै जानकारी दिइनन्। म मिति २०७१।१२।३० गते अं.१३;०० बजेको समयमा बाख्रालाई घाँस काट्न भनी मेरै माइतीको हजुर बुबा उज्जड सिंह रानाको पाखो खरबारीमा गई दुधिलो नामको घाँस काटी थोरै भयो भनी अर्को रुखको पनि काट्नु पर्‍यो भनी अर्को रुखको घाँस काट्न जाँदा सोही स्थान नजिकै वनमारा झारको झ्याङमुनि गुलाबी सेतो रंगको ज्याकेट तथा मिट्टी कपडा खाडलमा अर्ध पुरेको देखेपछि म सो स्थानबाट आत्तिदै स्कुलतर्फ आई स्थानीय मानिससमेतलाई सो कुरा बताएपछि स्थानीय मानिसहरूसमेत आई हेर्दा निज जाहेरवाली पविसरा वि.क.को छोरी रिता वि.क.ले लगाउने कपडा हुन् भन्ने थाहा पाई तत्काल प्रहरीलाई खबर गरी प्रहरीसमेत आई उल्लिखित कपडा तथा अन्य स्थानसमेतमा हेर्दा उक्त कपडाहरूभन्दा तल दायाँ खुट्टाको भाग खाडलमा पुरिएको टाउको अस्थिपञ्जर कंकाल कपालका रौंहरूसमेत फेला परेको हो उक्त फेला परेका कपडाहरूसमेत जाहेरवाली पविसरा वि.क. लाई देखाई सनाखतसमेत गरिदिएकी हुन्। बुझ्दा निज रिता वि.क.लाई प्रतिवादी कल्पना वि.क. ले झुन्डाई कर्तव्य गरी खाडल खनी पुरेकी भन्ने थाहा पाएकी हुँ। निज रिता वि.क. हराउनुभन्दा पहिलेदेखी नै जाहेरीमा उल्लिखित प्रतिवादीहरू सिद्धबहादुर शाही, हरिप्रसाद बोहरासमेत निज कल्पना वि.क. र सोबितबहादुर वि.क.को घरमा आउने जाने लामो समयसम्म बस्ने र निज सोबितबहादुर बि.क. कल्पना वि.क.समेत भई लामा झाँक्री गर्ने कहिले कता कहिले कता डुल्ने जस्ता कुराहरू पहिलेदेखी नै गाउँ घरमा सुन्दै आएकी थिएँ। यसरी प्रतिवादीहरू सिद्धबहादुर शाही, हरिप्रसाद बोहरासमेत निज कल्पना वि.क.र सोबितबहादुर वि.क.का पहिलादेखीका यस्ता गतिविधिहरूले गर्दा निज प्रतिवादीहरूले नै योजना बनाई षडयन्त्र गरी निज रिता वि.क.लाई कर्तव्य गरी मारी खाड्लमा दबाउने कार्य

गरेकामा विश्वास लाग्छ। यसरी कर्तव्य गरी मारी दबाउने प्रतिवादीहरूलाई कानूनबमोजिम कडाभन्दा कडा कारबाही हुनुपर्दछ भन्ने बेहोराको लिला सोतीको कागज।

२३. मिति २०७१।११।१४ गते साँझ म मेरो छोरा सोबितबहादुर वि.क.को घरमा गएकोमा निज छोराले ९ महिनाको छोरालाई काखमा लिएर बसेका थिएँ। छोरो रोएको थियो भने हरिप्रसाद बोहरा घरभित्र बसिरहेका थिएँ। १ डेढ घण्टा बस्दासमेत बुहारी कल्पना वि.क. लाई घरमा नदेखेपछि कहाँ गई भन्दा शौचालय गएकी हो भन्थ्यो छोराले त्यसपछि एक छिनमा हस्याङ फस्याङ गर्दै आएकीमा छोराले रक्सी लिन पठायो र कल्पना वि.क.ले रक्सी ल्याइदिएपछि म र छोराले रक्सी खाई खाना खान घरमा गएकोमा जाहेरवालीको कान्छी छोरी मेरी नातिनी रिता वि.क. घरमा छैन भनेपछि वरपर तलमाथि खोज तलास गर्दासमेत पत्तो नलागेपछि सो राति सुतियो अर्को दिनदेखी पनि खोज तलास गर्‍यौं र यसरी ४।५ दिनपछि निज कल्पना वि.क.ले माइती घरबाटरु ५०,००० (पचास हजार) समेत मगाई खोज तलास गर्ने निहुँ पारी तनहुँ प्रतिवादी सिद्धबहादुर शाहीको घरतर्फ जाने त कहिले बुटवल जाने जाँदा पनि दुवै जना सँगै जाने गरे निज नातिनी रिता वि.क. हराउनुभन्दा पहिला देखी नै प्रतिवादी हरिप्रसाद बोहरा, सिद्धबहादुर शाही निज कल्पना वि.क. छोरा सोवितबहादुर वि.क.को घरमा आई बस्ने लामा झाँक्री बस्ने भन्दै ठाउँ ठाउँमा जाने गर्दथे। यसै क्रममा मिति २०७१।१२।३० गते अं. १३;०० बजेको समयमा जिल्ला स्याङजा केवरेभन्ज्याङ-७ ताप्के स्थित खरबारी जग्गामा नातिनीले हराउँदाका बखत लगाएका कपडा तथा दायाँ खुट्टाको भाग खाडलमा पुरेको अवस्थामा र टाउकोको अस्थिपञ्जर कपालका रौंहरूसमेत फेला परेपछि बुझ्दै जाँदा प्रतिवादी कल्पना वि.क.ले कर्तव्य गरी मारी खाडलमा पुरेको भन्ने थाहा पाएको हुँ। यसमा प्रतिवादीहरू हरिप्रसाद बोहरा, सिद्धबहादुर शाही, सोबितबहादुर वि.क. समेतको संलग्नतामा कर्तव्य गरी मारी खाडलमा पुरेकोमा पूर्ण विश्चास लाग्छ। निज प्रतिवादीहरूलाई कानूनबमोजिम कडाभन्दा कडा कारबाही हुनुपर्दछ भन्ने बेहोराको नन्दलाल वि.क.को कागज।

२४. मिति २०७१।११।१४ गते साँझ म आफ्नै घरमा थिएँ। निज मृतक मेरो बहिनी रिता वि.क. पनि घरमै थिइन्। जाहेरवाली आमा पविसरा वि.क. घाँस काट्न बारीमा गई साँझ घाँस काटेर घरमा आउनुभएको हो। यसरी घरमै रहे बसेकोमा बेलुका बहिनी रिता वि.क. घरमा भाँडा धुने काम सकी म घरमै बसेको अवस्थामा निज प्रतिवादी कल्पना वि.क.र सोबितबहादुर वि.क. बस्ने घरअगाडि गई खेलिरहेकीमा रातिसम्म घरमा नआएपछि निज कल्पना वि.क.को घरमा बसिहोली भनी बहिनी संगिता वि.क.लाई जाउन कान्छीलाई बोलाएर आउ भनेकोमा बहिनी संगिता सौतेनी आमा कल्पना वि.क.को घरमा गई बहिनी खोइ भनी सोधपुछ गर्दा बहिनी निजहरू बस्ने घरमा नभएपछि तत्काल बहिनी संगिताले बहिनी छैन भन्दै घरमा आएपछि म तथा जाहेरवाली पविसरा वि.क.समेतले वरपर तलमाथि खोजतलास गर्दा फेला नपरेपछि सो दिन रातिसम्म खोजी सुतियो अर्को दिन पनि गाउँ छिमेकसमेतलाई खबर गरी खोजतलास गर्दा फेला परिनन् यसै क्रममा मिति २०७१।१२।३० गते घरभन्दा पर पाखोबारी जग्गामा मानिसको कपडाहरू खाडलमा अर्ध पुरिएको अवस्थामा छ भन्ने खबर पाई

स्थानीय मानिस तथा जाहेरवाली पविसरा वि.क. र मलगायत भई गई हेर्दा निज बहिनी रिता वि.क.ले हराउँदाका समयमा लगएका कपडाहरू देखी तत्काल प्रहरीलाई खबर गरेपछि प्रहरीसमेत आई हेर्दा सोही कपडाहरू भन्दा मुनि खाडलमा दायाँ खुट्टाको भाग सोही स्थान नजिकै टाउको अस्थिपञ्जर कंकाल कपालका रौँहरूसमेत फेला परेकोमा उक्त कपडाहरू खाडलबाट बाहिर निकाली हेर्दा देखी चिनी मेरो आमा जाहेरवाली पविसरा वि.क.ले सनाखतसमेत गरिदिनुभएको हो यसमा मेरी बैनी रिता वि.क. निज सौतेनी आमा कल्पना वि.क. र बुबा सोबितबहादुर वि.क.को घर अगाडितर्फ खेल्दा खेल्दैका अवस्थादेखी हराएकी र प्रतिवादी हरिप्रसाद बोहरा लगभग १ महिना पहिलादेखी कल्पना वि.क.को घरमा बस्दै आएका र प्रतिवादी सिद्धबहादुर शाही पटक पटक निजहरूका घरमा आउने जाने बस्ने निजहरूका घरमा बस्दा लामा झाँक्रीका कुरा गर्ने जस्ता कुराहरूबाट निज मेरो बहिनी रिता वि.क.लाई प्रतिवादी कल्पना वि.क., सोवितबहादुर वि.क., सिद्धबहादुर शाही, हरिप्रसाद बोहराले योजना बनाई षडयन्त्रपूर्वक कर्तव्य गरी मारी खाडलमा दवाउने कार्य गरेकामा पूर्ण विश्वास लाग्छ यसरी मेरी नाबालिका बहिनी रिता वि.क.लाई कर्तव्य गरी मार्ने निज प्रतिवादीहरूलाई कानूनबमोजिम कडाभन्दा कडा कारबाही हुनुपर्दछ भन्ने बेहोराको श्रीबहादुर वि.क.को कागज।

२५. मिति २०७१।११।१४ गते म विद्यालयबाट अं. १७;०० बजेको समयमा घरमा आई नास्ता खाजा खाई बारीमा मल बोक्न लागेँ। बहिनी रिता वि.क.ले बाख्रा चराउँदै थिई आमा पविसरा वि.क.घाँस काट्न जानुभएको थियो। मैले मल बोक्दा बोक्दै बहिनीले बाख्रा बाँधी मलाई बोल मल घचेड दिने भाँडाहरू धुने गरेकी थिइन्। यस्तैमा मैले मल बोकी रहेकै अवस्थामा अन्तिम पटक मल लिएर बारीमा गई घरमा आउँदा बहिनी घरमा थिइन। मैले कता खेल्न गएकी होली भनी तत्काल वास्ता गरिन। एकछिनपछि आमासमेत घाँस काटेर आएपछि रातिसम्म पनि घरमा नआएपछि प्रतिवादीहरू मेरै बुवा सोबितबहादुर वि.क.र सौतेनी आमा कल्पना वि.क.बस्ने घरमा गएकी होली भनी निजहरू बस्ने घरमा जाँदा बहिनी रिता घरमा छैन। यहाँ छ कि छैन भन्दा निज सौतेनी आमा कल्पना वि.क. र बुबा सोबितबहादुर वि.क.ले यहाँ त छैन भनेपछि तत्काल वरपर तलमाथि खोज तलास गर्दा रातिसम्म फेला नपरेकी हुनाले सो दिन घरमा आई सुतियो। अर्को दिनदेखी कहिले कता कहिले कता गरी खोज तलास गर्दासमेत कुनै जानकारी पाउन सकिएन। निज मेरो बहिनी हराउनुभन्दा पहिलादेखी नै प्रतिवादी सोबितबहादुर वि.क.को घरमा प्रतिवादीहरू हरिबहादुर बोहरा बस्दै आएका थिएँ भने प्रतिवादी सिद्धबहादुर शाही पटक पटक आउने जाने बस्ने गर्दथे। उल्लिखित प्रतिवादीहरूले निजै प्रतिवादी कल्पना वि.क.को घरमा बसी लामा झाँक्री गर्ने झाँक्रीका हातहरू पाउन सकियो भने बहुमूल्य पर्दछ भनी कुरा गर्दथे। बहिनी हराउनुभन्दा त्यस्तै ५।६ दिन जति पहिलासमेत निज प्रतिवादी कल्पना वि.क.को घरमा बसी लामा झाँक्री गर्ने भनी विभिन्न कुराहरू गरेको भन्ने सुनेकी हुँ। लामा झाँक्री भन्ने झाँक्रीका हात पाइयो भने बहुमूल्य पर्छ भन्ने गरेका र कतिपय कुराहरू म सानै

भएकाले सबै कुरा बुझिन। निज मेरो बहिनी रिता वि.क. मिति २०७१।११।१४ गते बेलुका घरबाट हराउनु र मेरी सौतेनी आमा कल्पना वि.क. समेत १ डेढ घण्टाको लामो समयसम्म ९ महिनाको छोरालाई घरमै छाडी हिँडेकी र घरमा आउँदा हस्याङ फस्याङ गर्दै आएकी समेतका कुराहरूबाट निज प्रतिवादीहरू कल्पना वि.क. सोवितबहादुर वि.क., सिद्धबहादुर शाही र हरिप्रसाद बोहरासमेतले योजना बनाई षडयन्त्र बनाई मेरो बहिनीलाई कर्तव्य गरी मारी खाडलमा पुरेकोमा पूर्ण विश्वास लाग्छ। निज प्रतिवादीहरूलाई कानूनबमोजिम कडाभन्दा कडा कारबाही हुनुपर्दछ भन्नेसमेत बेहोराको संगिता बि.क. को कागज।

२६. प्रतिवादी सिद्धबहादुर शाहीले प्रयोग गर्ने ९८१३३२३२७९ नं.को मोबाइलबाट प्रतिवादी सोवितबहादुर वि.क.को मोबाइल नं. ९८०५८११३५२प्रतिवादी हरिप्रसाद बोहरा ९८१२८९६५७२, प्रतिवादी कल्पना वि.क.को ९८१६१०९१४२ पटक पटक सम्पर्क भएको र प्रतिवादी सोबितबहादुर वि.क.को ९८०५८११३५२बाट प्रतिवादी कल्पना वि.क.को आमा पार्वती बोहराको ९८०९५९९३४५, प्रतिवादी सिद्धबहादुर शाहीको ९८१३३२३२७९ मा पटक पटक सम्पर्क भएको कल डिटेल्स अभिलेखको विश्लेषण।

२७. मिति २०७१।११।१४ गते साँझ जाहेरवाली पविसरा वि.क.को छोरी वर्ष ८ की रिता वि.क. हराएकी र मिति २०७१।१२।३० गते अं. १३;०० बजेको समयमा जिल्ला स्याङजा केवरेभन्ज्याङ गा.वि.स.वडा नं.७ ताप्केस्थित पाखो खर बारी जग्गामा निज रिता वि.क. हराउँदाका अवस्थामा निजले लगाएका ज्याकेट मिड्डी कपडा दायाँ खुट्टाको भाग खाडलमा अर्ध पुरिएको अवस्थामा र सो स्थान नजिकै टाउकोको अस्थिपञ्जर कपालका रौंहरूसमेत फेला परेकोमा निज रिता वि.क. हराउनुपूर्व प्रतिवादीहरू सिद्धबहादुर शाही, हरिप्रसाद बोहरा, प्रतिवादी सोबितबहादुर वि.क.र कल्पना वि.क.को घरमा पटक पटक आउने लामो समयसम्म बस्ने निज जना ४ भई ठाउँ ठाउँमा घुम्न हिंड्ने निजै प्रतिवादीहरूको घरमा बसी लामा झाँक्री गर्ने र रिता वि.क. हराएपश्चात् प्रतिवादी कल्पना वि.क. र सोवितबहादुर वि.क.ले कल्पना वि.क.को माइतीघरबाट खोज तलासको निहुँमा पैसासमेत मगाएका तथा रिता वि.क हराउँदाका समयमा प्रतिवादी कल्पना वि.क. समेत एक डेढ घण्टा हराएकीलगायतका कुराहरूबाट निज जाहेरवालीको छोरी रिता वि.क.लाई निज प्रतिवादीहरूले योजना बनाई षडयन्त्र पूर्वक कर्तव्य गरी मारी खाडलमा दबाउने कार्य गरेकामा पूर्ण विश्वास लाग्दछ निज प्रतिवादीहरूलाई कानूनबमोजिम कडाभन्दा कडा कारबाही हुनुपर्दछ भन्नेसमेत करिब एकै मिलान बेहोराको पहल सिंह थापा, लोकबहादुर सारु, ऋषिराम थापा, बुद्धबहादुर राना, धनबहादुर सारुसमेतका मानिसहरूको वस्तुस्थिति मुचुल्का।

२८. प्रतिवादी कल्पना वि.क.ले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं.बमोजिमको कसुर अपराध गरेको देखिँदा निजलाई सोही महलको १३(३) नं.बमोजिम सजाय हुने र प्रतिवादीमध्येका सोवितबहादुर वि.क., हरिप्रसाद बोहरा र सिद्दबहादुर बंसी भन्ने सिद्दबहादुर शाहीले ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(४) नं.बमोजिमको कसुर अपराध

गरेको देखिँदा निजहरूलाई सोही ऐन महलको १३(४) नं.बमोजिम सजाय हुन् मागदाबी लिइएको छ भन्नेसमेत बेहोराको अभियोगपत्र मागदाबी।

२९. मैले बाखेको रुखमा बाँधी डोरीको अर्को टुप्पातिरको भागले रिता वि.क.को घाँटीमा पासो लगाइदिई कान्लाबाट धकेली दिएकी हुँ। त्यसपछि एकछिन चलमलाएपछि छोरीको मृत्यु भएको हो। घटनामा मेरो मात्र संलग्नता रहेको छ। कानूनबमोजिम होस् भन्नेसमेत बेहोराको प्रतिवादी कल्पना वि.क.ले यस अदालतमा गरेको बयान।

३०. मैले मेरो आफ्नै छोरीलाई मार्नुपर्ने कुनै कारण छैन र मार्ने तथा मार्नमा सहयोग गर्ने कुनै काम गरेको छैन। म विल्कुल निर्दोष छु। मलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी सोवितबहादुर वि.क.ले यस अदालतमा गरेको बयान।

३१. मृतक रिता वि.क.को मृत्युसम्बन्धमा मेरो कुनै संलग्नता रहेको छैन होइन। मसमेत माथि आरोप लगाउनुको कारण मात्र म सोवितबहादुरको घरमा आउने जाने गरेकाले मात्र हो। म माथिको आरोप झुट्टा हो अभियोग दाबीअनुसार मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको सिद्दबहादुर शाहीले यस अदालतमा गरेको बयान।

३२. मसमेत विरुद्धको जाहेरी झुट्टा हो। उक्त अपराध घटाउनमा मेरो कुनै पनि संलग्नता छैन। म निर्दोष छु। मलाई अभियोगदाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी हरिप्रसाद बोहराले यस अदालतमा गरेको बयान।

३३. आदेशानुसार वादी तथा प्रतिवादी दुवै पक्षका साक्षीको बकपत्र भई मिसिल संलग्न रहेको।

३४. यसमा आदेशानुसार वादी पक्ष तथा प्रतिवादीका कानून व्यवसायीहरूबाट लिखित बहस नोट पेस भई मिसिल संलग्न रहेको।

## ठहर खण्ड

३५. नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन् आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विद्वान् जिल्ला न्यायाधिवक्ता श्री धर्मराज पौडेलले बहस प्रस्तुत गर्नुहुँदै प्रतिवादीमध्येका सिद्धबहादुर शाही, सोवितबहादुर वि.क. र हरिप्रसाद बोहराको सल्लाह र योजनाअनुसार वर्ष ८ की रिता वि.क.को हत्या कल्पना वि.क.ले गरेको तथ्य निज कल्पना वि.क.ले गरेको मौकाको र अदालतमा भएको बयान, जाहेरी कथन र बकपत्र, लास फेला परेको स्थान तथा सोको मुचुल्का, बरामदित चिज वस्तुहरू, मौकामा कागज गर्ने व्यक्तिहरूको कथनसमेतका प्रमाण कागजहरूबाट पुष्टि भएकाले निज प्रतिवादीहरूलाई अभियोजित कसुर कायम गरी सजाय हुनुपर्छ भन्नुभयो। प्रतिवादीमध्येका सोवितबहादुर वि.क. र कल्पना वि.क.को तर्फबाट विद्वान् अधिवक्ता हरिप्रसाद रेग्मीले मेरा पक्ष सोवितबहादुर वि.क.को उक्त वारदात घटाउन तथा अपराध गर्ने कार्यमा कुनै पनि किसिमको संलग्नता नरहेकोले निजले आरोपित कसुरबाट सफाइ पाउनुपर्छ भने अर्का प्रतिवादी कल्पना वि.क.ले पनि मान्छे

झुन्डाइएको डोरीको मूल्य महँगोमा बिक्री हुन्छ भन्ने कुराको आधारमा अन्धविश्वासमा परी बहकिएर उक्त अपराध गरेको र सो अपराध गरेको तथ्य अदालतमा समेत बयान गर्दा स्वीकार गरेको हुँदा सजायको हकमा मु.ऐन अ.बं. १८८ नं.बमोजिम न्यायिक विचार गरिनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो। प्रतिवादी हरिप्रसाद बोहरा र सिद्धबहादुर शाहीको तर्फबाट विद्वान् अधिवक्ताद्वय जगन्नाथ ढकाल र तुलसी गिरीले बहस प्रस्तुत गर्नुहुँदै मेरो पक्षलाई ज्यान मार्न वचन दिएको अभियोग लगाइएको छ। उक्त आरोप अनुसन्धानको क्रममा संकलित तथ्य प्रमाण तथा अदालतमा परीक्षित प्रमाणले पुष्टि हुन् सकेको छैन। मृतकलाई मार्ने कार्यमा आफ्नो मात्र संलग्नता रहेको, अन्य कोही कसैको संलग्नता थिएन भनी प्रतिवादी कल्पना वि.क.ले मौकामा र अदालतमा गरेको साबिती बयान संकलित अन्य प्रमाणबाट समर्थित एवम् पुष्टि भएको हुँदा निराधार रूपमा लगाइएको अभियोगबाट मेरो पक्षलाई सफाइ दिनुपर्छ भन्नुभयो।

३६. प्रतिवादी कल्पना वि.क. उपर मु.ऐन ज्यानसम्बन्धी महलको १ र १३(३) को कसुरमा ऐ १३(३) नं.बमोजिम सजाय र अन्य प्रतिवादीहरू सोवितबहादुर वि.क., सिद्धबहादुर शाही र हरिप्रसाद बोहरा उपर ऐ महलको १३(४) को कसुरमा ऐ १३(४)बमोजिम सजाय मागदाबी लिइएको अभियोगपत्रबाट देखीन्छ।

३७. विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको तर्कपूर्ण बहस जिकिर, पेस गर्नुभएको लिखित बहसनोट तथा मिसिल प्रमाणका आधारमा प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूमा न्यायिक इन्साफ गर्नुपर्ने देखीयो।

- **मृतक रीता वि.क.को मृत्यु कर्तव्यबाट भएको हो,होइन** ?
- **कसको कर्तव्यबाट उक्त अपराध भएको हो** ?
- **अपराधमा को कसको के कस्तो संलग्नता हो** ?
- **सजाय के कति गर्नुपर्ने हो** ?

३८. उपर्युक्त प्रश्नहरूको निरूपण गर्नेसम्बन्धमा प्रस्तुत मुद्दाको घटना तथा तथ्य के हो, सो घटना तथा अपराध कहिले कसरी घटेको रहेछ ? कसको कर्तव्यबाट सो घटना घटेको हो ? भन्ने बारेमा दृष्टिगत गर्नुपर्ने हुन्छ। सो प्रयोजनको लागि मिसिल अध्ययन गर्दा मिति २०७१।११।१४ गते साँझ अन्दाजी ६।७ बजेको समयमा वर्ष ८ की रिता वि.क. हराएकी हुँदा सोसम्बन्धमा मेरै पति सोवितबहादुर वि.क. र सौता कल्पना वि.क.उपर शंका लागेकोले निजहरूलाई कडाइका साथ निगरानी गरिपाउँ भन्ने मृतककी आमा पविसरा वि.क.को मिति २०७१।११।१६ को निवेदन बेहोरा रहेकोमा खोजतलास गर्ने क्रममा स्याङजा जिल्ला केवरेभञ्ज्याङ गा.वि.स. वडा नं. ७ ताप्के स्थित खरबारीमा वनमारा झारको झ्याउमुनि ३१।२ फिट लम्बाइ ११।२ फिट चौडाइ र ११।२ फिट गहिराइ भएको खाडलमा गुलाबी र सेतो मिसिएको ज्याकेट, निलो मिड्डी, टाउकोमा मासुको मात्रा नरही अस्थिपञ्जर मात्र रहेको, बायाँ खुट्टाको साँप्राको भागदेखी तलको भाग सडी गलिसकेको अवस्थामा रहेको भन्नेसमेत बेहोरा लास प्रकृति मुचुल्काबाट देखीन्छ भने बरामदी मुचुल्काबाट उक्त ठाउँमा कपालको रौंहरू फेला

परेको देखीन्छ। यसरी फेला परेको कपडा कपाल लासको प्रकृतिसमेतलाई चिनी पविसरा वि.क.ले छोरी रिता वि.क. मिति २०७१।११।१४ गते साँझ अन्दाजी ६।७ बजेतिर हराएकीमा सोही समयमा सौता कल्पना वि.क. पनि घरमा नभएकी, निज सौताको विगतको क्रियाकलापले छोरीलाई रिसइवी राख्ने गरेको र मृतक छोरीको लासको कंकाल तथा कपडा र कपालका रौंसमेत लास गाडिएको उपर्युक्त स्थानमा फेला परेको हुँदा छोरीलाई प्रतिवादी सोवितबहादुर वि.क., हरिप्रसाद बोहरा र सिद्धबहादुर शाहीको योजना सल्लाह र सहयोगमा कल्पना वि.क.ले कर्तव्य गरी मारेको हुँदा कारबाही एवम् सजाय गरिपाउँ भन्ने जाहेरी दरखास्तका आधारमा अनुसन्धान तहकिकात भएकामा प्रतिवादीमध्येकी कल्पना वि.क.ले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा मेरो बुवा हरिप्रसाद बोहराका साथी सिद्धबहादुर शाही मेरो माइतीघरमा २।३ महिनाअघि आएको अवस्थामा मानिस झुन्डिएको डोरी पाए दुई तीन करोड मूल्यमा बिक्छ भन्ने कुरा गरेको सुनेको थिएँ, तसर्थ मिति २०७१।११।१४ गते बेलुका खेल्दै गरेकी सौताकी छोरी रीता वि.क.लाई हिँड घाँस काट्न जाउँ भनी घरबाट करिब ५०० मिटर पर खरबारीमा लगी ५।७ मिनेट जति बसी हाल लास फेला परेको स्थानभन्दा केही माथि रिता वि.क.को घाँटीमा रसी कसी दुधिलाको रूखको कापामा बाँधी तल कान्लामा खसाई एक छिन छटपटाएकोमा चल्न छाडेपछि रुखबाट डोरी फुकाई घाँटीको डोरी निकाली पहिलो दिन खनेको खाल्डोमा रिता वि.क.लाई हाली खाडल खन्न प्रयोग गरेको कोदालो (फरुवा) सोही ठाउँ नजिक रहेको वनमाराको झ्याङमा लुकाई राखी डोरी घरमा लिई आएको हो। र कोदाली भोलिपल्ट मात्र घर ल्याएको हो। उक्त डोरी कपडाले बेरी लुकाई केही दिनपछि मात्र डोरी पाइएको छ भनी सिद्दबहादुर शाहीलाई फोन गरेको हो, छोरी हराएकोमा ममाथि शंका गर्न सक्छन् भनी छोरी खोजतलास गर्न पैसा चाहियो भन्ने बहाना बनाई मेरो माइतीबाट आमालाई रु ५००००।- पठाउन लगाई आमाले श्रीमान् सोभितबहादुरको नाउँमा सो रकम पठाइदिनुभएको हो, घटना मैले मात्र घटाएको हो र २।३ करोड मूल्यमा बिक्री हुन् सक्छ भनी सुनेको कारण र लोभले उक्त हत्या गरेको हो भनी तथ्यगत घटना र आरोपित कसुर स्वीकार गरेको देखीन्छ। प्रतिवादीले वारदातमा प्रयोग गरेको कोदालो (फरुवा) र रसी (डोरी) निजले बयानमा उल्लेख गरेबमोजिम निजकै घरबाट बरामद भएको तथ्य बरामदी मुचुल्काबाट पुष्टि भएको पाइन्छ। झुन्डाएको भनिएको दुधिलाको रुखदेखी लास फेला परेको खाल्डोको दुरी १५ फिट टाढा रहेको भन्नेसमेत बेहोरा घटनास्थल मुचुल्काबाटै देखीन्छ। बरामद भएको डोरी र कोदालोसमेत चिनी प्रतिवादीले उक्त दसीहरू घटनामा प्रयोग भएको भनी सनाखत गरिदिएको तथ्यगत अवस्था देखीन्छ भने अदालतमा बयान गर्दासमेत प्रतिवादी कल्पना वि.क.ले मौकाको साबितीलाई स्वीकार गरेको पाइन्छ

३९. अनुसन्धानकै सिलसिलामा प्रतिवादी सोभितबहादुर वि.क. ले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा उल्लिखित मिति २०७१।११।१४ गते साँझ श्रीमती कल्पना वि.क.ले नौ

महिनाको छोरालाई मेरो साथमा छाडी बाहिर गएकोमा १।२ घण्टापछि हस्याङफस्याङ गर्दै आएकी थिइन्, सोही समयमा छोरी रीता वि.क. हराएकोमा खोजतलास गर्ने क्रममा नभेटिएपछि खोजतलासका लागि सासूसँग कल्पनाले रु ५००००।- माग गरी मेरो नाममा पठाइदिनुभएको थियो। पछि लास फेला परी बुझ्दै जाँदा श्रीमती कल्पनाले हत्या गरेको थाहा भयो। सो हत्यामा मेरो कुनै सल्लाह र योजना थिएन। गत माघ महिनामै सिद्धबहादुर शाही मेरो घरमा आएको बखत मानिस झुन्डिएको रसी पाएमा महँगोमा बिक्री हुन्छ भनी बताएकोसम्म हो भनी आरोपित कसुरमा इन्कार रहेको पाइन्छ र सोही बेहोरा अदालतमा बयान गर्दा उल्लेख गरेको देखीन्छ। त्यस्तै प्रतिवादी हरिप्रसाद बोहरा र सिद्दबहादुर शाहीले गरेको बयानमा मान्छे झुन्डाइएको रसीको राम्रो मूल्य पर्छ भन्ने गफका सन्दर्भमा कुरा भएको हो, तर उल्लिखित घटना तथा अपराधमा आफ्नो कुनै किसिमको संलग्नता र सहयोग छैन भनी मौकामा र अदालतमा बयान गर्दा उल्लेख गरेको पाइन्छ। घटना घट्दाको समयमा प्रतिवादीहरू सोभितबहादुर वि.क., हरिप्रसाद बोहरासमेत प्रतिवादी कल्पना वि.क. कै घरमा रहे भएको हुँदा र सिद्धबहादुर शाही बेलाबेलामा सो घरमा आउने हुँदा निजहरू ४ जनाकै कर्तव्यबाट मारिएकोमा विश्वास लाग्छ भन्ने नन्दलाल वि.क. समेतका व्यक्तिहरूले गरेको घटना विवरण कागजबाट देखीएको छ। यसप्रकार उल्लिखित तथ्य तथा संकलित प्रमाणहरूमध्ये लास प्रकृति मुचुल्कामा उल्लिखित विवरणहरू, प्रतिवादी कल्पना वि.क.ले गरेको साबिती बयान, बरामदी मुचुल्का, सनाखत कागज, घटनानास्थल मुचुल्काका फोटोहरूसमेतका प्रमाण कागजातहरूबाट मृतक लास रिता वि.क.को भएको र निजको मृत्यु कर्तव्यबाट भएको भन्ने तथ्य स्थापित हुन् आएको देखीयो।

४०. अब दोस्रो प्रश्न अर्थात् कसको कर्तव्यबाट मृतकको मृत्यु भएको हो ? तर्फ विचार गर्दा सौतेनी छोरी वर्ष ८ की रितालाई उल्लिखित मिति २०७१।११।१४ गते साँझपख घाँस काट्न जाउँ भन्ने बाहनामा घर नजिक खरबारीनेर रहेको दुधिलाको रुखमा लगी डोरीले पहिला घाँटी कसी झुन्डाई मारेको हो, मरिसकेपछि लासलाई पहिलो दिनमै खनिराखेको खाल्डोमा पुरेको हो अरूले शंका गर्लान् थाहा पाउलान् भनेर कोदाली त्यही वनमारा झाडीमा छोडी भोलिपल्ट मात्र लगेको हो; मृतक तथा निजकी आमा (जाहेरवाली) सँग मार्नुपर्नेसम्मको कुनै रिसइवी थिएन तापनि मान्छेलाई झुन्डाइएको रसी (फलामले नछोएको शुद्ध भएमा) २।३ करोड मूल्य पर्छ भनी सिद्धबहादुर शाहीले मेरा बुबा हरिप्रसाद बोहरासँग माइती जाँदाको अवस्थामा कुराकानी गरेको सुनी थाहा पाएको थिएँ। सोही पैसाको लोभले मौका मिलाई उक्त हत्या गरेको हो भनी प्रतिवादी कल्पना वि.क.ले अपराध गर्नुको कारण (Causal factor of Crime) अपराधको कार्य (Act of crime) समेतलाई स्पष्टरूपमा बयानमा स्वीकारेको देखीएको छ। अपराधसम्बन्धमा निजको साबिती बयान घटनास्थल प्रकृति मुचुल्काको विवरण, लास प्रकृति मुचुल्कामा उल्लिखित विवरण, बरामदी मुचुल्का, सनाखत कागज, फोटोहरू, सहप्रतिवादीहरूको बयान जाहेरी कथन तथा बकपत्रसमेतबाट समर्थित एवम् पुष्टि भएको छ। तसर्थ प्रतिवादी कल्पना वि.क.ले रीता वि.क.को घाँटीमा रसीले कसेर हत्या गरेको देखीयो।

हरेक अपराधको पछाडि कुनै कारणको विद्यमानता रहे जस्तै प्रस्तुत अपराधको कारणमा पैसाको लोभ विद्यमान रहेको देखीन्छ। उक्त वारदात घटाउन तथा आपराधिक कार्य गर्न यी प्रतिवादीलाई आर्थिक पक्ष अथवा पैसाको लोभ भन्ने देखीन्छ। मान्छे झुन्डाइएको रसीको आर्थिक मूल्य प्रशस्त हुने भन्ने अपत्यारिलो एवम् अबास्तविक कुरा सुनेको आधारमा बहकाउमा परी हत्या गरेको भन्ने तथ्यसमेत मिसिल संलग्न सबुद प्रमाणले पुष्टि गरेको देखीन्छ। प्रस्तुत आपराधिक कार्य तथा घटनाले अपराधको प्रकृति र कारणसमेतमा रहने अनेकता तथा विविधतालाई छर्लङ पारेको छ।

४१. अब तेस्रो प्रश्न, अर्थात् सो अपराधमा को कसको कस्तो संलग्नता थियो ? भन्नेसम्बन्धमा विचार गर्दा, उल्लिखित घटना तथा अपराधमा प्रतिवादी सोभितबहादुर बि.क., हरिप्रसाद बोहरा एवम् सिद्धबहादुर शाहीसमेतको संलग्नता थियो थिएन ? थियो भने के कस्तो संलग्नता थियो ? भन्नेसम्बन्धमा दृष्टिगत गर्दा यी प्रतिवादीहरूसमेतको योजना, सल्लाह र बचनअनुसार छोरी रीता वि.क.को हत्या भएको हो भन्ने जाहेरी बेहोरा एवम् बकपत्रको कथनबाट देखीन्छ। मौकामा कागज गर्ने नन्दलाल वि.क. समेतका व्यक्तिहरूको भनाइले उक्त जाहेरी बेहोरा समर्थन भएको पाइन्छ। तर प्रस्तुत मुद्दाको अपराध तथा आपराधिक कार्यको प्रमुख कारणीको रूपमा रहेकी प्रतिवादी कल्पना वि.क.ले गरेको मौकाको र अदालतको बयानमा उक्त अपराध आफूले मात्र घटाएको हो भनी स्पष्ट रूपमा उल्लेख गरेको पाइन्छ। घटना घट्नु तत्काल अघि पछि;घटनाको प्रकृति, समयर अवस्थालाई मूल्याङ्कन गर्दासमेत यी प्रतिवादीहरू उक्त वारदातमा प्रत्यक्षतः संलग्न रहेको भन्ने तथ्य पुष्टि हुन् सकेको मिसिलबाट देखीएको छैन। सो वारदात गर्न गराउनमा आफूहरूको कुनै पनि संलग्नता थिएन, छैन भनी प्रतिवादीहरूले बयानका क्रममा उल्लेख गरेको पाइन्छ। निजहरूको उक्त इन्कारी बयान साक्षीको बकपत्रले पुष्टि गरेको छ।

४२. यी प्रतिवादीहरूउपर लगाइएको कसुरसम्बन्धी कानून (ज्यानसम्बन्धी महलको १३(४) लाई दृष्टिगत गर्दा "जुनसुकै कुरा गरीकन पनि ज्यान मार्नमा बचन दिनेलाई वा वारदात भइरहेको ठाउँमा गई मार्नलाई सहयोग गरिदिनको निमित्त मर्ने मानिसको जिउमा हात हाली पक्री समाती दिनेलाई जन्मकैद गर्नुपर्छ" भन्ने उल्लेख छ।

४३. प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूमध्ये सोबितबहादुर वि.क. र हरिप्रसाद बोहरा प्रतिवादी कल्पना बि.क.को क्रमशः आफ्नै पति र पिता नाताभित्रको देखीन्छ भने सिद्धबहादुर शाही पिताका साथीको रूपमा रहेको देखीएको छ। मान्छे झुन्डिएको पासोको राम्रो मूल्य पर्छ भन्ने कुरा सिद्धबहादुर शाहीले हरिप्रसाद बोहराको घरमा भेट हुँदाको समयमा भनेको भन्नेसम्मको प्रसँग मिसिल संलग्न प्रतिवादीहरूको बयानबाट देखीएको छ। तर सो प्रयोजनको लागि मृतक बालिकालाई मार्ने तथा हत्या गर्ने भन्ने कार्यमा कुनै बचन दिएको, योजना तथा षडयन्त्र गरेको, मार्ने कार्यमा वारदातस्थलमा उपस्थित भएको भन्ने तथ्य मिसिल संलग्न कुनै पनि प्रमाणबाट

पुष्टि भएको छैन। ठोस र विश्वसनीय प्रमाणविना प्रतिवादीहरूउपर आरोपित कसुर कायम गर्न मिल्ने देखिँदैन।

४४. तथापि, उल्लिखित प्रतिवादीहरूको प्रस्तुत अपराधमा कुनै पनि किसिमको संलग्नता नै थिएन भनी भन्न मिल्ने अवस्था र आधार मिसिलबाट देखिँदैन। अपराध मूलतः प्रतिवादी कल्पना वि.क.ले गरेकामा कुनै सन्देह छैन। तर सो अपराध गर्नमा प्रेरक तत्त्वको रूपमा रहेको "मान्छे झुन्डाइएको डोरी" र त्यसको पर्नसक्ने (२।३ करोड) मूल्यको लोभ रहेको पाइन्छ। सो रकम प्राप्त गर्ने हेतुले प्रतिवादी कल्पनाले रीताको हत्या गरेको भन्ने तथ्य प्रमाणित भएको अवस्था छ। प्रस्तुत मुद्दाको घटनाको मुख्य कारण नै प्रतिवादी सिद्धबहादुर शाही, हरिप्रसाद बोहरा तथा सोबितबहादुर वि.क.बीच (डोरी र पर्न सक्ने मूल्यका सम्बन्धमा) भएको कुराकानीका आधारमा भएको देखीएको छ। अपराधजन्य कार्यमा उत्प्रेरणा र त्यसको प्रेरक तत्त्व कहिले प्रत्यक्ष हुन्छ भने कहिले अप्रत्यक्ष पनि हुन् सक्छ। "मान्छे झुन्डाइएको रसी फेला परे २।३ करोड पर्न सक्छ" भन्ने भनाइसहितको कुरा प्रतिवादी कल्पनाको कानमा परेपछि निजले आपराधिक मनसाय निर्माण गरी सोहीअनुसार कार्यसमेत गरेको देखीन्छ। अतः प्रतिवादीहरूको उक्त कुराकानीले अप्रत्यक्ष रूपमा मुख्य अपराधीलाई अपराधको कार्य गर्न दुरुत्साहन मिलेको देखीएको छ। अतः उल्लिखित वारदात तथा अपराधको कारणमा यी प्रतिवादीहरू मतलबीको रूपमा रहेको पुष्टि भएको पाइन्छ।

४५. ज्यानसम्बन्धीको महलको १७(३) को कानूनी प्रावधानलाई दृष्टिगत गर्दा "अरू किसिमसँग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरिरहनेलाई र लेखिएदेखी बाहेक अरू किसिमका मतलबीलाई... पनि सजायको व्यवस्था गरेको देखीन्छ।" यस प्रावधानले आपराधिककार्यमा संलग्न जुनसुकै खालको मतलबीलाई समेटेको अवस्था छ। अर्थात् अपराध र अपराधीबीचको सम्बन्ध, कारण र संलग्नता प्रयत्क्ष वा परोक्ष किन नहोस् उसलाई सजायबाट उन्मुक्ति दिन नमिल्ने कानूनी व्यवस्था भएको र प्रस्तुत अपराधमा यी तिनै प्रतिवादीको बीचमा भएको उल्लिखित "डोरी" र "मोल" का कुराकानी नै अपराधको मूल कारण रहेको देखिँदा निज प्रतिवादीहरूको उक्त कार्य र कसुर ज्यानसम्बन्धीको महलको १७(३) नं.बमोजिमको कसुर ठहर्छ।

४६. अब अन्तिम प्रश्न अर्थात् सजायतर्फ विचार गर्दा फौजदारी अपराधमा अपराधको प्रकृति, गाम्भिर्यता र कसुरको मात्राअनुसार सजाय गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी कल्पना वि.क.ले मार्ने नै मनसायले रिता वि.क. लाई घरबाट पर लगी घाटीमा पाँसो कसी झुन्डाई मारेको तथ्य प्रमाणबाट पुष्टि हुन् आएको हुँदा निजले मु.ऐन ज्यानसम्बन्धीको १ र १३(३) नं.बमोजिमको अपराध गरेको ठहर्छ। सो ठहर्नाले निज प्रतिवादी कल्पना वि.क.लाई सोही १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुन्छ।

४७. अन्य प्रतिवादीहरू सोवितबहादुर वि.क., हरिप्रसाद बोहरा, सिद्धबहादुर शाहीलाई ऐ महलको १७(३) नं.बमोजिम जनही १ (एक) वर्ष कैद सजाय हुने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

## तपसिल खण्ड

प्रतिवादी कल्पना वि.क.लाई माथि ठहर खण्डमा लेखिएबमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरेकाले र निज प्रतिवादी मिति २०७२।१।१ गतेदेखी प्रहरी हिरासतमा रही यस अदालतका मिति २०७२।१।३० को आदेशले मुद्दा पुर्पक्षका लागि हालसम्म कारागार कार्यालय स्याङजामा थुनामा रहेको देखिँदा उक्त प्रहरी हिरासतमा बसेको मितिबाट कैद कट्टी हुने गरी कैद लगत कसी असुल उपर गर्नका लागि तहसिल शाखामा लगत दिनु र निजको भागहिस्सा अंश कानूनबमोजिम रोक्का राख्नू......................................................................................................१

प्रतिवादीहरू सिद्धबहादुर शाही, सोवितबहादुर वि.क. र हरिप्रसाद बोहरासमेत जना ३ (तीन) लाई माथि ठहर खण्डमा लेखिएबमोजिम जनही १ (एक) वर्ष कैद हुने ठहरी फैसला भएको र निज प्रतिवादीहरू सिद्धबहादुर शाही, सोवितबहादुर वि.क. क्रमशः २०७२।१।१ र प्रतिवादी हरिप्रसाद बोहरा मिति २०७२।१।२ गतेदेखी प्रहरी हिरासतमा रही यस अदालतको मिति २०७२।१।३० का आदेशानुसार मुद्दा पुर्पक्षका लागि हालसम्म कारागार कार्यालय स्याङजामा थुनामा रहेको देखीएको र सो ठहर भएको कैद भुक्तान भैसकेको देखीन आएकोले कैद लगत कसी असुल जनाउनका लागि तहसिल शाखामा लगत दिनु र निज प्रतिवादीहरूलाई अन्य कुनै मुद्दा तथा कारणबाट तहाँ थुनामा राख्न नपर्ने भएमा प्रस्तुत मुद्दाको रोहबाट आजै थुनाबाट छाडीदिनु भनी कारागार कार्यालय स्याङजामा लेखी पठाइदिनु.................................................................................................२

यो फैसलामा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, पोखरामा पुनरावेदन गर्नु भनी प्रतिवादीहरूमध्येकी कल्पना वि.क.लाई मु.ऐन अ.बं. १९३ नं.बमोजिम कारागारमार्फत र अन्य प्रतिवादीहरूलाई समेत पुनरावेदनको म्याद दिनु.................................................................. ३

यो फैसलामा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत,पोखरामा पुनरावेदन गर्नुहोला भनी फैसला भएको जानकारीसहित जिल्ला सरकारी वकिल कार्यालय स्याङजालाई पुनरावेदनको म्याद दिनु......४

प्रस्तुत मुद्दामा प्रतिवादी कल्पना वि.क.को हकमा पुनरावेदन परे पुनरावेदनको रोहबाट र पुनरावेदन नपरे साधक जाँचका लागि मिसिल पुनरावेदन अदालत,पोखरामा पठाइदिने गरी दायरीको लगतकट्टा गरी फैसलासमेत अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु.......................५

**जिल्ला न्यायाधीश**

फैसला टिपोट गर्ने ना.सु. कृष्णप्रसाद मरासिनी...१
कम्प्युटर टाइप गर्ने डिठ्ठा लेखनाथ पौडेल.........१
**इति संवत् २०७३ साल असार २७ गते रोज २ शुभम्.........................**

प्रकाशन संख्या ७९


राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैंजु, काठमाडौं

फोन नं. ९७७-१-४०२७४४९/४०२७४५१ फ्याक्स नं.: ९७७-१-४०२७१४०

पोष्ट बक्स नं. २४८६५

Email: info@njanepal.org.np

URL: www.njanepal.org.np

सिटी अफिसः

हरिहरभवन, ललितपुर

फोन नं. ९७७-१-५५४९०५७